# बुद्ध र बुद्धवाद

## प्रथम भाग

१

लेखक :

ऊ. ओः माउँ

अनुवादक :

भिक्षु ज्ञानपूर्णिक (धम्माचरिय)

मुद्रकः

नेपाल प्रेस

शुक्रपथ, काठमाण्डू ।

फोनः २२ १० ३२

download from : https://www.dhamma.digital

प्रकाशक परिवार.:

श्रीमती बेतिमाया शाक्य प्रमुख सपरिवार

पहिलो संस्करण १००० प्रति

बुद्ध सम्बत् : २५३५
नेपाल सम्बत् : ११११
इसवी सम्बत् : १९९१
बिक्रम सम्बत् : २०४८

मूल्य : ३५।–

(सर्वाधिकार सुरक्षित)

download from : https://www.dhamma.digital

# प्राक्कथन

बुद्धशासनानुयायी राष्ट्र म्यान्मा:मा धेरै धेरै बौद्ध-ग्रन्थहरू प्रकाशित भएका छन् । तापनि ती ग्रन्थहरू प्रायशः बुद्धवंस; विपश्यना भावना; निर्वाण आदि बुद्धवाद सम्बन्धी एक एक विषयका हुन् । त्यसकारण ती ग्रन्थहरूसँग सम्बन्धित जम्मै विषयवस्तुलाई सम्पूर्ण रूपमा देखाइएको छैन । त्यस अतिरिक्त लेखन विधि पारम्परिक भएकोले आधुनिक र आलोचनात्मक शैलीका ग्रन्थहरू स्वल्प छन् । यस ग्रन्थमा बुद्धवादलाई आधुनिक दृष्टिकोणबाट समीक्षात्मक अध्ययन गरेको हुनाले म्यान्मा: राष्ट्रका बुद्धवादीहरूले कौतुहलका साथ लिने छन् भन्ने आशा राखिन्छ ।

ग्रन्थ लेखाईमा तल लेखिए अनुसार आवश्यक तथ्यहरूतिर ध्यानाकर्षण गरिएको छ–

१) सुदृढ (प्रामाणिक) पालिपिटक ग्रन्थहरूलाई आधार गरी लेख्नु; उद्धरण गरेका पालिहरूलाई गद्यमय आफ्नो भाषामा स्पष्ट उल्लेख गरी सम्बन्धित निकाय सुत्तन्तहरू सही सही रूपमा यथावत् निर्देशित गर्नु;

२) पश्चिमी राष्ट्रका पालि प्रज्ञाविद्‌हरू अन्वेषक

download from : https://www.dhamma.digital

प्रज्ञाविद्हरूका लेखाईहरूलाई आधार लिई बुद्धवादीहरूले जान्नु बुझ्नु पर्ने उचित तथ्यहरू उल्लेख गर्नु;

३) पालिपिटक ग्रन्थहरू र विदेशी प्रज्ञाविद्हरूका ग्रन्थहरूको आधार लिदा भगवान बुद्धको विभज्जवाद, कालाम कुलपुत्रहरूलाई भगवान बुद्धले दिनु भएको अववाद उपदेश अनुरूप विभाजन र निरीक्षण परीक्षण गरी स्वीकार्नु, आधार लिनु;

४) म्यान्मा: बुद्धवादी जगतमा अल्प जानकारी भएका तथ्यहरू विचारणीय कुराहरू र स्मरणीय विषयहरूमा प्राथमिकता दिई लेख्नु;

५) बुद्धवादलाई आधुनिक प्रज्ञाविद्हरूको दृष्टिसँग तुलना गरी अध्ययन, निरीक्षण र परामर्श गर्नु ।

Dhamma.Digital

सुदृढ प्रामाणिक पिटक ग्रन्थहरू भन्नाले कुन कुन पिटक ग्रन्थहरूलाई भन्न खोजेका हुन् भन्दा खण्ड–२ पालि-पिटक परीक्षणमा स्पष्ट हुने छन् । आधार लिएका पिटकहरू आचार्य म्युउको म्यान्मा: भाषान्तरित पिटक र गमायी बुद्धसासन समितिद्वारा मुद्रित ग्रन्थहरू र प्रकाशित अरू केही केही म्यान्मा: भाषान्तरित पिटकहरू हुन् । कुनै कुनै क्षेत्रहरूमा लामा लामा पिटकका देशनाहरूलाई मुख्य तात्पर्य भंग नहुने गरी सच्याएर लेखिएको छ । निर्देशित वर्ग र सुत्तन्तहरूका नाउँहरू आचार्य म्युउको म्यान्मा: भाषान्तरित पिटकबाट आएका नाउँहरू भई कुनै कुनै क्षेत्रहरूमा बुद्धसासन

download from : https://www.dhamma.digital

समितिमा मुद्रित म्यान्मा: भाषान्तरित पिटकका नाउँहरूसित विभेद भइराखेको देखिनेछ ।

पालिपिटक बाहेक अन्य आधार लिइएका ग्रन्थहरू पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूद्वारा लिखित बौद्ध ग्रन्थहरू हुन् । यो ग्रन्थमा लेडी सयादो ऊ. स्वेजाँआउँ आदि एक दुई व्यक्तिहरू बाहेक अन्य म्यान्मा: बौद्ध ग्रन्थकार आचार्यहरूका लेखाईहरूलाई उल्लेख नगरी पश्चिमी राष्ट्रका बौद्ध ग्रन्थकार आचार्यहरूका लेखाईहरूलाई बढो मात्रामा उल्लेख गर्नुमा दुईवटा कारणहरू छन् । पहिलो कारण– म्यान्मा: बुद्धवादी-हरूमा प्रायश: म्यान्मा: बौद्ध ग्रन्थहरू पढ्न पाई अंग्रेजी बौद्ध ग्रन्थहरूलाई पढ्न पाएका व्यक्तिहरू कम छन् । विदेशी बौद्ध ग्रन्थकारहरू पिटकलाई विभाजन परिचालन गरी अध्ययन अन्वेषण गर्ने व्यक्तिहरू भएकाले उनीहरूका लेखाईहरू श्रद्धा अति प्रबल भई विभाजन परिचालन गर्ने बानि कम भएका म्यान्मा: बुद्धवादीहरूको निमित्त विचारणीय र निरीक्षण गर्न लायक छ । तैपनि यो ग्रन्थ भगवान बुद्धको विभज्जवाद अनुकूल लेखिएको कारणले पश्चिमी राष्ट्रका व्यक्तिहरूको सबै लेखाईलाई स्वीकार नगरी कुनै कुनैलाई प्रत्याक्षेप गरिराखेको पाठकवृन्दहरूले देख्न पाउँनेछन् ।

पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूका ग्रन्थहरूलाई आधार लिनुको अन्य कारण ती ग्रन्थहरूमा बुद्धवादीहरूले जान्न बुझ्न लायक विषयवस्तुहरू समावेश भएकोले हो । यो ग्रन्थको अर्को एउटा उद्देश्य म्यान्मा: बुद्धवादी जगतमा अल्प

download from : https://www.dhamma.digital

जानकारी भएता पनि बुद्धवादलाई जडैदेखि गहिरिएर अध्ययन गर्दा जान्न लायक तथ्यहरू विचारणीय तथ्यहरूलाई र बुद्धवादसित निकट सम्पर्क भएका आधुनिक प्रज्ञाविद्हरूको धारणा र विचारहरूलाई महत्त्व दिई उल्लेख गर्नको लागि हो । बुद्धवादलाई आधुनिक दृष्टिकोणले प्रस्तुत गर्दा सम्बन्धित सामग्रीहरूलाई सम्पूर्ण रूपमा उल्लेख गरिरहेको खण्डमा ग्रन्थभार हुने डरले गर्दा कुनै कुनै ठाउँहरूमा अतिसंक्षेप मात्र लेखी विस्तृत जानकारी पाउँन चाहने व्यक्तिहरूको निमित्त आफूले लेखेका मैगजीन् लेखहरू निर्देशित गरिएको छ ।

यो ग्रन्थमा समावेश भएका विषयहरू भिन्न भिन्न छुट्टै ग्रन्थ हुन लायक हुने गरी विस्तृत व्यापक भएको कारणले एउटै पुस्तकको रूपमा संकलन गरी लेख्नु सजिलो काम होइन । साँच्चै भनौं भने आफूले यो ग्रन्थ लेख्दा जम्मै विषयहरू सम्पन्न र सुदृढ प्रामाणिक ग्रन्थको रूप दिन आफूमा आवश्यक खुबी परिपूर्ण रूपमा नभएको राम्ररी ज्ञात छ । पालि संस्कृत व्यापक रूपमा जानी पालिपिटक र अर्थकथाहरू तथा संस्कृत महायान ग्रन्थहरू अध्ययन मनन गरिसके पछि मात्र यो ग्रन्थ रचना गरेको भए अझ सुदृढ, यथार्थ एवं सम्पन्न हुने अवश्यम्भावी छ । भविष्यको कुनै न कुनै अवस्थामा त्यसरी लेख्न सक्ने म्यान्‌मा: प्रज्ञाविद्हरू उत्पन्न भएमा हुन सक्नेछन् । यो ग्रन्थ त्यसप्रकारका प्रज्ञाविद्हरूका ग्रन्थहरू प्रकाशित हुनुञ्जेलसम्म बुद्धवादलाई प्रज्ञा ज्ञानले जडैदेखि गहिरिएर अध्ययन मनन गर्न चाहने व्यक्तिहरूको निमित्त

download from : https://www.dhamma.digital

सहायक सिद्ध हुने छ भन्ने आशा राखिन्छ । अथवा यो ग्रन्थ वाचन गरी बुद्धवादलाई अघि बढाई निरीक्षण परीक्षण गर्ने मनसाय (पाठक वृन्दहरूमा) उब्जेर आए छ भने यो ग्रन्थ रचना गरेको प्रतिफल सार्थक भयो भनी विश्वास गरिन्छ ।

यो ग्रन्थ रचना गर्दा ऊ. तिङ (लोकधम्म) मार्फत म्यान्मा: पिटक ग्रन्थहरू र शीतु ऊ. सांफे (पेन्सन भत्ता प्राप्त जिल्ला अधिकारी) मार्फत दुर्लभ अंग्रेजी ग्रन्थहरू पढ्ने हेर्ने मौका पाएको हुँदा ती द्वय सज्जनहरूको ठूलो उपकार रहेको छ । पाण्डुलिपी आद्योपान्त पढी हेरी विचार बुद्धि दिने ऊ. ची माउँ र तखिङ च्यो शइँहरू प्रति धन्यवाद ज्ञापन गरिन्छ । जे होस्, यो ग्रन्थमा केही त्रुटी वा भूलचुक रहेमा (त्यो) मेरो आफ्नो अभिभार मात्र सम्झिनेछु । हस्तलिखित पाण्डुलिपी टाइप गरी सारि दिने क्व शइँ विङ क्व म्या शइँ र क्व तिङ माउँहरूलाई पनि धन्यवाद छ ।

– अे: माउँ

य्यांगुन्
२८।११।६२

download from : https://www.dhamma.digital

# भूमिका

कुनै पनि प्रतिपादित सिद्धान्तलाई 'वाद' भन्दछ । यही अर्थमा बुद्धबाट प्रतिपादित सिद्धान्तलाई 'बुद्धवाद' भनिएको हो । हुन त बुद्ध मात्र सिद्धान्तवादी होइनन्, उनी त सर्वज्ञ व्यवहारवादी हुन् । दक्षिण-पूर्व एशियामा प्राय: जसोले बुद्धवादलाई अँगालेको देखिन्छ । बुद्धभन्दा पहिलेका संस्कारजन्य कुराहरूले ग्रस्त भएका बुद्धवादीहरूले व्यवहारतः बुद्धवादलाई अँगाल्न खोजिए तापनि परम्परागत संस्कारको प्रभावले बुद्धवादलाई नै मिश्रितवादको रूपमा काखी च्यापेंदै गएको देखिन्छ । 'बुद्धवाद' भन्दाभन्दै पनि पूर्णरूपेण बुद्धवादी हुन कसैले पनि सकेको छैन । बरू यो भन्न सकिन्छ कि बढी रूपमा बुद्धवादप्रति विश्वास राख्ने देशमा बर्मा देश नै अग्रणी-को रूपमा देखिन आउँछ । बौद्ध भन्नासाथ बुद्धवादी नै हुनुपर्नेमा यथासम्भव बुद्धवादी हुनुमा बर्मा देश अग्रणी रहेको ज्यादै खुशीको कुरा हो ।

बर्मेलीहरू आफ्नो कुलवंशपरम्परालाई नै बुद्धवादी भन्दछन् भने आज आएर उनीहरू बुद्धवादी भएकोमा कुलवंश बुद्धवादी भएकै कारणले मात्र हो भनी मान्दछन् भने उनीहरू

download from : https://www.dhamma.digital

प्रज्ञाज्ञानलाई लत्याई परम्परालाई कायम राख्ने खालको मात्र कहिन सक्नेछन् । बुद्धले अन्धभक्त भई आफूमा श्रद्धा गरेको मन नपराउने भएकोले बुद्धवादीहरू व्यवहारवादी हुन कर लाग्छ । यस पुस्तकमा बुद्धवादलाई विशद रूपमा विवरण प्रस्तुत गरी बुद्धलाई परिचय गराउन कोशीश गरिएको छ । बुद्धका उपदेशहरूको संग्रह त्रिपिटकलाई बुद्ध धर्मको सारको रूपमा उल्लेख गरेर त्यसमा अन्तर्निहित भएका कुराहरूले युक्त सुत्तहरू समेत अगाडि सारी सबैको सामु राखिदिएकोले यो पुस्तक बुद्धवादको लागि ज्यादै प्रामाणिक रूपमा देखिन आएको छ । जो कोहीले बुद्धवादप्रति आक्रमण गर्दा सोचेर मात्र गर्नु उचित छ किनकि बुद्ध संप्रदाय–निरपेक्ष छन् अनि आफ आफ्नै अनुभवलाई प्राथमिकता दिएर व्यवहारमा उत्र भन्ने निर्हठवादी महामावन हुन् ।

बुद्धले कुनै कुरा लेखेर छोडेका छैनन् तथापि बुद्धवादलाई पत्यारिलो छैन भन्न मिल्दैन किनकि ती उपदेशहरू संगायना गरेर निधो गरिएका हुन् र बुद्धको जीवनी अनुसारको व्यावहारिक पनि रहिआएकै छ । बुद्धवाद सूक्ष्म र गम्भीर भनिए तापनि पंचशील जस्ता कुराहरू सामान्यतया सरल नै पनि छन् । यही कारण बर्मेलीहरूले बुद्धवादलाई आत्मसात् गर्दै आएका छन् । भगवान् बुद्धको महापरिनिर्वाण भएको दिन वैशाख पूर्णिमा नै हो भनी बर्मेलीहरू आफ्नो देशमा प्रचलित पुस्तकहरू जिनत्थपकासिनी र बुद्धवंसको आधारमा श्रद्धाका साथ विश्वास राख्छन् । हुन

download from : https://www.dhamma.digital

पनि महापरिनिर्वाण पालिसुत्तमा समेत बुद्ध निर्वाण भएको दिन उल्लेख भएको देखिंदैन । यो बुद्धवंस बर्मेलीहरूको लागि मात्र नभैं सबैको लागि नैं गौरवको कुरा भएको छ ।

संस्कार प्रबल कुरा हो । संस्कारले मानिसलाई एकोहोरो पनि बनाउँछ । फलाफलको विचार नगरी मात्र श्रद्धा गरेमा त्यो समाजको लागि विकृति बन्न सक्नेछ । यस्तै श्रामणेर बनाई बुद्धवादमा रहने गरेका बर्मेलीहरूले श्रामणेर हुने अवस्थाको उपयोगितालाई नै वास्ता नगरी कच्चा उमेरमै श्रामणेर बनाउने गरी कर मेट्ने कैं गर्न थालेकोमा यस पुस्तकले मार्गदर्शनको रूपमा विरोध जनाएको छ । नेपालमा पनि शाक्य वज्राचार्यको अनिवार्य प्रव्रज्या प्रथा रहेकोमा दूध बालकलाई नै प्रव्रजित गरी कर मेट्ने गर्दछन् । यसले प्रव्रजित हुनु र प्रव्रजित गर्नु गराउनुको कुनै अर्थ रहँदैन किनकि प्रव्रजित हुनेलाई कुनै उपदेश ग्रहण गराउन सक्षम हुँदैन । यस्तो प्रथालाई औंल्याइदिनाले यस्ता धेरै अविवेकपूर्ण संस्कारलाई सुधार गर्ने अबसर प्राप्त हुनेछ । यसमा बर्मा-सम्बन्धको व्याख्या भएर पनि आलोचनात्मक ढंगले सुधारको पक्ष लिएको लेखकको यो पक्का बुद्धवाद हो । यसका अनुवादक पनि शुद्ध व्यावहारिक भएर निष्पक्ष अनुवाद गर्नमा समर्थ भएका छन् । बुद्ध एक स्वतन्त्र मनन र चिन्तनमा प्रश्रय दिने भएकोले उनको वादमा सम्राट अशोक जस्ता महापुरुष यस वादमा लागेका हुन् भन्ने तथ्य राम्रो उदाहरण हो ।

download from : https://www.dhamma.digital

बुद्धवाद एकोहोरो र अहंकारीवाद होइन। कसैले कसैप्रति सही आलोचना गरेमा स्वीकार्नुपर्दछ र आलोचना अनुसार सुधार गर्नुपर्छ भन्ने यस वादको अभिप्राय छ। तसर्थ यो वाद सर्वजनिन रही चिरकालसम्म रहने र जुनसुकै युगमा पनि उपयुक्त मानिनेछ। बुद्धका पालामा मानव हित र दुःख शमनको लागि दिइएका उदाहरणहरू रोचक छन्। भगवान् बुद्धले भाषालाई ज्यादै महत्त्वपूर्ण मानेका छन्। संसारका विषयलाई बुझ्न आफ आफ्नै भाषा कामयावी हुन्छ र सबैले बुझ्ने भाषा नै ज्ञान ग्रहणको लागि अत्युपयोगी हुन्छ भन्ने कुरालाई प्रमाण स्वरूप पालि मागधीलाई नै भगवान्ले आफ्नो उपदेशको भाषा माने। यज्ञ होम आदि असमाजवादी क्रियाविधिहरू संस्कृत भाषाद्वारा गरिने भएकोले त्यस्तो क्रियाप्रति विरोध जनाउँदा स्वाभाविक रूपमा भाषाकै पनि विरोध जस्तो देखिन गएको थियो। त्यसैले प्रचार प्रसारका लागि भनी आफ्नो वचनलाई संस्कृत भाषामा आरूढ गर्न खोज्दा बुद्धले त्यसरी संस्कृत भाषामा आरूढ गर्नु आवश्यक छैन भनेको ज्यादै गहन कुरा हो किनकि भाषाले विषयहरू-लाई आफ्नै संस्कृतितिर तान्छ। यसरी संस्कृत भाषालाई आवश्यकता नठान्नुमा भाषाप्रतिको साम्प्रदायिकता तथा हठीपन भन्न मिल्दैन किनकि भाषाको नाताले वादलाई नै खलबल्याउन सक्ने अवस्था त्यो थियो। बुद्धले कसैले पनि अध्ययन गर्दा आफआफ्नो भाषामा अध्ययन गर्न छूट दिएका छन्। यसै सिलसिलामा बुद्धवादीले पालिभाषा नजान्नुको

download from : https://www.dhamma.digital

कारणले पनि बौद्धलाई पर्यन्त बुद्धवादमा भ्रम पर्ने भएको छ ।

बुद्धधर्म कसरी, कहाँ र कुन बेला प्रादुर्भाव भयो भन्ने इतिहास पत्ता लगाउन यस पुस्तकले सहायता गर्दछ । विभिन्न स्थानमा प्रचलित धर्मशास्त्र (बौद्ध) को विचार भाव उल्लेख गरिनु यस पुस्तकको विशेषता हो । पिटकलाई बुद्धधर्मको तथ्यताको आधार मानिन्छ भने पिटक नै पनि विभिन्न प्रकारले प्रकाशित भएको पाइन्छ । विभिन्न पिटक-हरूको अध्ययन गर्दा यो थाहा हुन आउँछ कि पिटकहरू सबै चोखा छैनन् । पिटकमा पछि केही कुरा थपी हाँगाबिँगाको रूपमा रहन गएको हो भनी अभिधर्मपिटक पर्यन्तलाई दोषारोपण गरेको कुराले यस पुस्तकका कुराहरू ज्यादै तार्किक र अध्ययनशील उद्घोष हो भन्ने देखिन्छ । सुत्तहरू पछि पछि लेखिंदै गएको र भाणकहरूले आफूलाई मनपर्ने कुरालाई मान्ने र मन नपरेका कुरालाई नमान्ने गरेका छन् । यसले बुद्धवादमा विवाद आएको छ । त्यसै कारण महायान र थेरवादमा पनि झगडा जस्तो भएको देखिन्छ । महिला जगत्लाई उठाउनुपर्छ भन्ने बुद्धलाई स्वास्नी भनेको दासी जस्तो भएकी नै सबैभन्दा उत्तम छ भन्न लगाई हिन्दूकरण गरेको पाइएको छ । यो बुद्धवादप्रति ढक्का लगाउन खोज्ने-हरूको धूर्तता हो । यस्तो विषयमा यो पुस्तक ज्यादै चनाखो छ । 'म लोकमा उत्तम छु' भनी बुद्धद्वारा भन्न लगाएको कुराको खण्डन यसमा राम्ररी भएको छ । भगवान् बुद्ध

download from : https://www.dhamma.digital

अभिमानलाई हटाइसकेका व्यक्ति हुन् । उनबाट यस्तो अहंकारी वाक्य प्रयोग हुनु पत्यार लाग्दो छैन । यसरी पत्यार नलाग्दो कुरालाई हटाएर आफ्नो विचार प्रस्तुत गर्नु नै साँचैको बुद्धप्रतिको समर्थन हो । अन्धाधुन्द तारीफ गरेर असंभव व्यक्तित्वको बनाउनु बुद्धवादलाई घोपमा ढकेल्नु हो । यस मानेमा यस पुस्तकका लेखक बुद्धवादीका अगाडि ज्यादै प्रशंसनीय भएको म ठान्दछु ।

जातिवाद मानवबीचको शोषणको प्रतीक हो । यसैले बुद्धले जातिवादको विरोध गरेका थिए । जातिवादको विरोध गर्दा ब्राह्मणहरूको विरोध हुन पुगेको छ । यो त स्वतः हुन गएको छ किनकि जातिवादका समर्थक र प्रोत्साहनका परिपोषक ब्राह्मणहरू नै थिए र बुद्धभन्दा पहिले जातिवादको मर्यादा थियो । यसरी यस पुस्तकमा बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरूलाई अगाडि सारेर धर्मका बीच राम्ररी तुलना गरिएको छ । यस हिसाबले यो एउटा इतिहास र समालोचनाको पुस्तक भन्न सुहाउने भएको छ । भारतबाट पर चीन र ग्रीस आदि देशमा क्रान्ति भएको र विदेश वर्णन समेत समावेश गरी विभिन्न धर्मका क्रियाकलाप-लाई अघि सारिदिंदा बुद्धधर्ममा कुन कुन धर्मको प्रभाव परेको र कुन कुन धर्मको आचरणमाथि प्रहार गरेको हो भन्ने कुरा स्पष्ट हुन आउँछ ।

बुद्धधर्मावलम्बीले बुद्ध धर्म मात्र अध्ययन गर्ने गरेमा त्यस्तालाई बुद्धधर्मको वास्तविक सार बोध हुने हुँदैन । यसको

download from : https://www.dhamma.digital

सार बुझ्न पूर्वग्रन्थहरू पनि अध्ययन गर्नु राम्रो हुनेछ। यसरी अध्ययन गर्नाले बौद्धलाई साम्प्रदायिक हुनुबाट बचाउँछ। साम्प्रदायिक हुनुको कारण अन्य धर्मलाई नजान्नु हो। पिटक वाङमयमा आएको ब्राह्मणवाद अनुसार अग्निपूजा गर्नु, यज्ञ अनुष्ठान गर्नु र गंगानदीमा नुहाउनु आदि पुरानो ब्राह्मणवाद हो भनी बताइएको छ। हुन पनि आज नेपालमा चलेको गृहस्थी बुद्धवाद त्यसैको पृष्ठपोषक हो। यहाँ बौद्ध पुरोहित वज्राचार्यहरू आफूलाई ब्राह्मणकुलको भन्नमा गौरव मान्दछन् जब कि बुद्धले आफूलाई क्षेत्रीय कुलको भन्न चाहँदैनन्। बुद्धले जातलाई ब्राह्मण भनेको होइन, राम्रो र असल कर्म गर्नेलाई ब्राह्मण भनेका छन्। यसैले सच्चारूपमा ज्ञानी भएका ब्राह्मणको बुद्धले तारिफ नै गरेका छन्। ब्राह्मणको परिचय गराएर धम्मपदमा छुट्टै ब्राह्मणवर्ग समावेश गरिएको छ। यहाँ लेखकले बर्मेली बुद्धवंसलाई मात्र आधार नमानी पालिपिटक र अर्थकथाहरूलाई अध्ययन गर्नुपर्छ भनी बुद्धको विचारधारालाई स्पष्ट पार्न खोजिएको ज्यादै निष्पक्षपूर्ण र पूर्वाग्रह रहित छ। बुद्धको कुल, वंश र गुणलाई विविधरूपमा मान्न सकिने तर्कहरू बडो खोजपूर्ण र अध्ययन मननको तिखरता रहेको भन्न सकिन्छ। २९ वर्षसम्म बृद्ध, रोगी र मरण भएकालाई बिल्कुल नदेखेको भन्ने तर्क पत्याउन गाह्रो छ भन्ने कुरालाई पनि यहाँ उल्लेख गरी यसलाई अध्ययनको विषय बनाइदिएको छ।

बुद्धले आमाबाबुद्वारा मनाही गरिंदागरिंदै कसैलाई

download from : https://www.dhamma.digital

सुइँको नदिई दरबारबाट सुटुक्क निस्केको कुरा पिटकहरूमा पाइएको छ । यो उल्लेख ज्यादै विवरणपूर्ण छ । ब्राह्मण, क्षेत्री, बैश्य र शूद्रमा तल्लो वर्गकाले माथिल्लो वर्गकाको सेवा पुऱ्याउनुपर्छ भन्ने कुरा वर्णवादमा पाइन्छ भने म. नि. एसुकारी सुत्त अनुसार भगवान् बुद्धले आफ्नो फाइदा हुने भएमा जसले जसको पनि सेवा गर्नुहुन्छ भन्नुभएको छ भन्ने कुरा थाहा हुन्छ । यो भगवान् बुद्धको मानिस–मानिसका बीच श्रेणी विभाजन गर्नु उचित छैन भन्ने विचार हो । बुद्ध जीवनीका सबै कुरा त्रिपिटककै आधारका हुन् भन्ने धारणा भएकाहरूलाई स्पष्ट अवबोध हुने गरी ती कुराहरू कुनै जातककथा अनुसारका र कुनै अरू बुद्धधर्मसँग सम्बन्धित ग्रन्थहरूमा उल्लेख भए अनुसार बताइएका हुन् भन्ने कुरा औंल्याइदिएर सामान्यरूपका बुद्धधर्मका अनुयायीहरूका लागि जनाउ दिनु र महिला विषयमा विशेष उल्लेख हुनु अनि शान्त दान्त बुद्धको स्वभावलाई प्रकट गरिदिनु यस पुस्तकको व्यावहारिक कुशलता हो । भगवान् बुद्ध शुद्धोदनको दरबारमा आउँदा सबैजना बुद्धकहाँ गए भने यशोधरा एक जनाले यदि मसँग गुण छ भने बुद्ध स्वयं मकहाँ आउँनेछन् भनी भनेको कुरा त्रिपिटकमा रहेको नभै जातक अर्थकथामा बताइएको कुरा यहाँ उदाहरण स्वरूप प्रस्तुत गर्नु योग्य हो । निरभिमान बुद्धलाई उनी आफूले गरेको कुरामा 'मैले गरेको भनाए पुग्नेमा 'म तथागतले' भनी उल्लेख गराइएको छ । यसले बुद्धलाई अहंवादीको रूपमा देखाए कैं भान हुन्छ । शायद

download from : https://www.dhamma.digital

यस्तो कुरा त्रिपिटकमा घुसाउनु कुनै चालबाजी त होइन र ! भन्ने लाग्दछ ।

बुद्ध धर्ममा अरू धर्ममा झैं आशीर्वाद र सराप दिनुको कुनै अर्थ छैन भन्नेको प्रमाण 'हाछ्यू' गर्दा 'जीवतु' नभन्नु भनेकोबाट स्पष्ट हुन्छ । बुद्धवादमा अनावश्यक गन्थनका विषय छैन । महासमुद्रमा एउटैमात्र नुनिलो रस भए झैं बुद्धवादमा दु:खबाट विमुक्त हुने एउटैमात्र रस छ । यसैले दु:खधर्मलाई देखी जानी भगवान् बुद्धले गृहत्याग गरेको हो किन्तु चार निमित्त देखेरमात्र होइन भन्ने कुरा यहाँ देखाइएको छ । आज यूरोपमा वर्षको ७० हजार र अमेरिकामा वर्षको २२ हजार व्यक्तिले आत्महत्या गरेका छन् र संसारका मानसिक अस्पतालमा वर्षेनी ६८ हजार रोगी रहने गरेको कुरा बताई आधुनिक जीवनसँग तुलना गर्नु भगवान् बुद्धको दु:खसत्यलाई मानिसले आत्मसात् गर्न नसक्नु हो भन्ने देखाइएको छ । मरेपछिमात्र मुक्त हुन्छ भन्ने व्यक्तिहरू यस संसारमा धेरै छन् तर बुद्धवादको लक्ष्य मरणभन्दा अघि नै सुख साक्षात्कार गर्नुपर्छ भन्ने छ । बुद्धको 'अनात्मवाद' को अर्थ आत्मा छैन भन्ने कोरा अर्थ होइन कि आत्मा स्थिर छैन भनिएको हो । त्रिलक्षण अर्थात् अनित्य, दु:ख र अनात्म हो । यसमा दु:ख लक्षण अनित्य लक्षणमाथि आधारित छ र संस्कारधर्महरू अनित्य स्वभावको रहेको कारणले सारतत्त्व आत्मारहित भई बिपरीत र विनाश हुनुपर्ने अवश्यम्भावी छ भनी लगाइएको अर्थ सर्वसाधारणको लागि

download from : https://www.dhamma.digital

ज्यादै उपयोगी छ । यस विषयमा दिइएको व्याख्या ज्यादै राम्रो छ । अनात्मवादको पुष्टिको लागि उदाहरण दिंदा वजिरा स्थविराले दिएको रथको पांग्रा, ईषा, दण्डी र धुरी आदि जोडिएको चीज वस्तुलाई 'रथ' भनी व्यवहार गर्ने गरेको र पञ्चस्कन्ध नाम, रूप धर्म रहँदा सत्त्व भनी व्यवहार सम्मुति हुन्छ भन्ने कुराको जवाफको प्रचलित उदाहरण अर्थगम्य रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

भगवान् बुद्धको परिनिर्वाण भएर धेरै वर्ष नबित्दै १८ महागणमा छुट्टिएका कुनै पनि बुद्धवादीले आत्मवादलाई तिरस्कार गरेको कुरा साझा सिद्धान्त झैं भएको छ । यसले बुद्धको सिद्धान्तलाई अमर पारेको छ । हुन त तृतीय संगायनअघि अनात्मवादलाई तिरस्कार गर्नेहरू नभएका होइनन् तर उपनिषद्का आत्मवादलाई सकारेको पनि होइन । बरू नाम रूप धर्म समूहभन्दा बढी विशिष्ट पुद्गल हो सम्म भनेका छन् । पुद्गलवाद विस्तार विस्तारै लोप भई अनात्मवादलाई स्वीकारेको कुरा सारगर्भित छ तापनि आजका बुद्धवादीहरू सबै अनात्मवादी नै हुन् भनी भन्न नसकिने कुरा यहाँ बताइएको छ, यो आजको नयाँ विचारको सृजना हो । पालिपिटकमा आएको अनात्मवादलाई अस्वीकार गर्ने पश्चिमी विदूषी Mrs. Rhys Davids को विचारलाई स्पष्ट गरी उल्लेख गरिएको हुँदा यस विषयमा यस पुस्तकको ठूलो महत्त्व बढ्न गएको छ । समूचारूपमा विचार गर्ने हो भने यस पुस्तकलाई बुद्धधर्मको भाष्य हो भन्न सकिन्छ ।

download from : https://www.dhamma.digital

ब्राह्मणहरूको जातिवाद र यज्ञ अनुष्ठान आदिलाई निन्दा र उपहास गर्नु बुद्धवादका ठूला विशेषता होइनन् र बुद्धवादको मुख्य विशेषता त आत्मालाई तिलाञ्जली दिनु हो भनिएको कुराले सानातिना आलोचना गर्दैमा बुद्धवादी होइन्न भन्ने कुरा साह्रै चुनौतीपूर्ण छ । त्यसरी नै ब्राह्मणवादले भगवान् बुद्धको आलोचना नगरेका होइनन् तर सबै आलोचना सही नै हुन्छ भन्न सकिन्न । मलाई लाग्छ यसको मतलब आलोचनामात्र गरेर हुँदैन अपितु मानिसले व्यवहारमा उत्रनुपर्दछ र सबैको मनलाई जित्नु पर्दछ भन्ने आशय हो । सूर्य अस्ताउने पनि होइन, उदाउने पनि होइन, त्यो त पृथ्वी घुम्दा उदाए अस्ताए जस्तो देखेको मात्र हो । तैपनि हामी सूर्य उदायो र अस्तायो भन्छौं । त्यसरी नै बुद्धले उपदेश दिने तरीकालाई लिएर बुद्ध आत्मवादी नै हुन् भन्ने गरेका हुन् भन्ने जस्तो उदाहरण उल्लेख गर्नु अनात्मवादका हिमायती हुन् भन्ने कुरा दर्शाउनु यसको विशेषता हो । आजका मानिसहरू भगवान् बुद्धले बुद्धधर्म प्रतिपादन गरेको होइन, यो अतीतका तथागतहरूका पालादेखि चल्दैआएको हो भन्ने कुरा उल्लेख गर्दैनन् । वास्तवमा बुद्ध स्वयंले अतीतका बुद्धहरूको कुरा गरेका थिए ।

अनात्मवाद एउटा जटिल विषय हो । यसलाई बुझ्न ज्यादै गाह्रो छ तर अनित्यबोध हुनेका लागि भने यस विषयमा सम्झन सजिलो हुन्छ । यस विषयमा विज्ञानका कुरालाई अगाडि सारेर स्पष्ट पार्न पश्चिमी दार्शनिकहरू

download from : https://www.dhamma.digital

बर्ट्रेण्ड रसेल र हेनरी बर्गसन आदि विद्वान्हरूको विचारलाई उद्धृत गरी अगाडि बढेको कुराले वास्तविक रूपमा बुद्धको अनात्मवादको पुष्टिमा टेवा मिल्न गएको छ। बुद्धवादका कुरामा दर्शनाचार्यहरूको दृष्टिकोणलाई मात्र कदर गरेको नभै साहित्यकारहरू जस्तै नाटककार र उपन्यासकार आदिलाई पर्यन्त यस विषयमा ज्ञानभूमि मानेको छ। यो लेखकको चौतर्फी दृष्टिकोण हो। यसरी आत्मवाद मानिसको अभिमानमात्र हो, अनात्मवाद विज्ञानसम्मत पनि छ भनी ज्यादै राम्रो उदाहरण पेश गरिएको छ। अंग्रेजी दार्शनिक David Hume को विचार पालित्रिपिटकमा आएका कुराहरूसित एकनास हुनु अचम्मलाग्दो मान्ने लेखकले बुद्धवादलाई एशियाबाट विश्वमा नै व्यापक र वैज्ञानिक भएको सिद्ध गर्न प्रयास गरेको छ। निदाउँदा चित्तसन्तति रोकिरहेको अवस्थामा आफ्नो व्यक्तिगत विषयलाई केही पनि नजानिएको उदाहरण पेश गरी अनात्मवादलाई पुष्ट्याउन खोजेको Hume को विचार साधारण भए पनि तर्कपूर्ण छ। जन्मजात चित्त र अभ्यास एवं आचरणको कारणले उत्पन्न हुने चित्तको प्रभावकारिता यहाँ बेजोड किसिमले बताइएको छ। मानिसलाई चिन्ने सबैभन्दा ठूलो माध्यम (उपाय) नै त्यसको चित्तलाई थाहा पाउनु हो भन्ने कुरा सामान्यतया सबैलाई थाहा भएर नै मानिसको चित्त-वृत्तिलाई देखेर मानिसहरू छक्क पर्छन् र तारीफ तथा आलोचना गर्छन्। यी विषयलाई हल्कासाथ बताएर पनि

download from : https://www.dhamma.digital

मानिसलाई प्रभावित पार्नु यस पुस्तकको अर्को विशेषता हो । विज्ञानको ठोस ज्ञान बुद्धको समयभन्दा धेरै पछि भएको कुरा सर्वसम्मत छ, किन्तु बुद्धले उसबेला नै विज्ञानलाई चिनाइसकेको कुरा आज आएर स्पष्ट हुन आएको छ । यसउसले बुद्धका प्रत्येक विचार आजको विज्ञानसम्मत देखिनुमा बौद्धहरूलाई गौरव लाग्ने कुरा भएको छ । विज्ञानको संसार छायासंसारमात्र हो किनकि वैज्ञानिकहरूले बाह्यसंसारको छायाँलाई मात्र देख्न र जान्न पाउँछन् भनी ग्रीक दार्शनिक प्लेटोको ग्रन्थबाट उद्धृत गरी दिइएको गुफाभित्रका राजबन्दीहरूले देख्ने अगाडिको दृश्यलाई उदाहरण बनाई पालिका कुरालाई औल्याएर बुद्धका कुरा विज्ञानसम्मत रहनु आजको युगको समेत प्रतिनिधित्व रहनु हो भनेर समर्थन जनाएको भएता पनि विज्ञानभन्दा परका यथार्थहरू पनि बुद्धका उपदेशका विषय हुन् भनी यहाँ देखाउन खोजिएको छ । Paul Carus ले बुद्धवाद निराशाजनक नास्तिकवाद होइन भनेका छन् । यो 'शान्ति' भनी कोहीसँग झगडा नगर्नु निराशावाद होइन वास्तविक बुद्धवाद हो भनी उनको विचार यहाँ उल्लेख गरिएको हुनुपर्दछ । हिन्दूधर्मको अति प्रभाव भइरहेको एशिया महाद्वीपमा आत्म र अनात्म आदि विषयमा यहाँ हिन्दू धर्मसँग ठाउँ ठाउँमा तुलना गरिएको छ, यो बुद्धवादलाई बुझाउन ज्यादै उपयोगी भएको छ ।

पञ्चस्कन्ध आत्मवादको निमित्त आधार भरोसा

download from : https://www.dhamma.digital

नभएको कारणले बुद्धले त्यस कुरालाई विशद व्याख्या गरेका हुन् । दुःख पनि नभएको, सुख पनि नभएको वेदनालाई बुझ्न सजिलो छैन । भगवान् बुद्धले ३६ भन्दा बढी प्रकारका वेदनालाई लिएर उपदेश गरेका छन् । माथिल्ला तहका व्यक्तिले तल्ला तहका व्यक्तिमाथि माया दया राख्ने कुरा धेरै ठाउँमा पाइन्छ तर समान तह भएका मानिसले परस्परमा राख्नुपर्ने माया दयालाई यहाँ कोट्याएर सम्झाउने गरिएको छ । संस्कार पनि एउटा धर्म नै हो । यो एक प्रकारले शोधन, प्रबन्ध र व्यवस्था गर्ने धर्म हो । ३ प्रकारका संस्कारमध्ये श्वास प्रश्वास आदि शरीरसँग सम्बन्ध राख्ने 'कायसंस्कार', विचार, निरीक्षण र परामर्श हुने वचीसंस्कार र संज्ञा र वेदनाको विचार सहित चित्तसित सम्बन्ध हुने चित्तसंस्कार हुन् । यो संस्कार सहितका मानिसलाई शोधन, प्रबन्ध र व्यवस्था गर्ने अध्यात्मधर्म र बाह्यधर्मलाई यहाँ बुझ्नु योग्य छ । बुद्धवादमा कर्मनियाम र भवसंसार आदि धर्महरू जतिसुकै कारण युक्तिले परिपूर्ण छ भनिए तापनि यसलाई वैज्ञानिक विधिद्वारा हातले समाती प्रत्यक्ष प्रदर्शन गर्न असम्भव भएको कारणले विश्वासद्वारा स्वीकारी आचरण गर्नुपर्ने यी धर्महरू हुन् । जस्तै, जहाजद्वारा यात्रा गर्दा र डाक्टरसँग औषधी गर्दा विश्वास नगरी हुन्न । यो ज्यादै मननीय कुरा हो । बुद्धवाद आत्मालाई नमान्ने भएता पनि नास्तिकवाद होइन भन्ने कुरा अगाडि नै भनिसकिएको छ । बुद्धकालीन मानिसहरूले मुटुलाई चित्तको आधारस्थल रूपमा

download from : https://www.dhamma.digital

राखी यसलाई सम्झिराखेको हुँदा यस विषयमा भगवान् बुद्ध मौन रहनुभएको हो । कारण, बुद्धले मानिसको धारणालाई स्वीकार्नुहुन्न तर आफ्नो धारणालाई अगाडि राखेर उपदेश गरेको खण्डमा मानिसले पनि स्वीकार्ने छैन भनी भगवान्को मौन रहनुको मुख्य कारण यहाँ गहिरो प्रकारले बताइएको छ ।

बुद्धले प्रतिपादन गरेका कुराहरू सबै उपनिषद्मा पहिल्यै व्याख्या भइसकेको भनी बुद्धधर्मलाई नयाँ र छुट्टै प्रकारको धर्म नठान्नेहरू पनि छन् । जस्तै, 'तृष्णा' वृहद् आरण्यक उपनिषद्मा उल्लेख भएको बिषय हो तर बुद्धले त्यसलाई चिरफाड गरी विशद व्याख्या सहित आफ्नै ढंगले प्रतिपादन गरेर मानवसमक्ष यथार्थरूपमा राखेको कुरा कम मनन योग्य छैन । तृष्णा नै दुःखको कारण हो भन्नु नै यसको सारांश हो । बुद्धवादलाई नरुचाउने केही पश्चिमी राष्ट्रका नागरिकहरूले मानिसलाई तृष्णा र लोभलाई प्रहाण गर्ने प्रेरणा दिनु मनुष्यसंसारलाई उन्नति र बृद्धि गर्न विघ्न बाधा पुऱ्याएको हुँदैन र ? भनी सोध्छन् । तिनीहरूको त्यो तर्क प्रत्येक मानिसले मासु खान छोड्यो भने अन्तमा यस संसारमा तिरश्चीन पशुको संख्या बढी मनुष्यलोकलाई विनाश गर्दैन र ? भनी पशुको हत्या गरी मासु खान चाहनेले दिने तर्क जस्तो र प्रत्येक मानिस भिक्षु भएमा अन्तमा मनुष्यको वंशपरम्परा छिन्न भएर जाँदैन र भनी कामगुणप्रति ममता राख्ने व्यक्तिले दिने जस्तो कुरा हो भनी त्यस्तालाई कुतार्किक

download from : https://www.dhamma.digital

ठह्-याएर बुद्धवादप्रति प्रतिरक्षा गर्न खोजिएको यो विषय साह्रै बुद्धिमत्तापूर्ण छ। यस्तै मानिसले कुनै चीजको आशा राखी कार्य गरेको होइन। पछिल्तिरबाट कुनै चीजले घचेटेको कारणले मात्र कार्य गर्दछ। त्यसरी पछिल्तिरबाट प्रेरणा दिने विषय प्रतिसन्धिदेखि गाभिएर आएका आशाछन्दहरू हुन् भन्ने जुन धारणा यहाँ व्यक्त गरिएको छ, यो विकार हटाउन सके मानिस साँच्चैको मानिस भई मानवीय सुखभोग गर्न समर्थ हुन्छ भनेर मानिसलाई चोख्याउन खोजिएको हो। मानिसले मर्नुपर्छ तर पनि कीर्ति राखेर अमर हुन चाहन्छन्, त्यसो गर्नु मानिसको अस्तित्व मेटाउने यमराजलाई अमरत्वको हाँक दिएको भनी जुन तर्क दिइयो यो एउटा पुरातनवादीको अगाडि नयाँ मोडको विचारधारा हो।

बुद्धवाद अनुसार शील नै सबै थोक होइन। यो एउटा निर्वाणयात्राको मार्गमा विश्रामस्थलमात्र हो किनकि देश, काल र परिस्थिति अनुसार शील फरक फरक हुन सक्छ। यो बुद्धबादलाई टेवा दिने साह्रै नै प्रगतिशील विचारधारा हो। एउटै मात्र सिद्धान्तमा लाग्दा त्यसमा अरूतर्फको विकास हुँदैन। यही सिद्धान्तमात्र ठीक छ अरू सिद्धान्त निरर्थक हो भन्नु उचित छैन। यो विचार पालि-त्रिपिटकको विशेषता अनि उदारता हो। भगवान् बुद्धको अनात्मधर्मलाई नबुझ्ने व्यक्तिले जातककथाको जन्म सम्बन्धी कथाहरूलाई आधार लिई बुद्धले उपदेश गर्नुभएको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसँग एक समान

download from : https://www.dhamma.digital

छ भनी गलत धारणा राख्ने सम्भावनालाई अगाडि सारी बुद्धवादको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसित भिन्न छ भन्ने उल्लेखले बुद्धवादलाई थाहा पाउन सबैलाई कुत्कुती लगाउँछ। बौद्ध साहित्यमा यो एक नयाँ पुस्तक थप भएको छ।

पुनर्जन्म तिरश्चीनबाट मानिस र मानिसबाट तिरश्चीनमा पर्ने कुरा ज्यादै जटिल भई बुद्धवादीहरू ज्यादै अलमलमा परेका छन्। यसलाई भगवान् बुद्धले पनि स्पष्टतया बताउनु नभई मौन धारण गर्नुभएको देखिन्छ। भवसंसार गम्भीर भएको कुरा बुद्धले पनि सकारेका छन्। यो नै बुद्धको बुद्धवाद हो। यस विषयको निर्णयलाई साना-तिना प्रश्न र उत्तरमा टुंग्याउन सकिंदैन। पुनर्जन्मलाई मान्ने र नमान्ने खालका विद्वान्हरूको नाम समेत उल्लेख गरी यस पुस्तकले लेखकको गहिरो अध्ययनको प्रमाण प्रस्तुत गरेको छ। यसले बुद्धको पुनर्जन्म सम्बन्धी विषयमा त्रिपिटक जटिल भएको स्पष्ट छ। प्रज्ञावान्लाई र साधारण व्यक्तिलाई भगवान् बुद्धले ऋतु अनुसारको हावा पानी झैं आफ्नो उपदेशलाई बनाउनु भएको छ।

बर्मामा (म्यान्मा:) माताहरूलाई देव-साधन गराई मृतकहरूसँग पुनर्जन्म विषयको सोधपूछ गर्ने गरिन्छ। त्यस्तै मरेकाको जीउमा प्राणप्रवेश गरी देखाउने पनि गर्छन्। यसले परलोक छ भन्ने धारणा राख्नेका लागि बल दिन्छ। यो परम्परागत विषय अध्ययनको विषय छ।

download from : https://www.dhamma.digital

भवसंसार, पालिपिटक, आत्मा–अनात्म, परलोक, मृत्यु, रूपवाद, जैनसिद्धान्त, उपनिषद् र विज्ञानवादको मन्थन स्वरूप तर्कवितर्कलाई अघि सारेर बुद्धवादलाई आफ्नो विचार सहित व्याख्या गरिएको यस पुस्तकका लेखकलाई यो एउटै पुस्तकले परिचय गराउन सामर्थ्य राख्दछ। मलाई विश्वास छ यस पुस्तकले धेरैलाई बुद्धवादतिर आकर्षित गर्दछ र यो पुस्तकले त्रिपिटकले जस्तै प्रसिद्धि पाउनेछ।

पुस्तक अमूल्य छ। यसलाई अध्ययनशील व्यक्ति समक्षसम्म पुऱ्याउने दायित्व नेपाली बुद्धवादीहरूमा छ। यो पुस्तकको अर्को संस्करण छापिदा अहिले रहेका भाषागत अशुद्धीलाई सच्याउन ठूलो होश पुऱ्याउनु आवश्यक छ। प्रिण्ट मिस्टेक भएको कममात्र देखिन्छ भने प्रुफ रिडरको बेहोशी नै यसमा देखिएको छ। शब्दहरूमा प्रगाढ हुनुपर्नेमा प्रगाध, तोकिएको सट्टा टोकिएको, वर्तमान हुनुपर्नेमा बर्तमान, गौरवको गौरब, अनूदितको अनुदित, अनुसरणको अनुशरण, आरूढको आरुढ, लेऊको लेउ, आसक्तिको आशक्ति, सूक्ष्मको शूक्ष्म आदि शब्दहरू अशुद्ध छापिन पुगेका छन्। कुनै कुनै शब्द पालि शब्द भएकोले नेपाली शब्द अनुसार अशुद्ध जस्तो देखिने पनि छन् जस्तो पालिमा शुद्ध बुद्धवंस नेपालीमा बुद्धवंश हुन्छ। जोड्नुपर्ने ठाउँमा नजोडिएका पनि छन्, जस्तै स्वीकार्नु पर्नेछ, वैशाख पूर्णिमा, पर्ने छ आदि।

पूर्णविराम नराखिकनै शुरू गर्नुपर्ने 'तर' र 'किनभने' बाट शुरू भएका वाक्यांश रहेका छन्। गरिरहनुपर्दछ, देख्नु-

download from : https://www.dhamma.digital

भएकै होला, सकिन्छ आदि एकवचनका रूपलाई 'छन्' गरी बहुवचन गरिएका छन् । प्रिण्ट मिस्टेक वा सामान्य अशुद्धीमा विश्वको विश्व हुनु, सुनको सून हुनु, निम्नमा विसर्ग पर्न जानु, सम्राट्, आयुष्मान्, भगवान् आदिमा खुट्टा नकाटिनु, 'पछि' कहीं जोडिनु कहीं नजोडिनु, कहीं उपरोक्त कहीं उपर्युक्त हुनु, भाई भनी दीर्घ लेखिनु, जस्तोको जस्ती र आएकोको आएकी, अशोककाको अशोकको लेखिनु आदि छन् । यस्तै अरू पनि छिटपुट ठाउँहरू देखिन्छन् । यस पुस्तकमा प्रयोग गरिएको कागज ठिकैको छ र छपाइ राम्रो छ ।

यो पुस्तक नेपाली समाजमा नेपाली भाषामा प्रस्तुत हुनुमा यसका अनुवादक विद्वान् भिक्षु ज्ञानपूर्णिक महास्थविर ठूलो प्रशंसाका पात्र हुनुहुन्छ । स्व. भिक्षु अमृतानन्दद्वारा नेपाली साहित्यभण्डारमा बौद्ध साहित्यको अभाव पूर्ति गरिएको छ भने यो एउटैमात्र पुस्तक पनि नेपाली साहित्याकाशमा एउटा चम्किलो तारा भएर थप हुन पुगेको छ । यस प्रकारको पुस्तक नेपाली साहित्यमा हुनु सायद यो पहिलो हुन सक्छ । विषय चयनमा महास्थविरज्यू ज्यादै बेजोड व्यक्तित्वको हुनुहुन्छ । कुनै पनि कुरा पूरा हुँदैमा पुग्दैन गहकिलो हुनुपर्दछ भन्ने वहाँको विचारसँग म परिचित छु । पुस्तक वा कुनै आर्टिकल प्रकाशित भएर मात्र पुग्दैन भाषा शुद्धी समेत हुनुपर्दछ भन्ने वहाँको स्तरीयता चाहना अनुकरणीय छ । वहाँले कृपापूर्वक दिनुभएको औसरले

download from : https://www.dhamma.digital

बुद्धवाद जस्तो गहन विषयलाई पाण्डुलिपि छँदै अध्ययन गर्न पाएको छु । यो पुस्तक आद्योपान्त हेर्दा धेरै लाभान्वित भएको छु । यस कुरामा म श्रद्धेय भन्तेप्रति ज्यादै आभारी छु । वहाँबाट यस्ता सुकीर्तिका कार्यहरू हुँदै रहनेछ र म पनि सदा त्यसमा सहभागी हुँदै रहन पाउनेछु भन्ने आशा पनि लिएको छु । भगवान् बुद्धको बुद्धवादप्रति समर्पित हुन सदाशय व्यक्त गर्दछु ।

**ये धम्मा हेतुप्पभवा; हेतुं तेसं तथागतो आह ।**
**तेसं च यो निरोधो, एवं वादी महासमणो ।।**

**–सुवर्ण शाक्य**
ॐ बाहाल टोल
काठमाडौं

बु. सं. २५३५ आषाढ संक्रान्ति
ने. सं. ११११ तछलाथ्व ३
वि. सं. २०४८ आषाढ १
ई. सं. १९९१ जून १५

download from : https://www.dhamma.digital

# मन्तव्य

३ भागमा विभाजित प्रस्तुत "बुद्ध र बुद्धवाद" पुस्तक मेरो हात लागेको कयौं वर्ष भइसक्यो। बर्मा (वर्तमान– म्यान्मा:)मा आफ्नो धार्मिक अध्ययन पूरा गरेर केही धार्मिक क्षेत्रको सेवा कार्य पछि इ सं. १९६७ को मध्यतिर आदरणीय गुरुवरको सदिच्छा अनुसार संस्कृत अध्ययन गर्न बर्माबाट वाराणसी जान लागेको थिएँ। बर्मा छोड्नु भन्दा अगाडि अमूल्य र महत्त्वपूर्ण बौद्ध ग्रन्थहरू संकलन गर्ने मनसाय लिई "यःह्म म्ह्याय्" (स्नेही छोरी) उपन्यासको लेखक आचार्य "र वेथ्वन्" सँगै पुस्तक भण्डारतिर पुगें। त्यहीं प्रस्तुत पुस्तक पनि राम्रो भन्ने सुनी तीनै भाग लिएर फर्के। केही तीतो मिठो तुरुन्तै चाख्न थालें। आधुनिक जमानामा तीतो मिठो चाख्न चाहने व्यक्तिहरूको निमित्त, बुद्धिचाल खेल्न मन पराउनेहरूको निमित्त, आफ्नो बुद्धिले नभ्याए पनि अरूको लहलहैमा नाची वैज्ञानिक युगको ढाँक लगाउन चाहनेहरूको निमित्त, महापुरुषहरूको व्यक्तित्त्व र प्रभावकारिता माथि विज्ञानको एकोहोरो छाप लगाई बकारने फेशनका मानिसहरूको निमित्त, पश्चिमी विद्वान्हरूले जे लेखे

download from : https://www.dhamma.digital

पनि प्रशंसा गरी तिनीहरूका कुराहरूलाई अकाट्य वाक्य सम्झी, सहानुभूतिबाट परिमार्जित प्रज्ञा ज्ञानले प्राक्षालन गरिराखेका कुराहरूलाई भने यस्तो हुनुपर्ने उस्तो हुनुपर्ने भनी उन्मत्त चिन्तन मननद्वारा प्रतिरोध गर्न चाहनेहरूका निमित्त, कोरा तर्क शास्त्र र दर्शन शास्त्रमा लागेर अतर्कावचर ज्ञान माथि आ-आफ्ना घोप्टो रित्त विद्वता छाँट्न चाहनेहरूको निमित्त नमूना प्रस्तुत गर्ने उद्देश्यबाट यो पुस्तक भाग भाग गरी धेरै वर्ष अगाडिदेखि भाषान्तरण गर्ने विचार गरेको थिएँ। दुई वर्ष अघि बीर अस्पतालमा उपचारार्थ समय बिताइरहँदा केही अंश नेपाल भाषामा उतारि पनि सकेको थिएँ। तर गत वर्षको मध्यतिर यस पुस्तकको प्रकाशक परिवारको आग्रहबाट पुनः नेपाली भाषामा भाषान्तरण गरी पाठक वर्गको सामु प्रस्तुत गरेको छु।

प्रस्तुत पुस्तक मूल लेखकको "प्राक्कथन" अनुरूप ६।७ महिना पछि नै द्वितीय संस्करण हुन सकेको बर्मेली भाषा र धर्म प्रेमीहरूमा प्रभाव पारेको पुस्तक हो तापनि यस पुस्तकमा उल्लिखित कतिपय विषयहरू बौद्ध जगतमा सर्वमान्य तथ्यहरू माथि समेत आघात पुऱ्याउने खालका नभएको होइन। पुस्तक भ्रम उठाउने, हलचल मचाउने, भुइँचालो ल्याउने, समुद्री छाल उछाल्ने शैलीको छ। वास्तवमा यसै कारण बौद्धिक मन्थन नेपाली बौद्ध जगतमा पनि आओस् भनेर म अनुवादतिर अग्रसर भएको छु। प्रतिपादित सबै विषयहरू माथि मेरो आफ्नो समर्थन र

download from : https://www.dhamma.digital

सहमति जनाउन होइन । साथै यो पुस्तक केही तात्विक र मार्मिक कुराहरूमा निहित छ भन्ने भावना र विचारलाई पनि मैले आफ्नो मनबाट अलग्याउन सकेको पनि होइन । बर्मा जस्तो थेरवाद बुद्ध धर्मको सुदृढ परम्परा भएको देश, धर्मका प्रकाण्ड प्रकाण्ड विद्वान, त्रिपिटक मन्थन गर्न सक्ने आधिकारिक विद्वान बौद्ध भिक्षु महास्थविरहरू भएको देशमा पनि प्रस्तुत पुस्तक प्रकाशित हुन सक्नुबाट कतिको स्वतन्त्र चिन्तन र स्वच्छन्द वैचारिक स्वतन्त्रता बौद्ध सभ्यता र बौद्ध संस्कृतिमा रहेको छ भन्ने तथ्यलाई औंल्याउन दिनको लागि पनि मैले यस पुस्तकको अनुवाद कार्य गरेको हुँ । जस्तोसुकै वाद प्रतिवाद पनि खप्न सक्ने शक्ति बुद्ध–धर्ममा छ । बुद्ध–धर्म मार्जित परिमार्जित हुँदै निखरिंदै आउनु जानुको कारण पनि वास्तवमा यस्तै यस्तै चोटपटकलाई सहँदै स्वीकार्दै जानुबाट हो । जति जति घर्षण स्पर्शन बढ्दै जान्छ, त्यति त्यति नै टलक निस्कँदै सुधोतशंख वर्ण प्रतिभाग हुँदै गइरहेको हुन्छ । बुद्ध–धर्म स्वतन्त्र समीक्षा वैचारिक विविधतापूर्ण टीकाटिप्पणीबाट डगमगिंदैन; विचलित हुँदैन । कम्पित प्रकम्पित हुँदैन । बुद्ध-धर्म स्वाख्यात् छ, नजिक आएर हेर र एक एक छुट्याएर विचार गरेर चाहेमा ठीक जस्तो लागेमा मात्र स्वीकार गर भन्ने आह्वान नै बुद्ध–धर्मको विशेषता हो । "ग्रन्थ प्रमाण" नमान्नु, यो वचन अकाट्य नभन्नु नै बुद्ध–धर्मको मानव जातिका लागि विचार स्वतन्त्रताको क्रान्तिकारी देन हो ।

download from : https://www.dhamma.digital

यस धर्ममा कुनै किसिमको बपौति अधिकार जमि-रहेको छैन । ईश्वर वाक्यको रूपमा झूठलाई पनि साँचो मान्नुपर्ने बाध्यता छैन । त्यसको लागि कोही पनि दण्डित हुनु र ज्यान समेत गुमाउनुपर्ने स्थितिमा पुग्नुपर्ने डर भय छैन । न त जोर जुलुम र जबरजस्तीको यत्किंचित वातावरण नै यसमा छ । यसको मतलब यो पनि होइन कि यसले मुर्खतापूर्ण पाण्डित्य दर्शाइलाई प्रोत्साहन दिन्छ । मिथ्यावाद, मिथ्या धारणा, मिथ्या कल्पना, मिथ्या सिद्धान्त-लाई उन्मूलन गर्ने र बाटो बिराएकालाई बाटो देखाउने, अँध्यारोमा बत्ति बालिदिने घोप्टिएको बुद्धिलाई सुल्टो पारिदिने बुद्धको अनुशासन आदर्श नै हो । प्रत्यक्ष कार्यान्वयन, प्रत्यक्ष दर्शन, स्वानुभूति र साक्षात्कारलाई बुद्ध धर्मले बढी से बढी महत्त्व दिएको छ । प्रश्रय दिएको छ, उत्साहित गरेको छ । समुत्साहित गरेको छ । बाटो खोलिराखेको छ । त्यसकारण नै यसधर्मलाई "विभज्जवादी" भनिएको हो ।

वस्तुतः प्रस्तुत पुस्तकमा रहेका तथ्यहरूको पनि पुनः विवेचना गर्ने र त्यसमाथि आ–आफ्ना विचारधाराहरू व्यक्त गर्ने अधिकार र अवसर हाम्रै हातमा सुरक्षित छ । नमूनाको रूपमा औंल्याउँदै केही बूँदामा म आफ्नो विचार प्रस्तुत गर्दछु ।

यस पुस्तकको पृष्ठ संख्या ५–६ मा लेखेको छ "भगवान् बुद्ध वैशाख पूर्णिमाको दिन परिनिर्वाण हुनु भयो भनी बर्मेलीहरू विश्वास गर्छन् । यस विश्वासको निमित्त

download from : https://www.dhamma.digital

आधार तथ्य जिनत्थपकासनी ग्रन्थ र अन्य बुद्धवंस ग्रन्थहरू हुन्। बुद्धवंसका ग्रन्थकार आचार्यहरूले बुद्ध परिनिर्वाण खण्डलाई रचना गर्दा दीघनिकाय महापरिनिब्बान सुत्तलाई आधार लिनुपर्दछ। महापरिनिब्बान सुत्तमा भने बुद्ध परिनिर्वाण हुनुभएको दिनको नाउँ उल्लेख छैन। खास भनौं भने बुद्धको जीवनी उल्लेख गरेका अन्य पालिहरूमा पनि बुद्धको अन्य घटनाक्रमहरूको सम्बन्धमा साल सम्वत् वर्ष महिना दिन निश्चित तोकिएको उल्लेख छैन।

महापरिनिब्बान सुत्तको भनाई अनुसार भगवान् बुद्ध राजगृह नगर नजिक बेलुव ग्राममा अन्तिम वर्षावास बस्नु भयो। त्यसपछि वैशाली नगर नजिक चापाल चैत्य स्थानमा मारदेवलाई म तथागत आजदेखि तीन महिनापछिको दिनमा परिनिर्वाण हुनेछु भनी आज्ञा गर्नुभयो। त्यसरी आज्ञा गर्नुभएको समय वर्षावासभित्र वा वर्षावासको लगत्तै पछि हुनुपर्नेछ। अतः बुद्ध परिनिर्वाणको महिना अक्टूबर र जनवरी महिना बीचको एक न एक महिना हुनुपर्छ। मई (वैशाख) महिना होला जस्तो लाग्दैन। ...... ..." इत्यादि भन्दै त्यसको पुष्टयाईंको निमित्त विभिन्न प्रमाणहरू अगाडि सारिएको पाइन्छ।

लेखकले यस विषयमा पश्चिमी राष्ट्रका विद्वान्हरूका विचारधारालाई मात्र बढी प्रश्रय दिएको छ। खालि महापरिनिब्बान सुत्तको सामान्य कथनलाई मात्र ध्यान दिंदा लेखकको तर्क सही जस्तो लाग्नेछ। तर यस दिशामा भगवान्

download from : https://www.dhamma.digital

बुद्धका प्रमुख अग्रश्रावक शिष्यद्वय आयुष्मान सारिपुत्र र आयुष्मान महामोग्गल्लानहरूका अन्तिम जीवन वृत्तहरूतिर पनि ध्यान दिनु आवश्यक छ। नियालेर हेर्दा अग्रश्रावक द्वयको परिनिर्वाण भगवान् बुद्धको बेलुव ग्राममा बस्नु भएको अन्तिम वर्षावास पछिको कार्तिक पूर्णिमा (सकिमिला पुन्ही) मा र मार्गकृष्ण अमावास्यमा क्रमशः भएको हो। अनि परिनिर्वाणको लागि भगवान् बुद्धसँग बिदा माग्न जानु भएका ठाउँहरू पनि आयुष्मान सारिपुत्र महास्थविरले श्रावस्ती नगरको जेतवन महाविहारमा र आयुष्मान महामोग्गल्लान महास्थविरले राजगृहमा भएको स्पष्ट छ। यी तथ्यहरूलाई आधार बनाई केलाएर हेर्दा भगवान् बुद्ध बेलुव ग्राममा अन्तिम वर्षावास पूरा गरि सिधैं कुशीनगरतिर जानुभएको नभई बरू फेरि बेलुव ग्रामबाट त्यही अघि आउनुभएको बाटो हुँदै श्रावस्ती फर्कनु भएको कुरा पनि स्पष्ट हुन्छ।

त्यहाँबाट फेरि केही दिनमै यात्रा प्रारम्भ गर्नु भई राजगृह जानु भयो, जहाँ महामोग्गल्लान महाथेरोले परि-निर्वाण प्राप्त गर्नु भयो। पर्याप्त समय त्यहीं बिताइसक्नु भई त्यस पछि वहाँ उक्काचेल नगरतिर प्रस्थान गर्नु भयो। त्यहींको गंगाघाटमा अग्रश्रावक शिष्य द्वयको परिनिर्वाण सम्बन्धमा सं. नि. तृतीय १४१ (छट्ठ संगायन ग्रन्थ पृष्ठ) मा उल्लेख उक्काचेल सूत्र देशना गर्नु भयो। त्यहाँबाट पुनः वैशाली पुग्नु भयो। त्यतिखेर नै भगवान् बुद्ध चापाल चेतिय दिवा विहारको निमित्त जानु भई उपस्थापक आयुष्मान

download from : https://www.dhamma.digital

आनन्दलाई सांकेतिक भाषामा बुद्धहरू आयुकल्पसम्म जीवित रहन सक्नु हुने कुरा तीन पटकसम्म भन्दा पनि अन्योलमा परिरहेको आयुष्मान आनन्दको विस्मृतिले गर्दा वहाँले भगवान् बुद्धसँग आयुकल्पसम्म जीवित रहन प्रार्थना गर्न सक्नु भएन । आयुष्मान आनन्द बुद्धको सन्मुखबाट फर्किसके पछि तुरुन्त मारदेव पापिमा आइपुगी विभिन्न प्रकारले परिनिर्वाणको लागि भगवान् बुद्धसँग अनुनय विनय प्रार्थना गर्दा अन्तिम वार; भगवान् बुद्धले "आजदेखि तीन महिना बितिसकेपछि तथागत परिनिर्वाण हुनेछ" भनी मारदेव पापिमा समक्ष आयुसंस्कार परित्याग गर्नुभयो । तसर्थ भगवान् बुद्धले आयुसंस्कार त्यागी **आजदेखि तीन महिना बितिसके पछि** भनी समय तोक्नुभएको समय वा महिना लेखक महोदयले दर्शाउन खोजेजस्तै वर्षावास भित्र वा वर्षावास लगत्तै पछि हुन नसक्ने तथ्य स्पष्ट हुन आउँछ । त्यस उसले गर्दा त्यो घोषणा गर्नुभएको महिना पौष महिनाको अन्त्यतिर हुन पुग्छ । किनभने भगवान् बुद्धको यस यात्रा अन्तिम यात्रा भएको हुनाले आफ्नो शारीरिक स्थिति माथि विचार पुऱ्याउनु भई प्रत्येक विश्राम स्थलमा दुई तीन हप्ता दुई तीन हप्ता विश्राम लिई आराम गरी महत्त्वपूर्ण मौलिक उपदेशहरूको सम्झना शिष्य श्रावकहरूलाई अन्तिमबार दिँदै चाल नपाउने गरी समय गुजार्दै बडो सारपूर्ण रूपमा गर्नुभएको छ । त्यसकारणले गर्दा पनि लेखक महोदयको "गर्मी, ताप, राप भएको ग्रीष्मको तीन महिनासम्म देश चारिकामा

download from : https://www.dhamma.digital

हिड्नुपऱ्यो भन्ने कथन तर्क युक्त छैन । यहीं निर राजगृहदेखि कपिलबस्तुसम्मको फाल्गुण पूर्णिमादेखि वैशाख पूर्णिमासम्मको दुई महिना यात्रार्थं सुविधाजनक र उपयोगी भएको तथ्य पनि सम्झना हुन्छ ।

अनि अर्को कुरा अकाल पुष्प पुष्पित भयो भन्नेछ । त्यो बुद्धानुभाव हो कि वा श्रद्धाभिव्यक्ति । अतः यस बाह्य वातावरणलाई ठोस र अकाट्य प्रमाण मान्नु वैचारिक दृष्टिबाट कमजोर छ । सँधैंभरी एकैनाशको बाह्य वातावरण पनि त रहिरहन्न । शाल पुष्पको रूपमा त्यो समय अकाल समय हुन सक्तैन भने मन्दार पुष्पको बारेमा के भन्ने त ? आयुष्मान महाकश्यपले भगवान् बुद्ध परिनिर्वाण हुनु भएको एक सप्ताह भइसक्यो भन्ने कुरा आफ्नो हातको मन्दार पुष्प देखाइ आफू बुद्धको देहान्त शरीर दर्शन गरी त्यहींबाट त्यो पुष्प ल्याएको हुँ भन्ने आजीवकको मुखबाट सुन्नु भएको छ ।

यस्तै यस्तै कुराहरूतिर बुद्ध धर्मको अध्ययन, चिन्तन मनन, अन्वेषण र अनुसन्धान गर्न चाहने व्यक्तिहरूले अन्तर्मुखी भई सही दृष्टि पुऱ्याउनुपर्छ, न कि हचुवा किसिमको भावना लिइकन यथार्थता र वास्तविकता पत्ता लगाउनुबाट विमुखि हुनु ।

यस पुस्तकको "पालिपिटक परीक्षण" विषय अध्ययन गर्दा पनि पाठकवृन्द सतर्क र विवेकशील हुनु नितान्त आवश्यक ठान्दछु । कतै कतै लेखक अति पश्चिमी विद्वत् वर्गको पक्षपाती देखिन्छ भने कतै कतै अति तर्कवादी ।

download from : https://www.dhamma.digital

जसले गर्दा लेखक यथाभूत तत्त्वबाट पर चिप्लिएको छ । "जस्तो कि पृष्ठ ४७ मा महापरिनिब्बान सुत्तमा पनि प्रथम संगायनाको विषयलाई बिल्कुल उल्लेख गरिराखेको छैन ।" भनी उल्लेख गरेको पाइन्छ । यस विषयमा यी कथनहरू मननीय छन् "महापरिनिब्बान सुत्त" को विषय भगवान् बुद्धको परिनिर्वाणको दृश्य वर्णन गर्नु हो, संघको इतिहासको निर्देश गर्नु होइन । संघको इतिहासको सम्बन्ध "विनय" सित छ । अतः भगवान् बुद्धको परिनिर्वाण पछि भिक्षुहरूको विह्वल दशालाई वर्णन गर्दै "महापरिनिब्बान सुत्त" का संगायकहरूले सुभद्र जस्तै असंयमी भिक्षुको विपरीत व्यवहारलाई त उल्लेख गरियो, तर त्यहाँबाट अघि बढ्न त्यहाँ ठीक मानिएन ।... ... ... अतः "महापरिनिब्बान सुत्त" को मौन धारणबाट हामीले त्यस प्रकारको निषेधात्मक निष्कर्ष निकाल्न सकिन्न, जसरी एक पश्चिमी विद्वान्ले निकालेको छ । –डा. उपाध्याय भरतसिंह (पालि साहित्यका इतिहास) ।

प्रथम संगीतिको प्रामाणिकताको प्रसंगमा संशय गर्दै पृष्ठ ४७ र ४८ मा आयुष्मान पुराणको जुन घटना प्रस्तुत गरिएको छ आयुष्मान पुराणको त्यो उक्तिमा राजगृहका सभासद्हरूद्वारा संगायना गरेका धम्म र विनयप्रति अप्रामाणिकताको भाव होइन, जसरी कुनै कुनै विद्वान्हरूले भ्रमवश विचार गरेका छन् । संघको निमित्त यो कुनै खतराको संकेत थिएन, जसरी कसै कसैलाई भ्रम परेको छ । पुराण एउटा

download from : https://www.dhamma.digital

साधक हो । उनमा एकान्त साधनाको भाव अवश्य अधिक थियो, जुन कारणले गर्दा उनले आफ्नो ध्यान भावनामा, जुन कि उनलाई शास्ताको प्रत्यक्ष सम्पर्कबाट प्राप्त भएको थियो, कुनै प्रकारको विक्षेप आउँन दिन चाहन्नथ्यो । अरूहरूले भगवान् बुद्धको मुखबाट जे जति सुनेका छन्, ती जम्मै ठीक होऊन्, सत्य होऊन् । तर पुराणको लागि त आफ्नो जीवनयापन त्यसैबाट गर्नु छ, जुन कि उनको आवश्यकतालाई हेरी स्वयं भगवान् बुद्धले उनलाई दिनुभएको थियो । तसर्थं पुराणको त्यो उक्तिमा न त राजगृहको सभामा संगायन गरिएका बुद्धवचनहरूको अप्रामाणिकता माथि संकेत छ, न त त्यो भिक्षुसंघको निमित्त केही खतराको घण्टी नै थियो । स्वतन्त्र विचारहरूको अभिव्यक्तिमा भिक्षुसंघमा कहिल्यै प्रतिबन्ध छैन; तसर्थ हामी भन्न सक्छौं कि धर्मवादी विनयवादी भिक्षुहरूले धर्मको संगायन त्यस्तै नै गरे जसरी उनीहरूले स्वयं भगवान् बुद्धबाट सुनेका थिए । जुन उनीहरूले संगायन गरे त्यो हामीलाई पालि सुत्त र विनय पिटकमा पाइरहेको छ । यद्यपि त्यसमा केही अन्य कुराहरू पनि अंगिकार गरेका छन् ।

पृष्ठ ४९ मा "बुद्ध बाहेक अर्को शरण छैन" भन्ने कथन "आफूलाई मूल आधार बनाऊ, आफू बाहेक अन्य आधार छैन" भन्ने अववादसँग प्रतिपक्ष भएकोले बुद्धको कथन हो भन्नु मुश्किल छ भनी तर्क उठाएको छ । त्यो पनि बुद्ध शब्द व्यक्तिवाचक भएको खण्डमा र एक व्यक्तिको सर्वस्वत्व-

download from : https://www.dhamma.digital

लाई मात्र लिएर भनेको हो भने मनासिब देखिन्छ। तर बुद्धप्रति श्रद्धा राख्न जुन बुद्धका नवांग गुणहरूलाई यत्र तत्र सर्वत्र पालिमा दर्शाइएका छन्, त्यसको आधारमा भन्ने हो भने आफूले आफूलाई शरण लिनलाई पनि त आधारभूत तत्त्व चाहिन्छ। गुण स्मरण र आदर्शको आधार बिना कसरी आफू आफ्नो आधार बन्न सकिएला ? बुद्ध–गुण जुन सही धर्ममा आधारित छ, त्यसलाई आधार लिंदा त्यसमा कुनै प्रतिपक्षभाव निस्किदैन। यो तथ्य निम्न: तथागतको आफ्नै वचनद्वारा सिद्ध छ।–

"आनन्द, शायद तिमीहरूलाई यस्तो लाग्ने छ– अतीत शास्ताको यो पावचन हो; (अहिले) हाम्रो शास्ता रहनु भएन। आनन्द; यस्तो विचार नगर्नु। मैले (तथागतले) जुन धर्म र विनय देशना गरिराखेको छु; प्रज्ञप्त गरिराखेको छु; म बितिसकेपछि त्यही नै तिमीहरूका शास्ता (गुरू) हुनेछ।"

यो कुरा यसै पुस्तकको पृष्ठ १०१ मा लेखकले परिनिर्वाणासन्न अवस्थामा भगवान् बुद्धले आयुष्मान आनन्दलाई आज्ञा गर्नुभएको भनी उद्धृत गरिराखेको छ।

यसबाट पनि बुद्ध शब्द व्यक्तिवाचक हुनुभन्दा यो धर्मसित एकैनासको रूपमा घुलमिल भइसकेको र अन्योन्याश्रित भइरहेको स्पष्ट छ। अतः बुद्धको शरण जानु भन्नु नै धर्मको शरण जानु हो र धर्म बिना कोही पनि आफू आफ्नो शरण हुन नसक्ने तथ्य ध्रुव सत्य हो। तसर्थ "बुद्ध

download from : https://www.dhamma.digital

बाहेक अर्को शरण छैन" भन्ने कथन र "आफूलाई मूल आधार बनाऊ, आफू बाहेक अन्य आधार छैन" भन्ने अववाद एक अर्कोसित प्रतिपक्षी छ र बुद्ध कथन हो भन्न मुश्किल छ भन्ने तर्क सारयुक्त छैन । धर्मानुकूल होइन । सही धारणा ठहरिन्न ।

पृष्ठ ५० मा भगवान् बुद्धले भर्खर बुद्ध हुनु भई उपदेशार्थ वाराणसीतिर जाँदै गर्नु हुँदा बाटोमा भेटेको उपक परिव्राजकलाई भन्नुभएको कुरालाई बुद्धवचनको रूपमा धारण गर्न मुश्किल छ भनी स्वीकार्न नचाहेको भाव देखाएको छ । व्यक्ति, व्यक्तिको अध्यासय, समय, परिस्थिति आदिलाई केलाएर कुन बेला, कस्तो व्यक्तिलाई कसरी कुरा गर्दा भविष्यमा उसलाई लाभ पुऱ्याउन सक्ने हो, त्यसलाई आत्मसात गरी कुरा गर्ने "सुगत" गुणले युक्त बुद्धको त्यस कथनमा कुनै अहं वा विकृति देखा पर्दैन । पछि उही उपक बुद्धको त्यही वचनलाई सम्झना गरी आफूलाई संकट आएको बेला भगवान् बुद्धलाई खोजी खोजी बुद्धको शिष्य बन्न पुगेको यथार्थताले पनि यो कुरा स्पष्टिएको छ ।

"क) पिटकबाट गौतम बुद्ध" शिर्षकमा भगवान् बुद्ध "राजाको पुत्र होइन; धन सम्पत्ति सम्पन्न र समृद्ध भई उच्च जातिका क्षत्रियवंशी एक जना भूमिपतिको छोरो हुन सक्ने" तर्क उठाइएको छ ।

यस विषयमा लेखकद्वारा आफ्नो तर्क साबित गर्न उदाहरणको रूपमा प्रस्तुत गरेका प्रमाणहरू राजतन्त्रात्मक

download from : https://www.dhamma.digital

देशका राजाहरू बिम्बिसार, कोशल नरेश, अजातशत्रु जस्ता "महाराज" "राज" आदि प्रशस्ति पाएका राजाहरू हुन्। यसमा कपिलवस्तुका भद्दियराज बाहेक अन्य कुनै पनि त्यस ताकाका गणतन्त्रात्मक देशका गणतन्त्रीय राजाहरूलाई प्रमाणको रूपमा प्रस्तुत गरिएको पाइँदैन। त्यस बेलाको सबभन्दा शक्तिशाली र प्रभावकारी गणतन्त्र वैशालीका राजाहरूलाई पनि त उदाहरणको रूपमा दर्शाउनु उचित देखिन्छ। किनभने शाक्यहरू गणतन्त्रीय थिए। राजतन्त्रात्मक राज्यका राजाहरूको प्रशस्ति र गणतन्त्रात्मक राज्यका राजाहरूको प्रशस्तिमा अवश्यमेव फरक पर्दो हो। राजतन्त्रात्मक राज्यमा व्यक्तिप्रधान भएता पनि गणतन्त्रात्मक राज्यमा व्यक्ति गौण हुँदो हो। त्यसैले गणतन्त्रीहरूले वंश, गोत्र र कुललाई बढी प्राथमिकता दिने भई व्यक्तिगत प्रशस्तिलाई त्यति महत्त्व नदिने भएकोले राजा शुद्धोदनलाई पनि सामान्य रूपमा नै बढी व्यवहार गर्थे होलान्। त्यस युगको बढी प्रभावशाली गणराज्य वैशालीका राजाहरूलाई पनि "महाराज" प्रशस्ति नजोडी लिच्छवी लिच्छवयो भन्ने शब्द नै प्रायशः प्रयोग र व्यवहारमा ल्याइएको पाइन्छ। यदि त्यसो हो भने राजा शुद्धोदनलाई व्यवहार गर्दा पनि प्रायशः नाम, गोत्र र कुलवंशलाई नै मूल रूपमा प्रयोग गर्दा हुन्। यसबाट "राजा" हुनु माथि शंका गर्ने स्थिति देखिँदैन। यद्यपि "शुद्धोदनको घर" भनेर प्रयोग गरियो नै भनौं प्रासाद शब्द प्रयोग त्यस बेलामा गरिएन नै भनौं, फेरी किन

download from : https://www.dhamma.digital

राजकुमार सिद्धार्थको निमित्त बनाएका तीनवटा घरहरूलाई "तीन वटा प्रासादहरूमा" भनी प्रयोग गरिए होलान् त ? त्यसलाई पनि त घर भनेर मात्रै प्रयोग गरिनु पर्दथ्यो । खास रूपमा त यी कुराहरू त्यति महत्त्वपूर्ण जस्तो लाग्दैन । यसको लागि त इतिहास र पुरातात्विक अनुसन्धानबाट खोज तलाश गरी फेला पारिसकेका प्रमाणहरूले नै "राजकुल" हो होइन सही निर्णय दिन सकिने नै भइसकेको छ। अति तर्क वितर्क र वादविवादले खालि समस्या मात्रै खडा गर्दछ। केही उपलब्धि त्यसमा देखिदैन । बरू त्यो हानिकारक नै साबित हुन जान्छ । घिउ किन्न जाने तर्कशास्त्री विद्यार्थीले घिउ नष्ट पारे जस्तै । अर्को कुरा लेखकको कथन पूर्वापर बिरोधी देखिन्छ । कारण यसै पुस्तकको १२४–५ पृष्ठमा वहाँ आफैले जातक अर्थकथा-को कथनलाई उद्धृत गरी त्यसमा आफूलाई मन नपरेका "महाराज" "राजप्रासाद" "राजपरिवार" "राजकुमारी" शब्दहरू यथावत् प्रयोगमा ल्याइराखेको छ । जसबाट पनि वहाँको पूर्व तर्क खालि तर्क मात्र रही युक्ति युक्त आधार विहीन रहेको पाइन्छ ।

राजकुमार सिद्धार्थको महाभिनिष्क्रमणको कारणको बारेमा यस पुस्तकमा बढी तर्क वितर्क पेश गरी हलचल मच्चाउन खोजिएको पाइन्छ । संस्कार धर्मको परिपक्वतालाई ठूलो प्रश्रय दिने तथागतको धर्ममा जबसम्म कुनै चीज वा व्यक्तिमा त्यो स्थिति आइपुग्दैन त्यसबेलासम्म त्यो स्थिति अनुकूल अवस्थामा पुग्न सक्तैन । यो संसारमा कतिपय

download from : https://www.dhamma.digital

कुराहरू त्यस्ता छन् जुन सयौं, हजारौं लाखौं पटक आ-आफ्ना वरिपरि घुमिरहँदा पनि त्यसबाट कुनै अनुकूल वा प्रतिकूल प्रभाव वा असर परेको देखा पर्दैन। तर कुनै बेला भने त्यस्तै स्थिति त्यस्तै घटनाले एक्कासी मानिसलाई कहाँबाट कहाँ पुऱ्याइदिन्छ। तुरुन्त त्यसको प्रभाव र असर परिहाल्छ। तसर्थ कुनै घटना घट्नको निमित्त समयले पर्खिरहेको हुन्छ। वातावरण सृजना हुँदै गइरहेको हुन्छ। संस्कारको परिपक्वतालाई ताकिरहेको हुन्छ। सबै साधनहरू जुट्ना साथ त्यो घटना घटि नै हाल्छ। त्यसरी नै सिद्धार्थ गौतमको महाभिनिष्क्रमणको प्रेरक निमित्तहरूलाई सम्झनुपर्ने देखिन्छ। न्यूटनको गुरूत्वाकर्षण सिद्धान्तको प्रतिपादनमा पनि त्यस्तै स्थिति आइपरेको पाइन्छ। अरू अरू अवस्थामा पनि न्यूटनले रूखबाट कुनै चीज खसेको धेरै पटक देखेको नै थियो होला। तर त्यसलाई अन्य अवस्थामा त्यो विचार मनमा कुद्नै सकेको थिएन। जब अनुकूल समय, वातावरण र परिस्थितिहरू ठ्याम्म जुट्यो, त्यसबेला एउटा स्याउ रूखबाट खस्नासाथ उसको ज्ञान झवाट्ट खुल्यो र गुरूत्वाकर्षणको खास अनुभव उसलाई भइहाल्यो। त्यो सिद्धान्त प्रतिपादन गर्नमा उनी समर्थवान् भयो।

उपर्युक्त विषयहरू बाहेक यस पुस्तकमा उल्लिखित विभिन्न मूल विषयहरू जस्तो कि– पालिपिटक परीक्षण, अनात्मवाद, प्रतीत्य समुत्पाद, भवसंसार अति गहन विषयहरू हुन्। यी विषयहरूलाई सही सही व्याख्या गर्न, वास्तविकता

download from : https://www.dhamma.digital

दर्शाउन, विभिन्न दार्शनिक ग्रन्थ अध्ययन, बाह्य चिन्तन मनन, वाद विवाद, तर्क वितर्क, पूर्वेली, पश्चिमेली महान् दार्शनिक, न्याय शास्त्री, तर्क शास्त्री, इतिहासकार, मनोवैज्ञानिकहरूका, भावनामय यथाभूत ज्ञान दर्शन रहित, कथनहरूको मात्र आधार तथा माध्यमबाट असम्भव नै छन् त भन्न नसकिने भएता पनि सम्भव हुन अति दुष्कर छ भन्नुमा कुनै असजिलोपन महसूस गर्नुपर्ने आवश्यकता देखिदैन। यदि भगवान् बुद्धको वचन, उहाँका चतु:प्रतिसम्भिदा चतुराभिज्ञा आदि विशिष्ट गुणसम्पन्न क्षीणाश्रवी विश्वस्त अग्रश्रावक महाश्रावक अरहन्तत्व प्राप्त आर्यश्रावकहरूका कथनहरूलाई समेत स्वीकार र समर्थन जनाउन मुश्किल देखिन्छन् भने राग, द्वेष, मोहादि अनेकन मानसिक विकारले भरिपूर्ण भई अन्धोपन पृथग्जनत्वबाट मुक्त नभएका शुष्क तर्कका विद्वान्-हरूका कथनहरू कति हदसम्म समर्थन योग्य तथा स्वीकार्य छ यहाँ भनिरहनु पर्दैन।

तथागत प्रवेदित गम्भीरातिगम्भीर दुर्दर्शनीय धर्म विनयमा भिक्षु, भिक्षुणी, उपासक तथा उपासिका चतु: परिषद्लाई द्वन्द संशय, शंका उपशंका, अस्पष्टता, अनभिज्ञता, परप्रवाद प्रमर्दन असमर्थता आदि हटाई वैशारद्य प्राप्त तुल्याएर मात्र तथागत परिनिर्वाण हुनेछ भन्ने मारदेव पापिमा समक्ष प्रकट गर्नुभएको आदि–अन्त्य तथागत वाक्य, महापरिनिर्वाणासन्न अवस्थामा बारबार आफ्ना शिष्य श्रावकहरूसँग धर्म विनयमा शंका भए समयमै सोधपूछ गरी

download from : https://www.dhamma.digital

शंका समाधान र निराकरण गर्न जिज्ञासाकारले प्रेरणा र प्रोत्साहन दिइसक्नु भई आश्वस्त विश्वस्त हुनु भएर मात्र परिनिर्वाणार्थ तयार हुनुभएको तथ्यहरूलाई गहिरिएर विचार विमर्श गरेको खण्डमा बुद्ध धर्मका सारगर्भित मौलिक विशुद्धि निर्देशक उत्तरि मनुष्य धर्म प्रदायक बुद्धोपदेश तथा तथागत समर्थित धर्मोपदेशहरूप्रति बुद्धका शिष्य श्रावकहरूमा कुनै प्रकारको द्वन्द संशय, शंका उपशंका, कांक्षा विमति नरहेको स्पष्ट झल्किन्छ। बुद्ध स्वयं पनि यस विषयमा आफ्ना शिष्य श्रावकहरूप्रति निःसन्देह आश्वस्त एवं विश्वस्त रहनुभएको बुझिन्छ। अल्पज्ञ, अल्पश्रुत, रुढिग्रस्त मोघपुरुषहरूमा ती विषयहरू द्वन्दात्मक र संशयात्मक कांक्षा र विमति युक्त रहनुमा त केही भन्नु नै छैन। कारण तथागत प्रवेदित धर्म स्वतः नै "प्रत्यक्ष विज्ञ वेदनीय" धर्म हो। "गुह्य अविज्ञ वेदयित धर्म" त होइन।

प्रस्तुत यस पुस्तकमा यस्तै यस्तै अन्य थुप्रै कुराहरू बाँकी छन्, तर ती जम्मैलाई यस छोटो मन्तव्यमा समीक्षा गर्नु सम्भव छैन। नमूनाको रूपमा दुई चार कुरा पाठक वृन्दहरू समक्ष प्रस्तुत गर्दै ग्रन्थभारबाट बच्न विशेषतः स्वयं पाठकहरूको स्वतन्त्र चिन्तन स्वतन्त्र परीक्षणका लागि आह्वान गर्दै, अन्ततः पाठकहरूको विवेक, बुद्धि, सत्यान्वेषणमा भरोसा लिंदै यस विषयहरूलाई यहीं विश्राम दिन चाहन्छु।

पुस्तकको भाषान्तरणको कार्यमा पाण्डुलिपि पुनः संगठित रूपमा सार्ने, प्रेससित सम्पर्क राखि छापिने व्यवस्था

download from : https://www.dhamma.digital

मिलाउने, आफ्ना स्व. पिताप्रति धर्मग्रन्थ प्रकाशनको सार श्रद्धाञ्जली समर्पण गर्न सबै स्वजनमा श्रद्धा र उत्साह ल्याउने बुद्ध–शासनिक बहिनी अनागारिका उत्पलवर्णाप्रति म सारै आभारी छु ।

त्यस्तै बुद्ध धर्मप्रतिको श्रद्धावश आफ्नो अति व्यस्ततामा पनि भाषा संशोधनको अभिभार लिनु हुने श्रद्धावान् उपासक दरवार हाइस्कूलका प्रधानाध्यापक श्री सुवर्ण शाक्यज्यू निःसन्देह ठूलो साधुवादको पात्र रहनु भएको छ । साथै वहाँले विवेचनात्मक भूमिकाबाट प्रस्तुत पुस्तकको स्वतन्त्र चिन्तन र मनन गर्न पाठकहरूलाई थप योगदान गरेको छ । वहाँ मेरो हार्दिक धन्यवादको पात्र हुनुहुन्छ ।

अनि पुस्तक प्रकाशनार्थ विशुद्ध श्रद्धा प्रकट गरी सम्पूर्ण व्यय भार सम्हाली महत्त्वपूर्ण योगदान समर्पण गर्नु भएकोमा श्रीमती बेतिमाया शाक्य प्रमुख वहाँका सबै परिवार साँच्चै साधुवादका अधिकारीहरू रहेका छन् । यस्ता समुचित साधुजनहितकारी कुशल कार्यहरूमा वहाँहरूको चित्त प्रसन्न प्रफुल्लित रहुन् भन्ने सदिच्छा पनि प्रकट गरिन्छ ।

प्रुफ् लिन दिन जाने र प्रुफ् पढ्ने काममा समेत सहयोग गर्ने भान्जा प्रकाश बज्राचार्य तथा विहारका शिष्य श्रामणेरहरूप्रति म आभारी छु । छपाई कार्यमा पूर्ण सहयोग गर्ने नेपाल प्रेसका प्रमुख र प्रेस परिवारप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्छु ।

download from : https://www.dhamma.digital

अन्ततः पुस्तकको गहन अध्ययन गरी आ–आफ्ना सुधारणीय विचार र निष्कर्ष सुझाव रूपमा दिनु भएमा अनुवादक सारै साभारी हुनेछ ।

सबैमा सुचित्त सुमन जागोस् !
सबै सत्त्व सुखी होऊन् !!

विश्व शान्ति विहार —अनुवादक
मीन भवन, नयाँ बानेश्वर
श्रावण ७, २०४८

**ग्रन्थ संकेत सूची:–**

| | |
|---|---|
| म. नि. | मज्झिम निकाय |
| दी. नि. | दीघ निकाय |
| अं. नि. | अंगुत्तर निकाय |
| सं. नि. | संयुत्त निकाय |
| सम्मोह विनोदनी | अभिधम्म अट्ठकथा |

download from : https://www.dhamma.digital

# विषय-सूची


| विषय | पृष्ठ |
|---|---|
| प्राक्कथन | ३ |
| भूमिका | ८ |
| मन्तव्य | २८ |
| चिघोकाजी शाक्य : एक संस्मृति | ४७ |
| बुद्धवाद र विचार विमर्श | १ |
| पालिपिटक परीक्षण | २३ |
| बुद्ध प्रादुर्भाव हुनुभन्दा अघिका भारतीय सिद्धान्तहरू | ५३ |
| बुद्ध | |
| (क) पिटकबाट गौतम बुद्ध | ७८ |
| (ख) बुद्धका विशेषताहरू | ६३ |
| (ग) बुद्ध र लौकिक मानव | १०८ |
| (घ) बुद्धको अनुशासन पद्धति | १२७ |
| दुःख सत्य | १५२ |


download from : https://www.dhamma.digital

**अनात्मवाद**

(क) पिटक र अन्य बौद्ध वाङमयहरूबाट अनात्मवाद १७६

(ख) आत्म अनात्म समस्या १९५

(ग) अनात्मवाद र आधुनिक प्रज्ञाविद्हरूको दृष्टि २२७

**चित्त, चैतसिक, स्कन्ध र आयतन** २७५

प्रतीत्य समुत्पाद ३०४

**भवसंसार** ३३७

(क) पिटकमा आएको भवसंसार ३३७

(ख) भवसंसार र विचारणीय तथ्यहरू ३६८

***

download from : https://www.dhamma.digital

# खण्ड १

## बुद्धवाद र विचार विमर्श

बर्मा देश बुद्धवाद विकास भएको देश हो । अतः बर्मेलीहरूले प्रायशः बुद्धवादलाई विश्वास गर्छन्, मान्छन् । यसरी बर्मेलीहरूले बुद्धवादलाई विश्वास गर्नु मान्नु खास तौरमा कुलवंश परम्परागत बुद्धवादी भएकोले नै हो । उपमाको रूपमा भनौं भने बर्मेलीहरूले जातिगत परम्परागत क्रिश्चियन धर्मावलम्बी अंग्रेजहरू, परम्परागत हिन्दू धर्मावलम्बी भारतीय जनताहरूले जस्तै जातिगत परम्परागत बुद्ध धर्मावलम्बी भएकाले, बुद्ध–धर्मलाई आस्था एवं विश्वास गरिरहेका हुन् । बुद्धवादलाई आमाबाबुहरूले विश्वास गरेको कारणले नभई प्रज्ञाज्ञानद्वारा विचार विमर्श निरीक्षण परीक्षण गरेर मात्र सन्तोष एवं प्रसन्न भई स्वीकार गर्ने र आस्था राख्ने बर्मेली नागरिकहरू अत्यन्त स्वल्प छन् ।

तापनि विश्वमा रहेका धर्म, वाद र सिद्धान्तहरू

download from : https://www.dhamma.digital

मध्येमा कुनचाहिँ धर्म, वाद र सिद्धान्तले विचार विमर्शलाई बढीसे बढी प्रश्रय दिन्छन् त; कुनचाहिँ, वाद र धर्मले मानिसहरूलाई विभिन्न विषयहरू माथि विचार विमर्श र निरीक्षण गरेर मात्र स्वीकार्न आस्था राख्न बढीसे बढी उपदेश दिएका छन् त भनी प्रश्न उठाएमा बुद्धवादतिर नै हामीले औंल्याउनु पर्ने छ ।

बुद्धवाद "पच्चत्तं वेदितब्बो" भन्ने धर्मगुण अनुरूप आफ्नो प्रज्ञाज्ञानद्वारा निरीक्षण परीक्षण र परामर्शन गरेर मात्र स्वीकार्नु विश्वास गर्नु पर्ने वाद हो । अंगुत्तर निकायमा बुद्धले कालाम कुलपुत्रहरूलाई जुन कुरा परम्परागत पौराणिक भएको कारणले; आफूले अध्ययन मनन गरिराखेको ग्रन्थ साहित्यसित मेल खाएको कारणले; आफू प्रसन्न र सन्तोष रहेको कारणले; आफ्ना गण्यमान्य श्रद्धेय गुरु आचार्य श्रमण ब्राह्मणहरूको कथन भएको कारणले– त्यस कथनलाई आँखा चिम्ली स्वीकार नगरी ठीक बेठीक राम्रो नराम्रो गुण, दोष विवेचन र निर्धारण गरेर मात्र स्वीकार्न र आस्था राख्न उपदेश दिनु भएको छ । भद्दिय राजकुमारलाई पनि यस्तै यस्तै उपदेश दिनु भएको छ । (अं. नि. चतुक्क निपात भद्दिय लिच्छवी सुत्त) । वास्तवमा बुद्धले शिष्य श्रावकहरू-द्वारा आफूमाथि श्रद्धाको कारणले आफ्नो धर्म स्वीकार्नु त्यसमाथि आस्था एवं विश्वास राख्नु रुचाउनु हुन्न । 'भिक्षुहरू हो, तिमीहरूले म (तथागत) प्रति श्रद्धा र गौरव राखी मेरो कथनलाई स्वीकार्नु र विश्वास गर्नु योग्य छैन ।

download from : https://www.dhamma.digital

तिमीहरूले जुन धर्मलाई प्रत्यक्ष ज्ञानद्वारा प्रतिवेध गरेका छौ; दर्शन गरेका छौ; त्यही प्रत्यक्ष–अवबोध र दर्शन गरेको धर्मलाई मात्र तिमीहरूले विश्वास गर्नु पर्ने होइन र ?" (म. नि. महातण्हासङ्खय सुत्त)।

त्यसकारण बुद्धले बुद्धवादमा अन्य धर्मावलम्बीहरू सहज सुलभ र एक्कासी परिवर्तन भएर आउन प्रोत्साहन दिनु हुन्न। विनयपिटक महावग्गमा अघि तैर्थिक भइसकेको व्यक्ति यदि श्रमण भिक्षुभावमा प्रवेश पाउन चाहेमा चार महीनासम्म प्रतिक्षा गर्नु पर्नेछ भनी उल्लिखित छ। मज्झिम-निकाय उपालिसुत्तमा उपालिगृहपति र विनयपिटक महावग्गमा सीह सेनापतिहरूले भगवान् बुद्धको उपदेशलाई अत्यन्त रुचाएर निर्ग्रन्थवादलाई तिलाञ्जली दिई आजीवन उपासक भनी धारण र समर्थन गर्न बिन्ति गर्दा तथागत बुद्धले तिनीहरूलाई गहनतम रूपमा विचार विमर्श गरेर मात्र बुद्धवादलाई विश्वास गर्न र अवक्रमण गर्न सचेत गराउनु भएको थियो।

बुद्धको मनसाय बुद्ध धर्मलाई आफू स्वयं विद्यमान रहिरहँदा बुद्ध मार्फत स्वयं जान्ने सुन्ने व्यक्तिले समेत अत्यन्त गहन रूपमा विचार विमर्श र निरीक्षण गरेर मात्र स्वीकार गर्न एवं विश्वास राख्न योग्य ठान्नु हुन्छ भने आयुष्मान आनन्द, आयुष्मान् काश्यप आदि शिष्य श्रावकहरू मार्फत पछि जानिएका सुनिएका बुद्ध–देशनामाथि अरु बढी

download from : https://www.dhamma.digital

निरीक्षण परीक्षणको आवश्यकता पर्नेछ । अत्यधिक बुद्ध-देशनाहरू आयुष्मान आनन्द मार्फत् जानिएका सुनिएका देशनाहरू हुन् । जे होस्, आयुष्मान् आनन्द स्वयंले "पुनर्वार सुनिएकोमा आधारित; पुनर्वार सुनिएकोलाई विश्वास गरेको रूपमा आचरण गर्ने आचार्यमा राम्ररी सुन्ने हुन्छ; न राम्ररी सुन्ने पनि हुन्छ; सुनेकै आकारमा पनि हुन्छ; सुनेको भन्दा अन्य आकारमा पनि हुन्छ" भनी भनिएको पाइन्छ । (म. नि. सन्दकसुत्त) भगवान् बुद्धले पनि "ती श्रमण ब्राह्मणहरूले यो वाद मात्र ठीक छ, अन्य वादहरू निरर्थक छन् भनी भन्छन् भने वास्तवमा तिनीहरूमा विश्वास राख्ने; एक्कासी आसक्त हुनेलाई छाडी; पुनर्वचनलाई श्रवण गर्ने, कारणलाई चिन्तन गर्ने र यो वाद मात्र ठीक हो भनी प्रसन्न हुनेलाई छाडी प्रत्यक्ष साक्षात्कृत बोधगम्य प्रज्ञाज्ञान उत्पन्न हुने कारण छैन" भनी आज्ञा गर्नु भएको छ । (म. नि. पञ्चायतनसुत्त) । "भिक्षुहरू हो, यी धर्महरूलाई विश्वास प्रसन्नता पुनर्श्रवण चिन्तनद्वारा बोधनीय छैन; प्रज्ञाद्वारा दर्शन गरेर मात्र बोधगम्य छ ।" (सलायतन संयुत्त; नवपुराणवग्ग; परियाय-सुत्त)

बुद्धवाद सूक्ष्म र गम्भीर भएकोले प्रज्ञाज्ञानद्वारा गहन र सुनिश्चित रूपमा अध्ययन मनन नगरेमा यथार्थ र वास्तविक तौरले जान्न बुझ्न दुष्कर छ । दुर्बोध्य भएकोले प्रज्ञाज्ञानको प्रयोग बिना नै बुद्ध देशनालाई मिथ्या रूपमा निरीक्षण र परामर्शन गरेमा विना विचारले सर्प समात्ने

download from : https://www.dhamma.digital

पुरुषलाई जस्तै अनर्थ हुन जानेछ। (म. नि. अलगद्दूपमसुत्त) त्यसरी उत्तरीय एशियाली देशहरूमा रहेका केही महायान बौद्धगणिकहरूले मूल बुद्धवादसंग अत्यन्त विरोधीवादहरूलाई स्वीकारेका छन्। बर्मा देशले केही न केही शुद्ध प्रणीत पालिपिटक पाइराखेको छ। तैपनि परिपूर्ण प्रगाध अध्ययन मनन; प्रज्ञाज्ञानद्वारा निरीक्षण परीक्षण संश्लेषणको कमीले कुनै कुनै बर्मेली धार्मिक सिद्धान्तहरू र क्रियाकलापहरूमा द्वन्द्व संशय शंका उपशंका ल्याउनु पर्ने प्रश्न चिन्ह लगाउनुपर्ने स्थिति छ।

उपर्युक्त कथन प्रकट गर्ना खातिर बर्मेलीहरूको एक धार्मिक विश्वास र एक रीति स्थितिलाई परामर्शनीय र विचारणीय छ।

भगवान् बुद्ध वैशाख पूर्णिमाको दिन परिनिर्वाण हुनु भयो भनी बर्मेलीहरू विश्वास गर्छन्। यस बिश्वासको निमित्त आधार तथ्य जिनत्थपकासनी ग्रन्थ र अन्य बुद्धवंस ग्रन्थहरू हुन्। बुद्धवंसका ग्रन्थकार आचार्यहरूले बुद्ध परि-निर्वाण खण्डलाई रचना गर्दा दीघनिकाय महापरिनिब्बान सुत्तलाई आधार लिनु पर्दछ। महापरिनिब्बान सुत्तमा भने बुद्ध परिनिर्वाण हुनु भएको दिनको नाउँ उल्लेख छैन। खास भनौं भने बुद्धको जीवनी उल्लेख गरेका अन्य पालिहरूमा पनि बुद्धको अन्य घटनाक्रमहरूको सम्बन्धमा साल सम्बत् वर्ष महीना दिन निश्चित टोकिएको उल्लेख छैन।

download from : https://www.dhamma.digital

महापरिनिब्बान सुत्तको भनाई अनुसार भगवान् बुद्ध राजगृह नगर नजीक बेलुव ग्राममा अन्तिम वर्षावास बस्नु भयो । त्यसपछि वैशाली नगर नजीक चापाल चैत्य स्थानमा मारदेवलाई म तथागत आजदेखि तीन महीना पछिको दिनमा परिनिर्वाण हुनेछु भनी आज्ञा गर्नु भयो । त्यसरी आज्ञा गर्नु भएको समय वर्षावासभित्र वा वर्षावासको लगत्तै पछि हुनुपर्नेछ । अतः बुद्ध परिनिर्वाणको महीना अक्टूबर र जनवरी महीना वीचको एक न एक महीना हुनुपर्छ । मई (वैशाख) महीना होला जस्तो लाग्दैन । मई महीना भएमा भगवान् बुद्ध अस्वस्थ भई दुर्बल भएर पनि गर्मी, ताप, राप भएको ग्रीष्मको तीन महीनासम्म देश चारिकामा हिँड्नुपर्‍यो भन्ने युक्तिरहित कथनलाई स्वीकार्नु पर्नेछ । त्यस अतिरिक्त मई महीना भएमा बुद्ध परिनिर्वाणकाल नजीक कुशीनगर उदयानमा शाल पुष्पहरू अकालमा पुष्पित भयो भन्ने पालि कथन असत्य हुनेछ । कारण किनभने वर्तमान भारतीय वृक्षवेद वैज्ञानिकहरूको अन्वेषण अनुरूप त्यस प्रकारका पुष्पहरू स्वाभाविक रूपले अप्रिल र मई महीनातिर पुष्पित हुने भएर वैशाख महीना बाहेक अन्य महीनाहरूमा पुष्पित भएमा मात्र अकाल पुष्प पुष्पित भयो भनी भन्न सुहाउँनेछ ।[1]

ई. सं. छैठौं शताब्दीतिर भारत आउनु भएको

1. E. J. thomas, "Life of the Buddha" p. 158, note.

download from : https://www.dhamma.digital

चीनिया यात्री हुयन्सांगको डायरीमा त्यसबेलाका सर्वास्ति-वादी नामका बुद्धवादीहरूले अक्टूबर अथवा नोवेम्बरमा बुद्ध परिनिर्वाण हुनुभएको हो भनी विश्वास गरेको विषय उल्लिखित छ ।[1] पश्चिमी राष्ट्रको एक पालिविद्ले भने पालिहरूको अध्ययनपछि बुद्धपरिनिर्वाण हुनुभएको दिन ईसा पूर्व ४३८ अक्टूबर १३ को दिन हुनुपर्छ भनी भनेकोछ ।[2]

बर्मेली धार्मिक रीतिस्थितिहरू मध्येमा बिचारणीय परिपाटी बालबच्चाहरूलाई श्रामणेर दीक्षा दिने परिपाटी हो ।

बर्मेली बुद्धवादीहरूको केही नजानेका बालबच्चाहरू-लाई श्रामणेर दीक्षा दिने बानी छ । त्यसरी श्रामणेर दीक्षा दिए बापत ती बालबच्चाहरू केही दिन श्रामणेरको रूपमा विहारमा रहन पाउनु बाहेक अन्य खास केही उपलब्धि हासिल गर्न पाउँदैनन् । विनयपिटक महावग्गमा बुद्धले कौवा धपाउन सक्ने बालबच्चाहरूलाई श्रामणेर दीक्षा दिन सकिन्छ भनी आज्ञा दिनुभएको छ भनिन्छ । वास्तवमा ४ ५ वर्षको केटोले समेत कौवा धपाउन सक्ने भएकोले यो कथन– बुद्धले भन्नुभएको सही कथन हो त भनी संशय गर्न लायक छ । जे

1. Ibid. . . p. 158.
2. Fleet, "The day on which Buddha died" Journal of Royal Asiatic Society, 1908.

download from : https://www.dhamma.digital

होस्, यो कथन त्यस विनय पालिमा आएको प्रज्ञप्तिसित मेल खान्दैन। विनयपिटक महावग्गमा बुद्धले भिक्षुहरूलाई १५–वर्ष नपुगेको केटोलाई श्रामणेर दीक्षा दिनुहुन्न; दिने भिक्षुलाई दुष्कृत्य आपत्ति लागोस् भनी प्रज्ञप्त गर्नु भएको छ।

यो प्रज्ञप्ति अनुकूल, उचित र योग्य छ। श्रामणेरत्व सुयोग्य दक्ष जान्ने बुझ्ने उमेरमा पुगिसकेका बालबच्चाहरूका लागि मात्र लाभप्रद छ। वर्तमान युगमा आमाबाबुहरूले श्रामणेर दीक्षा दिइने बालबच्चाहरू प्रायशः ज्ञान अपरिपक्व स्वल्पायु भएका बालबच्चाहरू हुने हुँदा ती बालबच्चाहरूको निमित्त धार्मिक पक्षमा कुनै परिवर्तन र विशेषता छैन। तसर्थ वर्तमान युगका बालबच्चाहरू सबै जसो श्रामणेर दीक्षा लिइसकेका भएता पनि धार्मिक ज्ञान विहीन भएका छन्। आमाबाबुहरू छोराछोरीहरूलाई श्रामणेर दीक्षा दिन पाएको कुशल कर्मको निम्ति सन्तोष र आनन्दित हुनेछन्। तर बालबच्चालाई श्रामणेर दीक्षा दिनु आमाबाबुहरूको वर्तमान सन्तोषको लागि, कुशल प्राप्तिको लागि हो त ? बच्चाको अर्थ हितार्थ, बुद्ध शासनको अर्थ हितार्थ हुनुपर्ने होइन त भनी प्रश्न उठाउन योग्य छ।

यसरी कुनै कुनै बर्मेली धार्मिक सिद्धान्त र क्रिया-कलापहरू विचारणीय र समालोचनीय छ। त्यसो भएर पनि मानिसहरूले आफ्ना विश्वासहरूलाई स्वयं विवेचना गर्नु त परै जाओस्; अरूले विवेचना गर्दा समेत स्वीकार्न असमर्थ

download from : https://www.dhamma.digital

छन् । त्यसरी स्वीकार्न नसक्नु खास त ती विश्वासहरू विचार विमर्श निरीक्षण परीक्षण गर्ने पृष्ठभूमिबाट अलग्ग भइराखेकोले हो । Psychoanalysis मनोविज्ञान अनुरूप मानिसहरूले आफ्ना एउटा धारणा र विश्वासलाई आलोचना विवेचना गर्नलाई जति जति असह्य हुन्छ; त्यति त्यति नै त्यो धारणा र विश्वास पृष्ठभूमि विहीन र युक्ति विहीन भएको तथ्य प्रष्ट हुँदै जान्छ ।

उदाहरणको रूपमा यदि कुनै व्यक्तिले विश्व गोल छ भन्ने कथन हास्यास्पद छ; अथवा एउटा त्रिकोणमा १८० डिग्री छ भन्ने कथन मिथ्या हो भनेमा हामी कत्ति पनि प्रकम्पित हुनेछैनौं । कारण ती तथ्यहरू हामीले सुनिश्चित तौरले निरीक्षण परीक्षण गरिसकेर मात्र स्वीकारेका तथ्यहरू हुन् । धार्मिक विश्वासहरू त यस्ता होइनन्, प्रायशः निरीक्षण परीक्षण नगरिकनै स्वीकारेका धारणा र सिद्धान्तहरू भएर आलोचना विवेचनालाई हामीले सहन नसकिने हुन्छ ।

त्यसकारण पश्चिमी महाद्वीपमा धर्मलाई आँखा चिम्लि निरवशेष रूपमा विश्वास गरेको पौराणिक युगमा धर्मसित प्रतिपक्षी कुरा गर्ने वैज्ञानिक(उदाहरणार्थ-गैलीलियो) हरूले शोषण र दमन सहनुपरेका हुन् । धार्मिक क्षेत्रमा कट्टर-पन्थी हुनु संकुचित मनोवृत्ति हुनुको कारणले धार्मिक महा-युद्धहरू वृद्धि भई आपस आपसमा रगतका खोला बग्ने गरी काटमार चलाएका थिए । बर्तमान युगमा त पश्चिमी राष्ट्र-

download from : https://www.dhamma.digital

हरू मध्येमा धार्मिक कट्टरपन्थी भावना कम हुँदै स्वतन्त्र चिन्तन र विवेचन हुन लागेकोले पारस्परिक रीस राग कम हुँदै गएको छ ।

बुद्धवादले स्वतन्त्र चिन्तन मनन र विवेचनालाई प्रश्रय दिइराखेको कारणले बुद्धवाद इतिहासमा धार्मिक युद्धादि कालो दाग नभई धार्मिक उदार मनोवृत्तिको कारणले गर्दा विश्व आदर्श पुरुषहरू प्रादुर्भाव भए । उदाहरणार्थ– भारतमा सम्राट् अशोकले सबै धर्मवाद सिद्धान्तमा एकता समता हुनुलाई रुचाएको कुरा शिलालेखमा अंकित गरी बर्मा देशमा राजा मिङ्धन्ले क्रिश्चियन मिशिनरी क्रियाकलापलाई प्रश्रय र प्रोत्साहन दिएका थिए । यथार्थमा धार्मिक उदार मनोवृत्ति हुनु भगवान् बुद्धले गहन रूपमा दिनुभएको उपदेश हो । "भिक्षुहरू हो, अरूहरूले म तथागतको वा धर्मको अथवा संघको दोष भन्दा आरोप लगाउँदा यदि तिमीहरू रिसाउँछौ; मन खिन्न पार्छौ भने तिमीहरूलाई मात्र अन्तराय हुन्छ; तिमीहरूले अरूहरूको राम्रो र नराम्रो कथनलाई बुझ्न जान्न सक्ने छैनौं ।" (दी. नि. ब्रह्मजालसुत्त)

अवश्य हो । यदि बुद्धवाद सही धर्म हो भनी ह्रामीले सुनिश्चित र दृढता पूर्वक विश्वास गरेर आएका छौं भने अरूहरूको आलोचना विवेचना र परीक्षणलाई सहन सक्नु पर्नेछ । त्यसरी सहन गर्न सक्ने क्षमताको निमित्त जुन विश्वास छ त्यो आफू स्वयंले गहन र सुदृढताका साथ

download from : https://www.dhamma.digital

अन्वेषण गर्नु स्वतन्त्र पूर्वक विचार विमर्श र विवेचना गर्नु माथि आधारित हुनुपर्ने छ । यसरी विचार विमर्श र विवेचना गर्नुलाई रोकावट र बाधा दिने दुई उपादानलाई होश राख्नु जरूरी छ ।

पहिलो उपादान वाद–उपादान हो । मानिसहरूले पहिलेदेखि एक न एक अन्य वादलाई विश्वास र आसक्ति राखेर आएका छन् भने बुद्धवादको अध्ययन गर्दा त्यो पूर्व मूलवादलाई पिटक ग्रन्थहरूमा देख्न खोजेको हुन्छ । त्यो वाद बुद्धवादसित मिलेको छ भन्ने मिथ्या धारणा मिथ्या भान हुन जान्छ । कोही कोही मार्क्सवादीहरूले बुद्धको अनात्मवादलाई औंल्याई बुद्धवाद मार्क्सवादसित एकैनाश छ भनी भन्छन् । ती दुबै वाद प्रमुख उद्देश्य र पद्धतिमा फरक परेको कुरा तिनीहरूले होश राख्दैनन् । एकजना अंग्रेज बौद्ध ग्रन्थकारले त पुनर्जन्म छ भन्ने सिद्धान्त बुद्धको सिद्धान्त होइन भनी लेखेको छ । उनले पुनर्जन्म छैन भनी पहिलेदेखि दृढताका साथ विश्वास गरिराखेको भान हुन्छ । त्यसरी उनको विश्वासलाई बुद्धको अनात्मवादमा देख्न लागेको छ । पुनर्जन्म सम्बन्धी पिटक देशनाहरूलाई भने भगवान् बुद्धद्वारा देशित देशनाहरू होइनन् भनी भन्दै बिलकुल विचार गरेन ।[1]

प्रत्येक पृथग्जन मनुष्य प्राणीमा एक न एक वाद उपादान सदैव रहिरहन्छ । वाद उपादानले ज्ञानचक्षुलाई

---

1. Jennings, "Vedantic Buddhism."

download from : https://www.dhamma.digital

ढाक्न नदिन अंग्रेज विज्ञानवेत्ता Charles Darwin को नीतिलाई हामीले प्रयोग गर्नु योग्य छ। Darwin ले आफूले कैयन वर्षं अनुसन्धान गरी विचार विमर्श गरेर फेला पारेको Theory of evolution सित विरोधाभास भएका तथ्यहरूलाई संधैं होश राखी अध्ययन मनन गरिरहन्छ। त्यसपछि तिनीहरूलाई Theory of evolution सित सामञ्जस्य स्थापित गरी प्रयत्न पूर्वक समाधान गर्छ। तसर्थ आफ्नो वादलाई विद्वद्‌वर्गहरू समक्ष प्रस्तुत गर्दा त्यो वाद साधक नमूना युक्ति दृढ र सम्पन्न भई प्रतिकार गर्न दुष्कर वाद भएर आउँछ। त्यसरी नै बुद्धवादलाई अध्ययन गर्दा हामीले विभिन्न दृष्टिकोणबाट अनेकौं दृष्टिद्वारा विवेचन गरी लेखिराखेका बौद्ध ग्रन्थहरू अध्ययन मनन गर्नं उचित छ। कुनै कुनै ग्रन्थहरूलाई हाम्रो आफ्नो विश्वाससित प्रतिपक्ष छ भनी उपेक्षा गर्नु योग्य छैन।

उदाहरणको रूपमा अंग्रेज बौद्ध ग्रन्थकारिका Mrs. Rhys Davids ले उनको कुनै कुनै ग्रन्थमा थेरवाद पिटक मध्येमा कुनै कुनै धर्मलाई तीव्र र कटु रूपमा आलोचना गरेको छ। यदि तिनी सामान्य अंग्रेज लेखिका मात्र भएमा उनको लेखहरूलाई हामीले वास्तै नराखी बस्न सकिने हुन्छ। तर Mrs. Rhys Davids सामान्य व्यक्ति होइन। उनी लण्डन विश्व विद्यालयमा पालिप्राध्यापक; लण्डन पालि सोसाइटीमा अध्यक्ष भई भारवहन गर्नुको साथै अंग्रेजीमा अनुदित पिटक ग्रन्थहरूलाई संशोधन र परिमार्जन गरेर

download from : https://www.dhamma.digital

आएकी व्यक्ति हुन् । पालिपिटक ग्रन्थहरूलाई विस्तृत व्यापक र गहन रूपमा अध्ययन मनन गरिराखेकी भएकीले पश्चिमी बौद्ध वाङमयको क्षेत्रमा विशेष ख्यातिप्राप्त भएकी थिइन् । यस प्रकारकी एउटी विदुषीका ग्रन्थहरूलाई अध्ययन चिन्तन मनन गर्नु हाम्रो लागि कुनै अनर्थ हुने छैन ।

त्यसो भएता पनि एक प्रसिद्ध पालिविद्को कुरा सदा सर्वदा सही हुने छ (वा) बुद्ध–वचन हो भनी व्यक्तिप्रति आसक्ति रहेमा भूल हुनेछ । यो व्यक्ति आसक्ति विचार विमर्श ज्ञानलाई ढाक्ने दोश्रो उपादान हो । भगवान् बुद्धले कालाम कुलपुत्रहरूलाई सही धर्म पत्ता लगाउने विधिको उपदेश दिंदा व्यक्ति उपादानलाई हटाउन सचेत गराउनु भएको थियो । त्यसरी सचेत गरेता पनि कुनै कुनै पश्चिमी बुद्धवादीहरूले Mrs. Rhys Davids को कुरालाई निरवशेष रूपमा स्वीकार्छन् र विश्वास गर्छन् । बर्मेली बुद्धवादीहरूले पनि प्रायशः आयुष्मान बुद्धघोष आदि अर्थकथाचार्यहरूको कथन-लाई विवेचना समीक्षा नगरिकनै स्वीकार र विश्वास गर्दछन् ।

यहाँनिर आयुष्मान् बुद्धघोषको एक कथनलाई प्रज्ञा-ज्ञानले निरीक्षण नगरिकन विश्वास र स्वीकार गरेर बर्मेली बुद्धवादीहरूमा भूल भएको साधक उदाहरण उल्लेख गर्न चाहौंला ।

एक समय दुई ब्राह्मण कुलपुत्रहरूले भगवान् बुद्ध

download from :,https://www.dhamma.digital

समक्ष उपसंक्रमण गरी "भन्ते, अहिले भिक्षुहरू विभिन्न नाम थर जाति गोत्रका छन् । ती श्रमण भिक्षुहरूले आ–आफ्ना भाषाले तथागतको वचनलाई दूषित पार्दैछन् । अतः हामीले तथागतको वचनलाई संस्कृत भाषामा आरुढ गर्नेछौं" भनी निवेदन गरे । त्ससबेला भगवान् बुद्धले ती भिक्षुहरूलाई उपहास गर्नु भई "भिक्षुहरू हो, मेरो (तथागतको) वचनलाई संस्कृत भाषामा आरुढ गर्नु आवश्यक छैन । आरुढ गर्ने भिक्षुलाई दुष्कृत्य आपत्ति लाग्नेछ ।

"अनुजानामि भिक्खवे सकायनिरुत्तिया बुद्धवचनं परियापुणितुं=भिक्षुहरू हो, म तथागतको वचनलाई आ–आफ्नो भाषामा अध्ययन गर्न अनुमति दिन्छु" भनी आज्ञा दिनु भयो । (विनय–चूलवंग्ग–खुद्दकवत्थु खन्धक)।

आयुष्मान् बुद्धघोषले यो पालिमा उल्लिखित "सकायनिरुत्तिया" पालिलाई आ-आफ्नो भाषामा भाषान्तरण नगरी "तथागतको मागधभाषा" भनी वर्णन गरिदिए । तर आयुष्मान बुद्धघोषको भूल भएको भाषान्तरण चीनिया भाषामा भाषान्तरित उत्तरीय संस्कृत पिटक ग्रन्थहरूमा स्पष्ट छ । संस्कृत पिटकमा उपर्युक्त कथावस्तु समावेश भएका पाँचवटा देशना पाठान्तर देखिएकोले ती जम्मै देशना पाठान्तरमा भगवान् बुद्धले भिक्षुहरूलाई आ–आफ्नो भाषामा उपदेश अध्ययन मनन गर्न अनुमति दिएको कुरा उल्लिखित छ । एउटा पिटक ग्रन्थमा त तथागतले भिक्षुहरूलाई "मेरो

download from : https://www.dhamma.digital

उपदेशलाई संस्कृत भाषाले व्यक्त र संकलन गर्दा मात्र सही हुनेछ भनी धारणा नलिनु; मुख्य अभिप्रायलाई सही रूपमा उल्लेख गर्नु मात्र मुख्य हो। त्यसकारण मनुष्य मात्रले बुझ्न र थाहा पाउन सक्ने गरी जुनसुकै भाषामा नै किन नहोस् व्यक्त गर्न सकिन्छ" भनी आज्ञा गर्नु भएको कुरा उद्धृत भएको छ।[1]

आयुष्मान बुद्धघोषले चीनिया पिटकहरूलाई अध्ययन गर्न पाएको होओइन। तापनि हामीहरूले चीनिया पिटकलाई अध्ययन नगरिकनै उपर्युक्त विनय पालिलाई विचार विमर्श र परामर्शन गर्नुद्वारा बुद्धको विचारलाई अनुमान गर्न सकिन्छ। संस्कृत भाषा ब्राह्मणहरूको भाषा भएकोले ब्राह्मण जाति दाजुभाइ द्वयले बुद्ध धर्मलाई आफ्नो भाषामा धारण गर्न चाहनु स्वाभाविक छ; तर बुद्धको विचार वा छन्द त बुद्धवादलाई प्रसारण गर्दा ब्राह्मणहरूको संस्कृत भाषाद्वारा अथवा सर्वप्रथम बुद्धवाद विकास भएको मगध राष्ट्रको जन-भाषाद्वारा मात्र उपदेश गर्नु पर्ने छ; अध्ययन गर्नु पर्ने छ भनी नियम नियमित नगरी परिस्थिति अनुरूप देशान्तर भाषालाई प्रयोग गर्नु थियो। अवश्य हो; कुनै सिद्धान्तवाद-लाई सम्झन बुझ्न आफ्नो भाषाद्वारा अध्ययन गर्नु आवश्यक

1. Chi Hsein. Lin, "The language Problems of Primitive Buddhism." Journal of Burma Research Society, June 1960.

download from : https://www.dhamma.digital

छ । महत्वपूर्ण कुरा के छ भने त्यसवादको निमित्त एउटै मात्र भाषालाई नियमित गर्नु नभई आफ्नो भाषासित सम्बन्धित उपादानको कारणले मिथ्या विचार विमर्श र परामर्श नगर्नु पनि हो ।

"भिक्षुहरू हो, जनपदमा रहने व्यक्तिहरूको भाषाप्रति अनासक्त भई बोल्नु पर्नेछ । लौकिक व्यवहारलाई उल्लंघन गरी बोल्नु हुँदैन । यो लोकमा एउटै भाँडाकुँडालाई पनि कुनैं जनपदमा 'पाति', कुनै जनपदमा 'पत्त' र कुनै ठाउँमा 'धारोपं' भन्दछन् । यसरी भाँडाकुँडालाई उद्देश्य गरी भन्दा रहेछन् भनी मनन गरी त्यस त्यस जनपद वासीहरूले भनेर व्यवहार गरेको आकार प्रकार अनुसार भन्नु र व्यवहार गर्नु पर्दछ । मिथ्या रूपमा त परामर्शन गर्नु उचित छैन ।" (म. नि. अरणविभङ्गसुत्त) ।

निःसन्देह पुरातन भारतमा बुद्धवाद सफल हुनु भगवान् बुद्ध र शिष्य श्रमण संघहरूले श्रोतागण परिषदको देशान्तर भाषालाई प्रयोग गरेको कारणले सम्भवतः त्यसो भएको होला जस्तो लाग्छ । त्यस अतिरिक्त भगवान् जस्तो हरेक क्षेत्रमा उपादान रहित हुनु भएको व्यक्ति कसरी मागध भाषाप्रति उपादान भएको हुन सकिएला ? तसर्थ एकजना भारतीय पालि प्रज्ञाविद्ले "आयुष्मान् बुद्धघोषले सकनिरुत्ति भन्ने पालिलाई भाषान्तरण गरिराखेको कुरा अचम्म लाग्दो छ । धर्म देशनालाई मागध भाषाद्वारा मात्र धारण गर्नु

download from : https://www.dhamma.digital

पर्नेछ; अन्य भाषाहरू मिथ्यादृष्टिक भाषाहरू हुन् भन्ने कथन बुद्धको सम्यग्दृष्टिवाद विभज्जवादसित प्रतिपक्षी भई युक्ति नभएको कथन हो । भगवान् बुद्ध जस्तो प्रज्ञावान् पवित्र व्यक्तिको कथन हुन सकिन्न" भनी भनिएको छ ।[१]

पश्चिमी विद्वान्हरूको भनाई अनुसार मागधभाषा र पालिभाषा भिन्ना भिन्नै भाषा हुन् । तैपनि आयुष्मान् बुद्धघोषले ती भाषाद्वयलाई एकै प्रकारको सम्झे जस्तो देखिन्छ । वहाँले अघि सिंहल भाषामा रहेका अट्ठकथाहरूलाई पालिभाषामा भाषान्तरण गरिसकेपछि सिंहल अट्ठकथाहरूलाई आगो लगाई दिए भनी परम्परागत कथन रहेकोले त्यो कथन सम्भवतः सत्य रहे जस्तो देखिन्छ । जे होस्, अघि अघिका बर्मेली बुद्धवादीहरूले आयुष्मान् बुद्धघोषको कथनलाई विना परीक्षण र विना परामर्शनद्वारा नै स्वीकार र विश्वास गरी भूल गरेका थिए । बुद्धघोषाचार्यले जस्तै उनीहरूले पनि पालिभाषालाई आवश्यकता भन्दा बढी गौरब राखेका थिए। बुद्धदेशनालाई पालिभाषामा मूल प्रकृति अनुरूप राख्नु योग्य छ भनी आसक्ति र उपादान रहेको कारणले पौराणिक पालिपिटकलाई बर्मेली भाषामा बिल्कुल भाषान्तरण नगरेको हुन सक्छ ।

अतः हामीहरूले पौराणिक अट्ठकथाचार्यहरूका ग्रन्थ-

---

1. B. c. Law, "A History of Pali Literature," Introduction, PP. XII. XIII.

download from : https://www.dhamma.digital

हरू र पश्चिमी देशका पालि प्रज्ञाविद्हरूका ग्रन्थहरूलाई गौरब र सम्मान पूर्वक पढ्नु र अध्ययन गर्नु उचित भएतापनि तिनीहरूले लेखेका कुराहरूलाई आँखा चिम्ली स्वीकार नगरिकनै प्रज्ञा ज्ञानद्वारा विचार विमर्श गर्नु योग्य छ। बुद्धवादलाई गहिरिएर सम्झन बुझ्न ती ग्रन्थहरूमा मात्र सन्तोष नरही ती ग्रन्थकार आचार्यहरूले आधार लिएको पिटक वाङ्मयलाई अध्ययन गर्नु उचित छ।

यहाँनिर पिटक वाङ्मय सम्बन्धी विषयलाई विचार गर्ने आवश्यक पर्दछ। पिटक वाङ्मय मूलतः पालिभाषामा स्थापित रहेको कारणले पालिभाषालाई राम्ररी जान्न बुझ्न अध्ययन गरिसकेपछि मात्र अध्ययन गर्न सकिएमा सबभन्दा राम्रो हुनेछ। तैपनि बुद्धवादीहरू प्रायशः पालिभाषामा दक्षता नरहेका हुनाले बर्मेली पिटक अथवा अंग्रेजी पिटक ग्रन्थहरूलाई अध्ययन गर्नु पर्ने हुन्छ। द्वितीय विश्वयुद्ध हुनु अगाडि सयाम्युले नेतृत्व गरेको पिटक भाषान्तरण समिति र युद्धपछिको कालमा बर्मेली बुद्धशासन समिति पिटक भाषान्तरण क्षेत्रले सुत्तपिटक र विनयपिटकबाट ग्रन्थहरूलाई बर्मेली भाषामा भाषान्तरण गरिसकेको छ। लण्डन पालि सोसाइटीले सुत्तपिटक र विनयपिटक ग्रन्थहरू जम्मै एवं अभिधम्मपिटक मध्यबाट केही ग्रन्थहरूलाई अंग्रेजी भाषामा भाषान्तरण गरिसके। पालिभाषा नजानेका व्यक्तिहरूले बुद्धवादलाई सम्झन बुझ्न चाहेमा यी भाषान्तरण भइसके जतिका बर्मेली अंग्रेजी पिटक ग्रन्थहरूलाई पढ्नु र अध्ययन

download from : https://www.dhamma.digital

मनन गर्नु पर्ने छ । पिटक वाङ्मय विस्तृत र व्यापक भएकोले सबै ग्रन्थलाई आद्योपान्त परिपूर्ण हुने गरी पढ्नु र अध्ययन मनन गर्नु दुष्कर छ । तसर्थ सही बुद्धदेशना धेरै नै समावेश भएका ग्रन्थहरूलाई सर्वप्रथम छान्न सक्नु अत्यावश्यक छ । पालिभाषा नजानेका हामीहरूको निमित्त यसरी परीक्षण गरी छान्न सक्नु अझ बढी आवश्यक छ । कारण किन भने हामीहरूले अंग्रेजी बर्मेली भाषान्तरित सुत्तपिटक र विनयपिटक ग्रन्थहरूलाई मात्र अध्ययन गर्नु पर्ने छ । अभिधम्म पिटकलाई भने आद्योपान्त पूर्ण हुने गरी अध्ययन गर्न सक्ने छैन । तसर्थ त्रिपिटकलाई आद्योपान्त पूर्णरूपले अध्ययन नगरिकन नै कुनै कुनै विभागलाई अध्ययन गर्नुद्वारा मात्र बुद्ध धर्मलाई जडैदेखि गम्भीर रूपमा सम्झन बुझन सकिएला र ? त्यसरी सम्झन बुझन सकिन्छ भने सर्वप्रथम अभ्यास गर्नु पर्ने त्यो विभाग कुन चाहिँ विभाग हो त भनी परीक्षण गर्नु आवश्यक छ ।

बुद्धवादी बर्मेलीहरूले धेरै जसो अभिधर्मलाई अन्य पिटकलाई भन्दा पनि बढी प्रश्रय र मान्यता दिन्छन् । बर्मा देश अभिधर्मपिटकमा दक्षता र व्यापकता बढी भएका व्यक्तिहरू बाहुल्य भएको देशको रूपमा प्रख्यात छ । परियत्ति परीक्षाहरूमा अभिधर्म ग्रन्थहरूलाई प्राथमिकता दिन्छन् । श्रमण भिक्षुहरूले सुत्तपिटकलाई भन्दा पनि अभिधर्मपिटकलाई बढी जानकारी र समझदारी राख्छन् । गृहस्थीहरूले अभिधर्मपिटकमा बुद्धधर्मको सार छ; सुत्तन्त देशनाहरू ज्ञान

download from : https://www.dhamma.digital

अपरिपक्व भएका व्यक्तिहरूको निमित्त बुद्धले देशना गर्नु भएका उपदेशहरू हुन् भनी धारणा राखी सुत्तपिटकलाई हीन भावना राख्दछन् ।

पश्चिमी मुलुकहरूमा भने बुद्धवादीहरू र बुद्धवादलाई सम्झन बुझन चाहेका व्यक्तिहरूले सुत्तपिटकलाई प्राथमिकता दिई समादर गरी अध्ययन गर्छन् । पालि प्रज्ञाविद्हरूले लेखेका बुद्धवाद ग्रन्थहरू सुत्तपिटक र विनय–पिटकलाई आधार बनाई लेखेका ग्रन्थहरू हुन् । ती मध्ये सुत्तपिटकबाट उद्धृत उद्धरणहरू बढी भन्दा बढी देखिन्छन् । विनयपिटकबाट उद्धृत उद्धरणहरू पनि अल्प मात्रामा देखापरी अभिधर्म पिटकबाट उद्धृत उद्धरणहरू भने देख्न नै गाह्रो जस्तो देखिन्छ । यसरी अभिधर्मपिटकलाई उद्धरण नगर्नुद्वारा ती ग्रन्थहरूमा गम्भीर देशनाहरू समावेश छैन भनी सम्झनु भने हुँदैन । जर्मन बुद्ध ग्रन्थकार आचार्य Paul Dahlke ले लेखेका ग्रन्थहरू सुत्तपिटकलाई मात्र आधार बनाई राखिएता पनि गम्भीर भई अंग्रेजी भाषामा भाषान्तरण गरी प्रकाशित गर्नु परेको छ ।[१] Mrs. Rhys Davids ले लेखी ख्याति प्राप्त बौद्ध मनोविज्ञान–ग्रन्थमा[२] पनि सुत्तपिटक अन्तर्गत प्रथम चार निकाय ग्रन्थलाई आधार बनाइराखेका छन् ।

तसर्थ निम्न: विचारणीय तथ्यहरू देखा परेका छन् ।

---

1. Paul Dahlke, "Buddhism and Science", Buddhism and its place in the mental life of mankind," etc.

download from : https://www.dhamma.digital

पिटक वाङमयमा रहेका सम्पूर्ण कथन भगवान् बुद्धका मूल कथनहरू हुन् त ? कुन चाहिँ क्षेत्रमा (खण्डमा) सही बुद्धदेशना अतिबाहुल्य छन् त ? अभिधम्मपिटक सुत्तपिटक भन्दा बढी भगवान् बुद्धको विचारधारासित समीप रहेको सही हो र ?

यी प्रश्नहरूलाई उत्तर दिन सक्नको लागि हामीहरूले पालिपिटक वाङमयको इतिहासलाई प्रगाढ र सुनिश्चित रूपमा अध्ययन गर्नु पर्ने छ । पिटक वाङमय आजको परिस्थितिमा कसरी पुग्न आयो ? बुद्धकालीन अवस्थामा कस्तो स्थितिमा रहेछ ? बुद्ध परिनिर्वाण पछिको युगमा कसरी परिवर्तन भएर आयो ? पिटक वाङमय एक एक विभाग एक अर्कासित कसरी विभेद भएको छ ? संस्कृतपिटक वाङमयसित कसरी फरक छ ? पूर्वीय राष्ट्रहरूका पौराणिक भाषा र सिद्धान्त अथवा वादहरूलाई अन्वेषण गर्ने पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूको अनुसन्धानबाट पाइएका तथ्यहरू अनुसार कस्तो ज्ञान हासिल भएको छ ? इत्यादि कुरालाई परीक्षण र अध्ययन गर्न आवश्यक पर्नेछ ।

यसरी वादप्रति एवं व्यक्तिप्रति आसक्ति नराखी पिटक वाङमयलाई प्रगाढ र सुनिश्चित रूपमा अध्ययन गरी चिन्तन मनन र विश्लेषणद्वारा सम्झनु बुझनु पर्ने बुद्धधर्म

2. "Buddhist Psychology," 1914, "The Birth of Indian Psychology and its development in Buddhism." 1936.

download from : https://www.dhamma.digital

गम्भीर एवं सही रूपमा बर्मा देशमा सुदीर्घ कालसम्म स्थिर हुन सक्नेछ। मनुष्यहरूको धार्मिक मनोवृत्तिलाई विनाश गर्न सक्ने वादहरूले बुद्ध–धर्मलाई किञ्चित् मात्र पनि प्रकम्पित गर्न सक्ने छैन। किनभने बुद्धधर्म मनुष्यहरूको प्रज्ञाज्ञानमाथि आधारित भएको कारणले 'एहिपस्सिको' आउ हेर; आउ परीक्षण विश्लेषण गर भन्ने निर्भीक आमन्त्रण गर्ने जस्तो धर्मगुणले सम्पन्न बुद्ध–धर्म हुनेछ।

★★★

download from : https://www.dhamma.digital

# खण्ड २

## पालिपिटक परीक्षण

बर्मादेशमा रहेको पालिपिटक सिंहल द्वीप (श्रीलङ्का) बाट प्राप्त गरिएको पिटक हो । सिंहलीहरूको महावंश ग्रन्थको भनाइ अनुसार बुद्धशासन ईसा पूर्व तृतीय शताब्दी-तिर उत्तर-भारतबाट सिंहल द्वीपमा आइपुग्यो । सिंहली भिक्षुहरूले सर्वप्रथम पिटकलाई कण्ठस्थ गरी ईसा पूर्व प्रथम शताब्दीको अन्ततिर ताड पत्रारूढ गरे । तसर्थ सिंहल द्वीप भारतलाई छाडी दक्षिण पूर्वी राष्ट्रहरू मध्येमा सर्वप्रथम बुद्धवाद स्थापना भएको देश भएर पिटक वाङमय सिंहल द्वीपबाट अन्य राष्ट्रहरूमा प्रसारित हुन गएको भान हुन्छ ।

सिंहलीहरूले त्रिपिटकको वर्णन भएका अनेकौं ग्रन्थहरू रचना गरेका थिए । कुनै कुनै पिटक ग्रन्थहरू पनि सिंहल-द्वीपमा प्रादुर्भाव भएका ग्रन्थहरू होलान् भन्ने अनुमान गरिन्छ । तापनि ती ग्रन्थहरू बुद्धवादका निमित्त महत्वपूर्ण

download from : https://www.dhamma.digital

ग्रन्थहरू थिएनन् । संख्यात्मक दृष्टिले पनि बाहुल्य थिएनन् । ती स्वल्प पिटक ग्रन्थहरू बाहेक अन्य सम्पूर्ण पिटक ग्रन्थहरू महावंश ग्रन्थको भनाई अनुसार उत्तरिय भारतबाट ल्याइएका नि:सन्देह हुन सक्छन् । यसरी अनुमान गरिनु पर्ने आधार तथ्यहरूलाई पिटक वाङमयमा र उत्तर–भारतमा देख्न पाइन्छ ।

पिटक वाङमयमा हिमवन्त, गंगा र यमुना आदि उत्तर भारतका पहाड पर्वतहरू र नदी नालाहरूका नामहरू देखा पर्छन् । सिंहलद्वीपका भूगोल सम्बन्धी नामहरू बिल्कुल देखा पर्दैनन् । पिटक वाङमयले ईसा पूर्व ६–शताब्दी युग भित्रका उत्तर–भारतको परिस्थितिलाई उल्लेख गर्छ । पौराणिक सिंहलीहरूको स्थिति, वाद वा सिद्धान्त विचार-धाराहरूलाई बिल्कुल उल्लेख गर्दैन । सिंहलीहरूले सम्राट अशोकलाई श्रद्धा राखी आफ्ना महावंश र अर्थकथा ग्रन्थहरूमा प्रशंसा गरी लेखेका छन् । पिटक वाङमयमा भने सम्राट अशोकको नाम बिल्कुल देखा पर्दैन ।

ईसा पूर्व तेश्रो शताब्दी भित्रको उत्तर भारतमा कुँदिएको अशोकको भाब्रू शिलालेखमा भिक्षुहरूलाई पिटक-बाट केही केही सूत्रहरू कण्ठपारी धारण गर्न प्रेरित गरेकोछ । ईसा पूर्व तेश्रो शताब्दीको अन्ततिर भारतको साँची र भर्हुत प्रदेशमा स्थापित थूपाराम महाचैत्यहरूको मुख्यद्वारका तोरणहरू र भित्ताहरूमा "धम्मकथिक" "पेटकिन" (पिटक-

download from : https://www.dhamma.digital

लाई कण्ठस्थ गर्ने व्यक्ति) "सुत्तन्तकिनी" (सुत्तन्तहरूलाई कण्ठस्थ गर्ने महिला) आदि भनी भिक्षु भिक्षुणीहरूलाई प्रदान गरिएका पदवीका नामहरू देखा पर्छन् । पिटक ग्रन्थमा समावेश भएका जेत राजकुमारले अनाथपिण्डिक सेठलाई जेतवन आराम निर्माण गर्न भूमिक्षेत्र विक्री गरिरहेको दृश्य र ५५० जातक निपातबाट खण्डहरूलाई पनि ती चैत्यहरूका भित्ताहरूमा स-साना मूर्तिहरूद्वारा कुँदी चित्रित गरि-राखेको छ ।

उपर्युक्त तथ्यहरूलाई आधार लिई ईसा पूर्व तेश्रो शताब्दीको युगतिर उत्तर भारतमा पिटक देशनालाई जान्ने बुझने व्यक्तिहरू भइसकेका कुराहरूमा संशय गर्नु पर्ने छैन । त्यस अतिरिक्त सिंहल द्वीपमा अहिले विदयमान पिटक सिंहली-हरूको हात अलिकति समावेश भएको सही भएतापनि प्रायशः पौराणिक सिंहली धारणा, विचारधारा र भौगोलिक नामहरू बिल्कुल विरत भएको कारणले सिंहलीहरूले संशोधन परिवर्तन नगरिकनै पूर्व भारतीय पाठ अनुसार राखिछोडेकाछन् भनी हामीले धारण गर्नु पर्दछ ।

त्यो भारतीय पिटक थेरवाद पिटक हो । सम्राट अशोकको पालामा तृतीय संगायना आरुढ गरेका विभज्जवादी श्रमणहरूले थेरवाद पिटकलाई भगवान् बुद्धको परिनिर्वाण कालदेखि हिनामिना हुन नदिन कण्ठस्थ गरेर आएका छन् ।

download from : https://www.dhamma.digital

बुद्ध परिनिर्वाण पछि १०० वर्ष जतिको बीचमा द्वितीय संगायना आरुढ गर्ने श्रमणहरूसित सिद्धान्त नमिलेका वृजी श्रमणहरूले अलग गण स्थापना गरी त्यसपछि १८ बौद्ध गणहरू देखा परे । विभज्जवादी (वा) थेरवाद गण पौराणिक अनेकौं बुद्धवादी गणहरूमा समावेश भएको एउटा गण हो । तसर्थ थेरवाद पिटक अन्य गणहरूका पिटकहरूसित कसरी कुन प्रकारले विभेद भएको छ भनी विचार विमर्श र परीक्षण गर्नु आवश्यक छ ।

यसरी हामीले पौराणिक थेरवाद गणसित प्रतिस्पर्धात्मक रूपमा उदय भएका बुद्धवादी गणहरू मध्येमा अति प्रसिद्ध भएको सर्वास्तिवादी गणको पिटकलाई विचार गर्नुपर्दछ । सर्वास्तिवादीहरूको पिटकलाई संस्कृत भाषामा लेखिएको छ । ती संस्कृतपिटक मध्येमा कुनै कुनै ग्रन्थहरूलाई मध्य एशिया महाद्वीपका पूर्व तार्किस्तान देशमा र नेपालमा फेला पारेका छन् । ती ग्रन्थहरू पालिपिटक ग्रन्थहरूसित धेरै जसो समान छ । उदाहरणको रूपमा— संस्कृत विनयपिटकमा उल्लेख गरिराखेका विनय शिक्षापदहरू पालि विनयपिटकमा आएका शिक्षापदहरूसित कुनै विभेद छैन । शिक्षापदहरू प्रज्ञप्त गर्नु पर्ने मूल कारणहरूलाई उल्लेख गरेका क्षेत्रमा मात्र पिटक एक अर्कोसित विभेद भएका छन् ।

संस्कृत पिटक मध्येमा कुनै कुनै ग्रन्थहरूलाई चीनियाँ तिब्बती आदि भाषाहरूमा भाषान्तरण गरिराखेका छन् ।

download from : https://www.dhamma.digital

चीन, तिब्बत र जापान आदि उत्तरीय एशियालीहरूको बुद्धवाद महायान बुद्धवाद हो। महायान बुद्धवादीहरूले मूल बुद्धवादलाई विस्तार गरी विचार ज्ञान क्रीडा गरी नयाँ नयाँ वादहरू सृजना गरिआएता पनि भारतबाट उपलब्ध मूल ग्रन्थहरूलाई मर्मत, परिवर्तन तथा परिवर्द्धन गरेनन्। तसर्थ चीनिया पिटकमा पालिपिटकमा जस्तै धम्मपद, उदान, थेरगाथा, विमानवत्थु आदि ग्रन्थहरू समावेश छन्। तिनीहरूको महावत्थु ग्रन्थले निदानकथा र महावग्ग पालिमा जस्तै सिद्धार्थ कुमार बुद्ध हुनु भएको घटनालाई विस्तृत रूपमा उल्लेख गरिराखेको छ। तिनीहरूको दिव्यावदान ग्रन्थमा महापरिनिब्बानसुत्त समावेश भई त्यो सुत्त पालिपिटकमा आएको महापरिनिब्बान सुत्तसित धेरै फरक परेको देखिन्न। त्यस सूत्रमा महापरिनिब्बानसुत्त पालिमा जस्तै नै बुद्धवादको मूल पृष्ठभूमि भएको ३७–बोधिपक्षीय धर्मलाई उल्लेख गरिराखेको छ।

पालि पिटक र संस्कृत पिटक दुबैमा संलग्न भएका धर्म उपदेशहरू बुद्धवादी गणहरू विभेद हुनु अगावै पुरातन प्रवेणी देखि विदयमान रहिआएका होलान्। कारण ती धर्म उपदेशहरूलाई दुबै पिटकमा तरीकाबद्ध रूपमा विभाजन गरिराखेको पद्धति एकैनाश जस्तो देखिन्छ। तसर्थ महायान गणिकहरूले थेरवादीहरूको पालिपिटकलाई बुद्धभाषित पिटक होइन भनी भन्दैनन्। थेरवाद महायानवाद जस्तै मूल बुद्धवादबाट अवतरण भएर आएको हो। त्यो वाद अपरिपक्व

download from : https://www.dhamma.digital

ज्ञान हुनेहरूको वाद भई महायानवाद परिपक्व ज्ञान हुनेहरूको वाद हो भनेर मात्र तिनीहरू धारणा राख्दछन् ।

यो विचारणीय कुरा हो । पिटक द्वयमा उपर्युक्त प्रकारका सामञ्जस्यता भए जस्तै विभेद भएका तथ्यहरू पनि छन् । यसरी विभेद भएको तथ्य भइरहनु आश्चर्यजनक छैन । अनेकौं धर्म उपदेशहरूलाई कैयन वर्ष अलग अलग रूपमा कण्ठस्थ गरी धारण गरिआएको गण द्वयको पिटक द्वय कुनै कुनै क्षेत्रहरूमा फरक हुनु स्वाभाविक छ । यस्ता सबै तथ्य बुद्ध–वचन नै हुन् भन्न सकिन्न । तसर्थ पिटक द्वयको इतिहास-लाई परिशीलन गर्नु आवश्यक छ । अर्को कुरा, पिटक द्वय मध्येमा जुन चाहिँ पुरानो छ त्यसैलाई सम्झन र बुझ्न आवश्यक छ; किनभने बुद्ध परिनिर्वाणपछि सर्वप्रथम प्रादुर्भाव भएको पिटक मूल बुद्धवादसित बढी सामीप्य छ भनी धारण गर्नु आवश्यक छ ।

दुबै पिटकलाई अध्ययन गरिसकेका यूरोपीय प्रज्ञाविद्-हरूको धारणा र विचार अनुसार पिटक द्वयको रचना विधि र शैलीमा एक अर्कोसित समता छैन । पालिपिटक ताडपत्रा-रुढ हुनु भन्दा अघि धेरै वर्ष पहिलेदेखि प्रादुर्भाव भइसकेको भाव देखिन्छ । पालिलाई अक्षर लेखनद्वारा संकलन गर्दा लेखन शैलीलाई परिवर्तन नगरिकनै कण्ठस्थ गरी धारण गरिराखे जस्तै लेखिएको जस्तो देखिन्छ । यसरी रचना शैली पनि परिष्कृत छैन । संस्कृतपिटक चाहिँ पालि-पिटक भन्दा

download from : https://www.dhamma.digital

रचना शैली श्लिष्ट, मधुर र रसिलो छ । रचना गर्दा कुनै कुनै ठाउँहरूमा अत्यन्त रसिलो भरिलो विस्फारित छ । तसर्थ त्यो पिटक एशिया महाद्वीपको मध्य भागमा लेखन शिक्षा प्रादुर्भाव भइसकेपछि मात्र वाङमयको रूपमा परिवर्तन भएर आएको देखिन्छ । अर्को विधि के छ भने– पालिपिटक प्रादुर्भाव भएर आइसकेपछि केही समय बितेर मात्र प्रादुर्भाव भएर आएको हुनसक्छ ।[1] एक ग्रन्थ वाङमय कति पुरानो छ भन्नेलाई त्यसमा संलग्न विषयहरूलाई अध्ययन गर्नु द्वारा पनि केही हदसम्म अनुमान गर्न सकिन्छ । लेखनशिल्प विकास नभएको पौराणिक युगमा ख्याति प्राप्त भएको एक विशिष्ट व्यक्तिको विषयलाई पाश्चात्य ग्रन्थकार आचार्यहरूले लेख्दा त्यस विशिष्ट व्यक्तिको युग र ग्रन्थकार आचार्यको युग समयको दृष्टिले जति जति टाढा पर्दै जान्छ, त्यति त्यति ग्रन्थमा विशिष्ट व्यक्ति सम्बन्धी आश्चर्यजनक अद्भूत घटनाहरू बढी देखा पर्दै जान्छ ।

बर्मादेशमा भाजीतो युगमा लेखिराखेको म्हान्नान् इतिहास भित्रका अलाऊँ शीतू, च्यांसित्ताहरूको विषय र भयींङ नाउँ, भ्वःदो फयाहरूको विषयलाई तुलना गरी पढेर हेरेमा उपर्युक्त कथन स्पष्ट हुनेछ । बर्मेली इतिहासमा कउँ भाउँ मिङ, ताउँङ्मिङहरूको आश्चर्यजनक घटनाहरूको विषय संलग्न छैन ।

पगान् मिङहरू र पगान् युग आउनु भन्दा अगाडि

1. Mrs. Rhys Davids, "Mannual of Buddhism," pp. 22.

download from : https://www.dhamma.digital

प्यूस्वोथी, दत्त बाउँ आदि राजाहरूको विषयलाई त आश्चर्य अद्‌भूत रूपले उल्लेख गरिराखेको छ। यस तथ्यलाई स्मृति राखी पालिपिटक र संस्कृत पिटकहरूमा आएको बुद्धविषयक रचनाहरूलाई तुलनात्मक रूपमा अध्ययन गरेमा संस्कृतपिटक पछि मात्र प्रादुर्भाव भएको कारणलाई बुझ्न सकिने छ। पालिपिटकमा बुद्ध विषय आश्चर्यजनक घटनाहरू अथवा बुद्धलाई अत्यधिक रूपमा प्रशंसा गरिराखेका कुराहरू अवश्य समावेश छ। तर ती कुराहरू संस्कृतपिटकहरूमा जस्तै धेरै छैन। उदाहरणको रूपमा– देवातिदेव भन्ने बुद्धको नाउँलाई ईसा पूर्व ९०–८० तिर रचना गरेको मिलिन्द प्रश्न ग्रन्थमा सर्वप्रथम देखिन्छ। पालिपिटक वाङमयमा त्यो कुरा देखा पर्दैन। अंगुत्तर निकाय चतुक्क निपात दोण ब्राह्मणसुत्तमा भने बुद्धले दोण ब्राह्मणलाई म तथागत देव होइन भन्ने आज्ञा गर्नु भएको छ भनिन्छ। त्यसप्रकारको कुरा संस्कृत-पिटक ग्रन्थहरूमा देखिँदैन। संस्कृत ग्रन्थहरूमा बुद्ध स्थावर ईश्वर जस्तो चक्रवाल महाविज्ञान जस्तो भइरहेको देखिन्छ।

त्यसकारण सही बुद्धवादलाई सम्झन बुझ्न पश्चिमी राष्ट्रका प्रज्ञाविद्‌हरूले थेरवाद पिटकलाई अध्ययन गर्छन्। अंग्रेज विदुषी Mrs. Rhys Davids ले पालिपिटकमा आएका केही केही कुराहरूलाई मनपराउँदिनन्। ती कुराहरू बुद्धका कुरा होइनन् भनी तिनी धारणा राख्दथिन्। तैपनि पालिपिटक संस्कृतपिटक भन्दा बढी बुद्धको मूलवादसित

download from : https://www.dhamma.digital

सामीप्य छ भन्ने चाहिं स्वीकारेकी छिन् ।[1]

भगवान बुद्धको परिनिर्वाण भइसकेपछि पालिलाई लिखित रूपमा नराखी ईसा पूर्व प्रथम शताब्दीतिर सम्म कैयौं वर्ष मानिसहरूले मुखाग्र मात्र गरेर धारण गरिराख्नु त्यो युगमा लेखन कला बिल्कुल नभएको कारणले होइन । बुद्धको पालामा लेखनकला प्रादुर्भाव भइसकेको विषय पिटक वाङ्मयमा साधक प्रमाणहरू देखिन्छ । तापनि लेखन सामाग्री र साधनहरू पर्याप्त रूपमा नभएकोले लामा लामा लेखहरू मानिसहरूले लेख्दैनन् । त्यस अतिरिक्त त्यस युगमा भारतीय-हरूले धार्मिक नेताहरूको वचनलाई लिखित कुराहरू भन्दा बढी अत्यधिक मान्यता दिई महत्व राख्दछन् । तसर्थ धर्म उपदेशहरूलाई कण्ठस्थ रूपमा स्मरण गरी एक पिंढीबाट अर्को पिंढीसम्म मौखिक रूपमा मात्र धारण गर्दछन् । कुनै कुनै भारतीय धार्मिक आचार्यहरूको उपदेशहरू पालिपिटक वाङ्मय प्रादुर्भाव भइसकेपछि धेरै समयसम्म पनि वाङ्मय रूपमा पुगेका थिएनन् । जैन धर्मावलम्बीहरूको पिटक इ. सन्. पाँचौ शताब्दीतिर मात्र वाङ्मयको रूपमा पुगेको थियो भन्ने बुझिन्छ ।

मौखिक वचन ग्रन्थकथन भन्दा कुनै क्षेत्रमा बढी प्रभावकारी भएको तथ्य संशय रहित छ । मानव परिषदलाई धर्मोपदेश गर्दा पढेर सुनाउँनु भन्दा नपढी मुक्त कण्ठले

---

1. Ibid. p. 22.

download from : https://www.dhamma.digital

बताउँदा बढी आकर्षक हुन्छ। त्यसमा पनि अझ लेखरूपमा दिनु राम्रो मानिन्छ। तसर्थ कुनै व्यक्तिका कुराहरू मूल स्वरूप नबिगारी शुद्ध विशुद्ध रूपमा चिरकालसम्म स्थायी गरिराख्न चाहेमा लिखित रूपमा लेखिराख्नु जरूरी छ। आचार्य परम्परा कण्ठस्थ पारी धारण गर्नु मात्रले निरन्तरता कायम रहन सकिन्न।

त्यस उसले पालिपिटक शतप्रतिशत् शुद्ध पिटक हो र? अथवा त्यो पिटकमा समावेश भएका कुराहरूले भगवान् बुद्धको मूलवादलाई कतिसम्म सही र निश्चित रूपमा उल्लेख गर्छ त भनी हामीलाई विचार गर्नु छ। कुनै कुनै पालिहरू भगवान् बुद्ध स्वयंले उपदेश दिनु भएको पालि नभएको विषय पिटक वाङ्मयमा स्पष्ट उल्लिखित छ। उदाहरणको रूपमा अभिधम्मपिटकमा आएको कथावत्थु आयुष्मान मोग्गलिपुत्ततिस्स स्थविरको हस्त चिन्ह हो। विनयपिटकमा आएको परिवार ग्रन्थ दीप नामधारी एक स्थविरले लेखेको कुरा ग्रन्थको निगमनमा उल्लिखित छ। दीघनिकाय र मज्झिमनिकायमा आएका सूत्रहरूमध्ये छब्बीस (२६) सूत्रहरू आयुष्मान् सारिपुत्र, आयुष्मान् आनन्द र आयुष्मान कच्चायन आदि शिष्य श्रावकहरूले उपदेश गर्नु भएका सूत्रहरू हुन्।

त्यस अतिरिक्त कुनै कुनै पालिहरू संगायनाकारक भिक्षुहरूले समावेश गरिराखेका कुराहरू हुन् भनी अर्थकथा-चार्यहरूले भनेका छन्। कुनै कुनै थेरीगाथाहरू मूल

download from : https://www.dhamma.digital

प्रथमपिटकमा संलग्न नभई पछिमात्र संगायनाकारक स्थविर-हरूले समावेश गरिराखेका गाथाहरू भएका कुरा परमत्थ-दीपनीमा अर्थकथाचार्य आयुष्मान् धम्मपालले उल्लेख गरेको छ । सुत्तनिपात अट्ठकथाचार्यले पनि त्यस पालिको महावग्ग पधानसुत्तमा आएको अन्तिम गाथा कुनै कुनै आचार्यहरूको मतानुसार संगायनाकारक भिक्षुहरूको हस्तरेखा हो भनी व्यक्त गरिराखेका छन् ।

पिटकमा आएका कुनै कुनै शिष्य श्रावकहरूका देशनाहरू भगवान् बुद्धले संक्षिप्त रूपमा उपदेश गर्नु भएको धर्मलाई विस्तृत व्याख्या गरेका देशनाहरू भएको कारणले पिटकमा समावेश गरिराखेको हुनसक्छ । यथार्थतः भन्ने हो भने सुत्तन्तपिटकमा आएका आयुष्मान् सारिपुत्र आदि महाश्रावकहरूले उपदेश दिएका धर्मदेशनाहरू आफ्नो विचार-सित समता छ भनी भगवान् बुद्धले आज्ञा गर्नु भएको कुरा पिटकमा उल्लिखित छ । जे होस्, बुद्धवादलाई पूर्ण र सुनिश्चित रूपमा परीक्षण र विवेचन गर्न चाहने व्यक्तिहरूको निमित्त बुद्धको वचन र शिष्य श्रावकहरूको वचनलाई सकभर बिभाजन गरी सम्झनु र बुझनु आवश्यक छ । भगवान बुद्धको पालामा शुरू शुरूमा भगवान् बुद्धको धर्मोपदेशहरूलाई विशेष ध्यान दिई कण्ठस्थ पारी धारण गर्ने बानी भए जस्तो देखिन्न । "भाणक" (भगवान् बुद्धका देशनाहरूलाई स्वाध्याय गर्ने व्यक्ति) भन्ने कथन पिटक वाङमयमा देख्न नपाई अट्ठकथा-हरूमा मात्र देखिन्छ । अध्ययन गर्ने र कण्ठस्थ पार्ने कुनै

download from : https://www.dhamma.digital

व्यक्तिहरू हुने भएतापनि भिक्षुसंघले त्यस युगका वेदहरूलाई ब्राह्मणहरूले कण्ठस्थ पारे जस्तो र पिटक वाङ्मयलाई आधुनिक युगमा भिक्षुहरूले कण्ठस्थ पारे जस्तो एउटा महत्व-पूर्ण क्रियाकलापको रूपमा विशेष वीर्य प्रयोग गरी कण्ठस्थ पारे जस्तो देखिन्न । बुद्धवादको मतानुसार देशनाहरूलाई कण्ठस्थ पार्नु भन्दा उपदेशलाई उदयोग र आचरण गर्नु बढी महत्वपूर्ण भएको कारणले बुद्धदेशनालाई सदासर्वदा कण्ठस्थ पारिरहने भिक्षुहरूको संख्या पनि घेरै होला जस्तो देखिन्न । वास्तवमा धर्मोपदेशलाई अध्ययन गर्ने कण्ठस्थ पार्ने क्रिया-कलापमा कहिलेकाँही गृहस्थहरू भिक्षुहरू भन्दा बढी महत्वपूर्ण देखिन्छन् । उदाहरणको रूपमा, "एकजना उपासकले ख्याति प्राप्त सुत्तन्तलाई स्वाध्याय गरी राखेछ । त्यस उपासकले यदि भिक्षुहरूलाई आयुष्मान्हरू यो सुत्तन्त अलप हुनु भन्दा अगाडि अध्ययन गर्न आउनु होस् भनी आमन्त्रण गरेमा; त्यसरी आमन्त्रण गर्दा वर्षावास भित्र भएतापनि भिक्षुहरू जानु पर्ने छ" भनिएको विनय महावग्ग पालिमा देखिएको छ ।

भगवान् बुद्ध विदयमान रहँदा श्रावक भिक्षुसंघहरूले बुद्धवादलाई स्वतन्त्र रूपमा उपदेश गर्दछन् । भगवा–अर्थात् सत्था–(भगवान् बुद्धलाई व्यक्त गर्दछ) ले यसरी आज्ञा गर्नु भएको छ भनी बुद्ध–वचनलाई कहिलेकाहीं उद्धृत गरी उपदेश गर्ने प्रचलन भएतापनि त्यसरी उद्धृत गरेको प्रायः देखा पर्दैन । त्यसपछि भगवान् बुद्ध उमेरले परिपक्व भई

download from : https://www.dhamma.digital

शिष्य महाश्रावकहरू परिनिर्वाण प्राप्त गर्नु हुँदा देशनाहरू-लाई एउटै प्रकारको परिपाटी राखी निश्चित निर्धारण गर्ने प्रवृत्ति शुरू गरिएको पाइएको छ । तैपनि पहिले पहिले देशनाहरू सुत्त रूपमा नपुगी संक्षिप्तीकरण (उद्देस) रूपमा मात्र रहन गए । उद्देसहरूलाई पिटक वाङमयमा यत्रतत्र छरिरहेको रूपमा देख्न पाइन्छ । भगवान् बुद्धको परिनिर्वाण पछिको समयमा त भिक्षुसंघहरूको बीचमा बुद्ध धर्मसित सम्बन्ध राखी गण भेद हुने आकार प्रकार निमित्त देखा पर्न आएको कारणले देशनाहरूलाई संक्षिप्तीकरण नगरिकनै भगवान् बुद्धले देशना गर्नुभए अनुरूप निश्चित रूपमा निर्धारण गरिराख्न संयुक्त प्रयास गरिए ।

पालि विदूषी Mrs. Rhys Davids को मतानुसार त्यसरी बुद्ध धर्मलाई एकैनाश गरी पूर्ण र निश्चित रूपमा राख्ने क्रियालाई त्यसबेलाका उत्तरीभारतमा भएका प्रख्यात शहरहरूमा भिक्षुसंघहरूले संयुक्त रूपमा कार्य वहन गरेका पिटक वाङमय मध्येमा "सावत्थि निदानं" आदि भनी शहर-हरूको नामले प्रारम्भ गरेका सूत्रहरू समावेश छन् । सूत्रको प्रारम्भमा त्यसरी उल्लेख गरिएको त्यस सूत्रलाई प्रारम्भिक रूपमा निर्णय गरेका भिक्षुसंघहरूको केन्द्रीय स्थल हुनुपर्नेछ । ती केन्द्रीय स्थलहरू श्रावस्ती, कपिलवस्तु, वाराणसी, साकेत, पातलिपुत्र र राजगृह भनी छ वटा छन् । ती ६- स्थलहरू-मध्ये श्रावस्ती नगरमा निर्णय गरिएका सूत्रहरू सबभन्दा बढ्ता छन् ।

download from : https://www.dhamma.digital

अट्ठकथाहरूमा दीघभाणक, मज्झिमभाणक र संयुत्त-भाणक आदि कथनहरू देखापर्दछन् । भाणकहरू बुद्ध देशनाहरूलाई लोप नहुने गरी कण्ठस्थ पारी स्वाध्याय गरी आगमन धारण गर्नेहरू हुन् । एक निकायलाई दक्षता एवं व्यापकता हुनेहरूले परस्पर अलग अलग संयुक्त भई कण्ठस्थ धारण गर्दछन् । एउटा निकायलाई कण्ठस्थ धारण गर्ने भाणक संगठनको अन्य निकायलाई कण्ठस्थ धारण गर्ने भाणक संगठनसित सम्पर्क छैन । त्यसकारण कुनै कुनै सूत्रहरूलाई एउटै निकायमा मात्र नभई दुई तीन निकायमा देख्न पाएको हुनसक्छ । देशनाहरूलाई निश्चित निर्धारण गर्ने क्रियाकलाप इसापूर्व तेश्रो शताब्दीका सम्राट अशोकको पाला भन्दा अगाडि सम्पन्न भएको होला । त्यस युगका भरहूत र साँची प्रदेशमा रहेको थूपाराम चैत्य शिलालेखहरूमा "पञ्चनेकायिक" (पाँच निकायलाई कण्ठस्थ धारण गर्ने व्यक्ति) भन्ने शब्द कुँदि-राखेको देखिन्छ । तर सम्पूर्ण देशनालाई एउटै समयमा निश्चित निर्धारण गर्ने काम सम्पन्न भएको होइन । पालिपिटकको कुन चाहिँ खण्ड कुन चाहिँ काल र युगमा निश्चित भएर आयो भनी सुदृढ रूपमा जान्न बुझ्न सम्भव नभएता पनि एक खण्ड देखि अर्को खण्ड निश्चित भएको समय भिन्न छ । डा० Rhys Davids को धारणा अनुसार पालिहरू सुनिश्चित एकै नाशको परिपाटी भएर आएको पूर्वापर क्रम मोटामोटी हिसाबले निम्न प्रकारका हुन् ।[1]

1. Dr. Rhys Davids, "Buddhist India," p. 84.

download from : https://www.dhamma.digital

१. सम्पूर्ण जस्तै पिटक वाङमयमा बार बार देखापरी एक समान भएको गद्य अथवा पद्यहरूद्वारा बुद्धवादलाई सरल सुगम र स्पष्ट रूपमा उल्लेख गरिराखेका कुराहरू;

२. दुई तीन पिटक ग्रन्थहरूमा एक समान भएका कुराहरूद्वारा उल्लेख गरिराखेका विषय वस्तुहरू;

३. दीघनिकायबाट सीलक्खन्ध, सुत्तनिपातबाट पारायणवग्ग र अट्ठकवग्ग, विनय पिटकबाट पातिमोक्ख;

४. दीघनिकाय, मज्झिमनिकाय, अंगुत्तरनिकाय र संयुत्तनिकाय;

५. सुत्तनिपात, थेर र थेरी गाथा, उदान, खुद्दक-पाठ;

६. सुत्त विभङ्ग र खन्धक;

७. जातक र धम्मपद;

८. निद्देस, इतिवुत्तक, पटिसम्भिदा;

९. पेतवत्थु, विमानवत्थु, अपदान चरियपिटक र बुद्धवंस;

१०. अभिधम्म ग्रन्थहरू; ती मध्येमा कथावत्थु अन्तिम ग्रन्थ भएर सबभन्दा पुरानो ग्रंथ पुग्गलपञ्ञत्ति हुन सक्छ ।

अभिधम्म ग्रन्थहरू पालिपिटक इतिहासमा सबभन्दा पछि प्रादुर्भाव भएका ग्रन्थहरू हुन् भनी धारण गर्नुपर्ने साधक

download from : https://www.dhamma.digital

प्रमाणहरू छन् । प्रथम र द्वितीय संगायन आरुढ गर्दा अभिधम्म पिटकलाई संगायन आरुढ गरे भनी महावंस, दीपवंस ग्रन्थहरूमा र विनय चूलवग्ग पालिमा आएको छैन । आयुष्मान् बुद्धघोषले प्रथम संगायनाको विषयलाई दीघनिकाय अट्ठकथामा लेखेको थियो । प्रथम संगायन आरुढ गर्दा विनयपिटक र प्रथम चार निकायलाई कण्ठस्थ गरी संरक्षण र संगोपन गर्ने आयुष्मान् उपालि, आयुष्मान् आनन्द, आयुष्मान् सारिपुत्र, आयुष्मान् काश्यप र आयुष्मान् अनुरूद्धहरूका शिष्यहरूलाई अभिभार सुम्पिएको थियो भनिन्छ । अट्ठसालिनी, मिलिन्द पञ्हा, महाबोधिवंस आदि अट्ठकथा ग्रन्थहरूमा र भारतको भरहुत र साँची प्रदेशका पौराणिक शिलालेखहरूमा दीघभाणक मज्झिमभाणक आदि शब्दहरू देखापरेता पनि अभिधम्मभाणक भन्ने शब्द त देखा पर्दैन ।

सर्वास्तिवाद गणमा थेरवाद गणमा जस्तै सात अभिधम्म ग्रन्थहरू छन् र तो ग्रन्थहरूलाई चीनिया भाषामा भाषान्तरण गरिराखेको छ । त्यसमा भएका धर्महरूलाई आयुष्मान् सारिपुत्र र आयुष्मान् मौद्गल्यायन आदि महाश्रावकहरूले उपदेश गरेका हुन् भनी भनिन्छ । सर्वास्तिवादीहरूको अभिधम्मपिटक थेरवादीहरूको अभिधम्मपिटकसित समावेश भएको विषयवस्तु परस्पर बिलकुल समान छैन । माथि उल्लेख गरिए अनुसार यी महागण द्वयको सुत्तन्तपिटकमा र विनयपिटकमा समानता भएको प्राथमिक बुद्ध देशना धेरै छन् । तैपनि अभिधम्मपिटकहरू विभेद भएकोलाई

download from : https://www.dhamma.digital

विचार विमर्श र परीक्षण गर्दा ती अभिधम्मपिटकहरू बुद्ध-वादीहरूका गण विभाजन भइसकेपछि मात्र भिन्ना भिन्न उत्पन्न भएर आएका पिटकहरू हुन् भन्ने धारणा लिनुपर्ने स्थिति छ । अवश्य हो; "आयुष्मान् सारिपुत्र, यो बुद्ध शासनमा दुई भिक्षुहरूले अभिधर्म कुरा गर्छन्" (म० नि० महागोसिंग सुत्त) । "धेरै भिक्षुहरूले भोजनोपरान्त अभिधर्म सम्बन्धी कुरा गर्छन् ।" (अं० नि० छट्ठनिपात, हत्थि सारिपुत्त सुत्त) आदि पालिहरूमा अभिधम्मपद देखिन्छ । तर सुत्तन्तपिटकमा आएको त्यो "अभिधम्म" वर्तमान सात अभिधम्म ग्रन्थलाई उद्देशित गरेको शब्द जस्तो देखिन्न । त्यो बुद्धको सुत्तन्तदेशना मध्येबाट गम्भीर धर्मलाई बुझाउने शब्द जस्तो छ । अर्को शब्दमा भनौं भने अंगुत्तर निकायमा आएको नवाङ्गपिटक जस्तै एक् सुत्तन्तदेशनामा समावेश भएको बुद्धवचनलाई जातिभेद गर्नको लागि प्रयोग गरेको शब्द हो । पिटकदेशनाहरूलाई सुत्त, गेय्य, गाथा, वेय्याकरण, जातक आदिद्वारा नौ प्रकारले विभाजन गरिराखेको हुँदा वर्तमान पिटक ग्रन्थहरूलाई उद्देशित गरी विभाजन गरिराखेको होइन भन्ने तथ्य माथि ध्यान दिनु योग्य छ । उदाहरणको रूपमा जातक, वर्तमान ५५० जातक निपातलाई बुझाउने नभई निकायहरूमा आएका अन्य कथावस्तुहरूलाई बुझाउने हुनु पर्दछ ।

द्वितीय संगायना आरुढ गर्ने भिक्षुसंघहरूसित विपक्षी भएका महासांघिक भिक्षुसंघहरूले प्रतिस्पर्धात्मक संगायना

download from : https://www.dhamma.digital

आरुढ गरी अभिधम्मपिटक र अन्यान्य पिटकहरूलाई भगवान् बुद्धको सही उपदेश होइन भनी नकारेका छन् भनी दीपवंस ग्रन्थमा उल्लिखित छ। वास्तवमा भन्ने हो भने पौराणिक युगमा अभिधम्मपिटकलाई बुद्धोपदेशित देशना हो भनी विश्वास नगर्ने बुद्धवादी भिक्षुहरू कम हुने छैनन्। तसर्थ आयुष्मान् बुद्धघोष आचार्यले अट्ठसालिनी ग्रन्थमा अभिधम्म-पिटकलाई प्रत्याक्रमणद्वारा रक्षा गरी लेख्नु परेको हो। एउटा भिक्षुले अभिधम्म उपदेश गर्ने अर्को भिक्षुलाई "तिमीले सुमेरु पर्वतलाई बेर्नु जस्तो वहन गर्न नसकिने अति लामो अभिधम्म-पालिलाई किन धारण गरिरहेको ? अभिधम्म बुद्धभाषित होइन" भनी दोषारोपण र उपहास गऱ्यो भनिन्छ।

आयुष्मान् बुद्धघोषले त अभिधम्मपिटक बुद्धभाषित हो। कथावत्थु ग्रन्थ रचनाकार आयुष्मान् मोग्गलिपुत्ततिस्सले समेत आफ्नो ज्ञानले उपदेश गर्नु भएन; बुद्धप्रदत्त विधि स्थापित मातिकाद्वारा कथावत्थु उपदेश गर्नुभयो भनिएको छ।

मातिका बुद्धधर्मलाई संक्षिप्तीकरण गरी देखाउने शीर्षक भएर सुत्तन्त र विनयपिटकहरूमा त्यो कुरा देखिन्छ। अभिधम्म ग्रन्थहरू ती मातिकाहरूमाथि आधारित छ। चीनिया यात्री फाहीयानले भारतमा आइपुग्दा संघमहाविद्या-लयहरूमा बुद्ध अभिधम्म आचार्यहरूलाई (बौद्ध दार्शनिक आचार्य) देखेको सम्बन्धमा यात्रा विवरणमा उल्लेख गरेको छ। ती संघमहाविद्यालयहरू र नालन्दा आदि पौराणिक

download from : https://www.dhamma.digital

भारतीय बौद्ध महाविद्यालयहरू अभिधम्म ग्रन्थहरू जन्मेका उब्जाउ भएका स्थानहरू हुन सक्छन् ।

तसर्थ अभिधम्म भगवान् बुद्ध स्वयंले देशना गर्नुभएको पिटक नभई बुद्ध परिनिर्वाण पछि केही समय यतामात्र प्रादुर्भाव भएर आएको पिटकको हांगाबिङ्गा हो । वास्तवमा अभिधम्मपिटक सुत्तन्तपिटक भन्दा बढी विशिष्ट र गम्भीर भएको होइन । त्रिपिटकलाई आदचोपान्त अध्ययन गरिसकेको एकजना पश्चिमी प्रज्ञाविद्ले भने, "पिटकमा उल्लेख गरेर हामीले जानिराखेको बुद्ध अभिधम्म सम्पूर्ण अभिधम्मपिटक नभएपनि यत्किंचित् मात्र पनि प्रहीण हुने छैन । अभिधम्म-पिटकमा समावेश भएको सम्पूर्ण धर्म सुत्तन्तपिटकमा देख्न सकिन्छ" भनिएको छ ।[1]

बिमानवत्थु र पेतवत्थुहरू त्यसमा आइराखेका विषय वस्तुहरू (उदाहरण स्वरूप–बुद्धको शरणमा जानु, त्याग अथवा दानलाई अनुबल दिनु) लाई साधक नमूना बनाई पिटकान्तर्गत निकै समय बितेपछि मात्र समावेश भएका ग्रन्थहरू भएको कुरा स्पष्ट छ । पेतवत्थुमा पिङ्गलोक भन्ने राजाको नाउँ देखापर्छ । त्यो राजा भगवान् बुद्धको परि-निर्वाणपछि २०० वर्ष यतामात्र सूरत राष्ट्रमा राज्य गर्ने राजा हो । विमानवत्थुमा पायासि राजाको बिषय गाभिएको

1. Art Abhidhamma by Mrs. Rhys Davids in Encyclopaedia of Religion and Ethics.

download from : https://www.dhamma.digital

छ । त्यो राजा पनि भगवान् बुद्धको परिनिर्वाण पछि केही वर्ष यतामात्र राज्य गर्ने राजा थियो ।

१८९४ इ. सं. मा थाई नरेशले पश्चिमी देशका पुस्तकालयहरूमा प्रदान गरिएका त्रिपिटकमा विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, अपदान, चरियपिटक र बुद्धवंस ग्रन्थहरू समावेश थिएन । त्यसरी थाई मुद्रणमा समावेश नभएका ग्रन्थहरू वास्तवमा तिनीहरूका मौलिकताको सम्बन्धमा आधुनिक प्रज्ञाविद्हरूलाई संशयमा पारिदिने ग्रन्थहरू हुन् । भारतीय प्रज्ञाविद् प्राध्यापक बी. एम्. बरूआ (त्रिपिटकाचार्य) को मत अनुसार खुद्दकपाठ, बुद्धवंस, चरियपिटक र अपदान ग्रन्थहरूलाई दीघभाणक समितिले पिटकपालिको रूपमा समर्थन गरेका छैनन् । ती ग्रन्थहरू सिंहली भिक्षुहरूको हस्तरेखा हुन् भनिएको छ ।

चरियपिटक बुद्धवंस आदिहरू खुद्दकनिकाय अन्तर्गत छन् । खुद्दकनिकाय अन्य चार निकाय प्रादुर्भाव भइसकेपछि केही समय यतामात्र प्रादुर्भाव भएर आएको निकाय हो भनी प्रज्ञाविद्हरू धारणा राख्दछन् । वैशाली राष्ट्रमा थेरवादीहरूसित प्रतिस्पर्धात्मक रूपमा संगायना आरुढ गर्ने महासांघिक गणले पिटक मध्येबाट उन्मूलन गरिएका ग्रन्थहरू अभिधम्म ग्रन्थसँगै पटिसम्भिदा, निद्देस र जातक आदि खुद्दकनिकाय ग्रन्थहरू थिए ।

चीनिया पिटकमा खुद्दकनिकाय देखा नपरी सर्वास्तिवाद गणको प्रथम चार निकायमात्र देखा पर्दछ ।

download from : https://www.dhamma.digital

निकायलाई चीनिया पिटकमा आगम भनिन्छ । पालि चार निकाय ग्रन्थलाई चीनिया भाषाका चार आगम ग्रन्थसित तुलनात्मक रूपमा अध्ययन गर्नुद्वारा निकायहरू प्रादुर्भाव भएको पूर्वापर क्रमलाई मोटामोटी रूपमा जानिन्छ । चार निकाय ग्रन्थ मध्येमा दीघनिकाय दीघआगमसित बढीसे बढी समानता छ । मज्झिमनिकाय र संयुक्तनिकायहरू पनि सम्बन्धित चीनिया आगमहरूसित निकै समानता रहेका छन् । समानता नभएका तथ्यहरू सुत्तक्रम र सुत्तसंख्या हो । उदाहरणार्थ मज्झिमनिकायमा जम्मा कूल सुत्त १५२ छन् । मज्झिमआगममा देखा परेका बढी सुत्तहरू संयुत्तनिकाय र अंगुत्तरनिकायमा आएका छन् । अंगुत्तर-निकायसित अंगुत्तरआगमहरू अन्यनिकायहरू र आगमहरू जति समानता भएका तथ्यहरू छैनन् ।[1]

उपर्युक्त तथ्यहरूलाई आधार मानेर चार निकाय मध्येमा दीघनिकाय सबभन्दा पुरानो भई अंगुत्तरनिकाय सबभन्दा पछिल्लो हो भनी धारण गर्नुपर्ने जस्तो देखिन्छ । तैपनि विभिन्न निकायलाई जम्मै एक ठाउँमा संगालेर विचार गरेमा मात्र त्यसरी धारणा लिन सकिन्छ । वास्तवमा भन्ने हो भने सबभन्दा पुराना देशनाहरू जम्मै निकायमा घटबढ गरिएको देखिन्छ जस्तै सबभन्दा पछिका देशनाहरू पनि जम्मै निकायमा कम बेसी देखा पर्दछन् । उदाहरणार्थ दीघ-

---

1. E. J. Thomas, "History of Buddhist Thought" Appendix.

download from : https://www.dhamma.digital

निकायमा आएको पायासि सुत्त, महासमय सुत्त आदि निकै समयपछि यतामात्र समावेश भएका सूत्रहरू हुन् । मज्झिम-निकायमा आएको अस्सलायन सुत्त त्यसमा भएको योनक कम्बोज नाउँ भएको देशको नाउँलाई आधार लिई अशोकयुग आइपुग्नु भन्दा अगाडि ग्रीको बैक्टेरिया राष्ट्र प्रकट भइरहेको बेलामा प्रादुर्भाव भएको जस्तो देखिन्छ । खुद्दकनिकाय अन्य चार निकाय भन्दा पछि परेको सही भएतापनि त्यो निकायमा संलग्न भएको सुत्तनिपात बुद्धवाङ्मयमा सबभन्दा पुरानो देशना हो भनी प्रज्ञाविद्हरूले धारणा राख्दछन् ।

त्यसकारण पुराना सूत्रहरू र पछिल्ला सूत्रहरूलाई विभाजन गरी जान्न चाहेमा तिनीहरूलाई एक एक गरी अध्ययन गर्नु आवश्यक छ । खास भन्ने हो भने एकै सूत्रमा आएका कथनहरू एउटै पिटकमा आएका कुराहरू समेत जम्मै एकै समयमा प्रादुर्भाव भएका होइनन् । उदाहरण स्वरूप महापरिनिब्बानसुत्त आधुनिक अन्वेषक प्रज्ञाविद्हरूको विचार अनुसार बारबार पटक पटक मरम्मत र संशोधन गरिराखेको सुत्त हो । तसर्थ त्यस सुत्तमा आएका कुराहरू सुत्तभित्र जम्मै एकै समयमा प्रवेश गरेका कुराहरू होइनन् । सुत्तनिपात पालिमा आएका कुनै कुनै सुत्तहरू अन्य सुत्तहरू भन्दा पनि निकै पुराना छन् ।[१]

---

1. For details see Winternitz; "A History of Indian Literature." No. 1.11

download from : https://www.dhamma.digital

सही बुद्धवादलाई जान्न मन लागेर पिटक वाङ्मय-लाई अध्ययन गर्ने व्यक्तिले पुराना पालिहरूलाई अन्य पालि-हरूलाई भन्दा बढी ध्यान दिनुपर्ने छ। तर जुनसुकै देशना भएपनि प्रगाढ र सुनिश्चित रूपमा विश्लेषण र परीक्षण गर्नुपर्दछ। किनभने कयौं वर्षसम्म कण्ठस्थ धारण गरिआएका कुनै कुनै देशनाहरू बुद्धको मूलवाददेखि केही न केही फरक पाइए कि भन्ने धेरै सम्भावनाहरू छन्। बुद्धकालीन अवस्था-मा बुद्धशासनमा भिक्षु हुने व्यक्तिहरू धेरै हुनु जस्तो कि उरुवेल काश्यप (एक हजार ऋषिहरू एकै जमात भई बुद्ध-शासनमा सरेर आउनुलाई आधार मानेमा बुद्धका श्रावक संघहरू मध्येमा बुद्धवादलाई जरैदेखि नबुझिकनै बुद्ध माथि श्रद्धावान् भएको कारणले अथवा सुन्न पाएको एउटा बुद्ध-देशनालाई अत्यन्त मन लाग्नु मात्रद्वारा बुद्धवादी भइरहेका व्यक्तिहरू थुप्रै हुने सम्भावना छ। वास्तवमा आयुष्मान् अस्सजि नामक एकजना भिक्षुले त आफूले बुद्धवादलाई राम्ररी नबुझिएको विषयमा भावी आयुष्मान् सारिपुत्र उपतिष्य माणवकलाई भन्नु भएको थियो भनिन्छ। त्यसरी बुद्ध धर्मलाई राम्ररी नबुझेका भिक्षुहरू पिटकधारी भाणक गणहरूमा कम वा बढी समावेश हुन सकिन्छ। भाणक भिक्षु-हरूले आफूलाई मन परेको बुद्धवचनलाई महत्व दिई मन नपरेको वचनलाई त राम्ररी धारण गरेका हुने छैनन्।[1] त्यस अतिरिक्त कुनै कुनै भाणकहरू अथवा पिटकाचार्यहरूले अन्य

---

1. A. J. Bahm, "Philosophy of the Buddha", pp. 28–32.

download from : https://www.dhamma.digital

वादीहरूलाई (जस्तो कि देवी देवता पूजा गर्ने, मान्ने) लाई बुद्धवचन बनाउने सम्भावना छ।

भगवान् बुद्धले आफ्नो धर्मलाई मानिसहरूले मिथ्या-रूपमा निरीक्षण र परामर्शन गरिएला र भविष्यमा बुद्धवाद भित्र मिथ्या सिद्धान्तहरू प्रवेश गरिएला भन्ने डरले महापरिनिब्बानसुत्तमा चार महाप्रदेशको उपदेश दिनु भयो। भगवान् बुद्धको विचार अनुसार त पिटकदेशना कण्ठस्थ पारी धारण गर्ने संघस्थविरहरूको कथनलाई भिन्नै राखी तथागत-को सम्मुखबाट सुनिएको भन्ने कुरालाई पनि तुरुन्त स्वीकार नगरी विनय सूत्र धर्महरूसित तुलना गरी सामञ्जस्य रहेमा मात्र स्वीकार र विश्वास गर्नु पर्ने छ। (अभिधम्म धर्मसित सामञ्जस्य राखी हेर्नु पर्ने छ भनी नभनेको तथ्य होश गर्नुपर्ने छ।) तैपनि यो बुद्धको अववाद आधुनिक बुद्धवादीहरूले अनुशरण गर्न त्यति सजिलो छैन। किनभने हामीहरूको वर्तमान पिटकमा आएको सूत्र धर्म विनय धर्म बुद्धदेशित मूल सूत्र धर्म विनय धर्मसित कति हदसम्म एक समान छ भन्नलाई सुनिश्चित रूपमा जान्न नपाएको कारणले हो।

सुत्तन्तपिटक र विनयपिटक बर्मा देशमा पुग्नुभन्दा अघि चार पटकसम्म संगायन आरुढ भइसकेको छ। त्यसरी बारबार संगायना आरुढ गरिसकेको पिटक वाङमय शुद्ध विशुद्ध परिष्कृत भएको वाङमय हुने होइन र भनी प्रश्न उठाइएमा; चार संगायना थेरवाद बुद्ध शासनको इतिहासमा

download from : https://www.dhamma.digital

प्रकट भएको सही भएतापनि पालिपिटकलाई अध्ययन परीक्षण गर्ने अन्वेषक प्रज्ञाविद्हरूको दृष्टि अनुसार त त्यतिको महत्वपूर्ण देखिन्न । उत्तरीय भागका बुद्धवादीहरूले प्रथम संगायनालाई मात्र समर्थन गरी अन्य संगायनाहरूका विषयहरूलाई त केही उल्लेखै नगरी मौन रहेका छन् । महापरिनिब्बानसुत्तमा पनि प्रथम संगायनाको विषयलाई बिल्कुल उल्लेख गरिराखिएको छैन । तृतीय संगायनाको विषय महावंस र अट्ठकथाहरूमा विस्तृत रूपमा सम्मिलित भएता पनि सम्राट अशोकको शिलालेखहरूमा उल्लिखित नहुनु विचारणीय छ । त्यसलाई उल्लेख गरेका ग्रन्थहरू सम्राट अशोकको देहावसान पछि ६–शय भन्दा बढी वर्ष बितिसक्दा मात्र देखापर्न आएका ग्रन्थहरू हुन् ।[1]

बुद्धको परिनिर्वाणपछि बाकि रहेका श्रावक श्रमण संघहरूले बुद्धोपदेश लोप हुन नदिन संगठित रूपमा स्वाध्याय गरिने कुरा सत्य हो । तर त्यसरी संगठित रूपमा स्वाध्याय गर्ने व्यक्तिहरू श्रमण संघ एक संगठनमात्र भई उनीहरूले निर्धारित गरेका बुद्ध देशनाहरूलाई अन्य श्रमण संघहरूले कति हदसम्म समर्थन गरी स्वीकार गरेका छन् विचारणीय छ । प्रथम संगायनाको विषयलाई उल्लेख गरिराखेको विनयपिटकमा आएको कुरा के छ भने राजगृह नगरमा संगायना आरुढ गरिरहँदा आयुष्मान् पुराण नाउँ भएको स्थविर आउनु भएकोले अन्य भिक्षुहरूले आयुष्मान् पुराणलाई

1. B. C. Law, "Buddhistic studies," p. 45 ff.

download from : https://www.dhamma.digital

संगायना गरिरहेका स्थविरहरू कहाँ उपसंक्रमण गर्न प्रेरणा दिए । त्यसबेला आयुष्मान् पुराणले 'साथीहरू हो, महास्थविरहरूले धर्म र विनयलाई राम्ररी संगायना आरुढ गरिन्छ । तर मैले तथागत बुद्धको सम्मुखमा सुनिसके अनुरूप अध्ययन गरिसके अनुरूप नै धर्मलाई धारण गर्ने छु" भने । (विनय चूलवग्ग पालि) । यो कथनद्वारा प्रथम संगायना आरुढपिटक मध्यम देश निवासी श्रमण संघहरूले एक समान स्वीकार गरेको पिटक हो भनी भन्न नसक्ने कुरा स्पष्ट छ ।

त्यस अतिरिक्त ती संगायना आरुढ गर्ने श्रमणहरूले बुद्ध देशनालाई बिल्कुल परीक्षण र विमंशन गर्ने छैनन् । प्रथम संगायनामा समर्थन गरेका बुद्ध देशनाहरू पनि वर्तमान युगमा रहेको सम्पूर्ण पालिपिटक नभई केही केही अंशमात्र हुने सम्भावना छ । त्यो केही केही अंश समेत वर्तमान पालि-हरूसित एक समान छ भन्न सुदृढ साधक प्रमाण छैन भनी पश्चिमी राष्ट्रका पालि अन्वेषक प्रज्ञाविद्हरूले धारणा राख्दछन् ।

जे भएतापनि अति संशय गरिरहेमा चाहे पालि-पिटकलाई होस् चाहे अन्य धर्मावलम्बीहरूका धार्मिक ग्रन्थहरूलाई होस् पढ्नु र अध्ययन गर्नु निरर्थक हुनजाने छ । आवश्यक कुरा के हो भने अत्यधिक संशय गर्ने गरी सम्पूर्ण पिटक वाङ्मयलाई पन्छाउनु र अत्यधिक श्रद्धा एवं आस्था राखी पिटकमा आएका सम्पूर्ण कुरालाई आँखा चिम्ली स्वीकार र विश्वास गर्नु जस्तो अन्धतावाट मुक्त भई

download from : https://www.dhamma.digital

मध्यम मार्ग अपनाउनु हो । सही रूपमा भन्ने हो भने पालि-पिटकलाई एक एक गरी परीक्षण आलोचना, समालोचना, टीका टिप्पणी गर्ने पश्चिमी राष्ट्रका पालि प्रज्ञाविद्‌हरूले समेत चतुरार्य सत्य, अष्टाङ्गिक मार्ग, सप्तबोध्यङ्ग आदि धर्महरू बुद्धको मूलवाद सही देशना भएको कारणलाई स्वीकार गरी विश्वास राख्दछन् । कुनै कुनै सूत्र देशनाहरू बुद्धदेशनाहरू भएका कुरा स्वीकार गरेकाछन् । हामीले कुनै कुनै पिटक कथनहरूलाई ती सुदृढ बुद्ध देशनाहरू, बुद्धवादका प्रमुख पृष्ठ भूमिहरूद्वारा तुलना गरी विमंशन परीक्षण परिचालन गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा पालिहरूलाई उदाहरण रूपमा प्रस्तुत गरिन्छ ।

बुद्ध बाहेक शरण छैन भन्ने कथन (बुद्धो मे सरणं अञ्ञं नत्थि) महापरिनिब्बान सुत्तमा भगवान् बुद्ध स्वयंले गहन रूपमा उपदेश दिनु भएको आफूलाई मूल आधार लेउ; आफू बाहेक अन्य आधार छैन भन्ने अववादसित प्रतिपक्ष भई बुद्धको कथन हो भन्नो धारण गर्न मुश्किल छ ।

अंगुत्तरनिकाय सत्तकनिपातमा भगवान् बुद्धले सुजाता-लाई मालिकनी जस्ती, दासी जस्ती, सखिनी जस्ती आदि सात प्रकारका भार्याहरू भएको कुराहरूमा दासी जस्ती भार्या सर्वोत्तम छन् भन्ने कुरा उपदेश दिनु भयो भनिन्छ । यो कथन बुद्धको कथन नभई स्त्रीहरूलाई दबाव दिने हिन्दूवादको प्रभावदेखि न अलग्गिएका पिटकाचार्यहरूको कथन हुनै

download from : https://www.dhamma.digital

सम्भावना छ । दीघनिकाय सिगालोवादसुत्तमा बुद्धोपदेशित पतिको कर्तव्य र भार्याको कर्तव्यलाई अध्ययन गरेमा भार्याले बढी अधिकार पाएको विषय स्पष्ट छ। भगवान् बुद्धले महिलाहरूलाई दबाव नदिई एक श्रेणी माथि उचालिदिएको तथ्य अगाडि उल्लेख हुने छ ।

भगवान् बुद्धले भर्खर भर्खर बुद्ध भई वाराणसीनगर-तिर जान्दै गर्नु हुँदा बाटोमा भेटेको उपक परिव्राजकलाई "उपक, म सबैलाई अभिभूत पार्न सक्छु । सबैलाई मैले जानिसकेको छु । म लोकमा अतुलनीय छु" आदि कुरा व्यक्त गर्नुभयो भनिन्छ । (विनयपिटक महावग्ग) । यी कुराहरू निरवशेष रूपमा अभिमानलाई हटाइसक्नु भएको बुद्ध; तडक भडक कार्यबाट बिल्कुल मुक्त भई सक्नु भएको बुद्ध (बुद्ध काण्ड र बुद्ध शरण काण्डमा विस्तृत रूपमा उल्लेख गर्ने छु) को वचन हो भनी धारण गर्न मुश्किल छ ।

पिटकमा आएका एक अर्कासित विरोध भएका कुनै कुनै बुद्धदेशनाहरू निरीक्षण र परामर्शन गर्नमा भने बुद्धवाद-को इतिहासलाई जानकारी राख्नु आवश्यक छ । उदाहरण भनौं भने बुद्धवाद प्रथमतः जंगलमा एक्लै धर्माचरणको उद्योग र अभ्यास गर्ने भिक्षु श्रमणहरूको वाद हो । "युद्ध विजयी श्रमणले जंगल, वृक्षमूल, पहाड, पर्वत, गुफा, श्मशान, घना जंगल र मैदान आदि एकान्त र शान्त ठाउँमा [illegible]क्रमण गरी धर्मको उद्योग र अभ्यास गर्छ ।" (अं. नि. पञ्चकनिपात

download from : https://www.dhamma.digital

योधाजीव वग्ग पठम योधाजीव सुत्त) तर बुद्धले गृहस्थहरूको आवासक्षेत्र गाउँ भन्दा टाढा परेको क्षेत्रमा बसोबास गर्न चाहने आयुष्मान् उपालिलाई "उपालि, एक्लै रहनमा रमाउन मुश्किल छ। तिमो संघमध्येमा बस। संघमध्येमा बस्ने तिमीलाई सुख हुनेछ" भनी भन्नुभयो। (अं. नि. दसकनिपात उपालिसुत्त)। यसरी आज्ञा दिनुभएको समय भगवान् बुद्ध सहित श्रावक भिक्षु श्रमणहरू प्रायशः जंगलमा रहने नगरी ग्राम, निगम र जनपदहरूमा सामूहिक रूपमा रहिरहनु भएको समय हुनु पर्दछ। तसर्थ उपर्युक्त दुई कथनहरू पूर्वापर विरोध भए जस्तो देखिएता पनि परिस्थिति अनुसार बुद्धले आज्ञा गर्नुभएको कुरा हुने सम्भावना छ।

वास्तवमा हामीले पालि पिटकलाई अध्ययन गर्दा पिटकको इतिहासलाई जान्नु बुझ्नु मात्रले पुग्दैन; बुद्धवादको इतिहास, भर्खर बुद्धवाद प्रादुर्भाव भएको अवस्थाको भारत राष्ट्रको उत्तरीय क्षेत्रको परिस्थिति, बुद्ध उत्पन्न हुनु अगावै विद्यमान भारतीय सिद्धान्त विचारधाराहरूलाई पनि जान्नु बुझ्नु आवश्यक छ। पिटक देशनाहरूलाई उपदेश दिनुहुने बुद्ध कस्ता किसिमका व्यक्ति हुन्; कस्ता व्यक्तिहरूलाई उपदेश दिनु भयो; उपदेश दिंदा कुन प्रकारको विधि प्रयोग गर्नुभयो भन्ने आदिलाई पनि जरैदेखि बुझ्नु आवश्यक छ।

किनभने एक नयाँ सिद्धान्तलाई उपदेश गर्ने एक

download from : https://www.dhamma.digital

व्यक्तिको विचार शैली ज्ञान दृष्टिहरू त्यस व्यक्तिको मनोभावना चरित्र वरीपरीको स्थितिमा केही न केही रूपमा आधारित छ । त्यसले आफ्नो वरपरकामा अनवशेष रूपले क्रान्ति गर्न छैन । यदि भगवान् बुद्ध गौतम, जीशस् क्राइष्ट आदि पूर्वका धार्मिक नेताहरूले आ–आफ्ना वरपरकालाई छेदन भेदन हुने गरी अनवशेष रूपमा क्रान्तिकारी ढंगले उपदेश दिनु भएको भए तिनीहरूको युगका मानिसहरूले ती उपदेश र कथनहरूलाई अस्वीकार गरी बुद्धवाद–क्रिश्चियनवाद आदि धर्मवादहरू विश्व इतिहासमा त्यसै डुबी निःसन्देह लोप भएर जाने छ ।

★ ★ ★

download from : https://www.dhamma.digital

# खण्ड–३

## बुद्ध प्रादुर्भाव हुनुभन्दा अधिका भारतीय सिद्धान्तहरू

गौतम बुद्ध प्रादुर्भाव हुनु भएको इसापूर्व छैठौं शताब्दी कालमा भारत–राष्ट्रको उत्तरी प्रदेश इन्दु नदीको किनार र गंगानदीको किनारमा सभ्य, सुसंस्कृत र उच्चस्तरीय आर्य-जातिहरू ग्राम, निगम र नगरहरू स्थापना गरी स्थायी रूपमा बसोबास गरिरहेका थिए । त्यसबेला विश्व इतिहासमा ख्याति प्राप्त भारत राष्ट्र ती आर्यहरूको निवासस्थल उत्तर-भारत राष्ट्र हो । आर्यहरूले थाहा पाएको संसार उत्तरभारत राष्ट्र हो जस्तो लाग्छ । पिटक वाङ्मयमा आएका १६–जन-पदहरू उत्तरतिर हिमालय पर्वत श्रृंखला, दक्षिणतिर बिन्दु पर्वत श्रृङ्खला, पश्चिमतिर इन्दु नदी पारीका पर्वत श्रृङ्खला-हरू र पूर्वतिर दक्षिण मोडी बगिरहेका गंगानदीहरूले सीमाना निर्धारित गरिराखेको भारत राष्ट्रको उत्तरीय भाग थियो ।

download from : https://www.dhamma.digital

पिटक वाङमय र वेद ग्रन्थहरूमा खत्तिय, ब्राह्मण, वेस्स र सुद्द भनी पौराणिक भारत राष्ट्रमा रहेका ४ प्रकारका जातिलाई उल्लेख गरिराखेको छ । खत्तिय जाति खेतबारीका अधिकारी राज, राजामात्य सेनापति कुलका जमिन्दार धनीमानी व्यक्तिहरू थिए । खत्तियहरू अघि अघि भारतराष्ट्रमा आइपुगेका आर्यहरूका नेताहरूबाट अवतरण भएका हुन् भनिन्छ । ब्राह्मणहरू त पौराणिक आर्यहरूका आचार्यहरूबाट अवतरण भएर आएका व्यक्तिहरू हुन् भनिन्छ । वेस्सहरू व्यापारी साहू महाजन कृषक जातिका भई सुद्दहरू भने आर्यन्हरू आउनु भन्दा अगाडि पूर्व प्रवेणीदेखि नै भारत राष्ट्रमा आदिवासी भइरहेका ड्रावीड जातिबाट अवतरण भएका व्यक्तिहरू हुन् ।

जातिवादलाई समर्थन र प्रोत्साहन दिने व्यक्तिहरू ब्राह्मणहरू नै हुन् । ब्राह्मणहरूको इसापूर्व छैठौं शताब्दी युगको सम्पूर्ण उत्तर–भारत राष्ट्रमा शक्ति विस्तार भएको थिएन । त्यसकारण तिनीहरूले समर्थन गरेको जातिवाद पनि वर्तमान युगमा जस्तै शक्ति सामर्थ्यले प्रबल भएका थिएनन् । यो तथ्य इसापूर्व छैठौं शताब्दीभन्दा अगाड़ि प्रादुर्भाव भइसकेका पुराना ब्राह्मण ग्रन्थहरूमा स्पष्ट छ । ती ग्रन्थहरू-को भनाइ अनुसार जातिवादलाई आचरण गर्ने राष्ट्रहरू पश्चिमोत्तर राष्ट्रहरू (कुरू राष्ट्र र पञ्चाल राष्ट्र) थिए । बुद्ध उत्पन्न भएको गंगानदीको मध्य भागमा रहेको मगधराष्ट्र र कोशलराष्ट्र आदि राष्ट्रहरू जातिवादलाई गौरव र मान्यता

download from : https://www.dhamma.digital

दिने राष्ट्रहरू थिएनन् । तसर्थ ब्राह्मणहरूको एक ग्रन्थले त ब्राह्मण कुलपुत्रहरू ती राष्ट्रका प्रदेशहरूतिर जान पाइँदैन, गएमा दण्ड अपराध भोग्नुपर्नेछ भनी भनिएको छ ।

अवश्य हो; पालिपिटक र अन्य बुद्ध वाङ्मयमा मध्य देशका भारतीयहरूको जातिवादप्रतिको रूढीपनालाई देखाउने साधक प्रमाणहरू छन् । सोणदन्त ब्राह्मण भगवान् बुद्धकहाँ जान लाग्दा मित्र ब्राह्मणहरूले उनी जस्तो उच्च जातको व्यक्ति क्षत्रीयवंशी श्रमण गौतम कहाँ जान योग्य छैन भनी रोकेका थिए । (दी. नि. सोणदन्त सुत्त) । विडूडभ (विडडूभ) र शाक्यहरूका बीच युद्ध हुनु जातिवादप्रतिको रूढीपनको कारणले हो । तर जातिवादका नियमहरू कुनै कुनै स्थलहरूमा कडा छैनन् । उदाहरणको रूपमा जातिवादलाई कडाईका साथ आचरण र पालन गर्ने व्यक्तिले आफ्नो परम्परागत काम धन्दा बाहेक अरू काम धन्दाहरूलाई छोड्नु पर्दछ । त्यसो भएतापनि जातक अर्थकथामा आएको कुस राजले प्रभावती राजकुमारीलाई रूचाएको कारणले वीणा-वादक कुम्हाले वंशकार माली भान्छेको काम गरेको थियो । महोसध जातकमा श्रेष्ठीपुत्र महोसधले कुम्हाले र सुजिकार कामद्वारा जीविका गरे, अन्य जातकहरूमा व्यापारी ब्राह्मण ब्याधा बनी जीविका गर्ने ब्राह्मण धनुषकारको चेला हुने ब्राह्मणहरूको विषय समावेश थिए ।

मध्य देशमा ब्राह्मणहरूको शक्ति विस्तार नहुनु

download from : https://www.dhamma.digital

जातिवाद सुदृढ र शक्तिशाली नहुनु क्षत्रीयहरूको कारणले हो। क्षत्रीयहरूले जाति अभिमान राखी ब्राह्मणहरूलाई उच्च जात भएको रूपमा समर्थन गर्दैनन्। ख्यातिप्राप्त पुष्करसाति ब्राह्मणले पठाएको कारणले अम्बट्ठमाणवक शाक्यहरूको संस्थागारमा जाँदा शाक्यहरूले उनलाई रहने बस्ने ठाउँ नदिइकन उपहास र अपमान गरे। दी. नि. अम्बट्ठ सुत्त)। त्यसबेलाको मध्य देश क्षत्रीयहरूको प्रभुत्व जमेको देश थियो। वास्तवमा ब्राह्मणहरू र क्षत्रीयहरू सधैं पारस्परिक उपकार-बाट मुक्त हुन सकेका थिएनन्। ब्राह्मणहरूले क्षत्रीयवंशी राजाहरूलाई अभिषेक दिनु पर्दछ। अन्य क्रियाकलापहरूमा सरसल्लाह दिनु पर्दछ। राजाहरूले पनि उनीहरूसंग विचार विमर्श गर्दछन्; दान प्रदान गरी संग्रह र उपकार गर्दछन्। यस प्रकारको परिस्थितिमा ब्राह्मणहरू र उनीहरूको जातिवाद प्रभावकारी र शक्तिशाली भएर आउन सजिलो थिएन।

त्यसरी असिजिलो भएतापनि जातिवाद मध्य देशमा शनैः शनैः फैलिन लागेको कारणलाई त पिटकमा आएको बुद्ध र जातिवादमा आशक्ति भएका ब्राह्मणहरूको वादविवाद र तर्क वितर्कहरूद्वारा बुझिन्छ। ब्राह्मणहरू प्रभावकारी शक्तिशाली नभएता पनि तिनीहरूलाई श्रद्धा प्रसन्न र गौरब राख्ने व्यक्तिहरू पनि केही मात्रामा हुन सक्ने छन्। त्यसो भएर धम्मपद पालि ब्राह्मण वर्गमा सच्चा ब्राह्मण जातिवाद र लौकिक मंगल कार्यहरूमा आशक्ति नभइकन शीलाचरणले श्रेष्ठोत्तम भएको कारण बुद्धोपदेशित धेरै गाथाहरू उल्लिखित

download from : https://www.dhamma.digital

छन् । वास्तवमा ब्राह्मणहरू बीज शक्ति कम्सल र हीन भएका होइनन् । बुद्धकहाँ भिक्षु श्रमण हुने व्यक्तिहरूमा धेरै धेरै ब्राह्मणहरू सम्मिलित छन् । आयुष्मान् सारिपुत्र आयुष्मान् महाकाश्यप आदि बुद्धका महाश्रावकहरू ब्राह्मणहरू थिए ।

वास्तवमा बुद्धवाद ब्राह्मणवादलाई पृष्ठभूमि बनाई प्रादुर्भाव भएर आएको वाद हुनाले ब्राह्मणहरूको धार्मिक विचारधारा र सिद्धान्तहरूलाई अध्ययन गर्नु आवश्यक छ ।

पुराना आर्यहरूले सूर्य, वरुण, इन्द्र र अग्नि आदि प्राकृतिक विश्व अलंकारहरूलाई पूजा गर्छन् । तिनीहरूले मान्ने पूजाआजा गर्ने भगवान्हरूलाई देव भनिन्छ । तिनीहरूको सिद्धान्त र चालचलन विधि व्यवहारलाई पौराणिक वेद ग्रन्थहरूमा उल्लेख गरिराखेको छ । वेदहरूमा ऋग्वेद सबभन्दा पुरानो वेद हो । ऋग्वेदमा ईश्वरको गुणलाई स्तुति गरिराखेका काव्यहरू र आर्यहरूले आफ्ना जातिहरूका अतीत घटनाहरू सम्पूर्णलाई रचना गरिराखेका काव्यहरू समावेश छन् । दोश्रो वेद सामवेद हो । आर्यहरूले मध्य एशियामा रहिरहँदा सोम नाम भएको रूखबाट उपलब्ध सोमरसलाई रूचाउँने छन् । त्यस सोमरसको मालिक सोमदेवलाई पूजा आजा गर्छन् । सामवेद सोमदेव सम्बन्धी काव्य समूह हो । तेश्रो वेद यजुर्वेदमा ईश्वर भगवानहरूलाई उद्देश्य गरी गर्नुपर्ने यज्ञपूजा अनुष्ठानहरूमा पूजा प्रार्थना गर्नुपर्ने काव्य समूह र गद्यहरू समावेश छन् ।

download from : https://www.dhamma.digital

उपर्युक्त त्रिवेद अतिरिक्त अथर्ववेद नामक एउटा वेद पनि छ। त्यो वेद पहिला त्रिवेद प्रादुर्भाव भइसकेपछि केही समय बित्दा प्रादुर्भाव भएर आएको वेद हो। त्यो वेदमा बोक्सी, भूत, प्रेत पिशाच र मिथ्यादेवताहरूको कारणले हुने रोगहरूलाई निको पार्ने गाथा मन्त्रहरू र कार्यसिद्धि आदि अनेकौं सिद्धिहरू सिद्ध गरिने गाथा मन्त्रहरू उल्लिखित छन्।

पालिपिटकमा प्रथम त्रिवेदलाई मात्र उल्लेख गरि-राखेता पनि दीघनिकाय ब्रह्मजालसुत्तलाई आधार प्रमाण मानी बुद्धकालीन अवस्थामा अथर्ववेद ग्रन्थमा आएका लौकिक विद्याहरूलाई आशक्त हुने विश्वास गर्ने व्यक्तिहरू थुप्रै रहेको कुरा बुझिन्छ। त्यो सूत्रमा "कुनै कुनै श्रमण ब्राह्मणहरू मानिस-लाई विश्वास गरी दान प्रदान गरेको खाद्य भोज्य उपभोग परिभोग गरी सुगति स्वर्ग निर्वाणगामि आचरणसित विरोध भई मिथ्या आजीविका भएका विद्याहरूद्वारा जीविका गर्दछन्" भनी आएको छ। त्यसपछि ती विभिन्न विद्याहरू-लाई विस्तृत रूपमा उल्लेख गरिराखेको छ। ती हुन् अंगविद्या र भूतविद्या मृगलक्षणविद्या, देवाराधनाविद्या, सूर्य आराधना विद्या, मुसिक छिन्न विद्या र स्वप्नपाठ विद्या आदि हुन्। त्यो तालिकामा अभूत विद्याहरू जस्तो कि भूमिलक्षण विद्या, मुखबाट आगो निस्कने विद्या, ऐनामा देवता साधना गर्ने विद्या र हातको इशाराले मन्त्र साधन गर्ने विद्या आदि समावेश भइराखेकोले आजको जमानामा नृशास्त्री प्रज्ञाविद्-हरूको निमित्त दिलचस्पी बढाउने विषयहरू हुन सक्नेछन्।

download from : https://www.dhamma.digital

वैदिक युगमा भारतीयहरूको धर्म वर्तमान जीवन राम्रो पार्ने विषयलाई प्राथमिकता दिने प्रकारको धर्म हो। तिनीहरूले पुनर्जन्म हुने परलोकको कारणलाई गम्भीर रूपमा विचार गर्दैनन्। मरणपछि सत्पुरुषले सदैव सुख अनुभव गर्न पाई असत्पुरुषले सदैव दुःख अनुभव गर्नुपर्छ भन्ने विश्वास राख्दछन्। मानिसले धेरै जन्म घुमिरहनु पर्छ भनेर धारणा राख्दैनन्। भवसंसार र कर्म नियामका सिद्धान्तहरू वैदिकयुग व्यतीत भइसकेपछि मात्र प्रादुर्भाव भएर आएका सिद्धान्तहरू हुन्।

त्यस युगका भारतीयहरूले यज्ञ अनुष्ठानको फलानिशंसलाई प्रगाढ रूपमा विश्वास गर्दछन्। ब्राह्मणहरूको एक प्रकारको यज्ञ अनुष्ठान उत्सवको विषयलाई दीघनिकाय कूटदन्तसुत्तमा उल्लेख गरिराखेको छ। यज्ञ अनुष्ठान उत्सव मनाउँदा प्रत्येक रितिस्थिति, नियम नीति यथावत् र सही हुन अत्यन्त जरूरी भई एक न एक क्षेत्रमा अलिकति पनि भूल वा खलल परेमा यज्ञ अनुष्ठान निरर्थक हुन्छ। त्यसकारणले ब्राह्मणहरूले दक्षिणा लिई यज्ञ पूजा अनुष्ठानहरूलाई रेखदेख र प्रबन्ध गर्नुपर्छ। ब्राह्मणहरूले दक्षिणा सम्बन्धमा सुनिश्चित नियमहरू निर्धारित गरी नियम बमोजिम क्रूरतापूर्वक माग गर्छन्। तिनीहरूलाई मूल्यवान् वस्त्र गौरु भैंसी अथवा सुन दिनुपर्छ। सुनप्रति तिनीहरूमा सबभन्दा बढी आशक्ति रहन्छ।

ब्राह्मणहरूको ठूलो लोभ लालच मानिसहरूको धार्मिक विचारधारालाई परिवर्तन र परिवर्धन गराउने एउटा कारण

download from : https://www.dhamma.digital

हो । कुनै कुनै प्रज्ञाविद्हरूले त वैदिक युग अन्त हुनै लागेको बेलामा इरानमा देखा परेको धार्मिक नेता जोरस्त्राका वादहरू पनि भारतमा फैलेर आई भारतीयहरूको धार्मिक दृष्टिलाई केही न केही रूपमा परिवर्तन गराए भनिन्छ । सबै ब्राह्मणहरू यज्ञ अनुष्ठानद्वारा धनोपार्जन गर्ने होइनन् । कुनै कुनै ब्राह्मण-हरूले कृषिकर्म आदि अन्य कार्यहरूद्वारा जीविकोपार्जन गर्छन् । कुनै कुनैले गृहत्याग गरी सत्य धर्मको खोजी गर्छन् । ५५० जातक कथावस्तुहरूमा ऐश्वर्य सम्पत्तिलाई त्यागी गृहत्याग गरी ध्यान धर्म उद्योग र अभ्यास गर्ने ब्राह्मणहरू र क्षत्रीयवंशी राजा अमात्य सेनापतिहरूको विषयलाई हामीले पढ्न पाइन्छ । त्यसरी ज्ञान दृष्टि परिपक्व भएका व्यक्ति-हरूले यज्ञ अनुष्ठानको फलानिशंसप्रति र वेद ग्रन्थमा आएका कुराहरूप्रति संशय भएकोले सत्य धर्मको खोजीनीति र विचार विमर्श गरेर आए । तिनीहरूको धार्मिक धारणाहरूलाई उप-निषद् नामक ग्रन्थहरूमा उल्लेख गरिराखेको छ ।

उपनिषद् ग्रन्थहरूको कथन अनुसार संसारमा ब्रह्मा अर्थात् परमात्मा नै परमार्थ हिसाबले सुनिश्चित रूपमा विद्यमान छ । पानीमा भएको नून एकै ठाउँमा नरही सर्व ब्याप्त भइरहे जस्तै परमात्मा पुद्गल सत्व सबैमा व्याप्त रहेको छ । आगोको राप ताप आगोबाट निस्के जस्तै सम्पूर्ण सत्व परमात्माबाट निस्केको हो । पांग्राको सम्पूर्ण आडहरू नाभीमा केन्द्रित भए जस्तै देव मनुष्य सम्पूर्ण सत्त्व परमात्मा-मा केन्द्रित छ । तर परमात्मा सर्वश्रेष्ठ सर्वोत्तम भएकोले

download from : https://www.dhamma.digital

यसको परमार्थ गुणांगहरूलाई मानवज्ञानले कल्पना र चिन्तन गरे पनि केही थाहा पाउन सकिने छैन । यो अचिन्तेय्य भएकोले उपनिषद् ग्रन्थकार आचार्यहरूले यस्तो होइन; त्यस्तो होइन भनेर मात्रै अवरोध गर्दछन् ।

संसारमा परमात्मा बाहेक अन्य केही छैन । भएभरका सजीव निर्जीव तत्वहरू माया मात्र हो । अर्को शब्दमा भन्ने हो भने मानिसको दृष्टि भ्रमले गर्दा अवश्य प्रकट छ भनी मिथ्या विचार गरिरहेका हुन् । परमार्थद्वारा प्रकट भइरहेका विषयहरू होइनन् । परमात्मा जस्तो नित्य ध्रुव असंस्कृत धातु नभई विपरीत र परिवर्तन हुने स्वभाव छ । स्थावर सुखबाट अलग्ग भई दुःखसित सँधैं गाँसिएका छन् ।

मानिस ब्रह्मा (वा) परमात्मासँग संगम नभई छुटि-रहेको कारणले अनेकौं जन्म संसारमा विचरण गरिरहनु-परेको छ । मानिसलाई भवसंसारमा बाँधि राख्ने धर्मद्वय कामतृष्णा र कर्म कारण धर्म हो । मानिसले आफूले गरेको कर्मले निर्धारित गरिए अनुसार भवसंसारमा विचरण गर्नु-पर्दछ । दुष्कर्म गर्ने व्यक्ति मरणपछि अपायभवमा सरुवा भई सुकर्म गर्ने व्यक्ति सुगतिमा पुग्छ ।

त्यसो भएतापनि मानिस कुशल कर्म गरेर मात्र सांसारिक दुःखबाट मुक्त हुन सक्ने होइन । वेदहरूलाई पाठ पूजा गर्ने यज्ञ अनुष्ठान गर्ने आदि कार्यहरू पनि सांसारिक बाढीबाट मुक्त हुनुको निमित्त निरर्थक छ । मानिसले मनुष्य

download from : https://www.dhamma.digital

सुख ऐश्वर्य दिव्य सुख ऐश्वर्य जति अनुभव गर्न पाइएता पनि मूल प्रमुख भएको ब्रह्मासित पुनर्बार संगम भएमा मात्र जाति जरा मरण भयबाट दूरस्थ स्थावर सही सुख लाभ गर्नेछ। तर्सर्थ भवसंसारमा संयोजित कामतृष्णालाई प्रहीण गर्नु आवश्यक छ। तृष्णालाई प्रहीण गर्न ज्ञान महत्वपूर्ण छ। मानिसले आफ्नो मूल प्रमुख भएको ब्रह्मालाई विपश्यना ज्ञानद्वारा देख्ने बुझ्ने गरी अभ्यास र उद्योग गर्नुपर्छ। त्यसरी अभ्यास र उद्योग गरेर प्रज्ञाज्ञान परिपक्व भएर आउँदा तृष्णाको बन्धन र संयोजनबाट छुट्टिन पाई भवसंसारको चक्र अवश्य टुक्रिने छ ।

उपर्युक्त तथ्यहरू उपनिषद् ग्रन्थमा आएको ब्राह्मणवादको संक्षिप्त विवरण हो। ब्राह्मणवाद कुनै कुनै क्षेत्रहरूमा बुद्धवादसित एकदम मिलेको विषय पाठक वर्गहरूले याद गर्न सकिने कुरा हो। पालिपिटकमा उपनिषद् ग्रन्थमा आएका कुनै कुनै सिद्धान्तहरूलाई देखिएको कारणले केही प्रज्ञाविद्हरूले बुद्धवाद ब्राह्मणवादको हांगाबिंगा हो भनी धारणा राख्दछन् । तर पालिपिटकमा ब्राह्मणहरूको प्राथमिक प्रधान वाद भएको परमात्मावादलाई बिल्कुल उल्लेख गरी नराख्नु विचारणीय कुरा छ।

दीघनिकाय ब्रह्मजाल सुत्त र सामञ्ञफल सुत्तहरूमा बुद्धकालीन भारतीय वादहरूलाई उल्लेख गरिएको छ। ती सुत्तहरूमा उपनिषद् ग्रन्थमा आएको परमात्मा सिद्धान्त देखा पर्दैन। तेविज्ज सुत्तमा एउटा ब्राह्मणले ब्रह्मासँग संगम हुन

download from : https://www.dhamma.digital

सक्न मार्ग निर्देशन गर्ने विषयमा बुद्धलाई निवेदन गरेको थियो । त्यो सुत्तमा आएको ब्रह्मा उपनिषद् ग्रन्थमा आएको ब्रह्मासित अर्थ अभिप्रायमा फरक छ । उपनिषद् ग्रन्थमा आएको "ब्रह्म" पद ब्रह्मविहार, ब्रह्मचरिय, ब्रह्मचक्क आदि पालिमा सम्मिलित ब्रह्मसँग अभिप्राय सामीप्य रहेको छ । सर्वश्रेष्ठ सर्वोत्तम अर्थवाची हो । वास्तवमा ब्रह्मा भन्ने पालि पद नपुंसक लिङ्ग "ब्रह्म" बाट जीव प्रवेश गरी पुल्लिग रूपमा परिवर्तन भएर आएको पालि पद हो ।

जे होस्, उपनिषद् ग्रन्थहरू इसापूर्व आठौं र छैठौं शताब्दी बीच बुद्धवाद प्रादुर्भाव हुनु भन्दा अगाडि प्रादुर्भाव भई बुद्धवाद भन्दा पूर्ववर्ती हुन् भन्ने प्रज्ञाविद्हरूको धारणा छ । पूर्ववर्ती भएको कारणले उपनिषद् ग्रन्थहरूले पालिपिटक जस्तै भारतमा विकास भएर आएको शहर निवासी मानिस-हरूको विषयलाई उल्लेख नगरी ग्रामीण जनजीवनको परिस्थितिलाई उल्लेख गरेका छन् भनी प्राध्यापक Prof. Oldenberg ले भनेको छ । बुद्धकालीन युगमा मध्यम देश निवासी भारतीयहरूले बुद्धोपदेशित कर्म–धर्म अनित्य दुःख धर्म आदि धर्महरूलाई कुनै संशय नराखी सजिलैसित स्वीकार र विश्वास गर्नु बुद्धोत्पाद भन्दा अगाडि मध्य देशमा ती धर्महरू प्रसार भइरहेको कारणले हुन सक्छ । त्यसो भएमा मध्य देशमा ती धर्महरू प्रसारित भइरहनु उपनिषद् ग्रन्थमा आएको ब्राह्मणवादको कारणले नै हो कि भनी विचार गर्नु योग्य छ ।

download from : https://www.dhamma.digital

वेद, ब्राह्मण र उपनिषद् आदि पौराणिक भारतीय धार्मिक ग्रन्थहरूलाई अध्ययन गरिसकेको व्यक्तिले पुराना ब्राह्मणहरूप्रति निःसन्देह ठूला ठालू सम्झिने छ । ब्राह्मणहरू मात्र पौराणिक धार्मिक क्षेत्रमा प्रकट भएका व्यक्तिहरू हुन् । मानिसहरूको आस्था र गौरव प्राप्त गर्ने हुन् भनी धारण गर्नेछन् । Dr. Rhys Davids, Prof. Bhandarkar आदि आधुनिक युगका प्रज्ञाविद्हरूले त त्यसरी धारण गर्दैनन् । Prof. Bhandarkar ठूलो जातको ब्राह्मणवंशी एक भारतीय प्रज्ञाविद् हो । त्यसो भएतापनि वहाँले ब्राह्मणहरू पौराणिक भारतीय धार्मिक क्षेत्रमा प्रकट भएका व्यक्तिहरू होइनन् भनी सुदृढ पौराणिक भारतीय शिलालेखहरूलाई साधक प्रमाण देखाउनु भएको छ ।

ती शिलालेखहरूको कथन अनुसार भारतमा क्राइष्ट-को प्रादुर्भाव पछि इ. सं. दोश्रो शताब्दी युगतिर पुग्दामात्र ब्राह्मणहरूलाई खेतबारीहरू दान गरेको विषय जान्न पाएको छ । इ. सं. तेश्रो शताब्दीतिरका शिलालेखहरूमा पनि त्यस्तै किसिमका साधक प्रमाणहरू देख्नमा आएका छन् । चौथो शताब्दी युगतिर र त्यसपछिको युगतिरका शिलालेखहरूमा भने मानिसहरूले ब्राह्मणहरूलाई ग्रामहरू र खेतबारीहरू दान गरेको साधक प्रमाण थुप्रै समावेश छन् । तर इसापूर्व ३०० देखि इ. सं. १०० सम्मको समयभित्र भने ब्राह्मणहरूलाई शिलालेखहरूले बिल्कुल उल्लेख गरेका छैनन् । राजा, राज-कुमार, मन्त्री, अमात्य, साहू, महाजन र व्यापारीहरूको

download from : https://www.dhamma.digital

दानहरूलाई अंकित गरिराखेका शिलालेखहरू भएतापनि ब्राह्मणहरूलाई दान दिएको बारेमा कुनै अंकित लेखहरू देखापर्दैनन् । यो तथ्यलाई आधार मानी ब्राह्मणहरू त्यस युगका ख्यातिप्राप्त धार्मिक नेताहरू नभएका कारणलाई जान्न सकिन्छ । तिनीहरू त्यस युगमा समेत धार्मिक क्षेत्रमा ख्याति प्राप्त थिएनन् भने त्यो युग भन्दा अगाडि इसापूर्व सातौं छैठौं शताब्दी कालतिर त झन् अनभिज्ञ भएका व्यक्तिहरू थिए होलान् भनी धारणा राख्न सकिन्छ ।[1]

त्यसकारण बुद्ध उत्पन्न हुनु भन्दा अगाडि मध्यम देशमा उत्पन्न भइसकेका धार्मिक सिद्धान्तहरू ब्राह्मणवादमा समावेश भएतापनि ब्राह्मणहरूले मात्र आविष्कार गरी कथित सिद्धान्तहरू नभई क्षत्रिय प्रज्ञाविद्हरूबाट पनि क्रमशः प्रचार प्रसार भएका सिद्धान्तहरू हुन सकिन्छ । ब्राह्मणहरू मध्य देशमा शक्तिहीन दुर्बल भई पछिको समयमा प्रादुर्भाव भएका बुद्धवादी भिक्षु श्रमणहरू जैनवादी साधु श्रमणहरू जस्तै संगठित पनि थिएनन् । त्यस अतिरिक्त इसापूर्व छैठौं शताब्दी युगतिर भारतको मध्य देशमा रहेका मानिसहरूले स्वतन्त्र रूपमा प्रवचन र छलफल गर्ने गर्थे । स्वतन्त्र रूपमा विचार विमर्श गर्ने गर्थे । स्वतन्त्र रूपमा विश्वास गर्नु प्रवचन गर्नुलाई कुनैपनि राजा कुनै पनि सभा समितिहरूले बाधा अडचन रोकटोक लगाउँदैनथे । पुरानो युगमा भारतको भन्दा सभ्यता संस्कृतिको श्रेणीस्तर तल नपरेको ग्रीस राष्ट्रमा दर्शनाचार्य

1. Rhys Davids, "Buddhist India", P. 64.

download from : https://www.dhamma.digital

Socrates ले आफ्नो विश्वास अनुसार प्रवचन दिन लागेकोले प्राणदण्ड भोग्नु परेको थियो । इसापूर्व छैठौं शताब्दी युगको भारतमा त्यस्तो साधक प्रमाण पाइँदैन । अवश्य हो, त्यस युगका भारतीयहरू मानव इतिहासमा सबभन्दा बढी धार्मिक स्वतन्त्रता प्राप्त मानव जातिहरू थिए । यस्तो परिस्थितिमा एक जातिले धार्मिक क्षेत्रमा आधिपत्य जमाउन असम्भव थियो ।

वास्तवमा इसापूर्व छैठौं शताब्दीको युग भारतीय इतिहासमा मात्र होइन, विश्व इतिहासमा समेत विशिष्ट युग थियो । त्यस युगमा विश्व मानवका धार्मिक विचारधारा केही न केही रूपमा परिवर्तन हुँदै आइरहेको थियो । परिवर्तन एउटा राष्ट्रमा मात्र देखापरेको थिएन । त्यस युगमा चीनमा Lao-tze र Confucius नामका प्रज्ञाविद्हरू प्रादुर्भाव भए । Lao-tze ले मानिसहरूलाई चित्तलाई दमन गरी शान्तिको खोजी गर्न प्रेरणा दिई Confucius ले आफ्ना नागरिकहरूलाई मानव व्रताचरणको व्याख्यान गरे । ग्रीस राष्ट्रमा दर्शनाचार्य Pythagoras ले भवसंसारको विषय, पशुप्राणीहरूको मांस भक्षण गर्न अयोग्य भएको विषयमा व्याख्यान गरे । यसरी चीन र ग्रीसमा नयाँ धर्महरू प्रादुर्भाव भइराखेको बेलामा भारतको उत्तरी क्षेत्रमा मानिसहरूले स्वतन्त्र रूपमा विचार विमर्श गरी धार्मिक सिद्धान्तहरूमा हलचल र परिवर्तन ल्याउन खोजिरहेका थिए ।

भारतमा इसापूर्व छैठौं शताब्दी अघि नै कुनै कुनै

download from : https://www.dhamma.digital

मानिसहरूले गृहत्याग गरी धर्मको आचरण अभ्यास र उद्योग गरिरहेका थिए । बौद्ध जातक निपात ग्रन्थहरूमा बुद्धोत्पाद भन्दा अगाडि सुख ऐश्वर्य वैभव त्यागी गृहत्याग गर्ने व्यक्तिहरूका विषय संलग्न छन् । गृहत्याग गर्नुमा जाति गोत्र कुलवंश उमेरसित कुनै सम्बन्ध थिएन । गृहत्यागीहरू मध्येमा राजा राजकुमार र चण्डालहरू पनि (उदाहरणार्थ बोधिसत्त्व मातंग) समावेश थिए । कुनै कुनै व्यक्तिहरू (उदाहरणको रूपमा सुवण्णसाम जातकमा दुकूल र पारिका) सपरिवार गृहत्याग गरी ऋषि श्रमण भएका थिए ।

तो ऋषिहरूका आचरण पद्धतिहरू बेग्ला बेग्लै थिए । कुनै ऋषिहरूले वेद ग्रन्थहरूको स्वाध्याय र पूजा पाठ गर्दथे । कुनैले त अग्नि पूजा गर्ने उरुवेल काश्यप ऋषिहरू जस्तै आ–आफूले विश्वास र मन पराउने विषयको सेवा र पूजा गर्थे । कसैले ध्यान भावना बृद्धि गरी संसार वर्त दु:खबाट मुक्त हुन प्रयास गर्थे । कसैले भने आफ्ना शरीरलाई सासना र यातना दिई सत्य धर्मको खोजी गर्थे ।

आफ्नो शरीरलाई सास्ति गर्ने आचरण पूर्व प्रवेणीदेखि नै भारतमा प्रादुर्भाव भइसकेको आचरण हो । यसलाई अभिलक्षित गर्ने शब्द "तप" लाई ऋग्वेद ग्रन्थको पछिल्लो भागमा देखिन्छ । त्यसबेलाको त्यो आचरण पद्धतिको उद्देश्य ऋद्धि सिद्धि लाभ गर्नु थियो । पछि देखापर्न आएका ब्राह्मण ग्रन्थहरूले त त्यो आचरण पद्धति देवताहरूको आचरण

download from : https://www.dhamma.digital

पद्धति हो । त्यो आचरण पद्धतिद्वारा धेरै जसो ईश्वर देवता-हरूले संसारको सृष्टि गरेका थिए भन्छन् । यसरी त्यो आचरण पद्धति यज्ञ याजन कर्म भन्दा पनि बढी महत्वपूर्ण भएर आएको देखिन्छ । तर त्यस युगमा त्यो आचरण पद्धतिको विषयलाई ग्रन्थहरूमा सूक्ष्मरूपमा विवरण गरिराखेको थिएन । ती आचरण पद्धतिहरू बुद्धकालीन अवस्थामा मात्र प्रकारान्तर वृद्धि भई प्रकट भएर आएका जस्ता देखिन्छन् ।

दीघनिकाय कस्सप सीहनाद सुत्तमा बस्त्र नलगाई आचरण गर्ने कस्सप आजीवकले बुद्धलाई आफ्ना क्लिष्ट आचरणहरू बारेमा बताएको थियो । ती आचरणहरू आहार-लाई एकदिन बिराई दुइदिन बिराई हप्ताको एक दिन महीनाको एकदिन खानु, छालाको टुक्रा, क्याउ, भूस, घाँस, गोबर, मल खानु; पानी नपिइ बस्नु; लाशबाट झिकेको बस्त्र, काठको फल्याकबाट बनेको बस्त्र, मृग चर्म लगाउनु; किलाको खटिया, काठको फल्याक, भुँइमा बस्नु सुत्नु सधैंभरि उभिइरहनु र सधैंभरि कक्रेर बस्नु आदि नै हुन् । मज्झिम-निकाय कुक्कुरवतिक सुत्तमा त कुक्कुर जस्तै आचरण गर्ने आजीवक गाई गोरू जस्तै आचरण गर्ने आजीवकहरूको विषय उल्लिखित छन् ।

आफ्नो शरीरलाई सास्ति गर्ने आचरण भारतमा मात्र देखापरेको होइन । एस्कीमो जूलू आदि आदिकल्पिक

download from : https://www.dhamma.digital

मानिसहरूले पनि एक न एक महत्वपूर्ण काम गर्नु अघि आहारसेवन नगर्नु मैथुनबाट अलग्ग रहनु आदि क्लिष्ट कामहरू गर्ने बानी रहेको विषय नृशास्त्रका ग्रन्थहरूमा आएका छन् । पुरानो ग्रीसमा डाइओजीनी नामक दर्शनाचार्यले कुक्कुर जस्तै रहनु बस्नु खानपान गर्नु गरेको थियो । युरोपको मध्ययुगमा कुनै कुनै क्रिश्चियन धर्मावलम्बीहरूले आफ्ना शरीरलाई रक्ताम्य पार्ने गरी कुटपीट गरेर आचरण गर्ने गर्थे । ती क्रिश्चियनहरूले आफ्ना दुश्चरित्र अपराधको निमित्त दण्ड भोग्न त्यसरी आचरण गर्ने भएर आफ्नो शरीरलाई आफैले सास्ति गर्ने निर्ग्रन्थहरूसित उद्देश्यमा एकनाश देखिन्छ । प्रायः भारतीय योगीहरूमा त निर्ग्रन्थहरूको जस्तो धारणा छैन । तिनीहरूले मानसिक शक्ति सामर्थ्यद्वारा दुःखलाई सहन गर्न सकिन्छ भने ऋद्धि सिद्धि लाभ हुनेछ; ऋद्धि सिद्धि लाभ नभए पनि सत्य धर्मलाई एक न एक दिन दर्शन र बोध हुने छ भनी विश्वास गर्ने गर्छन् । वास्तवमा तिनीहरू साधारण मानिसहरूले गर्न नसक्ने कामहरू गर्न सक्ने व्यक्तिहरू भएकाले तिनीहरूलाई पुराना भारतीयहरूले आस्था राख्नु र सम्मान गर्नु अचम्मको कुरा थिएन र होइन पनि ।

योगी ऋषि जस्तो नभई अन्य मार्गाचरणद्वारा सत्य धर्मको खोजी गर्ने व्यक्ति परिब्राजकहरू हुन् । परिब्राजकहरूले एक ठाउँबाट अर्को ठाउँमा विचरण भ्रमण गरी धार्मिक समस्याहरूमाथि वादविवाद र छलफल गर्ने गर्छन् । बुद्ध

download from : https://www.dhamma.digital

वाङमयमा परिव्राजिकाहरूको विषय पनि पढ्न पाइन्छ। परिव्राजकहरू बुद्धकालीन अवस्थामा मात्र देखा पर्न आएका होइनन् । एउटा ब्राह्मणग्रन्थमा त आफ्नो सिद्धान्तलाई निराकरण गर्न सक्ने व्यक्तिलाई एक सुवर्ण कार्षापण दिने छु भनी घोषणा गरी विचरण गर्ने उद्धलक अरुनि नामकी एक परिव्राजिकाको विषय उल्लिखित छ। इसापूर्व छैठौं शताब्दी-युगमा त परिव्राजकहरू पहिले भन्दा पनि बढी देखा पर्न आए जस्तो देखिन्छ ।

योगी ऋषिहरूले दुःख कष्टलाई सहन सक्नुमा आत्माभिमानको अनुभव गरे जस्तै परिव्राजकहरूले अरूहरू प्रति वादारोपण गरी विजय प्राप्त गर्नुमा आत्माभिमानको अनुभव गर्ने गर्छन् । सच्चक परिव्राजकले "म चित्त नभएको वृक्षलाई समेत क्रमिक कुराद्वारा वादारोपण गरेमा त्यो वृक्ष तीव्र रूपले कम्पित हुने छ। उदाहरण स्वरूप बलवान् पुरुषले बोकालाई रौंहरू समाति यताउता हल्लाउने जस्तै म श्रमण गौतमलाई वादारोपण गरी यताउता तीव्र रूपले हल्लाउने छु" आदि भनी सिंहनाद गरे। (म. नि. चूलसच्चकसुत्त)। अरहन्त परिनिर्वाणपछि रहिरहन्छ कि रहिरहन्न; अथवा रहन्छ पनि न रहन्न पनि; अथवा रहन्न पनि नरहने होइन पनि ? इत्यादि प्रश्नहरूलाई आधार लिई परिव्राजकहरू कतिसम्म खोतली खोतली प्रश्न गर्न जानेका छन् भन्ने कुरा अवबोध गर्न सकिन्छ ।

पालिवाङ्मयमा आजीवक, मुण्ड श्रावक, जटिलक,

download from : https://www.dhamma.digital

देवधर्मिक गौतमक आदि ऋषि अथवा परिब्राजक संगठनका नामहरू उल्लिखित छन् । आजीवकहरू बुद्ध प्रादुर्भाव हुनु भन्दा अगाडि भारतमा देखा परिसकेका थिए । तिनीहरूको संगठन सम्राट अशोकका नाति दशरथ राजाको पालासम्म लगातार स्थिर भई त्यस राजाले तिनीहरूको बसोबासको निमित्त स्थान बनाइदिएको कुरा शिलालेखहरूबाट जान्न सकिन्छ । गौतमकहरू देवदत्त गणीहरू हुन् भनी Dr. Rhys Davids धारणा राख्दछ । देवदत्तको गण बुद्ध परिनिर्वाण पछिसम्म पनि लगातार स्थिर रहने सम्भावना छ । किनभने एक हजार वर्ष जति बिति सक्दा इ. सं. ५०० शताब्दी भित्र चिनियाँ यात्री फाहियान भारत आइपुग्दा कोशल प्रदेशमा देवदत्त गणिकहरू देखिएको; तिनीहरूले गौतम बुद्धलाई बुद्धको रूपमा स्वीकार नगरी ककुसन्ध कोणागमन र काश्यप-हरूलाई मात्र बुद्धको रूपमा स्वीकार गरेको कुरा उनको यात्रा विवरणमा उल्लिखित छ ।

बुद्धको पालामा योगी ऋषि परिब्राजक सम्पूर्ण संगठनहरूका सिद्धान्तहरू र उनीहरूले तर्क वितर्क गर्ने धर्महरूको विषयलाई हामीले पूर्ण रूपमा जान्न पाएका छैनौं । सिद्धान्त र धर्म कथाहरूलाई लिखित रूपमा लेखेर नराखी कण्ठस्थ रूपमा धारण गरिराखेको हुनाले प्रायशः एक संगठन लोप भएर जाँदा त्यो संगठनको त्यो सिद्धान्त पनि लोप भएर जानु स्वाभाविक छ । तिनीहरूले छलफल गर्ने समस्याहरू आत्मा छ-छैन; जीव र स्कन्ध शरीर अलग अलग हो-होइन;

download from : https://www.dhamma.digital

परलोक छ-छैन आदि प्रश्नहरू हुन् । दीघनिकाय ब्रह्मजाल सुत्तमा ती सिद्धान्तहरूलाई सांकेतिक रूपमा उल्लेख गरिराखेको छ । सामञ्ञफल सुत्तमा पूरण कस्सप मक्खलि गोसाल आदि तैर्थिक आचार्यहरूका सिद्धान्तहरूलाई निकै व्यापक रूपमा उल्लेख गरिराखेको छ ।

ती सिद्धान्तहरू आधुनिक युगका कुनै कुनै सिद्धान्तहरूसित धेरै फरक पर्दैनन् । त्यस युगका कुनै कुनै धार्मिक गणिकहरूले ' वर्तमान युगमा ईश्वरलाई विश्वास गर्ने व्यक्तिहरूले जस्तै विश्वलाई सृष्टि गर्ने महाब्रह्मा छ भनी विश्वास गर्थे । पूरण कस्सपले कुशल अकुशल कर्म छैन भनी उपदेश दिने गर्छे । उनको विचार अनुसार शील समादान गर्नु, दान दिनु, निरर्थक छ । मक्खलिगोसालले त परलोक भएको सही भएतापनि मानिसहरू विना कारण नै त्यसै त्यसै उत्पन्न भएका हुन् भनी धारणा राख्दछ । मानिसले आफ्नो कर्म (भाग्य, नियति) लाई व्यवस्था गर्न सक्तैन । चाहे मूर्ख होस् चाहे विद्वान्, संसारमा धेरै धेरै जन्म विचरण गरी मुक्त हुने बेलामा मात्र मुक्त हुनेछ । अजितकेसकम्बल रूपवादी (भौतिकवादी) थिए । उनको सिद्धान्त कर्मको विपाक छैन, परलोक छैन, आमा छैन, बाबु छैन, सत्त्व चतुर्महाभूत समूह भई मरणपछि भव उच्छेद हुन्छ । संजय बेलट्ठपुत्तको सिद्धान्त कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरूको Agnosticism (अज्ञानवाद) सँग एकनास जस्तो देखिन्छ । उनी परलोक र कर्म विपाक आदि समस्याहरूको सम्बन्धमा

download from : https://www.dhamma.digital

केही उत्तर नदिइकन मौन रहन्छे ।

इसापूर्व छैठौं शताब्दी युगको भारतमा उपर्युक्त वादहरूभन्दा ख्याति प्राप्त महान्वादहरू जैनवाद र बुद्धवाद थिए । वास्तवमा ती वादद्वय वृद्धि र व्यापक हुनुमा तिनीहरूमा पूर्व प्रवेणीदेखि भारतमा रहेका योगी र परिब्राजकहरूको पद्धतिहरूबाट राम्रा राम्रा तथ्यहरू सम्मिलित भइराखेको कारणले थियो ।

बुद्धवादी श्रमणहरू र जैन श्रमणहरूले योगीहरूले जस्तै विवाह नगरी लाभ भएको मात्रले सन्तोष रही क्लिष्ट रूपमा आचरण गर्ने गर्छन् । तर उनीहरूको आचरण योगी-हरूको आचरण जतिको तीव्र छैनन् । बुद्धवादी श्रमणहरूले आफ्नो शरीरलाई आफै सास्ति गर्नुलाई विरमण गर्छन् । उद्देश्य ऋद्धि सिद्धि लाभ गर्न नभई संसारबाट मुक्त हुनु हो । तिनीहरूले परिब्राजकहरूले जस्तै एक ठाउँबाट अर्को ठाउँमा बिचरण गरी धर्मको छलफल र उपदेश दिने गर्छन् । बहुजनले स्वीकार र विश्वास गर्ने वादहरूलाई परिचालन र परीक्षण गर्छन् । तर तिनीहरू परिब्राजकहरू जस्तै जुनसुकै क्षेत्रमा पनि द्वन्द संशय भएका अथवा प्रज्ञाको अभिमानले अभिभूत भई परजनलाई वचनद्वारा दमन गर्न मौका खोजि-रहने व्यक्तिहरू होइनन् । संसारमा सत्य धर्म यथार्थ धर्म छ भनी विश्वास राख्छन् । संसार बर्त दु:खबाट मुक्त हुनको निमित्त धर्मकथा भनी बादबिवाद गरिरहनु भन्दा साँचै नै

download from : https://www.dhamma.digital

आचरण अभ्यास र उद्योग गरिरहनु बढी महत्वपूर्ण भएको तथ्यलाई पनि उनीहरूले बुझेका हुन्छन् ।

जैन धर्मलाई स्थापना गर्ने व्यक्ति पालिवाङ्मयमा निगण्ठनाटपुत्त नामले प्रख्यात छ । जैन साहित्यमा त उनको नाम महावीर हो । महावीर बुद्ध भन्दा उमेरमा अलि जेठो देखिन्छ । बुद्ध जस्तै क्षत्रीयवंशी भई वैशाली नगरमा जन्मेको हो । उमेर पुग्दा गृहत्याग गरी धर्मको आचरण अभ्यास र उद्योग गरी ईश्वरत्वमा पुग्नु भयो भनिन्छ । महावीरले वर्षाऋतुमा वैशाली, श्रावस्ती र राजगृह नगरहरूमा विहार गरी अन्य समयमा एक ठाउँबाट अर्को ठाउँमा विचरण गरी धर्म उपदेश दिनुहुन्छ । यसरी कोशल, मगध, विदेह र अंगप्रदेशहरूमा तीस वर्षसम्म विचरण गरी उपदेश दिंदै पावा नगरमा उहाँले यस संसार छोड्नु भएको थियो ।

महावीरले मनुष्य प्राणीहरूलाई उद्धार गर्न देवलोकबाट मनुष्यलोकमा आउनुभई माताको गर्भमा प्रतिसन्धि ग्रहण गर्नुभयो भनिन्छ । लक्ष्य र उद्देश्य अरहत्त मार्ग ज्ञानलाई प्राप्त गरी संसारबाट मुक्ति पाउनु थियो । उनले सर्वज्ञताज्ञान प्राप्त गरी सम्पूर्ण धर्मलाई त्यसै त्यसै निरवशेष रूपमा ज्ञानदर्शन गर्नुभयो भनी जैन धर्मावलम्बीहरूले विश्वास गर्दछन् ।

जैन धर्मको विचारधारा अनुसार मनुष्य प्राणीहरूको संसार वर्त दुःख जीव (वा) नामविज्ञान र अजीव (वा) रूप धर्महरू सम्मिलित भइरहेको कारणले हो । जीवले रूप

download from : https://www.dhamma.digital

धर्मको बन्धनद्वारा बाँधिराखेको अनुभव गरिरहनु परेको कारणले संसारमा चक्र घुमे जस्तै घुमिरहनु परेको हो। रूप धर्मको बन्धनबाट मुक्त हुन नयाँ कर्मलाई नबनाई पुरानो कर्मलाई बिनाश गरिदिनु अत्यावश्यक छ। तसर्थ जैन श्रमणहरूले आफ्ना शरीरलाई दया माया नराखी दुःख कष्ट र सास्ति गरे मात्र धेरै धेरै पूर्व जन्मका संस्कारित कर्मशक्ति घनत्व विनाश हुनेछ भनी विश्वास राख्दछन्। तिनीहरूका तीव्र कठिन चर्याहरूको बारेमा पिटकवाङ्मय (जस्तै कि–मज्झिमनिकाय देवदह सुत्त) मा उल्लिखित छ।

जैन धर्मले महाब्रह्मालाई वेदग्रन्थहरूलाई यज्ञ याजनको फल धर्मलाई र जातिवादलाई समर्थन गर्दैन। जैन संघ संगठनमा महिला श्रमणहरू पनि छन्। जैनवाद इसापूर्व छैठौं शताब्दीदेखि आजसम्म लगातार स्थिर भएर आएको एक भारतीय सिद्धान्त हो। इसापूर्व चौथो शताब्दी कालमा राजा चन्द्रगुप्तले जैन श्रमणभाव ग्रहण गरेको थियो। पुत्र बिन्दुसार राजाले थुप्रै जैन श्रमणहरूलाई दिनहुँ भोजनद्वारा सेवा गर्थे भनिन्छ। इसापूर्व प्रथम शताब्दीतिर जैन धर्म भारतको पूर्वी भाग उडिसाबाट पश्चिमोत्तर प्रदेश मथुरासम्म विस्तार र व्यापक भइसकेको थियो।

जैनवाद केही क्षेत्रहरूमा बुद्धवाद समान भई ती वादद्वय धेरै युग र समयमा अन्तर नभई अघिल्लो पछिल्लो भई प्रादुर्भाव भएर आएका वादहरू हुनाले परस्परमा सम्पर्क पनि सकभर रहन सक्नेछ। तर एक अर्कोसित कति हदसम्म

download from : https://www.dhamma.digital

सम्पर्क राखेर आएका थिए भनी सुनिश्चित रूपमा भन्न त मुश्किल छ। कुनै कुनै प्राथमिक धर्महरूमा अन्तर भएकोलाई पनि याद राख्नु उचित छ। कुनै कुनै प्रज्ञाविद्हरूले त बुद्धवादीहरूले पहिले पहिले शुरू शुरूमा जैनहरूको नमूना लिई पछि गएर भने जैनहरूको निपात कथनोपकथन उपदेश र आचरण पद्धतिमा बुद्धवादको आभास घुसे जस्तो देखिन्छ भनी धारणा राख्दछन्।

बुद्धकालीन समयमा भारतको मध्य देशमा रहेको ब्राह्मणवाद त्यति साह्रो प्रबल शक्तिशाली नभएको विषय, उपनिषद् ग्रन्थमा आएको ब्राह्मणवाद हो भनी धारणा राख्न गाह्रो परेको विषय माथि दर्शाइसकेको छु। पिटकवाङ्मयमा आएको ब्राह्मणवाद अग्नि पूजा गर्नु, यज्ञ अनुष्ठान गर्नु र गंगा नदीमा नुहाउनु आदि पुरानो ब्राह्मणवाद हो। त्यस अतिरिक्त ब्राह्मण ग्रन्थहरूमा बुद्धवादको विषयहरू देखा पर्दैनन्। तसर्थ गंगा नदीको मध्य भागमा रहेका बुद्धवादी-हरू र गंगा नदीको पश्चिमी भागको प्रदेशमा रहेका ब्राह्मणाचार्यहरूले एकको सिद्धान्त एकले प्रगाढ र सुनिश्चित रूपमा बुझे जस्तो देखिन्न।

पालिपिटकमा ब्राह्मणहरूले बुद्धवादी श्रमणहरूलाई दमन र तुच्छ गरी बोलेका धेरै कुराहरू आएका छन्। "यी मुण्डक श्रमणकहरू मलिन आचरण भएका हुन्। ब्रह्माको पाइतलाबाट उब्जेका हुन्" आदि भनी निन्दा र उपहास गर्छन्। (सलायतन संयुत्त लोहिच्चब्राह्मण सुत्त)

download from : https://www.dhamma.digital

बुद्धवादीहरूले पनि ब्राह्मणहरूलाई दमन र तुच्छ गरी बोल्छन् । "ब्राह्मणहरू यज्ञ अनुष्ठानको गन्धले यो ठाउँमा खानु पिउनु पाउनेछौं भनी डगुरेर आए जस्तै मलमूत्र खाने पशुप्राणीहरू मलमूत्रको गन्ध पाएर टाढैबाट दगुरेर आउँछन् ।" (म. नि. बालपण्डित सुत्त) । भगवान बुद्धको दृष्टि अनुसार ब्राह्मणहरू प्राचीनकालमा शील समाधि भएका व्यक्तिहरू भई पछि पछिको समयमा आचरण भ्रष्ट भएर आए । प्राचीन समयमा "ब्राह्मणहरू आफना वंशमा मात्र कामसेवन (सहवास) गर्छन् । ऋतुमती हुने बेलामा मात्र कामसेवन (सहवास) गर्छन् । स्त्रीहरूलाई बेच बिखन नगरी साँचैको प्रेम र ममता भएमा मात्र सहवास गर्छन् । धनधान्य सम्पत्ति सुन चाँदी थन्क्याउने बानी छैन । एकदिनको निमित्त मात्र आहारको खोजी गर्छन् । कुक्कुरहरूले समेत ती प्राचीन ब्राह्मणहरूले जस्तै आचरण गर्छन् । वर्तमान युगका ब्राह्मणहरूले त त्यसरी आचरण गर्दैनन् ।" (अं. नि. पञ्चक निपात) ।

त्यसरी भारतको मध्य देशमा ब्राह्मणहरू शक्तिशाली नभई मानिसहरूले स्वतन्त्र रूपमा चिन्तन मनन गरी अनेक प्रकारका धर्म सिद्धान्तहरू देखापर्न आई धार्मिक चिन्तन मननहरू परिवर्तन भई आन्दोलन मच्चिइराखेको बेलामा भगवान् बुद्ध उत्पन्न हुनु भएको थियो ।

★ ★ ★

download from : https://www.dhamma.digital

# खण्ड ४

## बुद्ध

### (क) पिटकबाट गौतम बुद्ध

बर्मा देशमा गौतम बुद्धको जीवनी सम्बन्धी विषय वस्तुहरूलाई रचना गरी उल्लेख गरिराखेको बर्मेली बुद्धवंस ग्रन्थहरू छन् । ती ग्रन्थहरूमा उल्लेख भएका तथ्यहरूलाई प्रायशः बुद्धवादीहरूले निरवशेष स्वीकार र विश्वास गरिने भएता पनि बुद्धको विषयलाई गहन र सुनिश्चित रूपमा जस्ताकातस्तै सही रूपमा परीक्षण र अध्ययन गर्न चाहने अन्वेषक प्रज्ञाविद्‌हरूको निमित्त त त्यसरी स्वीकार र विश्वास गर्न गाह्रो हुन्छ । अन्वेषक प्रज्ञाविद्‌हरूले थाई, बर्मेली, सिंहलीहरूको बुद्धवंसलाई शत् प्रतिशत् सुदृढ र सुनिश्चित प्रामाणिक बुद्ध जीवनी हो भनी स्वीकार्न चाहने छैनन् । वास्तवमा भन्ने हो भने प्राचीन परम्पराका विश्वास-हरूलाई आँखा चिम्ली स्वीकार नगरी प्रज्ञा ज्ञानद्वारा

download from : https://www.dhamma.digital

विभाजन र परिचालन गर्न चाहने बुद्धवादीहरूले समेत बुद्धवंस ग्रन्थमा आएका केही कुराहरू माथि द्वन्द संशय निःसन्देह राख्नेछ ।

त्यसकारण हामीले बुद्धजीवनीलाई सुदृढ प्रामाणिक र सही रूपमा जान्न चाहेमा बुद्धवंस ग्रन्थहरूद्वारा मात्र ढुक्क र सन्तोष नमानि बुद्धवंस ग्रन्थकार आचार्यहरूले आधार लिएका पालिपिटक र अर्थकथाहरूलाई अध्ययन गर्नुपर्नेछ । अर्थकथाहरू भगवान् बुद्ध परिनिर्वाण हुनु भई पाँच सय वर्ष जति बितिसकेपछि मात्र देखापर्न आएकाले भगवान् बुद्धको विषयलाई अन्वेषण गर्दा तिनीहरूलाई पालिपिटकहरूलाई जस्तै प्रधानता दिन सकिन्न । पालिपिटकमा पनि अन्वेषक प्रज्ञाविद्हरूको विचारधारा अनुसार सबभन्दा प्राचीन भई सबभन्दा सुदृढ र प्रामाणिक भएको पिटकवाङ्मयहरूलाई मात्र प्राथमिकता दिनुपर्नेछ । ती वाङ्मयहरू सुत्तन्त पिटकमा आएका प्रथम चार निकाय ग्रन्थहरू खुद्दक निकायमा आएका कुनै कुनै ग्रन्थहरू कुनै कुनै विनयपिटक ग्रन्थहरू भएका कुरा माथि उल्लेख गरिसकेको छु ।

ती पिटकवाङ्मयहरूलाई गहन र सुनिश्चित रूपमा अध्ययन गरेमा भगवान् बुद्धको विषयसित सम्बन्धित दुई विशिष्ट तथ्यहरूलाई हामीले ध्यान राख्न सक्नेछौं । पहिलो तथ्य ती पिटक ग्रन्थहरूमा आएका बुद्धका विषयहरू अर्थकथा र वर्तमान समयका बुद्धवंस ग्रन्थहरूमा समाविष्ट बुद्धका विषयहरूसित केही क्षेत्रहरूमा समानता नभई फरक परिरहनु

download from : https://www.dhamma.digital

हो । यो तथ्यलाई अगाडि साधक प्रमाणहरूद्वारा देखाउनेछु । दोश्रो तथ्य अर्थकथा र बुद्धवंस ग्रन्थहरूमा बुद्धका घटनाहरू अनेकौं विशेषताहरूले भरपुर रहे जस्तै पिटक ग्रन्थहरूमा त अल्प मात्रामा रहेका हुन्छन् ।

पिटकवाङमयमा बुद्धको जीवनीलाई जन्मदेखि परिनिर्वाणसम्म एकै सुरमा लगातार परिपूर्ण रूपमा उल्लेख गरिराखेको ग्रन्थ देखिन्न । पिटकको कुनै कुनै ठाउँहरूमा मात्र बुद्ध जीवनीका केही घटनाहरू हामीले पढ्न पाउँछौं । जस्तो कि मज्झिमनिकाय अरियपरियेसनसुत्त, महासच्चक सुत्त आदिहरूमा बोधिसत्त्वले महाअभिनिष्क्रमण गरेको तपश्चर्या गर्नुभएको र बुद्धत्वमा पुग्नु भएको घटनाहरूलाई, विनयपिटक महावग्ग पालिको प्रथम अध्यायमा बुद्ध हुनु भएदेखि आयुष्मान् सारिपुत्त र आयुष्मान् मौद्गल्यायनहरू बुद्ध कहाँ श्रमण हुनु भएसम्मलाई र दीघनिकाय महापरिनिब्बान सुत्तमा भगवान् बुद्धको अन्तिम जीवनी घटनासँगै परिनिर्वाण हुनु भएको खण्डलाई उल्लेख गरिराखेको छ । यसरी चार निकाय ग्रन्थका केही अल्प सुत्तन्तहरू र विनयपिटकमा आएका केही अल्प पालिहरूमा मात्र बुद्ध जीवनीहरू देखापर्दछन् । ती पालिहरूमा पनि अर्थकथाहरूमा आएका बुद्धका धेरै जीवनीहरू उल्लेख गरिराखेको पाईदैन ।

पालिपिटकमा बुद्धको आत्मकथा पूर्णरूपमा देखानपर्नु वास्तवमा अचम्भको कुरा होइन । ख्याति प्राप्त एक व्यक्तिको आत्मकथा रचना गर्ने कला वर्तमान युगमा मात्र देखा परेको

download from : https://www.dhamma.digital

कला हो । प्राचीनकालका व्यक्तिहरूले आफ्ना वरिपरि आफ्ना युगभित्र ख्याति प्राप्त महापुरुषका जीवनीहरूलाई परिपूर्ण रूपमा याद गरिराख्ने बानि गर्दैनन् । तिनीहरू महान् व्यक्तिका जीवनीहरूलाई भन्दा ती व्यक्तिले भनेका कुराहरू बढी जान्न चाहन्छन् । एक प्रज्ञावान् व्यक्तिको जीवनीका घटनाहरूलाई उनका कुराहरूमा त्यति ध्यान दिने गौरव गर्ने बानि नभएका छन् । जीशस् क्राइष्टको आत्मकथा (जीवनी) क्रिश्चियन सिद्धान्त प्रादुर्भाव भइसकेपछि मात्र देखापर्न आयो । Socrates आदि अन्य प्रज्ञाविद्हरूको आत्मकथाहरू पनि त्यस्तै त्यस्तै थिए ।

भारत पूर्व प्रवेणीदेखि विभिन्न धर्मसिद्धान्त विकास भएको देश हो । ती धर्मसिद्धान्तहरूलाई उल्लेख गरिराखेका ग्रन्थहरूलाई आजसम्म पनि थुप्रै देख्न सकिन्छ । तर ती धर्मसिद्धान्तहरूलाई सर्वप्रथम उपदेश गर्ने अधिकांश व्यक्ति-हरूको जीवनी विवरणहरू प्रकट रूपमा रहनु त परै जाओस् ती व्यक्तिहरूका नामहरू समेत अलप भइराखेका छन् । ती व्यक्तिहरू भारतीय धार्मिक इतिहासमा नामूद नामूद व्यक्तिहरू भएता पनि तिनीहरूको विषयलाई वर्तमान युगका मानिसहरूले पूर्ण रूपमा जान्न पाइँदैन । तिनीहरूको विषय वस्तुहरूसँगको दाँजोमा हामीहरूले जानिराखेको बुद्धको विषय वस्तुहरू निकै पूर्ण छ भनी भन्नुपर्नेछ ।

भगवान् बुद्ध जन्मनु भएको साल सम्बत्सित सम्बन्ध सखेर पश्चिमी राष्ट्रका अन्वेषक प्रज्ञाविद्हरूमा केही विवाद

download from : https://www.dhamma.digital

र भेद छ । इसापूर्व छैठौं शताब्दी (क्राइष्ट प्रादुर्भाव हुनुभन्दा ५०० सय वर्ष जति अगाडि) भित्र जन्मेको विषयलाई त सबैले स्वीकार र विश्वास गरेका छन् । धेरैजसो प्रज्ञाविद्-हरूले समर्थन गरेको इसापूर्व ५६३–वर्षलाई बुद्ध जन्मनु भएको सम्बत्को रूपमा निश्चित तौरले सम्झिराख्नु छ भने त्यस सम्बत्सित सामीप्य रहेको विशिष्ट विश्व ऐतिहासिक घटनाहरू त इसापूर्व ५५१–वर्ष चिनियाँ महान् प्रज्ञाविद् Confucius जन्मेको वर्ष हो । पर्सियन महाराज साइरश्ले इसापूर्व ५३९–वर्षमा बेबिलोन र भारतको पश्चिमोत्तर प्रदेशलाई हस्तगत गरे । ग्रीक प्रज्ञाविद् Pythagoras इसापूर्व ५३२–मा जन्म भई Socrates इसापूर्व ४७०–वर्षमा जन्मेको थियो ।

बुद्ध जन्मनु भएको देश भारतको उत्तरी प्रदेशको शाक्य राष्ट्र हो । शाक्य राष्ट्र भारत र नेपाल सीमाना बीच रहेको सानो राष्ट्र हो । पूर्वपट्टि रोहिणी नदीले छेकिराखेको कोलिय जनपद रही पश्चिम र दक्षिणपट्टि विशाल कोशल राष्ट्र रहेको छ । राजधानी कपिलवस्तु नगर भई बाराणसी शहरको उत्तरतिर १००–माइल जति टाढा परेको ठाउँमा रहेको छ ।

अंगुत्तर निकायमा उल्लेख गरिराखेको त्यस बेलाको भारतको उत्तरतिरको १६–जनपदहरूको नामको तालिकामा शाक्य राष्ट्रको नाम देखापर्दैन । इसापूर्व छैठौं शताब्दी युगको भारतको उत्तरी खण्डमा कोशल र मगध आदि राज प्रशासित

download from : https://www.dhamma.digital

ठूला राष्ट्रहरू अतिरिक्त शाक्य, कोलिय, मल्ल र वृजि आदि स-साना राष्ट्रहरू थिए । ती साना राष्ट्रहरू वर्तमान युगका प्रजातान्त्रिक राष्ट्रहरूसित एक समान जस्तो भएका राष्ट्रहरू थिए । ती राष्ट्रहरूमा कुलवंश, जातले उच्च भएका धनधान्य सम्पत्तिहरूले सम्पन्न समृद्ध क्षत्रीयहरूले प्रशासन चलाउँथे । क्षत्रीयहरूले एक न एक व्यक्तिलाई नेता नियुक्त गरी सभा बोलाई विभिन्न राष्ट्रका कामकाजहरूको व्यवस्था र निर्धारण गर्थे ।

अर्थकथा र बुद्धवंसहरूमा बुद्धको बुबा कपिलवस्तुका अधिपति महाराज हो भन्ने उल्लिखित छ । पालिपिटकलाई गहिरिएर अध्ययन गर्ने व्यक्तिहरूको निमित्त यो कथन संशयात्मक छ । कपिलवस्तु नगर श्रावस्ती र राजगृह नगरहरू जस्तै राजप्रशासित महानगर भएजस्तो देखिन्न । महापरिनिब्बान सुत्तमा आयुष्मान् आनन्दले भगवान् बुद्ध परिनिर्वाण हुनको निमित्त उपयुक्त ६—महानगरहरूलाई उल्लेख गरेकोमा कपिलवस्तु नगर समावेश नभएको विषय ध्यान दिनु योग्य छ । त्यस अतिरिक्त भगवान् बुद्धका शरीर धातुहरू प्राप्त गरेका व्यक्तिहरू मध्येमा राजा अजातशत्रु र कपिलवस्तु नगरबाट शाक्यवंशीहरू समावेश भएका थिए भने पनि शाक्यवंशी राजाको नाउँ त देखापर्दैन ।

हामीले पालिपिटकलाई आद्योपान्त गहिरिएर निश्चितरूपमा अध्ययन गरेमा सुनिश्चित तौरले पूर्णरूपमा उल्लेख गरिराखेका राजा बिम्बिसार र राजा अजातशत्रु

download from : https://www.dhamma.digital

आदि महाराजहरूको नाम विशेषण पदहरूलाई ध्यान दिन सकिने छ । जस्तो कि राजा बिम्बिसारलाई मगधाधिपति श्रेणीय नामको बिम्बिसार राजा भनी व्यवहार गरी राजा अजातशत्रुलाई वेदेहीपुत्र मगधाधिपति राजा अजातशत्रु भनी उल्लिखित छ । बुद्धको बुवालाई शुद्धोदन महाराज भनी व्यवहार गरिएका कुरा पिटकका दुई ठाउँमा (दीघनिकाय महापदान सुत्त र खुद्दकनिकाय बुद्धवंसपालिमा) मात्र देखिन आएको छ । अन्य ठाउँहरूमा भने सुद्धोदन सक्क (शाक्यवंशी शुद्धोदन) भनी सामान्य रूपमा उल्लिखित छ । निश्चित रूपमा शाक्यवंशी राजा भएको भद्दियलाई भने विनयपिटकमा भद्दिय सक्कराजा भनी उल्लिखित छ ।

पिटकमा सबभन्दा पुरानो सुत्तनिपातको एक ठाउँमा असित ऋषिले बुद्ध जन्मनु भयो भन्ने समाचार देवताहरूको तर्फबाट सुन्न पाएर "शुद्धोदनको घरमा गयो" भनेको छ । (सुत्तनिपात-महावग्ग-नालक सुत्त) । यो पालिमा राजा शुद्धोदन भनी नभन्नुको अतिरिक्त वहाँको निवासस्थानलाई पनि दरवार नभनेको कुरा याद राख्नु योग्य छ । विनयपिटक महावग्ग राहुलवत्थुमा शुद्धोदनको विषय अलिकति पाइन्छ । त्यस राहुलवत्थुमा राजा भन्ने शब्द बिल्कुल देखापर्दैन । भगवान् बुद्ध आफ्ना बुबालाई सम्बोधन गर्दा पनि गौतमगोत्री भन्ने विशेषण पदद्वारा मात्र सम्बोधन गर्नु हुन्छ । कोशलराज राजा बिम्बिसारहरूलाई महाराज भनी सम्बोधन गरे जस्तै शुद्धोदनलाई महाराज भनी सम्बोधन गरेको देखिन्न ।

download from : https://www.dhamma.digital

बोधिसत्त्वले महाभिनिष्कमण गरी राजगृह नगरमा आइपुग्दा राजा बिम्बिसार आई भेट गरी कुलवंश सोधेको थियो । त्यसबेला बोधिसत्त्वले "म हिमालयको फेदीमा रहेको धनधान्य सम्पन्न समृद्ध राष्ट्रबाट आदित्यवंशी शाक्यजाति हुँ" भनी भन्नुभयो । राजाको छोरो हुँ भन्नुभएन । (सुत्तनिपात महावग्ग पब्बज्जा सुत्त) सोणदन्त ब्राह्मण र कूटदन्त ब्राह्मणहरूले भगवान् बुद्धको गुणलाई विभिन्न रूपले प्रशंसा गरेको बेलामा "श्रमण गौतमले धेरै ज्ञातिबन्धु समूहलाई; पृथ्वीमा वा पृथ्वीमुनि रहेका धेरै सुन चाँदीहरू परित्याग गरी प्रव्रजित भए" भनी भनेका छन् । राजपाट सुख ऐश्वर्य परित्याग गरे भनी भनेनन् । (दीघनिकाय सोणदन्त सुत्त र कूटदन्त सुत्त) ।

उपर्युक्त विभिन्न कथनलाई आधार मानी भगवान् बुद्ध राजाको पुत्र होइन होला जस्तो छ । धन सम्पत्ति सम्पन्न र समृद्ध भई उच्चजातिको क्षत्रियवंशी एक जना भूमिपतिको छोरो हुन सक्नेछ । अर्थकथाचार्यहरूले बुद्धको नैष्क्रम्य पारमीलाई बढी प्रशंसा गर्न चाहेको कारणले बुद्धलाई राजाको छोरो जस्तै गरी रचना गरेको हुन सक्छ ।

बोधिसत्त्वले महाभिनिष्क्रमण गर्नुभन्दा अघि ठूलो सुख ऐश्वर्य अनुभव गर्नुभएको कुरालाई त पिटकमा आएका बुद्धवचनहरूद्वारा अवबोध्य छ । "हे मागण्डिय; म तीनवटा प्रासादहरूमा विभिन्न गीत वाद्यद्वारा सुशोभित भई सुखको अनुभव गरेर बसेको थिएँ ।" (म. नि. मागण्डिय सुत्त)

download from : https://www.dhamma.digital

"भिक्षुहरू हो; म सुखपूर्वक सुकुमार भई बसेको थिएँ। बर्षाद्को चार महिना प्रासादबाट नओर्लिरहन्थें।" (अंगुत्तर-निकाय--तिकनिपात--सुखुमालसुत्त)। पालिपिटकमा यी कथन-हरूभन्दा बढ्ता बुद्धवंस र अर्थकथाहरूमा जस्तो बोधिसत्त्वको सुख ऐश्वर्यलाई बढाई चढाई उल्लेख गरिराखेको छैन।

मगधराष्ट्र र कोशलराष्ट्रहरूको दाँजोमा शाक्यराष्ट्र अप्रकट भए पनि शाक्यवंशीहरू अभिमान चढेका जाति हुन्। उच्चकुलीन ब्राह्मण कुलपुत्र अम्बष्ठ मानवक शाक्यवंशीहरूको संस्थागारमा आइपुग्दा शाक्यवंशीहरूले उनलाई स्वागत गर्नु कुशल क्षेम सोध्नु आसन दिनु आदि गरेनन्। (दीघनिकाय अम्बट्ठसुत्त)। ज्ञातिबन्धु बीच परस्पर विवाह गर्नु विडडूभ राजासित युद्ध हुनु आदिहरूले पनि शाक्यवंशीहरूको जात्या-भिमानलाई स्पष्ट गराउँछ। त्यसरी जात्याभिमान तीब्र हुनु हिमालय पर्वतको फेदीमा निवास गर्ने भएको कारणले हुन सक्छ। विश्वमा रहेका पर्वतीयहरू प्रायशः अभिमानी भई स्वतन्त्रतालाई ममता राख्ने हुन्छन्। शाक्यवंशीहरू स्वतन्त्रता प्रेमी हुनु उनीहरूको प्रजातान्त्रिक ढंगको प्रशासनिक व्यवस्थाको कारणले वा शाक्यवंशी भगवान् बुद्धको अनुशासन र आचरणको कारणले गर्दा निकै स्पष्ट भएको जस्तो देखिन्छ।

तसर्थ शाक्यवंशी शुद्धोदनले बोधिसत्त्वलाई स्वतन्त्र रूपमा नराखी गृहत्याग गर्ला भन्ने डरले बृद्ध, रोगी, मृतक र श्रमण भन्ने चार निमित्त नदेख्ने गरी विशेष व्यवस्था गरेर

download from : https://www.dhamma.digital

रक्षा ररिराखेको थियो भन्ने अर्थकथाको कथनलाई हामीले विश्वास गर्न गाह्रो छ । बोधिसत्त्वले २९–वर्षको उमेरमा गृहत्याग गरेको कुरा पिटकवाङमयमा आएको छ । २९–वर्षसम्म अनजान बाहिरी व्यक्तिहरूको वृद्धत्व, रोग र मरण-लाई बोधिसत्त्वले नदेख्ने गरी व्यवस्था गर्न समर्थ रहेको छ नै भनौं २९–वर्षसम्म आफ्ना ज्ञातिबन्धुहरू मध्येमा वृद्ध रोगी र मरण हुनेलाई बिल्कुल नदेख्ने गरी व्यवस्था गर्न सकिएला र ? भनी संशय गर्ने ठाउँ रहेको छ ।

दीघनिकाय महापदानसुत्तमा विपश्यी तथागतले बुद्ध हुनु अगाडि चार निमित्त देखी गृहत्याग गर्नुभएको कुरा आएको छ । सिद्धार्थ बोधिसत्त्वले चारनिमित्त देख्नुभयो भन्ने कथनलाई त चार निकायमा देखा पर्दैन । चार निकायमा देखा परेको त आफू वृद्ध, रोगी र मरण हुनुलाई विचार विमर्श गरी गृहत्याग गरेर आएको कुरा भगवान् बुद्ध स्वयंले भन्नुभएको कुरा हो ।

"भिक्षुहरू हो; मैले बुद्ध हुनुअघि प्रथम उमेरमा यसरी विचार गरें । अनजान अनभिज्ञ एक सामान्य पृथग्जनले आफू स्वयं एकदिन वृद्ध हुनु परेर पनि एक वृद्ध व्यक्तिलाई देख्यो भने उनमा मानसिक अशान्ति र घृणा उत्पन्न हुन जान्छ । म पनि एकदिन वृद्ध हुनुपर्नेछ; तसर्थ मैले वृद्धलाई देख्दा मानसिक अशान्ति र घृणा गर्नु योग्य छ र ? यसो गर्नु योग्य अवश्य छैन । यसरी विचार गर्दै मेरो कलिलो उमेरमा

download from : https://www.dhamma.digital

उत्तेजित भइराखेको चित्त शिथिल र लोप भएर गएको थियो ।" (अं. नि. तिकनिपात सुखुमाल सुत्त) ।

"भिक्षुहरू हो; म बुद्ध हुनु अघि ममा यस्तो विचार आएको थियो । किन म जन्मिने स्वभाव भएको भएर पनि वृद्ध, रोगी र मरण स्वभाव भएको भएर पनि मलिन हुने स्वभाव भएको भएर पनि त्यस मलिन हुने स्वभावलाई नै खोजी गर्दै हिंडेको छु नि ? मैले त्यो जाति स्वभाव वृद्ध, रोगी र मरण स्वभावहरू प्रतिको दोषलाई जानी जाति नभएको वृद्ध, रोगी र मरण नभएको अनुत्तर उत्तम निर्वाणलाई खोज्ने छु भनी विचार गरें ।" (म. नि. अरियपरियेसन सुत्त) ।

कुनै कुनै सुत्तन्त देशनाहरूमा भने वृद्ध, रोगी र मरणलाई विचार विमर्श गरेको कुरा समेत नआई गृहस्थाश्रमप्रति उद्विग्न भएर गृहत्याग गरेको कुरा बुद्ध स्वयंले आज्ञा गर्नुभएको कथन आएको छ । निम्न: कथन प्रायश: सुत्तन्तहरूमा देखापरेको बुद्धवचन हो ।

"भिक्षुहरू हो; ममा यस्तो विचार आयो । घरावास गर्ने गृह जंजालमा रहनु संकीर्ण र संकुचित छ । श्रमणत्व खुल्ला आकाश जस्तो छ । घरमा बस्ने व्यक्तिले निस्सन्देह ब्रह्मचर्य आचरण गर्नु सजिलो छैन । यदि मैले केश दाढी क्षौर गरी काषाय वस्त्र धारण गरी श्रमणत्व धारण गर्न पाएमा राम्रो हुनेछ भनी विचार गरें ।" (म. नि. महासच्चक सुत्त, संगारव सुत्त र अन्य सुत्तहरू) ।

download from : https://www.dhamma.digital

अर्थकथाचार्यहरूले चार निमित्त देखी बोधिसत्त्वले महाभिनिष्क्रमण गरेको कारणलाई मज्झिमनिकाय देवदूत-सुत्तलाई अध्ययन गर्नुबाट कल्पना उब्जी रचना गरेको जस्तो देखिन्छ । देवदूतसुत्त (त्यो सूत्र अंगुत्तरनिकाय तिकनिपातमा पनि आएको छ ।) मा यमराजले नरकमा आइपुग्ने पुरुषलाई तिमीले किन मनुष्यलोकमा अकुशल कर्म गर्‍यौ ? देवदूत, वृद्ध र मृतकहरूलाई देखेर पनि किन होश राख्न सकेनौ ? आदि भनी सोधपूछ गरेको विषय भगवान् बुद्धले उपदेश गर्नुभयो । चार निमित्तलाई बोधिसत्त्वले देख्नुभयो भन्ने कुरा त्यो देवदूतसूत्रमा आधारित भई बोधिसत्त्वको मनमा उत्पन्न भएर आएको स्थितिलाई चित्रण गर्ने रूपमा अर्थकथाचार्यहरूले रचना गरेका कुरा हुन सक्छ ।

बोधिसत्त्वले आमाबाबु ज्ञातिबन्धु सहित पुत्र पत्नी-हरूको जानकारी विना नै रात्री अवस्थामा खुसुक्क गृहत्याग गरेर जानुभयो भन्ने कुरा पनि पालिपिटकमा आएको कुरा होइन । वास्तबमा भारतमा इसापूर्व छैठौं शताब्दी युगमा मानिसहरूले गृहत्याग गरी श्रमणत्व ग्रहण गर्नु अचम्भको कुरा नभई पूर्वप्रवेणीदेखि प्रज्ञावान् सत्पुरूषहरूले अनुशरण गरेको मार्ग पद्धति हो । ५५० जातक निपातहरूमा त्यसरी मानिसहरूले गृहत्याग गरी श्रमण भइ हिंडेका साधक-नमूनाहरू थुप्रै पाइन्छ । कुनै कुनै व्यक्तिहरूले आमाबाबुहरूको अनुमति विना नै निषेध गर्दागर्दै पनि गृहत्याग गर्थे । बोधिसत्त्व सिद्धार्थले पनि आमाबाबुहरूको इच्छाको विरूद्ध

download from : https://www.dhamma.digital

विरोध गर्दागर्दै पनि गृहत्याग गर्नुभएको कुरा पालिपिटकमा आएको छ ।

मज्झिमनिकाय अरियपरियेसनसुत्त महासच्चक सुत्त र अन्य सुत्तहरूमा भगवान् बुद्ध स्वयंले 'म कालो केश भएको नै भएर सुकुमार रहेको प्रथम उमेरमा आमाबाबुको अनुमति र सहमति विना उनीहरू आँसु खसाली रुँदारुँदै गरेको बेला केश दाढी क्षौर गरी काषायवस्त्र धारण गरेर गार्हस्थ्य जीवनबाट श्रमण जीवनमा सरेर आएँ" भनी देशना गर्नुभएको कुरा समावेश छ । दीघनिकाय सोणदन्त सुत्त र कूटदन्त सुत्तहरूमा पनि सोणदन्त र कूटदन्त ब्राह्मणहरूले श्रमण गौतमले सुकुमारको कलिलो उमेरमा आमाबाबुहरूको सहमति विना रुवाबासी गरिरहँदा रहँदै श्रमण जीवन ग्रहण गरे भनेका कुरा उल्लिखित छन् ।

जातकअट्ठकथाहरूमा आएको बोधिसत्त्वको गृहत्यागको काण्ड उपर्युक्त सुत्तन्त पिटकमा आएको कुराहरूसित सामञ्जस्यता छैन । अट्ठकथामा आएको बोधिसत्त्वको गृहत्याग खण्ड विनयपिटक महावग्गमा आएको यश श्रेष्ठी-पुत्रको गृहत्यागसित एक समान देखिन्छ । त्यसो भएर अट्ठकथाचार्यहरूले बोधिसत्त्वको जीवनीलाई यशकुमारको जीवनीसित मिसाई विस्तृत रूपमा लेखिराखेको हुन सक्छ ।

भगवान् बुद्ध २९–वर्षको उमेरमा गृहत्याग गरी ३५–वर्षको उमेरमा बुद्धत्वमा पुगी ८०–वर्षको उमेरमा परिनिर्वाण हुनुभयो । यो तथ्य महापरिनिब्बान सुत्तमा

download from : https://www.dhamma.digital

आएको सुभद्र भिक्षुलाई बुद्धले भन्नुभएको कुराबाट स्पष्ट छ। यो तथ्यभन्दा बढी बुद्धको आत्मकथालाई सुनिश्चित रूपमा समय र वर्ष विभाजन गर्न दुष्कर छ। पिटकहरू पछि प्रादुर्भाव भएर आएका अट्ठकथाहरू बुद्धवंसहरूमा त भगवान् बुद्धको वर्षावास क्रमहरू र जन्म-दिवस र गृहत्याग-दिवस आदिलाई साल सम्बत् महिना दिन घडी समेत निश्चित रूपमा दर्शाइएको छ। तर ती विवरणहरू पिटक प्रमाण सुदृढ रूपमा नभएको कारणले अन्वेषक प्रज्ञाविद्हरूले स्वीकार्न चाहने छैनन्।

वास्तवमा भन्ने हो भने सुत्तपिटक पालिहरूमा बुद्धको जीवनी घटनाक्रमहरूसित सम्बन्धित समय र वर्षलाई त्यसै छाडौं; ती जीवनी र घटनाक्रमहरू बुद्धका ज्ञाति बन्धुहरूको विषयवस्तुहरू समेत ठोसपूर्ण र सुनिश्चित छैनन्। एउटा साधक प्रमाणलाई देखाउनुपरेमा राहुल बुद्धको सुपुत्र हो भनी अट्ठकथाचार्यहरू भन्छन्। तर पालिअन्वेषक एक प्रज्ञाविद्को विचार अनुसार "पौराणिक पालिहरूमा राहुललाई बुद्धको सुपुत्रको रूपमा उल्लेख गरिराखेको छैन। चारनिकायमा चारवटा राहुल सुत्त र तीनवटा राहुलोवाद सुत्त समावेश भएको सही हो। ती सुत्तहरूमा राहुल अन्य भिक्षुहरू जस्तै बुद्धको उपदेशलाई श्रवण गर्ने भिक्षु हो। थेरगाथामा त राहुलले म बुद्धको सुपुत्र हुँ भनेको छ। तर थेरगाथाको कुनै कुनै भागहरू तृतीय संगायना आरूढ गरेको समयतिर प्रादुर्भाव भएको हो भनी अट्ठकथाचार्यहरूले स्वीकार गरेका

download from : https://www.dhamma.digital

छन् । त्यस अतिरिक्त त्यो थेरगाथामा नै सिरिवड्ढ स्थविर गयाकस्सप स्थविर र कालुदायी स्थविरहरूले पनि आफूलाई बुद्धका पुत्रहरू हुन् भनेका छन् । वास्तवमा बुद्धका शिष्य श्रमणहरूलाई बुद्धका औरसपुत्रहरू भनी व्यवहार गर्ने चलन छ ।"[१]

उपर्युक्त विभिन्न कथनहरूद्वारा पालिपिटकमा आएका बुद्धका घटनाहरू अट्ठकथा र बुद्धवंसमा आएका बुद्धका घटनाहरूसित कुनै कुनै क्षेत्रहरूमा समान नभई भिन्न भइराखेको कुरा स्पष्ट छ। प्रायशः हामीहरूले बुझेको बुद्धवंस अट्ठकथामा आएको बुद्धवंस भएकोले पालिपिटकमा आएको बुद्ध विषयक घटनाहरूलाई अध्ययन गर्नु आवश्यक छ । ती घटनाहरू सुनिश्चित् र परिपूर्ण नभए पनि अट्ठकथाहरू भन्दा दृढता भएका कथनहरू भएकोलाई त कसैले पनि विवाद उठाउन सक्ने छैन । ती पालिहरूलाई पृष्ठभूमि बनाई बुद्धको मनोवृत्ति, विचारधारा र विशिष्ट तथ्यहरूलाई केही मात्रामा जान्न सकिन्छ । बुद्धले लौकिक मनुष्यहरूप्रति कस्तो भावना राख्नुहुन्छ, मानवीय सामाजिक विधि विधानलाई कसरी हेर्नुहुन्छ । उपदेश र अनुशासन गर्दा व्यक्ति व्यक्तिप्रति भेद गर्नुहुन्छ वा हुन्न, कस्तो किसिमले अनुशासन गर्नुहुन्छ, मानिसहरूको पुरानो परम्परा र विश्वासहरूप्रति कस्तो

1. E. J. Thomas, "The life of Buddha", P. 59.

download from : https://www.dhamma.digital

धारणा राख्नुहुन्छ आदि तथ्यहरू पनि पिटकमा आएको बुद्ध विषयक घटनाहरूमा प्रकट भएर आउनेछ ।

अवश्य हो; ती तथ्यहरू बुद्धवादलाई अध्ययन गर्ने व्यक्तिहरूको निमित्त बुद्धको जीवनी घटनाक्रमहरू ज्ञाति बन्धुहरूभन्दा अति महत्वपूर्ण छन् । तसर्थ ती तथ्यहरूलाई आधार बनाई पालिपिटकमा आएका बुद्ध विषयक घटनाहरू-लाई नाति संक्षेप नाति विस्तार रूपमा उल्लेख गर्नेछु ।

## (ख) बुद्धका विशेषताहरू

पौराणिक पिटकाचार्यहरूले बुद्धको जीवनी घटना-क्रमलाई भन्दा उपदेशित धर्मलाई बढी ध्यान राख्दथे । हामीले वहाँहरूलाई दोषारोपण गर्ने ठाउँ छैन । यदि जीवनी घटनाक्रमलाई अववाद अनुशासनलाई भन्दा बढी ध्यान दिएर आएको भए बुद्धवादलाई अहिले जति परिपूर्ण रूपमा हामीले अवबोध गर्न पाइएला र भनी संशय गर्ने मौका रहनेछ । त्यस अतिरिक्त वहाँहरूले बुद्धको विषयलाई बिल्कुल भुलेर पनि त राख्नुभएको थिएन । बुद्धविषयक घटनाहरू क्रमबद्ध र व्यवस्थित छैनन्; अन्य विश्व ऐतिहासिक व्यक्तिहरूका विषयवस्तुहरू जति परिपूर्ण छैनन् । तापनि पिटकहरूलाई पृष्ठभूमि बनाई बुद्धको जीवनीक्रम र मनोभावनालाई चाहे जति जान्न सकेको छ ।

भगवान् बुद्धमा वर्षायाममा विश्राम लिनु झैं अन्य समयहरूमा एक ठाउँबाट अर्को ठाउँमा भ्रमण र चारिका

download from : https://www.dhamma.digital

गर्दै उपदेश दिनुहुने बानि छ। कहिलेकाहीं त श्रावस्ती र वैशाली आदि शहरहरूमा केही समयसम्म विराजमान हुनुहुन्छ। मज्झिमनिकाय अरियपरियेसन सुत्तको निदानमा भगवान् बुद्ध श्रावस्ती नगरमा विहार गरिरहनु हुँदा एकदिन-लाई कसरी बिताउनुहुन्छ भन्ने भावलाई उल्लेख गरिराखेको देखिन्छ।

एकदिन विहान भगवान् बुद्ध अन्तर्वासकलाई पुनर्वार राम्ररी लगाई पात्र चीवर ग्रहण गरी शहरभित्र भिक्षाटनार्थ जानुभयो। त्यसबेला भिक्षुहरूले आयुष्मान् आनन्दलाई भगवान् बुद्धको धर्मोपदेश आफूहरूले सुन्न नपाएको धेरै समय भएकोले सुन्न चाहेको कुरा निवेदन गरे। आयुष्मान् आनन्दले भिक्षुहरूलाई दम्मक ब्राह्मणको आराममा गई विहार गरिरहन भन्नुभयो। भिक्षुहरू त्यो विहारमा गई बसे। भगवान् बुद्ध भिक्षाटन चारिका गरी भिक्षा भोजनबाट निवृत्त भइसकेपछि आयुष्मान् आनन्दलाई बोलाउनु भई पूर्वाराम विहारतिर लाग्नुभयो। त्यो विहारमा दिनभरि विहार गर्नुभई सन्ध्याको समयमा आयुष्मान् आनन्दसहित घाटतिर जानुभई नुहाउनु भयो। नुहाइसकेपछि आयुष्मान् आनन्दले भगवान् बुद्धलाई दम्मक ब्राह्मणको आश्रमतिर प्रस्थान गर्नुहुन प्रार्थना गऱ्यो। भगवान् बुद्ध त्यस आरामतिर जानुभयो।

त्यसबेला भिक्षुहरू त्यस आराममा धार्मिक कथा प्रशंगमा भेला भई बसेका थिए। भगवान् बुद्धले मुख्य ढोकाको बाहिरतिर उभिई कुराको अन्तलाई पर्खिरहनुभयो।

download from : https://www.dhamma.digital

कुराको अन्त भएपछि खकारेको जस्तो गरी दैलो खट्खटाउनुभयो । त्यसबेला भिक्षुहरूले ढोका खोलिदिए । भगवान् बुद्ध भित्र जानु भई बिछ्याइराखेको आसनमा बसिसकेपछि "भिक्षुहरू हो, अह्निले म तथागत आइराख्नु भएको बेला तिमीहरू के के कुराको प्रशंगमा भेला भई बसेका थियौ नि ?" भनी सोध्नुभयो । भिक्षुहरूले "तथागत सम्यक् सम्बुद्धकै प्रशंगमा कुराकानी गरिरहेका थियौं ।" भनी निवेदन गर्दा भगवान् बुद्धले आफूले बुद्ध हुनुभन्दा अगाडि अनुभव गरेर आएका घटनाहरूलाई भन्न चाहेकोले अरियपरियेसन सुत्तको उपदेश गर्नुभयो ।

त्यस उपदेश समारोहमा बेलाबेलामा एक न एक भिक्षु आसनबाट उठी एकांश गरी चीवर पारुपन गरिसकेपछि दुई हात जोडेर भगवान् बुद्धसँग अनुज्ञा प्राप्त गरी आफूले जान्न चाहेको तथ्य निवेदन गर्ने रीति देखिन्छ । उपदेश समारोह कहिलेकाहीं रातको धेरै अबेरमा मात्र अन्त हुने देखिन्छ । भगवान् बुद्ध उपदेश गर्दा गर्दा थकाई लाग्ने बेलामा आयुष्मान् आनन्द, आयुष्मान् सारिपुत्र, आयुष्मान् मौद्गल्यायन आदि श्रावक महास्थविरहरूले निरन्तर रूपमा उपदेश गर्नुहुन्थ्यो ।

भगवान् बुद्ध र भिक्षुसंघहरूको समागम सभाहरू अत्यन्त शान्त दान्त रूपको हुन्थ्यो । यो तथ्य दीघनिकाय सामञ्ञफलसुत्तमा स्पष्ट छ । त्यस सुत्तमा राजा अजातशत्रु भगवान् बुद्धलाई दर्शन गर्नको निमित्त जीवक बैदयराजसँग

download from : https://www.dhamma.digital

विहारतिर लाग्यो । रातीको समय थियो । राजा विहार नजिक आइपुग्न लाग्दा लोमहर्षण भई भयभीत भए । किनभने त्यस समयमा भगवान् बुद्ध १५००, भिक्षुसंघहरूको साथ विहारभित्र विराजमान भइरहनु भएको थियो । तापनि खकारेको शब्द हाछ्यूँको शब्द मात्र पनि सुन्न नपाई अत्यन्त सुनसान र शान्त वातावरण भइराखेको कारणले हो । जीवक वैद्यराजले आश्वाशन र उत्साह दिएरमात्र राजा अजातशत्रुले भय र त्राश साम्य गरी विहारभित्र प्रवेश गरेर भगवान् बुद्धको दर्शन गरेको थियो ।

भगवान् बुद्ध शून्य एकान्त वातावरणलाई मन पराउनु हुन्छ । वहाँको कहिलेकाहीं भोजनोपरान्त विहारतिर नफर्किकनै जंगलभित्र प्रवेश गरी रूखमुनि बस्ने बानि छ । भिक्षुहरूलाई कुरा गरेमा धार्मिक कुरा मात्र गर्न अन्यथा मौन धारण गरेर बस्न समय समयमा याद दिलाउनु हुन्छ । एक अवस्थामा बुद्धको दर्शनार्थ विहारमा आएका ५०० भिक्षुहरू आपसमा होहल्ला मचाई कुरा गरिरहेकोले कोलाहल मच्चिरहँदा भगवान् बुद्धले भिक्षुहरूलाई विहारबाट निष्काशन गर्नुभयो । (म. नि. चातुम सुत्त) भगवान् बुद्धलाई दर्शन गर्नको निमित्त आएको राजा प्रसेनजित कोशललाई भिक्षुहरूले भगवान् बुद्ध बस्नुभएको विहारतिर शान्त दान्त रूपमा उपसंक्रमण गर्न भने । (अं. नि. दसकनिपात पसेनदि कोसल सुत्त) । भगवान् बुद्धले एकान्तलाई रुचाउनु भएको विषयमा परिव्राजकहरूले पनि जानेका छन् । उनीहरू

download from : https://www.dhamma.digital

होहल्ला मचाई कुरा गरिरहँदा टाढैबाट आउने कुनै न कुनै बुद्धवादीलाई देखेमा भने, सोर नगर्नुस्; बुद्धको श्रावक आइरहेको छ, बुद्धका श्रावकहरू एकान्ततालाई मन पराउँछन् भनी आपसमा होश दिलाई चुपचाप रहने गर्छन् । (अं. नि. दसकनिपात किंदिट्ठिक सुत्त) ।

त्यसरी चुपचाप बस्न सक्नु बुद्धमा रागु कम हुनुको एउटा कारण हुन सक्छ । भगवान् बुद्धले उपदेश गर्नुहुँदा विघ्न-बाधा कठिनाई बिल्कुल भोग्नुपरेको थिएन । यसरी भोग्न नपर्नु भगवान् बुद्ध एकान्तपनामा रहन जान्नु, अववाद अनुशासनमा कोमलता हुनु, उच्च पवित्र मनोभावना रही मानिसहरूको श्रद्धा प्रसन्नता प्राप्त गरिरहनु, त्यस बेलाका मध्य देशमा ब्राह्मणवादको त्यतिको विकास नभइसक्नु असमान सिद्धान्त भएका धार्मिक नेताहरूमा पनि प्रायशः उदार मनोवृत्ति हुनु आदि कारणहरूले हुन् । भगवान् बुद्धसँग वादविवाद र धर्म छलफल गर्ने व्यक्तिहरू धेरैजसो ब्राह्मणहरू, परिब्राजकहरू र जैन श्रमणहरू नै हुन्थे । पूरणकस्सप र मक्खलिगोसाल आदि तीर्थंकराचार्यहरू जैन धर्मका नेता महावीर आदि व्यक्तिहरूसित बुद्धको भेटघाट भई छलफल हुने बारेमा पिटकमा उल्लिखित छैन । उनीहरू आ-आफ्ना अस्तित्वमा धक्का लाग्ला भन्ने डरले भगवान् बुद्धकहाँ नआएका हुन सक्छन् ।

बुद्धलाई सबभन्दा बढी विरोध गर्ने व्यक्ति देवदत्त हुन् । सुत्तपिटकमा देवदत्तको विषय अति अधिमात्र

download from : https://www.dhamma.digital

देखापरेकोले पश्चिमी पालिप्रज्ञाविद्‌हरूमा विनयपिटक चूल-बग्गमा आएको बुद्धप्रति देवदत्तले मार्ने प्रयास गरेको उल्लेख-माथि संशय रहेको छ। देवदत्तले बुद्धलाई मार्न सबैले थाहा पाउने गरी अनेकौं प्रकारले प्रयास गरिसकेर पनि उनको बुद्धशासनमा निरन्तर स्थिर रही बुद्धसँग समागम भएको छ भन्ने कुरा युक्तिसंगत छैन। पिटकाचार्यहरूले देवदत्तका घटनाहरूलाई पूर्वापर संकेत गर्नुमा भूल गरेर आएको देखिन्छ।

बुद्धका अन्तिम घटनाहरूलाई दीघनिकाय महापरि-निब्बान सुत्तमा विस्तृत रूपले उल्लेख गरिराखेको छ। एक यशस्वी ख्यातिप्राप्त व्यक्तिको अन्तिम जीवनीका घटनाहरू उनका शिष्यहरूको मनमा अन्य जीवनी घटनाहरूभन्दा प्रगाढ रूपमा छाप लागिरहनु स्वाभाविक छ। महापरिनिब्बान सुत्त अन्य अन्य सुत्तहरू जति पुरानो नभएता पनि त्यो सुत्त प्रादुर्भाव भएको बेलामा बुद्धवादीहरूले बुद्धको अन्तिम जीवनीका घटनाहरूलाई परम्परागत पौराणिक कुराहरू मार्फत् यथेष्ट जानी बुझी सम्झिराखेको हुन सक्छ।

बुद्धको जीवनी सम्बन्धित घटना र मनोवृत्तिलाई अध्ययन गर्न चाहने व्यक्तिहरूको निमित्त महापरिनिब्बान सुत्तमा विशेषतापूर्ण एक तथ्य छ। त्यो सुत्त निकै लामो सुत्त भएता पनि कुनै कुनै सुत्तहरू (जस्तो कि मज्झिमनिकायबाट अच्छरियअब्भुतधम्म सुत्त) बुद्धवंस अट्ठकथाहरूमा जस्तै आश्चर्यजन्य घटनाहरू वा बुद्धको ऋद्धि प्रातिहार्य प्रदर्शनहरू

download from : https://www.dhamma.digital

धेरै मात्रामा देखा पर्दैनन्। भगवान् बुद्ध त्यस सूत्रमा मानिसहरूले श्रद्धा र विश्वासपूर्वकको चित्तद्वारा अत्यधिक रूपमा प्रशंसा गरिराखेको अनन्त भाग्यवान् नभइकन एक ऐतिहासिक व्यक्ति भएको छ। तर एक सामान्य विश्व-मानवको रूपमा नभई अत्यन्त शुद्ध पवित्र मनोवृत्ति भएको सत्पुरुषको रूपमा बुद्धलाई हामीले देख्न पाएको छ।

बुद्धको अनुकम्पा, अरूहरूप्रतिको सहिष्णुता सहानुभूति महापरिनिब्बान सुत्तमा स्पष्ट छ।

भगवान् बुद्धले सुवर्णकारपुत्र चुन्दको सूकरमद्दव भोजन सेवन गरिसक्नु भएपछि अतिसार रोग तीव्र रूपले भोग्नुपर्‍यो। तर चुन्दलाई दौर्मनस्य उत्पन्न गराउन नचाहेको कारणले बुद्धले अन्तिम रूपमा सेवन गर्नुभएको भोजन अन्य भोजनहरूभन्दा आनिशंस फल महान् छ भनी बुद्धको सन्मुखबाट सुन्न पाएको कुरा बताई चुन्दको दौर्मनस्य हटाउन आयुष्मान् आनन्दलाई सूचित गरेर जानुभएको थियो। बुद्धले आफ्नो नाम प्रख्यात हुनु आफूलाई शिष्य संघहरूले व्यक्तिगत आसक्ति राख्नुलाई बिल्कुल मन पराउनुहुन्न। यो तथ्य आयुष्मान् आनन्दले भगवान् बुद्धले परिनिर्वाण हुनु अगाडि शिष्य संघहरूको निमित्त केही न केही सूचित गरेर जानुहुनेछ भनी म विश्वास राख्दछु भन्ने विषयमा निवेदन गर्दा बुद्धले आज्ञा दिनुभएको कथन स्पष्ट हुन्छ।

"आनन्द, म तथागतप्रति तिमीहरूले किन यस्तो बिघ्न आस्था गरिरहेका? मैले धर्मलाई निरवशेष रूपमा

download from : https://www.dhamma.digital

उपदेश गरिसकेको छु । तिमीहरू मेरा अनुयायीहरू हौ र म तिमीहरूको नेता हूँ भनी मैले धारणा राखेको छैन । आनन्द, अहिले म बूढो भइसकेको छु, जीवनयात्राको अन्तिम चरणमा पुगिसकेको छु, त्यसकारण तिमीहरू आफूलाई मात्र आफ्नो आधार बनाई रहने गर । धर्मबाहेक शरण वा आधार नभई धर्म नै शरण र आधार भएको भई विहार गर ।"

बुद्धले आफूलाई अत्यधिक रूपमा पूजा प्रशंसा गर्नुलाई मन पराउनु नभएको विषय प्रकट गराउने बुद्ध-कथनहरू महापरिनिब्बान सुत्तमा प्रचुरमात्रामा देखा पर्दछन् । एक ठाउँमा आयुष्मान् सारिपुत्रले "सर्वज्ञता ज्ञानको क्षेत्रमा सम्यक्सम्बुद्ध भन्दा अतिक्रमण गरी अवबोध गर्ने श्रमण ब्राह्मण अतीतमा पनि थिएन, भविष्यमा पनि हुने छैन, अहिले पनि छैन भनी म विश्वस्त छु" भनी निवेदन गर्दा भगवान् बुद्धले "सारिपुत्र, तिमीले भूत भविष्य वर्तमानमा प्रादुर्भाव भएका सम्यक्सम्बुद्धहरूको चित्तलाई तिम्रो ज्ञानले परिच्छेद गरी नजानिकन नै किन यसरी भव्य विशाल सुनिश्चित कुरा गरिरहेको" भनी आज्ञा गर्नुभएको थियो ।

त्यसपछि कुशीनगरको उद्यानमा परिनिर्वाणासन्न अवस्थामा थुप्रै देव ब्रह्माहरू आई बुद्धलाई पूजा गरेका थिए । त्यसबेला बुद्धले "आनन्द, देव ब्रह्माहरूले यसरी पूजा गर्नु-मात्रद्वारा म तथागतलाई सम्मान गरेको मानिदैन । जुन उपासक उपासिकाहरूले र भिक्षु भिक्षुणीहरूले मैले उपदिष्ट धर्म अनुरूप आचरण गरिरहने छन्, तिनीहरूले मात्र म

download from : https://www.dhamma.digital

तथागतलाई स्नेह सम्मान पूजा अभिवादन गरेको मानिन्छ" भनी आज्ञा गर्नुभयो । आयुष्मान् आनन्दले "भन्ते, तथागत परिनिर्वाणपछि अवशेष शरीरलाई हामीहरूले गर्नुपर्ने कृत्य कसरी गर्ने हो ?" भनी निवेदन गरेको अवस्थामा पनि भगवान् बुद्धले "आनन्द, मेरो (तथागतको) अवशेष शरीरलाई अग्निपूजा गर्ने आदि काममा तिमीहरूले उद्योग गर्नुपर्दैन । आफ्ना अर्थहित भएको अरहत्त फल प्राप्तिका निमित्त मात्र बढी उद्योग गर" भनी आज्ञा दिनुभयो ।

परिनिर्वाणासन्न अवस्थामा भगवान् बुद्धले आयुष्मान् आनन्दलाई आज्ञा गर्नुभयो– "आनन्द, मेरा (तथागतका) शिष्य श्रावक श्रमणसंघहरूले मेरो (तथागतको) परिनिर्वाण-पछि म (तथागत) रहेन म (तथागत) बिति सक्यो भनी सम्झनेछन् । त्यसरी सम्झनु उचित छैन, म (तथागत) द्वारा उपदिष्ट धर्म मेरो उप्रान्त तिमीहरूको गुरु हुनेछ । त्यसकारण म बितिसकेपछि पनि म विद्यमान छु भनेर नै राम्ररी सम्झनु योग्य छ ।" भगवान् बुद्धले भिक्षुहरूलाई आफ्नो धर्ममात्र नै शरण र आधार भएकोले त्यो धर्मलाई प्रगाढ रूपमा जान्न बुझ्न सम्झन चाहना राख्नुहुन्छ । तसर्थ आफ्नो धर्ममा कुनै प्रकारको शंका र संशय छ भने आफू नबित्दैमा सोधपूछ गर्नेको निमित्त भिक्षुहरूलाई याद दिलाउनु भयो । तैपनि भिक्षुहरूले कुनै प्रश्न कतै निवेदन गरेनन् । त्यसपछि भगवान् बुद्ध "भिक्षुहरू हो, संस्कार धर्महरू व्ययधर्मी हुन् । तिमीहरू

download from : https://www.dhamma.digital

प्रमादी नभई आचरण अभ्यास एवं उद्योगरत भई बस" भनी अन्तिम सम्झना दिलाउनु भई परिनिर्वाण हुनुभयो ।

भगवान् बुद्धले आफूलाई पूजा प्रशंसा गर्नुमा आश्वाद लिनु नभएको कारण मज्झिमनिकाय बोधिराजकुमार सुत्तमा एउटा साधक प्रमाण प्रस्तुत छ । बोधिराजकुमारले बुद्धलाई राजप्रासादमा भोजनार्थ आमन्त्रण गरी बुद्ध आउनुहुने मार्गमा कोमल कम्बलासन बिछ्याइराख्यो । भगवान् बुद्ध आउनुभई बिछ्याइराखेको त्यो वस्त्रदेखि ठप्प उभिनुभयो । राजकुमारले सम्पूर्ण वस्त्र झिकिदिएपछि मात्र राजप्रासादभित्र प्रवेश गर्नुभयो ।

महाजनहरूको प्रसन्नता र गौरब प्राप्त गरिरहनु भएता पनि आफूलाई कोमुली बनाइराख्न चाहनु बुद्धको स्पष्ट गुणाङ्ग हो । एक समयमा सकुलुदायी परिव्राजकले बुद्धले प्रत्येक क्षेत्रमा क्लिष्ट आचरण गर्न सक्नुहुन्छ भनी प्रशंसा गरे । त्यसबेला बुद्धले आफ्नो क्लिष्ट आचरण शिष्य श्रावक भिक्षु संघहरूको क्लिष्ट आचरणको दाँजोमा नगण्य छ । शिष्य श्रावक भिक्षुसंघहरूले आफूले भन्दा पनि बढी क्लिष्ट रूपमा रहन सहन खानपान गर्छन् भनी भन्नुभयो । (म. नि. महासकुलुदायी सुत्त) । एकदिन संध्याको समयमा भगवान् बुद्ध भिक्षुसंघहरूसँग बसिरहनुहुँदा भिक्षुहरूलाई "भिक्षुहरू हो, यदि तिमीहरूले म तथागतमा शरीर र वचन सम्बन्धी कुनै दोष देखेमा म तथागतलाई निवेदन गर" भनी आज्ञा दिनुभयो । (सगाथावग्ग संयुत्त-वंगिस सुत्त) ।

download from : https://www.dhamma.digital

यसरी कोमल शूक्ष्म मनोवृत्ति भई साधारण आचरण उच्च विचार हुनुभएको भगवान् बुद्धलाई महाजनहरूले प्रसन्न भई गौरब राख्नु आश्चर्यको कुरा छैन । पोक्खरसाति ब्राह्मण र सोणदण्ड ब्राह्मणहरू जस्ता उच्च जातिका अभिमानी ब्राह्मण नेताहरूमा समेत बुद्धको प्रशंसा शब्द सुन्नुमात्रले श्रद्धाचित्त उत्पन्न भई पालिपिटकमा बुद्धलाई हृदयँदेखि आह्लाद रूपमा प्रसन्न हुने दुई व्यक्तिहरू ब्रह्मायु नामक उच्च जातिका एक जना ब्राह्मण र राजा प्रसेनजित हुन् । तिनीहरू बुद्धकहाँ आई दर्शन भेट गर्दा बुद्धको पाउहरूलाई हातले परामर्श गरी सुम्सुम्याइ मुखले पनि बारबार चुम्बन गर्दछन् । (म. नि. ब्रह्मायु सुत्त र धम्मचेतिय सुत्त) ।

कोशल राजाले धम्मचेतिय सुत्तमा बुद्धलाई मानिसहरूले कतिसम्म सम्मान र प्रसन्नता राख्दछन् भन्ने विषयमा निवेदन गरे । भगवान् बुद्धले धर्म उपदेश गरिरहनु हुँदा धर्मश्रोता परिषद्ले बुद्धलाई अत्यन्त गौरब राखी चुपचाप भई धर्मश्रवण गर्नुको कारणले कसैले हाछ्युँ गरेको कहिले पनि सुनिदैन । एक समय आफू मन्त्री अमात्य सैन्यवलहरूसँग यात्रामा जाँदा राती बास बसेको बेलामा इसीदत्त र पुराण नाउँ भएका दुई अमात्यहरूले आफ्ना मालिक राजा भएतिर खुट्टा पसारी बुद्ध हुनुभएको दिशातिर भने टाउको राखी सुते भनी भने ।

एउटा परिब्राजकले पनि श्रमण गौतमले सयौं हजारौं परिषद्लाई उपदेश गरिरहनु हुँदा कुनै कसैले हाछ्युँ गर्नु

download from : https://www.dhamma.digital

खोक्नु आदि नगरी आदर गौरवपूर्वक उपदेश सुनिरहन्छन् । शिक्षापद छाडी गृहस्थी भएका शिष्यहरूले श्रमण गौतमको उपकारको गुणगान मात्र गर्ने गर्दछन् । अरूलाई निन्दा र उपहास नगरी आफूहरूलाई मात्र निन्दा र उपहास गर्छन् भनी भनेका छन् । (म. नि. महासकुलुदायी सुत्त) ।

बुद्धको शील समाधि गुणलाई जानेबुझेका व्यक्तिहरूलाई त के भनौं ? त्यसरी नजानेका कुनै कुनै व्यक्तिहरूले पनि बुद्धलाई पहिलो पटक देख्ने बित्तिकै श्रद्धा प्रसन्नता राख्दछन् । भगवान् बुद्ध बुद्धत्वमा पुगिसकेपछि केही समयमै उरुवेल वनबाट वाराणसी नगरतिर जानुहुँदा बाटोमा उपक आजीवकसित भेट भयो । बुद्धलाई पहिलो पटक देख्न पाएको त्यस आजीवकले भगवान् बुद्धलाई "मित्र, तपाईं को हुनुहुन्छ? तपाईंको इन्द्रियहरू प्रसन्न छन्, छविवर्ण परिशुद्ध छ, प्रभाश्वर छ" भनी भने । बुद्धलाई वास्ता किस्ता नगरिरहन निर्णय गरिराखेका पञ्चवर्गीयहरूले उपदेश सुन्नुभन्दा अगाडि नै बुद्धलाई देख्नुमात्रले आ-आफ्ना निर्णयहरूलाई बिर्सी स्वागत गर्न पुगे । यी तथ्यहरूलाई आधार बनाई बुद्धको शारीरिक बनावट अत्यन्त भव्य र शोभायमान रही महाजनहरूको मनोभावनालाई आकर्षित गर्न सक्ने विषयमा द्वन्द संशय गर्नुपर्ने छैन ।

भगवान् बुद्धको रूपाकृति आकार प्रकार लक्षणलाई हामीहरूले कल्पना गरी अनुमानद्वारा हेर्नु दुष्कर छ । किनभने सबभन्दा पुराना बुद्धका मूर्तिहरू ग्रीक हस्तकलाहरूलाई

download from : https://www.dhamma.digital

आधार बनाई बनाइराखेको भई बुद्ध परिनिर्वाण भइसकेर कैयौं वर्षसम्म बुद्ध मूर्ति निर्माण गरी पूजा गर्ने परिपाटी रहेको थिएन । अंग्रेज प्रज्ञाविद् सर् Charles Eliot ले त "सन्त सत्पुरुष आकार प्रदर्शित बुद्धका निर्मित मूर्तिहरूलाई हेर्नुद्वारा बुद्धको रूप लक्षण आकार प्रकारलाई सही रूपमा मनमा देखापर्न सकिएला जस्तो म ठान्दिन । भारतको सारनाथ प्रदेशमा देख्न पाइरहेको युवक आकृतिमा निर्मित गरिराखेका बुद्धका मूर्तिहरूले मात्र बुद्धको प्राकृतिक रूप लक्षणलाई केही हदसम्म ठीक प्रकारले उल्लेख गरिराखेको छ भनी म ठान्छु । ती निर्मित मूर्तिहरूले गौतमबुद्धको रूप अङ्ग लक्षण आकार प्रकारलाई सुनिश्चित र सही रूपमा उल्लेख गरिराखेको छ भनी भन्न नसकिएता पनि सबल सुदृढ गठिलोपन भएको शारीरिक गठन र आजानेय्य मनोवृत्ति रहेको नेपाली युवक राजकुमारको रूप लक्षण आकार प्रकार स्पष्ट रूपमा प्रकट भइराखेको छ । गौतम बुद्ध अथवा चक्रवर्ती राजा हुनको निमित्त जाताामा रहेको कुरा युक्तिसंगत छ । यदि उनी श्रमण नभएको भए विश्वप्रसिद्ध सेनापति निःसन्देह हुनेछ" भनी भनेको थियो ।[1]

बुद्ध हुनुभन्दा अगाडि छ वर्षसम्म तीव्र आचरगलाई दुःख कष्ट सही आचरण गर्नसक्नु; ८०–वर्षसम्म एक ठाउँबाट अर्को ठाउँमा पद यात्रा गरी निरन्तर धर्म उपदेश

1. Charles Eliot, "Hinduism and Buddhism", Vol. 1, P. 171.

download from : https://www.dhamma.digital

गर्नुलाई आधार बनाई भगवान् बुद्ध अति नै स्वस्थ र गठिलो भएको विषय जान्न सकिन्छ । ८०–वर्षको वृद्ध अवस्थामा तीव्र रोग वेदना अनुभव गरिसकेर पनि वैशाली देखि १६० माइलभन्दा टाढा परेको[1] कुशीनगरतिर पैदल हिंड्नुभएको भगवान् बुद्ध विशेष रूपले गठिलो दृढ शरीर भएको व्यक्ति हो भन्ने विषयमा संशय गर्नुपर्ने छैन ।

भगवान् बुद्धको शारीरिक गठिलापन विभिन्न कारणहरूले हुन सक्छ । बुद्धले खानपानमा मात्रा राखी संयम गर्नुहुन्छ ।

"भिक्षुहरू हो, म विकाल भोजनबाट विरत रहेको कारणले स्वस्थ छु । निरोगी छु । शरीर सुगठित भई सुख पूर्वक विहार गर्छु । तसर्थ तिमीहरू पनि विकाल भोजनबाट विरत होउन्" भनी भन्नुभयो । (म. नि. किटागिरि सुत्त) । संसारमा दीर्घजीवी हुने व्यक्तिहरू प्रायशः कुनै न कुनै जीवनको उद्देश्य राखी त्यस उद्देश्य अनुरूप निरन्तर कार्यरत व्यक्तिहरू हुन् । भगवान् बुद्धले मनुष्य प्राणीहरूलाई संसारचक्र दुःखबाट मुक्ति दिलाउन उद्देश्य राखी त्यस अनुरूप निरन्तर चारिका गर्दै धर्मोपदेश गर्नुहुन्छ । अन्तिम परिनिर्वाणासन्न अवस्थामा पनि सुभद्र भिक्षुलाई अववाद अनुशासन दिएर जानुभएको थियो होइन र ? त्यस अतिरिक्त भगवान् बुद्ध सर्वदा मानसिक सुख भएको व्यक्ति हुनुहुन्छ । सदा मानसिक तौरले सुखी हुनु भरखर भरखर बुद्धत्व लाभ

1. S. Dutt, "The Buddha and Five centuries after", P. 55.

download from : https://www.dhamma.digital

गरी वाराणसीतिर जानुहुँदा उपक परिव्राजकले अचम्म रूपमा ख्याल राखिएको "इन्द्रियहरू प्रसन्न हुनु; छविवर्ण परिशुद्ध हुनु" को एक कारण हुन सक्छ ।

भगवान् बुद्धले आफ्नो मानसिक सुखको बारेमा समय समयमा उल्लेख गर्नुहुन्छ । सगाथावग्गसंयुत्तमा अनाथपिण्डिक महाजनले "भन्ते, तपाईं सुखपूर्वक सयन गर्नु भएको छ कि ?" भनी सोध्दा भगवान् बुद्धले "म सधैं सुखपूर्वक निवास गर्छु; सयन गर्छु । म जस्ता सम्पूर्ण क्लेश अग्निलाई शमन गरिसकेका व्यक्तिहरू मनस्थिति शान्त शीतल भई सुखानुभव गर्छन्" भनी भन्नुभयो ।

एक समयमा भगवान् बुद्ध आलवी देशको गौविचरण मार्गको एक छेउमा रहेको सिसपा वन प्रदेशभित्र घाँसको बिछ्यौनामाथि विहार गरी रहनुभएको थियो । हस्तक आलवक राजकुमार यताउता डुल्दै बुद्धलाई देख्दा छेउतिर उपसंक्रमण गरी "भगवन्, तपाईं सुखपूर्वक सयन गर्नुभएको छ कि" भनी सोधे । भगवान् बुद्धले "राजकुमार, मैले सुखपूर्वक सयन गरेको छु । म संसारमा सुखपूर्वक सयन गर्ने व्यक्तिहरूमध्येमा समावेश भएको एक व्यक्ति हूँ" भनी जवाफ दिनुभयो । त्यसबेला राजकुमार अति आश्चर्यचकित भई "भगवन्, यो समय हेमन्त ऋतु भई अति चिसो समय हो । माघ, फागुन दुई महिना बीचका आठ दिन अन्तर्गत भएको रात हो । जमीन गाई गोरुहरूको पाइतला चिह्नहरूले खश्रो छ । घाँसको आसन अति पातलो छ; वृक्षका पातहरू तितर

download from : https://www.dhamma.digital

बितर छन् । चारै दिशाबाट चिसो चिसो हावा बगी शीतहरू पनि फुरं फुरं झरिरहेको छ । त्यसो भएर पनि म सुखपूर्वक सयन गरिरहेको छु भनी तपाईंले भन्न सक्नु हुँदोरहेछ" भनी निवेदन गरे ।

त्यसबेला भगवान् बुद्धले काम सुख ऐश्वर्य अनुभव गरी मुलायम र कोमल शैय्यामा सयन गर्न पाए पनि लोभ दोष मोहजस्ता क्लेश अग्निले दग्ध भइरहेको व्यक्ति सुखपूर्वक सयन गर्न सक्ने छैन; आफूले राग क्लेश अग्निलाई निरवशेष रूपमा हनन गरिसकेकोले जुनसुकै ठाउँमा पनि सुखपूर्वक सयन गर्न सक्ने कुरा व्यक्त गर्नुभयो । (अं नि तिकनिपात हत्थालवक सुत्त) ।

## (ग) बुद्ध र लौकिक मानव

भगवान् बुद्धमा भरखर भरखर बुद्ध हुनुहुँदा गम्भीर र दुष्कर मार्गफल निर्वाणधर्महरू मनुष्यहरूलाई उपदेश दिने चाहना थिएन । पछि मात्र संसारमा क्लेश स्वल्प भएका व्यक्तिहरू रहेछन् भन्ने दृष्टिज्ञान भएर धर्म उपदेश गर्ने छन्द अभिलाषा प्रादुर्भाव भयो । तदनन्तर पञ्चवर्गीय भिक्षुहरूलाई सबभन्दा पहिलो उपदेश दिनुभयो । त्यसरी सर्वप्रथम उपदेश दिनुभएको धर्मचक्रसूत्र "भिक्षुहरू हो, गृहस्थाश्रममा नरहने अथवा श्रमण हुने व्यक्तिले यी दुई अन्तहरू असेवनीय छन्" भनी प्रारम्भ गरिराखेकोले मुख्यतया भिक्षुहरूको निमित्त देशना गरिएको सूत्र हो ।

download from : https://www.dhamma.digital

वास्तवमा भन्ने हो भने भगवान् बुद्ध विद्यमान रहनुभएको अवस्थामा बुद्धलाई अति श्रद्धा राखी पूजा सम्मान गरेता पनि श्रमण भिक्षु हुन नसकी गृहस्थाश्रममा बस्ने व्यक्तिहरूमध्येमा कुनै कुनै व्यक्तिहरूले समेत बुद्धवादलाई जरैदेखि सम्झेबुझे जस्ता देखिन्नन् । एक समयमा परिब्राजकहरूले "हे गृहपति, श्रमण गौतम कस्तो वादी हुनुहुन्छ" भनी सोद्धा अनाथपिण्डिक श्रेष्ठीले "हामीमा भगवान् बुद्धको सम्पूर्ण वादको ज्ञान छैन" भनी स्वीकार गरे (अं. नि. दसनिपात किदिट्ठिक सुत्त) । साँच्चै अनाथपिण्डिक महाजनले मरणासन्न अवस्थामा असाध्य बिरामी पर्दा आयुष्मान् सारिपुत्रबाट मार्गफल निर्वाणधर्म सुन्न पाइयो । महाजनमा उपदेश सुनिसकेपछि आँखाबाट आँसु झर्‍यो । आयुष्मान् सारिपुत्रले कारण सोधेको अवस्थामा महाजनले आफू वैभव सम्पत्तिमा संयोजनले टाँसी रोएको होइन; आफूले भगवान् बुद्ध र भिक्षुसंघहरूलाई दीर्घकालदेखि शरण लिएर आएता पनि त्यस किसिमको स्वभाव भएको धर्मकथन सुन्न नपाएको कारणले अपशोच लागेको कुरा निवेदन गर्‍यो । आयुष्मान् सारिपुत्रले त्यस किसिमको धर्मलाई गृहस्थीहरूले बुझ्न सक्तैन । भिक्षुहरूले मात्र बुझ्न सक्छन् भनी भन्नुभयो । महाजनले प्रज्ञाज्ञान परिपक्व भएका गृहस्थीहरूलाई उपदेश गर्नु योग्य छ भनी निवेदन गर्‍यो । तर आयुष्मान् सारिपुत्र केही नभनी विहारतिर फर्कनुभयो (म. नि. अनाथपिण्डिकोवाद सुत्त) ।

download from : https://www.dhamma.digital

उपर्युक्त कथनहरूद्वारा भगवान् बुद्धले भिक्षुहरूलाई उद्देश्य गरी निर्वाण धर्मको उपदेश दिनुभएको तथ्य स्पष्ट छ। तापनि पिटकवाङ्मयमा गृहस्थाश्रममा बस्ने मानिसहरूलाई सोझै उपदेश दिनुभएका सुत्तन्त देशनाहरू पनि छन्। कुनै कुनै ती सुत्तन्तहरूलाई निकायहरूमा गहपतिवग्ग भनी छुट्टै शीर्षक राखी देखाएका छन्। भिक्खवे=भिक्षुहरू हो भनी प्रारम्भ गरिएका सुत्तन्त देशनाहरूलाई श्रवण गर्ने परिषद् मध्येमा पनि गृहस्थीहरू निकै संख्यामा हुनुपर्ने अवश्यम्भावी छ। अतः यदि एक उपासकले विशिष्ट सुत्तन्तहरू स्वाध्याय गरिरहेको छ भने भिक्षुहरूलाई त्यहाँ गई श्रवण गर्न भगवान् बुद्धले अनुमति दिनुभएको छ। (विनयमहावग्ग खन्धक) वर्तमान युगमा जस्तै नै त्यस युगका चित्त गृहपति महानाम राजकुमार विशाख आदि कुनै कुनै उपासकहरूले बुद्धवादलाई बहुसंख्यक भिक्षुहरूले भन्दा बढी गहन रूपमा देखेका जानेका सम्झे बुझेका थिए। तसर्थ विशाख र धम्मदिन्ना स्थविराहरू बीच भएको छलफल धर्म कथनलाई पिटकमा समावेश गरिराखेको छ। (म. नि. चूलवेदल्ल सुत्त)

वास्तवमा बुद्धले कुनै कुनै उपासकहरूको मानसिक शक्तिलाई निम्ति ठान्नुहुन्न। तसर्थ एकजना ब्राह्मणले गृहस्थ र श्रमणमध्येमा कसको जीवन बढी अर्थकारी छ भनी सोद्धा बुद्धले आफूले त्यस सन्दर्भमा एकपक्षीय सोझो जवाफ दिन नचाहेको कुरा; गृहस्थ भए पनि कुशल धर्म उद्योग र वृद्धि

download from : https://www.dhamma.digital

गरेमा उसको जीवन उत्तम भई अर्थकारी हुने कुरा भन्नुभयो । (म. नि. सुभ सुत्त)

भगवान् बुद्धले भिक्षुश्रमणहरूलाई प्राथमिकता दिई निर्वाणधर्मको उपदेश दिएता पनि वासना चरित्र मनोभावना र प्रज्ञाज्ञानको विभिन्न श्रेणी भएका लौकिक मानव जातिहरूको अर्थलाई उपेक्षा गर्नुहुन्नथ्यो । महापरिनिब्बान सुत्तमा बुद्धले भिक्षुसंघ र उपासक उपासिकाहरूको अर्थहित-लाई वहन गरिसकेर मात्र निर्वाण हुन्छु भनी भन्नुभएको थियो । भगवान् बुद्धको विचार अनुसार भिक्षुसंघ सहित ब्रह्मचर्य आचरणलाई आचरण गर्ने उपासक उपासिकाहरू र कामगुण सेवन गरिनै रहने उपासक उपासिकाहरू मार्गको सामर्थ्यद्वारा दक्ष ज्ञानी हुँदामात्र बुद्ध शासन उन्नति वृद्धि भई प्रचार प्रसार र सम्पन्न भएको मानिने कुरा दीघनिकायमा व्यक्त गरिराखेको छ । (दी. नि. पासादिक सुत्त)

हामीले मार्ग, फल र निर्वाण धर्मलाई मात्र सम्मान गर्ने भिक्षु संघहरूको हस्तरेखा रहेको पिटकवाङ्मयमा भौतिक अभिवृद्धि कारण धर्मको बाहुल्यलाई फेला पार्न आशा राख्न सकिन्न । तापनि गृहस्थहरूलाई उपदेशित केही सुत्तन्त देशनाहरू स्मरणीय छन् । नमूनाको रूपमा– शस्त्र अस्त्र, मानिस, मांस, तिरश्चीन, मद्य र विषको उपासकहरूले आयात निर्यात र व्यापार गर्नु उचित छैन भनी भगवान् बुद्धले उपदेश दिनुभएको थियो । (अं. नि. पञ्चनिपात वाणिज्ज सुत्त) । यस कथनले भगवान् बुद्ध मानव इतिहासमा

download from : https://www.dhamma.digital

क्रीतदासप्रथालाई सबभन्दा पहिले निन्दा उपहास र आलोचना गर्ने व्यक्ति भएको कुरा बुझिन्छ । भगवान् बुद्धको प्रादुर्भाव-पछि इसापूर्व पाचौं शताब्दी युगमा ख्यातिप्राप्त ग्रीकप्रज्ञाविद् प्लेटोले समेत आफ्नो देशमा रहेको क्रीत दासप्रथामाथि दोष देखेको थिएन ।

तर भगवान् बुद्धले वर्तमान मानव संसारको विस्तृत व्यापक कलंकित सब समस्यालाई समाधान गर्ने उपदेश दिनुभएको थियो भनी यदि हामीले सम्झेमा भूल हुनेछ । बुद्धकालीन भारतको उत्तराखण्ड आजको विश्वको परिस्थिति-सित एक अर्को असमान भएको कुरा याद गर्नु पर्दछ । त्यस समयको भारतको मध्यम देशमा जनसंख्या कम भई मानिसहरू धन सम्पत्तिको स्तर अनुसार एक अर्कोको श्रेणीमा त्यतिसाह्रो भिन्नता देखिंदैन । रहन सहन सरल साधारण भई स्वतन्त्र चिन्तन गर्ने बोल्ने अधिकार पनि रहेकोले विशेषरूपले समाधान गर्न थुप्रै सामाजिक समस्याहरू थिएनन् । वास्तवमा सामाजिक समस्याहरू समाधान गर्न बुद्ध उत्पन्न हुनुभएको पनि त होइन । भगवान् बुद्धको प्रमुख उद्देश्य मानिसहरूलाई निर्वाणको बाटो निर्देशन गर्नु हो । तसर्थ भगवान् बुद्धले मार्ग, फल र निर्वाणसित प्रतिपक्ष भएको मानिसहरूको परस्परागत धारणा र विश्वासहरूलाई निन्दा र आलोचना गर्ने गर्नुभएका थिए ।

जस्तो कि—भगवान् बुद्धको पालामा मानिसहरूले स-साना वाडका रूखहरू काटी बाडपत्यका जुत्ता लगाउने

छवर्गी भिक्षुहरूलाई निन्दा गरे । त्यस विषयलाई बुद्धले थाहा पाएको बेला भिक्षुहरूलाई बोलाई "भिक्षुहरू हो, मानिसहरूले रूखमा जीव छ भनी धारणा राख्छन् । अतः ताडपत्ताका जुत्ता नलगाउनु" भनी आज्ञा दिनुभयो । (विनय-महावग्ग) । त्यसरी मानिसहरूको विश्वास र धारणालाई कतै आलोचना नगरी तिनीहरूलाई कारण गरेर भिक्षुहरूले पालन गर्ने भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएका शिक्षापदहरू विनयपिटकमा धेरै छन् । मानिसहरूको परम्परागत धारणा र विश्वासहरूलाई आलोचना र दोषारोपण गर्न नचाहनुहुने भगवान् बुद्धले सामाजिक सुधारमा दिलचस्पी लिनुहुनेछैन ।

तापनि यदि सामाजिक सुधार भनेको मानव संसार विकास हुने मनुष्य प्राणीहरूको सुख समृद्धि हुने कार्यलाई भन्न चाहेको हो भनी हामीले बुझ्नुपरेको छ भने भगवान् बुद्ध विश्वसामाजिक सुधारक पवित्र व्यक्ति भनेमा भन्न सकिन्छ । कारण किनभने भगवान् बुद्धले उपदेश गर्नुभएको प्राथमिक प्रमुख धर्महरू वर्तमान युगमा गरिरहेका विश्वमानव कल्याण कार्यहरूको सफलताको निमित्त अत्यावश्यक धर्महरू हुन् । नमूनाको रूपमा भनौं भने– दुःखी दरिद्र मानवसमाजको जीवन उचाल्न अघिसरेको समाजवादको सफलता भगवान् बुद्धको तृष्णा लोभ प्रहाणवाद र ब्रह्मविहार धर्ममाथि धेरै आधारित छ । त्यस्तै सम्पूर्ण मानव जाति भयभीत र त्रसित भइरहेको तृतीय विश्व युद्धको सम्भावना मानिसहरूको वाद आसक्तिसँग जोडिरहेको हुनाले त्यस युद्धलाई रोक्ने प्रक्रिया

download from : https://www.dhamma.digital

बुद्धको मध्यम प्रतिपदा मार्ग र उपादान आशक्ति प्रहाणमार्गमाथि प्रायशः आधारित रहेको कुरा निराशंकित रहेको छ।

कुनै कुनै व्यक्तिहरूले भगवान् बुद्धले जातिवाद र मानिस मानिस बीच वर्ण विभाजन गर्नुलाई प्रहार गर्नुभयो भनी भन्छन्। बुद्धकालीन अवस्थामा भारतको मध्यम देशमा जातिवाद त्यतिको शक्तिशाली नभएको कुरा खण्ड ३ मा विस्तृत उल्लेख गरिसकिएको छ। त्यसबेला क्षत्रीयहरू ब्राह्मणहरूभन्दा प्रभावशाली थिए। क्षत्रीयवंशी शाक्यहरू अत्यन्त अभिमानी थिए। "मानवसमूहमा जुन व्यक्तिहरू कुलवंशलाई प्रश्रय लिने बानि भएका हुन्छन्। तिनीहरूमध्येमा क्षत्रीयवंश पवित्र छ।" (दी. नि. अग्गञ्ञ सुत्त)। यस्ता कथनहरू पिटकवाङ्मयमा थुप्रै देखिन्छन्। तर त्यसबेलाका ब्राह्मणहरूले आफूहरूमात्रै सर्वश्रेष्ठ छन् भनी भन्छन्। क्षत्रीयहरूलाई हेय दृष्टिले हेर्छन्। वयोवृद्ध ब्राह्मणहरूलाई आदर गौरबको आकार प्रकार नदेखाउने बुद्धलाई आरोप लगाउँछन्। (अं. नि. चतुक्कनिपात उरुवेल सुत्त)। भगवान् बुद्धले ब्राह्मणहरूको जातिवादलाई बिल्कुल स्वीकार्नु हुँदैन। बुद्धको विचारमा एक व्यक्तिको पवित्रता र श्रेष्ठता जाति माथि आधारित नभइकन शील समाधिमा मात्र आधारित छ। यो बुद्धको विचारधारा धम्मपद पालि ब्राह्मण वग्ग र अन्य सुत्तन्तहरूमा निकै स्पष्ट छ।

एक समय एसुकारी नाउँ भएको एकजना ब्राह्मणले संसारमा ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र भनी चार वर्ण रहेका

download from : https://www.dhamma.digital

छन् । क्षत्रीयहरूले ब्राह्मणहरूलाई, वैश्यहरूले क्षत्रीयहरूलाई; शूद्रहरूले वैश्यहरूलाई सेवा गर्नु योग्य छ भनी भनेका छन् । श्रमण गौतमले कसरी विचार गर्नुहुन्छ भनी सोधे । बुद्धले कसले कसलाई सेवा गर्नु योग्य छ; अर्थात् सेवा गर्नु योग्य छैन भनी आफूले भन्न नचाहेको; कुनै एक व्यक्तिलाई सेवा गर्नाले आफूमा फाइदा हुन्छ भने सेवा गर्न योग्य भई बेफाइदा हुन्छ भने सेवा गर्न योग्य नभएको कुरा भन्नुभयो । (म. नि. एसुकारी सुत्त) ।

उपर्युक्त कथनहरूद्वारा भगवान् बुद्धले ब्राह्मणहरूको जातिवादलाई बिल्कुल अस्वीकार गर्नु भएता पनि लौकिक अर्थ र हितको निमित्त मानिसका मानिस बीच श्रेणी विभाजन गर्नुलाई निन्दा र उपहास गर्न नचाहेको कुरा स्पष्ट छ ।

जर्मनी पालिप्रज्ञाविद् प्राध्यापक Oldenberg ले भने भगवान् बुद्धले जतिवादलाई समर्थन गरे जस्तो लेखेको छ ।[1] भगवान् बुद्ध समक्ष सर्वप्रथम भिक्षु हुने व्यक्तिहरू ब्राह्मण र क्षत्रीयहरू नै थिए भनी कारण देखाएको छ । अवश्य हो; थेरगाथामा आएका २५९–जना स्थविरहरूमध्येमा ११३–जना ब्राह्मण जातिका थिए । तर यस्तो हुनु भगवान् बुद्धले जातिवादलाई समर्थन गरेको कारणले नभई त्यस-बेलाका ब्राह्मणहरू घेरैजसो अन्य व्यक्तिहरूभन्दा बढी प्रज्ञाज्ञानले परिपक्व भएका हुनाले हुन सक्छ । वास्तबमा

1. Oldenberg "The Buddha and his Doctrine".

download from : https://www.dhamma.digital

भन्ने हो भने भगवान् बुद्धका श्रावक–श्रमणसंघहरू मध्येमा ब्राह्मणहरूका अतिरिक्त नापितहरू, पोडेहरू, दासीहरू र नगर शोभिनी आदि समावेश भएको विषयलाई ध्यान दिनु योग्य छ ।

आफ्नो शिष्य प्रज्ञाज्ञानले परिपक्व भई सांच्चिकै धर्मको उद्योग र आचरण गर्ने व्यक्ति भएमा भगवान् बुद्धले भिक्षु र गृहस्थ अथवा ब्राह्मण र अन्य जाति भनी बिभाजन नगरे जस्तै पुरुष र स्त्री भनेर पनि विभाजन गर्नुभएन । ५५० जातकनिपात र अन्य अर्थकथाहरूलाई मात्र पढेर हेरेमा महिलाहरूलाई भगवान् बुद्धले निकै हेयदृष्टि राखेजस्तो हामीले धारण गर्नुपर्ने देखिन्छ । तर महिलाहरूलाई विशेष विरमण गर्नुपर्ने श्रमण भिक्षुहरूको ग्रन्थ साहित्यहरूमा महिलाहरूलाई आरोप लगाउने कथनहरू समावेश रहनु स्वाभाविक छ । पालिपिटकमा भने त्यस प्रकारको कथन देखापर्दैन ।

भगवान् बुद्धले महिला, जातिगत दृष्टिले, हीन र नीच प्राणी हो भनी धारणा राख्नुहुन्न । तैपनि मानिसहरूमा कामराग चित्त अति प्रबल स्वाभाविक चित्त भएको विषय-लाई भने राम्ररी बुझ्नुहुन्छ । भगवान् भन्नुहुन्छ– "भिक्षुहरू हो, पुरुषको कुशलचित्तलाई पूर्णतः संगालेर ग्रहण गर्न सक्ने स्त्रीको रूपारम्मण वर्ण बाहेक अन्य त्यस्तो स्वभाव भएको एउटा रूपारम्मण वर्णलाई पनि म (तथागतले) देखेको छैन ।" (अं. नि. एककनिपात इत्थिरूप सुत्त) त्यसैगरी

download from : https://www.dhamma.digital

भिक्षुहरूलाई सचेत गराई भन्नुभएको थियो । महिलाहरूलाई एक पक्षमा रही निन्दा गर्ने र आरोप लगाउने गर्नुभएको थिएन ।

भगवान् बुद्ध परिनिर्वाण हुनुभन्दा केही समय अघि आयुष्मान् आनन्दले "भन्ते, हामीहरूले महिलाहरूको सम्बन्धमा कस्तो प्रकारले आचरण गर्नुपर्ला ?" भनी निवेदन गर्नुभयो ।

"आनन्द ! नदेख्ने गरिकन आचरण गर्नुपर्छ ।"

"भन्ते, देख्नु नै परेमा कस्तो प्रकारले आचरण गर्नुपर्ला !"

"आनन्द ! कुरा नगरिकन बस्नुपर्छ ।"

"भन्ते, केही गरेर कुरा नगरिनहुने भई कुरा गर्नुपरेमा कस्तो प्रकारले आचरण गर्नुपर्ला ?"

"आनन्द ! आफ्नै आमा आदि जस्तै संज्ञा राखी कुरा गर्नुपर्छ ।"

यसरी दीघनिकाय महापरिनिब्बान सुत्त पालिबाट सोझै भाषान्तरण गरिराखेको भगवान् बुद्धको कथनमा महिलाहरूलाई निन्दा गर्ने र आरोप लगाउने एक शब्द र एक पद पनि समावेश छैन । तर जिनत्थपकासनी ग्रन्थमा भने महिलाहरूसित कुरा नगरी बस्नुपर्छ भन्ने कथनलाई पुष्टि गर्न भगवान्ले भन्नुभयो "आनन्द, यदि महिलाहरूलाई देखेमा कुरा नगरी बस्नु पवित्र आचरण हो । आनन्द, तीक्ष्ण धार भएको खड्ग समाती मसित कुरा गरेमा तिम्रो टाउको

download from : https://www.dhamma.digital

काटि दिनेछु भनी उभिन आउने पुरुषसित कुरा गर्नु उत्तम छ । महिलाहरूसित कुरा गर्नु उत्तम छैन । मलाई बोलायो भने तिम्रो मासु लुछेर खान्छु भनी उभिन आउने राक्षसनी-सित कुरा गर्नु उत्तम छ । प्रेममयी महिलासित कुरा गर्नु उत्तम छैन ।" वास्तबमा जिनत्थपकासनी ग्रन्थकार आचार्यले महिलाहरूलाई आक्षेप गरेको त होइन । तर ग्रन्थकार आचार्यको कुरालाई आधार बनाई बौद्धवाङमयभित्र महिला-हरूलाई आक्षेप लगाउने कथनहरू कसरी आइपुगेको छ भन्ने कुरालाई हामीले अनुमान गर्न सकिन्छ । कामराग चित्तले भावनाधर्म उद्योग र अभ्यास गर्ने व्यक्तिहरूलाई विनाश गर्न सक्ने कुरा निर्विवाद सत्य छ । त्यस चित्तको कारणले भिक्षुहरू शीलाचरण भ्रष्ट भएका थिए । तर पृथग्जन मनुष्य प्राणीहरूले आफ्ना दोषलाई नदेखी अन्य व्यक्तिहरूप्रति दोष थुपार्न जान्छन् होइन र ! रागचित्तलाई दमन गर्दा महिलाहरूलाई शत्रु जस्तै ठानेमा तिनीहरूलाई विरमण गर्न सजिलो हुने होइन र ! तसर्थ महिलाहरू भिक्षु–श्रमणहरूको वाङमयमा सदा दबाउनु परेको हो । युरोपीय मध्ययुगमा क्रिश्चियन पादरीहरूले महिलालाई मारदेवको पिठ्यूँको रूपमा देख्ने गर्थे । बुद्धवादी श्रमणहरूको वाङमयमा भने महिला राग बहुल भई हीन प्राणीमा गनिइएको छ ।

यदि भगवान् बुद्धले तो भिक्षु श्रमणहरूको सिद्धान्त-लाई स्वीकार गर्नुभएको सही ठहरेमा महिलाहरूलाई भिक्षुणी हुन अनुमति दिनुहुने थिएन । भगवान् बुद्धले सानो आमा

download from : https://www.dhamma.digital

गौतमीको निवेदित प्रार्थनालाई तुरन्त अस्वीकार गर्नुभएको सही हो । तर त्यसरी अस्वीकार गर्नु त्यस युगको भारत राष्ट्रमा महिलाहरूलाई हेयदृष्टिले हेर्ने वरिपरि मानिसहरूको धारणा र चाहनासित बिरोध गर्न नचाहनुभएको कारणले हुन सक्छ । धेरैजसो महिलाहरूको मनोभावना शिथिल र कमजोर रहेकोलाई जान्नु बुझ्नुभएको कारणले पनि हुन सक्छ । स्वभावको दृष्टिले महिलाहरू शील समाधिको क्षेत्रमा निम्न:कोटीमा पुगेका छैनन् । उच्च श्रेणीलाई पनि आशा राख्न नसकी मध्यम श्रेणीमा रहेका छन् ।[१] यो तथ्य विश्वमा रहेका हरेक राष्ट्रहरूमा महिलाहरूमा पुरुषहरूमा जति राजदण्ड अपराध उल्लङ्घन गर्ने व्यक्तिहरू कम हुनु, शील-वतीको संख्या भिक्षुहरूको संख्या सरह बढी नहुनु द्वारा स्पष्ट छ ।

जेहोस्, उपर्युक्त कथनहरू केही रूपमा मात्र सत्य रहेको तथ्य होश राख्नु योग्य छ । भगवान् बुद्धको विचारधारा अनुरूप प्रज्ञा वीर्य भएको चाण्डाल पनि प्रज्ञा वीर्यविहीन ब्राह्मण भिक्षुभन्दा शील समाधिमा श्रेष्ठ हुन सक्छ जस्तै महिलाले पनि प्रयत्न गरेमा मार्ग, फल र निर्वाण प्राप्त गर्न सक्छे भन्ने विषय सोमाथेरीको कथनबाट स्पष्ट छ । मार देवपुत्रले सोमाथेरीलाई महिला भएकी तिमी बुद्ध अरहन्तहरू मात्रै पुगिने निर्वाणमा पुग्न सक्ने छैन भनी भने ।

---

१. "पुरुष र स्त्री" म्यावदी । १९५८ जनवरी ।
Harelock Ellis, "Men and Women", PP 256-57.

download from : https://www.dhamma.digital

त्यसबेला थेरीले "हे मार, तिम्रो कुरा तृष्णा, मान, दृष्टिले छोपिराखेका पुरुष र स्त्रीको निमित्त ठीक छ। फलसमापत्ति ज्ञानद्वारा चतुःसत्य धर्मलाई राम्ररी देखिसकेकीलाई स्त्रीत्वले के गर्ला र!" भनी जवाफ दिइन्। (थेरीगाथा र भिक्खुनीसंयुत्त–सोमा भिक्खुनी सुत्त)।

यथार्थतः भन्ने हो भने जातक अर्थकथाहरूमा समेत महिलाहरूलाई प्रशंसा गरिराखेका कुराहरू कहिलेकाहीं देखापर्छ। "सबै क्षेत्रमा पुरुषमात्रै प्रज्ञावान् हुँदैन। महिला पनि प्रज्ञावती हुन्छे। त्यस त्यस क्षेत्रमा विशेष रूपले देख्न सक्ने हुन्छे। द्रुतगतिले परिणामको चिन्तन गर्न सक्छे।" (अट्ठनिपात सुलजातक)।

छोरी नचाहने कोशल नरेशलाई भगवान् बुद्धले भन्नुभएको कुरा मननीय छ। "महाराज, प्रज्ञाशील सम्पन्न भई पतिलाई ससम्मान सेवा सुश्रुषा गर्ने केही छोरीबेटी प्रज्ञाहीन छोराभन्दा पवित्र हुन्छिन्। त्यस स्त्रीका छोराले राष्ट्रलाई राम्ररी शासन चलाउन सक्छ। (कोसलसंयुत्त मल्लिकाधीतरविजात सुत्त)। भगवान् बुद्धले अमरा, किन्नरी, मद्दी, सम्भूलाहरूलाई मात्र प्रशंसा गर्नुभयो भन्ने कुरा युक्तिसंगत छैन।" हे गृहपति, तिमीलाई नकुलमाता गृहपतिनीले सँधै संरक्षण गर्छिन् र अर्थहितकामिनी हुन्छिन्। अनुशासिता हुन्छिन्। तिम्रो मनुष्य जीवन सुलब्ध छ। शील सम्पन्न आध्यात्मिक शान्ति उपलब्ध मेरी श्राविका उपासिका-हरूमध्येमा नकुलमाता एकजना पनि समावेश छिन्।"

download from : https://www.dhamma.digital

(अं. नि. अट्ठकनिपात नकुलपितु सुत्त) भन्ने कथनद्वारा भगवान् बुद्धले प्रशंसा गरिएका महिलाहरू थुप्रै रहेका कुरा स्पष्ट छन् ।

भगवान् बुद्धको विचारमा स्त्री पुत्रपुत्रीहरूलाई पालनपोषण गर्नु एउटा मंगल हो । यो धारणा बुद्ध प्रादुर्भाव हुनुभन्दा पूर्व विद्यमान धारणा हो । पौराणिक (प्राचीन) युगदेखि भारतमा ब्राह्मणहरूले विवाह गर्नुलाई प्रोत्साहन दिएका थिए । उनीहरूको ग्रन्थहरूमा कुलपुत्रले दोश्रो उमेरमा विबाह गरी धन सम्पत्ति आर्जन गर्नुपर्दछ भनी भनेको छ । अतः स्त्री पुत्रपुत्रीहरूलाई पालनपोषण गर्नु उत्तम कार्य हो भनी र उमेर र समय आइपुग्दा पुत्रपुत्रीहरूलाई आवाहविवाह गरिदिनु आमाबाबुहरूका कर्तव्य हुन् (दी. नि. सिगाल सुत्त) भनी भगवान् बुद्धले उपदेश गर्नु अचम्मको कुरा होइन । भारतीयहरूको प्राचीन परम्परा अनुरूप उपदेश गर्नुभएको हो । तर वैवाहिक जीवनको सम्बन्धका पिटकमा स्यानो अंशमा देखापरेका बुद्धका अववाद कथनहरू इसापूर्व छैठौं शताब्दीको युगलाई अतिक्रमण गरी गम्भीरतापूर्ण कथनहरू रहेको छ ।

भगवान् बुद्धले गृहस्थीहरूले विवाह गर्दा धन सम्पत्ति-लाई प्रमुखता नदिई (वा) स्त्रीहरूलाई कुनै चीज वस्तु किनेजस्तो गरी नकिनी साँच्चैको मैत्रीले प्रेम गरी सहवास गर्नुलाई प्रशंसा गर्नुहुन्छ । (सुत्तनिपात पालि ब्राह्मणधम्मिक सुत्त) । भगवान् बुद्धको दृष्टिमा वयोवृद्ध

download from : https://www.dhamma.digital

पुरुषले तम्नेरी स्त्रीलाई विवाह गर्न लाग्छ भने शोकसन्ताप परी निद्रा नलागी मानसिक दु:ख भोग्नुपर्नें छ। (सुत्तनिपात पराभव सुत्त)। सिङ्गाल सुत्तमा उल्लिखित पाँच पतिव्रत धर्ममा आफ्नो स्वास्नी बाहेक अन्य स्त्रीहरूसँग मिथ्या व्यवहार नगर्ने तथ्य समावेश भएकोले एक स्त्री एक पुरुष नीति नै बुद्ध अववादसित मेल खाने कुरा संशय रहित छ। भगवान् बुद्धले उपदेश गर्नुभएको पाँच पतिव्रत धर्मलाई गहिरिएर अध्ययन गरेमा महिलाहरूलाई पुरुषहरू सरह अधिकार र अवसर दिइराखेको पाइन्छ। स्त्रीले पुरुषको कुरा आँखा चिम्लीं सुन्नुपर्छ भनिएको छैन। तसर्थ बुद्धकालीन अवस्थामा भारतीय नारीहरूको जीवनस्तर उच्च छ। एक अंग्रेज पालि प्रज्ञाबिद्को दृष्टिकोणलाई उल्लेख गर्ने हो भने "त्यस युगका बुद्धवादी महिलाहरू बुद्ध प्रादुर्भाव हुनुअघि भन्दा बढी गौरवपूर्ण भई आएका थिए। छोरीहरू विधवाहरू मन खुस्रुक्क पार्नुपर्ने घृणास्प्रद सत्त्वहरू भएनन्। उनीहरू सहित पत्नी हुने महिलाहरू गौरवान्वित भई बढी स्वतन्त्र हुन गए।"[1]

बुद्धकालीन अवस्थामा कुनै कुनै व्यक्तिहरूले भगवान् बुद्धलाई पारिवारिक मनोवृत्तिलाई नाश गर्ने रूपमा आरोप लगाउँछन्। "श्रमण गौतमले सन्तान नहुनको लागि आचरण गर्छ। पतिवियोग हुनको लागि आचरण गर्छ" आदिद्वारा

1. I. B. Horner, "Women under Primitive Buddhism", P. 82.

download from : https://www.dhamma.digital

निन्दा उपहास गरिन्छ। (विनयपिटक महावग्गखन्धक)। वर्तमान अवस्थामा कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरू (जस्तो कि प्राध्यापक Oldenberg) ले पनि बुद्धले गृहस्थीहरूलाई भिक्षुसंघहरूको सेवकको रूपमा मात्र सम्झनुभएजस्तो लेखेका छन्। अवश्य हो; भगवान् बुद्धको मार्ग पद्धति अनुसार मार्गफल निर्वाणको निमित्त निश्चित र स्वतन्त्र रूपमा आचरण उद्योग र अभ्यास गर्न चाहने व्यक्ति भिक्षु हुन सकेमा सबभन्दा राम्रो हुन्छ। तर भगवान् बुद्धले मनोवृत्ति परिपक्व नभएकोले त्यसरी भिक्षु हुन नसकेका व्यक्तिहरूको अर्थहितलाई उपेक्षा गर्नुभएको थिएन। भौतिक मानवहरूको अर्थहितको निमित्त भगवान् बुद्धले दिनुभएका उपदेशहरू पिटकवाङ्मयमा धेरै नदेखिनु पिटकाचार्यहरूले प्रमादबश पिटकमा समावेश नगरेको कारणले हुन सक्छ। मार्गफल निर्वाण धर्मलाई प्राथमिकता दिने पिटकधारी भिक्षुहरूले त्यस किसिमको उपदेशमा दिलचस्पी राख्ने छैनन्।

भगवान् बुद्धले गृहस्थीहरूमा पारिवारिक मनोवृत्ति घुसेको देख्न चाहनुहुन्छ। "पुत्रपुत्रीहरूले सयबर्षसम्म आमा र बाबुलाई प्रत्येक काँधमा बोकी सेवा सुश्रूषा गरे पनि आमाबाबुहरूको उपकारलाई अन्त हुने सम्म ऋण चुकाउन सक्ने छैन।" (अं. नि. एककनिपात सुप्पटिकार सुत्त) आदि द्वारा आमाबाबुहरूको गुण उपकारलाई प्रशंसा गर्नुभएको थियो। भगवान् बुद्धको विचार अनुसार ज्ञातिबन्धुहरूलाई

download from : https://www.dhamma.digital

संग्रह गर्नु एउटा मङ्गल हो। "गृहस्थीहरूले कुलमा जेष्ठ भएका बाज्याबज्यै वयोवृद्धहरूलाई आदर गौरव राख्नुपर्छ।" (सक्कसंयुत्त माघसुत्त) त्यस अतिरिक्त "पुत्रपुत्रीहरू गृहस्थी-हरूको आधार हुन्; असल स्वास्नी सर्वोत्तम सहायिका हुन्" (सगाथावग्ग संयुत्त वत्थु सुत्त) आदि कथनहरू अनुसार भगवान् बुद्धले महिलाहरू घर-गृहस्थी रमाइलो बनाउनको निमित्त महत्त्वपूर्ण व्यक्तिहरू हुन् भनी अवश्यमेव जानेबुझेको होला। निःसन्देह भगवान् बुद्धले घर-गृहस्थी बनाउने गृहस्थाश्रममा महिलाहरूको गुण उपकारलाई समर्थन गर्नुभएको विषय बुद्धवंसबाट एउटा घटनाद्वारा स्पष्ट छ।

भगवान् बुद्ध पिता शुद्धोदन महाराजको राजप्रासाद-मा भोजन गर्नुभई सकेपछि सम्पूर्ण राजपरिवारहरू नजिक आई भगवान् बुद्धलाई अभिवादन गर्न आई राजकुमारी यशोधरा भने भगवान् बुद्धलाई दर्शन भेट गर्न कोठाबाट निस्केकी थिइन। दरबारियाहरूले "आर्ये, निस्कनुस्, भगवान् बुद्धलाई दर्शन भेट गर्नुस्" भनी निवेदन गर्दा राजकुमारी यशोधराले भनिन्– "यदि भगवान् बुद्धले मेरो उपकारलाई सम्झी करूणा राख्नुहुन्छ भने म कहाँ आफैं आउनुहुनेछ। त्यसबेला मात्र मैले पूजा गर्नेछु।" त्यो विषयलाई भगवान् बुद्धले बुझ्नुहुँदा महाराजलाई पात्र दिई दुइजना अग्रश्रावक-हरूसँगै यशोधराको कोठाभित्र प्रवेश गर्नुभई भन्नुभयो "आज राजकुमारी यशोधराले म (तथागत) लाई उनको इच्छा अनुसार अभिबादन गराउन देऊ। कसैले पनि एक शब्दले

download from : https://www.dhamma.digital

समेत रोका नलगाऊ।" त्यसबेला राजकुमारी यशोधराले भगवान् बुद्धको छेउमा आई खुट्टालाई कपालले परामर्श गरी बारबार अभिवादन गरिन्।

उपर्युक्त घटना पालिपिटकमा उल्लेख नभई जातक अर्थकथामा मात्र देखापरे तापनि बुद्धको उच्च हृदय हुनु महिलाहरूप्रति उदार भावना हुनु पारिवारिक मनोभावनाको मूल्यलाई बुझ्नु आदिलाई हृदयङ्गम गर्दा बुद्धको जीवनी-क्रमको सम्बन्धमा युक्तिसङ्गत भएको पौराणिक कथा अथवा कथोपकथन इतिहासमाथि आधारित एक घटना हुन सक्छ। वास्तवमा भगवान् बुद्धले आफ्ना शिष्य श्रावक लौकिक माणवक बुद्धवादीहरूलाई भिक्षुसंघलाई पूजा र संग्रह गर्ने दायक दायिकाहरूको रूपमा मात्र देख्नुभएको होइन। बुद्ध-कालीन सबै गृहस्थीहरू दान, शील, धर्मद्वारा मात्र सन्तोष मानी स्वर्गलोकको आशा राख्ने व्यक्तिहरू थिएनन्। एउटा परिव्राजकले भगवान् बुद्धलाई "गृहस्थ भएको श्वेतवस्त्रधारी पवित्र आचरणलाई आचरण गर्ने व्यक्तिहरूमध्येमा पाँच अधो-भागीय संयोजनहरूलाई निरवशेष प्रहाण गर्नुको कारणले ब्रह्मालोकमा परिनिर्वाण हुने कुनै उपासक उपासिका छ के? गृहस्थी भएको श्वेतवस्त्रधारी कामगुण वैभव सुख अनुभव गर्ने व्यक्तिहरूमध्येमा श्रमण गौतमको अववाद अनुशासनलाई अनुसरण गरी विचिकिच्छा रहित भई विसारदत्वमा पुगेको कुनै एउटा उपासक उपासिका छ के?" भनी सोधेको बेला भगवान् बुद्धले "मेरा शिष्य श्रावक श्राविकाहरूमध्येमा त्यस

download from : https://www.dhamma.digital

प्रकारका व्यक्तिहरू शय होइन, ५०० शय होइनन् धेरै धेरै छन्" भनी बताउनुभएको थियो। (म. नि. महावच्छगोत्त सुत्त)।

उपर्युक्त कथनले बुद्धकालीन अवस्थामा श्रोतापन्न सकृदागामि अनागामि पुरुष र महिलाहरू ठूलो संख्यामा रहेको कुरा स्पष्ट छ। "भिक्षुहरू हो, गृहस्थ होस्, अथवा श्रमण, मिथ्या आचरण रहेमा म (तथागत) प्रशंसा गर्दिन। सम्यग् आचरण रहेमा मात्र म प्रशंसा गर्छु।" (अं. नि. दुकनिपात मिच्छापटिपत्ति सुत्त)। "जुन व्यक्तिले क्लेश शमन गरेको छ; इन्द्रियलाई दमन गरिसकेको छ; चार मार्गद्वारा स्थिर छ; सम्पूर्ण सत्त्वहरूप्रति शस्त्र छोडिराखेको हुँदा मैत्रीले समव्यवहार गरिरहेको हुन्छ; त्यो व्यक्ति वस्त्रालङ्कारले विभूषित भए पनि पाप देखि बहिष्कृत रहेको ब्राह्मण भनिन्छ। क्लेश शमन भइसकेको श्रमण भनिन्छ। क्लेश छिन्नभिन्न भइसकेको भिक्षु भनिन्छ।" (धम्मपद १४२)। कथावत्थु अर्थकथाचार्यको भनाइ अनुसार उत्तरा पाठक नामक पुरानो बुद्धवादी गण उपर्युक्त धम्मपद पालिलाई उध्दृत गरी गृहस्थ व्यक्तिले निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने धारणा राख्दछ। यो धारणा सही हुन सक्छ। वास्तबमा बुद्धकालीन अवस्थामा श्रमण भिक्षु नभई निर्वाणलाई साक्षात्कार गर्ने उपासकहरू रहेका कारण पिटक साधक नमूनाहरूलाई निर्वाण खण्डमा उल्लेख गर्नेछु।

download from : https://www.dhamma.digital

सही रूपमा भन्ने हो भने भगवान् बुद्धले मार्गफल निर्वाणधर्मलाई उद्योग र आचरण गर्ने मानिसहरूलाई मात्र प्रशंसा गर्नुभएको होइन; कुनै व्यक्तिहरूले कामगुण अनुभव गरेता पनि शीलाचरणले युक्त व्यक्तिहरू भएमा ती व्यक्ति-हरूलाई पनि प्रशंसा गर्नुभएको कुरा पालिपिटकमा आएको निम्न कथनहरूले स्पष्ट छ ।

"भिक्षुहरू हो, देवताहरूलाई शासन गर्ने शक्रदेवेन्द्रले वेजयन्त प्रासादबाट ओर्ली धेरै दिशाहरूलाई नमस्कार गरी अभिवादन गऱ्यो । त्यसबेला मातलि देवपुत्रले कारण सोद्धा शक्र देवेन्द्रले यसो भने, "हे मातलि, सम्पूर्ण मनुष्यहरू, देवराजहरू र त्रयस्त्रिंशत् देवताहरूले मलाई अभिवादन गर्छन् । मैले त शील समाधि र पवित्र आचरणलाई आचरण गर्ने भिक्षुहरूलाई राम्ररी अभिवादन गर्छु । गृहस्थाश्रममा बस्ने मानिस भएर कुशल कर्म गर्ने बानि भएका शीलवान् जुन उपासकहरूले धर्मानुकूल पर्येषण गरी पुत्रदारहरूलाई पालनपोषण गर्छन् ती उपासकहरूलाई पनि म अभिवादन गर्छु ।" (सं. नि. सक्क संयुत्त सक्कनमस्सन सुत्त) ।

## (घ) बुद्धको अनुशासन पद्धति

भगवान् बुद्धले ४५ वर्षसम्म भारतको मध्य देशमा एक ठाउँबाट अर्को ठाउँ विचरण गरी धर्म उपदेश गर्नुहुँदा विशेष सफलता प्राप्त भएको कुरा संशयातीत छ । ब्राह्मण,

download from : https://www.dhamma.digital

राजा, अमात्य, श्रेष्ठी र गृहपतिहरूदेखि लिएर नापित र नगरशोभिनीसम्म विभिन्न क्षेत्रका मानिसहरूले बुद्धवादलाई मन पराउँदथे। बुद्धको उपदेशलाई एक पटक सुन्नुमात्रले अन्य वाद र सिद्धान्तलाई त्यागी बुद्धका शिष्य भई श्रावकत्व ग्रहण गर्ने व्यक्तिहरू पनि कम थिएनन्। त्यसकारण निगण्ठ नाटपुत्त (निर्ग्रन्थ नाटपुत्र) ले आफ्नो शिष्य सिंह सेनापतिलाई बुद्ध कहाँ नजान भनेका थिए। (विनयपिटक महावग्ग खन्धक) एकजना निगण्ठले त बुद्ध अन्य व्यक्तिलाई आफ्नो पक्ष लाग्ने गरी आकर्षण दिन सक्ने मायामा सिद्धहस्त छ भनी भनेको थियो। (म. नि. उपालि सुत्त)।

भगवान् बुद्धको विशिष्ट सफलता त्यस अवस्थामा मध्य देशमा ब्राह्मणवाद प्रभावशाली नभइसक्नु; मानिस-हरूको ज्ञान बुद्धि परिपक्व भइरहनु; बुद्धवाद गम्भीर र यथार्थ हुनु; बुद्धको गम्भीर र प्रशंसनीय श्रद्धोत्पादक रूप सम्पत्ति हुनु आदि कारणहरू हुन् भनी कुनै कुनै व्यक्तिहरूले भन्दछन्। ती प्रदर्शित कारणहरू वास्तविक हुन्। तैपनि ती कारणहरूभन्दा महत्त्वपूर्ण एक अन्य कारण बुद्धको अनुशासन पद्धति हो। एउटा शिक्षकको सफलता उनको अध्यापन पद्धतिमाथि धेरै भर परे जस्तै इसपूर्व छैठौं शताब्दीयुगको भारतमा बुद्धवाद प्रचारप्रसार हुनु बुद्धको अनुशासन पद्धति-माथि निकै भर पर्दछ।

नवयुवक विद्यार्थीहरूलाई अध्यापन गराउँदा बुद्धिमान् दक्ष प्रत्येक शिक्षकहरूले जान्नी बुझी प्रत्यक्ष रूपले व्यवहारमा;

download from : https://www.dhamma.digital

ल्याइने शिक्षण सम्बन्धी मनोवैज्ञानिक स्वभावधर्महरू बुद्धको अनुशासन पद्धतिमा स्पष्ट झल्किन्छ। शिक्षकले विद्यार्थी र शिष्यहरूले बुझिसकेका तथ्यहरू; व्यावहारिक शब्दहरूमाथि आधारित भई अध्यापन गर्नुपर्दछ। भगवान् बुद्धले पनि इसापूर्व छैठौं शताब्दी-युगभन्दा अघि देखिन् मानिसहरूले स्वीकार र विश्वास गरिसकेको भवसंसार, कर्म, अनित्य, दुःख धर्म आदिहरू र मानिसहरूले बुझिसकेका व्यावहारिक शब्दहरूलाई पृष्ठभूमि गरी उपदेश दिनुहुन्थ्यो। विशेषता के थियो भने– ती पौराणिक सिद्धान्तहरू र शब्दहरू बुद्ध देशनामा अर्थ अभिप्राय बदलेर आउनु थियो। बुद्धले स्वीकार्नुभएको भवसंसार प्राचीन ब्राह्मणहरूले विश्वास गरिराखेको भवसंसारसित मेल खाँदैन। बुद्धको अनित्य, दुःख धर्म ब्राह्मणहरूको अनित्य, दुःख धर्महरू भन्दा गम्भीर र व्यापक छ। ब्राह्मण भन्ने शब्द जाति गोत्र हिसाबले श्रेष्ठ भएको व्यक्तिलाई नमानी शीलाचरणद्वारा श्रेष्ठ उत्तम भएको व्यक्ति भन्ने अभिप्राय धारण गर्दछ। ब्रह्मा बुद्ध देशनामा अनन्त शक्तिमान् वा परमेश्वर अथवा उपनिषद् ग्रन्थमा आएको आत्मालाई व्यक्त गर्ने शब्द नभई सर्वोत्तम सर्वश्रेष्ठ हुनुलाई व्यक्त गर्ने शब्द हुन आयो। "ब्रह्मा भन्ने नाउँ आमा-बाबुहरूको नाउँ हो।" (अं. नि. तिक निपात सब्रह्मक सुत्त) भगवान् बुद्धले कुनै एक व्यक्तिलाई उपदेश दिनु हुँदा त्यस व्यक्तिको कथनलाई सोझै आक्षेप नगरी पर्यायद्वारा अनुशासन गर्ने गर्नुहुन्थ्यो। एकजना ब्राह्मणले आफू हलो जोतिरहेको

download from : https://www.dhamma.digital

ठाउँमा आई भिक्षाटन गर्नु हुने बुद्धलाई "भो श्रमण, मैले जस्तै हलो जोति बिऊ रोपी काम गरी खानपान गर्नुपर्छ" भनी भन्दा "ब्राह्मण ! म पनि हलो जोति बिउ रोप्छु। मेरो श्रद्धा धर्म बिउ हो। इन्द्रिय संवरशील बर्सेको पानी हो। विपश्यना प्रज्ञा, मार्ग प्रज्ञा फालि र हलो हो" आदि शब्दले भन्नुभएको थियो। (सं. नि. ब्राह्मण संयुत्त कसिभारद्वाज ब्राह्मण सुत्त)। यस किसिमका देशनाहरू पालि पिटकमा प्रशस्त पाइन्छ। शिक्षकले अध्यापन गर्दा विद्यार्थी शिष्य-हरूलाई बुझाउनको निम्ति उपमाहरू प्रयोग गरे जस्तै भगवान् बुद्धले मानिसहरूलाई अनुशासन गर्नुहुँदा उपमाहरू प्रशस्त रूपमा प्रयोग गर्नुहुन्थ्यो। बुद्ध देशनाबाट उद्धृत केही उपमाहरू अति नै ठोसपूर्ण भई हास्यरस युक्त छ। वासेट्ठ (वशिष्ट) माणवकलाई उपदेश दिनु हुँदा भगवान् बुद्धले ब्राह्मणहरू र तिनीहरूका आचार्य प्राचार्यहरू सात्त पुस्ता देखिका आचार्यहरू पूर्वाचार्यहरू वेदका रचनाकार ऋषिहरू मध्ये कुनै एक जनाले पनि ब्रह्मालाई प्रत्यक्ष रूपमा साक्षात् दर्शन नगरिकनै ब्राह्मणहरूले ब्रह्मासित सहभागी बन्न चाहन्छौं भन्नु एक अर्कोलाई समाली लहरै बसेका अन्धाहरूमध्ये पहिलो अन्धाले नदेखेकै हो। बीचको अन्धाले पनि देख्दैन जस्तै कुन ठाउँमा प्रासाद छ; त्यो प्रासाद अग्लो छ वा होचो छ नजानिकनै म[illegible] चढ्न भन्याङ बनाए जस्तै र देशमा सबभन्दा राम्री [illegible]माईको नाम जात गोत्र रूप वर्ण तथा तिनी बस्ने शहर निगम गाउँलाई थाहा नपाइकनै ती

download from : https://www.dhamma.digital

आइमाईलाई म प्रेम गर्छु भन्ने लोग्नेमान्छे जस्तै छ भनी भन्नुभएको थियो । (दी. नि. तेविज्ज सुत्त ) ।

अध्यापन गराउँदा प्रश्न गर्नुको महत्त्व के कस्तो छ भन्ने कुरा प्रत्येक शिक्षकले जानिसकेको छ । सुत्तन्तहरूमा बुद्धलाई श्रमण, ब्राह्मण र परिव्राजकहरूले प्रश्न सोधेका कुराहरू देखापर्दछन् । "हे ब्राह्मण, मैले भन्न लागेको कुरालाई तिमीले कस्तो ठान्दछौ ?" आदि बुद्ध कथनहरूलाई प्रशस्त ठाउँहरूमा देखापर्नुद्वारा बुद्ध धर्मका श्रोताहरूले आफूलाई सोधपूछ गर्नुलाई निकै चाहना गर्नुहुन्छ भन्ने कुरा हामी थाहा पाउन सक्छौं । राजा मिलिन्द जस्ता कुत्कुत्याई प्रश्न गर्न जान्ने व्यक्ति पिटकमा देखा नपर्नु पिटकाचार्यहरूले तिनीहरूको कुरालाई बुद्धवचनलाई झैं ध्यान नराखी उपेक्षा गरेको कारणले हुन सक्छ । भगवान् बुद्धले मानिसहरूलाई राम्ररी सुनिश्चित रूपमा प्रश्न गर्नुद्वारा यथार्थ धर्मको दर्शन दिलाउनुहुन्थ्यो । यो अनुशासन पद्धति ग्रीक प्रज्ञाविद् Socrates को अनुशासन पद्धतिसित मिली दिलचस्पी वर्धक रहेको हुँदा भगवान् बुद्धले ब्राह्मणहरूको जातिवादलाई निराकरण गर्दा त्यो पद्धति प्रयोगमा ल्याउनुभएको घटनालाई पिटकभित्रको एउटा साधक नमूना प्रस्तुत गर्दछु ।

"अतीत कालमा सात जना ब्राह्मण ऋषिहरूले ब्राह्मण कुलपुत्रहरू नै सर्वोत्तम छन्, अन्य सबै कुलहरू हीन छन्; ब्राह्मणहरू नै कुल परिशुद्ध भई ब्रह्माका पुत्रहरू हुने हुन्,

download from : https://www.dhamma.digital

भनी धारण गर्दथे । असित देवल ऋषि आचार्य (म. नि. अट्ठकथाको धारणा अनुसार त्यो ऋषि आचार्य बोधिसत्त्व थियो) ले ऋषिहरूलाई अनुशासन गर्न चाहेकोले,

"ब्राह्मणहरूका माताहरूले अन्य व्यक्तिहरूसित सङ्गम नगरी ब्राह्मणकुलका पुरुषहरूसित मात्र सङ्गम गर्दछन् भनी तिमीहरूले जान्दछौ ?" भनी सोधे । ऋषिहरूले "हामी जान्दैनौं ।" भनी जवाफ दिए ।

"ब्राह्मणहरूका सात पुस्ता माथिका महिलाहरूले ब्राह्मण कुलपुत्रहरू बाहेक अन्य कुलपुत्रहरूसित सङ्गम गर्दैनथे भनी तिमीहरू जान्दछौ के ?"

"हामी जान्दैनौं ।"

"ब्राह्मणहरूका बाबुहरूले र सात पुस्तामाथिका पुरुषहरूले ब्राह्मण महिलाहरू बाहेक अन्य महिलाहरूसँग सङ्गम गर्दैनथे भनी तिमीहरू जान्दछौ के ?"

"हामी जान्दैनौं ।"

"एउटा सत्त्वले कसरी प्रतिसन्धि ग्रहण गर्दछ भन्नेलाई तिमीहरू जान्दछौ के ?"

"हामी जान्दछौं । आमा र बाबुको सङ्गम हुनु; आमा ऋतुमती हुनु र गन्धर्व तयार रहनु यी तीन कारणहरू समवाय हुँदा एउटा सत्त्वले प्रतिसन्धि ग्रहण गर्दछ ।"

"तैपनि गन्धर्वराज कुलीन ब्राह्मण कुलीन वैश्य र कुलीन कामदारमध्ये कुन कुलको हुनेछ भनी तिमीहरू जान्दछौ के ?"

download from : https://www.dhamma.digital

"हामी जान्दैनौं।" (म. नि. अस्सलायन सुत्त) शिक्षकले विद्यार्थीलाई लाभ दिलाउने विषयहरू सिकाउनुपर्दछ। आफूले जाने पनि विद्यार्थीको निमित्त कुनै लाभ नहुने विषयहरू सिकाउँदैनन्। यो अध्यापनको प्राथमिक स्वभाव धर्म बुद्धको अनुशासन पद्धतिमा हामी पाउँछौं।

भगवान् बुद्धले संसारमा महिलाहरू, ब्राह्मणहरूका शिल्पविद्याहरू र मिथ्या सिद्धान्तहरू गोप्य स्वभावका हुन्छन्। परन्तु पूर्णचन्द्र, सूर्य र बुद्धवाद गोप्य नभइ व्यक्त प्रभासित स्वभावका छन् भनी बुद्धले भन्नुभएको थियो। (अं. नि. तिकनिपात पटिच्छन्न सुत्त) र परिनिर्वाणासन्न अवस्थामा पनि आफूले आचार्य मुष्ठि नराखी वा कुनै पनि अवशेष नराखी उपदेश गरेको छु भनी भन्नुभएको थियो। (दी. नि. महापरिनिब्बान सुत्त)। यी कथनहरूद्वारा पालिपिटकमा आएका उपदेशहरूका अतिरिक्त भगवान् बुद्धले उपदेश गर्नुभएका अन्य उपदेशहरू धेरै बाँकी छन्। ती उपदेशहरूलाई भगवान् बुद्धले आफ्ना भित्री शिष्य श्रावकहरूलाई गोप्य रूपमा उपदेश गर्नुभएको थियो भन्ने वर्तमानकालीन थीयोसोफीवादीहरूको सिद्धान्त निराधार भएको तथ्य स्पष्ट छ।

त्यसो भएर पनि हामीले होश राख्नुपर्ने विषयहरू बाँकी नै छन्। भगवान् बुद्धले परिब्राजकहरूले सोधेका कुनै कुनै प्रश्नहरूको जवाफ पटक्कै दिनुभएको थिएन। (म. नि. चूलमालुक्यपुत्त सुत्त)। कौशाम्बीमा विहार गरिरहनुहुँदा

download from : https://www.dhamma.digital

एक समयमा भगवान् बुद्धले पातहरू हत्केलामा राखी भिक्षुहरूलाई आफ्नो हातमा रहेका पातहरूको दाँजोमा वनमा रहेका पातहरू अति धेरै भएजस्तै आफूले जानेर पनि उपदेश नगरेका उपदेशहरू अति धेरै भएको कुरा; चतुःसत्य धर्म संसार वर्त दुःखबाट मुक्त हुनुको कारण धर्म भएकोले आफूले उपदेश गर्नुभएको कुरा; अन्य धर्महरू भने संसारबाट मुक्त हुनुको कारण धर्म नभएकोले उपदेश नगरेको कुरा भन्नुभएको थियो। (महावग्ग संयुत्त सिंसपा सुत्त)। यी कथनहरूलाई आधार बनाई भगवान् बुद्धले निरवशेष रूपमा दिनुभएका उपदेशहरू आफूले जानेका सम्पूर्ण उपदेश नभई मानिसहरूको निमित्त लाभ हुने उपदेश, मानिसहरूले जान्नु बुझ्नुपर्ने उपदेशहरूमात्र हुन् भनी हामीले मान्नुपर्दछ।

मानिसहरूले जान्नुपर्ने धर्मको उपदेश गर्दा पनि भगवान् बुद्धले धर्मको गहिराइभएका र गहिराई नभएका मानिसहरूको प्रज्ञाज्ञान परिपक्व भएको र नभएको हेरेर मात्र चरित्रसित अनुकूल हुने धर्मलाई रोजी उपदेश गर्नुहुन्थ्यो। दान धर्म शील धर्मको उपदेश दिइसकेर मात्र मार्गफल र निर्वाणधर्मको उपदेश गर्नुहुन्थ्यो। एक समयमा एउटा ग्राम भोजकले बुद्धले मानिसहरूलाई श्रेणी नछुट्याइकनै उपदेश गर्नुहुन्छ कि भनी सोधे। त्यसबेला भगवान् बुद्धले भिक्षुसंघहरू अति राम्रो पोसिलो प्रथम श्रेणीको उब्जाउ खेतजस्तै भएको र उपासक उपासिकाहरू द्वितीय श्रेणीको खेतजस्तो भई बुद्धवादी नभएका व्यक्तिहरू तृतीय श्रेणीको खेतजस्तै भएको;

download from : https://www.dhamma.digital

किसानले प्रथम श्रेणीको खेतलाई प्राथमिकता दिई जोतपोत गर्नुपर्छ, त्यसपछि द्वितीय श्रेणीको खेतलाई जोतपोत गरिसकेपछि तृतीय श्रेणीको खेतलाई अन्तिम रूपमा जोतपोत गर्नुपर्छ जस्तै विभिन्न व्यक्ति सत्त्वहरूलाई छुट्याई उपदेश गर्नुपर्ने कुरा भन्नुभयो । (गामणि संयुत्त दुतिय असिबन्धकपुत्त गामणि सुत्त) ।

एकजना सवारलाई भगवान् बुद्धले भन्नुभएको कुरा पनि स्मरणीय छ । सवारले घोडालाई सभ्य बनाउन तालिम दिंदा कुनै कुनै घोडाहरूलाई नरम तरीकाले र कुनै घोडाहरूलाई कडाईका साथ तालिम दिनुपर्दछ । नरम र कडा तरीकाले तालीम गर्न नहुने घोडाहरूलाई त विनाश गरिदिनुपर्दछ भनी निवेदन गरे । त्यसबेला भगवान् बुद्धले– "आफूले पनि मानिसहरूलाई सभ्य बनाउन अनुशासन गर्दा ती तीन तरीकाहरू प्रयोग गर्ने गरेको छु । सुचरित्र कर्महरूको प्रतिफललाई निर्देशन गरेर देखाउनु नरम तरीकाले अनुशासन गर्नु हो । दुश्चरित्र कर्महरूको दुष्परिणामलाई निर्देशन गरेर देखाउनु कडा तरीकाले अनुशासन गर्नु हो । ती दुई तरीकाबाट अनुशासन गर्न नहुने व्यक्तिलाई त केही नभनी उपेक्षाभाव राख्दछु । त्यसरी उपेक्षाभाव राख्नु त्यस व्यक्तिको निमित्त अर्थहित विनाश पारिने भएकोले त्यसो गर्नु त्यस व्यक्तिलाई नाश गर्नु नै हो" भन्नुभएको थियो । (अं. नि. चतुक्कनिपात केसि अस्सदम्म सारथि सुत्त) ।

download from : https://www.dhamma.digital

भगवान् बुद्धले भारतको मध्य देशमा आफूले नरूचाएका सिद्धान्त रीतिरिवाज विधि व्यवहारहरूलाई अवश्यमेव देख्नुभएको थियो होला। जुन सिद्धान्त रीति रिवाज विधि व्यवहार मार्गफल निर्वाणसित बिल्कुल प्रतिपक्षी भई मनुष्य सत्त्वहरूलाई सुनिश्चित रूपमा अर्थहित विनाश गराउने भएमा भगवान् बुद्धले तिनीहरूको सम्बन्धमा आफ्नो विचारधारालाई प्रष्ट रूपमा भन्ने गर्नुहुन्थ्यो। तिरश्चीन पशुहरूलाई मारी यज्ञ अनुष्ठान गर्ने ब्राह्मण रीति रिवाजलाई निन्दा उपहास गर्नु भई कर्मफल धर्मलाई तिरस्कार गर्ने मक्खलिगोसालको सिद्धान्तलाई तीव्र रूपमा आलोचना गर्नुभएको थियो। (अं. नि. तिकनिपात केसकम्बल सुत्त)।

तैपनि जुन सिद्धान्तहरू र रीतिरिवाज विधि व्यवहारहरू बुद्धवादसँग विपरीत भए पनि मानिसहरूको अर्थहितलाई त्यति साह्रो विनाश गराउने तत्त्वहरू नभएमा भगवान् बुद्धले पृथग्जन मानिसहरूको अपरिपक्व ज्ञान र रूढीवादलाई राम्ररी थाहा पाई ती सिद्धान्त रीतिरिवाज विधि व्यवहारहरूलाई उपेक्षाभाव पनि राख्नुभएको होला। उदाहरणको रूपमा भनौं भने भयीङ नाउँ आदि पुराना बर्मेली राजाहरूले देवता पूजा गर्नु बुद्धवादसित विपरीत भएको कारणलाई जानी प्रोत्साहन दिन नचाहे पनि तिरश्चीन पशुहरूलाई मारी देवदेवीको पूजा गर्ने रीतिरिवाजलाई मात्र दमन गरी प्राणीहिंसाबाट अलग भएको देवदेवी पूजा गर्नुलाई त उपेक्षाभाव राखेजस्तै नै हो।

download from : https://www.dhamma.digital

मार्गफल निर्वाणको निमित्त अन्तराय हुने मानिस-हरूको क्रियाकलापसित सम्बन्ध भएको बेलामा समेत भगवान् बुद्धले कुनै कुनै अवस्थामा परिस्थितिलाई हेरेरमात्र अनुशासन गर्नुहुन्थ्यो । एक समय राजा कोशलले धेरै तिरश्चीन पशुहरूलाई मारी यज्ञ गर्ने व्यवस्था गरिरहेको कुरा भिक्षुहरूले निवेदन गरेको अवस्थामा भगवान् बुद्धले कोशल राजालाई उपदेश अनुशासन गर्नुभएको थिएन । (कोसल संयुत्त कोसल यञ्ञ सुत्त) ।

भगवान् बुद्धको अनुशासन पद्धतिसित सम्बन्ध राखी अभय राजकुमारलाई भगवान् बुद्धले भन्नुभएको कुरा छर्लङ्ग र स्पष्ट भई स्मरण योग्य छ । भगवान् बुद्धले आफूले असत्य भई अर्थरहित अरूहरूलाई अप्रसन्न हुने कुरा गर्नुहुन्न । सत्य र तथ्य भएता पनि निरर्थक अरूलाई अप्रसन्न हुने कुरा गर्नुबाट पनि विरत रहनुहुन्छ । जुन कुरा असत्य छ निरर्थक छ तर मानिसहरूले रूचाउँछन् भने त्यस प्रकारको कुरा पनि गर्नु-हुन्न । सत्य भएर मानिसहरूले रूचाएको भएता पनि निरर्थक प्रकारको कुरालाई पनि वहाँ विरमण गर्नुहुन्छ । मानिसहरूले नरूचाए पनि सत्य तथ्य अर्थ युक्त किसिमको कुरा र मानिसहरूले पनि रूचाउने सत्य पनि हुने अर्थ युक्त पनि हुने प्रकारको कुरालाई मात्र अवस्था र समय हेरी बोल्छु– भनी वहाँ आफैले भन्नुभएको छ । (म. नि. अभय राजकुमार सुत्त) ।

सही कुरा भएर पनि अर्थ छ छैन, मानिसहरूले

download from : https://www.dhamma.digital

रूचाउँछन् कि रूचाउँदैनन् निरीक्षण गरेर मात्र कुरा गर्ने बानी भए अनुसार भगवान् बुद्धमा अन्य व्यक्तिहरूले दृढ र स्थिरतापूर्वक विश्वास गर्ने सिद्धान्तलाई प्रतीकार गर्ने इच्छा नभएको कुरा स्पष्ट छ । भगवान् बुद्धमा शिष्य श्रावकहरू वृद्धि गर्ने चाहने छन्द अथवा अन्य धर्मावलम्बीहरूलाई आफूतिर जवर्जस्ती आकर्षण गराउन चाहने मन बिल्कुल थिएन । उहाँले जैन सिद्धान्तबाट बुद्धवादतिर परिवर्तन भएर आएका उपालि गृहपति र सिंह सेनापतिहरूलाई जैन श्रमण-हरूलाई यथावत् दान गर्न सचेत गराउनुभएको थियो । (म. नि. उपालिसुत्त र विनयपिटक महावग्ग खन्धक) । निग्रोध परिब्राजकलाई उपदेश गर्दा पनि भगवान् बुद्धले "मैले तिमीहरूलाई मेरा शिष्य श्रावक बनाउन चाहेर अथवा तिमीहरूलाई तिमीहरूका गुरु र आचरणलाई पन्छाउन लगाउन चाहेर उपदेश गरेको छु भनी नसम्झनु । तिमीहरूका आचार्यहरू नै तिमीहरूका आचार्य होउन् । तिमीहरूका आचरणहरू नै तिमीहरूका आचरण होउन्" भनी भन्नुभएको थियो । (दी. नि. उदुम्बरिक सुत्त) ।

मिथ्यादृष्टि भएका व्यक्तिहरूलाई उपदेश गर्नु हुने अवस्थामा भगवान् बुद्ध अति कोमल हुनुहुन्छ । तिनीहरूको सिद्धान्त र क्रियाकलापलाई निन्दा उपहास नगरी सत्य धर्मलाई मात्र निर्देशन गर्ने वहाँको बानी छ ।

एक समयमा भगवान् बुद्धले नराम्रो अकुशल मललाई पखाल्न गंगा नदीमा ओर्ली नुहाइरहेको एउटा ब्राह्मणसित

download from : https://www.dhamma.digital

भेट गर्नु भो । ब्राह्मणले आफ्नो सिद्धान्तलाई स्पष्ट पारे । भगवान् बुद्धले उनको सिद्धान्तलाई कुनै प्रकारले पनि दोषारोपण र आलोचना नगरी "यो सिद्धान्त तिमी ब्राह्मण-हरूको सिद्धान्त हो । मेरो आर्य सिद्धान्तमा त यसरी धारण गरिंदैन । मेरो शासनमा अष्टाङ्गिक मार्ग क्लेश मलहरूलाई फाल्ने ताल हुन्छ" आदि उपदेश गर्नुभयो । (ब्राह्मण संयुत्त संगारव ब्राह्मण सुत्त) ।

भगवान् बुद्धले अन्य आचार्य र अन्य सिद्धान्तहरूसित सम्बन्ध राखी आफ्नो विचारधारा अन्य व्यक्तिहरूले जान्न चाहेर निवेदन गर्नुपर्ने अवस्थामा पनि उपहास दोषारोपण आलोचना गर्नुहुन्नथ्यो । एउटा ब्राह्मणले "मक्खलिगोसाल निगण्ठ नाटपुत्तहरू आफूहरूले घोषणा गरेजस्तै सम्पूर्ण धर्मलाई जान्दछन् त ?" भनी सोद्धा भगवान् बुद्धले "तिम्रो प्रश्न उचित छैन, तिम्रो प्रश्नलाई त्यसै राख" भनी धर्मोपदेश गर्नुभयो । (म. नि. चूलसारोपम सुत्त) । अन्य एउटा ब्राह्मणले "पूरणकस्सप र नाटपुत्तहरूले तिनीहरूमा सर्वज्ञता ज्ञान प्राप्त छ भनी भन्छन् । तिनीहरूको कुरा सत्य छ ?" भनी सोधेको बेलामा पनि भगवान् बुद्धले कुनै प्रकारको आलोचना गर्नुभएको थिएन । (अं. नि. नवकनिपात लोकायतिक ब्राह्मण सुत्त) ।

अन्य सिद्धान्तहरूमाथि भगवान् बुद्धमा असीम उदारता हुनुलाई पिटकमा उल्लिखित बुद्ध देशनाहरूलाई अन्वेषण र परीक्षण गरी हामीले होश राख्नुपर्ने तथ्य हो ।

download from : https://www.dhamma.digital

भगवान् बुद्धले पृथग्जन मनुष्यहरूको कुनै कुनै विश्वासहरूलाई कति पनि आलोचना नगरी मौनधारण गर्नुको कारणले पिटकमा बाहिरबाट अनजानमा प्रवेश गरी बुद्धोपदेश जस्तो देखिने सिद्धान्तहरू प्रवेश भएका हुन सक्छन् । स्पष्ट दुइवटा साधक नमूनाहरूमा देवदेवी पूजा गर्ने र परलोक हुने व्यक्ति-हरूलाई दानको भाग पुण्यानुमोदन गर्ने हुन् । देव पूजा गर्ने काम बुद्धोत्पादभन्दा अघिनै भारतमा थियो । 'आमाबाबु-हरूले छोराछोरी पाउन चाहने पाँच कारणहरूमध्येमा परलोक सिधार्ने हामीहरूलाई दानको भाग वितरण गर्नेछन् भन्ने विश्वास पनि समावेश छ ।" (अं. नि. पञ्चकनिपात पञ्चट्ठान सुत्त) । यो कथनले परलोक हुने व्यक्तिलाई पुण्य वितरण गर्ने रीतिरिवाज पनि बुद्धोत्पादभन्दा अघिदेखिनै भएको कुरा स्पष्ट छ । त्यस्ता कुरामा भगवान् बुद्ध ती प्राचीन सिद्धान्त-हरूलाई कति पनि आलोचना नगरी मौन रहनुभएको हुन सक्छ । कुनै कुनै सुत्तन्त देशनाहरूमा ती सिद्धान्तहरूलाई भगवान् बुद्धले स्वीकार गरेजस्तो उल्लेख गरिराखेको अवश्य हो । तैपनि ती कथनहरू मानिसहरूलाई आफूले आफूलाई नै आधार भरोसा लिन बार बार सचेत गराउनुभएको बुद्धको कथनसित बिल्कुल विपरीत भएकोले यथार्थ बुद्धवचन हो भनी विश्वास गर्न हामीलाई मुश्किल छ ।

अन्य व्यक्तिहरू र अन्य सिद्धान्तहरूमाथि भगवान् बुद्धको उदारता हुनु आश्चर्यजनक भए जति नै आफूलाई उपहास र आलोचना गर्नुप्रति सहन सक्ने बुद्धको गुण

download from : https://www.dhamma.digital

अचम्मलाग्दो छ । स्पष्ट साधक नमूना प्रस्तुत गर्नु छ भने सच्चक परिब्राजकले भगवान् बुद्धसँग धर्मको छलफल गरिरहँदा श्रमण गौतम दिनमा सुत्नु हुने र त्यसरी सुत्नुलाई मोह सम्प्रयुक्त भई बेहोशिनु हो भनी कुनै कुनै श्रमण ब्राह्मण-हरूले भन्छन् आदि भनी भगवान् बुद्धलाई उपहास गरे । भगवान् बुद्धले रत्तिभर पनि कम्पित नहुनु भई यथावत् उपदेश गर्नुभयो । उपदेश गरिसके पछि पनि सच्चकले बुद्धवादलाई बिल्कुल विश्वास गरेजस्तो देखिन्न । उनले भगवान् बुद्धको शिष्यत्व ग्रहण गरेन । तैपनि भगवान् बुद्धको सहन सक्ने क्षमतालाई निकै आश्चर्य मानी "भो श्रमण गौतम; आश्चर्य हो; मैले पूरणकस्सप, अजित, निगण्ठ आदि आचार्यहरूसित कुरा गरेको थिएँ । उनीहरूले मेरो कुरा मन नपराउँदा रिस उठेको आकार प्रकार मन खिन्न भएको लक्षण प्रकट गर्दथे । तपाईं गौतमको त मैले प्रतिघात गरी आरोप लगाएर कुराभन्दा पनि रूप लावण्य अति नै जाज्वल्यमान प्रभाश्वर देखिन्छ । मुख वर्ण विप्रसन्न छ । पूजा विशेषलाई ग्रहण योग्य सम्यक्सम्बुद्धको विप्रसन्नता जस्तै देखिन्छ" आदि भनी भगवान् बुद्धलाई प्रशंसाका कुरा गरेका थिए । (म. नि. महासच्चक सुत्त) ।

भगवान् बुद्धलाई गाली गर्ने एकजना ब्राह्मण त भगवान् बुद्धले सहन गरी अनुशासन गर्नुभएको कारणले बुद्धको शिष्य भएर गयो । त्यस ब्राह्मणलाई भगवान् बुद्धले अनुशासन गर्नुभएको विधि स्मरण योग्य छ । बुद्धले

download from : https://www.dhamma.digital

"ब्राह्मण ! तिमीले तिमीकहाँ आउने ज्ञाति बन्धुहरूलाई खाद्य भोज्य पदार्थहरू दिन्छौ के ? यदि ती व्यक्तिहरूले तिमीले दिएको ग्रहण गरेनन् भनौं, ती खाद्य भोज्य पदार्थहरू तिम्रो नै हुनेछ होइन ? त्यस्तै तिमीले गाली गरेकोलाई हामीले प्रतीकार गरेको रूपमा स्वीकारेका छैनौं । त्यसरी अस्वीकार गर्नाले तिमीले गाली गरेको तिमीलाई नै भयो" भनी भन्नुभयो । ब्राह्मण धर्माभिसमय लाभ गरी भगवान् बुद्ध समक्षमा नै प्रव्रजित भएको थियो । (ब्राह्मण संयुत्त–अक्कोस भारद्वाज ब्राह्मण सुत्त) ।

धर्मोपदेश गर्ने समयमा भगवान् बुद्धले उपयोगमा ल्याउनुभएको वाद वा सिद्धान्त विभज्जवाद हो । विभज्ज-वादले विभाजन र परीक्षण अर्थ व्यक्त गर्दछ । शुभं माणवकले भगवान् बुद्धलाई श्रमण जीवन र गृहस्थ जीवनमध्येमा कसको जीवन बढी उत्तम हुन्छ भनी सोद्धा बुद्धले "हे माणवक ! मैले यस विषयमा विवेचना र विभाजन गरेर भन्ने गर्छु । यस विषयमा एउटै विषयलाई मात्र प्रमुखता दिई भन्ने बानी छैन" आदि भन्नुभयो । (म. नि. सुभसुत्त) ।

भगवान् बुद्धको विचारधारा अनुरूप यो कथन सर्वदा सही छ मेरो गोरुको बाह्रै टका भनी दृढ सुनिश्चित रूपमा विश्वास गर्नुपर्ने कुरा छैन । बुद्धको सिद्धान्त कट्टरपन्थी रूढीवाद नभई एउटा विषयलाई निर्णय गर्दा विभिन्न परिस्थितिलाई परीक्षण र विभाजन गरी निर्णय दिनुपर्ने वाद वा सिद्धान्त हो । त्यसरी भगवान् बुद्धले बिल्कुल उपादान

download from : https://www.dhamma.digital

रहित भई स्थितिलाई परीक्षण र विभाजन गरी सत्य र तथ्य रूपमा उपदेश गर्नुभएको हुँदा भगवान् बुद्धको कथनलाई धेरै मानिसहरूले रूचाएका र सन्तोष मानेका थिए ।

भगवान् बुद्धको अववाद उपदेशलाई सुन्ने व्यक्तिहरूमा मोटामोटी रूपले गृहस्थ र श्रमण भनी दुई थरीका थिए । प्रायश: गृहस्थीहरू अपरिपक्व ज्ञान भएका हुन्छन् र भिक्षुहरू परिपक्व ज्ञान भएका हुन्छन् । भगवान् बुद्धले सत्त्व प्राणीहरूको ज्ञान परिपक्व र अपरिपक्वतालाई निरीक्षण गरेर मात्र अनुशासन गर्ने बानी भएकोले भिक्षुहरूलाई अनुशासन गर्ने पद्धति गृहस्थीहरूलाई अनुशासन गर्ने पद्धति-सित मेल खाँदैन । भगवान् बुद्धले पृथग्जन मनुष्य प्राणीहरूको कुनै कुनै वाद र रीति रिवाजलाई आलोचना नगरी मौन धारण गर्नु भएता पनि प्रज्ञाज्ञान परिपक्व भई आफ्नो मार्गलाई साँच्चै आचरण र अनुशरण गर्न चाहने भिक्षुहरूलाई अनुशासन गर्दा ती ती सिद्धान्त रीति रिवाज विधि विधानका सम्बन्धमा ठोस र स्पष्ट रूपमा उपदेश गर्नुहुन्थ्यो ।

जस्तो कि भगवान् बुद्धले मानिसहरूको स्तर विभाजनलाई वा जातिवादलाई अति तीव्र रूपमा उपहास गर्नु नभए पनि श्रमणजीवनमा त्यो वादलाई बिल्कुल स्वीकार गर्नु भएन । पञ्चमहा नदी समुद्रभित्र प्रवेश गर्ने अवस्थामा त्यसको पुरानो मूल नाम लोप भई समुद्र रूपमा पुगेजस्तै चार जातका मानिसहरू बुद्धशासनमा श्रमण भएदेखि पुरानो नाम

download from : https://www.dhamma.digital

गोत्रहरूलाई त्यागी जातिभेद बिना बुद्धपुत्र भिक्षुको रूपमा मात्र प्रकट हुन्छन् भनी भन्नुभयो। (विनयपिटक चूलवग्ग खन्धक)।

भगवान् बुद्धले अंग विद्या, झारफुके विद्या, ज्योतिष विद्या, तारण हाल्ने विद्या, मन्त्रपाठ गर्ने स्वप्न व्याख्या आदि भौतिक विद्याहरूलाई विश्वास गर्ने व्यक्तिहरूको निन्दा र उपहास गर्नुहुन्न। तैपनि भिक्षुहरूलाई मार्गफलसँग विपरीत हुने ती लौकिक विद्याहरूलाई अध्ययन गर्ने पठनपाठन गर्ने काम नगर्न निषेध गर्नुभएको थियो। (सुत्तनिपात तुवट्टक सुत्त र विनयपिटक चूलवग्ग खन्धक)।

पृथग्जन पुद्गलहरूमध्येमा लौकिक विश्वासबाट बिल्कुल अलग्ग भएका व्यक्तिहरू अत्यन्त दुर्लभ छन्। प्रज्ञा बहुश्रुत सम्पन्न व्यक्ति नै भए पनि प्रवेणीदेखि वंश परम्परामा विश्वास र स्वीकार गरिआएका सम्पूर्ण लौकिक धारणालाई परित्याग गर्न मुश्किल हुन्छ। भगवान् बुद्धले ती सिद्धान्तहरू-सित सम्बन्ध राखी गृहस्थीहरूलाई विशेष रूपमा केही उपदेश गर्नु नभए पनि भिक्षुहरूलाई उपदेश गर्नुहुँदा ती सिद्धान्तहरूको निन्दा र उपहास गर्नुहुन्थ्यो। भिक्षुहरूलाई उपदेश गर्नुभएको एउटा जातककथामा नक्षत्रको प्रतीक्षा गर्ने मूर्खलाई अनर्थ हुन्छ। आकाशका तारा नक्षत्रहरूले कुन अर्थलाई सम्पादन गर्न सकिएला र आदि भनी ज्योतिष नक्षत्रलाई विश्वास गर्नुलाई निन्दा गरिराखेको छ। (एकनिपात जातककथा नक्खत्त जातक)। मङ्गलयुक्त नामको चाहना गर्ने एकजना

download from : https://www.dhamma.digital

भिक्षुसँग सम्बन्ध राखेर नाम भनेको प्रज्ञप्ति मात्र भएको, नामले काम सिद्ध हुने होइन, काम गरेमा मात्र काम सिद्ध हुने विषयमा भिक्षुहरूलाई उपदेश गर्नुभएको थियो । (एकक-निपात जातकवत्थु नामसिद्धि जातक) ।

विनयपिटकमा उद्धृत निम्न: साधक नमूना स्मरण योग्य छ ।

एक समयमा भगवान् बुद्धले घेरै भिक्षु समूहद्वारा परिवृत्त भई उपदेश गरिरहनुहुँदा अकस्मात हाच्छ्यूँ गर्नुभयो । त्यसबेला भिक्षुहरूले "जीवतु=भगवान् तपाईं चिरञ्जीवी होउन्" भनी भने । त्यस अवस्थामा भगवान् बुद्धले "भिक्षुहरू हाच्छ्यूँ आउने व्यक्तिलाई "जीवतु" भन्नुमात्रले त्यो व्यक्ति चिरञ्जीवी हुने हो र ?" भनी सोध्नुभयो । 'जीवतु' भन्नु मात्रले चिरञ्जीवी हुन सक्ने होइन् भनी भिक्षुहरूले निवेदन गर्दा भगवान् बुद्धले 'त्यसो भए कुनै व्यक्तिले हाच्छ्यूँ गर्ने बेला 'जीवतु' भन्ने भिक्षुलाई दुष्कृत्य आपत्ति लाग्नेछ्' भनी प्रज्ञप्त गर्नुभयो । (विनयपिटक चूलवग्ग खन्धक) ।

भगवान् बुद्धको सफलतामा बुद्धको शीलगुण, समाधिगुण वा साधक नमूना पनि एउटा महत्त्वपूर्ण कारण रहेको कुरा निर्विवाद छ । वंश, जाति र सम्पत्ति गुण अनुरूप मानिस मानिस बीच स्तर विभाजन गर्न चाहना राख्न नहुने भगवान् बुद्धले एक समयमा अम्बपाली नाउँ भएको गणिका-को उद्यानमा विहार गर्नुभई अम्बपालीको घरमा जानुभई भोजन गर्नुभयो । गणिकाले भगवान्लाई भोजनको निमित्त

download from : https://www.dhamma.digital

निमन्त्रण गरिसकेपछि आइपुगेका लिच्छवी राजकुमारहरूको निमन्त्रणलाई वहाँले स्वीकार्नुभएन। (दी. नि. महापरिनिब्बान सुत्त) आशक्ति उपादान बिल्कुल रहित हुनुभएको भगवान् बुद्धले एकजना रूढीवादी कट्टर ब्राह्मणले मूसाले काटेर आमक श्मशानमा फ्याँकिइराखेको एक जोडा वस्त्र ग्रहण गर्नुभएको थियो। (एककनिपात जातकवत्थु मङ्गल जातक)।

भगवान् बुद्धको मैत्री धातुसित सम्बन्ध राखी एउटा स्थविरले आफै अनुभव गरेको घटना बिर्सन सकिन्न। त्यो स्थविर भिक्षु हुनु अगाडि घरबाट निस्काशित हुनु परेर भगवान् बुद्ध हुनुभएको विहारको उद्यानद्वारमा बस्नुपरेको थियो। भगवान् बुद्धले उनलाई करुणापूर्वक परामर्श गरी हात समाति उद्यानविहारतिर लानुभयो। त्यसपछि उनलाई खुट्टा धोई पुछ्नुको निमित्त एक खस्रो वस्त्र दिनुभयो। (थेरगाथा–पन्थकथेर वत्थु)।

भगवान् बुद्धले श्रावकसंघहरूको सुख सुविधाको चाहना राख्नुहुन्छ। वर्षावासपछि आफूलाई दर्शन गर्न टाढाबाट आइपुग्ने भिक्षुहरूलाई सुखानन्दपूर्वक विहार गरेर आएका छन् वा छैनन्; कुनै दुःख कष्ट कठिनाई विना नै भिक्षा प्राप्त हुन्छ हुन्न आदि कुरा सोध्नुहुन्थ्यो। यदाकदा क्रमशः विहार परिक्रमा गरी भिक्षुहरूको बसोबास रहन सहन सम्बन्धी परिस्थिति हेर्नें बानी थियो।

विनयपिटकमा उद्धृत निम्नः साधक नमूना भगवान्

download from : https://www.dhamma.digital

बुद्धको महान् मैत्रीधातु र भिक्षुसंघहरूको स्वास्थ्य सुखानन्दको बारेमा बुद्धले कत्तिको हेरविचार गर्नुहुन्छ भन्ने तथ्य स्पष्ट पार्ने साधक नमूना हो ।

एक समयमा एकजना भिक्षुलाई पखालाको रोग लाग्यो । त्यो भिक्षु आफ्नो मलमूत्रमा परिरहनुपर्‍यो । भगवान् बुद्ध आयुष्मान् आनन्दसँग विहार परिक्रमा गर्नुहुँदा त्यस रोगी भिक्षुको विहारतिर पुग्नुभयो । रोगी भिक्षुलाई देखी नगीच पुग्नु भई सोधपूछ गर्नुभयो । रोगी भिक्षुले भएको कुरा निवेदन गर्‍यो । त्यसबेला भगवान् बुद्धले आयुष्मान् आनन्दलाई "आनन्द, जाऊ, पानी ल्याऊ; यो भिक्षुलाई नुहाइदिन्छु" भन्नुभयो । आयुष्मान् आनन्दले पानी ल्याउनुभयो । भगवान् बुद्धले आयुष्मान् आनन्द साथ लगाई भिक्षुको शरीरमा पानी हाली पखालि दिनुभयो । सफा सुघर पारिसकेपछि भगवान् बुद्ध र आयुष्मान् आनन्दले भिक्षुलाई उचाली खाटमा राखिदिए । त्यसपछि भगवान्ले भिक्षुहरूलाई जम्मा पार्न लगाउनु भई "भिक्षुहरू हो ! तिमीहरूलाई सेवा सुश्रूषा गर्ने आमा–बाबुहरू छैनन् । तिमीहरूले आ–आपसमा सेवा सुश्रूषा नगरे कसले गर्लान् र ? भिक्षुहरू हो ! मलाई सेवा सुश्रूषा गर्ने भिक्षुले रोगी भिक्षुलाई सेवा सुश्रूषा गर्नुपर्दछ" आदि भनी उपदेश दिनुभयो । (विनयपिटक महाखन्धक) ।

भगवान् बुद्धको जीवनीको घटनाक्रममा वहाँको मैत्री करूणाधातु महान् भएको कुरा स्पष्ट रूपमा दर्शाउने यस्तै

download from : https://www.dhamma.digital

यस्ता घटना समूहहरू प्रशस्त हुन सक्छन् । तिनीहरूलाई पिटक-वाङ्मयमा धेरै प्रमाणमा नदेखिनु पिटकाचार्यहरूले भगवान् बुद्धको जीवनी क्रमलाई बुद्धोपदेशलाई जति ध्यान नदिएको कारणले हुनसक्छ । उपर्युक्त घटना नै भिक्षुहरूलाई आफ्ना सहधर्मी कुनै न कुनै भिक्षु अस्वस्थ र रोगी भएमा सेवा सुश्रूषा गर्नुपर्छ; यसरी सेवा सुश्रूषा नगर्ने भिक्षुलाई दुष्कृत्य आपत्ति लाग्ने छ भनी किन भगवान् बुद्धले प्रज्ञप्त गर्नुभएको थियो भनी उल्लेख गर्न चाहेको कारणले यो कुरा विनय-पिटकमा समावेश गरिराखेको हुनसक्छ । यदि त्यस्तो कुनै प्रज्ञप्ति नभएको भए भगवान् बुद्धले एक रोगी भिक्षुलाई स्वयं दया माया राखी सेवा सुश्रूषा गर्नुभएको साधक नमूना पिटकमा हामीले देख्न पाउने थिएनौं होला कि भनी धारणा लिनुपर्ने हुन्छ ।

× × ×

"गौतम बुद्ध परिनिर्वाण हुनुभएको धेरै समय बिति-सकेको भएर पछिल्लो समयमा भगवान् बुद्धको नाम दन्त्यकथाको बीचमा घुलमिल्याई सकेको भएर पनि वहाँको गुण पछि प्रादुर्भाव भएका धेरै धार्मिक नेताहरूको गुण भन्दा बढी प्रख्यात छ । यो तथ्यले बुद्धको विशिष्ट शील समाधि गुणलाई स्पष्ट रूपमा साक्षी प्रमाण दिइरहेको छ ।"[1]

1. C. Eliot, "Hinduism and Buddhism", Vol. I, P. 131.

download from : https://www.dhamma.digital

यसरी अंग्रेज प्रज्ञाविद् चार्ल्स एलीयोट्ले भगवान् बुद्धलाई प्रशंसा गरेको थियो । अवश्य हो । भारतको धार्मिक इतिहासमा धेरै धेरै उत्पन्न भइसकेको धार्मिक नेताहरूभन्दा भगवान् बुद्ध बढी उज्ज्वल भइरहनु उहाँको विशिष्ट गुण हो । भगवान् बुद्धलाई भेट्न पाएका व्यक्तिहरूले वा भेट्न नपाए पनि पुरातन परम्परादेखिका कुराहरू सुन्न पाएका भारतीयहरूले बुद्धप्रति श्रद्धा प्रसन्नता राख्नु निःसन्देह आश्चर्यको कुरा होइन । पिटक ग्रन्थहरूबाट बुद्धका घटनाहरू अध्ययन मनन गर्न पाएका पश्चिमी नागरिकहरूले समेत बुद्धप्रति श्रद्धा र प्रसन्नता राख्छन् । यहाँनिर Sir C. Eliot जस्ता बुद्धवादलाई रूचाउने यूरोपेली प्रज्ञाविद्हरू अथवा बुद्धवादलाई स्वीकार गरी आस्था र विश्वास राख्ने यूरोपेली बुद्धवादीहरूलाई हामी निर्देसित गर्न चाहन्नौं । बुद्धकालीन सच्चक परिव्राजक जस्ता बुद्धवादलाई नरूचाए पनि बुद्धलाई भने प्रशंसा नगरी रहन नसक्ने पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूको केही धारणाहरू मात्र यहाँ उल्लेख गरिन्छ । वास्तबमा भन्ने हो भने तिनीहरूले बुद्धवादलाई निन्दा र उपहास गर्छन् । तैपनि बुद्धप्रतिको श्रद्धा आस्था र गौरब रहेको चित्तलाई त निलेर बस्न सक्तैनन् ।

अंग्रेज प्रज्ञाविद् Sir A. B. Keith ले बुद्धवादलाई दोषारोपण गरो आलोचना गरे । तर उनले "बुद्धवादमा भूलहरू पूर्वापर विरोधहरू भएता पनि भगवान् बुद्ध एशिया

download from : https://www.dhamma.digital

महाद्वीपबाट प्रादुर्भाव भइसकेका नेताहरूमध्येमा सर्वोत्तम श्रद्धेय महापुरुष हुनुहुन्छ" भनी लेखेको थियो ।[१]

फ्रेन्च प्रज्ञाविद् Barthelemy Saint-Hilaire ले बुद्धवादलाई एकदम तीतो निन्दा र उपहास गऱ्यो । तर "भगवान् बुद्धको जीवनोत्क्रम निर्दोष छ; बुद्धमा आजानेय्य मनोवृत्ति रहनु स्वमुखापेक्षी नहुनु विशाल उदार भावना रहनु र हृदय कोमल एवं शूक्ष्म रहनुमा आदर्शनीय महापुरुष हुनुहुन्छ" भनी लेखे ।[२]

Prof. Max Muller प्राचीन भारतीय धर्मवाद-हरूलाई गहन रूपमा अध्ययन गर्नुभएको जर्मनी प्रज्ञाविद् हो । बुद्धवाद उनलाई मन परेको वाद होइन । तर उनले बुद्धलाई गौरब र श्रद्धा राख्छ । उनले "बुद्धलाई प्रतिस्पर्धात्मक रूपमा प्रशंसा गर्ने क्रिश्चियन मिशिनरीहरूको लेखाइ पढ्दा हामीमा आफ्ना आँखालाई समेत आफैले विश्वास गर्न नसकिने हुन्छ" भनी भनेको छ ।[३]

Adolf Thomus एउटा जर्मनी क्रिश्चियन फादर (भिक्षु) हो । उनले एक समयमा ठूलठूला अमेरिकन शहरहरूमा भ्रमण गरी बुद्धवादको विषयमा प्रवचन दिएको थियो । उनले बुद्धवादलाई निन्दा र उपहास गर्छ । तर भगवान्

1. A. B. Keith "Buddhist Philosophy", P. 147.
2. Barthelemy Saint-Hilaire, "The Buddha and his religian", P. 11.
3. Max Mullor, "Studies in Buddhism", PP. 50-51.

download from : https://www.dhamma.digital

बुद्धलाई त निम्न प्रकारले प्रशंसा गरी प्रवचन दिएको थियो ।

"भगवान् बुद्ध मनले उच्च पवित्र भई शूक्ष्म र कोमल हुनुहुन्छ । मानसिक शक्ति सम्पन्न हुनुहुन्छ । शील समाधिको क्षेत्रमा होस् वा प्रज्ञाज्ञानको क्षेत्रमा अन्य व्यक्तिहरूभन्दा उच्च र श्रेष्ठ हुनुहुन्छ । इसापूर्व ५०० भन्दा अघि प्रादुर्भाव हुनुभएको बुद्धले १९औं शताब्दीतिर वैज्ञानिकहरूले फेला पारेका तथ्यहरूलाई अगावै जान्नु बुझ्नु भएको थियो । स्वतन्त्र चिन्तनलाई रूचाई आधुनिक युगका वैज्ञानिकहरूले जस्तै स्वतन्त्रपूर्वक निरीक्षण परीक्षण गर्नुभएको थियो ।"

"भगवान् बुद्ध परिनिर्वाण हुनुभएको दुई हजार वर्ष भन्दा बढी भइसकेर पनि बुद्धलाई मानिसहरूले बिर्सेका छैनन् । बुद्धको नाम र कीर्ति यूरोप र अमेरिका महाद्वीपहरूमा समेत व्यापक भई प्रख्यात भइराखेको छ । एशिया महाद्वीपमा ३७ करोड जनसंख्याद्वारा पूजनीय भई शरण गमनीय हुनुभएका भगवान् बुद्धले यूरोपीय राष्ट्रहरूमा पनि निकै प्रज्ञाविद्हरूको मनलाई आकर्षित गर्न सक्नुभएको छ । Schopenhauer र Kinkle आदि जर्मनी दार्शनिकहरू र कवि लेखकहरूले भगवान् बुद्धलाई पूजा गरे ।"[1]

★ ★ ★

1. Paul Carus, "Buddhism and its Christian Critics", PP. 279-282-

download from : https://www.dhamma.digital

# खण्ड ५

## दुःख सत्य

भगवान् बुद्धको मुख्य उद्देश्य प्राणीहरूलाई निरवशेष रूपमा सम्पूर्ण दुःखको निरोध र शान्त अवस्थाको निर्वाण मार्ग निर्देशन गर्नु थियो । भगवान् बुद्धले त्यस उद्देश्यसित सम्बन्ध नभएको धर्मोपदेश गर्न चाहनुहुन्न । ईसापूर्व छैठौं शताब्दीका केही भारतीयहरू लोक नित्य हो कि अनित्य हो ? लोक अन्तवान् हो कि अनन्त हो ? जीव र स्कन्धकाय एउटै हो कि भिन्न हो ? आदि प्रश्नहरूमा दिलचस्पी लिन्थे । ती प्रश्नहरूको सम्बन्धमा वादविवाद गर्थे । यस विषयमा बुद्धसँग निवेदन गरी प्रश्न गर्थे । भगवान् बुद्धले कुनै उत्तर दिनु हुन्नथ्यो । ती प्रश्नहरू मानिसहरूलाई लाभकारक नभई मिथ्या मार्गतिर डोऱ्याउने "घनाजङ्गल कन्तार (दुर्गम मार्ग) काँढा शूल र बन्धन जस्तो छ ।" (म. नि. अग्गिवच्छगोत्त सुत्त) "यसको सम्बन्धमा वादविवाद गर्ने व्यक्तिहरू हात्तीको शरीरांग एक एक भागलाई मात्र हातले परीक्षण गरी हात्ती

download from : https://www.dhamma.digital

भनेको यस्तो छ, त्यस्तो होइन भनी वादविवाद र कलह (झगडा) गर्ने अन्धाहरू जस्तै हुन् (उदान पालि) भनी भन्नुभयो ।

ती प्रश्नहरू सोध्ने मालुक्यपुत्त स्थविरलाई भगवान् बुद्धले "मालुक्यपुत्त ! उपमा कसो भने विषाक्त बाण लागी सहते भएको एकजना मानिसले यदि तुरुन्त औषधोपचार नगरी उसलाई बाण हान्ने व्यक्तिको नाम, गोत्र, वंश, आकार प्रकार रूप, वर्ण र बसोबास गर्ने देश प्रदेश आदि परीक्षण र सोधपूछ गरिरहेमा प्राण मात्र जान सकिने छ, बचावट हुँदैन । त्यसरी नै तिमीले यी प्रश्नहरूको उत्तर जानेमा मात्र श्रमण धर्म उद्योग र अभ्यास गर्नेछु भन्छ्यौ भने संसार वर्त दुःखबाट मुक्त हुने छैनौ । ती प्रश्नहरूको उत्तर जे जस्तो भए पनि संसारमा दुःख धर्म अवश्य छ । ती प्रश्नहरू सम्पूर्ण दुःख निरोध र शान्त पार्ने निर्वाणको लागि नभएको कारणले मैले उत्तर नदिई सम्पूर्ण दुःख निरोध र शान्त पार्ने चतुः सत्य धर्मलाई मात्र उपदेश गरेको छु" भनी भन्नुभएको थियो । (म. नि. चूलमालुक्य सुत्त ) ।

अवश्य हो; महासमुद्रमा एउटै मात्र नुनिलो रस भएजस्तै बुद्धवादमा पनि दुःखबाट विमुक्त हुने एउटै मात्र रस छ (चूलवग्ग पालि) । चार सत्यमा दुःख सत्य पहिलो सत्य हो । त्यसकारण दुःख सत्यलाई देख्नु जान्नु बुझ्नु अत्यावश्यक छ ।

बुद्धकालीन अवस्थामा भारतीयहरूले दुःख धर्मलाई

download from : https://www.dhamma.digital

निकै देखे जानेका कारणहरू खण्ड ३ मा उल्लेख गरिसकेको छ। दुःख धर्मलाई प्राचीन भारतीयहरूले देख्नु जान्नु र बुझ्नु तिनीहरूको ऐतिहासिक घटनाक्रम र वरिपरिको वातावरणले गर्दा भएको जस्तो बर्तमानकालीन केही मानिसहरूले लेख्ने गरेका छन्। प्राचीन आर्यहरू युद्धको चोटपटक गर्मीको तापले भिजेको मौसम र निम्न कोटीको दुःखद रहन सहनको कारणले मनुष्यजीवनप्रति उद्विग्न भएर आए भनी भन्छन्। यो कुरा आधारविहीन छ।

प्राचीन भारतीयहरूले सामना गर्नुपरेका युद्धका भय र दुःखहरू प्राचीन ग्रीकहरूको युद्धको भय र दुःखहरूको तुलनामा केही भन्न लायक थिएन। मानवीय इतिहासको लहरमा प्रायः सबैजसो राष्ट्रहरूमा युद्धको कारणले मानिसहरूले अनेक प्रकारका दुःखहरू सामना गरेका थिए। त्यसो भएता पनि युद्ध भय र दुःखको कारणले मनुष्य जीवनप्रति दिग्दार र उद्विग्न भएका व्यक्तिहरू कमै छन्। गर्मीको तापले भिजेको मौसमले मानिसको चित्तलाई गन्हुङ्गो र निष्क्रिय बनाइने कुरा सही हो। तैपनि मनुष्य जीवनप्रति उद्विग्न गराइन्न। भारतको जस्तो मौसम बर्मा, थाइलैण्ड र इण्डोचाइना आदि राष्ट्रहरूमा देखा परेता पनि त्यस त्यस राष्ट्रका मानिसहरू आ–आफ्ना जीवनमा रमाएका छन्। प्राचीन भारतीयहरूको जीवनस्तर निम्नकोटिको छ भन्न पनि सकिँदैनथ्यो। त्यस अतिरिक्त ती प्राचीनकालमा दुःख धर्मलाई देखी जानी बुझी भिक्षु हुने व्यक्तिहरू धेरैजसो दुःखी दरिद्र र

download from : https://www.dhamma.digital

गरीबहरू नभई खाद्य भोज्य बसोबास सम्पन्न उच्च श्रेणीका क्षत्रीय ब्राह्मणहरू भएको कुरा होश राख्न उचित छ ।

दु:ख धर्मलाई निरीक्षण गर्न जान्नु जाति मनोवृत्ति र शारीरिक स्थिति माथि निर्भर गर्छ भनेमा सही हुने जति हुन सक्ला । केही भैषज्य शास्त्रीहरूको मत अनुसार Endocrine glands ले राम्ररी काम गर्न नसक्दा मानिसको चित्त निष्क्रिय र मलीन भई आफ्नो जीवनमा दोष देख्न थाल्छ । साइकोअनालिसिस (Psychoanalysis) मनोविज्ञानको मत अनुसार केही व्यक्तिहरू कुनै न कुनै अनजान चित्तको प्रभुत्व वा वशीभूतत्वको कारणले आ–आफ्नो जीवनलाई बिना कारण मन बिगारेर बसेका हुन्छन् । दु:ख धर्मलाई निरीक्षण गर्न जान्नु मानव जातिको बीज चित्तसित पनि सम्बन्धित छ जस्तो देखिन्छ । बर्मेली जातिले अनेकौं दु:खको सामना गरेर आएकाले दु:खधर्मलाई निर्देशित गर्ने बुद्धवादलाई आस्था राखी स्वीकारेतापनि रमाएर रहन जान्छन् । भारतीयहरू भने मनुष्य जीवनको दु:खलाई निरीक्षण गर्न जान्ने कुरा उनीहरूको दर्दनाक शोकाकुलित चलचित्रहरू सङ्गीतहरूद्वारा स्पष्ट भएको छ ।

'दुक्ख' भन्ने पालि शब्द पिटकबाट (उद्धृत) अन्य शब्दहरूजस्तै बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि नै भारतीय धर्म ग्रन्थहरूमा विद्यमान थियो । तैपनि पालि प्रज्ञा विदूषी Mrs. Rhys Davids को भनाई अनुसार[1] उपनिषद् ग्रन्थहरूमा

1. Mrs. Rhys Davids, "Buddhism", 1914 P. 161.

download from : https://www.dhamma.digital

"दुक्ख" पदलाई जम्मा ५० पटकमात्र देखा परेकाले ती पदहरू पालिपिटकमा आएका "दुक्ख" हरूको दाँजोमा संख्यात्मक दृष्टिले उल्लेखनीय छैनन् । त्यस अतिरिक्त पछि देखापर्न आएका उपनिषद् ग्रन्थहरूमा प्राचीन उपनिषद् ग्रन्थहरूमा भन्दा बढी "दुक्ख" पदहरू देखापरेका छन् । त्यस उसले पछि प्रादुर्भाव भएको उपनिषद् साहित्यमा बुद्धवादको केही आभास परेको हुनसक्छ भनी Mrs. Rhys Davids ले धारणा राखेकी छिन् ।

बुद्धवादमा दुःख धर्म बुद्ध प्रादुर्भाव हुनु अगाडिभन्दा बढी गम्भीर एवं व्यापक भएर आयो । प्राचीन मानिसहरूले ब्रह्मलोकलाई सर्वोत्तम स्थल दुःख विहीन स्थल थियो भनी धारणा राखिआएकोमा बुद्धवादले त्यो धारणालाई पन्छाए । "भो, बकब्रह्माले जानेको थिएन रहेछ; ब्रह्मकाय शरीर सहितको ब्रह्मलोक नित्य छ; प्रतिसन्धि रहनु जीर्ण हुनु मरण हुनु पुनर्वार उत्पन्न हुनु छैन भनी मिथ्या धारणा राख्दछ ।" (सं. नि. ब्रह्मसंयुत्त बकब्रह्म सुत्त) । "संसारमा श्रमण ब्राह्मण देव ब्रह्मा मारहरूमध्येमा कुनै पनि व्यक्ति वृद्ध नहुनु, रोगी नहुनु, मरण नहुनु, विनाश नहुनु आदि प्रार्थना गरेर लाभ गर्न सकिन्न ।" (अं. नि. पञ्चकनिपात प्रथम अलब्भनेय्य सुत्त) । भगवान् बुद्धको मतानुसार मर्मत र प्रबन्ध योग्य सम्पूर्ण संस्कार धर्म दुःख धर्म मात्र हो ।

दुःख धर्मलाई देखी जानी भगवान् बुद्धले गृहत्याग गर्नु वृद्ध रोगी र मृतकहरूलाई देखेको कारणले नभएको कुरा

download from : https://www.dhamma.digital

अघिको बुद्ध विषयक खण्डमा उल्लेख गरिसकेको छ । Mrs. Rhys Davids को मतानुसार[1] वृद्धत्व, रोग, मरण दुःखहरू औषधी विज्ञान वेत्ताहरूले समाधान गर्न कोशिस गरिरहेका दुःखहरू भएको हुँदा भगवान् बुद्धले बुझ्नुभएको दुःख धर्म त्यो कायिक दुःखभन्दा बढी गम्भीर अर्थ अभिप्राय लागेको हुनुपर्दछ । जरा, व्याधि र मरण भयभन्दा धर्मचक्र सूत्रमा भगवान् बुद्धले देशना गर्नुभएको इच्छा गरेको पूर्ण नहुनु, पाएको नचाहनु, चाहेको नपाउनुले मानिसहरूलाई अझ बढी दुःखित पार्छ । यसरी यो मनुष्यभूमि वास्तविक दुःख भूमि भएको स्वभावलाई हामीले गम्भीर रूपमा परामर्श र निरीक्षण गर्नु आवश्यक छ ।

मानव इतिहासको लहरमा मानिसहरूले भूकम्प; ज्वालामुखीको विस्फोटन; बाढी प्रकोप र हुरी बतासद्वारा विनाश आदि भय अन्तरायहरूको कारणले दुःखको सामना गरिसकेका छन् । अब पनि स्वभाव धर्मको विपरीतताले सर्वा मानिसहरूले भोग्नु परिराखेको दुःखद् समाचारहरू बेला बेलामा सुन्न जान्न पाइरहेको छ । मानिसले स्वभाव धर्मको कुटाई पिटाई खाइरहनुको अतिरिक्त मानिस परस्पर दिइने घातप्रतिघातलाई पनि भोग्नुपर्दछ । मानिसहरूले भोग्नुपरेको यो दोश्रो प्रकारको दुःख प्राचीन प्रवेणीदेखि आजसम्म विभिन्न देशप्रदेशमा उत्पन्न भइसकेका युद्धहरू, शोषण दमनहरू, आर्थिक शोषणहरूद्वारा स्पष्ट छ । त्यसकारण रोमन महान्

1. Mrs. Rhys Davids, "Wayfarer's Words", PP. 424, 480

download from : https://www.dhamma.digital

इतिहासकार अंग्रेज प्रज्ञाविद् Gibbon ले "मानव इतिहास भनेको मानिसहरूको राजदण्ड, अपराध, हिंसा र मूर्ख्याइँ-हरूको विषय सम्बन्धी टिपोट हो" भनी भनेको थियो।

त्यसो भए पनि आज प्रकट रूपमा विकास भइरहेको विज्ञान मानिसहरूको वास्तविक आधार भएको छ। मानिस-हरू पनि अहिले अघि अघि भन्दा उन्नत भई त्यसरी उन्नत भएर आए जति दुःख दूर र निरोध भई शनैः शनैः तिनीहरूमा सुख लाभ भएर आउने छ ? भनी सोध्न योग्य छ।

विज्ञानले मानिसहरूको सुख सुविधालाई आविष्कार गरेको त अवश्य हो; तैपनि विश्व मानवले प्रायशः विज्ञानको प्रतिफललाई अनुभव गर्न नपाई दुःखी भएर बस्नु परिरहेको छ। विज्ञानद्वारा आविष्कार गरिराखेको भयङ्कर शस्त्र अस्त्रहरूको कारणले भविष्यमा तृतीय विश्व युद्ध भएमा समस्त मानव संसार विनाश हुने स्थितिको अवलोकन गर्दै मानिसहरूको मुटु बोझिलो भइराखेको छ। त्यसकारण मानिसको साँचै उन्नति भइरहेको छ कि अथवा अवन्नति भइरहेको छ भनी विचारणीय छ।

यो प्रश्न च्वाट्ट काट्ने गरी जवाफ दिन सजिलो छैन। किनभने मानिसको विकास भनेको अर्थ अभिप्राय विस्तृत र व्यापक भई नाप तौल गर्न मुश्किल छ। मानव इतिहास र आजको मानव संसारलाई गहिरिएर राम्ररी अध्ययन गरेमा आजको युगलाई अवनत युग भन्न नसकिने भएता पनि उन्नत युग भनेर पनि भन्न सकिन्न। मानिसमा एकातिर उन्नतिहरू

download from : https://www.dhamma.digital

(जस्तो कि दासदासी बेचबिखन प्रथा नहुनु, महिलाहरूको स्वतन्त्रता) हुनुको साथसाथै अर्कोतिर अवनतिहरू (जस्तो कि पारिवारिक मनोवृत्ति शून्य हुनु लोभलालच बढ्नु) पनि छ। त्यसकारण पश्चिमी राष्ट्रहरूमा फ्रान्सको जनक्रान्ति युगदेखि औद्योगिक शिक्षा विकास भएको युगसम्म मानिसहरूले मनुष्य संसारमा प्रमाणातीत रूपमा विकास हुने सम्भावना छ भनी विश्वास गरेर आएता पनि आजको बीसौं शताब्दी युगमा त त्यो धारणालाई प्रज्ञाविद्हरूले स्वीकार गरेनन्। विज्ञानको सामर्थ्यद्वारा मानिसहरूको भौतिकी जीवन स्थितिलाई माथि उचाल्न सकिन्छ भनी विश्वास गर्ने प्रज्ञाविद्हरूले समेत विश्वमानवका सामाजिक स्थिति र प्रज्ञाज्ञान दक्षता विकास हुनुमा दिग्दार भई निराशापूर्ण भइसकेका छन्।[1]

संसारमा राम्रो र नराम्रो प्रायशः एकजोड भइराख्छ। मानिसको एउटा विकासलाई अलग्ग पारी गहिरिएर परामर्श र निरीक्षण गरेमा त्यस विकाससित सम्बन्धित हानि वा दुःखहरूलाई जान्न र देख्न सकिनेछ। मोटरकार भएको कारणले मानिसहरूलाई आवागमनमा सुविधा र सजिलोपन आई कामकाजहरू अघिभन्दा द्रुतगतिले वहन गर्न सकेता पनि विश्वमा कार दुर्घटनाको कारणले दिनहुँ मरण र विनाश भइरहेका मानिसहरू कम छैनन्। औषधि विज्ञानको विकासले

1. Will Durant, "The Pleasures of Philosophy", PP. 239-240.

download from : https://www.dhamma.digital

गर्दा मानिसहरू अघिभन्दा बढी स्वस्थ भएका छन् । दीर्घायु भएका छन् । तर त्यस औषधि विज्ञानको विकासको कारणले भारत चीन आदि अन्य पूर्वीय राष्ट्रहरूले जन्म संख्या माथि चढी मरण संख्या घटेर जनसंख्या समस्याको सामना गरिरहनुपरेको छ ।[१] मानवजाति बीज विकासको सम्बन्धलाई अध्ययन गर्ने प्रज्ञाविद्‌हरूले पनि औषधि विज्ञानले स्वास्थ्य सम्बन्धी प्राथमिक तत्त्व कमलल र कमजोर भएका व्यक्ति-हरूलाई प्राणतत्त्व जोडिदिएको कारणले विश्वमा स्वास्थ्य कमजोर भई जीवनको संग्रामको सामना गर्न नसक्ने व्यक्तिहरू शारीरिक अङ्ग प्रत्यङ्गविहीन भई अरूको आश्रयमा रहनुपर्ने दुःखित सत्त्वहरू दिन पर दिन वृद्धि भइरहेका छन् भनी भन्छन् ।

प्रायः संसारका सबै भागमा मानिस शतप्रतिशत विकास भएको छ भनौं । त्यो विकासले मानिसहरूलाई मानसिक सुख उपलब्ध गराउन सकिने हो कि भनी संशय उठाउनु योग्य छ । दृष्टान्त रूपमा त मानिस जति जति विकसित हुँदै जान्छ त्यति त्यति मानसिक दुःख झेल्दै आइरहेका लक्षणहरू हामीले प्रकट रूपमा देख्दैछौं ।

एउटा उदाहरण देखाउनुपर्‍यो भने अहिले अति विकसित पश्चिमी राष्ट्रहरूमा मानसिक दुःखले गर्दा आत्म-हत्या गरी मर्ने व्यक्तिहरू भयानक रूपमा वृद्धि भएका छन् । यूरोपीय महाद्वीपमा त्यसरी आत्महत्या गरी मर्ने व्यक्तिहरूको

१. "जनसंख्या वृद्धि समस्या" म्यागजी, अक्टूबर १९६८ ।

download from : https://www.dhamma.digital

संख्या वर्षेनी ७० हजार जति भएको अमेरिकामा २२ हजार जति छन्। तिनीहरूका राष्ट्रहरूमा मानसिक अशान्तिमा प्रमुख कारण भएको मानसिक रोग पनि एउटा अति विशाल समस्या रहेको छ। अमेरिकी मैगाजिनहरूमा मानसिक स्वस्थता सम्बन्धी लेखहरू बार बार समावेश गरी उल्लिखित छन्। डेलकार्नेजीको "शोकरहित जीवन जिउनु" जस्ता किताबहरू मानिसहरूले धेरै पढ्छन्। तैपनि एकजना प्रज्ञा-विद्को भनाई बमोजिम "अमेरिकाको मानसिक उपचार गर्ने अस्पतालहरूमा सधैं रोगीहरू खचाखच भइरहन्छन्। सम्पूर्ण देशमा रहेका अस्पतालहरूमध्येमा मानसिक रोग ग्रस्त रोगीहरू दमरोग ग्रस्त रोगहरूभन्दा ८ गुना बढी छन्। वर्षेनी मानसिक रोग ग्रस्त ६८ हजार रोगीहरू उपचारका लागि इ. सं. १९३२ मा मानसिक रोगको उपचार गर्ने अस्पताल-हरूमा रोगीहरूको संख्या ३ लाख ४० हजार पुगेका थिए। यो तथ्याङ्कमा व्यक्तिगत अस्पतालहरूमा उपचार गर्नुपरेका रोगीहरूको तथ्याङ्क समावेश थिएनन्।"[1]

अमेरिकी राष्ट्रको विकासमा बुद्धि विवेकको विकास नभई मानिस परस्परमा आर्थिक प्रतिस्पर्धा माथि आधारित भएको वैभव सम्पत्तिको बिकास भएको कारणले मानिसहरू-लाई मानसिक सुखशान्ति उपलब्ध गराउन नसकेको हो भनी कसै कसैले भन्ने गर्छन्। तर मानिसहरूको बुद्धि विवेक विकास हुनु पनि दुःखसित जोडिएको हुनसक्छ। जति जति

1. Alexis Carrel, "Man, the Unknown", PP. 147. 81.

download from : https://www.dhamma.digital

मानिसको ज्ञान विकास हुँदै जान्छ त्यति त्यति संसारमा नरमाई मन खिन्न भई उद्विग्न हुँदै आउन सक्छ ।

केही थाहा नपाउने बालक संसारमा सबभन्दा रमाउने हुन्छ । पुरुष र महिलामध्ये प्रायशः पुरुष महिलाभन्दा मनोभावनामा परिपक्व हुन्छ । तिनीहरूले राष्ट्रिय सामाजिक क्रियाकलापहरूमा दिलचस्पी रही मानव संसारको स्वभावलाई परामर्श र निरीक्षण गर्छ । त्यसरी पुरुषमा प्रज्ञाज्ञान बृद्धि भएता पनि आत्महत्या गर्ने व्यक्तिहरू र मानसिक रोगी हुने व्यक्तिहरूमध्येमा महिलाहरूभन्दा पुरुषहरूको संख्या नै बढी छ ।[1] त्यस अतिरिक्त प्रायशः बढी अध्ययनशील व्यक्तिहरू अन्य व्यक्तिहरूभन्दा बढी संसारप्रति मनखिन्न भई उद्विग्न भएर आउँछन् ।

संसारमा कला एवं दर्शनशास्त्र आदि एक न एक विद्यामा अतिविशिष्ट रूपले पारङ्गत दक्ष र ख्यातिप्राप्त महान् प्रज्ञाविद्हरू प्रायशः वरिपरिको संसारमा सम्मिलित हुन नसकी 'अप्ठेरा अनि अनौठा' खालका बन्छन् । अन्य व्यक्तिहरूसित पारस्परिक दृष्टिमा असमानता भई हेराई र सोचाईमा भिन्न खालका हुने भएकाले मानव संसारसित ठ्याम्म नमिली मानसिक रूपमा दुःखी हुन्छन् । त्यसो भएर ती महान् प्रज्ञाविद्हरू मानसिक असन्तुलित भई बहुलाएका घेरै हुन्छन् ।[2]

---

१. "पुरुष र महिला" म्यावदी, जनवरी १९५८ ।
२. "महान् प्रज्ञाविद्हरू" म्यावदी, जुलाई १९५८ ।

download from : https://www.dhamma.digital

मानिसको आचरण धर्म विकास हुनुसित मानसिक दु:ख सम्बन्धित भइरहेको कारणलाई साइकोअनालिसिस मनोविज्ञानवेत्ता Sigmund Freud ले उल्लेख गरेका थिए। Freud को भनाई अनुसार मानिस हीन एवं मलिन चित्तहरूलाई शमन र दमन गरी सभ्य भएर आएता पनि मानिसमा रहेका क्लेश चित्तहरू निरवशेष रूपमा निरोध र शान्त नभई मनको अर्धभागमा घुसेर बसेका हुन्छन्। ती कुराहरूले मनोविज्ञानको उर्धभागमा कहिलेकाहीं विभिन्न रूपाकृतिले देखापर्न आई शुद्ध चित्त र हीनचित्त प्रतिपक्ष भई मानिसले असन्तोष अशान्त, अस्थिर र मानसिक दु:ख हुने आदि दौर्मनस्य वेदनाहरू अनुभव गर्नुपर्दछ। त्यसकारण क्लेश चित्तहरूलाई संयम र दमन नगरी स्वतन्त्रता दिइराखेका जंगली मानिसहरूमा भन्दा ती चित्तहरूलाई संयम र दमन गरिराखेका महान् राष्ट्रका "सभ्य मानिस" हरूमा मानसिक रोग ग्रस्त व्यक्तिहरू संख्यामा बढी भएका हुन् भनी मनोवैज्ञानिकहरूले भनेका छन्। वास्तवमा अनुशय क्लेशलाई बल र प्रेरणा दिने काम आरम्मण बढी भएको मानवसंसार आचरण धर्मलाई सम्मान दिने ममता राख्ने व्यक्तिको निमित्त योग्य छैन। त्यसकारण सन्त सत्पुरुषहरू गृहस्थाश्रमलाई परित्याग गरी गृहत्याग गर्ने हुन्छन्।

यसरी मानिसको विकास चारैतर्फ दु:खसित जोडिरहेको कारणले शान्ति र सुख भन्ने वस्तु छ कि छैन भनी संशय गर्नु उचित छ। जर्मन दार्शनिक Schopenhauer ले

download from : https://www.dhamma.digital

त संसारमा दु:ख मात्र निश्चित रूपमा प्रकट हुने र सो दु:ख निरोध हुनु नै सुख शान्ति हो भनेका छन् । Epicurus ले पनि "मानसिक सुख शान्ति खोज्नुपर्दैन । दु:खबाट मुक्तिलाई मात्र खोजिन्छ । अत्यन्त मन रमाउने कुरा सधैं दु:खसित जोडिएको हुन्छ" भनेका छन् । ग्रीक महान् दार्शनिक Aristotle ले पनि प्रज्ञावान्ले सुख शान्ति नखोजी दु:खबाट मुक्त हुने मात्र खोजी गर्नुपर्छ भनेका छन् ।

त्यसो भएमा संसारमा शान्ति सुखलाई मानिसहरूले खोज तलाश गर्नु निरर्थक नै हुन्छ त भनी प्रश्न गर्नु योग्य छ । यस विषयमा साँच्चै नै मानिसहरूले सुख शान्तिलाई खोज तलाश गर्छन् त भनेर पनि विचार गर्नु छ ।

मानिसले सुख शान्तिप्रति प्रत्येक मानवेच्छाभिभूत र आशक्त छ भनी निश्चित रूपमा सम्झिराखेका छन् । यदि त्यसरी शान्ति सुखलाई मानिसले इच्छा गर्ने कुरा सही भएमा महिलाहरूले किन विभिन्न दु:ख कष्ट भोग गरी आफ्ना छोराछोरीहरूलाई पालन पोषण र रक्षा गर्छन् ? किन पश्चिमी नागरिकहरूले दु:खलाई पर्वाह नगरी एभरेष्ट पर्वत शिखरतिर र उत्तर ध्रुवका प्रत्यन्त देशतिर पराक्रमपूर्वक जाने गर्छन् त ? यदि मानिसले शान्ति सुखलाई इच्छा र आशक्ति राख्ने कुरा सही हो भने दिक्दार भइरहेको व्यक्तिले सधैं रमाइरहने बच्चासित आ–आफ्नो जीवन साट्न मन पराउने छ त ? शोक व्यापार बढी भएका बर्मेलीहरूले शोक व्यापार नभएका नागाहरूको जस्तो जीवनलाई मन पराउने

download from : https://www.dhamma.digital

छन् त ? मानसिक सुख शान्ति नभएको प्रज्ञावान्को जीवन-मन्दा खुशीले रमाइरहेको एउटा साधारण मानिसको जीवन बढी सर्वोत्तम छ भनी हामीले स्वीकार्न सक्छौं त ?

उपर्युक्त प्रश्नहरूलाई गहिरिएर विचार विमर्श गरी उत्तर खोजेमा संसारमा वास्तविक रूपमा मानिसहरूले इच्छा र अभिलाषा राखेका विषयहरू सुख शान्ति नभएको तथ्य स्पष्ट हुन्छ । आधुनिक मनोविज्ञानको धारणा अनुरूप मानिसहरूलाई अभिभूत गरिराखेको विषय सुख शान्तिलाई इच्छा र आशक्त हुनु नभई सुत्न चाहने, खान चाहने, मैथुन सेवन गर्न चाहने, हिँडडुल गर्न चाहने, छोराछोरीलाई स्याहार सुसार गर्न चाहने, नाउँ कमाउन चाहने, युद्ध आक्रमण र विनाश गर्न चाहने आदि मनका स्वाभाविक वृत्तिहरू हुन् । मानिसले ती स्वाभाविक कामच्छन्दहरू सिद्ध गर्न चिन्तनमनन र उद्योग गर्छ । इच्छापूर्ति हुँदा मानसिक सुख त अवश्य नै उपलब्ध हुन्छ तापनि सुख शान्तिलाई चाहेको कारणले यस उस काम गरेको होइन । अर्को कुरा सुख शान्ति इच्छापूर्ति-सित एकसाथ उत्पादन भएर आउने सम्प्रयुक्त प्रतिफल धर्म हो । त्यस क्रियाकलापलाई मानिसहरूले अपनाइरहनुको मुख्य कारण नै प्रधान उद्देश्य होइन ।[१]

त्यसकारण मानिसले सुख शान्तिलाई बिनाकारण त्यसै त्यसै खोजी नीति गरेमा त्यो निरर्थक हुनसक्छ । कामगुण सुखप्रति लालायित भई कामधूर्त हुने व्यक्ति पिए

---

१. "आचरणधर्म र सुखवाद" संस्कृति पत्रिका; सेप्टेम्बर १९५९ ।

download from : https://www.dhamma.digital

जति प्यास नबुझी मानसिक दुःखी हुनसक्छ । जीवन साथीको कामना गर्ने प्राकृतिक कारणले नभई आफ्नो मानसिक सुखको निमित्त विवाह गर्ने व्यक्ति वैवाहिक समस्याहरूलाई सामना गर्नुपर्ने बेलामा सहन शक्ति नभई मानसिक दुःख भोग्नुपर्ने कुरा सही हुन्छ ।

संसारमा पृथग्जन मनुष्य प्राणीले मानसिक दुःख भोग्नपर्नु प्रमुख रूपमा इच्छापूर्ण नहुनाको कारणले हो । इच्छापूर्ति हुने बेलामा पनि अनित्य धर्म निरन्तर रूपमा पछि पछि लागिरहने हुनाले इच्छापूर्ति क्षणिकमात्र हुन्छ । मानिसहरूका निमित्त त्यस्तो क्षणिक इच्छापूर्ति हुनु पनि सजिलो छैन; किनभने मानिसहरू एकजूट भई सामूहिक रूपमा रहने भएता पनि विचारधारा, मनोवृत्ति, चरित्र, बुद्धि, विवेक र वातावरण आदिको भिन्नताले गर्दा उनीहरूका इच्छाहरू पनि समान छैनन् । धेरैजसोमा एक व्यक्तिको इच्छा अर्को व्यक्तिको इच्छासित प्रतिपक्ष भइरहन्छ । तसर्थ एक व्यक्तिको इच्छापूर्ति वा मानसिक सुख शान्तिले अन्य व्यक्तिको इच्छापूर्ति वा मानसिक दुःखलाई उत्पन्न गराउँछ । एक अर्कोको समान इच्छा भइरहँदा पनि दुवै व्यक्तिको इच्छापूर्ति दुष्कर भएर एक न एक व्यक्तिमा मानसिक दुःख हुन जान्छ । उदाहरणको रूपमा– एउटा कामलाई दशजना व्यक्तिले प्रतिस्पर्धा गरी कोशिश गर्छन् भने ती मानिसहरू-मध्येमा नौजना व्यक्तिमा इच्छा अपूर्ति भई मानसिक दुःख पाउने कुरा सुनिश्चित छ । महामन्त्री अनन्त सूर्यको "एउटा

download from : https://www.dhamma.digital

व्यक्तिको उत्थान हुनुमा अर्को व्यक्तिको विनाश स्वाभाविक नियामधर्म नै हो" भन्ने कथन यथार्थ हुन आउँछ ।

तसर्थ विश्वमा व्यक्ति, जाति, राष्ट्र र विश्वनिकाय परस्परमा निरन्तर प्रतिपक्ष भइरहन्छ । यो बिषयलाई विस्तृत रूपमा लेखिरहनु आवश्यक छैन । वास्तबमा स्मृति राख्न योग्य तथ्य के छ भने ती प्रतिपक्ष क्रियाकलापहरूले दुःखकष्टलाई निर्माण गरेता पनि मानिसहरूको विकाससित केही न केही रूपमा सम्बन्धित हुन्छ । कार्लमार्क्सले प्रतिपक्ष भएमा मात्र विकास हुन्छ भनेका छन् । यो कथन केही पुराना प्रज्ञाविद्हरूको निमित्त नौलो कुरा होइन । डार्विनले विभिन्न सत्त्वहरू बीच जीवन स्थिर गर्नाका लागि प्रतिस्पर्धात्मक रूपमा प्रयास गर्नुबाट परिवर्तन र विकास भएर आएको घटनालाई उल्लेख गरेका थिए । तसर्थ केही प्रज्ञाविद्हरूले प्रतिपक्ष हुनुलाई र बिल्कुल दुःखरहित भएको भौतिकी निर्बाण जस्तो निर्वाणलाई विश्वास गर्दैनन् र चाहना राख्दैनन् । इसापूर्व छैठौं शताब्दीतिरको ग्रीक दर्शनाचार्य Heraclitus ले विश्व शान्तिलाई चाहना र प्रार्थना गर्ने महान् ग्रीक प्रज्ञाविद् Homer लाई दोषारोपण र आलोचना गरेर Homer को प्रार्थना पूरा हुँदा विश्व विनाश हुनेछ भन्ने तथ्य ज्ञानयुक्त छैन । साथै Homer को इच्छापूर्ति हुँदासम्म जुनसुकै पदार्थहरू पनि यात्राको अन्ततिर पुगी उन्नति र विकास हुने हुँदैन भनेका छन् ।

बुद्धकालीन अवस्थादेखि आजसम्म आफ्ना जीवनप्रति

download from : https://www.dhamma.digital

उद्विग्न भई दुःखधर्मलाई भाविता र दर्शन गर्ने व्यक्तिहरू प्रायशः खानपान, रहनेसहनपूर्ण र सम्पन्न भएका व्यक्तिहरू हुन् । बुद्धकालीन अवस्थामा भिक्षु भएका व्यक्तिहरू प्रायशः जीवनको स्थिति उच्च भएका क्षत्रीय र ब्राह्मणहरू यशकुमार जस्ता श्रेष्ठीपुत्रहरू थिए । आधुनिक युगमा दुःख धर्मलाई दिग्दर्शन गर्ने Schopenhauer, बाइरोन् (Byron) आदि व्यक्तिहरू सुख समृद्ध व्यक्तिहरू हुन् । विश्वमा आत्महत्या गरी मरण हुने व्यक्तिहरूमध्येमा धनाढ्य सुखी व्यक्तिहरू दुःखी दरिद्र व्यक्तिहरूभन्दा संख्यामा बढी छन् । स्वीडेन र डेनमार्क राष्ट्रहरू यूरोप महाद्वीपमा सामाजिक जीवनस्तर सर्वोच्च पुगेका राष्ट्रहरूको रूपमा पुगिराखेका छन् । तैपनि ती राष्ट्रहरू सबभन्दा बढी आत्महत्या गर्ने व्यक्तिहरू भएका राष्ट्रहरू पनि हुन् । यी तथ्यहरूलाई आधार बनाई सम्पूर्ण विश्वमानव खानपान रहनसहनपूर्ण र सम्पन्न भएर, व्यक्ति परस्पर, गुट परस्पर प्रतिपक्ष भइरहनु बिल्कुल शून्य भएर गएता पनि (विश्व जनसंख्या बृद्धि हुनु[1] र मानिसहरूमा

---

१. केही मानिसहरूले विज्ञानलाई शक्तिले भ्याएसम्म तौर तरीका अनुरूप प्रयोग गरेमा विश्व खाद्यान्न बढी उत्पादन भई विश्व जनसंख्या बृद्धिको निमित्त धन्दा सुर्ता मान्नु पर्ने छैन भनी भन्छन् । तैपनि विज्ञानलाई विशेष विश्वास गरी आधार लिने सोभियत राष्ट्रमा अस्पतालहरूमा गर्भपतन गर्नुलाई सरकारी कानूनद्वारा अनुमति दिइराख्नु विचारणीय छ । गर्भपतन गर्न महिलाहरूको सामाजिक, आर्थिक र स्वास्थ्यलाई हेरी पतन गराउन योग्य

download from : https://www.dhamma.digital

अनुशय क्लेश रहिरहनुको कारणले यस परिस्थितितिर परिवर्तन र विकास पनि हुनसक्ने छैन ।) आलस्य र उद्विग्नता बाँकी रही मनुष्य संसार दुःखबाट मुक्त नहुने कुरा स्पष्ट छ ।

Heraclitus देखि शुरू गरेर धेरै पश्चिमी नागरिक प्रज्ञाविद्हरूले यो मनुष्य भूमि साँच्चै नै दुःख भूमि भएको कारणलाई राम्ररी देखी बुझिसकेका छन् । तिनीहरूमध्येमा जर्मनी दर्शनाचार्य Schopenhauer सबभन्दा प्रसिद्ध छन् । उनका सिद्धान्तहरू धेरै क्षेत्रहरूमा बुद्धवादसित एक समान छन् । Schopenhauer को विचारधारा अनुसार मानिसहरू एक अर्कोसित बेमेल हुनु प्रतिपक्षी हुनुबाट अलग भई विभिन्न क्षेत्रमा पूर्ण र सम्पन्न स्थितिमा पुग्ने अवस्थामा पनि विशिष्ट रूपमा केही पनि प्रयास गरी गर्नुपर्ने काम नहुनुको कारणले अलसी र उद्विग्न भई मानसिक तौरबाट दुःखी भएर आउने छन् ।[1] अवश्य हो । संसारमा अलसी र उद्विग्न भएका व्यक्तिहरू प्रायशः दुःखी दरिद्रहरू नभई विभिन्न क्षेत्रमा सम्पन्न भएका काम गर्नु नपर्ने श्रेष्ठी महाजनहरू नै हुन् । मानिसले जतिसुकै सुख शान्तिपूर्वक रहन पाउँछ नै भनौं दौडधूप गरेर बस्न पाएमा मात्र सन्तोष मान्छ । त्यसकारण एउटा इटली बौद्ध ग्रन्थकार आचार्यले 'दुःख'लाई 'अशान्त, अस्थिर हुनु'

---

व्यक्तिहरूलाई पतन गराइदिने विषय बुझिन्छ । Art Abortion in Encyclopaedia of the Social Sciences.

1. Will Durant, "Story of Philosophy", P. 324.

download from : https://www.dhamma.digital

'मन चञ्चल हुनु' 'मन विचलित हुनु, भ्रान्त हुनु' भनी अर्थ दिइराखेको एकदम सही छ ।[१]

एक समयमा निग्रन्थहरूले भगवान् बुद्ध बिम्बिसार राजा जति सुख शान्तिपूर्वक रहन पाउन्न भनी भने । त्यसबेला भगवान् बुद्धले "तिमीहरूले के कस्तो ठान्छौ नि; बिम्बिसार राजा शरीर नचाली मुखले पनि केही नभनी पूरा एक हप्तासम्म रहन सक्छ ?" भनी सोध्नुभयो । एक हप्ताको त के कुरा; एकदिन पनि रहन सक्ने छैन भनी निर्ग्रन्थहरूले भने । त्यस अवस्थामा "म शरीर नचाली कुरा नगरी पूरा एक हप्तासम्म शान्ति सुख अनुभव गरी बस्न सक्छु । तसर्थ कुनचाहिं व्यक्ति बढी सुख शान्तिपूर्वक रहन सक्छ त ?" भनी सोध्नुभयो। निर्ग्रन्थहरूले भगवान् बुद्ध बढी सुख शान्तिपूर्वक रहन पाउनु हुन्छ भनी स्वीकार गरे । (म. नि. चूलदुक्खक्खन्ध सुत्त) ।

भगवान् बुद्धले मनुष्य जीवनको दुःख कष्टलाई गम्भीर रूपमा उपदेश र निर्देशन दिनुभएको कारणले कुनै कुनै पश्चिमी राष्ट्रका नागरिकहरूले बुद्धवाद मनुष्य संसारको अप्ठेरोपन विकलतालाई बढाई चढाई एकपक्षीय दृष्टि राख्ने वाद हो भनी भन्छन् र लेख्छन् पनि । तैपनि मनुष्य संसारको स्वभावलाई गहन रूपमा विचार विमर्श र परामर्श गर्ने सबै प्रज्ञाविद्हरूले दुःख धर्मलाई दिग्दर्शन गर्छन् नै । यहाँनिर

1. J. Evola, "The Doctrine of Awakening", P. 60.

download from : https://www.dhamma.digital

अमेरिकी दार्शनिक मनोविज्ञानिक विलियम जेम्सको कथन-लाई विमर्श र परामर्श गर्नुपर्छ ।

"संसारमा सबभन्दा बढी मानसिक रूपले रमाउने मानिसहरूलाई हेरेको खण्डमा दश जना व्यक्तिहरूमध्ये नौ जनामा एक न एक मानसिक इच्छापूर्ति नभएको पाइन्छ । एक व्यक्तिको सफलताहरू आशा राखेका तथ्यहरूसित भिन्न भइरहने छ । अन्यथा अन्य व्यक्तिहरूले थाहा नपाएका आशाहरू रहिरहने छ । ती आशा आकांक्षाहरू कार्यरूपमा परिणत गर्न आफूले आशा राख्न नसक्ने कारण उसले थाहा पाएको हुनेछ । Goethe जस्तो सधैं जस्तो सफलता हासिल गरी राम्रो पक्षलाई मात्र हेर्न जान्ने व्यक्तिले समेत ७५ वर्ष पुग्दा आफ्नो जीवनप्रति दिक्दार मानेको जस्तो कुरा भनेर गएको छ भने अन्य सामान्य मानिसहरूलाई त भन्नु नै के हुनेछ र ? ......

"मनुष्य जीवनमा राम्रो पक्षलाई मात्र दृष्टिपात गर्ने सुखवाद, सम्पन्न दर्शन होइन । कारण किनभने त्यस वादले विमुख राख्ने अनिष्टारम्मण धर्महरू सुनिश्चित रूपमा अवश्य पनि रहेको छ । ती अनिष्टारम्मण धर्म दुःखं धर्महरूले मनुष्य जीवनको अर्थ अभिप्रायलाई वहन गरिने छ । दुःख धर्म सबभन्दा गहन भएको सही धर्मलाई हामीले जान्ने देख्ने गरी आँखा खोलिदिने एकमात्र धर्म हुनसक्छ नै । सुखवादले दुःख धर्म र मरण धर्मलाई उपेक्षा गरिराखेको हुनाले ती धर्महरू-लाई विमर्श र परामर्श गर्ने वादहरू जति, सम्पन्न र गहन

download from : https://www.dhamma.digital

छैन । तसर्थ गहन सर्वसम्पन्न भएका धर्म सिद्धान्तहरू दु:ख धर्मलाई विशेष बिमर्श र परामर्श गर्ने धर्म सिद्धान्तहरू हुन् ।"[१]

मानिसले आफ्नो जीवनमा आश्वासन र सन्तोषमा पूर्णता नरहेको कारणले नै विश्वमा ठूल्ठूला धर्मवादहरू प्रादुर्भाव भएको तथ्यलाई सकार्नुपर्दछ । भगवान् बुद्धले मनुष्य जीवनको दु:ख कष्टलाई विशेष गहन रूपमा उपदेश र निर्देशन दिनुभएको अवश्य हो । त्यसरी विशेष गहन रूपमा उपदेश गर्नुभएको पृथग्जन मनुष्यहरू काम भुमरी र बाढीमा डुबिरहनु दु:ख धर्मलाई देख्न र बुझ्न नसकी अविद्याले छोपिराखेको कारणले हो । उदाहरणको रूपमा– रोग ग्रस्त भइरहेको व्यक्तिले आफ्नो रोगको भयङ्करतालाई यथार्थ रूपमा जान्नु आवश्यक छ । त्यसरी नजान्ने व्यक्तिले रोगलाई निको हुने गरी सफलतापूर्वक उपचार गर्न चाहने छैन ।

यदि रोगीमा रोग निको पारिने आशा बिल्कुल छैन भने अथवा रोगीले भरोसा लिए अनुसार वैद्यले उपचार गर्ने विधिको निर्देशन गर्न नसकी रोगको विषयलाई मात्र व्याख्या गरिरहेको छ भने त्यस रोगीको जीवन दिक्दारपूर्ण र वैद्यराजका कथनहरू निराशाजनक मात्र हुनेछ । यदि वैद्यराज कुशल छन् । रोगीको रोग निको हुने आशा दिलाउँदछ भने त्यस्तो वैद्यराजप्रति कसरी दोषारोपण गर्न सकिन्छ र ? त्यस्तै

1. William James, "Varieties of Religious Experience", P. 11 aff.

download from : https://www.dhamma.digital

नै संसार वर्त दुःखलाई उल्लेख गर्नका लागि मात्र नभई त्यस वर्त दुःखबाट मुक्त हुने मार्ग पद्धति समेतलाई निर्देशन गर्ने बुद्धवादलाई दिक्दारपूर्ण र निराशाजनक दुःखवाद[1] हो भनी कसरी भन्न सकिन्छ ।

दुःखवादलाई विश्वास गर्ने पश्चिमी राष्ट्रका मानिसहरूले दुःखबाट विमुक्त हुने मार्ग पद्धतिलाई देखे जानेका छैनन् । मनुष्य जीवनको निःसार तत्त्वलाई उल्लेख गर्ने Byron, Shelly, Leopardi आदि दुःखवादीहरूको साहित्य उत्साहित गर्नु, आश्वासन दिनु र आशावादी हुनुबाट विरत छ । उनीहरूको दृष्टिकोण अनुसार मानिस मरण-पछि मात्र दुःखकष्टबाट विमुक्त हुनेछ । तसर्थ केही पश्चिमी राष्ट्रका दुःखवादीहरू मरण धर्मलाई प्रशंसा गर्छन् ।

बुद्धवाद भने त्यस्तो होइन यसले मानिस मरणपछि मात्र दुःखकष्टबाट मुक्त हुनेछ भन्ने सिद्धान्तलाई स्वीकार गर्दैन । बौद्ध मार्ग पद्धतिको लक्ष्य भएको निर्वाण मरण हुनुभन्दा अगाडि साक्षात्कार गर्नुपर्ने धर्म हो । त्यसरी निर्वाणलाई साक्षात्कार गर्नुभन्दा अघिको समयमा पनि तृष्णा, मान, दृष्टि र उपादान आदिहरूलाई जति जति फितलो र कम पार्न सकिन्छ त्यति त्यति दुःखकष्ट कम हुँदै जाने कुरा बुद्धवादले उपदेश दिइराखेकोलाई पनि याद राख्नुपर्छ । यस प्रकारको बुद्धवादलाई दिक्दारपूर्ण एवं निराशाजनक दुःखवाद हो भनी भन्न उचित हुँदैन ।

---

1. Pessimism.

download from : https://www.dhamma.digital

त्यसकारण बुद्धवादले संसारप्रति दिक्दार र उद्विग्न भई आत्महत्या गर्नुलाई निन्दा र उपहास गर्छ। बुद्धवादी श्रमण, भिक्षु र अन्य व्यक्तिलाई आत्महत्या गर्न चाहने मन उत्पादन हुने गरी प्रत्यक्ष वा परोक्ष रूपमा उत्साह वा प्रेरणा दिएमा त्यस्ताहरू भिक्षुत्वबाट च्यूत हुन्छन् । बुद्धवादले मनुष्यजीवनको वर्त दुःखहरूलाई अन्य धर्म सिद्धान्तहरूले भन्दा बढी गम्भीर रूपमा निर्देशित गर्ने कुरा सही भएता पनि दुःखकष्टको निमित्त दिक्दार नमानी शिथिल नहुने उद्योग वीर्यद्वारा निर्वाण सुखलाई खोजी गर्न उत्साह दिन्छ। प्रेरित गर्छ ।

"यो शासनमा भिक्षु उद्योगयुक्त वीर्यवान् भई बस्छ। त्यस भिक्षुले निःसन्देह छाला र हाड नै किन बाँकी नरहोस्; शरीरमा रक्त र मासु नै किन सुकेर नजाओस्; जुन अरहत्त फललाई पुरुषको सामर्थ्यद्वारा र उद्योग वीर्यद्वारा उपलब्ध हुने हो । त्यो अरहत्त फललाई उपलब्ध नगरेसम्म वीर्यलाई शिथिल पार्नु हुँदैन ।" (सं. नि. भिक्खुसंयुत्त उभोथेर सुत्त) पालिपिटकमा सर्वत्र देखापर्ने यी कथनहरूद्वारा बुद्धवाद दुःखकष्टहरूलाई निहारी मनुष्यजीवनलाई आत्मसमर्पण गरी पराजय मान्न चाहने दुःखवादीहरूको निमित्त नभएको कुरा स्पष्ट छ।

बुद्ध र बुद्ध श्रावक शिष्यहरूको वास्तविक सुख शान्ति लाभ हुनुलाई आधार मान्नु र दर्शन गर्नुद्वारा पनि बुद्धवाद दिक्दारपूर्ण निराशाजनक खालि दुःखवाद नभएको

download from : https://www.dhamma.digital

तथ्यलाई हामीले अवगत गर्नुपर्छ । भगवान् बुद्धको मानसिक सुख शान्तिलाई उल्लेख गरिसकेको छु । पालिपिटकबाट थेरगाथा थेरीगाथाहरूलाई अध्ययन मनन गर्दा बुद्धवादलाई आचरण र उपयोग गर्नाले पाइने पुराना भारतीय कुलपुत्र कुलपुत्री सत्पुरुषहरूको सुख शान्त रमणीय जीवनलाई हामीले आंशिक रूपमा देख्न र बुझ्न सक्छौं । ती अरहन्त उत्तम सत्पुरुषहरूलाई त्यसै छाडौं; बुद्धका साधारण श्रावक शिष्यहरू पनि मानसिक सुख शान्ति पाएका व्यक्तिहरू हुन् । यो तथ्य प्रसेनजित कोशलराजाको कथनद्वारा स्पष्ट हुन्छ । कोशलराजाले भगवान् बुद्धलाई अन्तिम बार दर्शनभेट गर्दा "भन्ते भगवान् शाक्यपुत्र श्रमणहरूले अन्य धर्मावलम्बी श्रमणहरूको दाँजोमा रूप लावण्य वर्ण संस्थान प्रसन्न प्रफुल्लित भई शोक सन्ताप बिल्कुल रहित भई प्रकृति रूपमा चित्त स्थिर र शान्त आकृतिधारण गरिरहेका छन् । यसरी मानसिक सुख शान्ति प्राप्त गरिरहनु भगवान् तपाईंको धर्मको कारणले गर्दा हुनसक्छ" भनी प्रशंसा गरी निवेदन गरे । (म. नि. धम्मचेतिय सुत्त) ।

यसरी मानिसहरूलाई मानसिक सुख प्रत्यक्ष जीवनमा दिन सक्ने बुद्धवाद कसरी दिक्दारपूर्ण र निराशाजनक एवं खालि दुःखवादमात्र हुनेछ र ?

* * *

download from : https://www.dhamma.digital

# खण्ड ६

# अनात्मवाद

## (क) पिटक र अन्य बौद्धवाङमयहरूबाट अनात्मवाद

बुद्धवादको धारणा अनुरूप संसारमा भएभरका संस्कार धर्महरूको प्रकट भएका त्रिलक्षणहरू त अनित्य, दुःख र अनात्म (वा) नित्य नहुनु, दुःख हुनु र स्थिर आत्मा नहुनु हो । ती त्रिविध लक्षणहरूमध्ये दुःख लक्षण अनित्य लक्षण-माथि आधारित छ । संस्कार धर्महरू अनित्य स्वभाव रहेको कारणले सार तत्त्व आत्मरहित भई विपरीत र विनाश हुनुपर्ने अवश्यम्भावी छ ।

मनुष्यहरू जन्मदेखि मरणपर्यन्त कहिल्यै पनि अनित्य धर्मसित अलग्गिन सक्दैनन् । पञ्चस्कन्ध नामरूप धर्महरू निरन्तर रूपमा सधैं विपरीत र विनाश भइराखेका छन् । नामधर्मको उत्पत्ति विनाश, निरोध र शमन हुनु रूप धर्मको

download from : https://www.dhamma.digital

उत्पत्ति विनाश निरोध र शमन हुनुभन्दा अत्यधिक बढी गतिमान छन् । एउटा चित्त एउटा आरम्मणसित संघट्टन हुने बित्तिकै तुरन्त निरोध र शमन भई अर्को नयाँ चित्त एउटा उत्पादन भएर आउँछ । यसरी चित्तहरू एक निमेष एक विद्युत्पादभित्र एकलाख कोटिभन्दा बढी पटकसम्म निरन्तर रूपमा प्रसारित भई उत्पत्ति निरोध र शमन भइरहेको हुन्छ ।

त्यसकारण अनित्य धर्मलाई गहिरिएर गम्भीर रूपमा नदेख्ने नजान्ने व्यक्तिले मार्ग, फल र निर्वाण लाभ गर्न मुश्किल छ । "कुनै व्यक्तिले श्रद्धाचित्तद्वारा बुद्ध, धर्म र संघको शरणमा गई आधार लिएर शील समादान गरी मैत्री बृद्धि गरेता पनि त्यस व्यक्तिले एकछिन भए पनि यदि अनित्य धर्मलाई देखे जाने बुझेमा बढी लाभदायी हुनेछ ।" (अं. नि.) "पञ्चस्कन्धहरूको उदय व्ययलाई भाविता र दर्शन नगरी सय वर्षसम्म बाँचिरहनुभन्दा त्यस उदय व्ययलाई राम्ररी निरीक्षण, परीक्षण र दर्शन गरी एकदिनमात्र बाँच्नु बढी श्रेयष्कर छ ।" (धम्मपद–११३) ।

"अनित्य संज्ञा राम्ररी प्रकट भएको व्यक्तिमा अनात्म संज्ञा स्वभावत: प्रकट भई स्थिर रहन्छ ।" (उदान पालि, अं. नि. नवनिपात मेघिय सुत्त) अवश्य हो; संसारमा भएभरका संस्कार धर्मको नित्य नभएको स्वभावलाई देख्ने जान्ने बुझने व्यक्तिको निमित्त सार अमृत ठोस धातु आत्म नरहनुलाई देख्नु जान्नु दुष्कर छैन । सही रूपमा भनौं भने

download from : https://www.dhamma.digital

अनात्म धर्म अनित्य धर्ममा समावेश भइसकेको छ तापनि अनात्म धर्मलाई संस्कार धर्महरूको एउटा प्रमुख लक्षणको रूपमा महत्त्व दिई उपदेश गरिराखेको हुँदा अनात्मवाद बुद्धवादीहरूको लागि अति महत्त्वपूर्ण रहेको तथ्य स्पष्ट छ । वास्तबमा अनात्मवाद बुद्धोत्पादभन्दा अघि प्रवेणी कालदेखि आजसम्म विश्वमा प्रादुर्भाव भइसकेका अन्य धर्मशासनहरूसित बुद्धशासनलाई विभेद गराइने छुट्टचाइने वाद भएको छ ।

त्यसो भएता पनि भगवान् बुद्धले उपदेश गर्नुभएको अनात्मवादलाई बुझ्न र बुझेता पनि विश्वास र समर्थन गर्न धेरै सजिलो छैन । बर्मेली बुद्धवादीहरूले प्रायशः अनात्मवाद-लाई जाने बुझेता पनि कुनै कुनै बर्मेली धार्मिक सिद्धान्तहरू अनात्मवादसित प्रतिपक्षी भइरहेकाले गर्दा अनात्मवादलाई सम्झनु बुझनु र विश्वास गर्नु हलुकासँग सतहमाथि मात्र रहेको रूपमा सम्झनु बुझनु र विश्वास गर्नु हो । यस्तो हुनु अचम्म होइन । पालिपिटकवाङमयलाई विस्तृत व्यापक रूपमा अध्ययन अन्वेषण गरेका कोही कोही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले समेत बुद्धवादलाई राम्ररी बुझेता पनि अनात्म-वादलाई स्वीकार्न नसकेको कारणले सही बुद्धवाद नभएको जस्तो गरी आरोप लगाई लेख्ने गर्दछन् । तसर्थ अनात्मवाद सम्बन्धी पिटकपालिहरूलाई गहिरिएर ठोस रूपमा अध्ययन र अन्वेषण गर्नु आवश्यक छ ।

आत्मा विषयलाई बुद्धोत्पादभन्दा अघि उत्पादन भइसकेको पौराणिक ब्राह्मण सिद्धान्त र वाद खण्डमा केही

download from : https://www.dhamma.digital

उल्लेख गरिसकेको छ। 'आत्मा' शब्द सबभन्दा पुराना वेदग्रन्थहरूमा देख्न पाइन्छ। सर्वप्रथम 'आत्मा' शब्दले "प्राण" भन्ने अर्थ व्यक्त गर्दछ। पौराणिक ब्राह्मणहरूको सोम रस यज्ञ याजन पूजा कर्मको आत्मा हो। सूर्य चल अचल सम्पूर्ण पदार्थहरूको आत्मा हो। ती सिद्धान्तहरूलाई उपनिषद् ग्रन्थहरूमा लगातार उल्लेख गरिराखेको छ। आत्मा एक अंगुल जतिको प्रमाण भई हृदयगृहमा स्थित छ। त्यो हृदय-गृहभित्रबाट एक न एक मार्गद्वारा बाहिर निस्कन सकिन्छ। शिरको ब्रह्माण्ड मार्गबाट निस्केमा अमृत स्थावर भूमिमा पुग्दछ। मानिस सुतिरहँदा त्यसभित्रको आत्मा शरीरबाट निस्कन सकिन्छ। "त्यसकारण सुतिरहेको व्यक्तिलाई एक्कासी उठाउनु योग्य छैन। शरीरभित्र पुनः आत्मा पस्नुभन्दा अगाडि उठाइयो भने त्यो व्यक्तिमा भय र उपद्रव हुनसक्छ" भनी एक उपनिषद् ग्रन्थले भनेको छ।

तैपनि उपनिषदाचार्यहरू उपर्युक्त सिद्धान्तहरूसित सन्तोष मानेर नबसी अझ त्यसैलाई बढावा दिई कल्पना गर्छन्। आत्मालाई आकृति, परिमाण र स्थित क्षेत्र आदिद्वारा उल्लेख नगरी आत्मा गोप्य र गम्भीर भई मानिसले जान्न बुझ्न मुश्किल भएको विषय हो भन्छन्। आत्मा सजीव निर्जीव समस्त सत्त्वको मूल सार यथार्थ परमार्थ धातु भएर आत्मा बाहेक अन्य विषयहरू खाली असार सतहमाथिको माया मात्र हुन्। अर्को शब्दमा भन्ने हो भने आत्मा यथार्थ असंस्कृत महान् अमृतधातु कहलाइने ब्रह्म हो। मानिसहरू-

download from : https://www.dhamma.digital

मध्येमा राम्रो र नराम्रोलाई विभाजन गरी जान्ने बुझ्ने शक्तिबीज, सर्वोत्तम सर्वश्रेष्ठ स्थितिमा पुग्न सक्ने शक्तिबीज रह्यो त्यस शक्तिबीज अन्तर्निहित भई बस्ने आत्मा नित्य, ध्रुव एवं परमार्थधातु हो ।

त्यसकारण उपनिषद्का ग्रन्थकारहरूको विचारधारा अनुरूप मानिसहरूले संस्कार धर्मलाई अतिक्रमण गरी अवृक्ष रूपमा रहेको आत्मालाई देख्नु, जान्नु र बुझ्नु अत्यावश्यक छ । "बोलेको कुरालाई, देखेको चक्षु आरम्मणलाई, गरेको कामलाई र चिन्तन गरेको चिन्तनालाई तिनीहरूको सम्बन्धमा केही पनि कल्पना एवं चिन्तना गर्नुहुँदैन । बोल्ने, देख्ने, गर्ने र चिन्तन गर्ने व्यक्तिलाई मात्र (अर्को शब्दमा आत्मालाई मात्र) यथार्थ रूपमा देख्न एवं जान्न प्रयत्न गर्नुपर्दछ" भनी एउटा उपनिषद् ग्रन्थले भनेको छ ।

उपर्युक्त उपनिषद्का सिद्धान्तहरू पालिपिटकवाङ्मय-मा बिल्कुलै देखिँदैन । आत्मवादलाई तिरस्कार गर्ने देशनाहरू मात्र त्रिपिटकमा धेरै मात्रामा देखिन्छन् । यी कुराहरू प्रकट भएको देशना भगवान्ले बुद्धत्व प्राप्त गरिसकेपछि पञ्चवर्गीय भिक्षुहरूलाई द्वितीयबार दिनुभएको उपदेश अनत्त लक्खण सुत्त हो । "भिक्षुहरू हो, रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनेको पञ्चस्कन्ध आत्मा होइन । आत्मा नभएको कारणले आबाध हुन्छ । मेरो पञ्चस्कन्धलाई यस्तो होस् वा यस्तो नहोस् भनी व्यवस्था गर्न सकिन्न । पञ्चस्कन्ध अनित्य छ । अनित्य अस्थिर भएको कारणले यो

download from : https://www.dhamma.digital

दुःख हो । अनित्य, दुःख, विपरिणाम स्वभाव भएको पञ्चस्कन्धलाई मेरो सम्पत्ति हो, म हुँ, मेरो आत्मा हो भनी भाविता र दर्शन गरिन्न । अतीत, अनागत, वर्तमान, आध्यात्मिक, बाह्य, स्थूल, शूक्ष्म, हीन, प्रणीत, दूर र समीप भएका सम्पूर्ण पञ्चस्कन्धलाई यो मेरो सम्पत्ति होइन, म होइन, मेरो आत्मा होइन भनी यथाभूत रूपमा सम्यक् प्रज्ञाद्वारा भाविता र दर्शन गर्नुपर्दछ ।" (विनयपिटक महावग्गपालि) ।

अनत्तलक्खणसुत्तसित अर्थ अभिप्राय समान भएका देशनाहरू सुतन्तपिटकमा आएका प्रथम चार निकायमा पटक पटक देखापर्दछन् । अन्य सुत्तन्त देशनाहरूमा भने पञ्चस्कन्ध आत्मा भएको कारणले पञ्चस्कन्धमा पुद्गल सत्त्वलाई खोजी गर्मं मिल्दैन भनी आएको छ ।

"हे अनुराध; पञ्चस्कन्धलाई सत्त्व भनी भाविता गर्नुहुँदैन । पञ्चस्कन्धमा सत्त्व छैन; सत्त्व पञ्चस्कन्धबाट भिन्न छ भनी भाविता गर्नुहुँदैन । यसरी तिमीले प्रत्यक्ष र दृष्टान्त रूपमा नै सत्त्व भन्नेलाई सही रूपमा तथ्य रूपमा पाइँदैन ।" (सं. नि. अब्याकतसंयुत्त अनुराधत्थेर सुत्त) "अरहन्तले पञ्चस्कन्धलाई त्रिविध परिज्ञानहरूद्वारा विभाजन गरी जानेको कारणले पुद्गल सत्त्व भनी सुनिने पुद्गललाई देख्न जान्न सकिन्न ।" (सं. नि. सगाथावग्गसंयुत्त समिद्धिसुत्त) । "वीणालाई शय टुक्रामा बाँडचुँड गरी टुक्रा टुक्रा पारिएता पनि 'वीणा' शब्द खोजि गरेर नपाइने जस्तै कुनै भिक्षुले

download from : https://www.dhamma.digital

पञ्चस्कन्धलाई खोजेता पनि मेरो सम्पत्ति भनेर र मेरो आत्मा भनेर देखिंदैन ।" (सलायतनसंयुत्त वीणोपमसुत्त) ।

कोही कोही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले मज्झिमनिकायमा आएको एउटा सुत्तन्त देशनाले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई सोझै तिरस्कार गर्छ भनी धारणा राख्दछन् । जुन प्रकारको दृष्टिको कारण हुन्छ, त्यो दृष्टिलाई आत्मा भनिन्छ । आत्मा परलोकमा पुगी उत्पन्न हुनेछ । नित्य र स्थिर छ; अविपरिणामी स्वभावको छ; पृथ्वी, मेरू, पर्वत, चन्द्र र सूर्यसित एक समान भई त्यस्तै स्थिर हुनेछ भन्ने सिद्धान्त हुन्छ । यो दृष्टि 'म' होइन, मेरो सम्पत्ति होइन, मेरो शरीर होइन, भनी बारबार भाविता गर्ने व्यक्तिमा तृष्णा, मान, दृष्टि भन्ने तीन प्रकारका आशक्ति हुँदैन ।" (म. नि. अलगद्दुपमसुत्त) । यो सुत्तन्तसित अर्थानुगत रूपमा समान अभिप्राय भएको अन्य एउटा सूत्र बढी स्पष्ट छ । "अनुचित रूपले चिन्तन मनन गर्ने व्यक्तिमा मेरो शरीर भनी, सुनी व्यवस्था गर्न जान्दछ । जान्न बुझ्न र अनुभव गर्न जान्दछ । राम्रा नराम्रा कर्महरूको प्रतिफललाई अनुभव गर्न पाइन्छ । मेरो शरीर मरणपछि स्थिर हुन्छ । सदासर्वदा रहिरहन्छ । सँधै रहेको हुन्छ । विपरीत हुँदैन । पृथ्वी, मेरू, पर्वत, चन्द्र र सूर्य स्थिर रहेजस्तै सँधै स्थिर रहन्छ भन्ने धारणा हुन्छ ।" (म. नि. सब्बासवसंवर सुत्त) ।

पञ्चस्कन्धमा र पञ्चस्कन्धलाई अलग राखी परमार्थ हिसाबले पुद्गल सत्त्व आत्मा नभएको कारणले लोकशून्य

download from : https://www.dhamma.digital

छ भनी पिटकवाङ्मयमा आएको छ । "आनन्द, जुन कारणले 'म' भन्ने आत्म स्वभावबाट र मेरो सम्पत्ति भन्ने आत्मनीय स्वभावबाट शून्य छ; त्यसकारणले लोकशून्य छ भनी भनिन्छ ।" (सुञ्ञलोक सुत्त सलायतनसंयुत्त) । "मोघराज, तिमीले शरीर भनी संज्ञा राखी आशक्त हुने सत्कायदृष्टिलाई हटाउनको निमित्त लोकलाई शून्य रूपमा भाविता गर ।" (सुत्तनिपात पारायनवग्ग मोघराजमाणव पुच्छा) ।

"भिक्षु स्वभाव धर्ममा उत्पत्ति र विनाशको कारणले धर्म र उत्पत्ति विनाश हुने स्वभावलाई बार बार भाविता गर्ने अभ्यास रहिरहेको पनि हुन्छ । त्यस अतिरिक्त स्वभाव धर्महरूमात्र छन् भनी त्यस भिक्षुमा स्मृति प्रकट भइरहेको हुन्छ । त्यस्तो भिक्षु संसारमा कसैमा पनि 'म' मेरो सम्पत्ति भनी आशक्त हुँदैन ।" (दी. नि. महासतिपट्ठानसुत्त) ।

त्यसकारण भगवान् बुद्ध संस्कार धर्महरूको उदय व्ययलाई उपदेश गर्नु हुँदा स्पर्श हुनु, अनुभव गर्नु, संलग्न र आशक्त हुनु आदि कारण कार्यरूपमा सम्बन्ध रहनु (प्रतीत्य समुत्पाद धर्म) लाई मात्र उपदेश गर्नुहुन्छ । स्पर्श गर्ने, अनुभव गर्ने, संलग्न र आशक्त हुने व्यक्ति आदिद्वारा पुद्गल सत्त्व विषयलाई कथमपि उपदेश गर्नुहुन्न ।

"भो गौतम, दुःखलाई आफैंले सृजना गर्छ कि ?" "हे काश्यप, आफैले दुःखलाई सृजना गर्छ भन्नु उचित छैन ।" "दुःखलाई अरूले सृजना गरिदिन्छ कि ?" "अरूले सृजना गरिदिन्छ भनेर पनि भन्न योग्य छैन ।" "दुःखलाई आफू र

download from : https://www.dhamma.digital

अरू दुबैले सृजना गर्दछन् भनिन्छ कि ?" "त्यसरी पनि भन्नु उचित छैन ।" "त्यसो भए दु:ख विना कारण आफसेआफ नै उत्पन्न हुन्छ कि ? अथवा दु:ख भएर पनि आयुष्मान् गौतमले दु:खलाई देख्नु जान्नु हुन्न कि ?" "हे काश्यप, दु:ख छ । दु:खलाई म देख्छु, जान्छु । दु:खलाई कुनै व्यक्तिले सृजना गरेर त्यसले अनुभव गर्छ भन्ने धारणा रहेमा त्यो शाश्वतदृष्टि हुन्छ । दु:खलाई अरूले सृजना गरिदिन्छ भनेमा उच्छेददृष्टि हुन्छ । 'म' तथागतले ती अन्तद्वयलाई हटाई मध्यम मार्गद्वारा धर्म उपदेश गर्छु । अविद्याको कारणले संस्कार हुन्छ । संस्कारको कारणले ...... ।" (निदानसंयुत्त अचेलककस्सप सुत्त) ।

तिम्बरुक परिब्राजकले सुख र दु:खलाई आफूले सृजना गर्दछ कि भनी सोद्धा पनि भगवान् बुद्धले उपर्युक्त प्रकारले जवाफ दिनुभएको थियो । (निदानसंयुत्त तिम्बरुक-परिब्बाजकसुत्त) ।

अचेलककस्सप तीर्थंकर र तिम्बरुक परिब्राजकहरूले संसारमा अनुभव गर्ने जान्ने, बनाउन जान्ने जीव, आत्म, पुद्गल सत्त्व छ भनी धारणा रहेको कारणले उनले बुद्धसँग प्रश्न सोधेका हुन् । भगवान् बुद्धका पालाका तीर्थंकर परिब्राजकहरूमात्र आत्म धारणा भएका होइनन् । कुनै कुनै बुद्धवादी श्रमण भिक्षुहरू समेत आत्मदृष्टिबाट विरत नभएको कारण मज्झिमनिकाय महातण्हासंखय सुत्तद्वारा र निम्न कथनद्वारा स्पष्ट हुन्छ ।

download from : https://www.dhamma.digital

"आयुष्मान् मोलिय फग्गुन स्थविरले भगवान् बुद्धसँग प्रश्न गरे, "भगवन्, विज्ञान आहारलाई कसले उपभोग र परिभोग गर्छ ?" त्यसबेला भगवान् बुद्धले जवाफ दिनुभयो "तिम्रो प्रश्न उचित छैन । कुनै एकजना पुद्गल सत्त्वले उपभोग परिभोग गर्छ भनी मैले उपदेश दिनुहुन्न । मसँग विज्ञान कुन धर्मको कारण हो ? भनी सोध्नुपर्छ । यो प्रश्नमा विज्ञान पछि लगातार उत्पन्न हुने नाम, रूप र षडायतन आदि उत्पन्न हुनुको कारण हो भन्ने जवाफ उचित छ ।" (सं. नि. निदानसंयुत्त मोलियफग्गुन सुत्त) । संयुक्त निकायमा यस्तै प्रकारले उपदेश गर्नुभएका अन्य अनेकौं देशनाहरू छन् ।

भगवान् बुद्धले किन अनात्म धर्मलाई जोडतोडले उपदेश गर्नुभएको हो भनी विचार गर्नु योग्य छ । आत्मदृष्टि मानिसहरूको मस्तिष्कमा किल्ला गडिरहेजस्तै सुदृढ रूपमा आशक्त भइरहेको अनि गडिरहेको दृष्टि हो । माथि उल्लेख गरेर आएको मोलियफग्गुन स्थविरले समेत भगवान् बुद्धले स्पष्ट पारी देखाउनु भएता पनि अनात्म धर्मलाई राम्ररी सन्तोष हुने गरी देखे जाने बुझेको जस्तो छैन । किनभने त्यो स्थविर पछि गएर शिक्षापद छाडी गृहस्थ भएर गए । (निदानसंयुत्त कलारखत्तिय भिक्खुसुत्त) । आत्मदृष्टि मार्ग, फल र निर्वाणलाई अन्तराय गर्ने चार प्रकारका उपादानहरूमध्ये समाविष्ट एक उपादान हो । चार प्रकारका उपादानमा समाविष्ट दृष्टि उपादान (धारणा, वाद, सिद्धान्तहरूमाथि गहिरो आशक्ति) पनि निःसन्देह आत्मवाद-

download from : https://www.dhamma.digital

लाई कारण गरी उत्पन्न हुनुपर्दछ। "आत्मा, लोक, शाश्वत, स्थिर र दृढ छ। यो स्थावर हो। यो अविपरिणामी स्वभावको छ। त्यो म अर्को जीवनमा उत्पन्न हुनेछु भन्ने मिथ्या धारणा रूपलाई प्रत्यय गरी रूपलाई कारण गरी उत्पन्न हुन्छ, उब्जन्छ।" (खन्धसंयुत्त सोअत्त सुत्त) आत्मदृष्टि मानिसहरूले दुःख कष्ट भोग्न पर्नुको एउटा मूल कारण हो। "म पञ्चस्कन्ध हूँ। पञ्चस्कन्ध मेरो सम्पत्ति हो भनी तृष्णा-दृष्टिद्वारा आशक्त हुने व्यक्तिको नामरूप धर्महरूको विपरीत भई अन्य आकार प्रकारले उत्पन्न हुनुको कारणले त्यस व्यक्तिमा शोक हुनु, विलाप हुनु, दुःख हुनु, मानसिक सन्ताप हुनु र तीव्र रूपले डाह हुनु आदि उत्पन्न हुन्छन्।" (खन्धसंयुत्त नकुलपितुसुत्त)।

त्यस अतिरिक्त बुद्धको दृष्टिकोणले यदि मानिसहरूमा परिवर्तन नभई स्थावर स्थिर आत्मा भएको हो भनी मिथ्या धारणा रहेमा आफ्ना बृद्धि हुनु (अथवा परिवर्तन र विकास हुनुको) निमित्त प्रयास गरिरहनुपर्ने कारण रहने छैन। "हे भिक्षु, आत्मभाव लाभ हुनु स्थिर छ; दृढ छ; स्थावर रहिरहन्छ; पृथ्वी, मेरु, पर्वत, चन्द्र र सूर्यजस्तै सदा स्थिर रहने हुन्छ भने; राम्ररी वर्त दुःखको अन्त गर्न यो उत्तम ब्रह्मचर्यलाई आचरण गर्नुबाट प्रकट हुने छैन।" (खन्धसंयुत्त गोमयसुत्त)।

उपर्युक्त कारणले गर्दा भगवान् बुद्धले आत्मवादलाई तिरस्कार गर्नुभयो। अनात्मवादसित सम्बन्धित बुद्धदेशनाहरू

download from : https://www.dhamma.digital

थुप्रै उल्लेख गरिसकेको छु । सुत्तन्तपिटकमा अनात्मवादसित सम्बन्धित शिष्य श्रावकहरूका उपदेशहरू बाँकी नै छन् ।

"आवुसो दसक, निःसन्देह ममा पञ्चउपादानस्कन्ध माथि म भनी अभिमानद्वारा आशक्त हुने भइरहन्छ नै । यो पञ्चस्कन्ध म आत्मा हूँ भनी दृष्टिद्वारा त भाविता गर्ने निरीक्षण परामर्शन गर्ने गर्दैन ।" (खन्धसंयुत्त खेमकसुत्त) ।

"आवुसो सारिपुत्र; जरा मरणलाई आफूले, अरूले अथवा आफू र अरू दुबैले सृजना गरिन्छ कि अथवा आफू अरू कुनैबाट पनि सृजना गरिन्न ? जरा मरण विना कारण आफसेआफ हुने कुरा हो कि ?" "आवुसो कोट्ठिक, जरा मरणलाई आफूले वा अरूले सृजना गरेको होइन । यो जरा मरण त वास्तवमा जातिको कारणले हुन्छ ।" भव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरूप र विज्ञानसित सम्बन्ध राखेर पनि आयुष्मान् कोट्ठिकले त्यस्तै त्यस्तै प्रकारले प्रश्न गरेर आयुष्मान् सारिपुत्रले त्यस्तै त्यस्तै विधिले जवाफ पनि दिनुभयो । (निदानसंयुत्त नलकलापियुपमसुत्त) ।

मारदेवपुत्रलाई सेला भिक्षुणीले जवाफ दिनुभएको कथनद्वारा पनि बुद्धवादले आत्मालाई हटाई कारण कार्य नियाम धर्मलाई मात्र समर्थन गरेको तथ्य स्पष्ट छ ।

"यो आत्मभाव शरीरलाई आफूले बनाइन्न । अरूहरूले पनि बनाइन्न । यो आत्मभाव शरीर कारण धर्महरूलाई प्रत्यय बनाई उत्पन्न हुन्छ । कारण धर्महरू निरोध र विनाश हुँदा नै यसको निरोध र विनाश हुन्छ ।

download from : https://www.dhamma.digital

खेतमा रोपिएको बीऊ माटोको ओजदारपन र पानीलाई प्रत्यय गरी उम्रने र वृद्धि हुनेजस्तै स्कन्ध आयतन धातुहरू कारण धर्मलाई प्रत्यय गरी उत्पन्न हुन्छन्। कारण धर्महरू निरोध र विनाश हुँदा ती धर्महरू पनि निरोध र विनाश हुन्छन्।" (निदानसंयुत्त सेला भिक्खुनी सुत्त)।

एक समयमा मारदेवपुत्रले वजीरा नाउँ गरेकी स्थविरासँग कसले सत्त्वलाई बनाइन्छ भनी सोधे। त्यस अवस्थामा वजीरा स्थविराले "तिमीले कुन विषयलाई सत्त्व भनी विश्वास र आशक्ति राख्छौ ? यो पञ्चस्कन्ध नामरूप धर्म मात्र संस्कार पुञ्ज हो। यो पुञ्जभित्र सत्त्वलाई खोजी गरेर पाइन्न; उदाहरणको रूपमा– चक्का, ईषा, धुरी आदि जोडिएको चीज वस्तुलाई रथ भनी व्यवहार गरिन्छ। त्यसरी नै पञ्चस्कन्ध नामरूप धर्महरू रहँदा सत्त्व भनी व्यवहार सम्मुति हुन्छ" भनी जवाफ दिए। (निदानसंयुत्त वजीरा सुत्त)।

उपर्युक्त वजीरा स्थविराको कथन पालिपिटकमा प्रख्यात छ। किनभने त्यो कथन आत्मवादलाई हटाउने क्षेत्रमा व्यक्त र स्पष्ट रही बुद्ध परिनिर्वाण पछिको युगका कथावत्थु ग्रन्थकार आचार्य मिलिन्द पञ्हा ग्रन्थकार आचार्य र आयुष्मान् बुद्धघोष आयुष्मान् बुद्धदत्त आदि अट्ठकथा आचार्यहरूले अनात्मवादलाई व्याख्या गरी लेख्ने बेलामा वजीरा स्थविराको कथनलाई उद्धृत गरेका थिए।

अभिधम्मपिटकमा गाभिएको कथावत्थु ग्रन्थ बुद्धवाद-

download from : https://www.dhamma.digital

सित प्रतिपक्ष भएका सिद्धान्तहरूलाई प्रतीकार गरिराखेको ग्रन्थ हो। त्यस ग्रन्थमा सर्वप्रथम प्रतीकार गरेको सिद्धान्त पुद्गल सत्त्व परमार्थ हिसाबले उपलब्ध छ भन्ने सिद्धान्त हो। कथावत्थुका आचार्यले पुद्गल सत्त्वलाई लक्षण, आधार-स्थल, उत्पत्तिकाल र परमार्थ धर्म पुञ्जको हिसाबले निःसन्देह उपलब्ध छैन भनी भनेका छन्।

कथावत्थु–आचार्यले आत्मवादलाई प्रतीकार गर्दा वजीरा स्थविराको कथन अतिरिक्त अन्य बुद्धदेशनाहरूलाई उद्धृत गरेको छ। तिनीहरूमध्ये सेनियलाई भगवान् बुद्धले दिनुभएको एउटा देशना समावेश छ। ऊ. स्वेजां आउँ र Mrs. Rhys Davids हरूले त्यो देशना पालिपिटकमा आफूहरूले खोजेर भेट्टाएनन् भनी भनेका छन्। देशनाको संक्षिप्त सारांश निम्न प्रकार छ।

"भगवान् बुद्धले सेनियलाई यसरी उपदेश दिनुभयो– सेनिय, संसारमा तीन प्रकारका आचार्य छन्। पहिलो आचार्यले यस जन्ममा र अर्को जन्ममा आत्मा अवश्य छ; स्थिर छ भन्छ। त्यो सिद्धान्त शाश्वतदृष्टि हो। दोश्रो आचार्यले यस जन्ममा मात्र आत्मा अवश्य छ; स्थिर छ, अर्को जन्ममा त त्यस्तो हुने छैन। त्यो अस्थिर छ भन्छ। यो सिद्धान्त उच्छेददृष्टि हो। तेश्रो आचार्यले त यस जन्ममा र अर्को जन्ममा पनि आत्मा अवश्य छैन; अस्थिर छ भन्छ।

download from : https://www.dhamma.digital

यो सिद्धान्त त भगवान् बुद्धको सिद्धान्त हो।"[१]

कथावत्थुपछि २०० वर्ष जतिको बीचमा प्रादुर्भाव भएको मिलिन्द पञ्हा ग्रन्थमा पनि आयुष्मान् नागसेन स्थविरले मिलिन्द राजालाई सर्वप्रथम अनात्म धर्मको उपदेश दिनुभयो। आयुष्मान् नागसेनले आत्मा शब्द प्रयोग नगरी पुद्गल, जीव, वेदगू आदि शब्दहरू प्रयोग गर्नुभयो। स्थविरको कथन अनुसार भनौं भने परमार्थ हिसाबले प्रकट भएको पुद्गल उपलब्ध छैन; नागसेन प्रज्ञप्त व्यवहार मात्र हो। ईषा, पांग्रा, दण्डी, धुरी, आदिलाई अलग्ग राखी रथ उपलब्ध नभएजस्तै त्यस्तै पञ्चस्कन्धलाई अलग राखी नागसेनमा प्रकट भएको पुद्गल उपलब्ध हुँदैन।

राजा मिलिन्दले भन्ते, शरीर भित्र जीव कहलाइएको जानकार, वेदगू, पुद्गल उपलब्ध छ कि भनी सोधे। राजा मिलिन्दको सिद्धान्त जीवले छ द्वारद्वारा धर्मारम्मण सहितको छ आरम्मणलाई स्पर्श गर्छ भन्ने थियो। आयुष्मान् नागसेनले त जीव वा वेदगू पुद्गल उपलब्ध छैन। यदि उपलब्ध हुन्छ भने एउटा द्वारमा उत्पन्न हुने आरम्मण अन्य द्वारमा उत्पन्न होइन्छ। चक्षुद्वार विना पनि शब्दारम्मण सुनिने छ आदि भनी जवाफ दिनुभयो।

मिलिन्द–पञ्हा ग्रन्थपछि प्रादुर्भाव भएका अर्थकथाहरूले पिटकले जस्तै पञ्चस्कन्ध आत्मा होइन; सत्त्व

1. S. Z. Aung and Mrs. Rhys Davids, "Points of Controversy", P. 62.

download from : https://www.dhamma.digital

पुद्गल उपलब्ध छैन नभनी पुद्गल आत्मा छैन भनेर आत्मवादलाई स्पष्ट स्पष्ट रूपमा सोझै तिरस्कार गरे ।

"आत्मा स्कन्धको गृहपति, देख्नु र सुन्नु आदिलाई सिद्ध गराउन सक्ने कर्ता हो । जान्न सक्छ अनुभव गर्न सक्छ स्कन्ध शरीरले आत्माको इच्छातिर अनुसरण गर्नुपर्छ । त्यस प्रकारको शक्ति भएको स्कन्ध शरीरको सार भनी मिथ्या-दृष्टिहरूले परिकल्पना गरिएको आत्मा छैन ।" (सम्मोह विनोदनी) ।

ती अट्ठकथाहरूमध्येमा सबभन्दा ख्यातिप्राप्त ग्रन्थ आयुष्मान् बुद्धघोषको विसुद्धिमग्ग ग्रन्थ हो । विसुद्धिमग्ग पञ्ञाभूमि निद्देस खण्डबाट अनात्मधर्म सम्बन्धी केही कुरा उद्धरण गरी देखाउने छु ।

"सम्पूर्ण भव, सम्पूर्ण योनि, सम्पूर्ण गति, सम्पूर्ण विज्ञान स्थिति, सम्पूर्ण सत्त्वहरूमा कारण कार्य सम्बन्ध भएको हिसाबले क्रमशः उत्पन्न हुने नामरूपमात्र प्रकट छ । योगीले कारण धर्मभन्दा अत्यधिक कारक ब्रह्मा, विष्णु आदि कर्तालाई विपाकको क्रमवद्ध रूपमा उत्पन्न हुनुलाई अतिक्रमण गरी विपाक फललाई अनुभव गर्न जान्ने पुद्गल कर्ता देख्दैन ।"

"वास्तवमा कारण धर्म रहेमा कारक कर्ता भनेर र विपाकको क्रमबद्ध रूपमा उत्पन्न हुने भएमा अनुभव गर्न जान्ने व्यक्ति भनेर प्रज्ञप्त गर्नुमात्रले प्रज्ञावान्हरूले व्यवहार गर्छन् ।"

download from : https://www.dhamma.digital

अनात्मवादसित सम्बन्ध राखेर विशुद्धि मग्गमा सबभन्दा स्पष्ट व्यक्त कथन निम्न कथन हो ।

"दुःख मात्र छ; दुःखलाई अनुभव गर्न जान्ने कोही पनि कर्ता छैन । निर्वाण छ; निर्वाण पुग्ने पुरुष छैन । निर्वाणतिर जाने आचरणमार्ग छ; निर्वाणतिर जाने पुरुष छैन ।"

उपर्युक्त कथनहरू थेरवाद बुद्धवादीहरूको पालि ग्रन्थबाट उद्धृत उद्धरण हुन् । भगवान् बुद्ध परिनिर्वाण भइसकेपछि धेरै वर्ष नबित्दैमा बुद्धवादीहरू अठार महागण-हरूमा छुट्टिँदा ती गणहरूले केही केही क्षेत्रहरूमा सिद्धान्त भेद भएता पनि आत्मवादलाई सबै एकजूट भई तिरस्कार गरेका छन् । पुद्गलवादलाई स्वीकार्ने वज्जीपुत्तकगणले समेत तिनीहरूको वादलाई अनात्मवाद भनेका छन् । माध्यमिक गणले त अनात्मवादलाई थेरवादगणले भन्दा बढी गहन रूपमा व्याख्या गरी धर्मस्कन्धलाई समेत स्वीकार गरेन । शून्यतावाद त्यो गणको मुख्यवाद हो । शून्यतावादलाई तिनीहरूको एउटा सुत्तन्त देशनामा निम्न प्रकारले उल्लेख गरिराखेको छ ।

"यो शून्य संसारमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान छैनन् । नाम व्यवहार छैन, पञ्च आरम्मण छैन । विद्या, अविद्या, अविद्याको निरोध र उपशमन छैनन् । जरामरण र चतुःसत्य निर्वाण धर्म छैन ।"

"सत्त्व संसारमा भएभरका सत्त्वहरूलाई मैले

download from : https://www.dhamma.digital

(तथागतले) पार गराई निर्वाणतिर लैजानु छ । तर पनि ती ती सत्त्व असंख्य अनन्तलाई पार र मुक्त गरिसक्ने बेला निःसन्देह कुनै एक सत्त्वलाई पनि मैले पार र मुक्त गरिसकें भनी भन्न सकिने छैन । किनभने यदि बोधिसत्त्वले पुद्गल सत्त्व छ भनी धारणा लिएमा साँच्चैको बोधिसत्त्व रहने वा हुने छैन ।"[1]

इ. सं. १५० तिर प्रादुर्भाव हुनुभएका नागार्जुन र वसुबन्धु आदि अर्थकथाचार्यहरू महायान बुद्धवादको वीजारोपण गरी जाने अर्थकथाचार्यहरू हुन्। ती आचार्यहरूले पनि आत्मवादलाई स्पष्ट स्पष्ट रूपमा तिरस्कार गरे। वसुबन्धुले उनले रचना गर्नुभएको एउटा बुद्धग्रन्थमा एउटा खण्ड उल्लेख गरी वज्जीपुत्तक गणिकहरूको पुद्गलवादलाई विस्तृत रूपमा समालोचना र परिचालना गरी प्रतीकार गरेको थियो ।

चीन, कोरिया र जापान राष्ट्रहरूमा अहिले प्रचार प्रसार भइरहेको महायान बुद्धशासन थेरवाद बुद्ध शासनसित केही क्षेत्रहरूमा भिन्नता रहे पनि आत्मवादलाई तिरस्कार गर्ने क्षेत्रमा त एक समान छन् । विश्व प्रसिद्ध जापानी बौद्ध ग्रन्थकार आचार्य प्राध्यापक सुजुकीले निम्नः प्रकारको कुरा लेखेको छ ।

"भगवान् बुद्धको अनात्मवादले विज्ञान धातुबाट

1. Quoted in J. B. Pratt's "The Pilgrimage of Buddhism", P. 238.

download from : https://www.dhamma.digital

नित्य ध्रुव असंस्कृत धातु उत्पन्न हुन्छ भन्ने सिद्धान्तलाई तिरस्कार गर्छ । भएभरको संस्कार धर्म कर्म नियाम अनुसार कारण धर्मको कारणले उत्पन्न होइन्छ । सम्पूर्ण संस्कार धर्म विनाशशील छ । यिनीहरूको पृष्ठभूमिमा आत्म जीव छ भन्नु भूल र मिथ्यामात्र नभई शीलाचरणको भय अन्तराय पनि हो ।"[१]

जापान राष्ट्रमा धेरै प्रकारका बुद्धवाद गण भएता पनि राम्ररी गहिरिएर अध्ययन गरेका व्यक्तिहरूको कथन अनुसार सबै गणले समेत अनात्मवादलाई स्वीकारेको कुरा जान्न पाइएको छ ।

"जापान राष्ट्रमा रहेका बुद्धवाद गणहरूमध्येमा कुनै गणबाट पनि अनात्मवादलाई तिरस्कार गर्दैनन् । सबै गणले पुद्गल सत्त्व अवश्य भएजस्तो भन्ने बोल्ने गरेता पनि पुद्गल सत्त्व वास्तवमा लक्षण, रस, गुण द्रव्य समूह मात्र भएर अनित्य धर्ममात्र हो भनी धारणा राख्दछन् ।"[२]

यसरी अनात्मवाद विश्वमा रहेका सबै बुद्धवाद गणले विश्वास र स्वीकार गरेको वाद हो । बुद्धवादीहरूले प्रतीत्य समुत्पाद चक्र सञ्चालित हुने घटनालाई चित्रहरूद्वारा स्वरूप प्रदर्शन गर्दा संस्कार धर्मलाई देखाउने चित्रमा अनात्म धर्म धेरै स्पष्ट छ । भारतको अजन्ता गुफाको भित्तामा चित्रांकित गरिराखेका चित्रहरूमा संस्कार धर्मलाई कुह्मालेको चक्कीमा

1. Suzuki, "Outline of Mahayana Buddhism", P. 41.
2. J. B. Pratt, OP. Cit, P. 598.

download from : https://www.dhamma.digital

कुह्मालेले भाँडाकुँडा बनाइरहेको चित्रद्वारा देखाइएको छ। तिब्बती बौद्ध टांकाहरूमा कुह्मालेको चित्र देखा पर्दैन। जापानी बौद्ध टांकामा पनि भाँडाकुँडालाई मात्र देखाइराखेको छ।[1]

## (ख) आत्म अनात्म समस्या

अनात्मवाद पालिपिटक संस्कृत ग्रन्थहरूमा प्रकट रूपले बुद्धवादको सम्पूर्ण इतिहासक्रममा बुद्धवादीहरूको प्राथमिक प्रमुखवाद भएर आएता पनि त्यसलाई सम्पूर्ण बुद्धवादीहरूले एकसाथ समान रूपमा लहरैं स्वीकारेर आएका छन् भनेर सम्झनु उचित छैन। इसापूर्व तृतीय शताब्दी युग तृतीय संगायन आरुढ हुनुभन्दा अगाडि नै अनात्मवादलाई मन नपराउने बुद्धवादीहरू प्रादुर्भाव भएका थिए। अभिधम्म-पिटकमा आएको कथावत्थुले सर्वप्रथम तिरस्कार गरेको वाद ती बुद्धवादीहरूको वाद भएको पुद्‌गलवाद हो। पुद्‌गलवाद वज्जीपुत्तक र सम्मितिय बुद्धगणिकहरूको वाद भएको कुरा कथावत्थु अट्ठकथामा आएको छ। ती बुद्धवादीहरूले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई स्वीकार गर्दैनन्। थेरवादी-हरूको अनात्मवादलाई पनि तिरस्कार गर्छन्। तिनीहरूको विचारधारा अनुसार मनुष्य सत्त्व आत्मा होइन; नामरूप धर्म द्वयमात्र पनि होइन; नामरूप धर्म समूहभन्दा बढी विशिष्ट पुद्‌गल हो।

1. Mrs. Rhys Davids, "Sakya or Buddhist Origins", P. 36, 78.

download from : https://www.dhamma.digital

धर्मपाल, नागार्जुन र बसुबन्धु आदि महायानवादका पूर्वगामी अट्ठकथाचार्यहरूले पनि पुद्गलवादलाई प्रतीकार गरेका थिए । यसरी पुद्गलवाद शनैः शनैः लोप भई अनात्मवादलाई सबै बुद्धवादीहरूले स्वीकार र विश्वास गरेका छन्; तापनि आजको विश्वमा रहेका सबै बुद्धवादीहरू अनात्मवादी हुन् भन्न सकिन्न । आजको जमानामा अनात्मवादलाई अस्वीकार गर्ने बुद्धवादीहरू प्रशस्त मात्रामा प्रादुर्भाव भएका छन् ।

पश्चिमी राष्ट्रहरूमा कुनै कुनै बुद्धवादीहरूले र कुनै कुनै प्रज्ञाविद्हरूले अनात्मवादलाई वास्तविक बुद्धवाद नभएजस्तो गरी भन्ने लेख्ने गरेका छन् । तिनीहरू संख्याको हिसाबले शक्तिशाली नभए पनि तिनीहरूभित्र ख्यातिप्राप्त बुद्धवादी नेताहरू ग्रन्थकारहरू र पालिप्रज्ञाविद्हरू समावेश भइरहेको कारणले तिनीहरूको धारणा र सिद्धान्तहरूलाई हामीले गहन रूपमा विचार गर्नु योग्य छ ।

पालिपिटकमा आएको अनात्मवादलाई अस्वीकार गर्ने पश्चिमी राष्ट्रका नागरिकहरूमध्येमा त्यो वादलाई सबभन्दा बढी तीव्र रूपले आलोचना गर्ने व्यक्ति त अंग्रेज पालिप्रज्ञाविदूषी Mrs. Rhys Davids हुन् । Mrs. Rhys Davids ले पहिले पहिले त आफ्नो श्रीमान् बौद्ध ग्रन्थकार Dr. Rhys Davids जस्तै अनात्मवादलाई सही बुद्धवादको रूपमा स्वीकारिन् । तर पछि गएर दृष्टि परिवर्तन भएर आई अनात्मवाद सही बुद्धवाद होइन; पिटकाचार्य

download from : https://www.dhamma.digital

स्थविर भिक्षुहरूको वाद मात्र हो भनी लेखिन् ।[१] Mrs. Rhys Davids को धारणा र सिद्धान्त सारांश रूपमा निम्न प्रकार छ ।

भगवान् बुद्धले आत्मालाई कुनै अवस्थामा पनि स्पष्ट र निश्चित रूपमा तिरस्कार गर्नुभएको थिएन । तिरस्कार नगर्नुको अतिरिक्त आत्मालाई स्वीकार गर्नुभएको कारण साधक प्रमाण देशनाहरू पालिपिटकमा भेटाउन सकिन्छ । बुद्धले स्वीकार्नु भएको आत्मा उपनिषद् ग्रन्थमा आएको आत्मसित अलिकति फरक छ । उपनिषद् ग्रन्थमा आएको आत्मा परिवर्तन नभई स्थावर झैं स्थिर रहन्छ । तसर्थ मानिसले आफ्नो आत्मा समृद्ध गर्नको निमित्त विशेष प्रयत्न र उद्योग गर्नुपर्दैन । बुद्धको आत्मवादको विचार अनुसार त आत्मा, अनुशय बीज धातु रहेको आत्मा भएको कारणले मानिसले आफ्नो आत्मालाई उन्नति, बृद्धि र विपुलतामा पुऱ्याउन प्रयत्न र उद्योग गर्नु आवश्यक छ । त्यसरी भगवान् बुद्धले ब्राह्मणहरूको आत्मवादलाई अलिकति सुधार गरी स्वीकार्नु भएको थियो । आत्मवादलाई बिल्कुलै तिरस्कार गर्नुभएको भए त्यस अवस्थाको बुद्धवादले धेरै सफलता प्राप्त गर्ने कारण रहने छैन ।

भगवान् बुद्धले आत्मवादलाई स्वीकार्नु भएता पनि

1. Mrs. Rhys Davids, "Sakya, "Manual of Buddhism", "What was the original gospel of Buddhism ?" "Gotama, the man", "The wayfarer's words", etc.

download from : https://www.dhamma.digital

परिनिर्वाण भइसक्नु भएपछि केही समय नबित्दै पालिपिटक-भित्र अनात्मवाद घुस्यो । आत्मवाद विलीन भई अनात्मवाद प्रादुर्भाव हुनु मुख्य दुई कारणले गर्दा हो । पहिलो कारण बुद्धवाद सँगसँगै पूर्वापर अवस्थामा प्रादुर्भाव भएको एउटा भारतीय धार्मिकवाद 'सांख्यवाद' हो । त्यो वादले आत्मालाई स्वीकारेता पनि मनुष्यको नाम धर्मलाई आत्मासँग अलग राखी भिन्नाभिन्नै अध्ययन गर्नलाई प्रोत्साहन दिन्छ । त्यसरी त्यो वादको आभासबाट मुक्त नभएका बुद्धवादीहरूले आत्मालाई हटाई खालि नाम धर्मलाई अध्ययन गर्दागर्दै समय बित्दै जाँदा आत्मा लोप भई तिनीहरूको दृष्टि अनुरूप मानिस खालि नामरूप धर्मपुञ्जमात्र भएर आए । त्यस अतिरिक्त ती मूल बुद्धवादीहरू भिक्षुहरू थिए । भिक्षुहरू गृहस्थ जीवन-प्रति दिक्दार र उद्विग्न भई गृहस्थाश्रम परित्याग गरेर आएका व्यक्तिहरू भएकोले गृहस्थ जीवनमा ठोस सार आत्मा छ भनी धारणा नराखी अनित्य धर्म र दु:ख धर्मलाई मात्र हेर्ने र देख्ने गर्छन् । पिटकाचार्यहरू पनि वास्तवमा संसारप्रति उद्विग्न भएका भिक्षुहरू भएकोले तिनीहरूले बुद्धदेशनाहरूलाई आफ्ना इच्छानुरूप मिलाउन कुनै कुनै क्षेत्रहरूमा अदलबदल गर्नु परेमा गरेका पनि हुन सक्छन् । यसरी खालि नाम धर्मलाई अध्ययन गर्ने पुरानो भारतीय वाद र मानव-जीवनलाई दु:ख भूमिको रूपमा हेर्ने भिक्षुहरूको कारणले पालिपिटकमा अनात्मवाद व्यक्त भइरहेको हो ।

पालिपिटक वाङ्मय र बुद्धवाद इतिहासलाई

download from : https://www.dhamma.digital

गहिरिएर दृढ र निश्चित रूपमा अध्ययन गर्ने व्यक्तिको निमित्त उपर्युक्त धारणा र सिद्धान्तहरू आधारविहीन, युक्तिविहीन हुन्छ ।

सुत्तनिपात पारायनवग्गमा भगवान् बुद्धले मोघराज-लाई संसारको आत्मा शून्य स्वभावलाई देख्ने गरी भाविता गर्नुपर्छ भन्नुभएको वचनद्वारा आत्मवादलाई खुल्लम्खुल्ला तिरस्कार गर्नुभएको कुरा स्पष्ट छ । त्यसरी व्यक्त र स्पष्ट रूपमा आत्मवादलाई भगवान् बुद्धले तिरस्कार गर्नुभएको कारण प्रकट गराउने अर्को एउटा कथन 'सब्बे धम्मा अनत्ता' भन्ने कथन हो । 'सब्बे संखारा अनत्ता' भन्यो भने संस्कारको क्षेत्र अथवा पञ्चस्कन्धको बाहिर आत्मा छ भनी भन्न चाहेमा भन्न सकिन्छ । तर धम्म भन्ने पालि पद अर्थ अभिप्राय व्यापक भई संस्कार धर्मको अतिरिक्त असंस्कृत धातु र निर्वाण धर्म पनि (त्यसमा) सम्मिलित छ । त्यसकारण 'सब्बे धम्मा अनत्ता' भन्ने कथन अनुरूप पञ्चस्कन्ध र पञ्चस्कन्धको अन्य स्थलमा पनि आत्मशून्य छ भनी भगवान् बुद्धले भन्न चाहनु भएको कुरा स्पष्ट छ ।

उपर्युक्त दुई कथनलाई बाँकी राखी अनात्मवाद विषयलाई भगवान् बुद्धले भन्नुभएको अन्य कथनहरू त Mrs. Rhys Davids ले धारणा राखेजस्तै नै आत्मवादलाई सोझै तिरस्कार गरेका कथनहरू नभएको कुरा हामीले समर्थन गर्नुपर्ने छ । ती कुराहरूलाई माथि उल्लेख गरिसकेको हुँदा फेरि संक्षिप्त रूपमा उल्लेख गर्नुपर्‍यो भने, १—पञ्चस्कन्ध

download from : https://www.dhamma.digital

आत्मा होइन, २–पञ्चस्कन्धमा पुद्गल सत्त्वलाई परमार्थ हिसाबले खोजी गरेर पाइन्न । ३–(म) तथागतले फलानोले अनुभव गर्छ; स्पर्श गर्छ भनी उपदेश गर्नुहुन्न; प्रतीत्य समुत्पाद धर्मलाई उपदेश गर्छु । यी त्रिविध तथ्य पालिपिटकमा अनात्मवादसित सम्बन्ध राखी बार बार देखापर्ने तथ्यहरू हुन् । ती कथनहरू अनुरूप भगवान् बुद्धले आत्मा छैन भनी खुल्लम्खुल्ला नभन्नुभएको कारणले आत्मवादीहरूले पञ्च-स्कन्ध आत्मा नभए पञ्चस्कन्धलाई अलग राखी आत्मा छ भनी धारणा राख्ने गरेका छन् ।

यथार्थमा भन्ने हो भने कथावत्थु आचार्य र आयुष्मान् नागसेनहरूले पनि पुद्गल सत्त्व आत्मा छ भनी स्पष्ट रूपमा नभनी परमार्थ हिसाबले प्रकट भएको पुद्गल अनुपलब्ध छ भनेर मात्र भनेका छन् । तिनीहरूले वजीरा स्थविराको कथनलाई विशेष रूपले उद्धृत गरेका छन् । त्यस स्थविराको कथन आत्मवादलाई तिरस्कार गर्ने क्षेत्रमा पञ्चस्कन्ध आत्मा होइन भन्ने कथनभन्दा बढी स्पष्ट भएको सही छ । तर आत्मवादीहरूले वजीरा स्थविरा आयुष्मान् सारिपुत्र आयुष्मान् कश्यपहरू जस्तै ख्यातिप्राप्त शिष्य श्राविका नै होइन भनी प्रश्न उठाउन सक्ने छ ।

अवश्य हो । पुद्गल सत्त्व आत्मा छैन भन्ने कथन आयुष्मान् बुद्धघोष आदि थेरवादी आचार्यहरू र नागार्जुन आदि महायान आचार्यहरूका अट्ठकथाहरूमा मात्र सर्वप्रथम प्रकट रूपमा देखापर्‍यो । हामीले विचार गर्नुपर्ने कुरा के छ

download from : https://www.dhamma.digital

भने पञ्चस्कन्ध आत्मा होइन भन्ने कुरालाई आधार बनाई परमार्थ हिसाबले पुद्गल सत्त्व आत्मा छैन भनी ठोकुवा गर्नु उचित छ वा छैन भन्ने प्रश्न हो ।

भगवान् बुद्धका शिष्य श्रमण भिक्षुहरूले त पञ्चस्कन्ध आत्मा होइन; पञ्चस्कन्ध बाहेक अन्य. धर्महरू पनि आत्मा होइन र अर्को शब्दमा आत्मा नै छैन भनी बुझेका छन् । "आवुसो, रूपलाई म हूँ भनेर भन्दैन । रूप बाहेक म हूँ भनेर भन्दैन । वेदना, संज्ञा, संस्कार, विज्ञानहरूलाई म हूँ भनेर भन्दैन । वेदना, संज्ञा, संस्कार र विज्ञानहरू बाहेक म हूँ भनेर पनि भन्दैन । पञ्चउपादानस्कन्धहरूमा म हूँ भनी व्यवहार गर्नु उपयुक्त छ । म हूँ भनेर त भाविता गरिन्न ।" (खन्ध-संयुत्त खेमकसुत्त) ।

आयुष्मान् बुद्धघोषले पनि त्यसरी धारणा राख्दछ । Mrs. Rhys Davids ले भने त्यसरी धारणा नराखी 'खन्ध' भन्ने पालिपद भगवान् बुद्धले प्रयोग गर्नुभएको शब्द नभई पछिमात्र पिटकभित्र घुसेको शब्द भएजस्तो गरी लेखेकी छिन् । तर त्यसरी लेख्नु बुद्धवादसितको सम्बन्धमा दृष्टि परिवर्तन भइसकेपछिमात्र लेखेकी हुन् । अनात्मवादलाई बुद्धवादको रूपमा स्वीकार गरिरहँदा चाहिं उनले बुद्धघोष आचार्यलाई समर्थन गरिरहेकी थिइन् ।

"यदि आत्मा होइन भन्ने कथन विनाशशील स्वभाव भएको नामरूप धर्म अथवा पञ्चस्कन्धलाई मात्र अभिप्रेत छ भनी सम्झेमा पुराना बुद्धवादीहरूले आत्मवादलाई नामरूप

download from : https://www.dhamma.digital

धर्म सँगसँगै एकत्रित गरी फेला पारेका कुरा र मानिसको गुण द्रव्य सबै शक्तिलाई तिनीहरूको पञ्चस्कन्धले गाभिएका ढाकिएका कुरा हामीले याद गर्नुपर्ने छ।"[1] यसरी लेखिसके पछि Mrs. Rhys Davids ले संयुत्तनिकाय खन्धसंयुत्त-बाट निम्न: कुरा उद्धृत गरे।

"भिक्षुहरू हो, सबै श्रमण ब्राह्मणहरूले धेरै कारणहरूद्वारा आत्मालाई मनन गरिरहेका छन्। तिनीहरूले उपादानको आरम्मण भएको पञ्चस्कन्धहरूमध्येमा एक न एकलाई आत्मा भनी मनन गर्छन्। रूपलाई आत्मा भनी; आत्मामा पनि रूपलाई र आत्मालाई रूप भनी मिथ्या रूपमा मनन गर्ने गर्दछन्। संज्ञा, वेदना, संस्कार र विज्ञानहरूलाई पनि त्यस्तै प्रकारले मिथ्यारूपमा मनन गर्ने गर्दछन्। त्यसरी मनन गर्ने पृथग्जन सत्त्वहरूमा म भन्ने आत्मदृष्टि हुन्छ।" (खन्धसंयुत्त समनुपस्सना सुत्त)।

भगवान् बुद्धले ज्ञानदृष्टि कम भएका व्यक्तिहरूले अनात्मवादलाई उच्छेदवादसित सम्मिश्रण गरी मिथ्या रूपमा परीक्षण र परामर्श गर्लान् भन्ने डरले पञ्चस्कन्ध आत्मा होइन भनी न्यूनाधिक रूपमा भन्नुभएको हो। वास्तवमा त बुद्धवाद अनुसार मानिस पञ्चस्कन्ध समूहमात्र भएकोले आत्मा छैन भनी धारणा गर्नु र सम्झनु भूल हो भन्न सकिन्न। तसर्थ अंग्रेज पालि प्रज्ञाविद् Dr. Thomas ले "भगवान् बुद्ध

1. Mrs. Rhys Davids, "Buddhist Psychology", 1914, P. 102.

download from : https://www.dhamma.digital

स्वयंले आत्मा नभएको कुरा सुनिश्चित रूपमा उपदेश गर्नुभएको थियो भनी हामी भन्न सक्दैनौं; तर नामरूप धर्म पञ्चस्कन्ध विषय सम्बन्धी पिटकमा आएका कुराहरूलाई आधार मानी भगवान् बुद्धको विचारधारा अनुरूप आत्मा छैन भनी धारणा राख्न सकिन्छ" भनेको छ ।[1]

अवश्य हो । त्यसरी धारणा राख्न सकेको कारणले पनि धेरै बुद्धवादी गणहरूले प्रशस्त ठाउँहरूमा सैद्धान्तिक मतभेद भएता पनि अनात्मवादलाई पनि एकैनासले समान रूपमा सबैले स्वीकारेका हुन् । यस तथ्यलाई आधार बनाई भगवान् बुद्धले आत्मवादलाई उपदेश गर्नुभएको थियो; त्यो वादलाई पिटकाचार्यहरूले खतम पारे भन्ने कथन युक्तिसङ्गत छैन । यहाँनिर Dr. Thomas को लेखाईलाई फेरि पनि उल्लेख गर्न चाहौंला ।

"भगवान् बुद्ध परिनिर्वाण हुनुभएको अवस्थामा बुद्धदेशनाहरू धेरै धेरै शिष्य श्रावकहरूको मनमा दृढ रूपमा बाँकी रहेको भएर पनि आत्मवादको सम्बन्धमा भने केही अंशमा पनि बुद्धवादीहरूले स्वीकार गरिराखेको देखिन्न । यदि बुद्धवादमा आत्मवादको संकेत लक्षण केही न केही अंशमात्र भएर पनि बाँकी रहेको खण्डमा वज्जीपुत्तक गणले पञ्चस्कन्ध अतिरिक्त पुद्गल रहेको नै छ भनी उपदेश दिने अवस्थामा केही न केही अंशमा समावेश भएका ती आत्मवाद

1. E. J. Thomas, "History of Buddhist thought", P. 99.

download from : https://www.dhamma.digital

देशनालाई निःसन्देह उद्धरण गर्ने थिए। तर वास्तवमा तिनीहरूले आत्मवाद रहित भएका साधक प्रमाणहरूलाई देखाई तिनीहरूको पुद्गलवाद बुद्धको अनात्मवादसित विरोध छैन भनेर पनि तिनीहरू विश्वास राख्दछन्।"[१]

राधाकृष्णन् र कुमार स्वामी आदि वर्तमान युगका भारतीय प्रज्ञाविद् आत्मवादीहरूले भगवान् बुद्धले आत्मवादलाई स्वीकार गर्नु भएजस्तो लेख्ने गरेका छन्। यदि तिनीहरूले धारणा राखेजसो आत्मवाद साँच्चै बुद्धवाद भएमा तिनीहरूले भन्दा बढी बुद्धवादको युगसित सामीप्य रहेको पुरानो भारतीय युगबाट (आएका) भारतीय आत्मवादीहरूले पालिपिटकमा आफूले रुचाएको आत्मवादलाई देखेका होलान्। अहिले त त्यसो होइन। पुराना भारतीय सबै आत्मवादीहरूले बुद्धवादलाई अनात्मवादको रूपमा जाने बुझेका छन्। यो विषयलाई वर्तमान युगको एउटा भारतीय प्रज्ञाविद्ले निम्नः प्रकार लेखेको छ।

"जैन र ब्राह्मणवादहरूले बुद्धवाद आत्मालाई तिरस्कार गर्ने वाद हो भनी भन्छन्। माधवाचार्यले बुद्धवादीलाई रूपवादी समान मिथ्यावादी नामावलीमा समावेश गरेको छ। धार्मिकवादहरूलाई श्रेणी छुट्ट्याउँदा बुद्धवादलाई रूपवादको पछि देखाउँछ। पौराणिक सही र यथार्थ भारतीय धार्मिकवादहरू आत्मालाई स्वीकार्नुद्वारा बुद्धवादसित फरक पर्छ। जैन धर्मावलम्बीहरूले त्यसरी

1. Ibid, P. 102.

download from : https://www.dhamma.digital

धारणा राखी तिनीहरूको वाद बुद्धवादसित फरक परेको कुरा राम्ररी थाहा पाएका छन् ।"[1]

भगवान् बुद्धले यदि Mrs. Rhys Davids ले धारणा राखेजस्तै आत्मवादलाई अलिकति टालटुल पारी स्वीकार गर्नुभएको सही भएमा बुद्धवाद ब्राह्मणवादसित धेरै फरक पर्ने छैन । ब्राह्मणहरूको जातिवाद र यज्ञ–अनुष्ठान आदिहरूलाई निन्दा उपहास गर्नु बुद्धवादका ठूला विशेषताहरू होइनन् । बुद्धवादको मुख्य विशेषता त आत्मालाई तिलाञ्जली दिनु हो । आत्मालाई तिलाञ्जली नदिएको खण्डमा पहिलेदेखि मूल रूपमा आत्मालाई स्वीकारिसकेका ब्राह्मणहरू बुद्धवादतिर परिवर्तन भएर आउनुपर्ने कारण छैन । आत्मालाई तिलाञ्जली दिएको कारणले नै भगवान् बुद्धका शिष्य श्रावकहरूमध्येमा ब्राह्मण कुलपुत्रहरू ठूलो संख्यामा भइरहेका हुन सक्छन् ।

त्यस अतिरिक्त आत्मवाद यदि भगवान् बुद्धको सही मूलवाद भएको सत्य रहेमा आफ्नो वादलाई उपदेश गर्नुहुँदा भगवान् बुद्धले कठिनाईको सामना गर्नुपर्ने थिएन । ब्राह्मण-हरूले भगवान् बुद्धलाई निन्दा र दोषारोपण पनि गर्ने थिएनन् । तर भगवान् बुद्धले आफ्नो धर्म बहुजनले सम्झन सकिएला र भनी संशय गरिएको थियो । त्यसरी संशय भएको कारणले नै हो कि किन हो, पञ्चवर्गीय भिक्षुहरूलाई सर्वप्रथम

1. T. R. V. Murti, "The Central Philosophy of Buddhism", P. 28.

download from : https://www.dhamma.digital

उपदेश दिनुभएको धर्मचक्र सूत्रमा अनात्मवादको विषय सांकेतिक रूपमा समेत उपदेश नगर्नु भई द्वितीय सुत्तन्त देशनामा मात्र अनात्म धर्मको उपदेश गर्नुभयो। भगवान् बुद्धको धर्मलाई नबुझेकोले अथवा स्वीकार्न असमर्थ भएकोले भगवान् बुद्धलाई दोषारोपण गरी निन्दा गर्ने व्यक्तिहरू पनि कम थिएनन्। निगण्ठनाटपुत्तले भगवान् बुद्धलाई अकिरिय-वादी हो भनी आरोप लगाए। (विनयपिटक महावग्ग)।

मागन्दिय ब्राह्मणले भगवान् बुद्ध उन्नति वृद्धिलाई नाश गर्न जान्ने व्यक्ति (भूनहु) हो भने। (म. नि. मागन्दिय सुत्त)। "हे भिक्षुहरू हो, (म) तथागतले सत्त्वलोकसित विवाद गर्नुहुन्न, सत्त्वलोकले मात्र मसित विवाद गर्छ। मैले यसरी स्पष्ट हुने गरी उपदेश दिंदादिंदै जो व्यक्ति जान्न र हेर्न असमर्थ छ त्यस्तो व्यक्तिलाई मैले के गर्नुपर्ला र?" (खन्धसंयुत्त विवाद सुत्त)।

यसरी निन्दा र दोषारोपण गराउनु परेको आत्मवाद-लाई भगवान् बुद्धले तिरस्कार गर्नुभएको कारणले नै हुनुपर्छ। भगवान् बुद्धलाई निन्दा र दोषारोपण गर्ने व्यक्तिहरूले अनात्मवादको कारणले नै निन्दा र दोषारोपण गरेको हो भन्ने कुरा निम्न: कथनद्वारा स्पष्ट छ।

"भिक्षुहरू हो, (म) तथागतले सत्त्वलाई विनाश गर्न जान्दैन। सत्त्व विनाश हुने उपदेश दिंदैन। त्यसो भएर पनि कोही श्रमण ब्राह्मणहरूले प्रकट नभएको निरर्थक भएको असत्य एवं मिथ्या भएको मुसावादद्वारा श्रमण गौतमले

download from : https://www.dhamma.digital

सत्त्वलाई विनाश गर्छ । प्रकट रहेको सत्त्वको छेदन भेदन र जीवन अलग्ग हुनुलाई प्रज्ञप्त गर्छ भनी बुद्धलाई आरोप लगाउँछन् । (म. नि. अलगद्दूपम सुत्त) ।

बुद्धवादको मूल अघिदेखिनै आत्मवाद भएको भएमा भगवान् बुद्धले त्यस वादलाई खुला रूपमा र स्पष्ट रूपमा किन उपदेश गर्नुभएन ? Mrs. Rhys Davids ले आत्मवाद त्यस अवस्थाका प्रत्येक व्यक्तिले जस्तै जानी बुझी स्वीकार र विश्वास गरेको वाद भएको कारणले भगवान् बुद्धले विशेष रूपमा उपदेश गर्नु नभएको हो भन्छिन् । तर भगवान् बुद्धले आफू प्रादुर्भाव हुनुअघि मानिसहरूले जानी बुझिसकेको भवसंसार र कर्मनियाम आदि पौराणिक धार्मिक सिद्धान्तलाई स्वीकारी तिनीहरूको विषयलाई बार बार उपदेश गर्नुभएको थियो । त्यसकारण Mrs. Rhys Davids को कथन युक्तिसङ्गत छैन ।

माथि उल्लेख गरे अनुसार भगवान् बुद्धले आत्मा छैन भनी सुनिश्चित रूपमा व्यक्त गरी उपदेश गर्नु नभएता पनि बुद्धवाद मुख्य अनात्मवाद भएको कुराको साधक प्रमाण दर्शाउन प्रशस्त बुद्धदेशनाहरू देशना गरिएका छन् । बुद्धवाद आत्मवाद हो भन्नको निमित्त कुनै प्रकारको देशना र साधक प्रमाण छैनन् । यसो भएता पनि आत्मवादीहरूले निम्न: देशनाहरूलाई निर्देशित गरी भगवान् बुद्धले आत्मालाई स्वीकार्नु हुन्छ भनी भन्छन् ।

एक समयमा भगवान् बुद्ध एउटा जङ्गलमा विहार

download from : https://www.dhamma.digital

गरिरहनु भयो । त्यो जङ्गलमा तीसजना भद्रवर्गीय राजकुमारहरू स्त्रीहरूसँग रमाइरहेको बेलामा सँगै आएकी एउटी गणिका तिनीहरूको सम्पत्ति लिई भागिन् । राजकुमारहरूले त्यस गणिकालाई खोजतलाश गरिरहँदा बाटोमा भगवान् बुद्धलाई देखी एउटी आइमाईलाई देख्नुभयो कि भनी भगवान्सँग निवेदन गरे। त्यसबेला भगवान् बुद्धले, "युवकहरू हो, मेरो कुरालाई तिमीहरूले कस्तो सम्झिने छौ । आइमाईलाई खोज्नु र आफूलाई खोज्नुमध्येमा कुनचाहिं तिमीहरूको निमित्त उत्तम हुनेछ ?" भनी सोध्नुभयो । राजकुमारहरूले आफूलाई खोज्नु नै उत्तम छ भनी बिन्ति गरे । (विनयपिटक महावग्ग) ।

"भिक्षुहरू हो, भार भारवाहक भारग्राहक र भार बिसाउने सम्बन्धमा म उपदेश गर्दछु । भार भनेको पञ्चस्कन्ध हो । भारवाहक भनेको जुन व्यक्तिमा यस्तो नाम यस्तो गोत्र छ, त्यस व्यक्तिलाई भारवाहक भनिन्छ । भार ग्रहण गर्नु भनेको तृष्णामा आशक्त हुनु हो । त्यो तृष्णाको निरवशेष निरोध भएको निर्वाण हो । त्यस निर्वाणलाई भार बिसाउने भनिन्छ ।" (सं. नि. खन्धवग्गसंयुत्त भारसुत्त) । त्यो देशना वज्जीपुत्तक गणिकहरूले आफ्नो पुद्गलवादको निमित्त साधक प्रमाण दर्शाउने देशना हो ।

"आफू नै आफ्नो भरोसा हो । अरू आफ्नो भरोसा कसरी हुन सकिएला ? आफू राम्ररी सुदान्त हुनुद्वारा हुने दुर्लभ भरोसाले अरहन्त फललाई पाउन सक्छ ।" (धम्मपद

download from : https://www.dhamma.digital

१६२)। यो पालि र परिनिर्वाण हुनुभन्दा अगाडि भगवान् बुद्धले भन्नुभएको एकैनासको अभिप्राय भएको कथन (पृष्ठ १००) आत्मवादीहरूले उद्धृत गर्ने गरेका कथनहरू हुन्।

Mrs. Rhys Davids ले आत्मवादलाई भगवान् बुद्धले स्पष्ट र व्यक्त रूपमा उपदेश गर्नु नभएको एउटा कारण इसापूर्व छैठौं शताब्दीको युग भारतीयहरूमा व्यावहारिक शब्दको अपूर्णता हो भनिन्छ। त्यस्तो भएमा किन उपनिषदाचार्यहरूले त्यस युगका व्यावहारिक शब्दहरूद्वारा आत्मवादलाई व्याख्या गर्न सकेका नि ? त्यस युगका भारतीयहरूमा पूर्ण रूपमा व्यावहारिक शब्द थिएनन् भन्ने कथन सही पनि हुनसक्छ।[1] त्यसकारणले पनि भगवान् बुद्धले भिक्षुहरूलाई आफूले आफ्नो भरोसा लिन उपदेश दिनुहुँदा र भद्रवर्गीय राजकुमारहरूलाई आफ्ना स्थितिलाई विचार गर्ने होश दिलाउँदा "अत्त" पदको प्रयोग गर्नुभएको हो। Mrs. Rhys Davids आदि आत्मवादीहरूले यस तथ्यलाई ध्यान नदिई उल्लिखित देशनाहरूमा आएको "अत्त" पदलाई उपनिषद् ग्रन्थमा आएको आत्मा (वा) ब्रह्मसित अर्थ अभिप्राय समान छ भनी धारणा गरिराखेको रहेछ।

उपनिषद् ग्रन्थमा आएको कुनै व्यावहारिक शब्द

---

१. उदाहरण– Mrs. Rhys Davids को भनाई अनुसार पालिभाषामा "बुन्द वा ब्रान्द" भन्ने शब्दसित अर्थ र अभिप्राय समान भएको पालि शब्द छैन। "Wayfarer's words", PP. 123, 409, 503.

download from : https://www.dhamma.digital

पालिपिटकमा अर्थ अभिप्राय परिवर्तन भएर आएको विषयलाई पौराणिक भारतीय धार्मिक साहित्य अध्ययन गर्ने सबै प्रज्ञाविद्हरूलाई विदित छ। (पृष्ठ १२८–९) Mrs. Rhys Davids ले नै 'पुरिस', 'काम', 'अज्झत्त' आदि व्यावहारिक शब्दहरू उपनिषद् ग्रन्थहरू र पालिपिटक वाङ्मयमा अर्थ र अभिप्राय भिन्न भिन्न छ भनिन्छ। त्यसो भएर पनि 'अत्त' 'ब्रह्म' 'धम्म' आदि व्यावहारिक शब्दहरूको सम्बन्धमा भने अभिप्राय भिन्न छ भनी धारणा नलिई उपनिषद् ग्रन्थमा आएको 'अत्त' 'ब्रह्म' सित अभिप्राय समान छ भनी दृढ धारणा राख्नुमा पूर्वापर समानता छैन; कारण युक्ति नभई आफूले चाहेतिर तानी अभिप्राय व्यक्त गरेजस्तो हुन पुगेको छ।

भगवान् बुद्धले बहुजनले बुझ्न सक्ने शब्दव्यवहारद्वारा उपदेश गर्नु हुन्छ। उदाहरणको रूपमा– हामीहरूले निःसन्देह सूर्यलाई पृथ्वीले घुमिरहेको कुरा जानेता पनि सूर्य उदय हुन्छ, सूर्य अस्ताउँछ र सूर्य गमनमार्ग आदि भन्ने र लेख्ने गर्छौं। त्यसरी नै भगवान् बुद्धले आत्मवादलाई तिरस्कार गर्नु भए पनि पुद्गल सत्त्व प्रकट रहे जस्तो गरी उपदेश दिनुहुन्छ। "भिक्षुहरू हो, त्यसबेला यमराजले यस्तो भन्छ। तिम्रो त्यो नराम्रो कर्मलाई आमाले गरेकी होइन, बाबुले गरेको होइन, दाजुभाई दिदी बहिनी ज्ञाति बन्धुहरूले गरेका होइनन्; तिमीले नै त्यो दुष्कर्म गरेका थियौ। तिमीले नै त्यो दुष्कर्मको परिणाम भोग्नुपर्नेछ।" (म. नि. देवदूतसुत्त)। यसरी पुद्गल

download from : https://www.dhamma.digital

सत्त्व प्रकट भएजस्तो गरी भगवान् बुद्धले उपदेश दिनुभएको देशना पालिपिटकमा प्रशस्त छ । Mrs. Rhys Davids ले भगवान् बुद्धले आत्मालाई स्वीकार्नु हुन्छ भन्ने आफ्नो धारणाको निमित्त ती देशनाहरूलाई साधक प्रमाण देखाएकी हुन् । भगवान् बुद्धले लोकव्यवहारद्वारा एक किसिमको देशना र परमार्थ हिसाबले अर्को किसिमको देशना गर्नु भएको अथवा बुद्ध देशनाहरूमा सम्मुति सत्य र परमार्थ सत्य भनी दुई प्रकारको सत्य भएकोलाई उनीले समर्थन गर्दिन ।

अवश्य हो, सम्मुति सत्य र परमार्थ सत्य भन्ने दुईवटा पालि शब्दलाई मिलिन्द–पञ्हा ग्रन्थमा सर्वप्रथम देखा परेको छ र पालिपिटकमा देखा पर्दैन । तर भगवान् बुद्धले लोकव्यवहार शब्द र परमार्थ स्वभाव धर्मलाई विभाजन भएको कारण स्पष्ट गराउने देशनाका साधक प्रमाणहरू छन् ।

"हे देवपुत्र, जुन भिक्षुमा गरिसकेको मार्गकृत्य छ; क्षय भइसकेको आश्रव धर्म रहेको भई अन्तिम शरीरलाई धारण गर्छ, त्यस अरहन्त व्यक्तिले 'म भन्छु', 'मलाई भन्छ' आदि भन्छ । त्यस भिक्षुले स्कन्ध आदिहरूमा दक्षता भएको कारणले संसारमा व्यवहार गरिने नामलाई जानी व्यवहार-मात्र गर्ने व्यवहारद्वारा नै व्यवहार गर्नेछ ।" (सगाथावग्ग संयुत्त-अरहन्त सुत्त) ।

"हे अग्गिवेस्सन, यसरी क्लेशबाट मुक्त भइसकेको चित्त भएको भिक्षुले कुनै एक चीजलाई पनि मिथ्यारूपमा

download from : https://www.dhamma.digital

भन्दैन । संसारमा जुन कुरालाई भन्नुपर्नेछ, त्यस कुराद्वारा व्यवहार गर्छ । मिथ्यारूपमा भने परामर्श गर्दैन ।" (म. नि. दीघनख सुत्त) ।

"हे चित्त, यस आत्मभावलाई प्राप्त गर्नु भन्ने विषयहरू संसारका नाउँहरू, संसारका भनाईहरू, संसारका व्यवहारहरू र संसारका प्रज्ञप्तिहरू हुन् । यो नाम प्रज्ञप्ति-हरूद्वारा (म) तथागतले परामर्श नगरी व्यवहार र उपदेश गर्छु ।" (दी. नि. पोट्ठपाद सुत्त) ।

भगवान् बुद्धले आफूले दिनुभएको धर्म उपदेशहरूलाई प्रज्ञाज्ञान अपरिपक्व भएका पृथग्जन मानिसहरूले मिथ्यारूपमा निरीक्षण र परामर्श गरी मिथ्यादृष्टि हुन जाला भन्ने तथ्यलाई अघिदेखि देख्नु र जान्नुभएको थियो । बुद्धवादमा विशेष गरेर अनात्मधर्म अन्य धर्महरू भन्दा सम्झन बुझन बढी गाह्रो छ । मानिसहरूको मूल रूपमा रहेको विश्वासहरूसित विरोधी भई मानिसहरूले मिथ्याधारणा मिथ्यादृष्टि हुन लायक छ । यो तथ्य मिलिन्द राजाको कथनद्वारा स्पष्ट हुन्छ । आयुष्मान् नागसेनले परमार्थ हिसाबले प्रकट भएको पुद्गल अनुपलब्ध छ भनी भनेको अवस्थामा राजा मिलिन्दले 'भन्ते, त्यसो भएमा कुशलकर्म अकुशलकर्म नहुने भयो; कुशलकर्म अकुशलकर्म गर्ने व्यक्ति पनि नहुने भयो; कुशलकर्म अकुशलकर्मको मूल परिणाम परम्परागत परिणाम धर्म पनि नहुने भयो' भने । यसरी सर्वप्रथम मिलिन्दराजाले अनात्म-

download from : https://www.dhamma.digital

धर्मलाई नास्तिकवाद (वा) रूपवाद अथवा भौतिकवादको रूपमा मिथ्या धारणा राखे ।

त्यसकारण भगवान् बुद्धले पुद्‌गल सत्त्व छैन भनी सोझै उपदेश गर्नु नभएको हो । वच्छगोत्त परिब्राजकले भगवान् बुद्धसँग "आत्मा छ कि ?" भनी स्पष्ट रूपमा सोझै प्रश्न गर्दा भगवान् बुद्धले कुनै जवाफ नदिई मौन रहनुभयो । वच्छगोत्त फर्किसकेपछि आयुष्मान् आनन्दले प्रश्न गर्नुहुँदा भगवान् बुद्धले आत्मा छ भनी भन्यो भने शाश्वतवादलाई आफूले स्वीकार गरेको हुन जाने छ; आत्मा छैन भनी भन्यो भने वच्छगोत्तमा चित्त मलिन भई खलबलाउने स्थिति छ, त्यसकारण आफूले कुनै जवाफ नदिनु भएको कुरा आज्ञा गर्नु भयो । (अव्याकतसंयुत्त चतुत्थ वच्छगोत्त सुत्त) ।

एउटा ब्राह्मणको प्रश्नलाई जवाफ दिनुहुँदा पनि भगवान् बुद्धले "हे ब्राह्मण, सबै छ भनी यदि भनौं; यो सिद्धान्त एउटा लोकायत हुनजान्छ । सबै छैन भनेर भनौं यो सिद्धान्त अर्को एउटा लोकायत हुनजान्छ । सबै समान स्वभावको छ भनी भनौं भने यो सिद्धान्त तेश्रो एउटा लोकायत हुनजान्छ । विभिन्न स्वभावका छन् भनी भनौं भने यो सिद्धान्त एउटा चतुर्थ लोकायत हुनजान्छ । (म) तथागतले त्यो अन्तद्वय मिथ्यामार्गलाई विरमण गरी मध्यम-मार्गद्वारा मात्र अविद्याको कारणले संस्कार हुन्छ । संस्कारको कारणले ....... हुन्छ" भनी उपदेश गर्छु भनेर आज्ञा गर्नुभयो । (निदानसंयुत्त लोकायतिक ब्राह्मण सुत्त) ।

download from : https://www.dhamma.digital

"हे कच्चान, मनुष्य समूहले प्रायशः कुनै वस्तु छ वा छैन भनेर धारणा राख्छन् । संस्कार लोकको कारणलाई यथाभूत रूपमा राम्रो मार्ग ज्ञानद्वारा देख्ने व्यक्तिलाई संस्कार लोकमा छैन भन्ने धारणा हुँदैन । संस्कार लोकको निरोधलाई यथाभूत रूपमा मार्गज्ञानद्वारा देख्ने संस्कार लोकमा छ भन्ने धारणा हुँदैन ।" (निदानसंयुत्त आयस्मा कच्चानगोत्त सुत्त) ।

यसरी भगवान् बुद्धले अनात्म धर्मलाई मिथ्या रूपमा मानिसहरूले विचार विमर्श गराउन नदिन विशेष होश राखी उपदेश गर्नुभयो । यो तथ्यसित सम्बन्ध राखी थेरवाद अट्ठकथाचार्यहरूले विशेष रूपमा लेख्ने नगरे पनि महायान अट्ठकथाचार्यहरूले भने विस्तृत रूपमा वर्णन गरी लेख्ने गरेका छन् ।

वसुबन्धु आचार्यले वज्जीपुत्तक गणिकहरूको पुद्गल-वादलाई प्रतीकार गर्दा यसरी भन्नुभएको छ । "भगवान् बुद्धले अनात्म धर्मको उपदेश गर्दा विशेष प्रत्यवेक्षण गर्नुभएको छ । उपमा भनौं भने बघिनीले आफ्ना साना बच्चालाई दाँतको बीचमा च्यापेर लैजाँदा सास्ति नपुऱ्याउन र खस्न नदिन मध्यस्थ रूपमा लैजाने गरेजस्तो हो । भगवान् बुद्धले शाश्वत दृष्टिको दोष र भयलाई र उच्छेद दृष्टिको कारणले शीलाचरणको क्षेत्रमा मानिसहरू कर्तव्य विमुख होलान् भन्ने तथ्यलाई देख्नु र जान्नुभएको छ । पुद्गल सत्त्व नभएको कारणले भगवान् बुद्धले पुद्गल र स्कन्ध शरीर भिन्नाभिन्नै हो भनी भन्नु भएन । तर नास्तिकवादलाई तिरस्कार गर्न

download from : https://www.dhamma.digital

चाहनुभएको हुँदा पुद्गल सत्त्व छैन भनेर पनि उपदेश गर्नु भएन ।"[1]

नार्गाजुन आचार्यले "भगवान् बुद्धले नास्तिकवाद र शाश्वतवादलाई तिरस्कार गर्न चाहनुभएको कारणले कहिले-काहीं आत्मवादलाई उपदेश गरी कहिलेकाहीं अनात्मवादलाई उपदेश गर्नुभयो; तर अनात्मवाद नै सही बुद्धवाद हो । यो वाद सम्झन बुझन गाह्रो छ । भगवान् बुद्धले अनात्मवादलाई प्रज्ञाज्ञान र मनोवृत्ति बीज कमजोर र हीन भएका व्यक्तिहरूका निमित्त उद्देश्य गरी उपदेश गर्नुभएको होइन । किनभने ती व्यक्तिहरूले त्यो धर्म सुन्नुपर्दा अवश्यमेव नास्तिक-वादमा प्रवेश गरी विश्वास गर्ने छन्"[2] आदि भनी लेखि-राखेको छ ।

नार्गाजुन आचार्यले आत्मवादलाई भगवान् बुद्धले उपदेश गर्नुभएको थियो नभनेर भगवान् बुद्धले भन्नुभएका केही कुराहरू आत्मवाद उपादान भएका व्यक्तिहरूलाई मिथ्या धारणा लगाउन सक्ने छ भनेमा बढी सत्य हुनेछ । त्यो केही कुरालाई माथि उल्लेख गरिसकेको हुँदा ती कुराहरू जस्तो कि "अत्तानं गवेसेय्याथ" "अत्तदीपा भिक्खवे विहरथ अत्तसरणा" आदि पालिहरूमा "अत्त" भन्ने पालि पद स्पष्ट रूपमा समावेश छ । त्यस प्रकारको पालि बाहेक अन्यान्य

---

1. T. R. V. Murti, OP, Cit, P. 43.
2. Yamakami Sogen, "Systems of Buddhist Thought", P. 23.

download from : https://www.dhamma.digital

पालिहरूमा भने 'अत्त' पालि पद सोभै समावेश नभएता पनि आत्मवाद उपादान भएको व्यक्तिको निमित्त अभिप्राय धारणा मिथ्या गराउन सक्ने कारण छ ।

"भिक्षुहरू हो, यो चित्त प्रभाश्वर प्रभासित परिशुद्ध स्वभावको छ । यो चित्त अतिथि जस्ता भएका उपक्लेश कारण रागादि क्लेशबाट मुक्त छ । ती क्लेशहरूबाट मुक्त भएको चित्तलाई बहुश्रुत भएको आर्यश्रावकले यथाभूत प्रभेद गरी जान्छ ।" (अं. नि. एकनिपात दुतियपभस्सर सुत्त) ।

"चित्तले लोकलाई धारण गर्छ र आकर्षित गर्छ । सम्पूर्ण धर्महरू चित्त भन्ने धर्मको बशमा पछि लाग्छन् ।" (सगाथावग्गसंयुत्त चित्त सुत्त) ।

अनाथपिण्डिक महाजन मरणान्त अवस्थामा परी बिरामी भएको बेलामा आयुष्मान् सारिपुत्रले यसरी अनुशासन गर्नुभयो, "हे श्रेष्ठि, यो अवस्थामा तिमीले यसरी आचरण गर्नुपर्छ । मभा यस मनुष्य लोक र अन्य लोकप्रति आश्रित भएको विज्ञान उत्पन्न हुने छैन; तृष्णा, मान र दृष्टिद्वारा आशक्त हुने छैन भनी हृदयङ्गम गरी आचरण गर्नुपर्छ ।" (म. नि. अनाथपिण्डिकोवाद सुत्त) ।

"भिक्षुहरू हो, एउटा ठूलो खन्धावार (किल्ला) शहर छ । त्यस शहरमा ढोका पाले सहित छवटा ढोकाहरू र शहरको अधिपति राजा रहेका छन् । त्यस शहरमा दुई जना राजदूतहरू आई आवश्यक काम व्यवहार गरी फर्केर गए । यो दिइएको उपमामा खन्धावार शहर भनेको चार महाभूत

download from : https://www.dhamma.digital

धातुलाई आधार गरी उत्पन्न भएको स्कन्ध शरीर हो। छवटा ढोका छवटा आध्यात्मिक आयतन हो। ढोका पाले स्मृति चैतसिक हो, दुइजना राजदूतहरू शमथ र विपश्यना कर्मस्थान हुन्। शहरको अधिपति राजा त मनोविज्ञान चित्त हो।" (सलायतन संयुत्तकिंसुक सुत्त)।

माथि उल्लिखित देशनाहरू अनुसार रूप धर्म र नाम धर्महरूमध्येमा चित्त विज्ञान प्रधान र प्रमुख छ। तर भगवान् बुद्धको विचार अनुरूप 'विज्ञान' नित्य ध्रुव असंस्कृत धातु होइन। यो पनि अन्य नाम धर्महरू जस्तै अनित्य र संस्कार धर्म हो। यो तथ्यलाई नजानी नदेखिकन मिथ्या धारणा भएको साति भिक्षुले भगवान् बुद्धको निन्दा र दोषारोपण भोग्नुपऱ्यो। (म. नि. महातण्हासंखय सुत्त)। त्यसो भएर पनि आजकाल आत्मवाद उपादान भएका व्यक्तिहरूले माथिका देशनाहरूलाई उद्धृत गरी भगवान् बुद्धले आत्मवादलाई स्वीकार गरेजस्तो गरी भन्ने लेख्ने गरेका छन्। चित्त विज्ञान नामरूप धर्मलाई प्रशासन गर्ने मालिक हो। नित्य ध्रुव असंस्कृत धातु हो, मौलिक स्वभावले शुद्ध र परिष्कृत छ। माथि छोपिराखेका क्लेशमलहरूलाई हटाउन सकेमा प्राकृतिक रूपले शुद्ध स्वच्छ रहेको चित्त विज्ञान प्रादुर्भाव भई निर्वाण पुग्न सक्छ भनी विश्वास राख्दछन्।

त्यसरी विश्वास राख्ने बुद्धवादीहरू बर्मा देशमा पनि छन्। निम्न कथनहरू त्यसरी विश्वास राख्ने एउटा बर्मेली

download from : https://www.dhamma.digital

बुद्धवादी विपश्यनाचार्यको ग्रन्थबाट उद्धृत गरेको उद्धरण हो ।

"यो विज्ञान भन्ने चित्त यथार्थ परमार्थ धर्म हो । त्यो परमार्थ भएको चित्त विज्ञान दुई प्रकारका छन् । ती द्वयमध्ये विज्ञान स्थिति विज्ञानचर्या प्रकृति परिशुद्धि भन्ने चित्तविज्ञान मध्यविज्ञान भएको कारणले दृष्टिसित सम्प्रयुक्त छैन । प्रकृति मात्र भई परिशुद्ध र परिष्कृत छ । संसार भन्ने प्रतीत्य-समुत्पाद भित्र पर्दैन । कारण प्रत्यय रहित भएको विज्ञान हो । त्यो विज्ञानमा चार भूतरूप भन्ने राजप्रासाद छ । त्यो विज्ञानलाई महाराजको उपमा दिई उपदेश गर्नुभएको छ । त्यो विज्ञानलाई प्रतीत्यसमुत्पाद भित्र घुसारी स्कन्ध, आयतन, धातु, सत्य समूहमा राख्नुहुन्न । त्यो विज्ञानलाई उद्देश्य गरी बकब्रह्मालाई मूलपण्णास पालिमा विञ्ञाणं अनिदस्सनं अनन्तं सब्बतो पभं भनेर र पटिसम्भिदामग्ग पालिमा पकति परिसुद्धमिदं चित्तं भनेर फेरि विञ्ञाणं मज्झे, विञ्ञाणठिति भनेर उपदेश गर्नुभएको छ ।"[१]

महायान बुद्धवादीहरूको संस्कृत पिटकवाङ्मयमा पनि आत्मवादसित सम्मिश्रण गरी अभिप्राय धारणा मिथ्या हुन सक्ने सुत्तन्त देशनाहरू छन् । योगाचार भन्ने पुरानो महायान गणले आलय विज्ञान नाम भएको एक प्रकारको विज्ञान धातुलाई विश्वास गर्छ । त्यो धातु सदा स्थिर भई निरन्तर रूपमा परिवर्तन नभई शुद्ध स्वच्छ भएको धातु हो । त्यस

१. ऊ ञ्वन् "पञ्ञानेत्ति विपस्सना गन्थ", पृष्ठ १५४–५५ ।

download from : https://www.dhamma.digital

अतिरिक्त सम्पूर्ण महायान गणले मनुष्य प्राणीहरूमा बोधिज्ञान बीज धातु छ भनी विश्वास गर्छन् । त्यो बीज धातु प्राकृतिक रूपमा निर्मल शुद्ध भइरहेको धातु शक्ति भएको कारणले प्रत्येक मनुष्य एक न एकदिन बुद्धत्वमा पुग्न सक्छ भन्छन् । त्यो धातु शक्तिलाई संस्कृत पिटकमा आएको महापरिनिब्बान सुत्तमा महोत्तम भनेर र तथागतगर्भ भनेर भनिराखेको छ ।

त्यसो भएता पनि योगाचार गणले आलय विज्ञान धातुलाई ब्राह्मणहरूले विश्वास गरेको आत्मा हो भन्दैनन् । तथागतगर्भ पनि उपनिषद् ग्रन्थमा आएको आत्मा नभएको कारण महायान बौद्ध ग्रन्थहरूमा स्पष्ट रूपमा देखाइएको छ ।

निम्न कथनहरू एउटा महायान सुत्तन्त देशनाबाट उद्धृत गरेको उद्धरण हो ।

"त्यसबेला बोधिसत्त्व आयुष्मान् महामतिले तथागत-लाई "भन्ते, प्राकृतिक रूपमा शुद्ध र स्वच्छ भई प्रज्वलित र प्रकाशित भएको प्रत्येक मनुष्य सत्त्वको सन्तानमा रहेको भनिने तथागतगर्भ तैर्थिकहरूले परिकल्पना गरिने नित्य, ध्रुव, असंस्कृत धातु हो भनिएको आत्मासित कसरी फरक परेको छ त ? भनी निवेदन गर्‍यो । त्यस अवस्थामा तथागतले 'हे महामति, तथागतगर्भ आत्मासित धेरै फरक छ । मैले (तथागतले) पृथग्जन सत्त्वहरूलाई अनात्मवादप्रति निडर रहन तथागतगर्भको उपदेश गरेको हुँ । वास्तवमा आत्मवाद मिथ्या र भूल नै हो । तर मैले अनात्म धर्मलाई विभिन्न

download from : https://www.dhamma.digital

तरीकाले उपदेश गर्छु । कहिलेकाहीं तथागतगर्भ धर्मको उपदेश गरी कहिलेकाहीं अनात्मधर्मको उपदेश गर्छु । तथागत-गर्भ धर्मको उपदेश गर्दा मैले तैर्थिकहरूलाई मुक्त गराउन चाहन्छु । त्यसरी उपदेश समेत गरेन भने यथार्थ रूपमा प्रकट नभएको आत्मालाई विश्वास गरिरहने व्यक्तिहरूमा कसरी सही दृष्टि लाभ हुन सक्लान् र ? त्यसकारण तिमीहरूले तैर्थिकहरूको आत्मवादलाई प्रतीकार गर्न अनात्म धर्म र तथागतगर्भ धर्मलाई जान्नु र बुझ्नुपर्दछ भनी आज्ञा गर्नुभयो ।"[१]

भगवान् बुद्ध र कोही कोही ब्राह्मणहरूको धर्म छलफललाई उल्लेख गर्ने सुत्तन्त देशनाहरूमा अनात्मबाद विषयलाई हामी देख्दैनौं । त्यसरी नदेख्नु Mrs. Rhys Davids ले धारणा राखेजस्तै आत्मवादलाई भगवान् बुद्धले स्वीकार्नु भएको कारणले हो भनी धारणा राख्नु योग्य छैन । त्यस युगका कोही कोही ब्राह्मणहरू आजकालका धेरै बुद्धवादीहरू जस्तै अनात्म धर्ममा दिलचस्पी नरही भगवान् बुद्धप्रति श्रद्धा र गौरव भएका व्यक्तिहरू भएमा हुनसक्ने छन् । त्यस अतिरिक्त भगवान् बुद्धले मनुष्य सत्त्वहरूको ज्ञान परिपक्वता वा अपरिपक्वतालाई हेरी उपदेश गर्नुहुने भएकोले आत्मवादप्रति अतितीव्र रूपमा उपादान रहेका कुनै कुनै

1. Yamakami Sogen, "Systems of Buddhist Thought", PP. 26–72.

download from : https://www.dhamma.digital

ब्राह्मणहरूलाई अनात्म धर्म जानी जानी उपदेश गर्नु नभई त्यसै रहेमा रहने पनि हुनेछ ।

Mrs. Rhys Davids ले भगवान् बुद्धले सबैजसो मानिसहरूले स्वीकारी विश्वास गरिरहेको आत्मवादसित प्रतिपक्ष भएको अनात्मवादलाई उपदेश गर्नु हुने छैन भनी भन्छिन् । भगवान् बुद्धमा धेरै मानिसहरूको दोषरहित परम्परागत विश्वासहरूलाई कति पनि आलोचना नगरी मौन रहनु हुने बानिरहेको अवश्य हो । तर भगवान् बुद्धको दृष्टि अनुरूप आत्मवाद त्यसरी निर्दोष रहेको वाद होइन । तसर्थ Darwin, Martin Luther आदि व्यक्तिहरूले समेत बहुजनको विश्वासलाई क्रान्ति गरी आ–आफ्ना सिद्धान्त र वादलाई उल्लेख गरेर भन्छन् भने भगवान् बुद्ध जस्तो विश्व आजानेय्य व्यक्तिले मनुष्यप्राणीहरूलाई अनर्थ गराउने मिथ्या- वादको रूपमा आफूले देखे जाने बुझेको आत्मवादलाई किन क्रान्ति र संघर्ष नगरी रहनुहुनेछ त ?

भगवान् बुद्धले ब्राह्मणहरूको आत्मवादलाई क्रान्ति वा संघर्ष गर्दा धेरै सफलता प्राप्त गर्नुभएको थियो । त्यसरी सफल हुनु त्यो क्रान्ति वा संघर्ष युग, समय देशसित उचित र अनुकूल हुनुको अतिरिक्त भगवान् बुद्ध उपदेश र अनुशासन गर्नमा अति नै दक्ष हुनु भएको कारणले हो । इसापूर्व छैठौं शताब्दी युगको भारतीय मध्यदेश ब्राह्मणहरूको प्रभाव शक्ति प्रभुत्व अझ पनि फैलन नपाइएको देश थियो । त्यसबेला भारतीयहरूले धार्मिक क्षेत्रमा स्वतन्त्रपूर्वक चिन्तन मनन

download from : https://www.dhamma.digital

गर्नुलाई रुचाउँथे । यस किसिमको परिस्थितिमा भगवान् बुद्धले मानिसहरूको मनोभावना चरित्र हेरी चतुर र दक्षता पूर्वक उपदेश गर्नु भई सफल हुनु धेरै अचम्मलाग्दो छैन ।

त्यस अतिरिक्त हामीले विचार गर्नुपर्ने एउटा कारण छ । त्यस अवस्थाको भारतमा धेरैजसो मानिसहरूले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई स्वीकारी विश्वास गर्थे नै भनौं; त्यो आत्मवादलाई अस्वीकार गरी विभाजन र परिचालन गर्ने व्यक्तिहरू पनि बुद्ध प्रादुर्भाव हुनु अगावै नै भएका हुन सकिने छ । यो तथ्यसित सम्बन्ध राखी रूसी प्रज्ञाविद् प्राध्यापक Stcherbatzky ले निम्न: प्रकारले लेखेको थियो ।[1]

"प्राध्यापक Jacobi[2] ले सबैभन्दा पुराना उपनिषद् ग्रन्थहरूमा नै आत्मवादसित प्रतिपक्ष भएको सिद्धान्तहरूलाई उल्लेख गरिराखेको छ भन्छ। अनात्मवादले बुद्ध प्रादुर्भाव हुनु अगावै पनि भारतमा बीजारोपण गरेमा गर्न सकिने छ। महावीरले जैनवादलाई सर्वप्रथम आविष्कार गरेको थिएन । उनी प्रादुर्भाव हुनुभन्दा अघि रहिरहेकै वादलाई नयाँ मरम्मत गरी उपदेश गरेको थियो । त्यस्तै भगवान् बुद्धले पनि अघि रहिसकेको धर्मलाई मरम्मत र प्रबन्ध मिलाई उपदेश गर्नु भएको भएमा हुन सकिने सम्भावना छ । भगवान् बुद्धले

1. T. Stcherbatzky, "Central Conception of Buddhism", P. 56.
2. Professor Jacobi.

download from : https://www.dhamma.digital

आफ्नो धर्म नयाँ होइन; अतीतका तथागतहरूको धर्म नै हो भनी भन्नु भएको थियो। यो कथनको पृष्ठभागमा अनात्मवाद सम्बन्धी एक न एक ऐतिहासिक घटना हुनुपर्दछ।

"बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि रहिरहेको अति प्राचीन एउटा उपनिषद् ग्रन्थमा अनात्मवादसित समान भएको एउटा वादलाई निर्देसित गर्ने एउटा कथन छ। कथकोपनिषद् नामको त्यो उपनिषद् ग्रन्थमा आत्मवादसित प्रतिपक्ष भएको एउटा वादको उल्लेख छ। मरूभूमिमा वर्षिने वर्षापानी निरर्थक भएजस्तै त्यस वादलाई स्वीकारी विश्वास गर्ने व्यक्ति निरर्थक हुनेछ भनी त्यो ग्रन्थले भनेको छ।"

माथिको धारणा केही हदसम्म सही हुनसक्ने छ। जुनसुकै युग र जुनसुकै देशमा नै किन नहोस् बहुजनको विश्वासलाई अस्वीकार गरी विभाजन र परिचालन गर्ने व्यक्तिहरू कम वा बेसी भइरहने स्वाभाविक नै हो। त्यस अतिरिक्त मानिसहरूको पुरानो परम्परागत विचारधारालाई सच्याइने र परिवर्तन गराइने एउटा वादले यस्तो नामधारी एउटा व्यक्तिलाई प्रारम्भ गरी प्रादुर्भाव भएर आएको छ भनी सुनिश्चित रूपमा सीमामा राखी भन्न दुष्कर छ। Darwin Evolution वादलाई उल्लिखित गरी व्याख्यान गर्ने व्यक्ति हो भनी विश्वले स्वीकारिराखेता पनि Alfred Russel Wallace भन्ने प्रज्ञाविद्ले Darwin को अघि पछि केही समय नबित्दै त्यस वादलाई देखी बुझी; केही पुराना प्रज्ञाविद्हरूले पनि Evolution को विषयलाई केही अंशमा

download from : https://www.dhamma.digital

जाने बुझेका थिए। Martin Luther रोमको पोपलाई खुलस्त रूपमा विरोध र क्रान्ति गरेर चुनौती दिइ आएको व्यक्ति भएता पनि त्यो प्रादुर्भाव हुनुभन्दा अगावै नै रोमका शासनाधिकारीलाई र क्रिश्चियन संघसंस्थालाई दोषारोपण र आलोचना गर्ने व्यक्तिहरू भइसकेका थिए। त्यस्तै नै भगवान् बुद्धले अनात्मवादलाई सर्वप्रथम खुलस्त रूपमा उपदेश गर्नु भएको सही भएता पनि स्वतन्त्रपूर्वक चिन्तन मनन गरेर त्यो वादतिर अनजान रूपमा बामे सरिरहेका व्यक्तिहरू बुद्ध प्रादुर्भाव हुनु अगावै नै भएमा हुन सकिने सम्भावना छ। यो तथ्य बुद्धको अनात्मवादलाई बहुजनले स्वीकार्नुको एउटा कारण भएमा हुन सकिनेछ।

कसैले अनात्मवाद कर्मवाद, पुनर्जन्मवाद आदिहरूसित विरोधी भएको कारणले त्यो वाद बुद्धको वाद हुन सक्दैन भन्छन्। तर अनात्मवाद नास्तिकवाद नभएको कारणले त्यसरी प्रतिपक्ष हुन सक्दैन। त्यस अतिरिक्त यदि भगवान् बुद्धले स्वीकार्नु भएको भवसंसार ब्राह्मणहरूले बुझेको भवसंसारसित समान भएमा अनात्मवादसित सम्बन्ध जोड्न मुश्किल हुनेछ। अहिले त त्यसरी समान नभई धेरै फरक परेको कारणले हामीले होश राख्नु योग्य छ।

अनात्मवादलाई सही बुद्धवाद नभएजस्तो गरी भन्ने लेख्ने व्यक्तिहरूले प्रायशः निःसन्देह त्यो वादलाई नरुचाएको कारणले त्यसरी भन्ने र लेख्ने गरेका हुन्। अनात्मवादलाई केही यूरोपेली प्रज्ञाविद्हरूले र बुद्धवादीहरूले तिरस्कार गर्नु

download from : https://www.dhamma.digital

यूरोपीय बुद्धवादी एउटा ग्रन्थकारले धारणा राखे अनुरूप "वर्तमान युगका यूरोपीय नागरिकहरूमा आत्मउपादान बढी हुनु र स्थावर आत्मविज्ञानलाई स्वीकार गर्ने क्रिश्चियन धर्मको प्रभाव अलग्ग नभई सक्नुको लक्षण हो।"[1] तिनीहरूले भगवान् बुद्धलाई श्रद्धा राखी वहाँले उपदेश दिनुभएको धर्मलाई रुचाउँछन्। तापनि अनात्मवादलाई स्वीकार गर्न नसकेकोले प्रशस्त पिटक देशना साधक प्रमाण ऐतिहासिक साधक प्रमाणहरूलाई पिठ्यूँ फर्काई भगवान् बुद्धले त्यो वादको उपदेश गरिने छैन भनी दृढतापूर्वक धारणा राख्ने गरेका हुन्।

यो तथ्य Mrs. Rhys Davids को कथनद्वारा स्पष्ट छ। 'यदि बुद्धवाद अनात्मवाद भएमा त्यसरी आशा र भरोसा लिन अयोग्य भएको वादले कसरी मानिसहरूको मनोवृत्तिलाई आकर्षित गर्न सक्ने होला नि ? मानिसहरूको शरण र प्रतिष्ठा भएको वाद हुनसक्ने होला नि ? त्यो वाद कुनै कुनै दर्शनाचार्यहरूको निमित्त राम्रो लागेमा राम्रो लागिने छ। प्रत्येक व्यक्तिले स्वीकार्न सक्ने वाद हुन त दुष्कर नै छ। आत्मा छैन भन्नु एउटा सानो बच्चालाई समुद्रमा फाली सहयोग नदिइकनै आफ्नो शक्ति सामर्थ्यले घाटतिर पौंडी खेलाउनु जस्तो छ। मानिसले धर्ममा आफू भन्दा बढी शक्तिशाली भएको चीजलाई खोज्नु स्वाभाविकै

1. Conze, "Buddhist Thought in India", P. 122.

download from : https://www.dhamma.digital

छ"[१] भनी Mrs. Rhys Davids ले लेखेकी छिन् ।

अनात्मवाद प्रत्येक व्यक्तिले स्वीकार्न सक्ने वाद नभएको सही छ । तर भगवान् बुद्धको पालादेखि लिएर आजसम्म धेरै बुद्धवादीहरूले अनात्मवादलाई स्वीकारी विश्वास गर्दैआएका छन् । अनात्म धर्मलाई प्रधानता दिई उपदेश गरेको बुद्धवादको कारणले मानसिक सुख शान्ति रहिआएको छ । आत्मालाई हटाई आफूलाई मात्र आधार लिन गहन रूपमा उपदेश गरेको भगवान् बुद्धको अववाद अनुशासन अनुरूप आचरण र अभ्यास गरी ज्ञानी गुणी सभ्य सुसंस्कृत भई श्रेणी उचालिआएका छन् । स्वास्तवमा Mrs. Rhys Davids ले बुद्धशासनको सफलता उन्नति र बृद्धि हुनुलाई विरोध गरेकी होइन । आफ्नो आत्मवाद उपादानको कारणले मात्र त्यो सफलता र उन्नति बृद्धि अनात्मवादको कारणले हुन सक्तैन; आत्मवादको कारणले मात्र हुनेछ; त्यसकारण बुद्धवाद आत्मवाद हुनुपर्छ भनी 'मेरो गोरुको बाह्रै टका' को रूपमा दृढतापूर्वक सम्झिराखेकी हुन् । २५०० वर्ष बितिसकेको बुद्धवादको इतिहासको लहरै नगण्य प्रमाणको स्वल्प वज्जीपुत्तक गणिकहरूलाई बाँकी छाडी सबै बुद्धवादीहरू अनात्मवादीहरूमात्र भइरहनु बुद्धवादको उन्नति र बृद्धि ती अनात्मवादीहरू माथि आधारित भइरहनुलाई भने रत्तिभर पनि स्पष्ट पारेर देखाउने गरेनन् ।

अनात्मवाद विषयलाई लेख्दा कुनै कुनै पश्चिमी

1. Mrs. Rhys Davids, "Wayfarer's Words", P. 108.

download from : https://www.dhamma.digital

नागरिकहरू Mrs. Rhys Davids जति पिटकवाङ्मयमा व्यापक अध्ययन नभए पनि बढी स्पष्ट र इमान्दार छन्। फ्रेंच् प्रज्ञाविद् Barthelemy Saint Hilaire ले उनले लेखेको बुद्धवाद विषयक किताबमा अनात्मवादलाई निन्दा र उपहास गरेको छ। तर त्यो वाद बुद्धवाद होइन भनी भनेनन्। त्यस वादद्वारा बुद्धशासनले मनुष्यहरूलाई लाभ पुऱ्याएको कारणलाई पनि निम्न रूपले स्वीकारेको छ–

"आश्चर्य र अद्भूत लाग्दो कुरा के छ भने यो अनात्मवादले मानिसहरूको सबभन्दा तीव्र स्वभाव छन्द र मनोभावनालाई प्रकम्पित र आन्दोलित पारेता पनि यसलाई स्वीकारी विश्वास गर्ने मानव जातिलाई उन्नति र बृद्धि गराउनु हो। ती मानव जातिहरूले अनात्मवादलाई स्वीकारेर प्रज्ञाज्ञान बढी वृद्धि गर्दै ज्ञानी गुणी सभ्य सुसंस्कृत हुँदै श्रेणी उच्च बनाउँदै आए।"[1]

## (ग) अनात्मवाद र आधुनिक प्रज्ञाविद्हरूको दृष्टि

अनात्मधर्मलाई राम्ररी जान्न चाहने व्यक्तिले सर्वप्रथम अनित्य धर्मलाई जरैदेखि देख्नु र जान्नु आवश्यक छ। अनित्य धर्मलाई देख्नु र जान्नु सजीव एवं निर्जीव वस्तुहरूको विनाशशील स्वभाव र मनुष्य प्राणीहरूको जरामरण स्वभावलाई देख्नु जान्नु मात्र नभई यो चक्रवालमा स्थिर

1. J. Barthelemy Saint–Hilaire, Op. Cit., P. 14.

download from : https://www.dhamma.digital

भएको नित्य ध्रुव स्वभाव शून्य भएको कुरालाई पनि राम्ररी जान्नु र बुझ्नु हो ।

पुराना पश्चिमी नागरिक प्रज्ञाविद्हरूमध्ये त्यसरी अनित्य धर्मलाई देख्ने जान्ने बुझ्ने प्रज्ञाविद् त Heraclitus हो । Heraclitus यूरोप महाद्वीपमा बुद्धसित समकालीन जस्तो भई त्यही युगमा प्रादुर्भाव भएका ग्रीक प्रज्ञाविद हुन् । उनको विचारधारा अनुसार संसारमा जुनसुकै विषयवस्तु किन नहोस् कहिल्यै पनि स्थिर रहिरहेको छैन । सजीव निर्जीव सबै पदार्थ निरन्तर परिवर्तन भइरहेका छन् । सबभन्दा शान्त रहेको भौतिक चीज पदार्थ भित्र पनि हामीले नदेखिने परिवर्तन र गति छ । त्यसकारण जुनसुकै चीज पदार्थ भए पनि त्यो चीज पदार्थ पहिलो सेकेण्ड पछिको दोस्रो सेकेण्ड एक समान छैन । उदाहरणको रूपमा– हामीहरू एउटा नदी भित्र एक पटक भन्दा बढी ओर्लन सक्दैन । किनभने एकचोटी ओर्लि घाट माथि फेरि चढेर तुरन्त ओर्लें नै भनौं त्यो दोस्रो बार ओर्लेको नदी लौकिक व्यवहारको कुरा अनुसार पहिले ओर्लेको नदी भनिएता पनि परमार्थ हिसाबले अर्को एउटा नदी भइसक्यो । यसरी Heraclitus ले अनित्य धर्मलाई राम्ररी देखे, जाने र बुझेको थियो ।

आधुनिक युगमा त वैज्ञानिक शिक्षा उन्नति र विकास भएको कारणले चक्रवाल (ब्रह्माण्ड) मा अनित्य धर्मले प्रभुत्व जमाइरहनु बढी स्पष्ट हुँदै आएको छ । यहाँनिर विश्व प्रसिद्ध यथार्थवादी प्रज्ञाविद् Bertrand Russell को लेखलाई

download from : https://www.dhamma.digital

उल्लेख गर्दैछु । "यदि तिमीले यो कुर्सी हिजोको कुर्सी हो भनेर तिम्रो कुरालाई स्पष्ट पार्न चाहेमा तिमीले पुरानो रूपवेद (भौतिक शास्त्र) प्रज्ञालाई उद्धृत गरी स्पष्ट पार्नु पर्नेछ । सूर्यको ताप अत्यधिक हुँदैन । धातुवेद (रसायन शास्त्र) विषयवस्तुहरू पनि सामान्य रूपको भएमा पुरानो रूपवेद प्रज्ञाद्वारा परोक्षण गरी जान्न पाइएका तथ्यहरू कम वा बढी सही हुन्छ । त्यसकारण यो कुर्सी हिजोको कुर्सी हो भनी भन्दा पुरानो रूपवेद प्रज्ञा अनुरूप त्यसरी भनेको हो भनी तिमीले स्पष्ट पार्नु पर्नेछ । तर यो कुरा 'एकदम सही नभएको लौकिक व्यवहार कुरा मात्र हो । बास्तवमा भन्ने हो भने कुर्सीको सबभन्दा सानो अङ्ग प्रत्यङ्ग समेत एक सेकेण्ड-लाई लाख भाग टुक्रा पारी एक भाग जतिको समयभित्रमा परिवर्तन भइरहेको छ । यसलाई हिजोको कुर्सी हो भन्नु आजको अंग्रेज जाति एलिजावेथ महारानीको पालाको अंग्रेज जाति हो भन्नु जस्तै हुनेछ ।"[१]

अनित्य धर्मलाई गम्भीर रूपमा निरीक्षण र परामर्श गर्ने व्यक्तिले अनात्म धर्मलाई देख्न जान्न धेरै मुश्किल हुने छैन । पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले अनित्य धर्मलाई अध्ययन र निरीक्षण गर्दागर्दै अनात्म धर्मलाई बुझेर आए । ती प्रज्ञाविद्हरूमध्येमा अनात्म धर्मसित अति सामीप्य रहेका कुराहरूलाई सर्वप्रथम भन्ने र लेख्ने व्यक्ति त ख्यातिप्राप्त

1. Bertrand Russell, "Portraits from memory and other essays", PP. 145–46.

download from : https://www.dhamma.digital

फ्रेञ्च यथार्थवादी आचार्य Henry Bergson हो । Bergson ले यो चक्रवालमा परिवर्तन हुनु मात्र परमार्थ धर्मको रूपमा रहिरहेको घटनालाई उनको एउटा ग्रन्थमा पूर्ण र निश्चित रूपमा वर्णन गरी लेखिराखेको छ । उनले चक्रवालभित्र भएभरका चीज पदार्थहरू निरन्तर परिवर्तन भइरहेको छ भन्ने कुरालाई समेत स्वीकार नगरी चीज पदार्थहरू छैन; परिवर्तन मात्र छ भने । उनका लेखाईहरू अनात्मवादलाई धेरै सघाउ पुऱ्याउने लेखाईहरू हुन् ।

Bergson ले चित्तविज्ञानको स्वभाव र आकार प्रकारलाई अध्ययन मनन र परामर्श गरी चक्रवालमा परिवर्तन हुनु अनित्य धर्ममात्र रहेको कुरा निम्न प्रकारले लेखेको थियो ।

'हामीहरूले मानिसहरूमा चित्तविज्ञान छ; त्यो चित्त-विज्ञानले हर्ष मान्नु, शोक मान्नु, आशा गर्नु, इच्छा गर्नु र प्रार्थना गर्नु आदि चित्त उत्पत्ति क्रमहरूलाई सामना गरी अनुभव गर्छ भनी सम्झिराखेका छौं । तर एउटा चित्त निरन्तर परिवर्तन भइरहेको छ । हामीहरूले त्यो परिवर्तन-लाई नदेखेको नजानेको कारणले नै चित्तक्रम छ; ती चित्तक्रमहरू एक पछि अर्को लगातार उत्पन्न हुन्छ भनी भन्छौं । ती चित्तहरूलाई अनुभव गर्ने परिवर्तन नभई स्थिर रहेको विज्ञान (वा) आत्मा छ भनी विश्वास गर्छौं । तैपनि परिवर्तन नभएको कुनै चित्त नभए जस्तै परिवर्तन नहुने आत्मा भन्ने वस्तु छैन । हामीहरूले जतिसुकै चिन्तन गरी

download from : https://www.dhamma.digital

विचार गरेता पनि परिवर्तन नहुने आत्मालाई रोजेर पाइन्ने छैनौं। वास्तवमा त आत्मा अथवा कुनै एक चीज परिवर्तन हुन्छ भनी भन्नु नै मिथ्या हो। किनभने एकक्षण नबिराई नित्य परिवर्तन भइरहेको चक्रवालमा कुनै एक वस्तु अथवा आत्मा छैन; परिवर्तनमात्र छ।"[१]

त्यसकारण Bergson को मतानुसार चित्तहरूमात्र छन्। ती चित्तहरूलाई समूह पार्ने जोड्ने नित्य स्थिर ठोस विज्ञान छैन। उपमा—चित्तहरू जपमालाको गेडा समान भए त्यो चित्त भन्ने जपमालाका गेडाहरूलाई जोड्ने विज्ञान बन्ने मालाको सूत्र छैन। अर्को विधि अनुसार चित्तहरूको उत्पत्ति क्रम नदीको पानीको धारा जस्तो छ। कुनै एक चीजको रूपमा कहिल्यै स्थिर नरही सदैव परिवर्तन भइरहेको छ। यो तथ्यलाई स्पष्ट पार्न Bergson ले चित्त उत्पत्तिक्रमलाई सिनेमा स्क्रिनमाथि देखा पर्ने चलचित्रहरूसित तुलना गरी देखाएको छ। सिनेमा स्क्रिनमाथि हलचल र हिंड्डुल गरेका छाया संस्थानहरू वास्तवमा अलग अलग छुट्टिएका निर्जीव तस्वीरहरू एक ठाउँमा जोडिराखेको फिल्मको चक्कालाई सिनेमा देखाउने मिशिनद्वारा अतिवेगले घुमाई देखाइएको कारणले उत्पन्न भएको हो। त्यस्तै मानिसमा एकदिन नबिराई परिवर्तन भइराखेको नामरूपस्कन्ध भएता पनि

---

१. Henry Bergson, "Creative Evolution", C. E. M. Joad, "Guide to Philosophy", PP. 178-80.

download from : https://www.dhamma.digital

सन्तति प्रज्ञप्तिले छोपिराखेको कारणले एकसाथ लगातार उत्पत्ति र स्थिर भइरहेको भान हुन्छ ।

यसरी मानिसहरूको नामधर्म एक साथ एक मुष्ठ एक घन भई स्थिर रहने होइन (वा) नित्य आत्मविज्ञान नरही अलग अलग भइरहेका चित्तहरूको लगातार उत्पत्ति हुनु निरोध र विनाश हुनुमात्र भएको कुरालाई आधुनिक रूपवेद प्रज्ञाविद्हरूको Quantum Theory भन्ने एउटा कथनले पनि सहयोग पुऱ्याइएको छ । रूपवेद आचार्यहरूको विचार अनुसार Atom भन्ने अणुको नाभिस्थल Nucleus-मा भाले बिजुलीको करेण्टधातु Proton हरू छन् । वरिपरि पोथी विजुलीको करेण्टधातु Electron हरू रही ती Electron हरूले, ग्रहताराहरूले सूर्यलाई चक्कर काटी परिक्रमा गरे जस्तै विभिन्न मार्गहरूमाथि Nucleus लाई परिक्रमा गरिरहेको छ । Electron हरूमा एउटा मार्गबाट अर्को मार्गमा उफ्रेर पार तर्ने बानि छ । त्यसरी उफ्रेर पार तर्दा अद्भूत लाग्दो एउटा तथ्य के छ भने Electron को एउटा मार्ग र अर्को मार्ग बीच रहेको खालि ठाउँलाई काटेको लक्षण नदेखाई एउटा मार्गमा निरोध र विनाश भई अर्को एउटा मार्गमाथि प्रादुर्भाव भएर आएको मात्र देखापर्ने आउनु हो । अर्को किसिमले भनौं भने नित्य स्थिर Electron भन्ने छैन । Electron हरू अलग अलग रही परिवर्तन भइरहेका विषयहरूमात्र भएको जस्तो देखिन्छ । यो रूपवेद स्वभाव धर्म अनुसार भनौं भने चक्रवाल लोकधातु (ब्रह्माण्ड) भित्र

download from : https://www.dhamma.digital

काल र परिवर्तनलाई अतिक्रमण गरी नित्य भएको उत्पत्ति स्थिति भन्ने छैन। पहिलो उत्पत्ति पछिल्ला उत्पत्तिहरूसित एकदम समान भएता पनि काल र ठोस सार तत्त्वको हिसाबले भिन्न भई एक अर्कोसित सम्बन्ध नभएका घटनाहरूका उत्पत्तिक्रममात्र प्रकट छ भनी सम्झनुपर्ने देखिन्छ।[१]

यसरी मनुष्य जीवन भनेको नामधर्म रूपधर्महरूको एक क्षण नबिराई उत्पत्ति र निरोध हुनुमात्र हो भन्ने सिद्धान्त पश्चिमी राष्ट्रहरूमा आधुनिक शिक्षा प्राप्त धेरैजसो व्यक्तिहरूले स्वीकारेको सिद्धान्त भएको छ। अंग्रेज प्रज्ञाविद् C. E. M. Joad ले त त्यस सिद्धान्तको प्रकाश गर्नुलाई आधुनिक अंग्रेजी उपन्यासहरूमा देखापर्दछ भनेका छन्। कुनै कुनै अंग्रेज उपन्यासकारहरूले छिन्नभिन्न गरी टुक्रिएको मानव चित्त उत्पत्तिक्रमसित एक समान भई स्वाभाविकता ल्याउन एउटा उपन्यासको कथानकमा कथावस्तुहरूलाई एक अर्कोसित सम्बन्ध नजोडी भिन्नाभिन्न पर्ने गरी लेख्न जानेको कुरा साधक प्रमाणहरूसँगै उल्लेख गरी देखाएको छ।[२]

जेहोस्, आत्मवादीहरूले Bergson र रूपवेद प्रज्ञाविद्हरूको कुराको कारणले आफ्ना सिद्धान्तलाई परित्याग गर्ने छैनन्। मानिसको रूपधर्म र नामधर्महरू निरन्तर परिवर्तन भइरहनु अवश्य हो। तर Bergson ले चिन्तामय

---

1. C. E. M. Joad, "Guide to Modern thought", PP. 254–55.
2. Ibid, PP. 256–5.

download from : https://www.dhamma.digital

ज्ञानमात्रले कसरी ती नामरूप धर्महरूको परोक्षमा रहेको वास्तविक परमार्थ धर्मलाई देख्न जान्न सकिने छ र ? त्यस्तै रूपधर्मलाई मात्र गहिरिएर सुनिश्चित रूपमा अध्ययन गर्ने रूपवेदाचार्यले नामधर्मको परमार्थ स्वभावको आकार प्रकारलाई कसरी सम्पूर्ण रूपमा बुझ्न सकिने छ र ? मानिस जस्तो बुद्धिविवेक दक्षता भएको सत्त्व ठोस द्रव्य सार तत्त्व आत्म रहित भएको नाम रूपधर्म द्वय मात्र हुन सक्ने हो र ? आदि भनी प्रश्न उठाउने छन् ।

मानिस आफूले आफूलाई ठूलो सम्झिने भएर त्यसरी गर्व गर्नु नै आत्मदृष्टि उपादान टाँसिरहनुको मूलकारण रहेको छ । मानिसले आफूभन्दा अति नै निम्न श्रेणीमा झरेका तिरश्चीन पशुहरूमा आत्मा छ कि भनी संशय गर्नु परेमा पनि गर्नेछन् । सत्त्व प्राणी जगतमा सर्वोत्तम श्रेणी भएको मानिसले आत्मा शून्य छ भन्ने तथ्यलाई स्वीकार्न सक्तैन । मानिस महाब्रह्माबाट जन्मेको अथवा स्थावर परमेश्वरले विशेष सृष्टि गरिराखेको प्राणी हो । विश्वमा रहेका वृक्ष पानी पृथ्वी तिरश्चीनहरू मानिसलाई लाभ पुऱ्याउन प्रादुर्भाव हुनु परेको हो । यो विश्व मानिसको आधार स्थल वासस्थान भएको कारणले अन्य ग्रह नक्षत्र ताराहरू समान छैनन् । चन्द्र सूर्य आदि अन्य सबै ग्रह नक्षत्र ताराहरूले मानिसहरूको विश्वलाई परिक्रमा गरी गमना–गमन गरिरहेका छन् ।

मानिस यो विश्वमा आउनु परेकोमा कारण र उद्देश्य छ । तसर्थ मानिस मरे पनि निरर्थक हुँदैन । अनित्य

download from : https://www.dhamma.digital

धर्म र मरण धर्मले मानिसको नाम रूपधर्मलाई विनाश गरेमा गर्न सक्नेछ। मानिसको सार ठोस धातु रहेको आत्मविज्ञान-लाई त विचलित पार्न सक्दैन। चिन्तन मनन गर्नुद्वारा त्यस आत्मविज्ञानलाई यथाभूत रूपमा जान्न सकिने होइन। तर मानिसले राम्रो नराम्रोलाई विभाजन गरी जान्दछ। सत्त्वलोकमा अतुलनीय अधिपति हो। गान्धी जस्तो साधुसन्तको रूपमा र Einstein, Shakespeare हरू जस्ता प्रज्ञाविद्को रूपमा पुग्न सक्छन्। यसरी गुणविशेषले सम्पन्न मानिस नित्य, ध्रुव, असंस्कृत धातु (वा) आत्मा भएको सत्त्व वा व्यक्ति अवश्य हुनु नै पर्छ।

यसरी आत्मवाद मानिसहरूको जाति वंश अभिमानमा आधारित थियो। तर विज्ञानले आत्मवादीहरूको धारणा-हरूलाई स्वीकार गर्दैन। जति जति विज्ञानको विकास हुँदै आयो, त्यति त्यति ती धारणाहरू बिस्तारै बिस्तारै ढल्कँदै गई मनुष्य प्राणीको अभिमान खस्दै गएको छ।

मानिसलाई परमेश्वरले अथवा महाब्रह्माले शृष्टि गऱ्यो भन्ने धारणा वैज्ञानिक आचार्य Charles Darwin को Evolution वादको प्रादुर्भावको कारण धमिल्याउँदै लोप भएर गए। Evolution वादलाई सबै जसो वैज्ञानिकहरूले स्वीकार्छन्। त्यो वादको विचार अनुसार मानव प्राणी जाति समूह पहिले पहिले शुरू शुरूमा तिरश्चीन जाति समूहमा समावेश भई तिरश्चीन जीवन स्थितिबाट श्रेणीगत रूपमा परिवर्तन र विकास हुँदै वर्तमान श्रेणीमा

download from : https://www.dhamma.digital

आइपुग्यो । भूमिवेद प्रज्ञाविद्हरू (भूगर्भशास्त्रीहरू) को अनुमान अनुसार विश्व (पृथ्वी) को आयु दुई र तीन अरब वर्षको बीचमा छ । मानिस कल्पको शुरूआतदेखि एक साथ एकै समयमा प्रादुर्भाव भएर आएको होइन । मनुष्य प्राणी जाति समूहको आयु साढे दुई करोड वर्षदेखि भइआएको छ भनी प्रज्ञाविद्हरू अनुमान गर्छन् । त्यसरी मानिस विश्वमा तिरश्चीन जाति समूहहरू प्रादुर्भाव भइसकेपछि धेरै धेरै वर्षहरू बितिसक्दा प्रादुर्भाव भएर आउनु; पहिले पहिले शुरू शुरूमा तिरश्चीन एक जाति समूह भएर आउनु; लाखौं करोडौं वर्ष वितिसक्दा सभ्य दक्ष स्थितिमा पुग्नु मानिसलाई अत्यधिक रूपमा ठूलो सम्झिनुका तथ्यहरू होइनन् ।

नक्षत्रवेद प्रज्ञा (खगोल शास्त्र) ले त भूमिवेद सत्ववेद प्रज्ञा (भूगर्भ र जीवशास्त्र) हरूले भन्दा बढी मानिसको अभिमानलाई क्यारे । इ. सन् १६१० मा नक्षत्रवेद प्रज्ञाविद् (खगोल शास्त्री) Galileo ले नक्षत्र हेर्ने दूरबिन-द्वारा हेरी अध्ययन गरिसकेपछि मनुष्यहरूको विश्वलाई सूर्यले परिक्रमा गर्ने होइन । सूर्यलाई मात्र पृथ्वीले परिक्रमा गर्ने हो भन्ने तथ्य घोषणा गऱ्यो । त्यो घोषणाले मानआशक्ति आत्मआशक्ति भएका मानिसहरूलाई प्रकम्पित र विचलित गराई Galileo ले क्रिश्चियन अधिकारीहरूको दमन खप्नु पऱ्यो । Galileo पछि नक्षत्रवेद प्रज्ञाविद्हरूले लगातार अध्ययन र परीक्षण गर्नुद्वारा आज हामीले जान्न पाएको लोकधातु चक्रवालको विषय र घटनाहरू पनि अभिमानले

download from : https://www.dhamma.digital

छोपी आत्मआशक्ति रहेका मानिसहरूको निमित्त अरू चित्तलाई प्रकम्पित पार्ने भएको छ ।

अत्यन्त विशाल र व्यापक रहेको लोकधातु चक्रवालसित तुलना गर्दा मानिसहरूको पृथ्वी मेरु पर्वत बयरको दाना जस्तै केही पनि प्रकट नभएको चीज हो । महान् वैज्ञानिक James Jeans[1] को विचार अनुसार एक सेकेण्डलाई ७ विभाजन गरी त्यसको एक अंश रहेको समयभित्र पृथ्वीलाई एक चक्कर काट्न सक्ने प्रकाशले लोकधातु चक्रवाललाई एक चक्कर काटी हिंड्न ११ लाख वर्ष लाग्ने छ । चक्रवालभित्र रहेको नक्षत्र ताराहरूको संख्या एक अरबलाई २० लाखले गुणन गरी; त्यो लब्धाङ्कलाई फेरि एक अरबले गुणन गरेर प्राप्त लब्धाङ्कसित बराबर हुन्छ । अर्को शब्दमा भनौं भने विश्वका सम्पूर्ण समुद्री तटमा रहेका बालुवाकण समूहको संख्यासित बराबर हुन्छ । मानिसहरूको पृथ्वी त्यति प्रमाणमा बढी भएका नक्षत्र ताराहरूमध्येमा सम्मिलित एउटा अंश हो ।

वैज्ञानिकहरूको धारणा अनुसार यो चक्रवाल मूल स्वभावको हिसाबले मानिस र तिरश्चोन प्राणीहरू बसोबास गर्ने चक्रवाल होइन । चक्रवालभित्र सजीव चीज पदार्थहरू उब्जन अनुकूल क्षेत्रहरू अत्यन्त स्वल्प छ । सजीव पदार्थहरू चक्रवालमा आकस्मिक रूपमा त्यसै त्यसै प्रादुर्भाव भएर

1. James Jeans, quated in C. E. M. Joad, "Guide to Modern Thought", PP. 72–74.

download from : https://www.dhamma.digital

आई अन्तिम एक दिनमा त्यसै त्यसै निरोध र विनाश हुनुपर्ने नै छ। सत्त्वलोक प्रादुर्भाव भएदेखि निरोध र शान्त भएसम्मको समय हामीहरूको दृष्टि अनुरूप वर्षको हिसाबले कोटान्कोटी असंख्य र अनन्त भए पनि चक्रवालको आदि अन्त नभएको समयसित दाँजेर हेर्दा अत्यन्त छोटो छ भन्नु पर्नेछ। अर्को किसिमले भन्ने हो भने चक्रवालमा सत्त्वलोकको उत्पत्तिक्रम अन्धकाराच्छन्न आकाशको एक ठाउँमा क्षणिकमात्र प्रकाश उत्पन्न भई विलय भएर गएको जुनकिरीको उत्पत्ति जस्तो र महासमुद्रको एक ठाउँमा उब्जेर आएको बुल्बुलको उत्पत्तिक्रम जस्तो देखिन्छ।

Bertrand Russell ले विश्व (पृथ्वी) निरवशेष रूपमा निरोध र लोप भई विनाश हुने घटनालाई निम्नः प्रकारले लेखेको छ–

"विश्व मानिसहरू बसोबास गर्ने ठाउँको रूपमा केही समय बेरसम्म स्थिर रहिरहने छ। सदासर्वदा स्थिर रहिरहने छैन। वायुघन आकाशमाथि शनैः शनैः उडिरहेमा त्यो पनि उडिरहने छ। समुद्री छालको पानीको लहरको कारणले विश्व एक पार्श्वद्वारा मात्र निरन्तर मुखातीब भई विश्वको आधा भाग निकै गरम भई बाँकी आधा भाग निकै शीतल भइरहने छ। चन्द्रमाले पृथ्वीसँग टक्कर खाएमा त्यसले पनि टक्कर खानेछ। यस किसिमका घटनाहरूसित बिल्कुल सामना भएन नै भनौं; Sir James Jeans को विचार अनुसार अन्तिम एक दिनमा सूर्य चकनाचूर भई विश्व विनाश हुनु नै पर्नेछ।"

download from : https://www.dhamma.digital

"त्यसरी विश्व विनाश हुन कोटान्कोटी वर्ष आवश्यक छ। त्यो समयभित्र हामीहरूले आगामी भयको निमित्त व्यवस्था गरी तयार रहन सकिन्छ। नक्षत्र विज्ञान र Rocket विज्ञान विकास हुन सकिन्छ। नक्षत्र प्रज्ञाविद्‌हरूले मानिसहरू रहन सकिने ग्रह फेला पारी मानिसहरू प्रकाशको आवेग जतिको द्रुतगतिले त्यो ग्रह रहेको क्षेत्रतिर जान सकिने छ। तर विज्ञानको जति विकास भएता पनि मानिसहरूले चक्रवालभित्र परिक्रमा र भ्रमण गर्नुद्वारा सत्त्वलोकलाई निरन्तर जीवन जोडेर रहन सक्ने छैन। किनभने Thermodynamics दोश्रो धर्म नियम अनुसार Energy शक्ति एकदम घनिभूत भइरहेको स्थितिबाट घनिभूत हुनु कम हुँदै गएको स्थितितिर सँधै परिवर्तन भइरहेको कारणले सर्वन्तिम अवस्थामा सत्त्वलोक निरवशेष रूपमा निरोध र शान्त भएर नै जानेछ।"[१]

यहाँनिर भगवान् बुद्धले Sir James Jeans ले जस्तै एक न एक दिन विश्व (पृथ्वी) सूर्य चकनाचूर भई विनाश हुने कारणलाई उपदेश गरेर जानु भएको कुरा याद राख्नु उचित छ।

"भिक्षुहरू हो, संस्कार धर्म अनित्य हुन्। तिनीहरूमा अति नै उद्विग्न लाग्नु योग्य छ। तिनीहरूबाट मुक्त हुनु योग्य छ। विश्व (पृथ्वी) मेरु पर्वतहरू सातवटा सूर्यहरू उदय भएर आउने बेलामा दन्किएको आगोको गोला हुनेछ। राप

1. Bertrand Russell, "Religion and Science", PP. 217–18.

download from : https://www.dhamma.digital

र तापले दन्किएर यो महापृथ्वी आगोले विनाश हुनेछ। केही पनि बाँकी रहने छैन। त्यो विषयमाथि आर्यपुद्गलहरूलाई छाडी कसले जान्न र विश्वास गर्न सक्ने होला ?" (अं. नि. सत्तनिपात सत्तसूरिय सुत्त)।

यसरी हामीहरूले चक्रवालमा मानिसहरूको विश्व प्रतिष्ठित हुनु र मनुष्य संसारको स्वाभाविक आकार प्रकार भविष्यको गतिविधिलाई गम्भीर रूपमा निरीक्षण र परीक्षण तथा परामर्श गरेमा म भन्ने अभिमान र सत्कायदृष्टि आशक्ति भइरहनुमा कारण छैन। वास्तवमा इसापूर्व छैठौं शताब्दी युगको भारतमा अनात्मवाद प्रादुर्भाव हुनु चक्रवालको विषय मनुष्य संसारको विषयलाई प्रज्ञाविद्‌हरूले निरीक्षण र परामर्श गर्नुबाट प्रादुर्भाव भएको भएमा हुनसक्ने सम्भावना छ। यो तथ्यसित सम्बन्ध राखी Dr. Rhys Davids ले निम्न: अनुसार लेखिराखेका छन्–

"समय र आकाशको असंख्यय्य अप्रमाण अनादि स्वभाव लोकधातु चक्रवालको दाँजोमा हाम्रो विश्व पृथ्वीको किंचित् मात्र पनि अप्रकट स्वभाव; मानिस र तिरश्चीन रूखहरूको पृष्ठभूमि समान भएको स्वभाव; एउटा विश्व विनाश हुन अथवा प्रादुर्भाव हुन आवश्यक समयको अति दीर्घकालीन स्वभाव; लोकधातु चक्रवालभित्र रहेको सम्पूर्ण तत्त्वको निरन्तर परिवर्तन भइरहेको स्वभाव; यो स्वभाव धारणाहरूले त्यस छैठौं शताब्दी युगका भारतीय धर्म सिद्धान्तहरूलाई मरम्मत र निर्माण गरेको हुनुपर्दछ। ती

download from : https://www.dhamma.digital

स्वभाव धारणाहरूको कारणले मानिसहरूले भवसंसारमा विचरण गरिरहन पर्नुको दोष; वर्त दुःखबाट मुक्त हुनुलाई अन्य भूमि स्थानहरूमा आशा राख्न सम्भव हुन नसक्नेलाई र शील समाधि धर्म बृद्धि गर्नुद्वारा यस प्रत्यक्ष जीवनमा मानसिक सुख शान्ति लाभ गर्न आवश्यक भएको तथ्यलाई जाने देखेको हुनसक्छ। यूरोपको मध्ययुगमा पनि लोकधातु चक्रवालसित सम्बन्ध रहेको धारणाहरू क्रिश्चियन श्रमणहरूको शासनमा अत्यन्त महत्त्वपूर्ण रहेको थियो। पछिको समयमा हाम्रो विश्व पृथ्वीको प्रतिष्ठित गतिविधि र मनुष्यप्राणीहरू श्रेणीगत रूपमा परिवर्तन भएर आएको कारण नयाँ धारणाहरू प्रादुर्भाव भएर आउँदा हाम्रा धार्मिक विचारधाराहरू पनि एकदम परिवर्तन भएर आए।

"बुद्धकालीन अवस्थामा चक्रवालको विषयमा मानिसहरूले जानेका तथ्यहरू सही सलामत थिएन। तर इसापूर्व छैठौं शताब्दी युगको विश्वको अन्य प्रदेशमा रहेको धारणाहरू भन्दा बढी सत्य छ। त्यसकारण त्यस भारतीय युगमा बुद्धवाद प्रादुर्भाव भएर आउनुको कारण धर्महरूलाई अन्वेषण अध्ययन गर्दा त्यस युगका मानिसहरूको चक्रवाल विषयक धारणाहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको स्थितिलाई हामीले उपेक्षितभाव राखेमा ऐतिहासिक दृष्टिले भूल हुनेछ।"[१]

यसरी मानिसले लोकधातु चक्रवाललाई पृष्ठभागमा

---

1. T. W. Rhys Davids, "Early Buddhism", PP. 83-84.

download from : https://www.dhamma.digital

राखी परीक्षण र अध्ययन गरेमा अमृत ठोस सार आत्मा शून्य रहेको कारण स्पष्ट छ । तर मानिसमा सत्य र मिथ्या असल र खराबलाई छुट्याएर देख्न जान्न सक्ने शक्ति सामर्थ्य छ होइन र ? त्यो शक्ति सामर्थ्य मानिस र तिरश्चीनलाई छुट्याइराखेको तत्त्व (वा) आत्माको अङ्ग लक्षण हो होइन र ? भनी सोधिनु पर्नेछ ।

अवश्य हो । मानिसमा यथार्थ धर्मलाई अन्वेषण र परीक्षण गरी फेला पार्न सक्ने सामर्थ्य छ । त्यस शक्ति सामर्थ्यको कारणले तिरश्चीनहरू भन्दा अति उच्च श्रेणीमा पुगिरहेको हो । तर हामीले मानिसको विवेकलाई प्रमाणभन्दा बढी ठूलो स्थान दिनु उचित छैन । यो विश्वजगतमा विचार विमर्श ज्ञान परिपक्व भएका व्यक्तिहरू स्वल्प छन् । विचार विमर्श ज्ञान छ नै भनौं; त्यस विचार विमर्श ज्ञानद्वारा आवागमन र कामकाज गर्ने व्यक्तिहरू पनि धेरै छैनन् । मानिसहरूले प्रायशः वैचारिक ज्ञानलाई प्रयोग नगरी लोभ, दोष, मोह धर्मलाई अगाडि सारी काम गर्ने गर्छन् । त्यसकारण नै मनुष्यसंसार भूलचुक र स्खलनहरू भरमार भई सुख शान्तिबाट अलग्ग टाढा परिरहेको होइन र ?

मानिसमा स्वाभाविक रूपले व्यक्तिगत आचरण धर्मसित सम्बन्ध राखी असल र खराबलाई त्यसै त्यसै सहज सरल रूपमा छुट्याई देख्न जान्न सक्ने प्रज्ञाज्ञान छ भनी कसैं कसैले विश्वास गर्छन् । Mrs. Rhys Davids ले परिनिर्वाणनिरको समयमा भगवान् बुद्धले उपदेश गर्नुभएको

download from : https://www.dhamma.digital

धम्मं सरणं आदि पालिमा आएको धम्म भन्ने पालिपद मानिसको सन्तानमा रहेको असल र खराबलाई छुट्याई देख्न जान्न सक्ने प्रज्ञाज्ञानलाई उपदेश गर्नुभएको हो भनी भनेर त्यो प्रज्ञाज्ञान आत्माको प्रभाव शक्ति हो भनेर लेखेको छ। यसरी धम्मलाई अभिप्राय व्यक्त गर्ने तरीका ठीक वा बेठीक छ भन्नेलाई पन्छाई मानिसहरूमा व्रताचरण धर्म ठीक बेठीक छुट्याई देख्न जान्न सक्ने ज्ञान छ भन्ने सिद्धान्त त आधुनिक प्रज्ञाविद्हरूले स्वीकार्न सकिने छैनन्। व्रताचरण धर्मको क्षेत्रमा मानिसहरूका धारणा दृष्टिकोणहरू एक युगदेखि अर्को युग, एक स्थलदेखि अर्को स्थलमा एक समान नभई समय प्रदेशानुकूल अनुशरण गरी भेदविभेद भइरहेको कारण नृशास्त्रहरूमा साधक नमूना प्रमाणहरू थुप्रै छन्। तसर्थ त्यो असल र खराबलाई देख्नु जान्नु बुझ्नु मानिसहरूको अनुभूति र वरिपरिको वातावरण माथि निर्भर रहेको तथ्य स्पष्ट छ। आफ्नो स्वज्ञान (वा) आत्माको शक्ति सामर्थ्य (अथवा) बर्मेलीहरूले विश्वास गरे जस्तै आत्मरक्षक देवतामाथि निर्भर छैन।[1]

त्यसरी मानिसहरूले प्रज्ञाज्ञान बृद्धि भई मानिसलाई प्रमाणभन्दा बढी ठूलो सम्झनु शनैः शनैः कम भएर आएको अवस्थामा आत्मवादको पनि बिस्तारै बिस्तारै स्थिति ढल्किदै आएको छ। आत्मवादलाई सर्वप्रथम विभाजन र परीक्षण गरी दोष देख्ने पश्चिमी राष्ट्रको प्रज्ञाविद् अठारौं शताब्दी

१. "सही आचरण र मिथ्या आचरण" म्यावदी, फरवरी १९५६।

download from : https://www.dhamma.digital

युगको अंग्रेज दर्शनाचार्य David Hume हो। David Hume को लेखाई पालिपिटकमा आएका कुराहरूसित एकनाश भइरहनु अचम्मलाग्दो छ। उनको धारणालाई संक्षिप्त र सारांश रूपमा मात्र उल्लेख गर्नेछु।

"आत्मालाई कारण गरी उत्पन्न भएको एक न एक चित्त यदि भएको थियो भने; त्यो चित्त हामीहरूको सम्पूर्ण जीवनभर परिवर्तन नभइकनै निरन्तर स्थिर रहनु पर्नेछ। किनभने आत्मा त्यसरी निरन्तर स्थिर रहेको तत्त्व हो। तर निरन्तर स्थिर चित्त भने छैन। ... ... ... आत्मा छ भन्ने धारणा हाम्रो आफ्नो व्यक्तिगत ज्ञानसित प्रतिपक्षी छ। मैले आफ्नो व्यक्तिगत विषयलाई गम्भीर रूपमा अध्ययन प्रत्यवेक्षण गर्दा गरम हुनु चीसो हुनु प्रेम हुनु घृणा हुनु हर्ष हुनु र विस्मात हुनु आदि चित्त चैतसिकहरूमात्र देख्नमा आउँछ। चित्त चैतसिक अलग्ग भएको आफूलाई कहिले पनि खोजेर मिल्दैन। निद्रा लागी चित्त सन्तति रोकिरहेको अवस्थामा मैले आफ्नो व्यक्तिगत विषयलाई केही पनि नजानिएको हुनाले आफू रहेन भनेर नै भन्न सकिन्छ। त्यसकारण मनुष्य-प्राणी हाम्रो ज्ञानले भेट्टाउन नसकिने गरी अत्यन्त बेगवान् भई एक पछि अर्को लगातार उत्पत्ति विनाश भएर निरन्तर परिवर्तन र प्रकम्पन भइरहेका चित्तहरूको समवाय मात्र हो।"[१]

1. Quated in C. E. M. Joad, "Guide to Philosophy", PP. 230–31.

download from : https://www.dhamma.digital

आजकाल चित्तवेद (मनोविज्ञान विद्या) प्रज्ञाविद्-हरूले पनि आत्मवादलाई तिरस्कार गर्छन् । चित्तवेद प्रज्ञाले मानिसमा चाल चलन चिन्तना कल्पना आशा छन्दहरूलाई व्यवस्था र सृष्टि गर्ने आत्मविज्ञान छ भन्ने सिद्धान्तलाई स्वीकार गर्दैन ।

मानिसहरूले आत्म उपादान भएको कारणले मैले गर्छु; मैले चिन्तना गर्छु; म चाहन्छु भनी विचार गरिरहन्छन् । पारस्परिक रूपमा त्यसरी विचार गरिरहेको कारणले पनि सत्कायदृष्टिलाई हटाउन र पन्छाउन नसकेका हुन् । चित्तवेद प्रज्ञाले मानिसहरूको क्रियाकलाप कल्पना चिन्तना इच्छा रहनुलाई निर्माण गर्ने कर्ता वा आत्मालाई बिचार गर्दैन । मनोवैज्ञानिकहरूको विचारधारा अनुसार मानिसको क्रियाकलाप कल्पना चिन्तनाहरू प्रायशः मैथुन चित्त, भय चित्त, भवप्रति आशक्त भएको चित्त, साथी भाईहरूसित बस्न चाहने चित्त आदि जन्मजातचित्त (Instinct) हरूको कारणले उत्पन्न भएका हुन् । अन्य क्रियाकलापहरू अभ्यास र आचरणको कारणले हुन्छ । मानिसहरू आ-आफूमा वर्षौं महिनौं दीर्घकालसम्म टाँसिरहने वासना आचरणहरूको दासदासी अनजानको रूपमा भइरहेका छन् । Psychoanalysis मनोविज्ञान अनुसार भनौं भने हामीहरूको मनोविज्ञानको तल्लो भागमा हामीले नजानेता पनि अत्यन्त प्रभावकारी चित्तहरू छन् । हामीहरूमा यिनी-

download from : https://www.dhamma.digital

हरूमाथि प्रभुत्व नरही तिनीहरूले अह्राए पह्राए बमोजिम हामीले कामकाज चिन्तन मनन गरिरहनु पर्दछन् ।[1]

जन्मजात चित्तसित सम्बन्ध राखेर कुनै कुनै मनोवैज्ञानिकहरूमा अहिले अर्को किसिमको धारणा परिवर्तन भएर आएको सही छ । Psychoanalysis सिद्धान्तलाई आधुनिक सबै प्रज्ञाविद्हरूले एकजूट भई समर्थन नगर्नु सही छ । तर जन्मजात चित्त र अनजान चित्तहरूले मानिसहरूको क्रियकलाप चिन्तन मननलाई धेरै मर्मत र निर्माण गरेको कारणलाई भने हामीले तिरस्कार गर्न सकिन्न । जेहोस्, आधुनिक मनोविज्ञान वेत्ताहरूले बहुजनले बुझेको विज्ञान मनोभावना आत्मा हंस आदि भनी व्यवहार गर्ने विषयलाई बढाई चढाई प्राथमिकता दिई विचार गर्दैन । मनोविज्ञान ग्रन्थहरूले त्यसलाई बिल्कुल उल्लेख नगरी शून्य चिह्न लगाई बाँकी राखिछोड्छन् । त्यसलाई मानिसहरूले चिन्तन मनन गर्नु कामकाज गर्नुको मूल वादीको रूपमा स्वीकार गर्दैनन् ।

यो तथ्यलाई स्पष्ट पार्न ख्यातिप्राप्त पश्चिमी राष्ट्रका मनोवैज्ञानिकहरूको ग्रन्थहरूबाट केही कुरा उद्धृत गरी उल्लेख गर्नेछु ।

"चित्तवेद प्रज्ञा अध्ययन गर्ने क्षेत्र चित्तसन्तति मात्र हो । अभिरूपवेद ग्रन्थ अथवा परमेश्वर विषय ग्रन्थ (Metaphysics or Theology) हरूले आत्मविज्ञान

१. "अनजान चित्त", म्यावदी, मार्च १९५७ ।
"मनुष्यको बन्धन र स्वतन्त्रता", म्यावदी, अक्टोबर १९५७ ।

download from : https://www.dhamma.digital

रहेको कारण देखाएमा देखाउन सकिने छ। तर त्यो आत्मवाद चित्तवेद प्रज्ञामा बढ्ता मात्र भएको छ। यो पुस्तकमा हामीले पाइराखेका तथ्यलाई मात्र दृढतापूर्वक स्वीकार्नुपर्ने छ। यो तथ्य त चित्तसन्तति नै कल्पना र चिन्तना गर्ने व्यक्ति हो भन्ने तथ्य हो।"[१]

"प्राणजीव भनेको रूपधर्म र धातुहरूको मिश्रित सन्ततिक्रमलाई भनेको हो। तिनीहरूबाट भिन्न अन्य गोप्य र गम्भीर रहेको एक न एक धर्म होइन। त्यस्तै हामीले चित्तलाई चित्तको उत्पत्तिक्रमबाट भिन्नाभिन्न छुट्याएर विचार गर्नु योग्य छैन। वेदना, चेतना र प्रज्ञाज्ञानहरूलाई त्यस गोप्य गम्भीर धर्मको गुण र लक्षणहरूको रूपमा सम्झनु उचित छैन। चित्त चित्तउत्पत्तिक्रमहरूको समूह भई प्रज्ञाज्ञान, वेदना र चेतनाहरू त्यो समूहमा समावेश भएका अङ्ग प्रत्यङ्ग वा चित्त चैतसिकहरू हुन्।"[२]

"हामीहरूले आत्माको एक मात्र हुने स्थिर हुने स्वभाव र चित्तउत्पत्तिक्रमहरू सम्बन्धित भइरहेको स्थितिलाई परीक्षण र अध्ययन गर्ने अवस्थामा दुई प्रकारको वाद भिन्न भइरहेको फेला पार्छौं। एउटा त्रिकोणको गुण द्रव्य त्यसको अङ्ग प्रत्यङ्गहरू विशिष्ट रूपमा सम्बन्धित भइरहनु माथि आधारित रहे जस्तै एउटा व्यक्तिको गुण द्रव्य पनि चित्त

1. William James, "Principles of Psychology", PP. 203–216.
2. Titchener, "Outline of Psychology".

download from : https://www.dhamma.digital

उत्पत्तिक्रमहरू एक अर्कोसित विशिष्ट रूपमा सम्बन्धित रहनु-मात्र हो भनी पहिलो वादले भन्छ । त्यो वादको विचारधारा अनुसार एक व्यक्तिको आशा छन्द उत्पन्न भयो भनी हामीले भन्दा एउटा आशा छन्द चित्तउत्पत्तिक्रममा अन्तर्निहित भई त्यो चित्तउत्पत्तिक्रममा सम्पिण्डन हुने स्वभाव क्रमिक रूपमा उत्पन्न हुने स्वभाव समावेश भएको कुरा र ती स्वभावधर्महरू चित्तक्रमसित मात्र सम्बन्धित भई भौतिक तत्त्वसित सम्बन्धित नभएको कुरा बुझिनु पर्नेछ । दोश्रो वादले त पुद्गल सत्त्व चित्तक्रमहरू सम्पिण्डन गरिराख्नु मात्र होइन; चित्तक्रमहरूलाई सम्पिण्डन गर्ने विषय तिनीहरूको परोक्षमा दृढ र स्थिर भइरहेको विषय पनि हो । त्यो वाद अनुसार भन्ने हो भने चित्तक्रमहरू आत्मासित सम्पर्क राख्नुद्वारा मात्र एकीकरण भएर आएको हो । त्यसरी दुई प्रकारको वाद विभेद भइराखेकोमा हामीले दोश्रो वादलाई पन्छाई पहिलो वादलाई मात्र स्वीकार्न चाहन्छौं । हाम्रो दृष्टि अनुसार पुद्गल सत्त्वलाई चित्तउत्पत्तिक्रम समूहसित छुट्याएर पाउन मिल्दैन ।"[1]

आत्मवादलाई आधुनिक मनोवैज्ञानिकहरूले मात्र तिरस्कार गरेका होइनन्; वैज्ञानिकहरू र नैसर्गिक शास्त्र प्रज्ञाविद्हरूले पनि तिरस्कार गर्छन् । प्रसिद्ध अंग्रेज वैज्ञानिक

---

1. Prof. Slout, "Some fundamental Points in the theory of knowledge", P. 6.

download from : https://www.dhamma.digital

Huxley ले अनात्म धर्मको उपदेश गर्नु हुने भगवान् बुद्धलाई निम्न प्रकारले प्रशंसा गरेको थियो ।

"नामविज्ञानको पृष्ठभूमिमा ठोस सार आत्मा नभएको कारणलाई हामीहरूले राम्ररी देखाउन सक्छौं । Berkeley[1] ले यो तथ्यलाई जाने देखेको थिएन । ...... यो क्षेत्रमा गौतम बुद्धले आधुनिक युगमा सर्वप्रसिद्ध विज्ञानवादीले भन्दा बढी गम्भीर रूपमा देख्नु जान्नु भएको थियो ।"[2]

"हामीले स्कन्ध शरीरलाई भिन्नाभिन्नै रहेको आत्मविज्ञानले नेतृत्व गरिराखेको छ भन्ने सिद्धान्तलाई स्वीकार्न सक्दैनौं । त्यो सिद्धान्त शक्ति सामर्थ्यको स्थिर र दृढ हुनु नियामधर्मसित प्रतिपक्षी छ । ... ... ... तर त्यसरी सुनिश्चित रहेको नियाम धर्मसित प्रतिपक्षी रहेको कारणले मात्र त्यो सिद्धान्तलाई पन्छाउनु पर्ने होइन । त्यो सिद्धान्तलाई तिरस्कृत गर्नु परेको कारण त्यो हामीले फेला पारिराखेका घटना क्रमहरूसित सामञ्जस्यता नरहेको कारणले हो ।"[3]

निम्न कुराहरू जर्मन तत्त्ववेत्ता Hermann Key-

---

1. Berkeley- प्रसिद्ध अंग्रेज विज्ञानवादी दर्शनाचार्य ।
2. T. H. Huxley quoted in Eliot, "Hinduism and Buddhism", Vol. I, P. cii.
3. J. B. S. Haldane, "The Science and Philosophy", P. 123–24.

download from : https://www.dhamma.digital

serling र अंग्रेज तत्त्ववेत्ता Bertrand Russell हरूको ग्रन्थहरूबाट उद्धरणहरू हुन् ।

"परमार्थ हिसाबले म Hermann Keyserling बिल्कुल छैन । ममा संस्कार धर्म अनित्य धर्म नरहेको विषय केही पनि छैन । असंस्कृत धातु नित्य धातुको रूपमा कसैलाई पनि निर्देशित गराइन्न । मेरो आत्मा मेरो शरीर भनेर सम्झनु पर्ने विषयहरू त एकछिन भित्रमा प्रादुर्भाव भई निरोध र विनाश भएर जाने धर्मारम्मणहरू मात्र हुन् ।"[1]

"Descartes[2] ले म चिन्तन गर्छु । तसर्थ म छु वा म चिन्तन गर्ने पुद्गल सत्त्व हो भनी भन्छ । आफू कस्तो विषय हो भनी उल्लेख गरेर देखाउँदा परिवर्तन भइरहेको धर्म समूह रहेको एउटा व्यक्ति हो भनेको कुरा नै सबभन्दा अनुपयुक्त सबभन्दा बेठीक कुरा भयो । परिवर्तन भइरहेको धर्म समूह मात्र हो भनी भन्नु उचित छ । Descartes चित्तक्रम मात्र हो । त्यो चित्तक्रमलाई Descartes को नामधर्म भनी व्यवहार गर्न सकिन्छ । तर न्यूयोर्क शहरको जनसंख्या न्यूयोर्क शहरका नागरिकहरूलाई अलग राखी भिन्नाभिन्न नरहे जस्तै Descartes को नामधर्म पनि भिन्नाभिन्नै छैन । त्यसो हुनाले Descartes ले चिन्तन गर्छैन् भनी Descartes फेरि सम्झने विश्वास गर्ने चाहना गर्ने

1. Hermann Keyserling, "The Travel Diary of a Philosopher", P. 570.
2. Descartes १७ रौं शताब्दी भित्रको प्रसिद्ध फ्रेञ्च तत्त्ववेत्ता ।

download from : https://www.dhamma.digital

आदि अन्तर्निहित भएको चित्तक्रम हो भनी भन्नु उचित छ।"[१]

अनात्मवादलाई स्वीकारी विश्वास गर्ने पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूको कुराहरूलाई परिपूर्ण रूपमा उल्लेख गरेको खण्डमा अन्त हुनसक्ने छैन। तर प्रज्ञाविद् द्वयको लेखाईहरू विशेष स्मरणीय भई तिनीहरूलाई उल्लेख गरिन्छ।

पहिलो प्रज्ञाविद् दोश्रो विश्व युद्ध हुनु भन्दा अगाडि धेरै प्रसिद्धि पाएको प्रख्यात अंग्रेज लेखक H. G. Wells हो। H. G. Wells ले परमार्थ हिसाबले पुद्गल सत्त्व नभएको विषयलाई निम्न: अनुसार लेखेको थियो।

"हामीहरूले कुन विषयलाई पुद्गल सत्त्व भनिनु पर्ने हो? पुद्गल सत्त्व भनेको भिन्नाभिन्नै प्रादुर्भाव भएर आई स्कन्ध शरीर विनाश हुनुञ्जेलसम्म संसारमा अलग्ग प्रकट रूपमा स्थिर रहने सत्त्व हो भनी मानिसहरूले धारणा राख्दछन्। तर हामीले प्राणवेद (Zoology) र आधुनिक युगको चित्तवेद प्रज्ञाहरूलाई अध्ययन गर्ने अवस्थामा पुद्गल सत्त्वको भिन्न अलग्ग स्थिरता (आत्मभाव) लाई संशय गर्नु पर्ने तथ्यहरू देखिन आउँछन्।

"उदाहरणको रूपमा बिरुवाहरू अलग्ग अलग्गै उम्रिरहेका जस्तै देखिएता पनि धेरै बिरुवाहरूमा भिन्न रूपमा

---

1. Bertrand Russell, "Portraits from memory and other essays", P. 138.

download from : https://www.dhamma.digital

रहिरहनु पाइँदैन । एउटा बिरुवाबाट अर्को बिरुवाहरू बृद्धि भएर आउने गर्न सकिन्छ । जाल नमिल्ने दुई बिरुवालाई कच्चा सार्नुद्वारा एउटा नयाँ बिरुवा निर्माण गर्न सकिन्छ । कुनै कुनै तिरश्चीन कीटाणुहरू दुईवटा एकजूट भई एउटै भएर आउन सक्छ । एउटाबाट दुईवटा अथवा दुईवटा भन्दा बढी कीटाणुहरू बृद्धि भएर आउँन सक्छन् । कुनै कुनै (कीटाणुहरू) एउटाबाट अन्य कीटाणुहरू बृद्धि भएर आएता पनि ती बृद्धि भएका कीटाणुहरूसित नछुट्टिइ जमेर बस्छन् । गाई भैंसी हात्ती आदि उच्च जातका तिरश्चीनहरूमा त त्यसरी सम्पिण्डन हुनु छुट्टिनु बृद्धि हुनु स्वभाव शक्ति देखा पर्दैन । तर त्यसरी नदेखिनु ठूलो तिरश्चीन संसारको अङ्ग प्रत्यङ्गको विशिष्ट अङ्ग लक्षण हो ।

"वास्तवमा भन्ने हो भने त्यस स्वभाव आकार प्रकार बाख्रा बिरालो कुक्कुरहरू र मानिसहरूमा पनि कहिलेकाहीं देखा पर्छन् । उदाहरणको रूपमा दुईवटा टाउको र एउटा शरीर अथवा दुईवटा शरीर र एउटा टाउको भएको दूधे बालकलाई कुनै कुनै पाठक वृन्दहरूले देख्नु भएकै होलान् । त्यो दूधे बालकलाई अलग व्यक्तिको रूपमा कसरी मैले सम्झन सक्ने होला ।"

"त्यस अतिरिक्त मानिस जन्मदेखि मरणसम्म कहिले पनि एक्लै खडा भइरहेको हुँदैन । मानिसको स्कन्ध शरीरको नसा भित्र अत्यन्त स्यानो अस्पष्ट कीटाणुहरू असंख्य अनन्त छन् । तिनीहरूले रोग कीटाणुहरूलाई विनाश पार्ने खाना

download from : https://www.dhamma.digital

ओसार्ने आदि थुप्र कामहरू वहन गर्छन् । गाउँ शहर र नगरहरूले कोटान्कोटी संख्या भएका धेरै मनुष्य प्राणीहरू समूह गरी राख्ने गरे जस्तै मानिस पनि कोटान्कोटी संख्या भएका ती धेरै कीटाणुहरू समूह गरी थुपारी राख्ने स्थल हो ।"

"चित्त विज्ञानमा आत्मभावलाई विश्वास गर्न नसकिने तथ्यहरू देखा पर्छन् । मानिसको एउटै शरीरमा चित्त दुई गुट छुट्टिइ एक पक्ष र अर्को पक्ष प्रतिपक्ष भइरहन्छ । पाठक वृन्दहरूले लेखक R. L. Stevenson ले लेखेको 'Dr. Jekgail and Mr. Hyde' उपन्यास सम्झिएका होलान् । त्यो उपन्यासमा राम्रो पात्र कहिलेकाहीं दुष्ट पात्र भई कहिलेकाहीं राम्रो पात्र हुन आउँछ । त्यसरी चित्त दुई टुक्रा छुट्टिनुलाई मानिसहरूमा अर्ध निद्रामा पारिराख्दा र मानसिक रोग भइरहँदा देखापर्छ । एक न एक कारणले गर्दा अतीत जन्मलाई बिल्कुल भुलेर गएका व्यक्तिहरूले पनि एउटा शरीर दुई किसिमको मनस्थितिसँग सामना गरिरहेको हुन्छ ।"

H. G. Wells ले त्यस प्रकारका युक्तिसाधक नमूनाहरूद्वारा आत्मभाव नभएको कारणलाई देखाइसकेपछि निम्न अनुसार आफ्नो दृष्टि लेखेको छ ।

"यी तथ्यहरूको कारणले H. G. Wells भन्ने म मानिसहरूले सोचेजस्तै निःसन्देह भिन्नाभिन्नै पुद्गल सत्त्वको हिसाबले छ कि भनी ममा संशय हुन लाग्यो । मेरो आत्मभाव प्राणवेद दृष्टि भूल हुनुमात्र हुन सकिने छ ।

download from : https://www.dhamma.digital

हामीहरूको आत्मउपादान प्रतिसन्धिदेखि सम्मिलित भएर आएको उपादान आशक्ति भई हामीहरू प्रज्ञाज्ञान प्रबल र परिपक्व भएर आउने बेलामा त्यस उपादानबाट मुक्त हुने छन् । जति जति प्रज्ञाज्ञान बृद्धि हुँदै जान्छ; त्यति त्यति त्यस उपादानलाई अवश्यमेव परित्याग गर्न सक्ने पनि हुन्छ। किनभने प्रज्ञाज्ञान बृद्धि भएर आएको अवस्थामा हामीहरूले आत्मदृष्टि मूल पृष्ठभूमि रहेको सम्पूर्ण आशा छन्द सर्वन्तिम अवस्थामा जीर्णत्व ब्याधि मरणमा इतिश्री गरी निरर्थक हुनु पर्ने कारणलाई राम्ररी देख्न जान्न सक्ने भएर अवश्य आउने छ ।"[१]

H. G. Wells ले जस्तै अनात्मधर्मलाई देख्ने जान्ने बुझ्ने अन्य यूरोपेली प्रसिद्ध प्रज्ञाविद् व्यक्ति जर्मन प्रज्ञाविद् Goethe हो । Goethe कवि यथार्थवादी राजनीतिज्ञ आदिद्वारा विश्वविद्‌ विश्वप्रज्ञाविद्‌को रूपमा ख्यातिप्राप्त थियो । अमेरिकी प्रज्ञाविद् Paul Carus ले एउटा बौद्ध ग्रन्थ पुस्तकमा Goethe ले बुद्धवाद विषय सुन्न नपाएता पनि अनजानमै बुद्धवादी भइरहेको विषय Goethe को विचारधाराहरूमध्येमा अनात्मधर्म स्वभाव सम्मिलित भएको घटनाहरूलाई उल्लेख गरिराखेको छ । Paul Carus ले Goethe का कविताहरूलाई उद्धरणको रूपमा

1. H. G. Wells in "I believe: The Personal Philosophies of 23 eminent men and women of our time", 1940, PP. 361–62.

download from : https://www.dhamma.digital

उल्लेख गरेको हुँदा ती कविताहरूको भनाई अनुसार Goethe को दृष्टिकोण र विश्वास निम्न अनुरूप छ ।

"मैले मेरा आमाबाबु द्वयबाट बीज शक्तिहरू अंश पाएको छु । जन्मिनासाथ तुरन्त वरिपरिको संसारको मर्मत र निर्माणको अनुभव गर्नुपर्छ । यसरी कुलवंशको बीज वरिपरिको मरम्मतको अनुभव गर्नुपर्ने म कसरी आधारहीन एक्लो व्यक्ति एक्लो सत्त्व हुन सकिएला र ? म वरिपरिको संसारसित अलग भई एकालब्य रूपमा खडा हुन सकेमा एक्लो व्यक्ति एक्लो सत्त्व हुनेछ । मरम्मत र व्यवस्था रहित असंस्कृत विशिष्ट व्यक्ति हुन आउनु अति नै श्रीशोभा र मङ्गल युक्त भई त्यस प्रकारको स्थिति मनमोहक छ । तर म त्यस प्रकारको पुद्गल सत्त्व नभई मनुष्य संसारसित मिश्रित र संसर्गित भइरहेको सत्त्व भएको कुरा मैले स्वीकार्नु पर्नेछ ।"[१]

Goethe को कुरा सही छ । माथि उल्लेख गरे जस्तै चित्तवेद प्रज्ञाले आत्मविज्ञान सिद्धान्तलाई तिरस्कार मात्र गरेको होइन; मानिसमा म भन्ने ज्ञान समेत स्वतः प्रादुर्भाव भएर नआई वरिपरिको मनुष्य जगतको कारणले प्रादुर्भाव भएर आएको भनी देखाएको छ । यो विषयलाई एउटा प्रज्ञाविद्ले निम्न अनुसार लेखिराखेको छ ।

"आधुनिक चित्तवेद प्रज्ञाले म भन्ने ज्ञान वरिपरिको

---

1. Paul Carus, "Buddhism and its Christian Critics", PP. 109–05.

download from : https://www.dhamma.digital

मनुष्य जगतको कारणले प्रादुर्भाव भएर आउँछ भनी धारणा राख्छ। चित्तवेद प्रज्ञाविद्‌हरूको भनाई अनुसार दूधे बालक मनुष्य जगतमा आइपुग्ने अवस्थामा शुरू शुरूमा आत्मचित्त बिल्कुल रहन्न। त्यो जातिचित्त अथवा आशा छन्दहरू सम्पिण्डन गरेर राख्नु भनेको हो। यदि आत्मचित्त रहेको छ भने अनुशय धातुको रूपमा मात्र रहनु पर्नेछ। अन्य मानिस-हरूलाई हेरी नमूना लिने, सम्झिराख्ने, भनेको मान्नेद्वारा आत्मचित्त विकास भई वरिपरिको मनुष्य जगतको मरम्मत गर्नु र व्यवस्था गर्नुलाई अनुभव गर्दै शनैः शनैः ठूलो हुँदै आफू र अरूलाई विभाजन गरेर ल्याउँछ। चित्तवेद प्रज्ञाविद्‌हरूले भरखर जन्मिने बच्चामा अन्तर्निहित भएर आएको निजी शक्ति बीजको स्वभाव प्रमाणसित सम्बन्ध राखी धारणा र सिद्धान्त विभेद भइरहेता पनि त्यो मूल शक्ति बीजमा आत्मचित्त समावेश नभएको कुरा सबैले स्वीकार्छन्। आत्मचित्त उन्नति र विकास हुनुमा समावेश भएका श्रेणीहरू तथ्यहरूसित सम्बन्ध राखी विचारधारामा विभेद भएता पनि आत्मचित्त उन्नति र विकास भएर आएको चित्त वा संस्कार धर्म भई प्राथमिक रूपमा वरिपरिको मनुष्य जगत माथि आधारित भएको कुरा एक शोरमा विश्वास गरेका छन्।"[1]

यसरी आत्मचित्त अनुभव र वातावरणलाई कारण बनाई प्रादुर्भाव हुनु परेको हो। मामिसहरू पनि आत्म-

1. W. M. Urban, "Fundamentals of Ethics", P. 140.

download from : https://www.dhamma.digital

उपादानको कारणले म अरू भनी विभेद गरेता पनि वास्तवमा आफूहरू आत्माको आधारद्वारा स्वभावतः स्थिर रहन सक्ने होइन । मानिस तिरश्चीन प्राणीहरूको दाँजोमा दूधे बालकको अवस्थामा आमाबाबुलाई सबभन्दा बढी आधार लिनुपर्ने प्राणी हो । ठूलो भएर आउँदा पनि अन्य तिरश्चीन जस्तै एक्लो नबसी गुट जमाएर एक अर्कोलाई आधार भरोसा लिई बस्नुपरेका हुन्छन् । त्यसकारण मानिस आत्म-उपादानद्वारा म अरू भनी विभेद गरेता पनि कुनै एक व्यक्तिको विषयलाई यथार्थ रूपमा जान्न चाहेमा त्यो एक व्यक्तिलाई अलग्याएर हेर्नु अध्ययन गर्नु नगरी त्यसको आमाबाबु बाजे बज्यै गुरु आचार्य इष्टमित्रहरूलाई समेत अध्ययन गर्नु पर्छ । त्यस व्यक्तिको गमनागमनको ढाँचा रहन सहन खान पान ढाँचा आदिहरूलाई मात्र अध्ययन गर्ने नगरी आफ्नो स्वास्नी बाल बच्चाहरू माथि व्यवहार गर्ने ढाँचा मालिक अथवा कामदारहरूसित व्यवहार गर्ने ढाँचा आदिहरू-लाई समेत परीक्षण गर्नु आवश्यक छ ।

तसर्थ मानिस आत्मचित्त जतिसुकै तीव्र दृढ भएको भएता पनि मनुष्य जगतबाट अलग्याएर छुट्याउन हुँदैन । मनुष्य जगतसित बेरेर बाँधिराखेका डोरीहरू कुनै न कुनै तथ्यको कारण खुकुलो जस्तो भएर आउनेछ । अन्यथा विनाश हुने भएमा मनुष्य जीवन पनि निरर्थक भएको हुन्छ । यस किसिमले संसारमा आत्महत्या गरी मर्ने व्यक्तिहरू स्पष्ट साधक नमूना हो । तिनीहरू (चित्त विक्षिप्त भई आत्महत्या

download from : https://www.dhamma.digital

गर्ने व्यक्तिहरू बाहेक) एक न एक प्रकारले वरिपरिको मनुष्य जगतसित व्यवहार गर्नुमा अनुकूल नभएका व्यक्तिहरू हुन्। राष्ट्रका सरकारहरूले मानिस र मनुष्य जगत सम्बन्धित रहेको स्थितिलाई जाने देखेको कारणले आत्महत्या गरी मर्नुलाई कानूनद्वारा निषेध गर्छन्। अवश्य हो। मानिस जतिसुकै आत्मउपादान बढी भएको भएता पनि वास्तवमा आफू आफ्नो अधीनमा विवाहितको रूपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण, आमाबाबुको रूपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण एउटा नागरिकको रूपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण आदि रूपमा थुप्रै मानवीय व्रताचरणहरूले मानिसलाई मनुष्य जगतसित दृढ रूपमा बेरेर बाँधिराखेको छ।

यसरी नक्षत्रवेद प्रज्ञा, रूपवेद प्रज्ञा, सत्त्ववेद प्रज्ञा, चित्तवेद प्रज्ञा, सामाजिक शिक्षा, मनुष्य स्वभाव दर्शन प्रज्ञा आदिद्वारा यस्ता उस्ता विभिन्न प्रकारका शास्त्र प्रज्ञा स्वभाव धर्महरूलाई हृदयङ्गम गरी गहिरिएर निरीक्षण गरेको खण्डमा परमार्थ हिसाबले स्थिर अलग्ग भएको पुद्‌गल सत्त्व, आत्म-जीव छ भन्ने धारणा मिथ्या भएको कुरा स्पष्ट छ। तर आत्मविज्ञानलाई तिरस्कार गर्ने अनात्मवाद उच्छेदवाद होइन भनी विशेष होश गर्नु योग्य छ। भगवान् बुद्धले यो तथ्यलाई निश्चित र व्यक्त रूपमा उपदेश गर्नुभएको थियो। तापनि धेरै मानिसहरूले अनात्मवादलाई उच्छेदवाद भनी मिथ्या रूपमा सम्झन्छन्। लण्डन बौद्ध समितिको अध्यक्ष Mr.

download from : https://www.dhamma.digital

Christmas Humphreys ले समेत थेरवादीहरूको अनात्मवाद चित्त उद्विग्न पार्ने भौतिकवाद जस्तो छ भनी लेखिराखेको छ ।[1]

पश्चिमी राष्ट्रहरूमा आत्मवादलाई तिरस्कार गर्ने विज्ञान र चित्तवेद प्रज्ञा (मनोविज्ञान) प्रादुर्भाव र विकास भइसकेपछि मानिसहरू भौतिकवादतिर ढल्केर आए । संसारमा रूपधर्म मात्र मुख्य प्रधान धर्म हो । नामधर्म रूपधर्मलाई आधार बनाई उत्पन्न भएर आउनु पर्छ । रूपधर्मले मात्र प्रभुत्त्व राखी नामधर्मले रूपधर्मको मर्मत र निर्माण कार्यलाई भोगिरहनुपर्छ भनी विश्वास गर्दै आए । तर रूपवाद (भौतिकवाद) १९ औं शताब्दीको युगमा विकास भई अहिले २० औं शताब्दीको युगमा भने धेरै वैज्ञानिकहरूले त्यस १९ औं शताब्दी युगको रूपवादप्रति संशय गर्न थाले । भौतिक वस्तुको एटमलाई धातु विभाजन गरी त्यसको परमार्थ स्वभावमा शक्ति सामर्थ्य भए जस्तो गरी भन्ने गरेका छन् । विशिष्ट र विचित्र मानसिक स्वभाव आकार प्रकारलाई विज्ञानको यथार्थ विधि अनुरूप परीक्षण र अध्ययन गर्ने इङ्गलैण्डको चित्तविज्ञान अनुसन्धान समिति[2]ले पनि चित्तको शक्ति सामर्थ्य विशाल भएको गम्भीर विचित्र भएको

1. Christmas Humphreys, "Buddhism", P. 85.
London Buddhist Lodge, "What in Buddhism", P. 40.
2. Society for Psychical Research, England.

download from : https://www.dhamma.digital

स्थितिहरूलाई स्पष्ट र छलंङ्ग रूपमा उल्लेख गरी दर्शाएर आए ।[1]

आत्मवादलाई तिरस्कार गर्ने पश्चिमी राष्ट्रको मनोविज्ञानले भौतिकवादतिर ढल्की कुनै कुनै मनोवैज्ञानिक-हरूले नामधर्मलाई बिल्कुल तिरस्कार गर्न चाहन्छन् । यसरी Dr. Watson ले नेतृत्व गरेको मनोविज्ञानगण प्रकट भएको साधक नमूना हो । Dr. Watson ले चित्त भनेको देखिने तत्त्व होइन; तसर्थ मनोविज्ञानलाई अध्ययन गर्दा चित्तलाई समावेश गरी विचार नगरी स्कन्ध शरीरको क्रियाकलापलाई मात्र अध्ययन गर्नुपर्छ भनी भनेको छ । तर त्यस सिद्धान्तलाई वर्तमान रूपवेद प्रज्ञाले स्वीकार्ने छैन । आधुनिक युगको रूपवेद प्रज्ञा १९ औं शताब्दी युगको रूपवेद प्रज्ञा जस्तै नभई दृष्टि परिवर्तन भएर आएको छ । आधुनिक युगको रूपवेद प्रज्ञाविद्हरूले हामीहरूले प्रत्यक्ष र सुनिश्चित रूपमा जानेका तत्त्वहरू स्कन्ध शरीर भित्र उत्पत्ति विनाश हुने तत्त्व वा चित्त नै हो भनी भनेका छन् ।

त्यसकारण अंग्रेज यथार्थवादी प्रसिद्ध बिद्वान् Bertrand Russell ले Dr. Watson ले परीक्षण र अध्ययन गरी जानिने तत्त्वहरू शरीरभित्र उत्पत्ति विनाश हुनेहरू वा चित्तक्रमहरू मात्र हुन् भनेको छ । यस तथ्यसित सम्बन्ध

---

१. "विज्ञानले समाधान गर्न नसक्ने समस्याहरू" म्यावदो, अप्रिल १९५७ ।

download from : https://www.dhamma.digital

राखी Bertrand Russell को लेखाईहरूबाट उद्धरण उल्लेख गर्नेछु ।

"उपमाको रूपमा– मैले एउटा कुर्सी देख्छु भनौं । मैले देखेको कुर्सी मैले नदेखे पनि पूर्वस्थानमा रहिरहनु पर्ने छ भनी मानिसहरूले सम्झिने छन् । रूपवेद प्रज्ञा र जीवन शास्त्र प्रज्ञाको दृष्टि अनुसार त मेरो दृष्टिबाट अलग भई परमार्थ हिसाबले रहिरहेको कुर्सी मैले देखेको पदार्थसित समान हुने छैन । मैले त्यो पदार्थ (कुर्सी) लाई सिद्धै सोझै नभई अर्कोतिरबाट मात्र जानेको हुन्छु । कुर्सीलाई मैले देखेको अवस्थामा घटेको आकार प्रकार मेरो चित्त विज्ञानसित मात्र सम्बन्धित छ भनी सम्झिनु पर्नेछ ।"

"हामीहरूले देखिएको भनिने कुर्सी, टेबुल, सूर्य, चन्द्र आदि वास्तवमा हामीहरूको चित्तविज्ञानले निर्माण गरेका धर्मारम्मण मात्र भई हामीहरूले देखेको भनी सम्झिएको सही रूपवस्तुहरू होइनन् । ... ... ...यदि एक मनुष्य समूहले एक चीजलाई विभिन्न दृष्टिकोणबाट हेरेको खण्डमा तिनीहरूको रूपारम्मणहरू अवरोहण भइरहेको प्रकाशको स्थिति र Laws of Perspective हरूको अनुशरण गरी भिन्नभिन्न हुनेछन् । कुनै रूपारम्मण पनि तिनीहरू सबैले देखिरहेको छ भनी सम्झिरहेको सही चीज हुनेछैन । त्यस अतिरिक्त रूपवेद प्रज्ञाको भनाई अनुरूप हामीहरूको प्रसाद रूपहरू र बाहिरिक रूपवस्तुहरू संघट्टन भइरहँदा उत्पन्न भएर आउने कारण कार्य समवाय भएको संस्कार धर्मक्रम हो । त्यो क्रममा सर्वन्तिम

download from : https://www.dhamma.digital

विषय वा प्रसाद रूपमा प्रकट भएर आउने पदार्थ पहिलो पदार्थ वा बाहिरिक रूपवस्तुसित एकसमान हो भनी भन्न सकिन्न ।"[१]

अर्को एउटा यथार्थवादी प्रज्ञाविद्ले पनि निम्न अनुरूप लेखेको छ–

"यदि चक्षुविज्ञान प्रादुर्भाव भएर आएको स्थिति आकार प्रकार वैज्ञानिकहरूले उल्लेख गरे अनुरूप सही भएमा हामीहरूले बाह्य भौतिक जगतको विषयलाई सोझै जान्न सकिने छैन । रूपवेद र स्कन्धवेद सम्बन्धी उत्पत्तिक्रमहरूले अन्तिममा चक्षुविज्ञानलाई उत्पन्न गराउने भएकोले त्यस उत्पत्तिक्रमहरूलाई पहिलो पटक निर्माण गरेको विषय (बाहिरिक वस्तु) अवश्यमेव हुनु पर्नेछ । तर त्यस रूपवस्तुको स्वभाव आकार प्रकारलाई हामीहरूले जान्न पाइने होइन; वैज्ञानिकहरूको भनाईमा हामीहरूले जान्न पनि सकिन्न । त्यसको गुण द्रव्यहरूलाई हामीहरूले जान्न सकिन्न । कारण किनभने रूपवेद प्रज्ञाविद्हरूको कुरा सही भएमा तिनीहरू वस्तु पदार्थ र मानिसको मस्तिष्कको स्नायु तन्तु समूह घर्षित र स्पर्शित हुनुबाट चित्तविज्ञानले सृष्टि गरी जन्माइएका विषयहरू हुन् । ती चित्तज रूपहरू शब्दध्वनि शीत उष्ण रूपवर्ण आदिहरू मात्र भएका होइनन् । Sir Arthur Eddington को भनाई अनुरूप वस्तु पदार्थहरूको स्थिर

1. Bertrand Russell, "Portraits from memory and other essays", PP. 141–150.

download from : https://www.dhamma.digital

हुनु सङ्गठित हुनु ठोस सारधातु रहनु आदि पनि वास्तवमा धम्मारम्मणहरू मात्र हुन् ।"[१]

उपरोक्त धारणाहरू Arthur Eddington र James Jeans आदि प्रसिद्ध वैज्ञानिकहरूका धारणाहरू हुन् । ती प्रज्ञाविद्हरूको भनाई अनुरूप संसारमा चित्त नै प्रधान र प्रमुख धर्म हो । हामीले जाने देखेको बाह्य संसार चित्तद्वारा अर्कोतिरबाट जानिएको विषय हो । त्यसकारण त्यो विषय वा ती धर्मारम्मणहरूलाई उत्पन्न गराउने बाह्य संसारको परमार्थ स्वभाव आकार प्रकारलाई सुनिश्चित रूपमा ठोकेर जान्न सकिन्न । Sir James Jeans आदिले यो तथ्यलाई स्पष्ट गराउन ग्रीक दार्शनिक प्लेटोको ग्रन्थबाट एउटा उपमा देखाएको छ । एउटा गुफाभित्र रहेका राज-बन्दीहरूले डोरीले बाँधिराखेको भएर एकातिरको भित्तालाई मात्र देख्न पाइन्छन् । तिनीहरूको पछाडी एउटा आगोको रास छ, आगोको रास र तिनीहरूको बीचमा हल्लिरहेका पदार्थहरू रहिरहेको हुँदा तिनीहरूका छायाँहरू भित्तामा देखा पर्न गई बन्दीहरूले ती छायाँहरूलाई मात्र देख्न पाइन्छन् । छायाँहरूलाई उत्पन्न गराउने पदार्थहरूलाई भने देख्न पाइँदैनन् । त्यस्तै वैज्ञानिकहरूले पनि बाह्य संसारको छायाँ-लाई मात्र देख्न जान्न पाउँछन् । विज्ञानको संसार छायाँ संसार मात्र हो । विज्ञानले छायाँहरूलाई सुनिश्चित र ठोस

1. C. E. M. Joad, "Guide to Modern Thought", PP. 99–100.

download from : https://www.dhamma.digital

रूपमा अध्ययन गर्छ । छायाँहरूको पृष्ठभागमा रहेको परमार्थ धर्मलाई त उल्लेख गरेर देखाउन सक्तैन ।[1]

बुद्धवादीहरूमा उपरोक्त धारणा र अर्थं अभिप्राय स्वभाव एकनाश जस्तो भएको केही केही पालि सम्झनामा आउने छन् ।

"६ आध्यात्मिक आयतनहरू उत्पन्न भएमा लोक उत्पन्न हुन्छ । लोकले ६ आध्यात्मिक आयतनहरूसित सहवास गर्छन् । ६ आध्यात्मिक आयतनहरूलाई आधार बनाएर मात्र उत्पन्न हुन्छ ।" (सगाथावग्ग संयुत्त लोकसुत्त) ।

"हे देवपुत्र, वास्तवमा संज्ञा र विज्ञान हुने भएको यो व्याम मात्रको आत्मभाव शरीरमा नै लोकलाई र लोकको उत्पत्ति कारणलाई म तथागतले उपदेश गरेको छु ।" (सगाथावग्ग संयुत्त रोहित देवपुत्त सुत्त) ।

तर बुद्धवाद नामवाद होइन । भगवान् बुद्धले नामवाद र रूपवाद भाग वा अन्त द्वय हटाई मध्यम मार्गको उपदेश दिनुभयो । आत्मा बाहेक अन्य सबै विषय माया मात्र हो भन्ने हिन्दूवादलाई तिरस्कार गर्नु हुन्छ । Sir James Jeans आदिले जस्तै बाह्य संसारको परमार्थ स्वभावलाई कल्पना र चिन्तना पनि गर्दैन । यो समस्यालाई भगवान् बुद्धसँग सोधेको खण्डमा भगवान् बुद्ध कत्ति पनि जवाफ नदिई मौन भएर रहनु हुने अवश्यम्भावी छ । भगवान् बुद्धको

1. Ibid, P. 85.

download from : https://www.dhamma.digital

विचारमा संसारमा अवश्यमेव दुःख विद्यमान रही दुःखबाट विमुक्त हुनुमात्र हामीहरूको निमित्त अति महत्वपूर्ण छ ।

जेहोस्, उपर्युक्त कथनहरूद्वारा विज्ञानले आत्मवादलाई तिरस्कार गरेता पनि रूपबादलाई सुदृढ रूपमा स्वीकार नगरेको कुरा र कुनै कुनै वैज्ञानिकहरू रूपवादलाई खुलेआम विरोध गरी नामवादतिर ढलिकरहेको कुरा स्पष्ट छ ।

अनात्मवाद रूपवाद नभएको अवश्य हो । तर मानिसको स्वभाव गुण शक्तिलाई तुच्छ र निक्ति देखाउने वाद होइन र ? अनात्मवादलाई स्वीकार गर्ने विज्ञानको भनाईमा मानिस केही पनि ठोस सार नभएको नाम रूप धर्म समूह मात्र होइन र ? भनौं । आधुनिक युग विज्ञानको विकास भएको युग भई मानिसहरूले विज्ञानलाई अतिमहान सम्झन्छन् । तर विज्ञानले मानिसको परमार्थ स्वभावलाई कहिल्यै पनि यथार्थ रूपमा जान्न सकिने छैनन् । कारण किनभने विज्ञानको नीति नियम अनुसार त्यसरी देख्न जान्न सक्नको लागि कारण नरहेका कारणले हो । स्पष्ट पारौंला ।

वैज्ञानिकहरूले मानिसको विषय गतिविधिलाई खण्ड खण्ड छुट्याई विशेष रूपमा विभाजन गरी अध्ययन गर्छन् । जीवशास्त्र प्रज्ञाविद्ले मानिसको स्नायुतन्तु रक्तनली हाड आदि र तिनीहरूका क्रियाकलापहरूलाई अध्ययन गर्छ । सत्त्ववेद प्रज्ञाविद्ले मानिसको प्राण जीव विषयलाई अध्ययन गर्छ । मनुष्यवेद प्रज्ञाविद्ले मनुष्य प्राणीको स्वाभाविक इतिहासलाई अध्ययन गर्छ । Sociology (सामाजिक

download from : https://www.dhamma.digital

शास्त्र) प्रज्ञाविद्को कार्य मनुष्य संसार स्थापना र संगठन विधि एवं मानिस परस्पर व्यवहार गर्नुलाई अध्ययन गर्ने हो। चित्तवेद प्रज्ञाविद्को उद्देश्य मानिसहरूको मानसिक स्वभाव-लाई जान्नु र बुझ्नु हो। यसरी भिन्नभिन्न वैज्ञानिकको उद्देश्य र कार्य मानव विषयलाई केही अंश छुट्याई अध्ययन र परीक्षण गर्न भएकोले कहाँबाट सम्पूर्ण मानव विषयलाई एकीकरण गरी सबैलाई परिपूर्ण रूपमा जान्न सकिने हो र? जान्न सकिन्छ भने हात्तीको एक शारीरिक अङ्ग प्रत्यङ्गलाई परीक्षण गरिसकेपछि हात्ती भनेको यस्तो हो; उस्तो होइन भन्ने अन्धाहरूको कथन जस्तो हुनेछ।

भिन्नभिन्न विज्ञानको सम्बन्धित अध्ययन र परीक्षण गर्नु सुनिश्चित र यथार्थ भई जान्न पाइने तथ्यहरू केही हदसम्म सम्पन्न भयो भनेर नै भनौं। ती सबै तथ्यहरूलाई एकत्रित गर्नुद्वारा पनि हामीहरूले मानिसको परमार्थ स्वभावलाई कैवल्य परिपूर्ण रूपमा सङ्कलन गरी जान्न सकिने छैन। कारण किनभने सम्पूर्ण चीज पदार्थको परमार्थ ठोस सार त्यसका अङ्ग प्रत्यङ्गहरू एकत्रित गरिराख्नुसित भिन्ना-भिन्नै हुन्छ। यो तथ्यलाई अलिकति स्पष्ट पार्न आवश्यक हुनेछ।

एउटा केराको चाङ वा झुप्पा केराको समूह हो। एक दुईवटा केरालाई छुट्याएर लिनुमात्रले केराको काइँयो केराको संख्या अलिकति कम भएर जानु बाहेक विशेष रूपले परिस्थिति परिवर्तन भएर जाने छैन। केराहरूले पहिलेको

download from : https://www.dhamma.digital

स्वादलाई दिन नै सकिन्छन् । एउटा चित्र त त्यस्तो होइन । चित्रको विशेष गुण अङ्ग प्रत्यङ्ग सम्मिलित भइरहनुमा मात्र आधारित नभई अङ्ग प्रत्यङ्गहरूको आधार स्थिति पारस्परिक सम्बन्ध स्थितिमा पनि आधारित भइरहने हुनाले केही अंशलाई अलग्ग छुट्याइदिइन्छ, वा अङ्ग प्रत्यङ्गहरूको स्थिति र सम्बन्धलाई परिवर्तन गरिदिइन्छ भने सम्पूर्ण चित्रको विशेष गुण नष्ट भएर जाने हुन्छ । अर्को शब्दमा चित्रको विशेष गुण वा कलाकारिताको विशिष्टता त्यसको अङ्ग प्रत्यङ्ग एकत्रित भइरहनुलाई नाघेर रहेको हुन्छ ।

मनुष्यप्राणीको परमार्थ स्वभाव पनि त्यस्तै त्यस्तै हुन्छ । मानिसको शरीरबाट मुटु, यकृत, कलेजो, मेरुदण्ड आदिलाई झिकी फेरी जोर्नुद्वारा मानिसको स्कन्ध शरीर उपलब्ध गराइन्न । कारण किनभने तिनीहरूलाई झिकेर लिनुद्वारा सम्पूर्ण मानव शरीर नष्ट भइसकेको हुन्छ । त्यस अतिरिक्त स्कन्ध शरीरबाट छुट्याइ झिकिदिएको मुटु स्कन्ध शरीर भित्र काम गरिरहेको मुटु समान हुने छैन । किनभने त्यो मुटु शरीरसित वा अन्य शारीरिक अङ्ग प्रत्यङ्गसित सम्वन्ध नरहेको कारणले हो । यो तथ्यद्वारा मानिसको स्कन्ध शरीर शारीरिक अङ्गको समूह मात्र नभएको कारण स्पष्ट छ । त्यसरी नै मानिसको परमार्थ स्वभाव पनि वैज्ञानिकहरूले अलग्ग अलग्ग भाग भाग गरी छुट्याएर अध्ययन गर्नुद्वारा जान्न पाइने विषयवस्तु सङ्गठित गर्नुले सिद्ध नभई त्यस

download from : https://www.dhamma.digital

विषयवस्तु सङ्गठन समूहलाई नाघी विस्तृत व्यापक र गम्भीर छ।

यसरी मानिसको परमार्थ स्वभावलाई विज्ञानले निर्णय र अनुसन्धान गरेर पाइँदैन भनी भनेकोले त्यो परमार्थ स्वभाव आत्मा हो; अथवा आत्मामा आधारित छ भनेर त सम्झनु योग्य छैन। एउटा चित्रको विशेष गुण अथवा एउटा वाद्यवादन खलकबाट उपलब्ध हुने सङ्गीतको रस सम्वन्धित अङ्ग प्रत्यङ्ग समूहलाई नाघिकन अवश्यमेव प्रकट भएता पनि कुनै एक भिन्न ठोस सार धातुमाथि आधारित छैन। त्यसरी नै मानिस विज्ञानले चिन्तन गरेर उपलब्ध गर्ने नपाइने विशेष गुणले सम्पन्न भएता पनि त्यस विशेष गुणको आधार आत्मालाई चिन्तन मनन गर्नु आवश्यक छैन।

त्यसकारण आत्मालाई तिरस्कार गर्ने बुद्धवाद रूपवाद नभएको कुरा स्पष्ट छ। Mrs. Rhys Davids जस्ती आत्मावादीहरूले अनात्मवादलाई रूपवादसित गलत धारणा राखी मानिसको गुणलाई भाँच्ने, दबाउने नष्ट पार्ने वाद भनी आरोप लगाएकी छिन्। भगवान् बुद्धको दृष्टि अनुसार त अनात्मवाद र रूपवाद (भौतिकवाद) भिन्नाभिन्नै हो। तसर्थ भगवान् बुद्धले मानिसहरूलाई आ-आफूलाई मात्र आधार भरोसा लिन बारबार याद दिलाउनु भएको हो। वास्तवमा विश्व धार्मिक सिद्धान्तहरूमध्येमा बुद्धवाद मानिसको गुणलाई सबभन्दा बढी माथि उचालेर आएको वाद हो।

download from : https://www.dhamma.digital

अनात्म धर्मलाई देख्नु जान्नुको कारणले मानिसको विशेष गुण उच्च र उन्नत भएको कारणलाई अमेरिकी प्रज्ञाविद् Paul Carus ले निम्नानुसार लेखेको छ ।

"बुद्धवाद निराशाजनक नास्तिकवाद होइन । भगवान् बुद्धको विचार अनुरूप भिन्नाभिन्नै भएको आत्मा छ भन्ने सिद्धान्त मिथ्या र गलत भएता पनि बुद्धवादमा मानिस आत्मा भन्दा बढी विशाल र गम्भीर छ । आत्मवादलाई तिरस्कार गर्नुले मानिस आदि अन्त प्रकट नभएको भविष्यत् काल र अतीत कालसित सम्बन्धित रहेको तथ्य स्पष्ट भएर आएको छ । अनात्मवादले विश्वमा रहेको सत्त्वलोक उत्पत्ति-क्रम जम्मैसित हामीहरू सम्बन्धित भइरहनुलाई निर्देशित गरेको छ । हामीहरू मृत्यु हुने अवस्थामा हामीहरूको क्रियाकलापहरू पछिल्ला मानिसहरूको निमित्त राम्रो नराम्रो अंशको रूपमा फेरी फेरी बाँकी रहिरहने कारणलाई पनि स्पष्ट पारिदिएको छ ।"[१]

सत्य हो । मनुष्यप्राणीले आत्माको मरम्मत र सृष्टिलाई खप्न नपरी आफ्नो कर्म र अरूहरूको कर्महरूको मरम्मत र सृष्टिलाई खप्नु परेको कुरा हामीले देख्नु र जान्नु आवश्यक छ । त्यसरी देखे जानेमा हामीहरूले प्राचीन मानिसहरूको गुण उपकारलाई विशेष रूपमा निरीक्षण र स्मरण गर्न सकिने छ । मानव इतिहासबाट अनर्घ अमूल्य

1. Paul Carus, "Buddhism and its Christian Critics", P. 97.

download from : https://www.dhamma.digital

पाठहरूलाई निचोरेर निकाल्न सकिनेछ। आत्मोपादान नरहने भएर भविष्य जीवनको सुख ऐश्वर्यहरूप्रति आशा र आशक्ति राखिरहने छैन। आफ्ना कर्म (काम) हरूले वर्तमान युग भविष्यमा आउने युगका विश्व मानवहरूलाई अर्थ र हित गर्न सक्ने कारणलाई देखी जानी मानव संसारको अर्थ र हितलाई वहन गर्न चाहने छन्द चित्त तीव्र रूपमा प्रबल भएर आउने छ।[१]

मानिसमा जति जति आत्मदृष्टि टाढा पर्दै जान्छ त्यति त्यति तृष्णा मान लोभ दोष आदि क्लेशधर्महरू कम हुँदै आउनु स्वाभाविक छ। यो तथ्यसित सम्बन्ध राखी अनात्मवादी बुद्ध धर्मावलम्बी एशिया महाद्वीपका मानिसहरूको मनोवृत्ति र चरित्रलाई अध्ययन गरेर आएको अमेरिकी प्रज्ञाविद् J. B. Pratt को धारणालाई उल्लेख गरिनेछ। उपर्युक्त प्रज्ञाविद्ले एक समयमा एशियाली बौद्ध देशहरूमा विचरण भ्रमण गरी बुद्धवाद र बुद्धवादीहरूलाई सुनिश्चित एवं गहन रूपमा सविस्तर अध्ययन गरिसकेपछि अनात्मवादको कारणले बुद्धवादीहरूको हृदय नरम र कोमल भएको स्थितिलाई निम्न प्रकारले प्रशंसा गरेर लेखेको छ।

"उत्तरीय बौद्ध राष्ट्रहरूमा र दक्षिणी बौद्ध राष्ट्रहरूमा बुद्धवादको कारणले मानिसहरूले लोभ दोषचित्त र स्वार्थचित्तहरूलाई प्रयत्न पूर्वक दमन गरिराखेको कुरामा शंका गर्नुपर्ने स्थिति छैन। यो तथ्य बुद्धवादीहरूको अनात्म

१. यो तथ्य "कर्म शक्ति र कर्मवाद" खण्डमा स्पष्ट हुनेछ।

download from : https://www.dhamma.digital

धर्ममा र आत्मचित्त (भावना) लाई हटाउन प्रयत्न गर्नुमा स्पष्ट छ । बुद्धवादीहरू मनोवृत्तिलाई दमन गरी म भन्ने अभिमान रहित भएको कुरालाई तिनीहरूसित व्यवहार गरिसकेका व्यक्तिहरूले होश राख्न सक्ने छन् । यस प्रकारको मनोवृत्ति, अभिमान चढी गमक्क पर्न चाहने पश्चिमी राष्ट्रका नागरिकहरूको मनोवृत्तिसित भिन्नाभिन्नै छ । यो मनोवृत्ति भएको कारणले बुद्धवादी शान्ति चाहन्छ । आफ्नो मौका र अवसरको निमित्त कलह विवाद नगरी आफूलाई हानी नगरी शान्तिपूर्वक रहन चाहन्छ । म म भन्दै अरूसित प्रतिस्पर्धा गरी अधिकार हत्याउन चाहने भावना छैन । आक्रमण गरी लाभ गरिने प्रतिफल जति विशाल भएता पनि मनमा शान्ति हुनु जति मूल्यवान् नभएको तथ्य जानी बुझिराखेको छ ।

"यसरी निराभिमानी हुनु मनोवृत्ति कमजोर भएको कारणले अथवा शक्ति नभएको कारणले उत्पन्न भएर आएको होइन । त्यसको पछिल्तिर अभिमानको पताका फहराई रहने पश्चिमी राष्ट्रका नागरिकहरू अचम्म हुनुपर्ने परिपक्व मनोवृत्ति छ । शक्तिशाली बलिष्ठ पुरुषले आफ्नो शक्ति सामर्थ्यलाई विश्वास गरेता पनि हुलमुलमा घचेडी जान नचाहेजस्तै बुद्धवादीमा मनोवृत्ति नरम, कोमल र शूक्ष्म भएको कारणले अभिमान रहित भई शान्तिपूर्वक रहन चाहने इच्छा छन्द रहेको हो ।"[१]

---

1. J. B. Pratt, "The Pilgrimage of Buddhism", PP. 711–12.

download from : https://www.dhamma.digital

भगवान् बुद्धको अनात्मवादसित सम्बन्ध राखी अंग्रेज प्रज्ञाविद् H. G. Wells ले आफ्नो विश्व इतिहास पुस्तकमा निम्नानुसार विचार व्यक्त गरी लेखेको छ ।

"विश्व इतिहासबाट उपलब्ध पाठ यो बुद्धधर्मसित एक समान छ । मानिसहरूमा अनात्म भावनालाई हटाई पवित्र क्रियाकलापहरूमा रमाउने नभएमा विश्वमा शान्ति रमणीयता सही नेताको प्रादुर्भाव हुनु आदि रहने छैनन् । सत्त्वहरूको विकासलाई हेरेमा पनि आत्मउपादान हटाउन आवश्यक रहेको कुरा स्पष्ट छ । मनुष्य प्राणीमा आफ्नो आत्मभावमा उपादान रहनु योग्य छैन । त्यसरी नरहनु बन्धनबाट मुक्त हुनु हो ।"[1]

अनात्म धर्मसित सम्बन्ध राखी H. G. Wells र माथि उल्लेख गरिसकेका बौद्ध ग्रन्थकार आचार्यहरू Paul Carus J. B. Pratt हरूको दृष्टि अन्य पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूको दृष्टि भन्दा बढी गम्भीर भई भगवान् बुद्धको दृष्टिसित बढी सामीप्य छ भनी भन्नु पर्ला । माथि उल्लेख गरिसके अनुसार धेरै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले अनात्म धर्मलाई चिन्तामय ज्ञानद्वारा देखे जानेका सही भएता पनि तिनीहरूको ज्ञानदृष्टि भगवान् बुद्धको ज्ञानदृष्टिसित भिन्ना-भिन्नै छ । कसरी भिन्न छ भने तिनीहरूको अनात्मवाद उद्देश्य रहित भई भगवान् बुद्धको अनात्मवाद त विश्व मानव राम्रो पार्नेतिर उद्देशित र अभिलक्षित छ ।

1. H. G. Wells, "Outline of World History", P. 394.

download from : https://www.dhamma.digital

भगवान् बुद्धको दृष्टि अनुरूप अनात्म धर्मले तृष्णा मान आदि क्लेशहरू निर्मूल पार्नुलाई सहयोग गरी मानिसहरूलाई मानसिक सुख शान्ति दिलाउन सक्छ । तर अनात्म स्वभावलाई देख्नु जान्नुको प्रतिफल आधुनिक युगमा धेरै बुद्धवादीहरूले सम्झी राखे जस्तै मरणोपरान्त मात्र उपलब्ध हुने स्वभाव होइन ।[१] "अकालिको एहिपस्सिको" भन्ने भगवान् बुद्धको धर्मको गुण अनुरूप प्रत्यक्ष जीवनमा उपलब्ध हुने दृष्टधर्मिक धर्म हो । भगवान् बुद्धको पालाका बुद्धवादी भिक्षु श्रमणहरूको मानसिक सुख शान्ति र रमणीयतालाई उल्लेख गरिसकेको छु । (पृष्ठ १७४–५) ती भिक्षु श्रमणहरूको मानसिक सुख शान्ति अनात्म धर्म स्वभावलाई हृदयङ्गम गरी तृष्णा मानलाई हटाउनुद्वारा उपलब्ध भएको मानसिक सुख शान्ति हो ।

मानसिक सुख शान्ति लाभ भएका पुराना बुद्धवादी भिक्षु श्रमणहरूको सामाजिक रीतिस्थिति समाजवादी स्वभाव धर्महरू माथि आधारित भएको सामाजिक रीतिस्थिति भएको तथ्यलाई होश राख्नु पर्दछ ।[२] आजकाल धेरै राष्ट्रहरूमा मानिसहरूले बसाई लवाई खुवाई जीवन स्थिति उच्च पार्न र मानसिक सुख शान्ति लाभ गर्न समाजवादको मार्ग पद्धतिलाई

---

१. यो तथ्यलाई 'भवसंसार' र 'निर्वाण' खण्डमा विस्तृत रूपमा स्पष्ट गरिने छ ।

२. यो तथ्य "संघ" खण्डमा स्पष्ट हुनेछ ।

download from : https://www.dhamma.digital

आधार लिई विश्वास गर्ने गरिराखेका छन् । त्यो समाजवादी मार्ग पद्धतिको सफलता अनात्म धर्म माथि आधार लिएको विचारधारा र दृष्टिकोणसित रहित हुन नसकिने तथ्य होश राख्नु योग्य छ ।

★ ★ ★

Dhamma.Digital

download from : https://www.dhamma.digital

# खण्ड ७

# चित्त, चैतसिक, स्कन्ध र आयतन

बुद्धवादले नित्य आत्मविज्ञानलाई तिरस्कार गरेता पनि त्यो रूपवाद (भौतिकवाद) नभएको कुरा अघिको खण्डमा उल्लेख गरिसकेको छु। भगवान् बुद्धको विचार अनुसार मनुष्य प्राणी मरणोपरान्त विच्छेद भई निरर्थक हुन्छ; संसारमा रूपधर्म मात्र मुख्य प्रधान धर्म हो भन्ने सिद्धान्त मिथ्या हो। भगवान् बुद्धले त्यस सिद्धान्तलाई स्वीकार्नु हुन्न। त्यसरी अस्वीकार गरेता पनि त्यस रूपवाद-सित बिल्कुल विरोधी भएको नामवादलाई पनि तिरस्कार गर्नु हुन्छ। भगवान् बुद्धले अन्त द्वय भएको रूपवाद र नामवादलाई तिरस्कार गरी धर्मस्कन्धहरूको मूल कारण परम्परा प्रतिफल क्रमिक रूपमा उत्पत्ति विनाश कसरी हुन्छ भन्नेलाई मात्र उपदेश गर्नुभएको छ।

हामीले यसरी बुद्धवाद अन्त द्वयबाट मुक्त भएको

download from : https://www.dhamma.digital

मध्यममार्ग वाद भएको तथ्यलाई विशेष होश राख्नु आवश्यक छ । यो तथ्यलाई होश नराख्नुको कारणले धेरै बुद्धवादीहरू आत्मसिद्धान्तबाट मुक्त भए पनि नामवादतिर ढल्किरहेको छ । नित्य नामविज्ञान छैन भन्ने अनात्मवादलाई स्वीकारेता पनि संसारमा नामधर्म मुख्य प्रधान धर्म भई सबै क्षेत्रमा रूपधर्मले नामधर्मलाई आधार लिनु पर्दछ भनी दृढ रूपमा विश्वास गरिराखेका छन् ।

अवश्य ही । बुद्धवादमा मनलाई शमन गर्नु अत्यावश्यक छ । "संसारमा चित्त वा मन सबै धर्महरूको पूर्वगामी प्रमुख हो । चित्तद्वारा सिद्ध भएका छन् ।" "दिव्य सुख ध्यान समापत्ति सुख निर्वाण सुखलाई आमा बाबु ज्ञातिबन्धुहरूले दिन सकिन्न । राम्ररी संरक्षण र धारण गरिएको चित्तले मात्र मनुष्य देव निर्वाण त्रिविध सुखलाई दिन सकिन्छ ।" (धम्मपद १, ४३) तर यी कुराहरू नामवादलाई निर्देशित गर्ने कुराहरू होइनन् । वास्तवमा नामधर्म पनि रूपधर्म जस्तै अधीनस्थ नरहेको दुःखधर्म हो । नाम र रूप दुई धर्म भएकोमा नामधर्म मूल प्रमुख धर्म होइन । त्यसो भएर रूपले नामलाई आधार लिनुपरेको जस्तै नाम धर्मले पनि रूपधर्मलाई आधार लिनुपर्दछ । यो तथ्य पालि पिटकमा धेरै स्पष्ट छ ।

"आनन्द, विज्ञानको कारणले नामरूप उत्पन्न हुन्छ । नामरूपको कारणले विज्ञान उत्पन्न हुन्छ ।" (दी. नि. महानिदान सुत्त) यसरी विज्ञान र नामरूपहरू परस्पर

download from : https://www.dhamma.digital

आधारित रहेको विषयसित सम्बन्ध राखी आयुष्मान महाकोट्ठिकले प्रश्न सोद्धा आयुष्मान सारिपुत्रले "आवुसो कोट्ठिक, उपमा भनौं भने दुईवटा बेटका मुट्ठाहरू परस्पर आधारित भइरहन्छन् । ती बेटका मुट्ठाहरूमध्येमा एउटा बेटलाई झिकेर लिएमा अर्को बेट ढल्ने छ । त्यसरी नै नामरूप निरोध हुनुको कारणले विज्ञान निरोध हुन्छ । विज्ञान निरोध हुनुको कारणले नामरूप निरोध हुन्छ ।" (निदान संयुत्त नलकलापियुपम सुत्त) ।

"भिक्षुहरू हो, विज्ञान, रूप, वेदना, संज्ञा, संस्कार नै आधार रहेको भई; रूपारम्मण नै आरम्मण रहेको भई र रूप नै भरोसा रहेको भई स्थिर रहेमा रहने छ । तृष्णाद्वारा पोखाइएको भई बृद्धि बिरूढी वैपुल्यतातिर पुगिन्छ । रूपलाई अलग राखी; वेदना संज्ञा आदिलाई अलग राखी विज्ञानको एक जीवनमा आवागमन हुनु मरण हुनु पर्ने भई बृद्धि बिरूढी विपुलता हुने कारण छैन ।" (खन्ध संयुत्त उपाय सुत्त) ।

विज्ञान रूपधर्मलाई अलग राखी एक्लै स्थिर रहन नसक्ने कारण चार आहारसित सम्बन्धित बुद्धदेशनाद्वारा पनि स्पष्ट छ । "भिक्षुहरू हो, उत्पन्न भइसकेका उत्पन्न भइरहेका सत्त्वहरूलाई आधार दिलाउनको निमित्त कारण भएका आहारहरू यी चार हुन् (१) ओजस् आहार (२) स्पर्श आहार (३) मनो सञ्चेतना आहार र (४) विज्ञान आहार; यी चार आहारहरूले सत्त्वहरूलाई बृद्धि गराउन स्थिर गराउन र उभ्याउन सहयोग दिन्छन् ।" (म. नि.

download from : https://www.dhamma.digital

महातण्हासङ्खय सुत्त) यसरी यिनीहरूमध्ये ओजस् आहार र स्पर्श आहारहरू रूपधर्ममा आधारित भएका आहारहरू हुन् । वास्तवमा चार नामधर्महरू रूपधर्म स्पर्शधर्महरूसित अलग हुन सक्तैनन् । "चतुर महाभूत धातु भन्ने मूल कारण प्रत्यय कारण भएकोले रूपस्कन्ध भनी प्रज्ञप्ति हुन्छ । स्पर्श मूल कारण प्रत्यय कारण भएकोले वेदनास्कन्ध, संज्ञास्कन्ध र संस्कारस्कन्ध भनी प्रज्ञप्ति हुन्छ । नामरूप मूल कारण प्रत्यय कारण भएकोले विज्ञानस्कन्ध भनी प्रज्ञप्ति हुन्छ ।" (म. नि. महापुण्णम सुत्त) ।

"मूलबीज, स्कन्धबीज, बीजबीज, फलबीज र जराबीज यी पाँच प्रकारका बीजहरू नफुटो नसडो, हावा घूपहरूले नछोई सारयुक्त भई राम्ररी सच्याएर राखेता पनि आधार पृथ्वी पानीसित अलग्ग भई बृद्धि नहुने विरूढी नहुने र विपुलता नहुने जस्तै यसरी नै चार विज्ञानको आधार रूपस्कन्ध आदिहरूलाई पृथ्वीधातु जस्तै सम्झनु पर्छ । आशक्त प्रसन्न र रंजित हुने रागलाई आपोधातु जस्तै सम्झनु पर्छ । कारण सहितको कर्म विज्ञानलाई पाँच प्रकारका बीजहरू जस्तै सम्झनु पर्छ ।" (खन्ध संयुत्त बीज सुत्त) ।

पालिपिटकमा अति प्राचीन सुत्तन्त देशनाहरूमध्ये बारबार उल्लेख गरिराखेका निम्न कुराहरूद्वारा पनि बुद्धवाद नामवाद नभएको तथ्य; भगवान् बुद्धले उपदेश गर्नुभएको विज्ञान आत्म–उपादान अलग्ग नभएको कुनै कुनै बुद्धवादो-

download from : https://www.dhamma.digital

हरूले गलत रूपमा सम्झिरहेको आत्मविज्ञान नभएको तथ्य स्पष्ट छ ।

"त्यो भिक्षुले विपश्यना ज्ञानदृष्टिद्वारा यसरी जान्छ । मेरो यो शरीरमा रूप छ । चार महाभूतको पुञ्ज हो । आमा बाबुबाट जन्मेको हो । भात रोटीद्वारा बृद्धि हुन्छ । अनित्य छ, परिमार्जन गर्नुपर्ने, मालिश गर्नुपर्ने, छेदन भेदन हुने स्वभाव भएको हो । मेरो विज्ञान पनि यो शरीरमा आधारित छ । यो शरीरसित सम्बन्धित छ भनी ज्ञान हुन्छ । उपमा भनौं भने वेलुरिय मोतिरत्नलाई आँखा भएको पुरुषले हत्केलामा राखी यो अत्यन्त जाज्वल्यमान रत्नमा यो नीलो धागो जडिराखेको छ भनी वा यो रातो धागो जडिएको छ भनी जाने जस्तो हो ।" (दी. नि. सामञ्ञफल सुत्त र अन्य सुत्तहरू) ।

उपर्युक्त देशनाहरूलाई आधार बनाई भगवान् बुद्धले रूपवाद र नामवादलाई तिरस्कार गरी नाम रूप धर्म द्वय परस्पर उपकारक भई अन्यान्य स्वभाव सम्बन्धित रहनुलाई मात्र उपदेश गर्नुभएको तथ्य स्पष्ट छ । यो तथ्यसित सम्बन्ध राखी आयुष्मान् बुद्धघोष आचार्यले विसुद्धिमग्ग ग्रन्थ दिट्ठिविसुद्धि निद्देस खण्डमा निम्नानुसार भन्नुभएको छ ।

"यी नामरूप द्वयमध्ये नाम आनुभाव शक्ति विहीन छ । आफ्नो सम्पत्ति आनुभाव प्रभावद्वारा उत्पन्न हुन सक्दैन, खान सक्दैन, पिउन सक्दैन, कुरा गर्न सक्दैन, इर्यापथलाई कामयाब गर्न सक्दैन । रूप पनि आनुभाव प्रभाव विहीन छ ।

download from : https://www.dhamma.digital

आफ्नो निजी सम्पत्ति आनुभाव प्रभावद्वारा उत्पन्न हुन सक्दैन । वास्तवमा नामलाई आधार बनाई रूप उत्पन्न हुन्छ । रूपलाई आधार बनाई नाम उत्पन्न हुन्छ । उपमा कस्तो भने– काना र लङ्गडाहरू परस्परमा एक अर्कोलाई आधार बनाई जाने जस्तै; मानिसहरू र डुङ्गा, डुङ्गा र मानिस यी दुई थरी परस्परमा एक अर्कोलाई आधार बनाई समुद्रमा जाने जस्तै नाम पनि रूप पनि नाम रूप दुबै परस्परमा एक अर्कोलाई आधार बनाई उत्पन्न हुन्छन् ।"

नाम रूप पौराणिक भारतीय धर्म ग्रन्थहरूमा मनुष्य प्राणीको परमार्थ स्वभाव आकार प्रकारलाई प्रदर्शन गर्ने शब्द हो । नामको मूल अर्थ अभिप्राय नाउँ हो । पुराना मानिस-हरूको दृष्टि अनुरूप एक व्यक्तिको नाउँ त्यस व्यक्तिको आत्मविज्ञानसित सम्बन्धित रहेकोले नाम शब्द पुरातन भारतीयहरूको निमित्त आत्मविज्ञान अर्थवाची पनि हो । "नामरूप" पदलाई बुद्धोत्पाद भन्दा अगाडिदेखि विद्यमान ब्राह्मण ग्रन्थ अथर्ववेद ग्रन्थ र उपनिषद् ग्रन्थहरूमा देखिन्छ । ती ग्रन्थहरूमा नाम र रूप ब्रह्माको स्पष्ट धर्म द्वय हो । एक ठाउँमा त नाम जरा मरण नभई नित्य स्थावर स्थिर रहेको आत्मा भई मानिस मरण हुँदा रूपलाई त्यागी अन्य भूमिहरूमा सरेर जाने कुरा उल्लेख गरिराखेको छ ।

यसरी मूल प्रारम्भको आत्मवादसित सम्बन्ध रहिआएको "नामरूप" पद आत्मालाई तिरस्कार गर्ने बुद्धवादको निमित्त अति उत्तम योग्य अनुकूल पद हो भनी

download from : https://www.dhamma.digital

भन्न मुहाउँदैन । त्यसकारण पालिपिटकमा "नामरूप" को सत्तामा "पञ्चस्कन्ध" लाई बढी प्रयोग गरिन्छ । "स्कन्ध" पुरानो एउटा उपनिषद् ग्रन्थमा धर्मस्कन्ध (धर्म उपदेश समूह) को रूपमा एक पटक पछिल्लो एउटा उपनिषद्मा "अग्निपुञ्ज" अर्थवाची रूपमा एक पटक जम्मा दुई पटक प्रयोग गरिराखेको पाइन्छ ।[1] Mrs. Rhys Davids ले स्कन्ध पद बुद्धयुगको पछिल्तिर मात्र पिटकभित्र प्रवेश गरेको पद हो भनिन्छ । सर्वप्रथम भगवान् बुद्धले उपदेश गर्नुभएको धर्मचक्र सूत्र र अनात्म लक्षण सूत्रमा समेत "स्कन्ध" पद समावेश भएकोलाई आधार लिएमा Mrs. Rhys Davids को कुरालाई स्वीकार्न मुश्किल छ ।

भगवान् बुद्धले किन पञ्चस्कन्धलाई मात्र उपदेश गर्नुभएको त भन्दा पञ्चस्कन्धले सम्पूर्ण संस्कार धर्मलाई संगालिने मात्र नभई तिनीहरूमा आत्मवादको निमित्त आधार भरोसा नभएको कारणले उपदेश गर्नुभएको हो भनी आयुष्मान् बुद्धघोषले भन्नुभएको छ । अवश्य हो । स्कन्धले समूह पुञ्ज अर्थ व्यक्त गर्दछ । पञ्चस्कन्ध देशनाहरूमा मूल प्रमुख धर्मलाई उल्लेख गरिराखेको छैन (वा) चार नामस्कन्धमा पनि यो स्कन्ध मूल प्रमुख हो भनी देखाएको छैन । त्यसरी नदेखाई नामस्कन्धलाई सामान्य रूपमा चार-वटा छुट्याई देखाउनु आत्मवादलाई तिरस्कार गर्न चाहेकोले हुनसक्छ । सामान्य तौरले चारवटा विभाजन गरी देखाउँदा

1. Ibid, P. 42.

download from : https://www.dhamma.digital

देखाउँदै पनि कोही कोही बुद्धवादीहरूले मनोविज्ञानलाई आत्माको रूपमा सम्झी आत्मवादीहरू बनिरहेका हाम्रो सामू दृष्टान्त प्रकट छ ।

चार नामस्कन्धमध्ये वेदना अनुभव गर्ने जान्ने स्वभाव हो । दु:ख वेदना सुख वेदना अदु:ख मसुख वेदना भनी वेदना तीन प्रकारका छन् । दु:ख वेदना र सुख वेदनालाई धेरैजसो मानिसहरूले बुझ्ने भएता पनि दु:ख पनि नभएको सुख पनि नभएको वेदनालाई बुझ्न सजिलो हुने छैन । दु:ख सुख विहीन धर्मलाई अनुभव गर्ने (वेदना) धर्म भित्र भित्र्याउन सकिएला र भनी सोधपूछ गर्ने लायक छ ।

वेदना भन्ने पालिपद "विद" मूल धातुबाट आएको हो । विद जान्ने अर्थवाची हो । तसर्थ वेदना दु:ख सुख अनुभव गर्नु भन्दा अर्थ अभिप्राय विस्तृत र व्यापक भई स्पर्श हुनु जान्नुलाई निर्देशित गर्छ । प्रतीत्य समुत्पादमा स्पर्शको कारणले वेदना उत्पन्न हुन्छ भन्छ । हामीले आध्यात्मिक आयतनहरूसित पञ्चारम्मणको संघट्टन हुने प्रत्येक अवस्थामा सँधै सुख दु:ख अनुभव गर्नु पर्ने होइन । सुख दु:ख अनुभव गर्ने नपाइएता पनि एक न एक ज्ञान प्रादुर्भाव हुने त अवश्य हो । स्पर्श हुनु जान्नुसित सम्बन्धित रहेको कारणले नै वास्तवमा वेदना धेरै प्रकारका भएका हुन् । "हे आनन्द, म तथागतले कारण पर्यायद्वारा दुई प्रकारका वेदना, तीन प्रकारका वेदनाहरूलाई मात्र नभई पाँच प्रकारका वेदना,

download from : https://www.dhamma.digital

६, १८, ३६ आदि धेरै प्रकारका वेदनाहरूलाई उपदेश गर्नु परेको हो ।" (म. नि. बहुवेदनीय सुत्त) ।

वेदना जान्नुसित सम्बन्धित रहेको तथ्य धम्मदिन्ना स्थविराले विशाखलाई उपदेश दिनुभएको कुराले पनि स्पष्ट छ । "हे दायक विशाख, सुखवेदना स्थिर रहनुको कारणले सुख हुन्छ । विनाश हुनुको कारणले दु:ख हुन्छ । दु:ख वेदना स्थिर रहनुको कारणले दु:ख हुन्छ । विनाश हुनुको कारणले सुख हुन्छ । अदु:ख मसुख वेदना जान्नुले गर्दा सुख हुन्छ । नजान्नुले गर्दा दु:ख हुन्छ । कुनै कुनै सुखवेदनामा रागानुशय (रञ्जित हुने बीज धातु) घुसेको हुन्छ । कुनै कुनै दु:ख-वेदनामा प्रतिघानुशय (विरोधी बीजधातु) घुसेको हुन्छ । अदु:खमसुख वेदनामा अविद्यानुशय घुसेको हुन्छ । दु:खवेदना र सुख वेदना परस्पर प्रतिस्पर्धात्मक हुन् ।" (म. नि. चूल-वेदल्लसुत्त) ।

पिटक वाङ्मयमा अवेर, अरण, अब्यापज्झ, अप्पटिघ, करूणा, मेत्ता, पामोज्ज, मुदिता, अनुकम्प आदि वेदना चैतसिकहरूलाई निर्देशित गर्ने पालिपदहरू छन् । तिनीहरू-मध्ये अनुकम्प प्रसिद्ध पद हो । Mrs. Rhys Davids ले यो पद भगवान् बुद्धको पालामा मात्र प्रादुर्भाव भएको पद हो भन्छिन् । उनको मतानुसार अनुकम्प दया माया राख्ने अर्थवाची भए पनि हामीले बुझेको माथिको ब्यक्तिले तल्लो ब्यक्तिलाई दया माया राख्ने जस्तो नभई समान स्थिति भएको मानिस परस्पर राख्नु पर्ने दया माया जस्तोलाई भन्न चाहेको

download from : https://www.dhamma.digital

हो ।[1] अर्को शब्दमा अनुकम्प विश्व मानव सबैप्रति हामीले राख्नुपर्ने राम्रो मनोभावना चेतना हो । भगवान् बुद्धले बुद्ध भइसक्नु भए पछि भिक्षुहरूलाई संसारका सत्वप्राणीहरूलाई करूणा राखी धर्म प्रचारको कार्य वहन गर्न प्रेरित गर्नुभएको कथन (सब्बपाणभूतानुकम्पि लोकानुकम्पाय अत्थाय हिताय देवमनुस्सानं) भगवान् बुद्धलाई अनुकम्पवादलाई आचरण गर्नु हुने उत्तम आचार्य (सब्बभूतानुकम्पि लोकानुकम्पको) भनी व्यवहार गर्ने कथनहरूलाई आधार मानेमा अनुकम्पवाद बुद्धवादको सर्वप्रथम शुरूको वाद भएको कुरा निराशंकित छ ।

मेत्तालाई "प्रेम गर्नु" भनी हामी बुझ्छौं । Mrs. Rhys Davids ले त स्नेह गर्नु प्रसन्न हुनु घनिष्टता हुनु सहृदय मित्र जस्तो धारणा राख्नु भनी भाषान्तरण गरेकी छिन् । पिटकवाङ्मयमा कल्याणमित्र हुनु अत्यावश्यक भएको तथ्यलाई विशेष गहन रूपमा प्रदर्शित गर्ने धेरै कुराहरू छन् । हिन्दू उपनिषद् ग्रन्थहरूमा भेटाउन गाह्रो कल्याणमित्र हुनुको परिणामलाई पालिपिटकमा बारबार उल्लेख गरिराखेको छ । भगवान् बुद्ध स्वयंले पनि आफूलाई वेनेय्य सत्त्व प्राणीहरूको कल्याणमित्र भनी व्यवहार गर्नुभएको छ । "आनन्द, म तथागत जस्तो कल्याणमित्र व्यक्तिलाई कारण गरी सत्त्व-

1. Mrs. Rhys Davids, "The Birth of Indian Psychology and its Development in Buddhism", P. 302.

download from : https://www.dhamma.digital

प्राणीहरू जरा मरण शोक दुःख दौर्मनस्यहरूबाट मुक्त हुन्छन् ।" (कोसलसंयुत्त दुतिय अप्पमाद सुत्त) ।

'संज्ञा' सम्झना राख्ने धर्म हो । सम्झना राख्नुसित सम्बन्ध राखी बुद्धवादीहरूको निमित्त विचार, विमर्श र निरीक्षण गर्नु योग्य एउटा समस्या छ । त्यो समस्या के ही भन्दा बुद्धवादले आत्मालाई तिरस्कार गर्ने तथा नित्य आत्मा जीव पुद्गल सत्त्व नरही निरन्तर रूपमा लगातार उदय व्यय भई विनाश भइरहेको चित्त धर्महरू मात्र छन् भन्ने हुन्छ । त्यसो भएमा हामीहरूले अतीत समयमा अनुभव गरेर आइसकेका घटनाहरू सुनेका देखेका सम्झेका अवस्थाहरूलाई किन अहिले फेरि सम्झन सकेको नि भनेर प्रश्न खडा गर्न सकिन्छ ।

पालि प्रज्ञाविद् ऊ. स्वे जां आउँले यो समस्या समाधान गर्न पट्ठान ग्रन्थमा आएको २४ प्रत्ययलाई उद्धृत गरेको छ । "हामीहरूले यो ठाउँमा २४ प्रत्ययको विषयलाई सविस्तार उल्लेख गर्न सक्तैनौं । हामीले उल्लेख गर्न चाहेको त विभिन्न चित्त धर्म पछि पछिको चित्त धर्मसित कमसेकम ४ प्रकारका प्रत्ययहरूद्वारा सम्बन्धित छ । ती ४ प्रकारका प्रत्ययहरू समीपता हुनु (अनन्तर प्रत्यय) एकसाथ हुनु (समनन्तर प्रत्यय) नहुनु (नास्ति प्रत्यय) र अलग्ग नहुनु (अविगत प्रत्यय) हुन् । यसरी चार प्रकारका प्रत्ययहरूद्वारा सम्बन्धित रहेको कारणले अगाडि निरोध र शान्त हुने चित्त धर्मले पछि नयाँ उत्पन्न भएर आउने चित्त धर्मलाई उपकार

download from : https://www.dhamma.digital

गर्छ । अर्को शब्दमा एउटा चित्त निरोध र शान्त हुनुको लगत्तै पछि त्यसको शक्ति (पच्चयसत्ति) जम्मैलाई पछि उत्पन्न भएर आउने अर्को चित्तलाई दिइन्छ । तसर्थ एउटा चित्तले अघि निरोध र शान्त भई लोप भएर गइसकेको चित्तको शक्ति सामर्थ्य जम्मैलाई अंशको रूपमा स्याहार्न पाउँछ । त्यसो भएकोले फेरि सम्झना राख्ने कृत्यलाई वहन गर्ने विभिन्न चित्तोत्पादमा समावेश भएको संज्ञा चैतसिकले अवसर पाएको परिस्थितिमा अघिको मूल आरम्मणलाई फेरि सम्झना राख्छ । जुन प्रकारका आकार प्रकार लक्षणहरूद्वारा अघि अघिका चित्तहरूले कुनै एक चीजलाई सम्झना राख्छन्; त्यही आकार प्रकार लक्षणहरूले नै अहिले मनमा फेरि सम्झना राख्नलाई सहयोग गर्दछन् ।"[१]

संस्कार शोधन, प्रबन्ध र व्यवस्था गर्ने धर्म हो । सुत्तन्तपिटकमा कायसंस्कार, वचीसंस्कार र चित्तसंस्कार भनी तीन प्रकारको संस्कार देखाइराखेको छ । "श्वास प्रश्वासहरू शरीरमा उत्पन्न हुन्छन् । शरीरसित सम्बद्ध छन् । त्यसकारण कायसंस्कार भन्दछ । सर्वप्रथम विचार गरेर निरीक्षण र परामर्श गरेर पछि कुरा व्यक्त गर्छ । त्यसकारण वितर्क विचारलाई वचीसंस्कार भन्दछ । संज्ञा र वेदना चैतसिक भनिन्छन् । चित्तसित सम्बद्ध छन् । त्यसकारण चित्तसंस्कार भन्दछ ।" (म. नि. चूलवेदल्ल सुत्त) यो पालि अनुसार संस्कार कायिक कर्म वाचसिक कर्म र मानसिक कर्महरूलाई

---

1. S. Z. Aung, "Compendium of Philosophy", P. 42.

download from : https://www.dhamma.digital

सहयोग पुऱ्याउने धर्म हो। प्रतीत्य समुत्पादमा त त्यो कर्म नै भयो।

वास्तवमा भन्ने हो भने संस्कार धेरै बुद्धवादीहरूले बुझेको भन्दा बढी अर्थ अभिप्राय विस्तृत र व्यापक एवं गम्भीर छ। बुद्धवादमा 'कम्म=कर्म' प्रधान रूपमा चेतना प्रमुख भई अतीत जीवन अथवा वर्तमान जीवनमा आफूले गरेको कार्यलाई भन्न चाहेता पनि यथार्थमा एउटा मानिसको जीवनको स्थितिलाई निर्माण गर्ने त्यस मानिसको कार्य; वरिपरिका अन्य मानिसहरूको सबै कार्य पनि 'कम्म=कर्म' को अर्थमा निहित छ।[1] त्यस्तै संस्कारलाई शोधन गर्नु, प्रबन्ध र व्यवस्था गर्नु भनी अर्थ लगाउँदा एउटा मानिसलाई शोधन गर्ने, प्रबन्ध र व्यवस्था गर्ने अध्यात्म धर्म र बाह्य धर्महरूलाई बुझ्नु योग्य छ। अर्को शब्दमा भनौं भने संस्कारमा आएको शोधन गर्ने, प्रबन्ध र व्यवस्था गर्ने पनि समावेश रहेको कुरा होश राख्नु पर्दछ। यो तथ्य निम्न देशनामा स्पष्ट छ।

"हे आनन्द, कायद्वारमा उत्पन्न हुने चेतना रहेमा कायसञ्चेतनाको कारणले गर्दा आध्यात्मिक सन्तानमा सुख दुःख हुन्छ। चेतना अविद्याको कारणले उत्पन्न हुन्छ। आफूले पनि त्यो कायसंस्कारलाई शोधन गर्छ, प्रबन्ध र व्यवस्था गर्छ। त्यस शोधन गर्नु, प्रबन्ध र व्यवस्था गर्नुको कारणले

१. "कम्म" को विस्तृत र व्यापक अर्थ अभिप्रायलाई "कर्म शक्ति र कर्मवाद" खण्डमा सविस्तर प्रदर्शित गरिने छ।

download from : https://www.dhamma.digital

त्यो कर्मले आध्यात्मिक सन्तानमा सुख दु:ख निर्माण गराउँछ। अन्य व्यक्तिहरूले पनि त्यो कायसंस्कारलाई शोधन गर्नु, प्रबन्ध र व्यवस्था गर्नुको कारणले सुख दु:खलाई उत्पन्न गराउँछ। अनजानको रूपमा भए पनि त्यो कायसंस्कारलाई शोधन गरी, प्रबन्ध र व्यवस्था गरी सुख दु:खलाई उत्पन्न गराउँछ।" (निदानसंयुत्त – दसबलवग्ग – आयस्माभूमिज सुत्त)।

पञ्चस्कन्धमा संस्कार मनोविज्ञानलाई शोधन गर्ने, प्रबन्ध र व्यवस्था गर्ने धर्म हो। अर्को शब्दमा चित्तका परिवार सम्प्रयुक्त चैतसिक धर्महरू हुन्। चैतसिक पदलाई सुत्तन्तपिटकमा भेटाउन गाह्रो भएता पनि अभिधम्मत्थ सङ्गह ग्रन्थमा चैतसिक ५२ प्रकारको देखाएको छ। तिनीहरू सम्पूर्ण चित्त धर्मलाई सँगाल्न जम्मा पारी गिन्ति गरिराखे जस्तो भई धम्मसङ्गणी पालिमा चैतसिक धर्म समूहमध्येमा तिनीहरू बाहेक कारण समवाय भई उत्पन्न भएर आउने अन्य सर्व नामधर्म निहित छ भनी भनिएको छ।

संस्कारस्कन्ध वा चैतसिक धर्मसमूहमा प्रकट भई महत्त्वपूर्ण धर्म भनेको त चेतना हो। चेतना प्रेरित गर्ने धर्म हो। Will, Volition आदि अंग्रेजी शब्दहरूसित समानार्थी हो। Mrs. Rhys Davids ले त पालिपिटकमा ती अंग्रेजी शब्दहरूसित समानार्थी भएको पालि शब्द छैन; सबभन्दा निकट अभिप्राय भएका शब्दहरू सङ्कप्प, काम, छन्द

download from : https://www.dhamma.digital

आदि शब्दहरू नै हुन् भन्छिन् ।[1] जेहोस्, चेतनाहं भिक्खवे कम्मं आदि पालि देशना अनुरूप कुनै न कुनै काम (कर्म) गर्दा चेतना आवश्यक भई कर्मपथ सिद्ध गराउन सहयोग गर्ने चिन्तन मनन प्रयत्न उद्योगसित सम्बद्ध रहेको तथ्य स्पष्ट छ ।

बुद्धवादले स्थिर नित्य आत्मा वा पुद्‌गललाई तिरस्कार गरेको हुँदा बुद्धवादको मतानुसार एउटा मनुष्य प्राणीमा चिन्तन मनन गर्नु प्रयत्न र उद्योग गर्नु हुन सकिन्छ र भनी सोध्न योग्य छ । यो प्रश्न वास्तवमा अनौठो होइन । बुद्धकालीन एउटा ब्राह्मणले बुद्धसित यस्तै प्रकारको प्रश्न सोधेको थियो । यो सोधाईको मूल कारणलाई पिटकमा उल्लेख गरिराखेको छैन । भगवान् बुद्धको अनात्मवादलाई गहिरिएर नबुझेको कारणले सोधेको हुनसक्छ । भगवान् बुद्धको उत्तर स्मरणीय भएर परिपूर्ण रूपमा उल्लेख गरिन्छ ।

ब्राह्मण : भो गौतम, मैले आफूले गर्नुपर्ने कृत्य छैन । अरूले गर्नुपर्ने कृत्य छैन भनी धारणा राख्छु ।

बुद्ध : यस्तो धारणा राख्ने व्यक्तिलाई मैले देख्न पनि देखेको छैन; सुन्न पनि सुनेको छैन । कस्तो कारणले आफू अगाडि बढेर आफू पछाडि सरेर आफूले गरेको कृत्य छैन; अरूले गरेको कृत्य छैन भनी भनेको नि ? ब्राह्मण, तिमी के ठान्छौ ? सर्वप्रथम उद्योग गर्ने स्वभाव आरम्भधातु

1. Mrs. Rhys Davids, "The Birth of Indian Psycology and its Development in Buddhism", chap. 14.

download from : https://www.dhamma.digital

छ होइन ? आरब्भधातु छ भने त्यो आरब्भधातुले सम्पन्न सत्त्वहरू प्रकट रूपमा छन् । अल्छीपनाबाट निष्काशित हुने स्वभाव (निक्कमधातु) क्रमबद्ध ,रूपमा लगातार उद्योग गर्ने स्वभाव (परक्कमधातु) शक्ति सामर्थ्य स्वभाव (थामधातु) स्थिर स्वभाव (ठितिधातु) अत्यधिक उद्योग गर्ने स्वभाव (उपक्कमधातु) हरू पनि छन् । ती धातु स्वभावहरूले परिपूर्ण सत्त्वहरू पनि छन् । त्यसकारण सत्त्वहरूको आफूले गर्नुपर्ने कृत्य; अरूले गर्नुपर्ने कृत्य अवश्य रहेको कुरा स्पष्ट छ । (अं. नि. छक्कनिपात–नत्थि अत्तकार सुत्त) ।[1]

बुद्धवादले प्रयत्न वा उद्योग गर्नुलाई पौराणिक अन्य भारतीय वादहरूले भन्दा अत्यधिक बढी गुण। महत्त्व दिई प्रगाढ रूपमा उपदेश गर्छ । वीरिय पद उपनिषद् साहित्यमा एकचोटिमात्र देखा परेता पनि[2] वीरियसित समान भएको अर्थ अभिप्राय रहेको वायाम, पधान, परक्कम, उट्ठान आदि पदहरू पालिपिटकमा अनगिन्ति रूपमा कैयन् पटक देखा-पर्दछ । वीरिय पञ्चबलहरूमा, सप्त सम्बोध्यंगहरूमा निहित रहेको एउटा धर्म हो । सम्मावायाम अष्टांगिक मार्गमा समावेश छ । "यो शासनमा भिक्षुले अवश्यमेव छाला, नशा, हाड बाँकिरहेता पनि, शरीरमा मासु र रगत सुकेर गएता पनि, अरहन्त फल प्राप्त नगरी वीरिय (वीर्य) सिथिल पार्नु योग्य छैन ।" यसरी पालिपिटकमा बारबार भेटाउने शब्दद्वारा

१. "मानिसको बन्धन र स्वतन्त्रता" म्यागजी, अक्टूबर १९५७ ।
2. Ibid, P. 284.

download from : https://www.dhamma.digital

बुद्धवादीहरूले चाहने वीरिय सामान्य वीरिय नभई अति तीव्रतर प्रकारको वीरिय भएको तथ्य स्पष्ट छ ।

सही रूपमा भन्ने हो भने बुद्धवादीले सामान्य प्रकारको वीर्य सामान्य प्रकारको दृढ मनोवृत्तिले मार्ग फल निर्वाण धर्मलाई नभनौं, भगवान् बुद्धले गम्भीर एवं प्रगाढ रूपमा उपदेश गर्नुभनेको क्षान्तिधर्मलाई पनि आचरण गर्न मुश्किल छ । "म तथागतको अनुशासन उपदेशलाई अनुशरण गर्ने भिक्षुले दुईतिर समाउने भएको करौंतीले दुष्ट चोरहरूले अङ्ग प्रत्यङ्गहरू चिरेर काटी दिएता पनि तिनीहरूप्रति कोप नगरी सहनु पर्दछ ।" (म. नि. ककचूपम सुत्त) यसरी भगवान् बुद्धले उपदेश दिनुभएको जस्तो शीलाचरणले सम्पन्न हुन चाहने व्यक्तिमा मनोबल चित्तशक्ति विशेष रूपले विशाल हुनु आवश्यक भएको कुरा निराशङ्कित छ ।

बुद्धवादमा मनोवृत्तिशक्ति त्यतिकै अत्यावश्यक भएर पनि त्यस मनोवृत्तिशक्तिको मूल कारण धर्म चेतनालाई किन वेदना, संज्ञाहरू जस्तै एउटा स्कन्धको रूपमा विशेष उल्लेख नगरी एउटा चैतसिकको रूपमा सामान्य तौरले उल्लेख गरिराखेको नि ? भनौं । चेतना मानिसहरूको स्वभावतः चिन्तन मनन गर्नु कर्म गर्नुसित सम्बद्ध भइरहेको कारणले आत्मवादीहरूले त्यसलाई मूल प्रमुख धर्म वा आत्मा भनी गलत प्रकारको सम्झना राख्न सक्छ । Mrs. Rhys Davids ले समेत बुद्धवादमा मनोवृत्ति दृढ हुनु वा चेतनालाई अति प्रोत्साहित गर्छ; गम्भीर एवं प्रगाढ रूपमा उपदेश

download from : https://www.dhamma.digital

गर्छ; तसर्थ मनोभावनाको स्वामि वा चेतना मालिक वा आत्मालाई पनि स्वीकार्नु हुन्छ भन्छिन् । त्यसरी आत्मवादी-हरूले गलत रूपमा विचार विमर्श र कल्पना गर्ला भन्ने डरले पिटकमा चेतनालाई चैतसिक धर्मको रूपमा उल्लेख गरिराखेको जस्तो भान हुन्छ ।

ऊ. स्वे जां आउँको विचारधारा अनुसार चेतना चिन्तन मननलाई उत्पन्न गराउने धर्म; संस्कारस्कन्धमा प्रधान पूर्वगामी धर्म; अन्य सम्प्रयुक्त चैतसिक धर्महरूलाई आफूसँग सम्मिलित गर्ने धर्म हो ।[1] अवश्य हो । चेतना कारण बिनाको मूल प्रधान धर्म होइन । वितर्क विचार मनसिकार आदि धर्महरूको सामूहिक सहयोगद्वारा प्रादुर्भाव भएर आएको धर्म हो । यो अर्थ अभिप्राय आधुनिक चित्तविज्ञान प्रज्ञासित मेल खान्छ । "हामीले चेतनालाई मानसिक शक्ति सामर्थ्यहरूको मूलधर्म भनी सम्झनु हुन्न । चेतना एक प्रकारको क्रियाकलाप हो । चेतना प्रधान हुनु आफ्नो प्रभाव शक्तिहरूलाई एक न एक क्रियाकलापमा जम्मा गर्नु एकमुष्ट पार्नु नै हो" भनी एक जना मनोवैज्ञानिकले भनेको छ ।[2]

चेतनालाई उपकार गर्ने चैतसिक धर्म धेरै प्रकारको भएकोमा श्रद्धा प्रकट भई महत्त्वपूर्ण चैतसिक धर्म हो । कुनै कुनै आधुनिक बुद्धवादीहरूले बुद्धवादमा ज्ञानद्वारा निरीक्षण

1. S. Z. Aung, "Compendium of Philosophy", P. 235.
2. R. S. Woodworth, "Psychology", P. 398.

download from : https://www.dhamma.digital

र परिमार्जन गर्नुमात्र अत्यावश्यक भई विश्वास र प्रसन्न हुनु कतै पनि आवश्यक नभएजस्तो गरी भन्न थाल्छन्। विश्वास र प्रसन्नतालाई सानो र मामुली सम्झने बानि छन्। सही हो। बुद्धवादले परीक्षण र विभाजनलाई प्रोत्साहन दिन्छ। तर विश्वास र प्रसन्नतालाई तिरस्कार गरेको त होइन। वास्तवमा भन्ने हो भने पालिपिटकमा श्रद्धा धर्मको आवश्यकतालाई बारबार जोरदार रूपमा उल्लेख गरिराखेको छ। श्रद्धा पञ्चबल र पञ्च इन्द्रियहरूमा समावेश भएको एउटा धर्म हो।

श्रद्धा वास्तवमा धर्म वादहरू बाहेक अन्य ठाउँहरूमा पनि हुनु योग्य भएको तथ्य स्पष्ट छ। प्रज्ञा ज्ञानद्वारा परीक्षण र अध्ययन गर्नुलाई आधार भरोसा लिने वैज्ञानिक-हरूले समेत स्वभाव धर्मलाई विपरीत नभई नित्य सही हुनुलाई स्वीकार र विश्वास गर्छन्। मानिसहरू दिनहुँ आवागमन र कामकाज गरिरहँदा (उदाहरणको रूपमा–हवाईजहाजद्वारा यात्रा गर्नु एउटा डाक्टरसित औषधी गर्नु) विश्वासद्वारा गरिनु पर्दछ। त्यसरी नै बुद्धवादमा कर्मनियाम भवसंसार आदि धर्महरू जतिसुकै कारण युक्तिले परिपूर्ण छ भनेता पनि वैज्ञानिक विधिद्वारा हातले समाती प्रत्यक्ष प्रदर्शन गर्न असम्भव भएको कारणले विश्वासद्वारा स्वीकारी आचरण गर्नुपर्ने धर्महरू हुन्। साँच्चै भनौं भने मार्ग, फल र निर्वाणधर्मलाई अभ्यास, उद्योग र आचरण गर्नु समेत श्रद्धा-धर्म माथि आधारित हुनुपर्ने हो। (म. नि. किटागीरि सुत्त)।

download from : https://www.dhamma.digital

त्यसो भएर पनि श्रद्धा, वीर्य र प्रज्ञाहरूको दाँजोमा श्रद्धा हुनु आवश्यक छ। प्रज्ञा निरीक्षण परीक्षण गर्नु; तुलना गर्नु तौलनुलाई सहयोग गर्ने धर्म हो। बुद्धवादमा प्रज्ञाको आवश्यकतालाई विशेष व्याख्या गरी उल्लेख गरिरहनु पर्दैन। "भिक्षुहरू हो, आचरण गरिरहने शैक्ष पुद्गलहरूको बलहरू श्रद्धा, ह्री, अत्राप्य, वीर्य, प्रज्ञा भनी पाँच प्रकारका छन्। गजुर भएको घरमा गजुर सर्वोत्तम भए जस्तै धुरी दलीन-हरूलाई संग्रह र एकत्रित पार्न सक्ने जस्तै त्यसरी नै आचरण गर्दैरहेका शैक्ष पुद्गलहरूको पञ्चबलहरूमध्ये प्रज्ञाबल सर्वोत्तम छ। बाँकी बलहरूलाई एकत्रित पार्न सक्छ; संग्रह गर्न सक्छ।" (अं. नि. पञ्चकनिपात–बलवग्ग–कूट सुत्त)।

विज्ञान जान्ने बुझ्ने धर्म हो। आत्मवादीहरूले विज्ञानलाई आत्मासित सम्मिश्रण गरी गलत रूपमा सम्झन्छन्। यसरी गलत रूपमा सम्झनु पनि अचम्मलाग्दो छैन। पालिपिटकमा आएको परिनिर्वाण भइसकेको अरहन्तको विज्ञानलाई मारदेवले खोजी गरे भन्नु (खन्ध संयुत्त–वक्कलिथेर सुत्त) विज्ञान मातृगर्भमा अवतरण गरे मात्र नाम रूप उत्पन्न भएर आउँछ (दी. नि. महानिदान सुत्त) भनी भगवान् बुद्धले आज्ञा गर्नु आदि आत्मवादीहरूको निमित्त गलत रूपमा निरीक्षण र परिमार्जन गर्नु योग्य छ। तर पनि भगवान् बुद्धको विचारधारा अनुसार विज्ञान शोधन गर्नु व्यवस्था गर्नु कारण धर्मसित विरत भई उत्पन्न भएर आएको होइन। खास तौरमा त्यो वेदना संज्ञादि अन्य

download from : https://www.dhamma.digital

धर्महरूसित अलग्ग भई एक्लै स्थिर रहन सक्ने धर्म नै नभएको तथ्य उपर्युक्त सुत्तन्त देशना साधक प्रमाणहरूद्वारा उल्लेख गरिसकेको छ ।

पञ्चस्कन्धहरूको एकत्रित हुने कारणलाई आयुष्मान् सारिपुत्रले पनि उपदेश गर्नुभएको छ । "आवुस कोट्ठिक, जुन वेदना, संज्ञा र विज्ञान छ, ती धर्महरू एकसाथ उत्पन्न हुने आदि हिसाबले संयुक्त छ । तिनीहरूको विभिन्न कारणलाई विभाजन गरी जनाउन मिल्दैन । जुन आरम्मणलाई वेदनाले अनुभव गर्छ; त्यो आरम्मणलाई संज्ञाले सम्झन्छ । जुन आरम्मणलाई संज्ञाले सम्झन्छ; त्यो आरम्मणलाई विज्ञानले जान्छ । त्यसकारण यी धर्महरू एकसाथ उत्पन्न हुन्छन् । यिनीहरूलाई विभाजन गरी विभिन्न कारणलाई जनाउन मिल्दैन ।" (म. नि. महावेदल्ल सुत्त) ।

चार नामस्कन्धको एकसाथ एकत्रित भई उत्पन्न हुनुलाई आयुष्मान् बुद्धघोषाचार्यले मज्झिमनिकाय अट्ठकथामा गङ्गा नदीको पानीसँग तुलना गरी देखाएको छ । पञ्च महानदीहरू सङ्गम भई समुद्रमा बगेर गएको ठाउँबाट पानी भरेर ल्याई यो पानी गङ्गा नदीको पानी यो पानी यमुना नदीको पानी भनी भन्न नसकिने जस्तै चार नामस्कन्धलाई भाग भागमा विभाजन गरी छुट्याउन मिल्दैन । मिलिन्द पञ्हामा पनि आयुष्मान् नागसेनले तरकारीमा एकत्रित भइसकेको अमिलो, नूनिलो, पीरो, तीतो आदि रसहरूको शक्तिलाई अलग अलग विभाजन गरी धारण गर्न नसकिने

download from : https://www.dhamma.digital

जस्तै एकत्रित भइरहेको चित्तधर्महरूको विभिन्न विषयलाई यो चाहिं विज्ञान यो चाहिं स्पर्श आदि भनी अलग अलग छुट्याएर जानिदैन भनी भन्नुभएको छ ।

विज्ञान (एक) चक्षुप्रसाद श्रोतप्रसाद आदि आरम्मण ग्राहक अङ्ग समूह र रूपारम्मण शब्दारम्मण आदि वस्तु आरम्मणहरू संघट्टन भई एकत्रित हुनुमा महत्त्वपूर्ण धर्म हो । आरम्मण ग्राहक अङ्ग समूह र वस्तु आरम्मणहरूको समूहलाई आयतन भनिन्छ । प्रसादरूपहरू र बाह्य आरम्मणहरू एकत्रित हुनुको स्वभाव उत्पत्तिक्रमलाई बुद्ध प्रादुर्भाव हुनु अगाडि भारतीय धार्मिक वाङमयहरूमा र चार निकायग्रन्थ-हरूसँग एउटै युगमा प्रादुर्भाव भएका भारतीय वाङमयहरूमा अध्ययन र परीक्षण गरिराखेको छैन । उपनिषद्वाद त्यस प्रकारको अध्ययन र परीक्षणलाई प्रोत्साहन दिने वाद होइन । त्यो वादले हेर्नु, सुन्नु र जान्नु आदिलाई विचार नगरी हेरेको, सुनेको र जानेको पुद्गल सत्त्व आत्मालाई चिन्तन गर्न प्रेरणा दिन्छ । (पृष्ठ १८०) बुद्धवादले त आत्मालाई हटाई चित्त उत्पत्तिक्रम अध्ययन गर्नुलाई प्रोत्साहन दिन्छ । संयुत्त निकायमा आयतन विषयलाई विस्तृत रूपमा प्रस्तुत गरिराखेको सलायतन संयुत्त रूपमा समावेश छ ।

सलायतन संयुत्तमा आएका धेरै देशनाहरूको मुख्य अभिप्राय चक्षुप्रसाद आदि आध्यात्मिक आयतनहरू आत्मा होइनन् । संस्कार धर्ममात्र भई तिनीहरू माथि उपादान राख्नु हुन्न भन्ने तथ्य हो । "चक्षुप्रसाद आदि तिमीहरूका

download from : https://www.dhamma.digital

सम्पत्ति होइनन् । सम्पत्ति नभएका धर्महरूलाई हटाइदेऊ । त्यसरी हटाएमा तिमीहरूलाई हित र सुख हुनेछ ।" (सलायतन संयुत्त पहीन सुत्त) ।

आध्यात्मिक आयतनहरू र बाहिरिक आयतनहरू सङ्गम हुन लाग्दा चक्षुविज्ञान, श्रोतविज्ञान आदि उत्पन्न हुन्छन् । त्यसो हुनाले यो कुरा हेर्नु सुन्नु आदि आयतनमाथि बिल्कुल आधारित छ । "मित्रहरू हो, आध्यात्मिक सन्तानमा उत्पन्न हुने चक्षुप्रसाद राम्रो भएता पनि बाहिरिक सन्तानमा उत्पन्न हुने रूपारम्मणहरू प्रकट हुन नआएमा, त्यसबेला चक्षु रूपारम्मणलाई प्रत्यय गरी उत्पन्न हुने निरीक्षण गर्ने आवर्जन उत्पन्न हुँदैन, त्यतिखेरसम्म त्यो आवर्जन अनुरूपको विज्ञान प्रकट हुने नै छैन ।" (म. नि. महाहत्थिपदोपम सुत्त) ।

भिन्नभिन्न पञ्च आयतनमा छुट्टै क्षेत्र रही तिनीहरूले छुट्टै कृत्यहरूलाई वहन गर्छन् । यिनीहरूलाई एकसाथ एकत्रित गरी नेतृत्व र प्रशासन गर्ने धर्म मनोविज्ञान हो । "आवुस कोट्ठिक, विभिन्न आरम्मण भएका विभिन्न गौचर भएका यी पञ्चइन्द्रियहरूले परस्पर एकले अर्कोको गौचर आरम्मणलाई अनुभव गर्दैन । यिनीहरूको आधार स्थल त मनोविज्ञान हो । मनोविज्ञानले नै यिनीहरूको गौचर आरम्मणलाई अनुभव गर्छ ।" (म. नि. महावेदल्ल सुत्त) ।

मनोविज्ञानलाई धम्मपद पालि पहिलो गाथामा नामधर्महरूको प्रमुखको रूपमा र एउटा सुत्तन्त देशनामा

download from : https://www.dhamma.digital

पञ्चस्कन्ध भन्ने नगरको अधिपति मालिकको रूपमा (पृष्ठ २१६) देखाएको छ। ती पालिहरूलाई उद्धृत गरी आत्मवादीहरूले मनोविज्ञानलाई आत्मा भनी गलत धारणा राख्दछन्। तर पनि मनोविज्ञान संस्कार धर्म भई आत्मा होइन; सही रूपमा त ती देशनाहरूले बुद्धवाद आत्मालाई तिरस्कार गरिएता पनि नास्तिकवाद नभएको कुरालाई देखाउँछन्। बुद्धवादको विचार अनुसार परमार्थ हिसाबले पुद्गल सत्त्व आत्मा जीवलाई खोजी गरेर नमिलेता पनि वेदना, संज्ञादि चित्त चैतसिक धर्महरू रेखदेख बिना जथाभावी उत्पन्न भइरहेका नभई मनोविज्ञानले अधीनमा राखी चित्त स्वभाव कारण धर्महरू अनुरूप उत्पन्न भई निरोध र अन्त भइरहन्छन्।

चित्त उत्पत्तिक्रम स्वभाव धर्महरूलाई त मिलिन्दपञ्हा ग्रन्थमा केही मात्रामा देखाएको छ। मिलिन्द राजले नागसेन स्थविरसँग चक्षुविज्ञान मनोविज्ञानहरू किन एक अर्कोलाई अह्राउने पह्राउने नगरिकन नै पूर्वापर भइरहेको नि? भनी सोधे। आयुष्मान् नागसेन स्थविरले चक्षुविज्ञानले मनोविज्ञानलाई अह्राउँदैन; मनोविज्ञानले पनि चक्षुविज्ञानलाई प्रेरणा दिंदैन; ती धर्महरू आपसमा सरसल्लाह र सङ्गम नभइकन नै बगेर जाने भएको कारणले; कारण द्वार भएको कारणले; गौचर भएको कारणले र अभ्यास क्षेत्र भएको कारणले पूर्वापर भइरहेको कुरा उपमा उपमेयहरूद्वारा उत्तर दिनुभयो।

download from : https://www.dhamma.digital

पश्चिमी राष्ट्रको मनोविज्ञानलाई केही मात्रामा अध्ययन गरिसकेको व्यक्तिले आयुष्मान् नागसेनको कुरालाई राम्ररी बुझ्ने छ । मनोविज्ञानका ग्रन्थहरूको भनाई अनुसार हामीहरूको धर्मारम्मणहरू परस्पर सामीप्य शक्तिद्वारा उपकार गर्छन् वा सामीप्यद्वारा उत्पन्न भएर आउँछन् । पानी ओरालोतिर आफसेआफ बगेर जाने जस्तै एउटा धर्मारम्मणले कारणानुरूप अथवा समानताको अनुरूप वा विरोधानुरूप एउटा धर्मारम्मणलाई उत्पन्न गराउँछ । उदाहरणको रूपमा भनौं भने एउटा सिंहलाई देख्यो भने सिंहलाई कारण गरी अफ्रिका महाद्वीप, अमेरिका महाद्वीप, सोभियत यूनियन, पुँजीपतिवाद आदिलाई लहरै लगातार विचार गरिने हुन्छ । एक न एक चरित्र अत्यधिक भएको व्यक्ति त्यस चरित्रको दबाव र अभिभूततालाई भोगी त्यस व्यक्तिको मनोविज्ञानको निमित्त त्यो चरित्र नै कारणद्वार वा निस्कने ढोका भएको हुनेछ । दक्षता, चातुर्य र बढी अभ्यासको कारणले मनोविज्ञान कसरी उत्पन्न भएर आउँछ भन्ने कुरा प्रकट भई प्रत्येक जसो व्यक्तिले जानी बुझिसकेको कारणले गर्दा विशेष उल्लेख गरिरहनु आवश्यक छैन ।

आयुष्मान् बुद्धघोष र अन्य अट्ठकथा आचार्यहरूले मनोविज्ञानको आधार वस्तु रूप हृदयवस्तु वा मुटु थैली हो भनी उल्लेख गरेका छन् । यो सिद्धान्त बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि भारतमा विद्यमान रहिसकेको हो । पौराणिक उपनिषद् ग्रन्थहरूमा मुटु थैली भित्र आत्मा रहेको तथ्य

download from : https://www.dhamma.digital

देखाइराखेकोलाई माथि उल्लेख गरिसकें। (पृष्ठ १७६) Mrs. Rhys Davids को भनाई अनुसार यो धारणा पालिपिटकवाङ्मयमा बिल्कुल देखापर्दैन । पालिपिटकमा मुटुलाई आधुनिक युगका मानिसहरूले बुझै जस्तै मानसिक सुख शान्ति हुनु मानसिक श्रेष्ठ पवित्रता हुनु मानसिक शूक्ष्मता र कोमलता हुनु आदि रूपमा लौकिक व्यवहार अनुरूप प्रयोग गरी मनोविज्ञानको आधार स्थलको रूपमा देखाइराखेको छैन ।[1]

मुटु मनोविज्ञान वा चित्तको आधार स्थल रूपवस्तु हो भन्ने विषय सर्वप्रथम पालि प्रमाण सहित उल्लेख गर्ने व्यक्ति त बर्मेली प्रज्ञाविद् ऊ. स्वे जां आउँ हो । ऊ. स्वे जां आउँले भगवान् बुद्धले आफ्नो समयमा चित्तको आधार स्थल रूपवस्तुसित सम्बन्धित मानिसहरूको धारणालाई स्वीकार्न नचाहेता पनि धेरै मानिसहरूलाई विरोध गरो उपदेश गर्न नचाहनु भएको कारणले मौन रहनु भएको हो भनिन्छ । यो कुरा सही हुनसक्छ । जोशस् क्राइष्टले पनि ममा तिमीहरूलाई भन्नुपर्ने कुरा थुप्रै छ । तर अहिले तिमीहरूले मेरो कुरालाई स्वीकार्न सक्ने छैनौ भनेको छ । सूर्यलाई पृथ्वीले परिक्रमा गर्ने कुरा सर्वप्रथम थाहा पाउने यूरोपेली प्रज्ञाविद् Coaper

---

1. Mrs. Rhys Davids, 1914, "Buddhist Psychology", P. 71.

download from : https://www.dhamma.digital

Nicus ले आफ्नो धारणालाई उद्घोषण नगरी ३६ वर्षसम्म पर्खिरह्यो ।[1]

भगवान् बुद्धले महाजनहरूको विश्वासलाई गौरव राख्नु हुने विषय; कुनै एउटा विश्वास मिथ्या भए पनि मानिसहरूको अर्थहितसित विरोधी र प्रतिपक्षी छैन भने त्यस विश्वासलाई निन्दा र उपहास गर्ने चाहने मन नरहेको विषय भगवान् बुद्धको अनुशासन पद्धति खण्डमा विस्तृत रूपमा उल्लेख गरिसकिएको छ ।

ऊ. स्वे जां आउँको लेख सम्झन योग्य भएर पूर्ण रूपमा उल्लेख गर्नेछु ।

"धम्मसङ्गणी पालिमा हृदयवस्तुलाई खालि राखी छोडेर जानु हामी बुद्धवादीहरूको निमित्त अनौठो छ । त्यस पालिमा आएका धर्महरू भगवान् बुद्धका उपदेश हुन् भनी हामी विश्वास राख्छौं । हृदयवस्तुलाई बाँकी छोडेर जानु जानाजानी छोडेर जानु हुनसक्छ । बुद्धकालीन मानिसहरूले मुटुलाई चित्तको आधार स्थल रूपमा धारणा राखी सम्झिराखेको हुँदा भगवान् बुद्ध मौन रहनु भएको हो । भगवान् बुद्धले मानिसहरूको धारणालाई स्वीकार्नु हुन्न । तर यदि आफ्नो धारणालाई उपदेश गरेको खण्डमा त्यस धारणालाई धेरै मानिसहरूले स्वीकार्ने छैनन् । त्यसो भएता पनि भगवान् बुद्धले चित्तको आधार सम्बन्धी समस्यालाई पट्ठान

1. S. Z. Aung, "Compendium of Philosophy", P. 278 note by Mrs. Rhys Davids.

download from : https://www.dhamma.digital

ग्रन्थमा आएको अभिधम्म देशनाको निमित्त छुट्टै बाँकी राख्नु भएको थियो। पट्ठान ग्रन्थमा भगवान् बुद्धले धेरै मानिसहरूको सिद्धान्तलाई स्वीकारेको रूपमा मुटु चित्तको आधार स्थल हो भनी भन्नु भएन।

पट्ठान पालिमा आएको कुरा यहाँ दिइन्छ। "चक्खायतनं चक्खुविञ्ञाणधातुया तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो।" (अर्थ) चक्षुले चक्षुविज्ञानधातुसित र सम्प्रयुक्त धर्महरूसित निस्सय (आधार भरोसा) प्रत्यय भई उपकार गर्छ। अन्य आयतनहरूलाई पनि त्यस विधि जस्तै देखाएको छ। मनो (चित्त) विषयसित सम्बन्ध राखेर त "यं रूपं निस्साय मनोधातु च मनोविञ्ञाणधातु च वत्तन्ति, तं रूपं मनोधातुया च मनोविञ्ञाणधातुया च तं सम्पयुत्तकानञ्च धम्मानं निस्सयपच्चयेन पच्चयो।" जुन रूपवस्तु देख्नु जान्नु बुझ्नुको आधार हो। त्यो रूपवस्तुले त्यस देख्नु जान्नु बुझ्नुलाई र सम्प्रयुक्त धर्महरूलाई निश्रय-प्रत्ययद्वारा उपकार गर्छ भनी भनेको छ। (यहाँ मुटु नभनी रूपवस्तु भनिनुलाई याद राख्नु पर्छ।) यदि अभिधम्म आचार्यले चित्तको आधार मुटु हो भनी विश्वास गरेको भए "रूपवस्तु" "रूप" को ठाउँमा 'मुटु' 'हृदय' पद प्रयोग गरिनेछ।

"अट्ठकथा आचार्यहरूले यं रूपं... ... तं रूपं भन्ने कुरालाई स्पष्ट पार्न आवश्यक भएको कारणले महाजनले स्वीकार र विश्वास गरेको वाद अनुरूप मुटु (हृदय) भनी

download from : https://www.dhamma.digital

अभिप्राय व्याख्या गरेका छन् । त्यसरी व्याख्या गर्नु पनि सही छ भनी विश्वास गर्छन् । किनभने भगवान् बुद्ध आफैले हृदयलाई मानसिक मुटु पनि प्रयोग र व्यवहार गर्नु भएकोले हो । तर महाजनले बुझाउन त्यसरी प्रयोग गर्नु र परमार्थ धर्म देशना गर्दा चित्तको प्राथमिक रूप वस्तुको रूपमा प्रयोग गर्नु देखि भिन्नाभिन्नै हुन्छ ।"[१]

★ ★ ★

1. S. Z. Aung, "Compendium of Philosophy", PP. 277–79.

download from : https://www.dhamma.digital

# खण्ड ८

## प्रतीत्य समुत्पाद

विनयपिटक महावग्गमा आएको आयुष्मान् भावी सारिपुत्र उपतिस्स र आयुष्मान् अस्सजि स्थविरहरूलाई भेट्नु भएको घटना बौद्ध इतिहासमा प्रसिद्ध घटना हो । उपतिस्सले आयुष्मान् अस्सजिलाई देख्ने बित्तिकै अत्यन्त प्रसन्न भएकोले तपाइँको गुरु को हुनुहुन्छ ? कसको धर्मलाई तपाइँ रुचाउनु हुन्छ ? भनी सोधे । आयुष्मान् अस्सजिले भगवान् बुद्ध वहाँको गुरु भई बुद्धको धर्मलाई आफूले मन पराएको कुरा जवाफ दिंदा उपतिस्सले केही उपदेश गर्नु हुन प्रार्थना गरे । आयुष्मान् अस्सजिले 'ये धम्मा हेतुप्पभवा' आदि गाथाको उपदेश दिनुहुँदा उपतिस्सले गाथाको अन्त्यमा श्रोतापत्ति मार्ग फल प्राप्त गर्नुभयो ।

'ये धम्मा हेतुप्पभवा' गाथा बौद्ध इतिहासमा धेरैले थाहा पाएको प्रसिद्ध गाथा हो । त्यो गाथालाई महायान र

download from : https://www.dhamma.digital

थेरवाद दुबै बुद्ध धर्मावलम्बी देशहरूमा रहेका प्राचीन चैत्य स्तूप स्मारकहरूमा संस्कृत र पालिभाषाहरूमा कुँदेर लेखिराखेको पाइन्छ। शिलालेखहरू इँटाहरू पत्रहरू र सूनको बट्टा चाँदीको बट्टा सूनको पत्र चाँदीको पत्रहरूमा त्यो गाथा कुँदी लेखिराखेका छन्। भारतको पुरानो नालन्दा विहारमा फेला परेका इँटा छाप पोलिराखेका पत्रहरूमा ती गाथाहरू समावेश छन्। सद्धर्म पुण्डरीक आदि महायान ग्रन्थहरूको अन्तिम निगमनहरूमा त्यो गाथा समावेश गरी उल्लेख गरिराखेको छ। बर्माको तयेखेत्तया युग पगान् युगका केही केही प्राचीन चीज पदार्थहरूमा पनि त्यो गाथा अंकित गरिराखेको पाइन्छ।

'ये धम्मा हेतुप्पभवा' आदि गाथा चतुरार्य सत्यलाई संक्षिप्त रूपमा देखाउने गाथा हो। गाथाको अर्थले धर्महरू सबैका कारण छन्; ती कारणलाई तथागतले उपदेश दिनुभएको छ। ती धर्महरूको निरोधको विषयमा पनि तथागतले उपदेश दिनुभएको छ। अर्को शब्दमा भनौं भने भगवान् बुद्धले दुःखधर्मको उत्पत्ति कारण समुदय सत्य निरोध निर्वाण धर्म र निरोध कारण मार्ग सत्यलाई उपदेश गर्नुभयो भनी भन्न खोजिएको हो।

चतुः सत्यको क्रम प्राचीन भारतको औषधोपचार गर्ने तरीका अनुरूप लेखिराखेको क्रम हो भनी कुनै कुनै प्रज्ञाविद्हरू भन्छन्। त्यो कुरा ठीक छ छैन भन्नुलाई अलग्ग राखी बुद्धवादमा औषधि विज्ञानमा जस्त कारणधर्मलाई

download from : https://www.dhamma.digital

खोजी गर्नु अत्यावश्यक रहेको तथ्यलाई शंका गर्नुपर्ने छैन । "जुन व्यक्तिले कारण धर्म उत्पन्न हुनुको मूललाई देख्ने छ; त्यस व्यक्तिले धर्मलाई देख्छ ।" (म. नि.) बुद्धघोषाचार्यको विचार अनुसार "धम्माति हेतु– धर्म कारणधर्म नै हो ।"

त्यसरी बुद्धवादमा कारण कार्य नियाम धर्म अत्यावश्यक हुनु वास्तवमा अचम्म मान्नुपर्ने होइन । बुद्धवादको उद्देश्य मनुष्य प्राणीहरूलाई संसार वर्त दुःखबाट मुक्त हुने कारण मार्ग प्रदर्शित गर्नु हो । बुद्धवादले विश्वलाई सृजना गर्ने मालिकको रूपमा अन्यवादीहरूले विश्वास राख्ने परमेश्वरलाई समर्थन गर्दैन । त्यसकारण मानिसहरूले अनुभव गर्नुपर्ने दुःख परमेश्वरको इच्छानुसार उत्पन्न भएर आएको हो भन्ने धारणालाई तिरस्कार गर्छ । तर दुःख विना कारण त्यसै त्यसै आफसेआफ उत्पन्न भएर आएको पनि होइन । कारण रहेर नै दुःख उत्पन्न हुन्छ । बुद्धवादको मतानुसार दुःख उत्पन्न हुनुको त्यो मूलकारण धर्म तृष्णा र लोभ हो ।

भगवान् बुद्धको बुद्धत्व प्राप्ति पछि वहाँले निम्नानुसार उदान व्यक्त गर्नुभएको छ ।––

"मैले स्कन्ध शरीर भन्ने घर बनाउने डकर्मीलाई खोजी गरेता पनि त्यस डकर्मीलाई देख्न जान्न नसकेकोले धेरै धेरै जन्म घुमी बारबार प्रतिसन्धि ग्रहण गर्नु दुःख रहेछ । हे तृष्णारूपी डकर्मी, तिमीलाई मैले अहिले देखें, फेला पारें । यो स्कन्धगृहलाई तिमीले फेरी अर्कोचोटि बनाउन पाउने छैनौ । तिम्रो क्लेशरूपी दलीन र धुरीहरूलाई

download from : https://www.dhamma.digital

मैले भाँचिदिइसकें। अविद्या रूपी घरको शिखरलाई विनाश पारिसकें। मैले तृष्णाक्षय भएको अरहत्त फललाई लाभ गरिसकें।" (धम्मपद १५४)।

यी कथनहरूद्वारा दुःखको उत्पत्ति मूल कारण वा समुदय सत्य प्रकट भएको छ। भगवान् बुद्धको समुदय सत्यसित सम्बन्ध राखी पश्चिमी राष्ट्रको एउटा प्रज्ञाविद्ले निम्नानुसार टिप्पणी गरेको छ।

"दुःख तृष्णाको कारणले उत्पन्न भएर आएको हो भन्ने तथ्य भगवान् बुद्धको प्रज्ञाज्ञानले विशिष्ट रूपमा देख्नु जान्नु भएको तथ्य हो। यो भगवान् बुद्धले सर्वप्रथम देख्नु जान्नु भएको तथ्य कतिको सही भएको छ भन्ने कुरा हामी भन्न सक्तैनौं। भगवान् बुद्ध एक्लैले मात्र सर्वप्रथम देख्नु जान्नु भएको तथ्य नभएको कारणलाई त वृहदारण्यक उपनिषद् ग्रन्थमा तृष्णाको कारण उल्लेख गर्ने तथ्यहरूलाई आधार बनाई जानिन्छ। त्यसो भएता पनि भगवान् बुद्ध समुदय सत्यको गम्भीर विस्तृत र व्यापक हुनुलाई सर्वप्रथम देख्नु जान्नु भई त्यस सत्य धर्मलाई सबभन्दा पहिले स्पष्ट र सुनिश्चित रूपमा उपदेश गर्नुहुने व्यक्ति हो। समुदय सत्य अति गम्भीर भई विचार विमर्श ज्ञान भएका व्यक्तिहरूले यसको गम्भीरपना र यथार्थतालाई प्रतिरोध गर्ने छैन भनी म सम्झन्छु। तृष्णालाई प्रहाण गर्नु दुःखको मूललाई प्रहाण गर्नु हो। त्यसो भएर यो समुदयसत्य बुद्धवादको

download from : https://www.dhamma.digital

धर्महरूमध्येमा निकै महत्त्वपूर्ण धर्म हुनुमा आश्चर्यलाग्दो छैन ।"[१]

संसारमा मनुष्य प्राणीहरूको प्रमुख आशा छन्दहरू धेरै छन् । ती प्रमुख आशा छन्दहरूको कारणले मानिसमा शारीरिक दुःख र मानसिक दुःख हुन्छ । मानिसको प्रमुख आशा छन्दहरू सिद्ध गर्न मुश्किल पर्नु, एउटाको आशा छन्दसित अर्कोको आशा छन्द प्रतिपक्ष हुनु, त्यसरी प्रतिपक्ष भएको कारणले मनुष्य लोकमा कलह विवादहरू बृद्धि हुनु, सबै मानिसको आशा छन्दहरू सिद्ध भई कलह विवाद हुनु बिल्कुल शून्य हुँदा पनि मनुष्य लोक विकास नभई मानिसले आफ्नो जीवनप्रति उदास उद्विग्न र घृणा भएर आउनु "दुःख सत्य" खण्डमा लेखिसकेको भएर फेरि उल्लेख गरिरहनु आवश्यक छैन । पालिपिटकमा पनि तृष्णा लोभका दोषहरूलाई थुप्रै उल्लेख गरेर राखेको हुँदा बुद्धवादीहरूले यिनीहरूलाई कम वा अधिक पढिसकेको हुनसक्छ । केही पालिहरूलाई उदाहरणको रूपमा उल्लेख गरिन्छ ।

"तृष्णाले यो संसारलाई माथि विनाश गरिरहन्छ । सबैतिरबाट बुनिन्छ । जकडिएको तानको धागो अंतडि जस्तै नै हो । पंछीहरूको गुँड जस्तै हो । कुहिएको डोरि जस्तै जकडिएको हुन्छ । तृष्णाको कारणले मानिसहरूले सुखरहित संसारलाई अतिक्रमण गर्न सक्दैन ।" (अं. नि. चतुक्कनिपात तण्हाजालिनी सुत्त) ।

1. J. B. Pratt, op. cit, P. 25.

download from : https://www.dhamma.digital

"तृष्णा भनेको कष्ट र शास्ति दिने भयानक रोग जस्तो हो । फोका परेको खटिरा जस्तै हो । बिझने बाण र काँड़ा जस्तै हो ।" (सलायतन संयुत्त–एजा सुत्त) ।

"कुष्ट रोग लागेको व्यक्तिले आफ्नो घाउलाई च्यातेर लिंदा मज्जा पाए जस्तै सत्त्वप्राणीहरू कामगुणमा विरत नभएको राग भएको भई कामतृष्णा रूपी आगोले दनदन दन्किरहेको, नष्ट भ्रष्ट इन्द्रिय भएको कारणले गर्दा दुःख स्पर्श मात्र भएको आगोमा सुख छ भनी विपरीत संज्ञा लाभ गरिरहेको हुन्छ ।" (म. नि. मागण्डिय सुत्त) ।

मानिसको तीव्र आशा छन्दहरूले लौकिक उन्नति बृद्धिलाई उपकार गर्छ । मानिसले यथार्थमा आशा छन्दहरूको प्रेरणाको कारणले आफ्नो जीवन स्थिर राख्न, उन्नति बृद्धि गर्नको निमित्त दुःख भोगी काम गरिरहनुपर्छ । यहाँनिर बुद्धवादलाई नरुचाउने केही पश्चिमी राष्ट्रका नागरिकहरूले मानिसहरूलाई तृष्णा लोभ प्रहाण गर्न प्रेरणा दिनु मनुष्य संसार उन्नति र बृद्धि गर्नुलाई विनाश गरेको विघ्नबाधा पुऱ्याएको हुँदैन र भनी सोध्छन् । तिनीहरूको तर्क प्रत्येक मानिसले मांस खान छोडेमा अन्तिममा तिरश्चीन पशु संख्या असाध्य बृद्धि भई मनुष्य लोकलाई विनाश गर्दैन र भनी मांस खान चाहने व्यक्तिहरूले दिने जस्तो तर्क प्रत्येक व्यक्ति भिक्षु भएमा अन्तिममा मनुष्य प्राणीको वंश परम्परा छिन्न भएर जाँदैन र भनी कामगुणप्रति ममता भएका व्यक्तिहरूले दिने जस्तो तार्किक कुरा हो । मानिस महत्वाकांक्षी भएमा

download from : https://www.dhamma.digital

मात्र उन्नति र विकास हुने कुरा सही भए पनि त्यस प्रकार-बाट भएको उन्नति र विकास दुःखसित गाँसिरहने भएको कारणलाई माथि उल्लेख गरिसकेको छु। (पृष्ठ १६०–१)

समुदय सत्यसित सम्बन्ध राख्ने पश्चिमी राष्ट्रका नागरिकहरूको एउटा गलत र मिथ्या धारणा छ जुन धारणा बुद्धवादको विचारधारा अनुसार मानिसहरूका सबै आशा छन्द रूपी नराम्रो अकुशल चित्त हो। हरेक विषयलाई लिएर विभाजन र परीक्षण गरी उपदेश दिने तरीकालाई अपनाउने विभज्जवादी भगवान् बुद्धले मानिसहरूको आशा छन्दहरूलाई विभाजन र परीक्षण नगरी कुनै पनि विषयलाई निन्दा र उपहास गर्नुभएको थिएन। अरूको भलो देख्न चाहने छन्द, विश्व शान्तिको चाहना गर्ने छन्द आदि भगवान् बुद्धको विचार अनुसारका पवित्र छन्द वा कुशल चित्तहरू मानिन्छन्। भगवान् बुद्धले लौकिक एवं लोकुत्तर बृद्धि हुने धर्महरूलाई उपदेश गर्नु भएकोले वहाँबाट उपदेशित ती धर्महरू पवित्र आशीष छन्दहरूमाथि आधारित हुने हुन्छ। आठ मार्गाङ्गमा सम्यक्छन्द देखिएको छैन, तर आठ मार्गाङ्गमा समावेश भएको सम्यग्व्यायाम (श्रेष्ठ पवित्र उद्योग) सम्यक्छन्द (पवित्र आशाछन्द) माथि नै आधारित रहेको तथ्य भने बुझ्नु योग्य छ।

त्यसकारण आशा छन्दलाई तृष्णा र लोभसित अलग्ग गरी बुझ्नु आवश्यक छ। पालिपिटकमा कुनै कुनै ठाउँमा "छन्द" लाई तृष्णा शब्द प्रयोग गरिराखेको पाइन्छ

download from : https://www.dhamma.digital

तापनि 'तण्हा' र 'छन्द' भन्ने पालिपद द्वयको सम्बन्धमा पालिप्रज्ञाविद् Mrs. Rhys Davids ले लेखेका निम्न कुरा मननीय छ ।

"तृष्णाको ठाउँमा छन्द पद प्रयोग गरी हाम्रा व्रताचरण सम्बन्धी दृष्टिकोणहरूलाई फितलो पार्नु उचित छैन । छन्द र तृष्णाको एउटै अभिप्राय भएको भए भएभरको आशा छन्द हीन र निकृष्ट चित्तहरू कै मात्र हुन जाने हुन्छ । ... ... आशक्ति अथवा हीन छन्द तृष्णा हो । चित्तविज्ञान-अनुसार 'छन्द' भनेको वेदना चैतसिक र चेतनाको समवाय हो । तसर्थ इच्छा हुनुलाई छन्द भन्नु उपयुक्त छ । छन्द चैतसिक धर्म भएर पनि अव्याकृत धर्म हो । धर्म छन्द कुशल चित्त भएता पनि काम छन्द अथवा तृष्णा युक्त अवस्थामा यो छन्द अकुशल चित्तको रूपमा परिवर्तन हुन्छ ।"[१]

यस विषयमा एक जना पश्चिमी बौद्ध ग्रन्थकारले निम्नानुसार लेखेको छ ।

"बुद्धदेशनामा व्यवहृत शब्दहरूलाई अर्थानुरूप भाषान्तरण गर्दा हामीले भगवान् बुद्धको क्रियाकलापलाई अवगत गरी भाषान्तरण गर्नुपर्ने हुन्छ । भगवान् बुद्धले ४५ वर्षसम्म आफ्नो मार्ग पद्धति अनुरूप आचरण, उद्योग र अभ्यास गर्नुभएको हुँदा त्यस मार्गक्रम र त्यही मार्गक्रमको उद्देश्य अनुकूल भगवान् बुद्धको व्यवहार र वचनहरूका

1. S. Z. Aung, "Compendium of Philosophy", P. 245, footnote.

download from : https://www.dhamma.digital

अभिप्राय वर्णन गर्नु अत्यन्त महत्त्वपूर्ण हुनेछ। कुनै कुनै कृत्यहरूलाई वहन गर्नु परेको कारणले भगवान् बुद्धमा पनि छन्द रहेको हो। भगवान् बुद्धको आशा छन्दअनुरूप उद्देश्य सफल नभएमा मानसिक दु:ख दिलाउने प्रकारको आशाछन्द नभएता पनि वास्तविक आशाछन्द नै भएको तथ्यप्रति संशय गर्नुपर्ने ठाउँ छैन। भगवान् बुद्धले मनुष्य सत्त्वहरूलाई दया राखी संसारको वर्त दु:खबाट मुक्त हुने धर्म बृद्धि गर्ने अभिभारालाई वहन गर्नुभयो। भिक्षुसंघ र गृहस्थीहरूको उन्नति बृद्धि गर्ने खालका कृत्यलाई निरन्तर रूपमा उद्योग गरेर वहन गर्नुभएको थियो। भगवान् बुद्धले ती उद्देश्यहरू-प्रति अभिमुख भई निरन्तर प्रयत्न र उद्योग गर्नुभएको थियो। तर ती उद्देश्यहरू सफल पार्न छन्द नभएमा त्यो कुरा नै अभिप्राय हीन हुन जानेछ। त्यसो नभएमा हामीले "आशा छन्द" शब्दलाई अभिप्रायमा सीमित गरी कुनै न कुनै तरीकाले भाषान्तरण गर्नुपर्ने हुन्छ।"[१]

सम्पूर्ण आशाछन्द तृष्णालोभ जस्तै अकुशल चित्त नभएता पनि दु:खसित कम वा अधिक सम्प्रयुक्त भइरहेको कारणलाई हामीले स्वीकार्नु पर्ने हुन्छ। कुनै आशाछन्द जतिसुकै पवित्र र परिशुद्ध भएता पनि त्यो आशाछन्द पूर्ण नभएमा बुद्ध र अरहन्तहरूलाई बाहेक अन्य सम्बन्धित पृथग्जनलाई यसले मानसिक दु:ख दिलाउने हुन्छ। यदि छन्द पूर्ण भयो नै भनेता पनि त्यो छन्द पूर्ण हुनु पश्चात त्यो सँगै

---

1. J. B. Pratt, op. cit, P. 26.

download from : https://www.dhamma.digital

अनित्य धर्म समावेश भएर आउने हुँदा त्यो सदाको लागि छन्द पूर्ण हुनु नभई अर्को दिनमा इच्छानुसार नभएर वा मानसिक दुःख भएर मात्र अन्त हुने हुन्छ ।

यस विषयमा अकुशल चित्तसित सम्प्रयुक्त भएको हीन आशाछन्दहरूले मात्र दुःखलाई निर्माण गर्छ भन्ने हाम्रो धारणा छ । तर Psychoanalysis प्रज्ञाको दृष्टिकोण अनुसार मानिसहरूले दक्ष, सभ्य र सुसंस्कृत भएर हीन चित्त एवं असभ्य चित्तहरूलाई दमन गर्न चाहेको छन्दको कारणले उनीहरूले मानसिक शान्ति लाभ गर्न नसकेको हुन्छ । (पृष्ठ १६२) । यो सिद्धान्त बुद्धवादसित मेल खान्छ भन्नु अत्युक्ति हुने छैन । राम्रो चित्त भएमा सदैव मानसिक शान्ति पाउने छ भनी एकोहोरो रूपमा सम्झि राख्ने व्यक्तिहरूले पिटकमा आएका निम्न कथनहरूलाई विचार विमर्श गरी हेर्नु पर्दछ ।

बुद्ध– "हे उदायी, परप्राणी हिंसा गर्नु; अरूहरूको सम्पत्ति चोर्नु; कामगुणहरूमा मिथ्या किसिमले आचरण गर्नु र कूठ कुरा गर्नुलाई विरमण गरिरहने अवस्थामा चित्त वास्तवमा सुखी भइरहेको हुन्छ कि ? सुख दुःख सम्मिश्रण भइरहेको हुन्छ ? तिमी कस्तो ठान्छौ ?"

उदायी– "भन्ते भगवन्, सुख दुःख सम्मिश्रण भइरहेको हुन्छ ।" (म. नि. चूलसकुलुदायी सुत्त) । "भिक्षुहरू हो, वर्तमान अवस्थामा उद्योग गरिरहेको क्षणमा दुःख कष्ट युक्त भएर पछिल्लो अवस्थामा सुख उत्पन्न गराउने धर्म वहन गर्नुपर्छ । जस्तै– कुनै कुनै व्यक्तिहरू परप्राणी हिंसा गर्नु;

download from : https://www.dhamma.digital

परवस्तु चोर्नु; गलत तरीकाले मैथुन सेवन गर्नु र असत्य बोल्नु आदिलाई विरमण गर्नाले दुःखपूर्ण दौर्मनस्य वेदना अनुभव गरिरहन्छन् ।" (म. नि. महाधम्मसमादान सुत्त) ।

भगवान् बुद्धले मैत्री धर्मको गम्भीर रूपमा उपदेश गर्नुभएको छ । मेत्तसुत्तमा हामीले वेनेय्य सत्त्वप्राणीहरूमाथि आमाले बालक छोरोप्रति राख्नुपर्ने जस्तो मैत्री राख्नु योग्य छ भनेको छ । सिङ्गालोवाद सुत्तमा भगवान् बुद्धले उपदेश गर्नुभएको पुरुष कर्तब्य, स्त्री कर्तव्य, पुत्रपुत्री कर्तव्य र मातापिता कर्तव्यहरूमध्येमा पुरुषले स्त्रीलाई स्त्रीले पुरुषलाई छोराछोरीले आमाबाबुलाई आमाबाबुले छोराछोरीलाई अत्यन्त दया माया स्नेह र श्रद्धा गर्नुपर्छ भनी विशेष रूपमा नभनेता पनि दया माया स्नेह प्रेम र श्रद्धा नभइकन वा आफ्नो संसर्गमा रहेका व्यक्तिहरूलाई भलाई गर्न चाहने छन्द प्रमुख नबनाइकन तिनीहरूले भगवान् बुद्धप्रतिको अववादलाई आचरण र अभ्यास गर्न सक्ने छैन । त्यो छन्द, माया, स्नेह र प्रेमको कारणबाट नै दुःख प्रादुर्भाव भएर आउनु अवश्यम्भावी छ ।

बुद्धको पालामा एक जना महाजनले आफ्नो छोरो मर्दा परिदेव रूपी अग्नि दन्किइ भगवान् बुद्धकहाँ शान्त्वना प्राप्त गर्न गयो । भगवान् बुद्धले उनलाई सम्झाउनु भयो– हे गृहपति, रुनु, शोक हुनु, दुःख हुनु र दौर्मनस्य हुनुको कारण प्रेम नै हो । भगवान् बुद्धको यस उपदेशप्रति गृहपतिलाई सन्तोष भएन । कोशल राजले पनि शुरू शुरूमा

download from : https://www.dhamma.digital

बुद्धको त्यस उपदेशप्रति संशय गर्दा मल्लिका महारानीले त्यसको कारणाकारणलाई स्पष्ट पारिदिंदा मात्र राजाले सम्झे बुझेका थिए। (म. नि. पियजातिक सुत्त) वास्तवमा भगवान् बुद्धको कथनलाई विरोध गर्नु गाह्रै कुरा हो। प्रेम र यसबाट उत्पन्न आशाछन्दहरूले तृष्णा लोभ जस्तो अकुशल चित्त नहुने भएता पनि दुःखलाई सृष्टि गर्छन्। त्यस कारणले नै पिटकवाङमयमा 'छन्द' लाई 'तण्हा' सँगसँगै समुदय सत्यको क्षेत्रमा समावेश गरिराखेको हुनसक्छ।

त्यस अतिरिक्त छन्द अथवा तृष्णा पृष्ठभूमि रहेको कुशल अकुशल कर्महरूले भगवान् बुद्धको विचार अनुसार भवसंसारलाई लम्ब्याइदिन्छ। "हे आनन्द, कुशल कर्म अकुशल कर्महरू खेत जस्तो हो। अभिसंस्कार विज्ञान बीज जस्तो हो।" (अं. नि. तिकनिपात पठमभव सुत्त)। यहाँनिर तृष्णा पृष्ठभूमि रहेको कुशल कर्मलाई मात्र भन्न चाहेको तथ्यप्रति याद राख्नु उचित छ। पुनः नयाँ जन्म हुनुमा कुशल र अकुशल कर्म नै प्रमुख कारण होइन। त्यस्तो कारण भएको भए भगवान् बुद्धको शील धर्म निरर्थक (अफाप) सिद्ध हुनेछ। यसको प्रमुख कारण धर्म तृष्णा नै हो।

वास्तवमा मानिसहरूले तृष्णासित सम्प्रयुक्त भई प्रायशः कुशल कर्म भनी गर्छन्। दान बीजको निमित्त दान दिने अथवा सांसारिक भव सम्पत्तिको निमित्त फल प्राप्तिको लागि उपोसथ समादान गर्ने बुद्धवादीहरू हाम्रो अगाडि दृष्टान्त रूपमा विद्यमान छ। पुनर्जन्मलाई तिरस्कार गर्ने

download from : https://www.dhamma.digital

रूपवादीहरूले पनि तृष्णा रहित दान शील आदि कुशल कर्ममा लागेको भनी भन्न सकिन्न । किनभने ख्याति चाहनु, अरूबाट प्रशंसा चाहनु, अन्ध परम्परायुक्त पौराणिक परिपाटीको अनुशरण गर्नु आदि यथार्थमा भवतृष्णा पृष्ठभूमि रहेका कुशल कर्महरू हुन् ।

जर्मन प्रज्ञाविद् दार्शनिक Schopenhauer ले समुदय सत्यलाई केही हदसम्म जाने बुझे जस्तो छ । उनले विश्वलाई मानिसको आशाछन्दहरूले अधिकार जमाई भुमरीभित्र घुमाइ राखेको स्थितिलाई कोट्याएर उल्लेख गरेर देखाएका छन् । उनको केही यस्ता विचारलाई यहाँ उल्लेख गर्न सकिन्छ– "हामीले कुनै न कुनै कारण भएकोले कुनै वस्तुलाई चाहेको होइन । त्यो बस्तुलाई चाहेको कारणले मात्र कारण युक्तिलाई खोजी गर्नु परेको हो । कुनै एक व्यक्तिलाई कारणाकारण स्पष्ट पारी देखाउनुमात्रले त्यो व्यक्तिमा सही दृष्टि लाभ हुने होइन । किनभने मानिसहरूप्रति प्रभुत्व जमाउने विषय आशाछन्द हो । त्यसैकारण कुनै व्यक्तिलाई आफूतिर तान्नुमा त्यस व्यक्तिको आशाछन्दलाई बुझ्नु आवश्यक छ । हामीले आफ्ना सफलतालाई दीर्घकाल-सम्म सम्झी असफलतालाई छिटै बिर्सने तथ्यप्रति होश गर्नुपर्छ । मानिसले कुनै चीजको आशा राखी कार्य गरेको होइन । पछिल्तिरबाट कुनै चीजले घचेटेको कारणले मात्र कार्य गर्दछ । त्यसरी पछिल्तिरबाट प्रेरणा दिने विषय प्रतिसन्धि देखि गाभेर आएका आशाछन्दहरू हुन् । मानिसले

download from : https://www.dhamma.digital

त्यो स्वभाव छन्दहरूलाई सँधै जानिरहेको नभएता पनि त्यो आशाछन्द वा भवतृष्णाले मानिस र तिरश्चीनहरूलाई नित्य प्रभुत्व जमाइराखेको छ। भवतृष्णाको शत्रु त यमराज हो। तर मानिसले घर गृहस्थी जमाई वंश परम्परा कायम राख्ने कार्यद्वारा भवतृष्णाले यमराजलाई जित्न सक्नुको लागि कोशिश गर्ने गर्छ। ... ..."[१]

अवश्य हो। मानिसले छोराछोरीलाई चाहनु आफू मरिसकेपछि आफ्नो उत्तराधिकारीको रूपमा प्रतिनिधित्व गर्ने व्यक्ति बाँकी राख्न चाहेको आशीष छन्दको कारणले हो। मरण हुने बेलामा स्मारक बनाई नाउँ अङ्कित गर्ने, विहार चैत्य धर्मशालाहरूमा दाताहरूको नाउँ प्रष्ट रूपमा लेखिराख्ने चलन हुनु आदि पनि भवतृष्णाद्वारा यमराजप्रेति सर्मपित नभई पराजितभाव देखाउन नचाहने स्वभाव लक्षणहरू भएको कुरा बुझ्नुपर्दछ।

कामतृष्णा, भवतृष्णा र विभवतृष्णा भनी तीन प्रकारका तृष्णा छन्। कामतृष्णा र भवतृष्णाको विषयलाई विशेष लेख्नु आवश्यक छैन। विभवतृष्णाको अभिप्रायलाई भने विचार विमर्श गर्नु आवश्यक छ। विभवतृष्णा भनेको उच्छेद दृष्टिसित सम्प्रयुक्त भएको तृष्णा हो भनी अट्ठकथाका आचार्यहरूले भनेका छन्। Dr. Rhys Davids ले त विभवतृष्णा मानिस मरेपछि जीवन छेदन हुन्छ; तसर्थ

1. Will Durant, "The Story of Philosophy", PP. 312,-3,-17.

download from : https://www.dhamma.digital

नमरुञ्जेल कामगुण सुखलाई भए जतिको सामर्थ्यले भोग्नु योग्य छ भनी विश्वास गर्ने रूपवादीहरूमा रहेको तृष्णा हो भनी लेखेको छ।[1] तर 'वि' शब्द विस्तृत हुनु; गम्भीर हुनु आदि अर्थवाची पनि भएर लण्डन पालि सोसाइटीले निकालेको पालि शब्दकोषमा विभवलाई हुकुम शक्ति; सुख वैभव भनी अर्थ देखाएको छ। त्यसो भएर संसारमा प्रभावशाली भई प्रकट हुनु, कीर्ति फैलनु, वचनमा प्रभुत्व हुनु, यश परिवार धेरै हुनु आदिप्रति ममता राखी सामान्य मानिसहरूको भन्दा विशिष्ट जीवनको चाहना गर्नु पनि विभवतृष्णा हो भनेमा भूल हुने छैन। जर्मन दार्शनिक आचार्य Nietzsche's ले विस्तृत रूपमा व्याख्या गरी लेखिराखेको पराक्रमी आजानेय्य व्यक्तिवाद विभवतृष्णामाथि आधारित भएको वाद हो।[2]

तृष्णा प्रबल, परिपक्व र बृद्धि हुने अवस्थामा उपादान हुन आउँछ। उपादान भनेको तीव्र, दृढ र प्रबल रूपमा आशक्त हुनु हो। उपादान कामउपादान, दृष्टिउपादान, शीलव्रतउपादान र आत्मवादउपादान भनी चार प्रकारका छन्। कामउपादान (कामगुणलाई तीव्र रूपले आसक्त हुनु) र आत्मवादउपादान (आत्मवादलाई तीव्र रूपमा आसक्त हुनु) विषयलाई विशेष उल्लेख गरिरहनु परोइन। शीलव्रत-

1, T. W. Rhys Davids, "Early Buddhism", P. 56.
2. Nietzsche's Superman and the Will-to-Power.

download from : https://www.dhamma.digital

उपादान र दृष्टि उपादान विषयमा भने केही न केही विचार विमर्श गर्नु उचित हुनेछ ।

विसुद्धिमग्ग ग्रन्थमा आयुष्मान् बुद्धघोषले धम्मसङ्गणी ग्रन्थलाई उद्धृत गरी गोरु कुक्कुर आदिको आचरणलाई विशुद्ध छ भनी आसक्त हुनु शीलव्रतउपादान हो भनी भनेको छ । यो कथन सही भएमा त्यो उपादान बुद्धकालीन अवस्थामा कुनै कुनै तैर्थिकहरूमा मात्र रहेको उपादान हो । आधुनिक युगमा मानिसहरूमा त्यस्तो उपादान बिल्कुल देखा पर्ने छैन । ऊ. स्वे जां आउँ र पश्चिमी राष्ट्रका पालि प्रज्ञाविद्हरूले त्यस्तो उपादानलाई लौकिक मङ्गल, रीति-रिवाज चाल चलन (Rites and Ceremonies)[1] हरूमा आसक्त हुनु भनी अर्थ व्यक्त गरिराखेको हुँदा त्यो अर्थाभिव्यक्ति बढी यथार्थ हुनेछ । त्यस अर्थाभिव्यक्ति अनुसार भन्ने हो भने दानको पुण्यानुमोदन गर्नु, परित्राण पाठ गर्नु, मङ्गलस्तुति पाठ गर्नु, देवबलि ख्वाउनु, बुद्ध पूजा गर्नु आदि शीलव्रत उपादानसित सम्बद्ध कार्यहरू हुन् ।

"सीलब्बत" लाई लण्डन पालि सोसाइटीबाट निकालेको पालि अंग्रेजी शब्दकोषमा "शीलाचरणप्रति आसक्त हुनु" "शीलाचरण मार्ग, फल र निर्बाणको निमित्त पर्याप्त छ भनी धारणा राख्नु" भनेर पनि अर्थ व्यक्त गरिराखेको छ । तसर्थ शीलव्रत उपादान व्रत र शीलाचरणप्रति आसक्त हुनु

1. Nyanatiloka, "Buddhist Dictionary", P. 148.
S. Z. Aung, "Compendium of Philosophy", P. 171.

download from : https://www.dhamma.digital

भनेर पनि अर्थको अभिप्राय लिइन्छ। शील निर्वाणयात्रा मार्गमा एउटा विश्राम स्थलमात्र हो सिवाय बुद्धवादको प्रमुख प्रधान धर्म होइन। त्यस अतिरिक्त व्रत र शील भनेको प्रायश: देश र समय पछि लागि परिस्थिति अनुसार परिवर्तन, परिवर्द्धन र सुधार गर्नुपर्ने धर्म भएकोले शीलको क्षेत्रमा आसक्त हुनु वा रुढिवादी हुनुले आफूलाई र अरूलाई कारण प्रतिकूल दु:ख जनाउने कुरामा शङ्का गर्नुपर्ने छैन।[1]

वास्तवमा भन्ने हो भने शीलव्रत उपादान दृष्टि उपादानमा समावेश छ। किनभने यो उपादान शीलसित सम्बन्धित एउटा सिद्धान्तमा तीव्ररूपले आसक्त भई दृष्टि उपादान भन्ने शीलको क्षेत्रमा होस् वा अन्य क्षेत्रमा एउटा सिद्धान्तलाई तीव्र रूपमा आसक्त भई विश्वास गर्नु हो। धम्मसङ्गणी र विसुद्धिमग्ग ग्रन्थहरूमा दृष्टि उपादानलाई गलत सिद्धान्तहरूमा तीव्र रूपले आसक्त हुनु भनी अर्थ व्यक्त गरिराखेको छ। त्यसो भए पनि मिथ्यादृष्टि उपादान भनी पिटकवाङमयमा नआएकोले गर्दा यो उपादान गलत सिद्धान्तमा आसक्त हुनुलाई मात्र अभिव्यक्त गर्ने होइन। गलत सिद्धान्त होस् वा सही सिद्धान्त जुनसुकै सिद्धान्तमा भए पनि प्रज्ञाद्वारा निरीक्षण नगरी विश्वास राख्नु एवं आसक्त हुनुलाई अभिव्यक्त गर्ने हो भन्ने बुझिन्छ। यो कुरा सही हो कि संसारमा जतिसुकै गम्भीर र सत्य भएको सिद्धान्त किन नहोस् समय र देशलाई नहेरी लिंढेढिपी लिई

---

१. यो विषयलाई "शीलाचरण" खण्डमा विस्तृत रूपमा दर्शाइने छ।

download from : https://www.dhamma.digital

त्यस्तालाई स्वीकारी आचरण गर्नुले मानिसहरूलाई अर्थ हितबाट हानी पुऱ्याइने हुन्छ ।

उदाहरणार्थ– परमार्थं हिसाबले पुद्‌गल सत्त्व छैन भन्ने भगवान् बुद्धको अनात्मवादलाई तीव्ररूपले आसक्त हुने व्यक्ति नास्तिकवाद उच्छेदवाद क्षेत्रभित्र अवतरण हुन जान्छ । त्यसकारण भगवान् बुद्धले आत्मा छैन भनी निश्चित र स्पष्ट रूपमा उपदेश नगर्नु भएको हो । यस ठाउँमा चार उपादानभित्र समावेश भएको आत्मवाद उपादान विचारणीय छ । यस उपादानलाई आत्मा छ भनी आसक्त हुनु विश्वास राख्नु भनी अट्ठकथाहरूमा वर्णन गरिराखेको छ । ऊ. स्वे. जां आउँ र पश्चिमी राष्ट्रका पालिप्रज्ञाविद्‌हरूले त आत्मासित सम्बन्धित वादमा आसक्त हुनु भनी अर्थ व्यक्त गरिराखेकोले[१] त्यो अर्थ अभिप्राय बढी उपयुक्त छ भन्नु उचित छ ।

"प्रज्ञावान्‌मा प्रेम गर्ने एवं ममता राख्न छोरा छोरी गाई भैंसी खेतबारी उपलब्ध छैन । आत्मासित सम्बन्ध राखी "यस्तो हो" या "यस्तो होइन" भन्ने धारणा र दृष्टि पनि छैन ।" (सुत्तनिपात अट्ठकवग्ग पुराभेद सुत्त) । यसरी बुद्धवादले आत्मालाई तिरस्कार गरे पनि आत्मासित सम्बन्धित सबै प्रकारका रुढिवादलाई पनि यसले तिरस्कार गर्छ । यथार्थमा भन्ने हो भने भगवान् बुद्धको मार्ग पद्धति आत्मा सम्बन्धी समस्यामा मात्र होइन; जुनसुकै समस्या र जुनसुकै क्रियाकलापमा रुढिवाद वा दृष्टिउपादानलाई विरमण

1. S. Z. Aung, "Compendium of Philosophy", P. 172.

download from : https://www.dhamma.digital

गर्नु हो । आफ्नो सिद्धान्त मात्र ठीक छ; अन्य सिद्धान्तहरू सबै गलत छन् भन्ने वाद आसक्ति इच्छा गर्न अनुपयुक्त भएको कारणले त्यो उपादानको दोषहरूलाई पिटक इतिहासमा अतिप्राचीन सुत्तनिपात पालि अट्ठकवग्ग पसुर सुत्त, मागण्डिय सुत्त, सुद्धट्ठक सुत्त, परमत्थक सुत्त, चूलब्यूह सुत्त आदि धेरै सुत्तहरूमा विस्तृत रूपमा उल्लिखित छ ।

संसारमा जतिसुकै सही सिद्धान्त भएता पनि ती सिद्धान्तलाई नित्य, स्थावर र दृढ रूपले मुट्ठीमा राखिछाड्नु सम्भव छैन । बुद्धवाद सही र राम्रो भएर पनि बुद्धवादलाई राष्ट्र सरकार सहित जनताले सबै क्षेत्रमा पूर्णरूपमा आचरण पालन गरिएमा बर्माको लौकिक कृत्यहरूमा अरू राष्ट्रहरूको झैं वृद्धि र विकास हुने छैन । विश्व शान्तिलाई प्रत्येक व्यक्तिले चाहना राख्नुपर्ने अवश्य हो । तर अन्य राष्ट्रहरूको स्वतन्त्रतालाई डर धम्की दिने युद्धवादी राष्ट्रका सरकारहरूसित व्यवहार गर्दा आवश्यकतानुसार विश्व शान्तिलाई उपेक्षा पर्यन्त गर्नुपर्ने हुन्छ । यसरी धेरै यथार्थ सत्य धर्महरू समय र देशको अवस्थालाई हेरी आचरण गर्नुपर्ने छन् ।

त्यस अतिरिक्त कुनै एउटा सिद्धान्तको गलत वा सही हुनुमा त्यो सिद्धान्तलाई स्वीकारी विश्वास गर्ने व्यक्तिको प्रज्ञाज्ञानको स्तर वा श्रेणीमाथि आधारित भएको तथ्यलाई ध्यानमा राख्नु उचित छ । कुनै कुनै सिद्धान्तहरू हाम्रो दृष्टिमा गलत देखिएता पनि त्यतिको प्रज्ञाज्ञान परिपक्व भइ नसकेका व्यक्तिहरूको लागि त्यो सही जस्तै हुन सक्नेछ ।

download from : https://www.dhamma.digital

ती सिद्धान्तहरूले ती व्यक्तिहरूलाई हित पनि गर्ने हुन्छ। त्यसकारण भगवान् बुद्धले मानिसहरूका कुनै कुनै सिद्धान्त-हरूलाई कत्ति पनि आलोचना नगरी उपेक्षाभाव राखी त्यसै छोड्नुभएको छ। "यही सिद्धान्तमात्र सही छ अन्य सिद्धान्त निरर्थक हो भनी भन्नु उचित छैन।" यो विषयलाई पालिवाङ्मय र पिटकवाङ्मयमा बारबार देखापर्ने कथन भएको हुँदा दृष्टि उपादान रहित नभएको प्रत्येक बुद्धवादीले यसलाई राम्ररी सम्झनु उचित छ। यो अवश्य हो कि हामी जति जति दृष्टिउपादान कम गर्दै जान्छौं त्यति त्यति विश्व दिन पर दिन सुख शान्तिपूर्ण र रमणीय भएर आउनेछ।

पालिपिटकमा तृष्णाउपादानको कारणले दुःख हुने स्थितिलाई प्रतीत्य समुत्पाद धर्मद्वारा पूर्ण रूपमा सँगालो विस्तृत तौरले स्पष्ट पारेको छ। प्रतीत्य समुत्पादका अविद्या, संस्कार, विज्ञान आदि गरी १२ वटा अङ्ग छन्। यिनीहरू अविज्जापच्चया सङ्खारा, सङ्खारपच्चया विञ्ञाणं आदि गरी एक र अर्को प्रत्यय शक्तिद्वारा सम्बन्धित भइरहेको हुँदा "पच्चय" भन्ने पालिपदको अर्थलाई याद राख्नुपर्छ।

"पच्चय" ले ऊ. स्वे जां आउँको विचार अनुसार "सम्पर्क राख्नु" भन्ने अर्थ व्यक्त गर्दछ। "पच्चय" प्रत्ययुत्पन्न फलधर्मलाई उत्पन्न गराउँदा सहयोग गर्ने धर्म हो। ... ... यसले फल धर्मलाई उत्पन्न नगराएमा सो नगराउने नै हुनसक्छ। यो एक्लैद्वारा फल धर्म उत्पन्न नभएको भएमा भइ रहने छ तर यो फल धर्म उत्पन्न गराउनमा समावेश

download from : https://www.dhamma.digital

छ ।[1] जस्तो कि बन्दूकबाट गोली निस्कनुमा बन्दूकमा गोली भर्नु, वरिपरिको वातावरण, बन्दूक हान्नु आदि धेरै कारण समावेश भएका हुन्छन् । यिनीहरूमध्ये सबभन्दा विशिष्ट कारणलाई "पच्चय" भनिन्छ ।[2] यी तथ्यहरूलाई ध्यान राखिछाडेमा हामी प्रतीत्य समुत्पाद धर्मलाई गलत वा मिथ्या रूपमा परामर्श गर्ने भई रूपवादसित सामीप्य रहेको सब्बपुब्बेकतहेतुवादतिर घुस्न जानुपर्ने कारण रहँदैन ।

आयुष्मान् बुद्धघोषले प्रतीत्य समुत्पादको वर्णनमा पट्ठान ग्रन्थमा आएका २४ प्रत्ययलाई स्पष्ट पारी एक अर्को अङ्गसित विभिन्न प्रत्ययद्वारा सम्बन्ध रहिरहेको स्थितिलाई उल्लेख गरेका छन् । ती २४ प्रत्ययलाई नजाने पनि प्रतीत्य समुत्पादलाई आद्योपान्त सुनिश्चित रूपमा राम्ररी अध्ययन गरेको खण्डमा एक अङ्ग अर्को अङ्गसित सम्बन्धित हुनु जस्तो परस्परमा समान नभएको तथ्य; कुनै सम्बन्ध राख्ने प्रक्रियाहरूको सम्बन्धमा विचार र विभाजन गर्नुपर्ने स्थिति रहेको तथ्य समेत ज्ञात र स्पष्ट हुन आउँछ ।

विचार गरी हेर्‍यौं भने प्रतीत्य समुत्पाद धर्म अनुसार अविद्या संसार वर्त दुःखको मूल कारण धर्म हो । त्यसो भए पनि भगवान् बुद्धले धेरै सुत्तन्त देशनाहरूमा तृष्णा नै दुःखको आदि, मूल भएको कुरा उपदेश गर्नुभएको छ । यथार्थमा

---

1. S. Z. Aung, "Points of Controversy", PP. 391.
2. S. Z. Aung, "Compendium of Philosophy", PP. 261–2.

download from : https://www.dhamma.digital

अविद्या र तृष्णा परस्पर उपकारक धर्म हुन् । त्यसकारण "अविद्याद्वारा निषेध र अवरोध गरिएमा तृष्णा भन्ने बन्धन रहेका सत्त्वप्राणीहरूमा अभिसंस्कार विज्ञान स्थिर रही पछि नयाँ जीवनमा फेरि उत्पन्न हुनु हुन्छ ।" (अं. नि. तिकनिपात पठमभव सुत्त) । त्यस अतिरिक्त सङ्खारपच्चया विञ्ञाणं भन्ने पदमा सङ्खारलाई कम्म–कर्म वा कुशल कर्म अकुशल कर्म भनी अर्थ व्यक्त गर्ने हुँदा; माथि उल्लेख गरिसकिए अनुसार नयाँ जन्मलाई उत्पन्न गराउने संस्कार तृष्णासित सम्प्रयुक्त संस्कार नै हुनुपर्नेछ ।

विज्ञान र नामरूप पनि विञ्ञाणपच्चया नामरूपं भनेता पनि अविद्या र तृष्णा जस्तै परस्पर उपकार गर्ने धर्महरू हुन् । (दी. नि महानिदान सुत्त) ।

प्रतीत्य समुत्पाद पिटकवाङ्मयमध्ये गम्भीर धर्म हो । भगवान् बुद्धले बुद्धत्वमा पुग्नु भइसके पछि बोधिवृक्ष मूलमा सात दिन रहनु भई प्रतीत्य समुत्पादलाई मध्यरातसम्म अनुलोम प्रतिलोम प्रत्यवेक्षण गर्नुभयो । (विनयपिटक महावग्ग) । "हे आनन्द, यो प्रतीत्य समुत्पाद गम्भीर छ अर्थात् गम्भीर जस्तो देखिन्छ ।" (दी. नि. महापदान सुत्त)। त्यसो भएर कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले प्रतीत्य समुत्पादको अर्थ अभिप्रायलाई विभिन्न रूपमा कल्पना र चिन्तना गरेका छन् ।

कुनै कुनैले प्रतीत्य समुत्पाद धर्म जस्तै धर्म अन्य भारतीय धार्मिक सिद्धान्तहरूमा पनि देखापर्छ भनेका छन् ।

download from : https://www.dhamma.digital

पिटकवाङ्मयमा विपश्वी तथागतले प्रतीत्य समुत्पाद धर्मलाई परामर्श र प्रत्यवेक्षण गर्नुभएको कुरा (दी. नि. महापदान सुत्त) जस्तै भगवान् बुद्धले पनि प्रतीत्य समुत्पादलाई वनमा मूल अघिदेखि रहिरहेको पुरानो मार्गसित तुलना गरी उपदेश गर्नु भएको कुरा (निदान संयुत्त–बोधिसत्त वितक्क सुत्त) उल्लेख छ । यो तथ्यलाई आधार गरी बुद्ध प्रादुर्भाव हुनुअघि प्रतीत्य समुत्पाद भए समानको धर्म नरहेता पनि केही केही मात्रामा समान भए कै यो धर्म पनि हुन सक्नेछ । Prof. Jackobee ले त प्रतीत्य समुत्पाद समान भएको धर्मलाई बुद्ध युग बितिसकेपछि मात्र प्रादुर्भाव भएको कुनै कुनै भारतीय धार्मिक वाङ्मयहरूमा देखा परेको कुरा; एक अर्को अङ्गसित शृङ्खलाबद्ध रूपमा रहेको जस्तो स्थितिलाई नदेखाई एउटै जीवनमा बारबार उत्पन्न हुने चित्त उत्पत्तिक्रम जस्तै मात्र देखाइएको कुराको उल्लेख गरेका छन् ।

आजकालको एक जना भारतीय प्रज्ञाविद्ले प्रतीत्य समुत्पाद मनुष्यको जीवन मार्गमा सामना गर्नुपर्ने घटनाहरूलाई देखाइएको हो भनेका छन् । उनको विचार अनुसार अविद्या भनेको यस जन्ममा मानिसको अज्ञानताले विज्ञान प्रतिसन्धि विज्ञान नभई वेदना अनुभव गर्नुको कारण भएको आरम्मणलाई जान्नु हो ।[1]

कसै कसैले त प्रतीत्य समुत्पादलाई मानिसहरूको

1. P. D. Mehta, "Early Indian Religious Thought", P. 229–30.

download from : https://www.dhamma.digital

मूल प्रभावलाई देखाउने धर्म जस्तो गरी त्यस अनुसारको अभिप्राय घुसाई भाषान्तरण गर्न चाहन्छन् । उदाहरणार्थ– एउटा प्रज्ञाविद्ले अविद्याले मातृगर्भभित्र मनुष्य सर्वप्रथम प्रतिसन्धि रहँदा केही नजानिएको शून्य भावलाई देखाउँछ । मानिस जन्मेर यताउतीको संस्कार व्यवस्थाको चोट खाएर मात्र जान्न सकिने चित्त (विज्ञान) त्यसमा प्रवेश भएर आउँछ भनी भाषान्तरण गर्ने गरेका थिए ।[१]

यसरी कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले प्रतीत्य समुत्पादमा मनुष्यको एउटै जन्मको उत्पत्तिक्रमलाई देखेर पनि थेरवाद र अन्य बुद्धवाद गणिक सबैले त्यस धर्मलाई मनुष्यको भवसंसार विचरण गर्नुलाई देखाउने धर्मको रूपमा बुझेका छन् । यथार्थमा प्रतीत्य समुत्पादमा आएका १२ अङ्गलाई राम्ररी गहिरिएर निश्चित रूपमा अध्ययन गरेको खण्डमा यो मानिसको वर्तमान जीवन एउटैलाई मात्र देखाउने धर्म नभएको तथ्य स्पष्ट हुन आउँछ । अविद्या र संस्कार पूर्वान्त जीवनसित सम्बन्धित छ । विज्ञानदेखि उपादानसम्म बीचका सात अङ्ग वर्तमान जीवनमा अन्तर्निहित भई भवदेखि जरामरणसम्म बाँकी अङ्गहरू अपरान्त जीवनलाई उद्देश्य गरेको वा अर्को शब्दमा प्रतीत्य समुत्पाद मनुष्यको एउटै शृङ्खलाबद्ध भएको त्रिविध जीवनलाई उद्देश्य गरेको छ भनी बुद्धवादीहरू विश्वास गर्छन् । यो विश्वास

1. H. Kern, "Manual of Buddhism", PP. 47–48.

download from : https://www.dhamma.digital

एशियाको बौद्ध चित्रकलामा प्रतीत्य समुत्पादलाई चित्रित गरिराखेको चित्र अनुरूप देखिएको छ ।

भारतको मध्य भागमा रहेको अजन्ता गुफाका भित्ताहरूमा र तिब्बती जापानी चित्रहरूमा प्रतीत्य समुत्पादलाई चित्रहरूद्वारा चित्रण गरिराखेको छ । अविद्या अजन्ताको चित्र अनुसार एउटा मानिसले धपाइरहेको एउटा अन्धो ऊँट हो । तिब्बती चित्रमा एउटा लौरोले अन्दाज लगाई छाम्दै छाम्दै यताउती हिंडिरहेको एउटा अन्धो भएको जापानी चित्रकारले त यसलाई पिशाचको रूपमा देखाएको छ । संस्कार अजन्ताको चित्रमा कुह्मालेको चक्र चलिरहेको दृश्यले तिब्बती र जापानी चित्रहरूमा त कुह्मालेको चक्र देखाएको छ । विज्ञान भनेको अजन्ता र जापानी चित्रहरू अनुसार एउटा बाँदर हो । तिब्बती चित्रमा यो रुख माथि चढिरहेको बाँदर हो । नामरूप अजन्ताको चित्रमा अस्पष्ट दुइवटा आकार संस्थान भई तिब्बती जापानी चित्रहरूमा एउटा मानिस एउटा डुङ्गाद्वारा नदी तरिरहेको दृश्य देखाएको छ । सलायतन (षडायतन) लाई तिब्बतीहरूले ६ वटा ढोका भएको एउटा घरद्वारा देखाई जापानीहरूले मनुष्यरूपद्वारा अभिव्यक्त गरेका छन् ।

स्पर्शलाई तिब्बतीहरूले आँखा भित्र बाण बिझिरहेको एउटा मानिसको दृश्यद्वारा चित्रण गरेको छ । वेदनालाई तिब्बती जापानी चित्रकारहरूले प्रेयसी द्वय आलिंगन गरिरहेको दृश्यद्वारा देखाएका छन् । ती चित्रहरूमा तृष्णा

download from : https://www.dhamma.digital

एउटा मानिसले पानी खाइरहेको दृश्य र उपादान एउटा मानिसले फूल टिपिरहेको दृश्यको रूपमा रहेका छन्। तिब्बती चित्रमा भव गर्भवती एउटी महिला भई जाति एउटी महिलाले बच्चा जन्माइरहेको दृश्य अङ्कित छ।[1]

एक जना जर्मन बुद्धवादी प्रज्ञाविद्को विचार अनुसार प्रतीत्य समुत्पाद मानिस एउटै मात्र भवभित्र रहेका तीनवटा खण्डलाई देखाइएको छ भनी सम्झेमा पनि अनुचित हुने छैन। किनभने अभिधम्मपिटकमा जाति र मरण मनुष्य जीवनमा निरन्तर रूपमा नित्य उत्पत्ति विनाश भइरहेका धर्महरू हुन्।[2] यस कथनलाई धेरै बुद्धवादीहरूले स्वीकार्न चाहेका छैनन्। वास्तवमा प्रतीत्य समुत्पादमा आएका १२ अङ्गलाई परिचालन गरी विसुद्धिमग्ग आदि अट्ठकथा ग्रन्थहरू र माथि उल्लिखित प्रतीत्य समुत्पाद अङ्कित चित्रहरूलाई अध्ययन गर्नाले स्पष्ट हुन्छ; तर त्यसरी भवचक्र घुमिरहेको दृश्यलाई देखाउने धर्म हो भन्ने कुरा सही भएमा प्रतीत्य समुत्पादसित सम्बन्ध राखी हामीले विचार गर्नुपर्ने कुराहरू रहन आउनेछ।

दृष्टान्तरूपमा प्रतीत्य समुत्पादले मनुष्यका त्रिविध भव (जीवन) लाई देखाउँछ भनेमा मध्यजीवन (वा)

1. T. W. Rhys Davids, "The History and Literature of Buddhism", PP. 105–08.
2. Anagarika Govinda, "Foundations of Tibetan Mysticism", P. 248.

download from : https://www.dhamma.digital

वर्तमान दृष्टान्त जीवनभित्र किन भव, जाति र जरामरण-हरूलाई अन्तर्निहित नगरेको र ती धर्महरू अतीत जीवन र वर्तमान जीवनमा पनि समावेश छन्, अनि अविद्या र संस्कार किन अतीत जीवनभित्रमात्र समावेश भई मध्यजीवन र अन्त्य जीवनमा समावेश नभएको नामरूप, सलायतन आदि कुनै पनि जीवन किन नहोस् उत्पन्न हुने धर्महरू भएको भएर पनि किन तिनीहरूलाई मध्य जीवनमा मात्र देखाइएको ? दुःख र तृष्णा उपादान सधैं जोडिरहेका धर्महरू भएर उपादानको पछाडि दुःखसँगै जोडेर नआई भव र जातिलाई किन देखाइराखेको आदि भनी विचार गर्नुपर्ने र प्रश्न खडा गर्नुपर्ने हुन आउँछ।

त्यसरी पूर्वापर असमानता भएका तथ्यहरू वा अस्पष्ट तथ्यहरू समावेश भएको कारणले केही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले बुद्धघोषाचार्यको वर्णन र लेखाईप्रति असन्तोष भई आफूले चाहे प्रकारको अभिप्रायमा प्रतीत्य समुत्पादलाई भाषान्तरण गरिरहेका छन्। किन्तु अहिले धेरैजसोले जाने बुझेको प्रतीत्य समुत्पाद धर्म भगवान् बुद्धले प्रथमतः मूलरूपमा उपदेश गर्नुभएको प्रतीत्य समुत्पाद नै हो कि होइन भनी सर्वप्रथम विचार गर्नुछ। यो अवश्य हो कि १२ अङ्ग भएको प्रतीत्य समुत्पादलाई भगवान् बुद्ध स्वयंले उपदेश गर्नुभएको हो भन्ने कुरा धेरै सुत्तन्त देशनाहरूमा आएको छ। त्यसो भएता पनि पालिपिटकमा १२ अङ्ग अपूर्ण

download from : https://www.dhamma.digital

भएको बुद्धदेशित प्रतीत्य समुत्पाद देशनाहरू पनि प्रशस्त मात्रामा रहेको तथ्यप्रति ख्याल राख्नु योग्य छ ।

जस्तै पालिपिटक इतिहासको निकै पुरानो दीघनिकाय महानिदान सुत्तमा भगवान् बुद्धले प्रतीत्य समुत्पादलाई उपदेश दिनु हुँदा अविद्या र संस्कारलाई निहित गरी उपदेश गर्नुभएको थिएन । मज्झिमनिकाय मागण्डिय सुत्तमा भने पञ्चस्कन्धमा उपादान उत्पन्न हुनुदेखि प्रारम्भ गरेर भव, जाति र जरामरण आदि उत्पन्न भएको स्थितिलाई उपदेश गर्नुभएको छ । त्यसरी १२ अङ्ग अपूर्ण भएको जस्तो प्रतीत्य समुत्पाद देशनालाई संयुत्तनिकाय निदानवग्ग संयुत्तमा धेरै नै देख्न पाइन्छ । उदाहरणार्थ- एउटा सुत्तन्तमा तृष्णादेखि प्रारम्भ गरेर जरामरण सोक आदि दुःख समूह उत्पत्ति हुने स्थितिलाई उपदेश गरिएको छ ।

"भिक्षुहरू हो, उपादानहरूका कारण भएका त्रैभूमिक धर्महरूमा कस्तो मज्जा भनी बारबार भाविता गरिरहने व्यक्तिमा तृष्णा बृद्धि हुन्छ । तृष्णाको कारणले गर्दा उपादान उत्पन्न हुन्छ । उपादानको कारणले भव उत्पन्न हुन्छ । भवको कारणले जाति उत्पन्न हुन्छ । जातिको कारणले प्रतिसन्धि रहनु, जीर्ण हुनु; मरण हुनु; शोक हुनु; विलाप गर्नु; दुःख हुनु; दौर्मनस्य हुनु; तीव्र दाह गर्नु आदि कुरा उत्पन्न हुन्छन् । यसरी यी सम्पूर्ण दुःख समूहको उत्पत्ति हुनु स्पष्ट छ ।" (निदान संयुत्त उपादानिय सुत्त) । यी कथनहरूद्वारा निदान संयुत्तमा आएका १२ अङ्ग अपूर्ण भएका धेरै सुत्तहरू

download from : https://www.dhamma.digital

प्रतीत्य समुत्पाद सुत्तहरू भएको कारण स्पष्ट छ। यी सुत्तहरूमा दु:ख तृष्णा उपादानदेखि शुरू हुन्छ। निदान संयुत्तमा आएका कुनै कुनै सुत्तहरूमा विज्ञान शीर्षक राखी उपदेश गर्नुभयो। (उपमा– मोलिय फग्गुन सुत्त)। अन्य एउटा सुत्तमा त विज्ञानलाई प्रारम्भ गरी उपदेश गर्नु भइसकेपछि विज्ञान र भवका बीचमा रहेका अङ्गहरू भने बिल्कुल उल्लिखित गरिएको छैन। (चेतना सुत्त)।

यी सुत्तहरू १२ अङ्ग परिपूर्ण उल्लेख भएका सुत्तहरू भन्दा प्राचीन देखिन्छ। तर यिनीहरूभन्दा बढी प्राचीन भएका अन्य प्रतीत्य समुत्पाद सुत्तहरू पनि बाँकी रहेका छन्। ती सुत्तहरू दु:खको मूललाई तृष्णा, छन्द, उपधि, उपादान आदि भनी सामान्य तर स्पष्ट रूपमा उल्लेख गरिराखेका सुत्तहरू हुन्। "अविद्या प्रहीण नभएको, तृष्णा पनि क्षय नभएको बाल मूर्खले मरण हुँदा नयाँ जीवनमा फेरि फर्की जाति जरामरण आदि दु:खहरूलाई सामना गर्नुपर्नेछ।" (निदान संयुत्त अञ्ञतित्थिय सुत्त)। "पञ्चस्कन्ध भन्ने उपधि नै दु:खको कारण हो। उपधि नै यसको आदि हो र उपधि तृष्णा नै पनि कारण हो।" (निदान संयुत्त सम्मसन सुत्त)।

पालिपिटक इतिहासमा सबभन्दा प्राचीन मानिने सुत्तनिपात पालिमा पनि दु:खको मूललाई सरल र स्पष्ट उल्लेख गरिएको छ। त्यो पालि अट्ठकवग्ग गुहट्ठक सुत्तमा इच्छा, सात, काम, तण्हा, छन्द, फस्स, सञ्ञाहरू दु:खका

download from : https://www.dhamma.digital

मूलधर्महरू हुन् भनिएको छ । महावग्ग द्वयतानुपस्सना सुत्तमा त दुःखलाई उपधि, अविज्जा, सङ्खार, विञ्ञाण, फस्स, वेदना, तण्हा, उपादान, आरम्भ, आहार, निस्सय आदि कारण धर्म १६ वटालाई अलग्ग अलग्ग कारणबाट उत्पन्न भएको भनिएको छ । त्यो सुत्तमा प्रतीत्य समुत्पादका १२ अङ्गमध्ये ८ वटा मात्र देख्न पाइन्छ; सलायतन, भव, जाति र जरामरणहरू देख्न पाइन्न ।

यी प्राचीन देशनाहरूलाई आधार गरी प्रतीत्य समुत्पाद मूल आदि अवस्थामा प्रत्यक्ष वर्तमान जीवनलाई मात्र उद्देशित धर्म हो भनी धारणा राख्नुपर्दछ । यहाँनिर यूरोपेली बौद्ध ग्रन्थकार आचार्य Dr. Conze को लेखाई विचारणीय छ ।

"सर्वप्राचीन प्रतीत्य समुत्पाद देशनाहरूमा ४ अङ्ग विहीन भइरहेकोलाई देख्न पाइएकामध्ये ४ नामरूप, ५ सलायतन, १० जाति र १२ जरामरणहरू हुन् । ती चार अङ्गहरू एक व्यक्तिको जीवन अवसरण हुँदा स्कन्ध शरीरलाई सृष्टि गरी त्यस व्यक्तिको अतीत जीवनको कर्मभोगलाई दर्शाउने अङ्गहरू हुन् । तसर्थ प्रतीत्य समुत्पाद मूल प्रारम्भमा भवसंसार समस्यासित बिल्कुल असम्बन्धित भई त्रिभव विभाजन गरी देखाउनु पछिको समयमा पिटकाचार्यहरूले ज्ञानक्रीडा गरी विस्तृत गरिराखेको हुनसक्छ । बाँकी आठ अङ्ग (अविद्या, संस्कार, विज्ञान, स्पर्श, वेदना, तृष्णा,

download from : https://www.dhamma.digital

उपादान र भव[१]) जुनसुकै समयमा भए पनि उत्पत्ति र विनाश भइरहेर दुःख र मिथ्या दृष्टिलाई उत्पन्न गराउने मूल नामधर्महरू हुन् भन्ने अभिप्राय लिन सकिन्छ। यथार्थमा प्रतीत्य समुत्पाद धर्म मूल प्रारम्भमा भवसंसार घुमिरहनुलाई निर्देशित नगरी समुदयसत्य र निरोधसत्यलाई मात्र स्पष्ट पारेर देखाउने धर्म हुनसक्छ।"[२]

त्यसकारण माथि उल्लेख गरे जस्तै केही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले प्रतीत्य समुत्पादलाई प्रत्यक्ष जीवन उत्पत्तिक्रमलाई देखाउने धर्मको रूपमा भाषान्तरण गरिरहेका हुन्। वास्तवमा आजकालका प्रज्ञाविद्हरूले मात्र होइन; कुनै कुनै प्राचीन बुद्धवादीहरूले पनि त्यसरी भाषान्तरण गरेका छन्। अभिधर्मकोष भन्ने संस्कृत बौद्ध अभिधर्म ग्रन्थमा एक जना मानिसले नरघात कर्म उल्लङ्घन गर्दा १२ औं अङ्ग अन्तर्गत भएको स्थितिलाई देखाइराखेको छ।[३]

तर प्रतीत्य समुत्पादको प्रारम्भिक मूल आदिलाई पृष्ठभूमि बनाई पछि देखापरेको देशनालाई स्पष्ट पारेर देखाउनु वा अभिप्रायलाई वर्णन गर्नुमा यथाभूत देखापर्दैन।

---

१. यहाँनिर भव भनेले बुझेको जन्म भएदेखि मरण हुनेसम्मको भवलाई भन्न नचाहेर "भइरहने" Becoming लाई भनेको तथ्यलाई बुझ्नुपर्दछ।
2. Conze, "Buddhist Thought in India", P. 157.
3. Ibid, P. 157.

download from : https://www.dhamma.digital

यहाँनिर एउटा अंग्रेज पालि प्रज्ञाविद्को कुरालाई ख्याल राख्नु राम्रो हुनेछ।

"बुद्धघोषाचार्यले प्रतीत्य समुत्पादलाई एउटा चक्रघेरासित तुलना गरी देखाएको छ। त्यो चक्र घुमिरहेको चक्र होइन। नाभि अविद्या भई आड जरामरण हो। दण्डीहरू बाकि १० अङ्ग भएर यिनीहरू अविद्यालाई सोझै कारण गरी उत्पन्न भएर आई जरामरणमा अन्त भइरहेको छ भनी भन्नुपर्ने छ।[1] यो चक्रको अर्थ अभिप्राय सुत्तनिपात द्वयतानुपस्सना सुत्तको विचारधारासित एक समान छ। ... ... ... यी तथ्यलाई आधार गरी दुःख धर्म १२ अङ्ग क्रमले नभई अलग्ग भेद भएको कारणधर्महरूको कारणले उत्पन्न भएको तथ्य एक समयमा भगवान् बुद्धले उपदेश गर्नुभएको थियो भनी धारणा राख्नु पर्दछ। प्रतीत्य समुत्पाद ती धर्महरूलाई जम्मा गरी कारणधारी परम्परागत फल धर्महरूको रूपमा देखाइराखेको देशना हुनसक्छ। त्यसरी जात समान नभएका धर्महरूलाई जम्मा गरिराखेको देशना पूर्वापर श्लिष्ट सम हुन मुश्किल छ। तसर्थ वर्तमान भाषान्तरण (प्रतीत्य समुत्पाद धर्म) सित सन्तोष नभई पृष्ठभागमा निःसन्देह कारण कार्य अनुकूल भएको अर्थ अभिप्राय हुनुपर्नेछ भनी धारणा राख्नु भूल भई अनजानमा बक बक गरी अनुमान गर्नु जस्तै मात्र हुनेछ।"[2]

---

१. विसुद्धिमग्ग अट्ठकथा छ अनुस्सति निद्देस।

2. E. J. Thomas, "History of Buddhist Thought", P. 70.

download from : https://www.dhamma.digital

जेहोस्, बुद्धवादमा स्पष्ट भएको कुरा त दुःख तृष्णालाई कारण गरी उत्पन्न भएर आएको हो भन्ने तथ्य हो । प्रतीत्य समुत्पाद देशना मूल प्रारम्भमा भवसंसारलाई उद्देश्य नगरी तृष्णाको कारणले वर्तमान प्रत्यक्ष जीवनमा दुःख उत्पन्न हुने अवस्थालाई दर्शाउने देशना भएमा हुन सक्नेछ । तर प्रतीत्य समुत्पाद देशनाहरू बाहेक अन्य सुत्तन्त देशनाहरूमा तृष्णाको कारणले नयाँ जन्म उत्पन्न हुने कारण वा भवसंसार घुम्ने कारण देखाइराखेको भन्ने देख्न पाइन्छ । ती सुत्तन्तहरू पिटकमा प्राचीन भई दृढ निश्चित रहेका देशनाहरू भएका हुनाले भगवान् बुद्धले उपदेश दिनुभएका देशनाहरू भएको कुरा निराशङ्कित छ ।

* * *

download from : https://www.dhamma.digital

# खण्ड ६

## भवसंसार

### (क) पिटकमा आएको भवसंसार

पुराना भारतीय वाद र सिद्धान्तहरू सबैजसोले रूपवाद (भौतिकवाद) लाई हटाई भवसंसारलाई स्वीकार र विश्वास गर्छन् । अर्को रूपमा भनौं भने– मानिस मरणपछि जम्मै कुरा लोप भई निरर्थक हुन्छन् भन्ने सिद्धान्तलाई अस्वीकार गरी मानिस संसार वर्तदुःखबाट मुक्त हुनुअघि धेरै भव धेरै जन्म संसरण र विचरण गर्नुपर्दछ भनी विश्वास गर्छन् । तर भारतीय धार्मिक सिद्धान्त र वादको इतिहास अध्ययन गरेको खण्डमा भवसंसारप्रति विश्वास राख्नु इतिहासको प्रारम्भतिरको युगमा अस्पष्ट र धमिलो भई बुद्धवाद प्रादुर्भाव भएको युगतिर पुग्दामात्र छलंङ्ग र प्रष्टिन आएको देखिन्छ ।

download from : https://www.dhamma.digital

वेद ग्रन्थहरूको विचार अनुसार नराम्रो व्यक्ति मरण हुने अवस्थामा ऊ बिल्कुल लोप भई अभावको स्थितिमा पुग्ने हुन्छ र राम्रो व्यक्तिको मरणपछि ऊ सुगतिको भूमितिर पुगी ऐश्वर्य वैभव भोगी अजर अमर रूपमा सदैव रहन पाइने हुन्छ। भवसंसार विचरण गर्ने विषय भने वेद ग्रन्थहरूमा बिल्कुल उल्लिखित छैन। ब्राह्मण ग्रन्थहरूमा मानिसले परलोकमा असल र खराब परिणाम भोग्नुपर्छ भनिएको छ। भवसंसारको विषय भने सुनिश्चित रूपमा त्यसमा उल्लिखित छैन। उपनिषद् ग्रन्थहरूले त सत्यधर्मलाई प्रतिवेध गरी जानी देखी आफ्ना कर्तव्य व्रत वहन गर्ने व्यक्ति मरण हुँदा नित्य, ध्रुव, स्थावर भूमिमा पुगी सत्यधर्म नजानी नदेखी व्रत भङ्ग हुने व्यक्ति भने धेरै धेरै जन्म संसरण गरी संसारमा घुमिरहनुपर्ने हुन्छ भनिएको छ। तर उपनिषद् युगको अघिल्लो भागतिर भवसंसारलाई विश्वास गर्नु गर्भ प्रतिष्ठानको शुरूआत हो जस्तो भान हुन्छ। किनभने कुनै कुनै उपनिषद् ग्रन्थहरूमा त्यो वाद बिल्कुल उल्लिखित छैन।

मध्यभागको उपनिषद् ग्रन्थहरू र नातिपूर्व नाति-पश्चात् प्रादुर्भाव भएको बुद्धवादमा त भवसंसारलाई विश्वास गरिनुमा निकै बढी स्पष्ट भएर आएको छ। पालिपिटक वाङमयलाई उचित रूपमा अध्ययन गर्ने व्यक्तिले बुद्धवादमा भवसंसारलाई विश्वास गर्नु कतिसम्म छर्लङ्ग र स्पष्ट छ भन्ने कुरा राम्ररी थाहा पाउन सकिन्छ।

"भिक्षुहरू हो, संसारभित्र विचरण गर्नुपर्ने एक:

download from : https://www.dhamma.digital

व्यक्तिको अस्तिपुञ्ज यदि अविनाशी भएर रहन्छ भने वैपुल्य पर्वत तुल्य ठूलो प्रमाणमा रहनेछ'।" (सं. नि. निदान संयुत्त)।

"त्यो भिक्षुले अतीतमा उत्पन्न भएर आइसकेका धेरै जन्मलाई स्मरण गर्छ। एक जन्म, दुई जन्म, चार जन्म, पाँच जन्म, दश जन्म, बीस जन्म, तीस जन्म, चालीस जन्म, शयौं जन्म, हजारौं जन्म र लाखौं जन्मलाई; पूर्वेनिवासानुस्मृति ज्ञानद्वारा स्मरण गर्छ।" (दी. नि. सामञ्ञफल सुत्त र अन्य सुत्तहरू)।

यसैप्रकारका पालिपिटकमा आएका धेरै कुराहरूद्वारा बुद्धवादले भवसंसारलाई स्वीकार गरेको कुरा स्पष्ट छ। तर इसापूर्व छैठौं शताब्दीको युगमा प्रादुर्भाव भएको बुद्धवाद र अन्य भारतीय सबै धार्मिकवादले भवसंसारलाई स्वीकारेकोमा ती वादहरूमध्येमा बुद्धवाद अन्य वादसित एकसमान नभई आत्मालाई तिरस्कार गर्ने वाद भएकोले भवसंसारवाद गौतम बुद्धको वास्तविक मौलिक वाद हो कि भनी आधुनिक युगका कुनै कुनै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले संशय गर्छन्।

उदाहरणार्थ– एउटा अंग्रेज बौद्ध ग्रन्थकारले त्यो वाद पालिपिटकभित्र पछिमात्र घुसेर आएको ब्राह्मणवाद हो भनेको छ।[1] तर उनका कारण प्रदर्शनहरू दृढ र ठोसपूर्ण छैनन्। भगवान् बुद्धले भवसंसार वादलाई अवश्य तिरस्कार गर्नुभएको भए पालिपिटक इतिहासमा अतिप्राचीन सुत्तन्त-

1. Jennings, "Vedantic Buddhism".

download from : https://www.dhamma.digital

देशनाहरूमा त्यो वादसित सम्बन्धित कुराहरू किन धेरै प्रमाणमा देखिएको नि ? त्यो वाद आत्मवाद जस्तै भगवान् बुद्धले तिरस्कार गरेको ब्राह्मणवाद भएमा किन आत्मवाद पिटकमा बिल्कुल देखा नपरी भवसंसार वाद भने स्पष्ट रूपमा देखिएको नि ? भारतीय एउटा प्रज्ञाविद्‌ले त नामरूप धर्महरूको एकक्षण नबिराई निरन्तर उत्पत्ति विनाश र निरोध भइरहनुलाई नै भगवान् बुद्धले उपदेश दिनुभएको भवसंसार भएको जस्तो लेखिराखेको छ ।[१] तर एउटा सत्त्व पुद्‌गलको भवसंसार नाम रूप धर्महरूको उत्पत्ति विनाश मात्रलाई भन्न चाहेको नभएको तथ्य पिटकलाई अलि अलि अध्ययन गरिसकेका व्यक्तिहरूले समेत जान्न सकिनेछ ।

रसियन बौद्ध ग्रन्थकार आचार्य Stcherbatzky ले त भगवान् बुद्धले भवसंसार विषय अपरिपक्व प्रज्ञाज्ञान भएका पृथग्जन पुद्‌गलहरूलाई मात्र उपदेश गर्नुभएको हो; परिपक्व प्रज्ञाज्ञान भएका व्यक्तिहरूलाई त अर्कै प्रकारले उपदेश गर्नुभएको छ भनेको छ ।[२] यो कथन ठोसपूर्ण छ छैन हामीले विचार गर्नुछ ।

आधुनिक युगमा बुद्धवादलाई अध्ययन गर्ने पश्चिमी राष्ट्रका नागरिकहरूमध्येमा कुनै कुनै व्यक्तिहरूले भवसंसार सिद्धान्तलाई भगवान् बुद्धको अनात्मवादसित प्रतिपक्षी छ

---

1. Mehta, "Early Indian Religious Thought", P. 181.
2. Stcherbatzky, "Central Conception of Buddhism", P. 23.

download from : https://www.dhamma.digital

भनी धारणा राखी त्यो सिद्धान्त सही बौद्ध सिद्धान्त हो त भनी संशय गरिरहेको हुनेछ। निगण्ठनाटपुत्तले भगवान् बुद्धलाई अकिरियवादी हो भनी आरोप लगाए। (विनय महावग्ग पालि)। अकिरियवाद भनेको कर्मको फललाई तिरस्कार गर्ने वाद भएकोले; भगवान् बुद्धको अनातमवाद भवसंसारसित प्रतिपक्षी छ; त्यसकारण भगवान् बुद्ध कर्मको फललाई तिरस्कार गर्ने अकिरियवादी हो भनी निगण्ठनाट-पुत्तले सम्झेको भान हुन्छ।

त्यसो भएता पनि भवसंसारवाद प्रति शंका रहेका व्यक्तिहरूले भगवान् बुद्धसँग निवेदन गरी सोधपूछ गरेका कुराहरू पालि पिटकमा देखापर्दैन। दीघनिकाय पायासि-सुत्तमा परलोकलाई विश्वास नगर्ने पायासि राजन्यको वाद विस्तृत रूपले उल्लिखित छ। त्यो राजन्यले "अन्य लोक छैन; मरणपछि फेरि जन्मने सत्त्व छैन; कुशल अकुशल कर्महरूको फल विपाक छैन" भनी विश्वास गर्छ भनिन्छ। पायासि राजन्य बुद्ध परिनिर्वाणपछि २०० वर्ष (?) जतिमा प्रादुर्भाव भएको व्यक्ति हुनाले उनको सिद्धान्त वा वादलाई कुमार कस्सप स्थविरले निराकरण गरिराख्नुभएको छ। पायासि राजन्यको कारण प्रदर्शनहरू कोरा रूपवादी-हरूको कारण प्रदर्शन हुन्। त्यसको विचार अनुसार मरण भएका व्यक्तिहरूले आफू परलोक भएको कुरा कतै आएर भनेनन्। चोर डाकूहरूलाई राजाज्ञाद्वारा मारकाट गर्दा परलोक सरेर गएको प्राणविज्ञान देखिंदैन भनी

download from : https://www.dhamma.digital

उनी भन्छन् । उनको कारण प्रदर्शन जस्तै नै स्थविरका निराकरणहरू पनि आधुनिक युगका मानिसहरूले सजिलैसित स्वीकारी विश्वास गर्न सकिने खालका छैनन् । दिव्यचक्षु अभिज्ञालाभी स्थविर व्यक्तिहरूले मरणपछि फेरि उत्पन्न हुने सत्त्वहरूलाई देख्छन्; चन्द्र सूर्यहरू परलोकमा प्रतिष्ठित देवताहरू हुन्; त्यसकारण भवसंसार छ आदि भनी उत्तर दिएका छन् ।

जेहोस्, त्यस स्थविरले "मैले भवसंसार छैन भनी धारणा राख्ने व्यक्तिलाई देख्न पनि देखेको थिएन; सुन्न पनि सुनेको थिएन" भनेको कथनले पायासि राजन्य जस्तो भवसंसारलाई अस्वीकार गर्ने भारतीयहरू प्राचीन समयमा अत्यल्प भएको तथ्य स्पष्ट छ । "भगवान् बुद्ध प्रादुर्भाव हुनुअघि बा प्रादुर्भाव भइसकेपछि भवसंसारवादलाई सुदृढ रूपमा कारण प्रदर्शन गर्ने प्रयास गर्नु अथवा त्यस वादलाई मिथ्या रूपमा प्रकट गरी दर्शाउन प्रयत्न गर्नु भएको छैन । लोकायत गणिकलाई छाडी बाँकी भारतीय सबै धार्मिक गणले भवसंसारलाई विश्वास गर्छन् । त्यस वादलाई तिरस्कार गर्ने लोकायत गणको वाङमयलाई हामीले पढ्न नपाएकाले ती गणिकहरूले भवसंसारवादलाई कसरी निराकरण गरे भन्ने तथ्य जान्न पाइन्न । भगवान् बुद्धले पनि त्यस वादलाई स्वीकार्नुभएको छ ।"[१]

1. Das Gupta, "A History of Indian Philosophy", P. 87.

download from : https://www.dhamma.digital

भगवान् बुद्धले स्वीकार्नुभएको भवसंसार बाहिरी तौरको दृष्टिले अन्य भारतीय धार्मिक गणहरूको भवसंसार-सँग कत्ति पनि फरक छैन। भगवान् बुद्धले आत्मालाई तिरस्कार गर्नु भए पनि आफू स्वयंले समेत धेरै भव धेरै जन्म विचरण गरेर आएको कुरा उपदेश गर्नुभएका कथनहरू ५५० जातक जस्ता जातक अट्ठकथाहरूमा मात्र नभई पिटक पालिहरूमा पनि देखापर्दछन्। "आनन्द, त्यस अवस्थाको जोतिपाल ब्राह्मण कुलपुत्र अरू होइन; म तथागत नै हो।" (म. नि. घटिकार सुत्त)। "त्यस बेलाको मखादेव राजा अरू होइन; म तथागत नै हो।" (म. नि. मखादेव सुत्त)। भगवान् बुद्धको अनात्म धर्मलाई नबुझ्ने व्यक्तिले यी कथनहरूलाई आधार लिई भगवान् बुद्धले उपदेश गर्नुभएको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसँग एक समान छ भनी गलत धारणा राख्ने सम्भावना छ।

तर, बुद्धवादको भवसंसार अन्य भारतीय धार्मिक वादहरूको भवसंसारसित भिन्न छ। बुद्धवादले कर्मशक्तिको कारणले नयाँ जन्म हुन्छ भन्ने जैन सिद्धान्त वा वादलाई अस्वीकार गरी तृष्णा उपादानको कारणले भवसंसार विचरण गर्नुपर्छ भनी उपदेश गर्छ।[1] त्यस अतिरिक्त भगवान् बुद्धले

१. ग्रीक दार्शनिक आचार्य प्लेटोले पनि तृष्णाको कारणले नयाँ जन्म हुनुपर्ने विधि उपदेश गरेको छ भनिन्छ। Dr. Rhys Davids को लेखाईलाई उल्लेख गर्नुछ भने "प्लेटोले पनि मानिस तृष्णा उपादानको कारणले फेरि प्रतिसन्धि रहनुपर्छ भन्छ। पूर्व

download from : https://www.dhamma.digital

स्थिर नित्य सत्त्व पुद्‌गल आत्मालाई तिरस्कार गर्नुभएकोले एक जन्मदेखि अर्को जन्मतिर संसरण गर्ने विषय हुन सक्तैन।

यो अवश्य हो कि कुनै कुनै सुत्तन्त देशनाहरूमा एक जन्मबाट अर्को जन्ममा संसरण हुने विषय विज्ञान भए जस्तो गरी देखाइएको छ। "कारण रहेमा विज्ञानको आधार हुन्छ। त्यो विज्ञान स्थिर र बृद्धि भएमा पछि नयाँ जन्मलाई फेरि उत्पन्न गराउँछ।" (सं. नि. निदान संयुत्त चेतना सुत्त)।

तर यी कुराहरू धेरै मानिसहरूले बुझाउनको लागि बुद्ध प्रादुर्भाव हुनुभन्दा पूर्व विद्यमान रहेको विज्ञानवादसित व्यावहारिक शब्द प्रयोग गरी उपदेश गरेका कुराहरू हुन् (पृष्ठ १२६, २२२-३)। वास्तवमा भन्ने हो भने विज्ञान रूप, वेदना आदि बाकी चार स्कन्धहरूबाट अलग भई छुट्टै स्थिर रहन नसक्ने भएको तथ्य सुत्तन्त देशना साधक नमूना उल्लेख गरिसकेको छु। (पृष्ठ २७६–७८)।

यथार्थमा विज्ञान पुरानो जन्मबाट नयाँ जन्मतिर संसरण हुने नित्य असंस्कृत धातु नभएको तथ्य एउटा सुत्तन्तमा अति स्पष्ट छ। साति भन्ने एक जना भिक्षुमा विज्ञान नै त्यस जन्मबाट यस जन्ममा संसरण भएर गई

---

प्रवेणीदेखि विशिष्ट तीक्ष्ण प्रज्ञाज्ञान भई सबभन्दा प्रसिद्ध महापुरुष द्वय (बुद्ध र प्लेटो) को कथनलाई हामीले एक्कासी तिरस्कार नगरी गम्भीर रूपमा विचार गर्नु योग्य छ।" Dr. Rhys Davids, "Early Buddhism", P. 77. "Hibbert Lectures", PP. 95, 98.

download from : https://www.dhamma.digital

निरन्तर विचरण गरिरहन्छ; विज्ञान बाहेक अन्य विचरण गर्ने व्यक्ति छैन भन्ने मिथ्यादृष्टि सिद्धान्त उत्पन्न भएको देखिन्छ । भगवान् बुद्धले त्यो कारण सुन्नुहुँदा त्यस भिक्षुलाई बोलाउनुभई सोध्नुभयो– "कुनचाहिं विज्ञानलाई उद्देश्य गरी तिमीले यसरी धारणा राखेको ?" भिक्षुले उत्तर दिए– "कुशल अकुशल कर्महरूको प्रतिफललाई अनुभव गर्ने विज्ञानलाई भन्न चाहेको हूँ ।" त्यसबेला भगवान् बुद्धले, "मार्गफलदेखि निरर्थक हुने हे पुरुष, विज्ञान कारणलाई हटाएर उत्पन्न हुँदैन; कारणलाई प्रत्यय गरेर मात्र उत्पन्न हुन्छ भनी एक होइन अनेकौं कारणहरूद्वारा मद्वारा उपदेश गरिएको होइन र ? त्यसो भएर पनि तिमी निकृष्ट मिथ्या धारणालाई स्वीकार गर्दारहेछौ" आदि भनी उनीप्रति निन्दा र उपहास गर्नु भयो । (म. नि. महातण्हासङ्खय सुत्त) ।

विज्ञान कारण धर्महरूद्वारा मरम्मत र व्यवस्थित गरिनुपर्ने संस्कार धर्ममात्र भई एक जन्मबाट अर्को जन्ममा संसरण गर्दैन; वास्तवमा बुद्धवादले पुद्गल सत्त्व आत्मा जीवलाई समर्थन नगरेको कारणले एक जन्मबाट अर्को जन्ममा संसरण गर्ने स्थितिलाई चिन्तना गरिंदैन । अर्को जन्ममा संसरण गर्ने भन्ने कुरा नै लौकिक व्यवहार कुरामात्र भई बुद्धवादसित प्रतिपक्षी छ । यो तथ्य आयुष्मान् बुद्धघोष र आयुष्मान् नागसेन आदि अट्ठकथा आचार्यहरूको कथनद्वारा स्पष्ट हुन्छ ।

प्रतिसन्धि अवस्थामा चित्तको सन्तति उत्पन्न हुन्छ ।

download from : https://www.dhamma.digital

अघिल्लो चित्त विनाश हुन्छ । त्यसरी च्युतिचित्तको अनन्तरमा पछिल्लो धर्म गएको होइन । च्युतिचित्तबाट कुनै एक धर्म गएको होइन । प्रतिसन्धि विज्ञान च्युतिचित्तदेखि भिन्न भई कारण अनुरूप उत्पन्न हुन्छ । ... ... ... अतीत जन्मबाट यो वर्तमान जीवनमा आउने कुनै एक धर्म छैन । यो वर्तमान जन्ममा पनि कर्म भन्ने कारणले गर्दा उत्पन्न हुने स्कन्धहरू नित्य स्थिर छैन, केही समय नबित्दै निरोध भएर जानेछ । फेरि नयाँ जन्ममा अन्य एक स्कन्धहरू कर्मको कारणले गर्दा उत्पन्न हुनेछ । यस वर्तमान जन्मबाट फेरि नयाँ जन्मतिर एउटा धर्म पनि जाने छैन ... ... ... ।" (विसुद्धिमग्ग कङ्खावितरण निद्देस) ।

"महाराज, परमार्थ धर्मको सन्तति जकडेर उत्पन्न हुन्छ । एक धर्म उत्पन्न भइरहेको हुन्छ भने एक धर्म निरोध भइरहेको हुन्छ । यो दुबै अनन्तर भई जोडी जोडी उत्पन्न हुन्छ । त्यसकारण त्यो पुरानो मानिसले पनि नयाँ प्रतिसन्धि ग्रहण गर्दैन; अरू एक नयाँ मानिस पनि उत्पन्न हुँदैन; अघिल्लो विज्ञानले पछिल्लो विज्ञानलाई सहयोग गर्ने र उपकार गर्नेतिर पुग्ने हुन्छ ।" (मिलिन्दपञ्हा-अद्धानवग्ग धम्मसन्तति पञ्हा) ।

अवश्य पनि प्रतिसन्धि रहिरहेको व्यक्ति अतीत जन्मबाट आएको मानिस होइन; त्यो अतीतको मानिससित बिल्कुल सम्बन्ध नरहेको अर्को एउटा नयाँ मानिस पनि होइन । एक समयमा एक जना ब्राह्मणले भगवान् बुद्धसँग

download from : https://www.dhamma.digital

सोध्यो– "भो गौतम, जस व्यक्तिले काम गर्छ; त्यस व्यक्तिले अनुभव गर्छ, यो कसरी भएको ?" बुद्ध– "हे ब्राह्मण, यो एउटा भाग वा अन्त हो।" ब्राह्मण– "एक व्यक्तिले काम गर्छ, अर्को व्यक्तिले अनुभव गर्छ कि ?" बुद्ध– यो दोस्रो भाग वा अन्त हो। मैले ती अन्त द्वयलाई पन्छाई मध्यस्थ-विधिद्वारा उपदेश गर्ने कुरा बताउनुभई प्रतीत्य समुत्पाद धर्मको उपदेश गर्नुभयो। (सं. नि. निदान संयुत्त अञ्ञत्र ब्राह्मण सुत्त) (पृष्ट १८३–४)।

मानिस मरणपछि अनन्तरमा कुन संसरण गर्नु नभई नयाँ जन्ममा फेरि उत्पन्न भएर आएको स्वभाव; अर्थात् भवसंसारमा एक जन्मसित अर्को जन्म कारण कार्यको रूपमा मात्र सम्बन्धित रहेको स्वभावलाई स्पष्ट गरेर देखाएका उपमाहरू पिटकवाङ्मयमा देखापर्दैन। अट्ठकथाहरूमा भने ती उपमाहरू निकै ठूलो प्रमाणमा देखापर्दछ। मिलिन्दपञ्हा ग्रन्थमा दूधेबालकदेखि वयस्क व्यक्ति भएर आएको स्थितिको उपमा; सारा रात बलिराखेको बत्तीको उपमा; दूधबाट दही भएर आएको उपमा आदि देखाइराखेको छ। दूध दही होइन; तर दही दूधबाट अलग्ग भएर उत्पन्न हुन नसकी कार्य–कारण रूपमा सम्बन्धित छ। आयुष्मान् बुद्धघोष आचार्यले पनि विसुद्धिमग्ग ग्रन्थमा आँपको रूप बृद्धि भएर आउनु बाल्यकालमा अध्ययन गरेको शिल्पविद्याको परिणाम उपभोग गर्न पाउनु, प्रतिध्वनि उब्जेर आउनु र ऐनामा छायाँ

download from : https://www.dhamma.digital

प्रकट हुनु आदि थुप्रै उपमाहरूद्वारा स्पष्ट पारेर देखाएको छ ।

ती उपमाहरू बर्मेली बुद्धवादीहरूले जानी बुझीसकेको भएर यस पुस्तकमा फेरि उल्लेख गरिरहनु आवश्यक भएन । उत्तरीय बुद्धवादीहरूको संस्कृत अभिधर्म ग्रन्थमा आएको एउटा उपमा भने स्मरणीय भएकोले त्यस विषयमा यहाँ संक्षिप्त उल्लेख गर्दछु ।

एउटा नदी एउटा जङ्गल काटी बगिरहेको नदीको अर्कोतिर बन दाह भइरहेको छ । त्यसबेला त्यो आगो घनीभूत नभई क्षणिकमात्र देखापर्न आई निरोध र लोप भएर गएको आगोको राप र ताप एकमाथि अर्को आधारित भई निरन्तर उत्पन्न भइरहेको हुन्छ । मानिसको नाम रूप धर्म पनि त्यो आगोको राप जस्तै एक क्षण नबिराई दनादन उत्पन्न भई निरोध र लोप भइरहेको हुन्छ । आगो निभ्न लागेको क्षणमा हावाको वेगले नदीको अर्कोतिर अन्य फेरि डँडेलो उत्पन्न भएर आयो । आगोले नदी तरेर गएको होइन । पहिलेको आगो र दोश्रो आगो एउटै हो; अर्थात् यसलाई भिन्नाभिन्न हो भनिदैन । वास्तवमा हावाको वेगले नदी बीचमा रहे पनि आगोको राप ताप बिल्कुल टुटेर नगएको कारण स्पष्ट छ । त्यस्तै नाम रूप धर्महरू स्कन्ध शरीर विनाश भएर गएता पनि तृष्णाको शक्ति सामर्थ्यले गर्दा निरवशेष रूपमा निरोध र लोप भई टुटेर गएको हुन

download from : https://www.dhamma.digital

सक्तैन ।[1]

पुद्गल सत्त्व आत्मा नभई भवसंसार प्रादुर्भाव भएको स्वभावलाई आजकाल अन्य उपमाहरूद्वारा देखाउन सकिन्छ । एउटा टेबुलमाथि billiards खेलका बलहरू एक अर्कोसित जोडी लहरै रहेका छन् । अन्य एउटा बल बेगले गुडेर आई सबभन्दा पछिल्लो बललाई हिर्कायो । त्यसबेला गुडेर आएको बल रोकी सबभन्दा अघिल्लो बल अचल रहेको स्थितिबाट चलेर आई गुडेर गयो । यहाँनिर दोश्रो बल सरेर जानु पहिलो बलबाट कुनै तत्त्व संसरण भएर आएको कारणले नभई त्यस बलको शक्ति बेगको कारणले नै चलेर गएको हो ।

समुद्रको फाँटमा छालका गोलाहरू गुड्दै गुड्दै जानुलाई हेर्‍यौं भने पानी छाल सँगसँगै गुटमुटेर गए जस्तो भान हुन्छ । वास्तवमा पानी एक ठाउँबाट अर्को ठाउँमा छाल सँगसँगै गुटमुटेर गएको होइन । छाल उब्जेर आउनु पानीको गतिले नभई हावा चल्नुको कारणले समुद्रको पानीको फाँटमा उपलब्ध हलचलको सामर्थ्यवेगको शक्तिले गर्दामात्र हो । अर्थात् छालका गोलाहरू कुनै चीज संक्रमण हुनु नभइकनै वेगशक्तिमात्र संक्रमण भई गुड्दै गुड्दै संचरण भइरहेको हो ।

यसरी प्रतिसन्धि चित्त वा विज्ञान अतीत जन्मबाट आत्मा जीव पुद्गल सत्त्व कुनै चीज संक्रमण हुनु नभइकन

1. Poussin, "The Way to Nirvana", PP. 53–54.

download from : https://www.dhamma.digital

तृष्णा उपादान र कर्मशक्ति वेगको कारणले मात्र उत्पन्न भएर आएको हो ।

"ती च्युति चित्त र प्रतिसन्धि चित्तहरूका बीचमा बार बनाउन जान्ने कुनै धर्म छैन; त्यस च्युतिचित्त र प्रति-सन्धि चित्तहरूको माऊ छैन ।" (विसुद्धिमग्ग कङ्खावितरण विसुद्धि निद्देस खण्ड) । यस कथनले मानिस मर्दा सात दिनसम्म विज्ञान मुक्त नभइकन रहन्छ; सात दिनको क्रिया खवाइसकेपछि पुण्य अनुमोदन गर्दा मात्र मुक्त भई फेरि नयाँ जन्म उत्पन्न हुन्छ भन्ने बर्मेली धारणा बौद्ध धारणा नभएको स्पष्ट छ । कथावत्थु पालिले त त्यो धारणा बुद्धवादीबाट अन्य भिन्न परवादी धारणा हो भनेको छ । परवादी आचार्यले मानिस मरणको अनन्तरमा अन्य जन्ममा प्रतिसन्धि रहन नपाइकन सात दिनसम्मको बीचको अवधिमा बस्न सकिन्छ भनी धारणा राख्दछ । तर स्वकवादी (बुद्धवादी) आचार्यले सोद्धा त्यो सात दिनको जीवन ३१ भुवनमा समावेश छैन; तसर्थ च्युतिचित्त र प्रतिसन्धि चित्त बीचको अवधिमा अर्को जन्म उत्पन्न हुनसक्ने कारण छैन भनी स्वीकार्नु पऱ्यो ।

मानिस मरणको अनन्तरमा तिरश्चीन योनिमा प्रतिसन्धि रहन सकिन्छ भनी धेरै बुद्धवादीहरूले विश्वास गर्छन् । साधक प्रमाणको रूपमा ५५० जातक निपातहरूलाई औंल्याउँछन् । तर पश्चिमी राष्ट्रका पालिप्रज्ञाविद्हरूले ती जातक कथावस्तुहरूलाई भगवान् बुद्धले उपदेश गर्नुभएको

download from : https://www.dhamma.digital

जातक कथावस्तुहरू हुन् भनी धारणा राख्दैनन् । यो तथ्यलाई बुद्ध–शरण खण्डमा स्पष्ट पारिनेछ ।

"भिक्षुहरू हो, महासमुद्रमा एउटा कानो कछुवा छ । त्यो कछुवा एक शय वर्ष वितिसकेपछि एकै चोटिमात्र पानी-माथि चढ्छ । त्यो कानो कछुवालाई हावा लागेको कारणले यताउता बगिरहेको एउटामात्र प्वाल भएको खम्बामा टाउको वेगले घुसार्ने मौका मिल्नेछ । अपायभूमिमा रहेका सत्त्वहरूले मनुष्यभाव लाभ गर्न अति मुश्किल छ । किनभने अपाय भूमिमा धर्माचरण गर्ने कुशल कर्म गर्ने भन्ने छैन । तिरश्चीनहरू आपसमा खाने गर्छन् । दुर्बल प्राणीलाई बलवान् प्राणीले खाने गर्छ ।" (म. नि. बालपण्डित सुत्त) । यस देशना अनुसार तिरश्चीन प्राणी मनुष्यजन्मतिर संक्रमण गर्न त्यत्तिको मुश्किल भएमा भगवान् बुद्धले आफ्ना पहिलेका धेरै धेरै जन्म तिरश्चीन प्राणीको रूपमा रही पारमी पूर्ण गरेर आउनुभयो भन्ने कथन निराधार हुन जान्छ ।

तिरश्चीन प्राणी मनुष्यजन्ममा पुग्न सकिन्न भने मानिस पनि तिरश्चीन योनिमा जन्मनुमा कारण छैन भनी धारणा राख्नुपर्ने हुन्छ । निःसन्देह मानिस तिरश्चीनजीवनमा पतन हुन्छ भन्नु अथवा तिरश्चीन मनुष्यजन्ममा संक्रमण गर्छ भन्ने कुरा स्वभाव नियामसित विरोधाभास छ । विज्ञानको विचार अनुसार मानिस तिरश्चीनबाट अवतरण भएको सही भए पनि तिरश्चीनरूपमा कोटान्कोटी वर्ष बिताइसकेपछि मात्र मनुष्यभावमा आइपुगेका हुन् । स्वभावधर्मको क्रिया-

download from : https://www.dhamma.digital

कलापको विकासमा होस् भन्ने कुरा वा परिहानीमा विस्तार हुने भएकोले स्वभावको हिसाबले तिरश्चीनभन्दा उच्च श्रेणी भएको व्यक्ति एउटै जन्मले आफ्नो अमूल्य सार अंशलाई परित्याग गर्नुपर्छ भन्नु स्वभाव नियाम धर्म सबैसँग प्रतिपक्षी छ।[1]

भगवान् बुद्धले मानिसहरूलाई तिरश्चीन सत्त्व प्राणीहरूलाई दया करूणा राख्न उपदेश दिनुभएको छ। त्यसरी उपदेश गर्नुभएकोले मानिस र तिरश्चीन प्राणी परस्पर जीवनसित नजीक पर्छ। अर्को शब्दमा भन्ने हो भने मानिस मर्दा तिरश्चीन पशु हुनसक्छ भन्ने सिद्धान्त पिटक-वाङ्मयमा कहींबाट घुसेर आएजस्तो देखिन्छ। तर तिरश्चीन-हरूलाई बुद्धवादीहरूले दया माया राख्ने कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरूले विचार गरे जस्तो भवसंसारमा एक न एक अवस्थामा तिनीहरूसँग ज्ञाति सम्बन्ध रहिसकेको कारणले होइन। त्यस किसिमको धारणाको सुत्तन्त पिटकमा संकेतसम्म पनि देखापर्दैन। बुद्धवादको विचार अनुसार तिरश्चीनहरूलाई दया माया राख्नु मनुष्य जीवन र तिनीहरूको जीवनसित नजीक परेको कारणले नभई माथि उल्लिखित बालपण्डित सुत्त अनुरूप उनीहरूको भन्दा हामीहरूको जीवनस्तर अति उच्च भएको कारणले हो। मानिस ज्ञान बुद्धि भएको सत्त्व हुनाले; आफूभन्दा अति नीच

1. London Buddhist Lodge, "What is Buddhism ?" P. 177.

download from : https://www.dhamma.digital

स्तर भएका तिरश्चीनहरूलाई दया मायापूर्वक व्यवहार गर्नु कर्तव्ययुक्त मानव व्रत भएको छ। यो सत्य हो कि पिटक वाङमयमा मानिस मर्दा नराम्रो अकुशल कर्मको कारणले नरक तिरश्चीन प्रेत असुरकाय भन्ने एक न एक अपायभूमिमा पुग्न सक्ने कुरा देखाएको छ। तर प्रतिसन्धि विज्ञानका सात-वटा आधार १. मानिस, केही देवता, केही विनिपातिक;[१] २. प्रथमध्यान ब्रह्मभूमिबाट ब्रह्मा; ३. आभाश्वर भूमिबाट ब्रह्मा; ४. आकाशानन्त्यायतन भूमिबाट ब्रह्मा; ५. विज्ञाना-नन्त्यायतनभूमिबाट ब्रह्मा; ६. आकिञ्चन्यायतनभूमिबाट ब्रह्मा; ७. नैवसंज्ञा नासंज्ञायतनभूमिबाट ब्रह्मालाई भनी देखाइराखेको हुँदा तिनीहरूमध्येमा तिरश्चीनभूमिलाई उल्लेख गरिराखेको छैन (दी. नि. महानिदान सुत्त र अन्य सुत्तहरू) भन्ने तथ्यप्रति ख्याल राख्नुपर्छ।

त्यस अतिरिक्त सुत्तन्त पिटकमा अतीतको जन्मलाई स्मरण रहने पूर्वे निवास ज्ञान विषयलाई विस्तृत वर्णन गरेका कुराहरू निहित छन्। यिनीहरू सुत्तन्त पिटकमा बारबार देखापर्ने कुराहरू भएकोले पिटक इतिहासमा निकै प्राचीन कुराहरू हुने सम्भावना छ। "त्यस भिक्षुले अतीतमा भएका

१. विनिपातिक– छट्ठ संगायना मुद्रित दीघनिकाय महानिदान सुत्त (बर्मेली भाषान्तरण) मा भूत पिशाच आदि नानाभाव सत्त्व भनी भाषान्तरण गरिराखेको छ। Dr. Rhys Davids को पालि शब्दकोषमा भने मर्दा नरकमा जन्मनुपर्ने सत्त्व; दुःख भोग्नुपर्ने सत्त्व भनी भाषान्तरण गरिराखेको छ।

download from : https://www.dhamma.digital

घेरै जन्म सम्झन्छ। यस किसिमको जन्ममा म यस्तो नामको थिएँ। यस्तो गोत्र थियो। यस्तो वर्ण थियो। यस्तो सुख दुःख अनुभव गरेको थिएँ। यस्तो आयु प्रमाण थियो भनी यस प्रकारको आकार प्रकार सहित निर्देशित गर्नुपर्ने नाम गोत्र सहित अतीतका घेरै जन्म समूहलाई स्मरण गर्छ।" (दी. नि. सामञ्ञफल सुत्त र सुत्तन्त पिटकमा आएका अन्य सुत्तहरू)। यी कुराहरू तिरश्चीन जन्मलाई उद्देश्य गरेको हुन सक्दैन। "निर्देशित गर्नुपर्ने नाम गोत्र सहित" भनेको कारणले मनुष्यजन्महरूलाई मात्र उद्देशित गरेका कुराहरू हुनेछन्।

मानिस मर्दा तिरश्चीन हुनसक्छ भन्ने धारणा वा सिद्धान्त भगवान् बुद्धको मूल भवसंसार सिद्धान्तलाई विस्तार गरी चिन्तन गर्नुबाट प्रादुर्भाव भएर आएको भान हुन्छ। कुनै कुनै महायानी बुद्धवाद गणिकहरूले त मानिसको भवसंसारभित्र तिरश्चीनहरूलाई समावेश गर्नुमात्रले सन्तोष नमानी सजीव निर्जीव सम्पूर्ण चीज पदार्थहरूलाई समावेश गर्छन्। मानिस मरणपछि रूख फल फूल डोरी घैंटो आदि चीज पदार्थको रूपमा संक्रमण हुनसक्छ भनी विश्वास गर्छन्।[1]

यथार्थमा भन्ने हो भने मानिस मर्दा तिरश्चीन हुनसक्छ भन्ने सिद्धान्तलाई त्यसै छाडौं। मानिस मर्दा फेरि मानिस भएरै जन्मिन्छ भन्ने सिद्धान्तलाई निरीक्षण परीक्षण

1. J. Barthelemy Saint–Hilaire, op. cit., P. 133.

download from : https://www.dhamma.digital

गर्दा समेत बुद्धवादीहरूको निमित्त विशेष ख्याल राख्नुयोग्य एउटा तथ्य छ । त्यो तथ्य भगवान् बुद्धले त्यो सिद्धान्तलाई स्वीकार्नु भएको सही भएता पनि पालिपिटकका केही ठाउँहरूमा यसलाई संशय गराउने भगवान् बुद्धका वचनहरू देखा परेकाले हो । ती कुराहरू भवसंसारलाई समर्थन गर्ने पालिका कुरा जस्तै संख्या धेरै नभएता पनि अभिप्राय गम्भीर भई यसतिर विचार विमर्श गर्नु योग्य छ ।

भगवान् बुद्धको पालाका जैन श्रमणहरूले भवसंसार-लाई दृढतापूर्वक विश्वास गर्थे । अतीतको जन्मदेखि समावेश भएर आएको कर्मशक्ति घनत्वलाई टुक्रा टुक्रा पारी नाश गर्न आफ्ना शरीरलाई विभिन्न प्रकारले दु:ख कष्ट दिन्छन् । भगवान् बुद्धले ती जैन श्रमणहरूसँग बेला बेलामा भेटघाट गरी वादविवाद र छलफल गर्नुभएको हुँदा त्यस बेला भगवान् बुद्धले आज्ञा गर्नुभएका तथ्यहरूमा भवसंसारलाई शंका वा संशय गर्नुपर्ने कुराहरू समावेश छन् । "हे आवुस निगण्ठहरू, तिमीहरूले हामी अतीतमा भइसकें भनेर र हामी अतीतमा भइसकेका छैनौं भनेर जानेका छौ ?" (म. नि. देवदह सुत्त) आदि भगवान् बुद्धका कुराहरू परलोक छ छैन भन्ने समस्यामा मानिसहरूको ज्ञानले निर्णय गरेर पाउन सक्ने विषय नभएकोले त्यो समस्यालाई उपेक्षा गरी अलग राखेमा सबभन्दा राम्रो हुन्छ भन्ने केही पश्चिमी राष्ट्रका मानिस-हरूको कुरासित एक समान हुन आउँछ ।

बुद्धकालीन मानिसहरू परलोकको विषयलाई जान्न

download from : https://www.dhamma.digital

चाहन्छन् । साधारण मानिसहरूलाई त के भनौं; आयुष्मान् आनन्द समेतले कुनै कुनै मानिसहरूको पुनर्जन्मलाई जान्न चाहेर भगवान् बुद्धसँग निवेदन गरी सोध्ने गरेका छन् । "आनन्द, मानिसको प्रत्येक मरणमा म (तथागत) कहाँ उपसंक्रमण गरी पुनर्जन्मको विषयलाई सोधिरह्यो भने मलाई कष्ट दिलाउनुमात्र हुनेछ ।" (दी. नि. महापरिनिब्बान सुत्त)। यस कुराबाट भगवान् बुद्ध त्यस सोधाईहरूबाट उद्विग्न हुनुभए जस्तो देखिन्छ । तर त्यस युगका भारतीयहरू सबै जस्ताले भवसंसारलाई गहन रूपले विश्वास गर्ने गर्थे । भगवान् बुद्ध पनि अन्य व्यक्तिहरूको विश्वासप्रति गौरब राख्नु हुन्छ । त्यसो हुँदा भगवान् बुद्धले भवसंसारवादलाई नरुचाएता पनि त्यो वादलाई उपहास र दोषारोपण भने गर्नुहुन्न ।

वास्तवमा भन्ने हो भने भगवान् बुद्धको दृष्टि अनुसार परलोकलाई विश्वास गर्नु अपरिपक्व ज्ञान भएका व्यक्तिहरूको निमित्त लाभमा हानी नपुऱ्याउनेमात्र नभई लाभकारकै छ । तसर्थ परलोक भए पनि; नभए पनि परलोकलाई विश्वास गर्नु शीलाचरणलाई उन्नति बृद्धि गर्नुमा सहयोगी भएको तथ्य उपदेश गर्नुभएको छ । यहाँनिर निम्न प्रकारका बुद्धका सुत्तस्त देशना द्वयलाई हामीले विचार गर्नुपर्छ ।

"परलोक यदि रहन्छ भने; राम्रो नराम्रा कर्महरूको प्रतिफल रहन्छ भने; त्यसरी रहँदा म आफ्नो मरणपछि राम्रो कुशल कर्म गर्ने व्यक्तिहरूको गन्तब्य स्थल देवलोकमा

download from : https://www.dhamma.digital

उत्पन्न हुनेछु भनी मनमा आश्वस्त रहने हुन्छ। यो त ब्रह्मविहार धर्म बृद्धि गर्ने व्यक्तिलाई सर्वप्रथम आश्वासन मिल्ने भयो। परलोक यदि छैन भने पनि, राम्रा नराम्रा कर्महरूको प्रतिफल यदि नभए पनि, त्यसरी नहुँदा म वर्तमान प्रत्यक्ष जीवनमा शत्रु नहुने; व्यापार नहुने; दुःख नहुने भई सुखपूर्वक रहन पाउनेछ भनी मनमा आश्वासन मिलेको हुन्छ। यसबाट ब्रह्मविहार धर्म बृद्धि गर्ने ब्यक्तिलाई दोश्रो आश्वासन मिल्ने हुन्छ।" (अं. नि. तिकनिपात कालाम सुत्त)।

"प्रज्ञावान् पुरुषले यसरी निरीक्षण गर्नें गर्छ परलोक यदि छैन भनौं भने नराम्रो कर्म गर्ने ब्यक्ति मरणपछि सुख-पूर्वक रहने हुन्छ। परलोक यदि छ नैं भनौं भने त्यस्ता ब्यक्ति मरणपछि नरकलोकमा पुगेको हुन्छ। फेरि परलोक यदि छ भनौं; ती श्रमण ब्राह्मणहरूको कथन नै सत्य भई वर्तमान प्रत्यक्ष जीवनमा समेत प्रज्ञावान्हरूको लागि निन्दनीय हुनेछ। तसर्थ यदि परलोक रहेमा यस ब्यक्तिलाई दुवैतिरबाट अनर्थ हुने हुन्छ। वर्तमान प्रत्यक्ष जीवनमा प्रज्ञावान्हरूले निन्दा गर्ने छन्। मरण हुँदा नरकमा पुग्नेछ।" (म. नि. अपण्णक सुत्त)।

यी दुई देशनामा भगवान् बुद्धले परलोक छ वा छैन भनी प्रश्न गर्ने ब्यक्तिहरूलाई परलोक छँदैछ नभनी परलोक-लाई विश्वास गर्दा लाभ हुने विषयमा उपदेश गर्नुभयो। उपदेशका श्रोतागणहरू पनि श्रमण भिक्षुहरू होइनन्;

download from : https://www.dhamma.digital

धम्मदिन्ना, चित्त गृहपति जस्ता प्रज्ञाज्ञान् परिपक्व भएका गृहस्थीहरू पनि नभई अप्रकट वा अपरिपक्व ज्ञान भएका पृथग्जन ब्यक्तिहरूमात्र भएको तथ्यप्रति ख्याल राख्नुपर्छ ।

"हे भिक्षुहरू हो, मैले (तथागतले) सम्यग्दृष्टि दुई प्रकारका छन् भनी उपदेश गरेको छु । जस्तै– (१) दानको फल छ । ठूलो र सानो प्रकारको पूजाको फल छ । राम्रा र नराम्रा कुशल अकुशल कर्महरूको मूल फल प्रत्यय फल छ । परलोक छ । आमा-बाबुहरूलाई भरण पोषण गर्नुको फल छ । देवादि सत्त्वहरू छन् । श्रमण ब्राह्मणहरू छन् । यिनीहरू त आश्रव धर्मको आरम्मण भएको कुशल कर्मको अंश भएको उपाधिलाई परिपक्व बनाइने यो प्रथम सम्यग्दृष्टि हो । (२) पवित्र चित्त भएको, आर्यमार्गले परिपूर्ण भएको आर्यमार्गलाई बृद्धि गराउने ब्यक्तिको जुन प्रज्ञा; प्रज्ञिन्द्रिय, प्रज्ञाबल र धर्मविचय सम्बोध्यंग छ; त्यो प्रज्ञा, प्रज्ञिन्द्रिय आदिलाई पवित्र आश्रव धर्मको आरम्मण नभएको लोकुत्तर मार्गाङ्ग भएको द्वितीय सम्यग्दृष्टि भनिन्छ ।" (म. नि. महाचत्तारीसक सुत्त) यो देशना अनुरूप भवसंसारवाद भगवान् बुद्धको विचार अनुसार मनोवृत्ति परिपक्व भएका ब्यक्तिहरूको निमित्त नभई मनोवृत्ति अपरिपक्व भएका लौकिक मानिसहरूको निमित्त भएको स्पष्ट छ ।

उपर्युक्त कथनहरू भगवान् बुद्धले भवसंसारवादलाई वढाई चढाई गहनरूपमा महत्व दिई उपदेश गर्नुभयो भनी

download from : https://www.dhamma.digital

सम्झिरहने व्यक्तिहरूको निमित्त विचारणीय छ। अवश्य हो कि पालिपिटकमा भवसंसारलाई संशय गराउने भगवान् बुद्धका कथनहरूभन्दा भवसंसारलाई स्वीकार गर्ने भगवान् बुद्धका कथनहरू बढी मात्रामा पाइन्छन्। ती कथनहरूद्वारा भगवान् बुद्धले भवसंसारलाई स्वीकार्नुभएको थियो भनी धारणा राख्न सकिन्छ। तर भवसंसारलाई बिल्कुल उपादान नराख्न छलेङ्ग र स्पष्ट रूपमा उपदेश गरिराख्नुभएका देशनाहरू प्रशस्त रहेको कुरा हामीले बिर्सनु हुन्न।

यहाँनिर सर्वप्रथम पिटकवाङ्मयमा सबभन्दा पुरानो पालि भएको सुत्तनिपातपालिबाट भगवान् बुद्धको कथनलाई उद्धरण गरी देखाइन्छ। "मानिसहरूले कामगुण सुख वैभवलाई त्याग्न नसक्नाको कारणले मानसिक सुख शान्ति पाउँदैनन्। दुःखसँग सामना गर्नुपर्ने अवस्था हुँदा मानिस मर्दा के हुने हो भनी त्रसित हुन्छन् र बरबराउँछन्। मानसिक रूपमा रंजित नभएका व्यक्तिहरू परलोकप्रति आसक्त भई प्रार्थना गर्छन्। तिनीहरू मरणसित सामना गर्नुपर्ने अवस्थामा भवतृष्णाको कारणले शोक विलाप गर्छन् र बरबराउँछन्। कुनै कुनै व्यक्तिहरू आफूले मन पराएका ममता राखेका विषयहरूलाई परित्याग गर्नु पर्दा पानी सुकेको नदी नालामा रहेका माछा जस्तै निराधार र आश्रयरहित हुन्छन्। यी तथ्यहरूलाई ध्यानमा राखी आत्म-उपादान रहित; पुनर्भव उपादान रहित भई आचरण गरिरहनुपर्दछ। प्रज्ञावान्ले कामगुण धर्महरूलाई हटाई कुनै पनि जन्मप्रति

download from : https://www.dhamma.digital

आशा राख्दैन र तिनीहरूप्रति आसक्त हुँदैन ।" (सुत्तनिपात अट्ठकवग्ग गुहट्ठक सुत्त) ।

पिटकमा आएको सांसारिक अर्थ र हित परलोक सम्बन्धी अर्थ र हितसित सम्बन्धित बुद्धदेशनाहरू प्रज्ञाज्ञान अपरिपक्व भएका पृथग्जन प्राणीहरूको निमित्त हो । प्रज्ञाज्ञान परिपक्व भएका व्यक्तिहरूको निमित्त होइन । "भिक्षुहरू हो; भिक्षुले देवत्वलाई प्रार्थना र कामना गरी पवित्र आचरणलाई आचरण गर्नेछ । यस प्रकारको कामना र प्रार्थना मनको बन्धन भई (त्यसले) बुद्ध शासनमा बृद्धि गराउने छैन ।" (म. नि. चेतोखिल सुत्त) । "कुलपुत्र यस प्रकारको जन्म त्यस प्रकारको जन्म भनी भविष्यमा जीवन परिपूर्णता पाउने उद्देश्यले श्रमण भिक्षु भएको होइन ।" (अं. नि. तिकनिपात अधिपतेय्य सुत्त) ।

"हे भिक्षुहरू हो, बुद्धशासनबाट बाहिरका परिब्राजक श्रमण भिक्षुहरूले भने– "आवुसो, तिमीहरूले देवलोक उत्पत्तिको निमित्त श्रेष्ठोत्तम आचरण गरेको सही हो भनी सोधपूछ हुनेछ भने त्यसरी सोधपूछ गर्दा तिमीहरूले लाज मान्नुपर्ने होइन र ? तिमीहरू दिव्य सुख वैभवलाई घृणा गर्छौ होइन र ?" (अं. नि. तिकनिपात देवलोकूपपत्ति सुत्त) ।

यो कुरा अवश्य हो । बुद्धवादीले कर्मवादलाई स्वीकारेता पनि मरणपछि अनुभव गर्नुपर्ने अर्थ हितलाई आशा राख्न सकिन्न । बुद्धवादीको निमित्त वर्तमान जीवनको

download from : https://www.dhamma.digital

अर्थहित परलोकको अर्थ र हितभन्दा बढी आवश्यक छ।
एउटी देवकन्याले आयुष्मान् समिद्ध स्थविरलाई आयुष्मान् श्रमण कलिलो उमेरमा परलोकको अर्थ हितलाई कामना नगरी कामगुण सुखलाई अनुभव गरेर बस्नु उचित छ भन्दा स्थविरले उनलाई आज्ञा गर्नुभयो– "हे देवकन्ये, प्रत्यक्ष विद्यमान र अनुभव गर्नुपर्ने सांदृष्टिक प्रतिफललाई त्यागी पछिमात्र लाभ गरिने ऋण भएको प्रतिफलको आशा गरिन्न। लोकुत्तरधर्मले वर्तमानमा फल दिन्छ। समय नबिराई तुरन्त फल दिन्छ। यस कुरालाई प्रज्ञावान्हरूले छानबिन गरी जान्नु र अनुभव गर्नु योग्य छ।" (सं नि. देवता संयुत्त समिद्धत्थेर सुत्त)।

त्यसकारण बुद्धवादीले वर्तमानकालमा आफूले तुरन्त वहन गर्नुपर्ने क्रियाकलापहरूलाई गहिरिएर ध्यान दिनुपर्दछ। अतीत जीवन र अनागत जीवनप्रति उपादान राख्नुहुन्न। यस तथ्यसित सम्बन्ध राखी भगवान् बुद्धले दिनुभएका उपदेश विशेष रूपले बाहुल्य रहेका छन्।

ती भगवान् बुद्धका कथनहरूमध्येमा सबभन्दा प्रसिद्ध कथन मज्झिमनिकायमा रहेको छ– "जुन अतीत समयमा भइसकेको धर्म समूह छ त्यसको अन्त र निरोध भइसकेको छ। भविष्यमा हुने धर्महरू पनि अहिले देखिदैन। त्यसकारण बितिसकेको अतीत धर्मसमूहलाई सम्झनु र उपादान राख्नुहुन्न। आइनपुगेको भविष्यको धर्म समूहलाई पनि कामना र प्रार्थना गर्नुहुँदैन।" (म. नि. भद्देकरत्त सुत्त)।

download from : https://www.dhamma.digital

उपर्युक्त भगवान् बुद्धको अववाद कत्तिको महत्वपूर्ण छ भन्ने कुरा एउटा देवपुत्रको कथनद्वारा थाहा हुन्छ । त्यस देवताले आयुष्मान् समिद्धलाई भने कि भद्देकरत्त सुत्त अर्थ हितसित सम्बन्धित छ । आर्यमार्ग भनेको उत्तमाचरणको आदि हो । त्यो सुत्तलाई धारण र स्मरण गर्नुपर्छ । (म. नि. महाकच्चानत्थेर भद्देकरत्त सुत्त) । विशेष महत्त्वपूर्ण भगवान् बुद्धको कथन भएकोले त्यस कथनलाई आयुष्मान् कच्चान स्थविर र आयुष्मान् आनन्द स्थविरहरूले फेरि स्पष्ट पारी उपदेश दिनुभयो । मज्झिमनिकायमा त्यससित सम्बन्ध रहेको चारवटा सुत्तन्त देशना समावेश छन् ।

"भिक्षुहरू हो, तिमीहरूले बितिसकेको पूर्वान्तलाई अतीत समयमा थियौं कि थिएनौं ? कस्ता ब्यक्ति थियौं ? कुन प्रकारको आकार प्रकारमा रहेका थियौं ? भनी संशय गर्नु उचित छैन । पछि हुने अपरान्तलाई पनि भविष्यमा हुनेछौं कि हुने छैनौं ? कस्ता ब्यक्तिहरू हुनेछन् ? आदि भनी संशय गर्नु पनि उचित छैन । अहिलेको वर्तमान समयमा पनि आफू भइरहेको छ कि छैन ? यो सत्त्वप्राणी कहाँबाट आएको हो ? त्यो प्राणी कसरी जाने होला ? आदि भनी कल्पना गर्नु र संशय गर्नु उचित छैन ।" (म. नि. महातण्हासङ्खय सुत्त र सब्बासवसंवर सुत्त) ।

"मेरा बहुश्रुतवान् शिष्यहरू अतीत समयमा उत्पन्न हुने चक्षु, श्रोतादि पञ्चप्रसादमा आसक्त हुँदैनन् र उनीहरू भविष्यमा

download from : https://www.dhamma.digital

उत्पन्न हुने पञ्चप्रसादलाई पनि कामना गर्दैनन् । (सं. नि. सलायतनसंयुत्त–अज्झत्तिकायतन अतीतानागत दुक्ख सुत्त) ।

उपर्युक्त प्रकारको बुद्ध कथन सुत्तन्त पिटकमा प्रशस्त रूपमा देखापर्दछ । ती बुद्धवचनहरू परलोकप्रति धेरै आसक्त भई परलोकको अर्थहितलाई मात्र हेरी कुशल कर्म गर्ने बानि भएका धेरै बर्मेली बुद्धवादीहरूको लागि गम्भीर रूपमा विचारणीय कुरा भएको छ । परलोकको जीवन राम्रो पार्नको लागि कुशल कर्म गर्नु र सांसारिक भोग सम्पत्तिको निमित्त' दान दिनु जस्ता कुरा बुद्धवादसित कुनै प्रकारले मिल्दैन ।

"हे सारिपुत्र, दान दिदा दानको फल परलोकमा अनुभव गर्न पाइन्छ र त्यसले कुलवंशको परम्परालाई रक्षा गर्नेछ आदि भनी आसक्ति राखी दान दिने दानमा कुनै आनिशंस हुँदैन । कुनै आसक्ति नराखी (चित्तको अलंकार चित्त शुद्ध गरी चित्तको परिवारको) लागि दिने दानमात्र महत्फलदायी हुन्छ ।" (अं. नि. सत्तनिपात गग्गरा सुत्त) ।

परलोकको जन्मलाई आसक्त नहुन बारवार उपदेश दिनुभएको भगवान् बुद्धका देशनाहरू र माथि उल्लिखित कालामसुत्त र अपण्णक सुत्तहरूलाई अध्ययन र निरीक्षण गर्दा भगवान् बुद्धले परलोकको जन्मलाई तिरस्कार गर्नुहुन्छ भनी कुनै कुनै पश्चिमेली जनताहरूले धारणा राख्नु अचम्म लाग्ने कुरा होइन । यस विषयमा प्रसिद्ध अंग्रेज लेखक Somerset Maugham ले आफूले बुझेको कुरा भनी भगवान् बुद्धले पुनर्जन्मलाई अस्वीकार गर्नुहुन्छ भनेका थिए ।

download from : https://www.dhamma.digital

यस सम्बन्धमा Somerset Maugham ले पिटकवाङ्मय-लाई राम्ररी अध्ययन गरे जस्तो देखिन्न । अध्ययन नै गरेको भए पनि उनी पुनर्जन्म छैन भनी पहिलेदेखि नै विश्वास गरिराखेको व्यक्ति भएकोले[1] भगवान् बुद्धको अनात्मधर्ममा आफ्नो पहिलेको सिद्धान्तलाई मात्र पुर्वाग्रहको रूपमा देखेको हुनसक्छ । जे भए पनि पिटकवाङ्मयमा माथि उल्लेख गरेजस्तै पुनर्जन्मलाई स्वीकार्ने कथनहरू धेरै धेरै समावेश भइरहे जति पुनर्जन्मलाई बढाई चढाई समावेश गरी विचार गर्नु उचित छैन भन्ने अभिप्राय रहेका कथनहरू धेरै मात्रामा समावेश भइरहेको तथ्यप्रति सन्देह मान्नुपर्ने आवश्यकता छैन ।

यहाँ पालिप्रज्ञाविद् Mrs. Rhys David's को लेखाईलाई उद्धृत गरिन्छ । Mrs. Rhys Davids पालि-पिटक वाङ्मयलाई गहिरिएर प्रशस्तरूपमा अध्ययन गर्ने एउटी पश्चिमी विदूषी हुन् । त्यस अतिरिक्त विशेष याद राख्नुपर्ने कुरा के छ भने तिनीले भवसंसारलाई दृढ र गम्भीर रूपमा बिश्वास राख्छिन् । बुद्धवादमा परलोकको अति महत्त्वपूर्ण छ । उनी भगवान् बुद्धले परलोकको अर्थ हितलाई प्रमुखता दिई लक्ष्य गरी उपदेश दिनुभएको छ भनी धारणा राख्छिन् र ध्यानमा प्रवेश गर्नु समेत परलोकका देव ब्रह्माहरूसित सम्पर्क राख्नु हो भनी लेखेकी छिन् तापनि उनले निम्नानुसारका कुरालाई स्वीकारी लेखेकी छिन् ।

1. Somerset Maugham, "The Summing up".

download from : https://www.dhamma.digital

"बुद्धवाद कुनै अवस्थामा पनि रूपवाद नभएता पनि पछिको समयमा भवसंसारसित सम्बन्ध राखी दृष्टि संकीर्ण भई रूपवाद श्रेणीको मीमांसा धर्मलाई मात्र पृष्ठभूमि बनाएको वाद श्रेणीतिर पतन भएर आयो। वर्तमान जन्ममा मात्र मन आरम्मण एकत्रित पारी वर्तमान-जन्मको आवश्यकतालाई मात्र समर्थन गर्न लाग्यो। धेरै धेरै अतीतका जन्महरूलाई पुनः परामर्श गरेता पनि बुद्धवादीमा भवसंसार यात्राको निमित्त मानसिक बल, उत्साह छैन। भवसंसार उन्नति र विकासको निमित्त आशा र प्रतीक्षायुक्त छैन।[1]

भगवान् बुद्धले प्रज्ञाज्ञान परिपक्व भइसकेका व्यक्तिहरूलाई उपदेश गर्नुहुँदा अतीत-जन्मका पुनर्जन्महरूलाई आसक्ति नराख्न किन गम्भीर रूपमा उपदेश गर्नुभएको भनी विचार गर्नु योग्य छ। प्रज्ञाज्ञान अपरिपक्व भएका व्यक्तिहरूको निमित्त अपण्णक सुत्तमा भगवान् बुद्धले आज्ञा दिनुभए अनुसार पुनर्जन्म छैन भने पनि शीलआचरण राम्रो पार्नुको निमित्त पुनर्जन्मलाई विश्वास गर्न आवश्यक रहेको कुरा सत्य हो। प्रज्ञाज्ञान परिपक्व भइसकेका व्यक्तिहरूको निमित्त त आफ्नो शीलाचरणको लागि पुनर्जन्म समस्यालाई विचार गर्नु आवश्यक छैन। उनले पुनर्जन्म होस् वा नहोस् आफ्नो व्रताचरण राम्रो हुने गरी आचरण उद्योग र अभ्यास गर्नेछ।

बुद्धवादीले आसक्त हुनु र उपादान धर्म जम्मैलाई परित्याग गर्नु आवश्यक छ। "प्रज्ञावान्ले पुनर्जन्मसित

1. Mrs. Rhys Davids, "Sakya", P. 272.

download from : https://www.dhamma.digital

सम्बन्ध राखी यो वाद त्यो वाद भनी दृढतापूर्वक नित्य स्वीकार्नें छैन ।" (सुत्तनिपात – अट्ठकवग्ग – कलहविवाद सुत्त) । "यो सिद्धान्तमात्र सही छ भनी सुनिश्चित रूपमा ग्रहण गरिनुपर्ने दृष्टि-सत्यलाई कुनै पनि भिक्षुले राम्ररी परित्याग गर्नु उचित छ ।" (अं. नि. चतुक्कनिपात पनन्द-पच्चेकसच्च सुत्त) । "हे वच्छ; सत्त्वप्राणी मरणपछि उत्पन्न हुन्छ वा हुँदैन भनेर; यो मेरो सिद्धान्तमात्र सत्य छ; अरूको सिद्धान्त निरर्थक छ भनेर धारणा राख्नु उचित छैन ।" (म. नि. अग्गिवच्छगोत्त सुत्त) ।

त्यसरी अतीत र अनागत कालसित सम्बन्ध राख्ने तथा उपादान आसक्ति नभएको बुद्धवादीले प्रत्यक्ष जन्ममा बुद्धधर्मको सांदृष्टिक प्रतिफल अनुभव गरी मानसिक सुख शान्तिपूर्वक बस्न पाउने छ । एउटा देवपुत्रले एउटा भिक्षुलाई आयुष्मान्‌हरू जङ्गलमा बसी एक छाकमात्र भोजन सेवन गरि-रहेर पनि उनीहरूमा किन छविवर्ण प्रासादिक र शोभायमान भएको भनी सोध्दा त्यस भिक्षुले जवाफ दिए कि उनीहरू अतीतका विषयलाई नसोच्ने, आइनपुगेको समयलाई कामना नगर्ने भएकाले उनीहरू मानसिक प्रसन्नतामा रही सुखपूर्वक बस्न पाएका हुन् । (सं. नि. सगाथावग्गसंयुत्त अरञ्ञ सुत्त) ।

त्यस अतिरिक्त भगवान् बुद्धले प्रत्यक्ष रूपमा उद्योग र अभ्यास गरी दृष्टान्त प्रतिफल अनुभव गरिनुपर्ने धर्महरूलाई मात्र महत्त्व दिई उपदेश गर्नुभएको थियो । कल्पना र चिन्तन

download from : https://www.dhamma.digital

मनन गर्नुमा मात्र आधार बनाई चिन्तना र धारणा भएका धर्महरूका विषयमा मात्र उपदेश गर्नुभएको थिएन । "पोट्ठपाद; सत्त्वप्राणीको मरणपछि पनि रहन्छ वा रहँदैन भनेर; अनि यो संसार अन्तवान् हो वा होइन भन्ने सिद्धान्त-हरू निःसन्देह निर्वाणमा पुग्ने कारण धर्महरू नभएको कारणले यस विषयमा मैले उपदेश गरेको छैन ।" (दी. नि. पोट्ठपाद सुत्त) ।

सत्त्वप्राणीको मरणपछि ऊ कहीं रहन्छ वा रहँदैन भन्ने समस्यासित सम्बन्ध राखी भगवान् बुद्धले केही उपदेश नदिनु र त्यो समस्याप्रति कुनै पनि आसक्ति नराख्न बारबार होश दिलाउनुको मुख्य कारण परमार्थ हिसाबले उपलब्ध हुने पुद्गल सत्त्व आत्मालाई बुद्धवादद्वारा बिल्कुलै तिरस्कार गर्नु नै हो । परमार्थको हिसाबले उपलब्ध हुने पुद्गल सत्त्व नभएमा त्यस पुद्गल सत्त्वको पुनर्जन्म समस्याप्रति वास्तवमा विचार गर्नुपर्ने नै छैन ।

"हे वच्छ; बुद्ध-शासनदेखि अन्य सिद्धान्त भएका परिव्राजकहरूले रूपलाई आत्मा भनी आत्मालाई रूप भनी चिन्तन, मनन र उपादान राख्दछन् । त्यसकारण तिनीहरूले सत्त्व प्राणीको मरणपछि उनी कहीं उत्पन्न हुनेछ भनेर वा मरणपछि उत्पन्न हुने छैन भनेर भन्छन् । मैले त्यसरी चिन्तन मनन र उपादान नराखेको कारणले मलाई त्यसरी भनिरहनु-पर्ने कारण नै छैन ।" (सं. नि. अब्याकतसंयुत्त–दुतियवच्छ-गोत्त परिब्बाजक सुत्त) ।

download from : https://www.dhamma.digital

यो अवश्य हो कि बुद्धवादको विचार अनुसार पुद्‌गल सत्त्व आत्मा छैन; अनित्य नाम रूप धर्मलाई मात्र समर्थन गर्नुपर्ने भएको कारणले कहाँ कसरी मानिसको पुनर्जन्मसित सम्बन्ध राखी यो वा त्यो सिद्धान्तलाई दृढताका साथ स्थावर रूपमा स्वीकार विश्वास गर्न आवश्यक होला कि ? यहाँनिर अघिल्लो खण्डमा उल्लेख गरे अनुसार भगवान् बुद्धको मूल प्रतीत्य समुत्पाद धर्म भवसंसारलाई उद्देश्य राख्ने धर्म नभएको तथ्यप्रति ख्याल राख्नु योग्य छ । पालिपिटकमा भवसंसारको विषयमा उपदेश गरेका धेरै धेरै कुराहरू समावेश भएको सही छ तर ती कुराहरू लौकिक व्यवहारद्वारा उपदेश गरेका कुराहरू भएकोले; वास्तवमा भन्ने हो भने भगवान् बुद्धले स्वीकार्नुभएको भवसंसार अन्य धर्मावलम्बीहरूले बुझेको भवसंसारसित भिन्न अभिप्राय भएको कुरा, बुद्धवादको विचार अनुसार भवसंसारप्रति उपादान आसक्ति नरहनुपर्ने कुराप्रति विशेष ख्याल राख्नु उचित देखिन्छ ।

## (ख) भवसंसार र विचारणीय तथ्यहरू

पूर्वप्रवेणीदेखि वर्तमान युगसम्म विश्वमा रहेका धेरै मानिसहरूले पुनर्जन्मलाई गम्भीर रूपमा विश्वास गरी कामना र प्रार्थना गर्ने कुरा विशेष उल्लेख गरिरहनु आवश्यक छैन । यसरी धेरै विश्वमानवहरूको सुदृढ रूपमा विश्वास गर्नु र तीव्र रूपले इच्छा राख्नु नै पुनर्जन्म सुनिश्चित रूपमा

download from : https://www.dhamma.digital

रहेको तथ्य साधक नमूना हो भनी कसै कसैले भन्छन् । वास्तवमा यो कुरा युक्तिसङ्गत छैन । विश्वमानव समूहको सुदृढ रूपमा विश्वस्त हुनु र तीव्र आशा छन्दहरू कहिलेकाहीं गलत रहेको कुरा मानवइतिहासले स्पष्ट दर्शाइसकेको छ । ती विश्वासहरू र आशाछन्दहरू नित्य र सही हुनुपर्छ भनेमा विश्व जनसंख्याको कमसेकम दुई तिहाई मानिसहरूले स्वीकारेको परमेश्वर, परमात्मा र आत्मविज्ञान छ भन्ने सिद्धान्तलाई हामीले स्वीकार्नुपर्ने हुन्छ ।

पुनर्जन्मलाई विश्वास गर्ने व्यक्तिहरूमा विश्व-इतिहासमा प्रसिद्ध राष्ट्रनेताहरू, दार्शनिकहरू, कवि, साहित्यविद्हरू र वैज्ञानिकहरू समावेश छन् । Plato, Pythagoras, Virgil, Victor Hugo, Walter Scott. Ibsen, Goethe, Longfellow, Milton, Tennyson, Benjamin Franklin, Napoleon आदि पुनर्जन्मलाई विश्वास राख्ने विश्वप्रसिद्ध व्यक्तिहरूको संख्या कम छैन । प्रसिद्ध वैज्ञानिक T. H. Hearts Lee जस्ता गम्भीर रूपमा विचार विमर्श गर्ने व्यक्तिले पुनर्जन्म सिद्धान्तलाई अभिप्राय युक्त छैन भनी तिरस्कार गरेका छन् । जर्मन दार्शनिक Schopenhauer ले एक एशियाली व्यक्तिले मलाई यूरोप महाद्वीपको विषयलाई परीक्षण र सोधपूछ गरेमा यूरोप महाद्वीपमा मानिसको अतीत जन्म छैन भनी मिथ्या धारणाप्रति आसक्ति रहेका मानिसहरू बसोबास

download from : https://www.dhamma.digital

गरेको हो भनी आफूले जवाफ दिने भएको कुरा लेखिराखेको छ ।

तर हामीले पुनर्जन्मलाई विश्वास गर्ने विश्वप्रसिद्ध प्रज्ञाविद्‌हरूलाई उल्लेख गर्नुमात्रले त्यो सिद्धान्त सही भयो भनी भन्न सकिन्न । पुनर्जन्म सिद्धान्तलाई स्वीकार्ने प्रसिद्ध व्यक्तिहरू भए जस्तै त्यो सिद्धान्तलाई तिरस्कार गर्ने प्रसिद्ध व्यक्तिहरू (उदाहरणार्थ Bertrand Russell, Somerset, Sigmund) पनि धेरै धेरै भएका कुरामा ध्यान राख्नु उचित छ । त्यसकारण पुनर्जन्मवादलाई समालोचना गर्दा त्यो सिद्धान्तलाई स्वीकार्ने अथवा तिरस्कार गर्ने व्यक्तिहरूलाई नहेरी तिनीहरूको कारण प्रदर्शनहरूलाई मात्र विचार गर्नुपर्दछ ।

फ्रेञ्च प्रज्ञाविद् Voltaire ले "मानिसको मरणपछि ऊ फेरि मानिस नै भएर जन्मन्छ भन्नु आश्चर्यजनक छैन । स्वभावधर्ममा सबै पदार्थको सधैं उत्पत्ति र विनाश हुन्छ" भनी लेखेको थियो । उदाहरणार्थ यहाँ दिन र रात, ऋतु, मौसम, संसारचक्र घुमिरहेजस्तै मानिस पनि भवसंसारचक्रमा घुमिरहेको हो भन्न लागेको जस्तो छ । स्वभावधर्ममा कारण र कार्य सधैं द्वन्दात्मक रहेको हुँदा त्यो स्वभाव धर्मले पनि भवसंसार सिद्धान्तलाई समर्थन गरिरहेको छ । सही रूपमा भन्ने हो भने भवसंसार सिद्धान्त कारण कार्यवाद वा कर्मवादसित छुट्याउन मिल्दैन । यो सिद्धान्तलाई स्वीकार्ने प्रज्ञाविद्‌हरूले बुद्धवादी नभएतापनि कर्मवादलाई विश्वास

download from : https://www.dhamma.digital

गर्दछन् ।

तर यो सिद्धान्त कर्मवादजस्तै नै वैज्ञानिक विधि-विधानद्वारा स्पष्ट देखाउन सकिने सिद्धान्त होइन । मनुष्य संसारका केही घटनाहरूलाई हामीले सन्तोषजनक रूपमा निराकरण गर्न सकेको कारणले स्वीकार र विश्वास गर्न उचित भएको सिद्धान्त मात्र हो । त्यो सिद्धान्त बाहेक अन्य विधिद्वारा स्पष्टीकरण दिन असजिलो मनुष्य जीवनका घटनाहरू धेरै प्रकारका छन् । कुनै कुनै पश्चिमेली राष्ट्रका मानिसहरूले ती घटनाहरूलाई विमर्श परामर्श गर्नुबाट भवसंसारलाई विश्वास गरेर आएका हुन् । एउटा साधक नमूना प्रदर्शन गर्नुपरेमा एउटा अग्र जले सानो छँदा मूर्ति पूजकहरूलाई घृणा गर्थ्यो । तैपनि १० वर्षको उमेरमा उनले एउटा पसलमा एउटा जापानी बुद्धमूर्ति भेट्टाउँदा त्यस मूर्तिप्रति श्रद्धा राख्न लाग्यो । अन्य खेलौनाहरू रुचाएन । उनकी सानी आमाले रोकेता पनि उनको कुरा नमानी त्यो मूर्तिलाई किनी घरमा ल्यायो । आफ्नो घरमा मूर्तिलाई राम्ररी गौरबपूर्वक राखी फूलमाला र सुगन्धित वस्तुहरूले पूजा गर्थ्यो । आफना साथीभाईहरूले जिस्क्याउँदा पनि उनले अलिकति पनि श्रद्धाचित्तलाई प्रकम्पित नगरी अन्त्यमा बुद्ध धर्मावलम्बी भएर आयो । यसरी अचम्म लाग्दो घटनालाई भवसंसार सिद्धान्त बाहेक अन्य विधिद्वारा निराकरण गर्न दुष्कर छ ।

मनुष्य–संसारका अन्य विचित्र घटनाहरू अतीत

download from : https://www.dhamma.digital

जन्मका कर्महरूको कारणले हुन्छ भनेमा अतीत जन्मलाई किन हामीले सम्झन नसकेका हौंला नि भनौं भने स्मरण ज्ञान स्कन्ध शरीरको मस्तिष्कमा स्थित रहेको हुँदा अतीत जन्म बिल्कुल नरहिसकेको पुरानो स्कन्ध शरीरसित सम्बन्धित रहेको कारणले यसलाई सम्झन नसकेको हुनसक्छ। वास्तवमा भन्ने हो भने अतीतको जन्मलाई त्यसै छाडौं; बाल्यजीवनका घटनाहरू अथवा ५–१० वर्ष बितिसकेका घटनाहरूलाई समेत हामीले कति हदसम्म सम्झन सक्छौं ? वर्तमान-जीवनका घटनाहरूलाई समेत भुलिन्छ र बिर्सन्छ भने अतीतका जन्मलाई बिर्सनु कुनै आश्चर्यको कुरा होइन ।

त्यसो भएता पनि विश्वको यत्रतत्र अतीतको जन्मलाई सम्झिन्छ भन्ने ब्यक्तिहरू समय समयमा प्रादुर्भाव भएका देखिन्छन् । पश्चिमी राष्ट्रहरूमा कुनै कुनै ब्यक्तिहरूको पहिले आफू कहिल्यै नपुगेको ठाउँमा प्रथमवार पुगी कहिल्यै नदेखेका चीजहरू आफूले देखी जानिसकेका जस्ता–मनमा प्रकट भएर आउन सक्छन् । तिनीहरूको आपना राष्ट्रहरूमा अतीतका जन्मलाई सम्झन्छौं भन्ने ब्यक्तिहरू पनि कहिलेकाहीं देखापर्न सक्ने भएकोले ती ब्यक्तिहरूको कथन निकै सही रहेको तथ्य दृढ साधक प्रमाणहरू छन् । पश्चिमी राष्ट्रका ब्यक्तिहरू प्रायशः अतीतको जन्मलाई विश्वास नगर्ने ब्यक्तिहरू भएकाले तिनीहरूका राष्ट्रका प्रज्ञाविद्‌हरू स्वयंले अध्ययन र परीक्षण गरेको "अवतारी" साधक नमूनाहरू भवसंसारलाई विश्वास गरी अध्ययन र परीक्षण गर्ने खालका कम भएका एशियाली

download from : https://www.dhamma.digital

बुद्धधर्मानुयायी राष्ट्रहरूलाई त्यस्तै त्यस्ता साधक नमूनाहरू-भन्दा बढी दिलचस्पी लाग्दो छ ।

प्रथम विश्व युद्ध हुनुभन्दा अघि चित्तविज्ञान विषय-लाई अध्ययन गर्ने एक जना फ्रेञ्च प्रज्ञाविद्ले मानिसहरूलाई निद्रावस्थामा पारी अतीत–जन्म छ वा छैन भन्ने कुराको अध्ययन गरेको थियो । निद्रावस्थामा पारिएका व्यक्तिहरूले तिनीहरूको अतीत–जन्मलाई पुनर्वार भनेका छन् भनिन्छ । तर तिनीहरूका कथनहरू कति हदसम्म सत्य छन् भनिएकोमा आद्योपान्त सुनिश्चित रूपमा परीक्षण गरेको थिएन । त्यस्तो अवस्था देखी कुनै कुनै प्रज्ञाविद्हरूले "हिप्नोटिज्म" द्वारा अतीत-जन्मको समस्यालाई अध्ययन गर्दैआएका छन् । Dr. Alexander Cannon नामक अंग्रेज मनोचि-कित्सकले पहिले पहिले अतीत–जन्मलाई विश्वास नगरेता पनि १००० भन्दा बढी मानिसहरूलाई निद्रावस्थामा पारी अध्ययन र परीक्षण गरिसकेपछि अतीत–जन्म अवश्य छ भनी विश्वास गर्न थाल्यो । १९५२ इ सं मा अमेरिकामा यस्तै प्रकारको एउटा अध्ययन र परीक्षण विषयमा लेखिएको एउटा पुस्तक[1] प्रकाशित हुँदा मानिसहरूमा निकै कोलाहल र हलचल हुन गएको थियो । त्यो पुस्तक Mrs. सिग्मोण्ड नामकी एउटी महिलालाई निद्रावस्थामा पारी अतीत–जन्मलाई परीक्षण गर्ने सम्बन्धी पुस्तक हो । मिसिज् सिग्मोण्डले आफू अतीत–जन्ममा Bridey Murphy भन्ने

1. Morey Bernstein, "The Search for Bridey Murphy".

download from : https://www.dhamma.digital

आयरलैंण्डकी महिला थिइन् भन्दा Bridey Murphy को ठाउँ आमा-बाबु र कुलवंश आदिलाई निकै पूर्ण रूपमा वताइन् । अमेरिकाको एउटा प्रेसले आयरलैण्डमा एक जना सम्वाददातालाई पठाई परीक्षण गर्दा मिसिज् सिग्मोण्डका कथनहरू निकै सत्य भएको तथ्य जान्न पाइयो । केही तथ्य-हरूसित सम्बन्ध राखेको संकेत चिह्न नभएकोले भने त्यसमा सत्य छ वा छैन थाहा पाउन सकिएन ।

निद्रावस्थामा पारी अतीत–जीवनलाई परीक्षण गर्ने विधिमा दोष छ, निरापद छैन भनी कुनै कुनै प्रज्ञाविद्हरू स्वीकार्दैनन् । अतीत जन्मलाई त्यसै त्यसै सम्झिन्छ; अथवा हिप्नोटिज्म (सम्मोहन) द्वारा उद्घाटित गर्न सकिन्छ भन्ने कथनसित सम्बन्ध राखी विचार गर्नुपर्ने के छ भने उदाहरणको रूपमा भनौं माउँ भा आफ्नो अतीत–जन्ममा माउँ फ्यू भएर आएको थियो भनी त्यो जन्मनुभन्दा अगाडि माउँ फ्यू भन्ने व्यक्ति उनले भनेका तथ्यहरू अनुरूप सुनिश्चित रूपमा रहेको थियो नै भनौं; त्यसरी रहनुबाट माउँ भाको जीवन र माउँ फ्यूको जीवन जुडिएको रहेन छ कि भन्ने प्रश्न उठ्न सक्छ । यदि माउँ भा र माउँ फ्यूहरू कर्मवाद अनुसार रूप लावण्य, अङ्ग प्रत्यङ्ग, प्रज्ञा ज्ञान, मनोभावना र चरित्र आदि कर्मशक्तिहरू निकै हदसम्म एकैनास हुन्छ भने भव परस्पर सम्बन्धित छ भन्ने कथन बढी युक्ति प्रमाण युक्त हुनेछ । त्यसरी कर्मशक्ति एक समान रहेकोलाई देखाउने अवतारी साधक नमूनाहरू हामीले कमै मात्र देखेका छौं ।

download from : https://www.dhamma.digital

चित्तविज्ञानको विषयलाई अध्ययन परीक्षण गर्ने कुनै कुनै पश्चिमी राष्ट्रका मानिसहरूले त मरिसकेको कुनै एक व्यक्तिको जीवनलाई अन्य एक व्यक्तिले सम्झन सक्नु जस्तो कुरा भव परस्पर सम्बन्धित रहेको कारणले नभई त्यस मरेको व्यक्तिको विज्ञानको प्रयोग (कारण) ले भएको हो भन्छन् ।

यहाँनिर पुनर्जन्म सम्बन्धी समस्यासित सम्पर्क राखी चित्तविज्ञानको विषयलाई अध्ययन गर्ने पश्चिमी राष्ट्रका अन्वेषक प्रज्ञाविद्हरूको विचारधारा उल्लेख गरिन्छ । पश्चिमी राष्ट्रहरूमा चित्तविज्ञानको विषयलाई गहिरिएर ठोस रूपमा अध्ययन परीक्षण गरी अनुसन्धान गर्ने सभा–सङ्गठनहरू एवं प्रज्ञाविद्हरू छन् । ती प्रज्ञाविद्हरूको अनुसन्धानकार्य अनुसार मरिसकेको व्यक्तिले प्रकट रूपमा शरीर देखाउने र मरेकोसित सम्पर्क राख्ने आदि क्रियाकलाप-हरू सुनिश्चित रूपमा कारण सहितको युक्ति प्रमाण रहेको बुझिन्छ । अर्को शब्दमा भन्ने हो भने रूप धर्म सबै क्षेत्रमा प्रमुख नभएको तथ्य मानिस मरिसकेपछि निरर्थक नभई केही न केही अवशेष रहेको तथ्यद्वारा स्पष्ट भएको छ ।

मानिस मृत्युपछि निरर्थक नभएको तथ्य ती प्रज्ञाविद्हरूद्वारा फेला पारिएका साधक प्रमाणहरू सुदृढ रहेको स्थितिलाई Bertrand Russell ले, 'चित्तविज्ञान अनुसन्धानकर्ताहरूले मानिस मरिसकेर केही अवशेष रहेको तथ्यलाई वैज्ञानिक विधिअनुरूप साधक प्रमाणहरू भेट्टाइ-

download from : https://www.dhamma.digital

राखेका छन् भनिन्छ। तिनीहरूको अध्ययन परीक्षण पद्धति वैज्ञानिक तौर तरीकाले सही भएको तथ्य निराशङ्कित छ। तिनीहरूको युक्ति साधक प्रमाणहरू वैज्ञानिक विधिलाई स्वीकार्नेहरूले समेत नकार्न नसक्ने गरी सुदृढ र ठोस रहेमा नै यो रहन सकिने छ"[1] आदि भनी समर्थन गरिराखेको छ। यहाँ Bertrand Russell पुनर्जन्मलाई नकार्ने रूपवादी (भौतिकवादी) भएको कुराको ख्याल राख्नु योग्य छ।

त्यसरी चित्तविज्ञान अनुसन्धानकर्ता प्रज्ञाविद्हरूले मानिस मरेर भव विच्छेद हुनु नभई केही अवशेष रहन्छ भनी एकै स्वरमा स्वीकार र विश्वास गरेता पनि पुनर्जन्म जस्तो समस्यासित सम्बन्ध राख्दा भने यो सिद्धान्तमा विभेद देखिन्छ। कोहीले पुनर्जन्म छैन भनी धारणा राख्छन् भने कोही छ भनी धारणा राख्छन्। कुनै कुनैले त छ वा छैन भनी कुनै निश्चित धारणा नलिई यस विषयमा अध्ययन परीक्षण गरिरहेका छन्।

एउटा विशेषता के छ भने मरेकाहरूमा विज्ञानसित सम्पर्क जोडी परीक्षण गर्दा "मृतक" हरूमा पनि विचारधारा र सिद्धान्तमा फरक पाइएको कुरा बताइएका छन्। मृतकहरूसित सम्पर्क जोड्ने गरिन्छ भन्ने कुरामा बर्मा (म्यान्मा:) मा "माता"[2] हरूलाई देव साधना गराइने जस्ता

1. Bertrand Russell, "Why I am not a Christian and other essays", P. 41.
2. Medium.

download from : https://www.dhamma.digital

उदाहरण लिन सकिन्छ ।[१] त्यसरी माताहरूमार्फत् मृतकहरूसँग पुनर्जन्म विषयको समस्या विषयमा सोधपूछ गर्दा कुनैले पुनर्जन्म छ र कुनैले पुनर्जन्म छैन भनी बताएका छन् पनि भन्छन् कुनैले त स्पष्ट जवाफ दिन नसकी अन्योलमा परिराखेका कुरा पनि बताएका छन् भन्ने बुझिन्छ ।[२]

बर्मेली बुद्धवादीहरू मृतकले शरीर प्रकट गरिदेखाउने र कुनै जीवित व्यक्तिमा प्रवेश गर्ने आदि कुराहरू परलोक छ भन्ने कुराको साक्षी प्रमाणहरू हुन् भनी विश्वास गर्छन् । पश्चिमेली प्रज्ञाविद्हरू भने यस्ता धारणा राख्दैनन् । तिनीहरूको विचार अनुसार ती आकार प्रकारहरू मानिस मरेपछि त्यसको केही अवशेष रहिरहन्छ भन्ने धारणाको निमित्त सहयोगी साधनसम्म हुन सक्दछ । उपर्युक्त कुरा पुनर्जन्मको निमित्त ठोस प्रमाणहरू हुन् भनेर भने भन्न सकिन्न । एकजना प्रज्ञाविद्ले भनेका छन्– "कुनै एक व्यक्ति भनेको रूपधर्म र नामधर्म जोडिराख्नु हो । त्यसलाई नामधर्म स्कन्ध शरीरसित अलग्ग भएको व्यक्ति हो भन्न सकिंदैन । चित्तविज्ञानका अनुसन्धानकर्ताहरूले फेला पारेको भनिएको मृतक-व्यक्ति त्यसको नामधर्म र माताको स्कन्ध शरीरसँग जोडिराखेको अस्थायी नक्कली व्यक्ति मात्र हो ।[३]

---

१. "विज्ञानले समाधान गर्न नसक्ने समस्याहरू", म्यावदी, अप्रैल–१९५७ ।

.2 De Witt Miller, "Reincarnation", PP. 89–92.

3. Aldous Huxley, "The Perennial Philosophy", P. 222.

download from : https://www.dhamma.digital

कुनै कुनै पश्चिमेली प्रज्ञाविद्हरूले आत्मविज्ञानलाई अस्वीकार गरी नामधर्म र रूपधर्म परस्परमा सम्बन्धित छन् भनी विश्वास गरिराखेको कारणले नै परलोक अथवा पुनर्जन्मलाई तिरस्कार गर्ने गर्छन् । तिनीहरूले देखाएका कारण ग्रीक दार्शनिक Plato को एउटा ग्रन्थमा उल्लिखित एउटा उच्छेदवादीको प्रदर्शित कारणसित मिल्न आउँछ । त्यस उच्छेदवादीले मानिसहरूको मनोभावना प्रभावशाली हुने स्थिति विशिष्ट र विचित्र भई अचम्मलाग्दो भएको कुरा उनले जाने बुझेको छ भनिन्छ । तर मनोभावनाको प्रभावशालिता गम्भीर, विचित्र र अचम्म लाग्नु पुनर्जन्म हुनुको साधकप्रमाण हो भनी विश्वास गर्न गाह्रै छ । उदाहरणार्थ– वीणावादन गर्दा प्रादुर्भाव भएर आउने वीणा शब्द विचित्र भई अचम्मलाग्दो हुन्छ । वीणाको शब्दलाई वीणासित तुलना गर्न मिल्दैन । किनकि त्यो शब्द वीणा भन्दा बढी ठोस र सारयुक्त छ । शब्दलाई आँखाले देख्न सकिंदैन । हातले परीक्षण गर्न नमिलेता पनि त्यसको विशिष्ट र विचित्र अर्थ रहिरहन्छ । वीणा र वीणाका तारहरू मानिसको स्कन्ध शरीर जस्तै नै रूप वस्तु हुन् । तर वीणा बिग्रिने अवस्थामा अचम्मलाग्दो वीणा शब्द पनि शून्य भएर जानुपर्दछ । त्यो शब्द वीणाको रूप वस्तुहरूभन्दा पनि द्रुत रूपले लोप भएर जानु पर्दछ । त्यसरी मानिसको नामधर्म रूपधर्म माथि आधारित भई रूपधर्म निरोध र शान्त हुने बित्तिकै एकसाथमै त्यो पनि निरवशेष रूपमा निरोध र शान्त

download from : https://www.dhamma.digital

भएर फेरि प्रादुर्भाव हुन सक्ने छैन भन्ने कुरालाई अगाडि सारेर पुनर्जन्मवादलाई प्रतिरोध गरेको छ ।

यसरी रूपवादीहरू परलोकलाई तिरस्कार गर्छन् । तिनीहरूले देखाएका कारण विचारणीय भने छ । परलोक नभएको तथ्यको प्रमाण भने पाइएको छैन । वास्तवमा भन्ने हो भने परलोकको समस्यालाई पूर्ण वैज्ञानिक ढङ्गमा सुनिश्चित र स्पष्ट रूपमा निर्णय गर्न सजिलो छैन । यस तथ्यसित सम्बन्ध राखी प्रख्यात मनोवैज्ञानिक एवं दार्शनिक C. G. Jung ले निम्न अनुसार लेखेका छन् ।

"एक व्यक्ति वा सत्त्वको मरण हुँदा के हुन्छ भन्ने कुरा हामीले जान्न सक्तैनौं । परलोक छ वा छैन भनी झवाट्ट जवाफ दिने कुरा हुन सक्तैन । त्यसरी जवाफ दिनलाई वैज्ञानिक विधि अनुसारको ठोस प्रमाण पाइएको छैन । तसर्थ त्यो समस्यालाई सोधपूछ गर्नु मङ्गलग्रहमाथि मनुष्य प्राणी छ छैन भनी सोध्नु जस्तै हुन्छ । मङ्गलग्रहमा सत्त्वप्राणीहरू छन् नै भनौं भने पनि मङ्गलग्रहका प्राणीहरूले मनुष्यलोकमा त्यस्ता मानिस छन् छैनन् भन्ने समस्यातिर तिनीहरूले ध्यान दिइरहेका हुँदैनन् । मङ्गलग्रह कोही नभएको ग्रह भएमा ती कुरा हुनसक्नेछ । मानिसको परलोकसित सम्बन्ध रहेर पनि हामीले त्यस्तै भाव राखी त्यो समस्यालाई मात्र उपेक्षाभाव राख्नुपर्ने हुन्छ ।"[१]

---

1. C. G. Jung, "Modern Man in Search of a Soul", P. 128.

download from : https://www.dhamma.digital

त्यसकारण कुनै कुनै पश्चिमी प्रज्ञाविद्हरूले परलोक छ वा छैन भन्ने दुबै सिद्धान्त वा वादलाई अस्वीकार गरी त्यस समस्याको सम्बन्धमा थाहा पाउन सकिन्न भनेका छन् तापनि विश्वका धेरैजसो मानवहरूले प्राचीन प्रवेणीदेखि आजसम्म परलोक वा पुनर्जन्मप्रति दृढ रूपमा विश्वास गरेका छन् । पश्चिमी राष्ट्रहरूमा प्राचीन क्रिश्चियन गणिकहरूले परलोकलाई स्वीकारी त्यो वाद ई.सं. ५५३ मा क्वन्स्टायन्टीनोपल शहरमा मनाएको क्रिश्चियन काउन्सलले तिरस्कार गर्दा मात्र क्रिश्चियन धर्ममा यो कुराको लोप भएर गयो भनी भन्दछन् । अहिले त एशियाली धार्मिकवादहरूसँग फेरि प्रादुर्भाव भई परलोकलाई विश्वास गर्ने पश्चिमी नागरिकहरू अघिभन्दा बृद्धि भएर आएको कारण थाहा पाइएको छ ।

विश्वमा त्यसरी फैलिरहेको परलोकलाई विश्वास गर्नुले मानिसहरूलाई कसरी लाभ पुऱ्याइराखेको छ त भनी विचार गर्नु योग्य छ ।

त्यस विश्वासको कारणले मानिसहरू नराम्रो कामबाट विरत भई राम्रो काम गर्ने हुन्छन् भनी कसै कसैले भन्छन् । यो कुरा मनोवृत्ति र प्रज्ञाज्ञान अपरिपक्व भएका मानिसहरूको निमित्त सही होला । भगवान् बुद्धले त्यस प्रकारको पृथग्जन सत्त्वलाई उद्देश्य गरी परलोक नभए पनि छ भनेर विश्वास गर्नुद्वारा हित र अर्थ उत्पत्ति हुन सक्छ भनी उपदेश गर्नुभएको हो । प्लेटोले कुनै कुनै किंवदन्ती र कथोपकथनहरूले मानिसहरूलाई हित गर्छ भनेका छन् ।

download from : https://www.dhamma.digital

फ्रेञ्च प्रज्ञाविद् वोल्टेयरले परमेश्वर यद्यपि छैन तापनि मनुष्यप्राणीहरूको हितको निमित्त परमेश्वरप्रति विश्वास गर्नु जस्तोलाई सृजना गरिराख्न लगाउनु आवश्यक छ भनेका छन् । त्यस्तै परलोक होस् वा नहोस्; छ भन्ने सिद्धान्त अपरिपक्व मानिसहरूको लागि चरित्र निर्माण गर्न सहयोग पुऱ्याउने कुरामा भने शंकै छैन ।

हुन त परलोकलाई विश्वास गर्नु मानिसहरूमा शीलाचरणले सम्पन्न गराउने एउटै मात्र कारण होइन । किनकि परलोकलाई विश्वास गर्ने मानिसहरू पनि शीलाचरणबाट भ्रष्ट भएका पनि छन् । परलोकमा विश्वास नगर्ने कोही कोही मानिसहरू राम्रो शीलाचरणलाई आधार बनाई परलोकको कुरा स्पष्ट पार्छन् । इङ्गलैण्ड निवासीहरूको इतिहासलाई आधार बनाई हेरियो भने पनि परलोकलाई विश्वास गर्ने मानिसहरूको शीलाचरण धर्ममा सच्याउन सकिन्छ भन्नु मुश्किल छ । कारण पुराना अंग्रेजहरू मात्र स्वर्ग र नरकलाई विश्वास गर्ने छन् भने आजकाल त त्यस्तो परलोकमा विश्वास राख्ने ब्यक्तिहरू इङ्गलैण्डमा धेरै देखापर्दैनन् । वास्तवमा भन्ने हो भने आधुनिक अंग्रेज कुलपुत्रहरू पुराना मानिसहरूभन्दा कोमल हृदय र मन भएका देखिन्छन् ।[१] मानिसहरूको शीलाचरण धर्मलाई सच्याइने कारण धर्महरू प्रशस्त मात्रामा भएकोमध्ये सबभन्दा महत्त्वपूर्ण धर्म प्रज्ञाज्ञान हो मानिसले प्रज्ञाज्ञानले परिपक्व भएर आउने अवस्थामा

१. "जङ्गलीपनबाट सभ्यतातिर" म्यावर्दी, डिसेम्बर १९५६ ।

download from : https://www.dhamma.digital

शीलाचरण राम्रो तुल्याउनुको नाताले परलोकलाई विश्वास गर्नु आवश्यक छैन । किनभने त्यस अवस्थामा परलोकमा आफूले अनुभव गर्ने र भोग्नुपर्ने कुशल प्रतिफल एवं अकुशल दोषलाई चिन्तन नगरी वर्तमानको प्रत्यक्ष जीवनमा आफ्नो एवं अरूको हितार्थ अनि मनुष्य-संसारकै हितार्थ धर्मानुकूल आचरण र चिन्तन मनन गर्ने छन् । जस्तै– केही नजान्ने नबुझ्ने बालकले ठूलाबडा आमाबाबुहरूले दिने दण्ड अपराध-देखि डराई वा लाभ उपहारको आशा राखी ज्ञानी बन्न पुग्छ । ठूलो भएर प्रज्ञा–बहुश्रुतले परिपूर्ण हुँदा भने अरूको डर धम्की वा प्रलोभनमा नपरी आफ्नो चित्तलाई आफैले अनुशासन गरी स्वभावतः राम्रो मानिसमा गनिने भएर आउने झैं नै हो ।

त्यसकारण शीलाचरणको निमित्त परलोक सिद्धान्तको आवश्यकता वा अनावश्यकताबाट प्रभावित हुनु मानिसको प्रज्ञाज्ञानको श्रेणीमाथि आधारित हुने हुन्छ । वास्तवमा त्यस प्रकारको सिद्धान्तले मानिसहरूलाई अनर्थ र अहित गराउँदैन । अनर्थ र अहित गर्ने विषय त परलोकलाई बढाई चढाई त्यसमाथि आसक्त हुनु हो । यस कुराको तथ्य परलोक-माथि आसक्ति राख्ने कुनै कुनै बर्मेली बुद्धवादीहरूको क्रियाकलाप एवं चिन्तन मननद्वारा स्पष्ट हुन्छ ।

आफ्नो लागि परलोक सपार्ने हेतुले मात्र दान प्रदान गर्ने बुद्धवादीले प्रतिग्राहकको आचरणप्रति निरीक्षण र परीक्षण गर्ने गर्दैन । साँच्चै त यस विषयमा चेतनामात्र नै

download from : https://www.dhamma.digital

महत्त्वपूर्ण मानिन्छ । परोपकारी चेतनाले दिइएको दान भविष्य उज्ज्वलको लागि बीज हुन सकिन्छ । भवभोगको निमित्त सम्पत्ति स्याहार्न सकिन्छ भन्ने कामना लिई प्रज्ञाज्ञान विहीन श्रद्धाधर्मद्वारा दान प्रदान गर्ने पनि छन् । शीलाचरण-को क्षेत्रमा त्यस्ता बुद्धवादीको दृष्टि संकीर्ण छ । कोही मानिस अपराध गरिएको हुने हो कि भन्ने डरले प्राणीमात्रको हित हुने क्रियाहरू (जस्तो कि स–साना उपियाँहरू र मुसाहरूलाई सखाप पार्ने, पुलिसलाई सहयोग गरी चोर बदमासहरूलाई दमन गर्ने) लाई उपेक्षा गरी बस्ने हुन्छ । त्यस्ता बुद्धवादी कर्मस्थान–भावनायुक्त उद्योग र अभ्यासको बृद्धि गर्दा पनि परलोकको हितको आकांक्षा राखी उद्योग र अभ्यासको बृद्धि गर्छन् र यदाकदा वा बारबारै पनि आफ्नो चित्तलाई आफैले धोखा दिएर बस्छ । त्यस्ता व्यक्ति आफ्नो भावनात्मक कार्यद्वारा हुने सफलतालाई प्रत्यक्ष फलधर्मद्वारा नाप्ने निर्णय नगरी कल्पना र प्रत्याशाद्वारा आफ्नो तर्कलाई ठीक सम्झेर रहने हुन्छ । कोही भावनायुक्त कार्यद्वारा वर्तमान जीवनमा मानसिक शान्ति नपाए पनि त्यस कार्यको कारणले आफूमा राम्रो पुनर्जन्म मिली अपायद्वार बन्द भयो भनी आश्वस्त र सन्तुष्ट भई बस्ने पनि छन् । उमेर ढल्किँदै जाँदा सांसारिक हित र अर्थपूर्ण क्रियाकलापहरूमा लागिरहनुपर्ने कारणले मनुष्य जीवनको लागि अर्थपूर्ण र हित हुने क्रियाकलापहरू स्वतन्त्र र स्वछन्द रूपमा गर्न सकिने हुँदैन ।

परलोकप्रति विश्वास गर्नु र त्यसमाथि आसक्त रहनु

download from : https://www.dhamma.digital

सबै धर्मको प्राथमिक लक्ष्य यस्तै भएको छ। त्यसप्रकारको विश्वास र आसक्ति नभएमा मानिसहरूले धर्म भन्ने वस्तुलाई तिलाञ्जली दिनेछन् भन्ने पनि कसै कसैमा धारणा छ। यो कुरा बुद्धवादीको निमित्त सही छैन। बुद्धवादले परलोकको अर्थहितलाई प्रत्याशा राख्ने खालको शीलाचरणलाई प्रोत्साहन नदिई मनोभावना परिपक्वताको निमित्त प्रज्ञाज्ञानमाथि आधार लिएको शीललाई प्रगाढ रूपमा उपदेश गर्दछ र भविष्यको प्रतीक्षा नगरी वर्तमान जीवनमा उत्पन्न हुने दृष्टधर्मिक प्रतिफललाई महत्त्व दिन्छ तथा परलोकलाई तिरस्कार नगरे पनि त्यसले आसक्ति नराख्न विशेष होश दिन्छ।

परलोकप्रति विश्वास गर्नु निर्दोष भए पनि परलोक-प्रतिको आसक्ति उपादान भने मनुष्य-जीवनलाई निरर्थक तुल्याई धर्म भनेको मानिसहरूको निमित्त अफिम हो भन्ने साम्यवादीहरूको आरोपलाई टेवा वा अनुबल दिएको जस्तो देखिन्छ। वास्तवमा भन्ने हो भने त्यो आसक्ति उपादान मानिसहरूको लौकिक र लोकोत्तर अर्थ हितलाई हानी वा अन्तराय गर्ने चार उपादान अन्तर्गत भएको एक प्रकारको दृष्टि-उपादान हो। यो दृष्टि-उपादानले किन मानिसहरूलाई दृढ रूपमा बाँधिराख्न सकिएको हो भनी विचार गर्नु योग्य छ।

संसारमा राम्रो वा नराम्रो कामको दृष्टान्तयुक्त प्रत्यक्ष परिणाम देख्न गाह्रो छ। कोही कोही दुष्ट

download from : https://www.dhamma.digital

दुराचारीहरू समुन्नत भई कोही कोही साधु सन्तहरूले शारीरिक एवं मानसिक दुःख झेलिरहनु पर्नु मनुष्य जीवन के हो भन्ने प्रष्टिएको स्थिति हो । मानिसहरूले त्यस प्रतिकूल परिस्थितिको दृष्टान्त प्रत्यक्ष वर्तमान कारण धर्महरूलाई होश नराखी सब्बपुब्बेकतहेतु (सर्व पूर्वकृत हेतु) सिद्धान्तद्वारा समाधान खोज्ने गर्छन् । तसर्थ सब्बपुब्बेकतवादसित सम्बद्ध रहेको अतीतको जन्मप्रतिको आसक्ति प्रादुर्भाव भएर आउँछ । अतीत–जीवनप्रति आसक्त भएको व्यक्ति परलोकप्रति पनि आसक्त नै हुने हुन्छ । किनभने उसको दृष्टि अनुरूप परलोकले मात्र मनुष्य जीवनको प्रतिकूल परिस्थितिलाई सच्याउने छ ।

परलोकप्रतिको आसक्ति त्यसरी कर्मनियामसित सम्बन्ध राखी गलत धारणा हुनु[1] अर्थात् शाश्वतदृष्टिको कारणले प्रादुर्भाव भएर आएको आसक्ति हो । शाश्वतदृष्टि आत्मदृष्टिसित सम्बद्ध दृष्टि भएकोले परलोकप्रतिको आसक्ति प्रमुखतया आत्मदृष्टिमा आधारित भएको छ । वास्तवमा मानिसहरूले परलोकप्रति जतिसुकै आसक्ति राखेता पनि आत्मदृष्टिसँग प्रतिपक्ष भएको जस्तो परलोकलाई भने चाहना गर्ने छैन । यो कुरा यहाँ स्पष्ट गरिन्छ ।

यदि कुनै एक व्यक्ति प्राण पखेरु नउडी कुनै एक कारणले आफू को हो; आफ्ना स्वास्नी छोराछोरी र साथी भाईहरू को को हुन् भन्ने कुरालाई बिल्कुलै बिर्स्यो भनौं,

---

१. यो विषयलाई "कर्मशक्ति र कर्मवाद" खण्डमा विस्तृत उल्लेख गरिनेछ ।

download from : https://www.dhamma.digital

त्यस व्यक्तिले त्यसरी आफ्नो जीवनलाई बिर्सिसकेपछि आफ्नो चित्त अझ बढी सुख पाएको परिस्थितितिर परिवर्तन भएर समृद्ध हुँदै आयो भने पनि त्यो परिवर्तित भएको जस्तो अर्को जीवनप्रति आसक्ति र चाहना राख्ने व्यक्तिहरू अत्यल्प हुनेछन् । यथार्थमा १० जना मानिसमध्येमा ९ जनाले त्यसप्रकारको जीवनप्रति चाहना राख्ने छैनन् । त्यसरी चाहना नहुनु आत्मदृष्टिको कारणले हो । आत्मउपादान म-मेरो सम्पत्ति भनी सम्झिराख्नु माथि आधारित छ । आत्मवादीले आत्म-उपादानको पृष्ठभूमि (सम्झनाराख्नु) रहित भएको जस्तो जीवनप्रति कसरी आसक्त हुनेहुन्छ ?

त्यसो भए अतीत-जन्मलाई बिल्कुल जान्न नसकिने र सम्झन नसकिने परलोकप्रति किन आसक्त भइरहेका हुन्छन् ? भनौं, मानिसको मृत्युपछि नाम रूपस्कन्ध निरोध र शान्त हुन्छ । नामरूप निरोध र शान्त भएपछि पछिल्लो अवस्थामा आत्मवादीले परलोक सिद्धान्तलाई भरोसा लिनुपर्दछ । पुनर्जन्ममा अतीत-जन्मलाई बिल्कुल भुलिसकेको छ नै भनौं भने आत्मदृष्टिको निमित्त परलोक पुनर्जन्मवादभन्दा अन्य भरोसा हुने छैन । त्यसो भएर पनि आत्मवादीले मरेर श्वेत भएर जन्मिदा श्याम र श्वेतमा कारण र कार्य सम्बन्ध रहनुमात्र हो भन्ने बुद्धवादलाई स्वीकार्न नसकी श्याम-श्वेत नै हो भनी दृढतापूर्वक सम्झी त्यसमाथि आसक्त भइरहेको हुन्छ । श्वेत अतीत-जन्मको अवश्यमेव श्याम नै हो भनी दृढताकासाथ आस्था र विश्वास राख्ने व्यक्तिहरूले एउटा

download from : https://www.dhamma.digital

दियोमा पहिलो रातको शुरूको दियो र मध्यरातको दियो एउटै रहेको र सानो विद्यार्थी रूपबाट बूढो श्याम रूपमा पुगेकाहरूलाई उदाहरण देखाउँछन् । ती उदाहरणहरूले आत्म नभइकन नै भवसंसार (परलोक) रहेको कुराको प्रकट हुने त अवश्य हो । धेरै मानिसले प्रार्थना गर्ने र चाहना राख्ने परलोक र पुनर्जन्म छ भन्ने कारणलाई सहयोग पुऱ्याउने उदाहरणहरू हुन् भनी भन्न सकिन्न ।

अनात्मवाद अनुसार श्याम परमार्थको हिसाबले सानो श्याम होइन; लौकिक र व्यावहारिक कथन अनुसार त श्याम कालो सानो श्याम नै हो भन्नुपर्दछ । यसो भन्नुमा कारण छ । श्री श्याम सानो श्यामलाई कारण गरी प्रादुर्भाव भएर आएको हो । सानो श्यामदेखि श्री श्यामसम्म उत्पन्न भएर आएको नामरूप स्कन्ध क्रम नदीको पानीको प्रवाहजस्तै लगातार रहेको छ । श्री श्याम सानो श्यामसँग फरक परेता पनि मोटामोटी तौरबाट समानता रहेका तथ्यहरू थुप्रै छन् । यसरी कारण फल सम्बन्धित रहिरहनु स्कन्धक्रम नटुट्नुद्वारा समानता रहेका तथ्यहरू थुप्रै रहिरहनुको कारणले श्री श्याम सानो उमेरदेखि बढेर आएको श्याम हो भनी सम्झनुपरेको हो ।

श्री श्यामको मरणपछि श्वेत भएर आएकोमा त उपर्युक्त अंगहरू पूर्ण रूपमा प्रकट भएको छैन । श्वेत श्री श्यामको भवतृष्णाको कारणले गर्दा उत्पन्न भएर आई श्री श्यामको कर्मशक्तिले मरम्मत र प्रबन्ध मिलाएकोलाई

download from : https://www.dhamma.digital

भोग्न पर्नु सही छ। तर उसको जीवनको परिस्थिति वर्तमान क्रियाकलाप वरिपरिको वातावरण कारणधर्महरूमाथि निर्के आधारित छ। रूपस्कन्ध भनेको छुट्टिन्छ। अतीत–जन्मको कर्मशक्तिको कारणले समान रहेका तथ्यहरू छन् नै भनौं कि नयाँ जीवनको स्थिति अनुसार विभेद भएका तथ्यहरू समान रूपका तथ्यहरूभन्दा धेरै वजनदार हुन सक्ने छन्। त्यसकारण लौकिक व्यवहार अनुरूप (वा) सम्मुति सत्यको क्षेत्रमा नै श्वेत अतीत–जन्मको श्री श्याम हो भन्नु मुश्किल छ। श्री श्यामको कारणले प्रादुर्भाव भएर आएको अन्य ब्यक्ति हो भनेमा बढी सत्यता रहन सक्नेछ।

श्वेत श्री श्याम हो भन्न गाह्रो भएमा श्वेत मरिसकेपछि प्रादुर्भाव भएर आएको पीत अनि पीत मरिसकेपछि प्रादुर्भाव भएर आएको श्याम आदि श्री श्यामको सांसारिक वंश परम्पराहरू श्री श्याम नै हो भन्न अरू मुश्किल छ। वास्तवमा भन्ने हो भने एक ब्यक्तिको सांसारिक वंश परम्परा उसका छोराछोरी नाति पनाति आदि जाति वंश परम्परासित बिल्कुल एकसमान छ। एक ब्यक्तिका छोराछोरीहरू त्यस ब्यक्तिको जाति कुल वंश बीज र उसले गरेका क्रियाकलापहरूको राम्रो प्रतिफल र नराम्रो अवगुण भोग्नु परे जस्तै उसको परलोक र पुनर्जन्ममा प्रादुर्भाव भएर आएको ब्यक्तिले उसको कर्मशक्तिलाई भोग्नुपर्दछ। छोराछोरीहरू ऊ सित निर्के समान हुनेछन्। नाति पनाति आदिहरू त ऊ सित वंश सम्बन्ध टाढा पर्दै गए जति, उसको बीज शक्ति र उसले

download from : https://www.dhamma.digital

गरेका क्रियाकलापहरूको प्रतिफललाई भोग्नुपर्ने स्थिति कर्म हुँदै जाने भएकोले पाँच, छ पुस्ता जति फरक परिसकेको व्यक्ति ऊ सित बिल्कुल एकसमान देखिनेछैन । त्यस्तै उसको सांसारिक वंश परम्पराहरू ऊ सित जन्मपरम्परा टाढा पर्दै गए जति, ऊ सित झन झन फरक पर्दै गई तिनीहरूलाई ऊ नै हो भनी सम्झन निकै मुश्किल पर्छ ।

उपर्युक्त तथ्यहरूको कारणले कुनै पनि सत्त्व प्राणी उनको मरणपछि उत्पन्न हुन्छ वा हुँदैन भन्ने समस्यासित सम्बन्ध राखी भगवान् बुद्धले कुनै रूपमा पनि जवाफ नदिई मौन रहनुभएको हुनसक्छ । त्यसकारण नै पश्चिमी राष्ट्रहरूमा चित्तविज्ञानका अन्वेषकहरूले मानिस मरिसकेपछि कुनै पदार्थ अवशेष रहेको कुरा साधक साक्षी प्रमाण ठोस रूपमा देखाइएता पनि प्रज्ञाविद्हरूले पुनर्जन्म वा परलोक-वादलाई स्वीकार्न नचाहेका हुन् । एकजना प्रज्ञाविद्को निम्न कुरा विचारणीय छ ।

"यदि Joan June मरणोपरान्त निरन्तर स्थिर रहिरहेको छ भनेमा उसको चित्तक्रम नटुटी उसको परलोकका अनुभूतिहरूलाई मरम्मत र निर्माण गर्नुपर्नेछ । त्यसरी मरम्मत र निर्माण गर्न सक्नुको निमित्त उसले अतीत जन्म-बाट घटेका घटनाहरूलाई सम्झिरहनुपर्नेछ । तर अतीत-जन्मलाई सम्झनुले परलोक सिद्धान्तलाई टेवा र मद्दत मिल्नु सही भएता पनि त्यसरी सम्झिनुमात्रले परलोक छ भनी भन्न सकिन्न । संज्ञा र वेदना आदि नामस्कन्धहरूको निरन्तर

download from : https://www.dhamma.digital

क्रमिक रूपमा उत्पन्न भइरहनु नरही जाति स्मरण ज्ञानमात्र प्रादुर्भाव भएमा Joan June को नामस्कन्धबाट केही अंश फेरि पनि निरन्तर विद्यमान रहेको छ भनेर मात्र भन्न सकिन्छ । Joan June निरन्तर विद्यमान छ भनेर त भन्न सकिन्न ।"[१]

बुद्ध अरहन्त आदि आर्य पुद्गलहरूले जातिस्मरण ज्ञानद्वारा अतीत–जन्महरूलाई सम्भन्छन् भन्नुमा उपर्युक्त तथ्यलाई राम्ररी जाने देखेका हुनेछन् । जातिस्मरण ज्ञान लाभ भएका भनिने पश्चिमी राष्ट्रकी एकजना महिलाले पनि त्यस तथ्यलाई बुझेकी जस्तो छ । तिनले अतीत–जन्महरूलाई राम्ररी सम्झेता पनि तिनको धारणा अन्य "अवतारी" हरूको धारणासित भिन्न छ ।

"जून र तीकीत (जून अतीत–जन्महरू याद भएकी महिला हुन् । तीकीत तिनको अतीत–जन्मको व्यक्ति हो) एउटै व्यक्ति होइन । Theosophy र अन्य धर्मसिद्धान्तहरूले बुझेको जस्तो भवसंसारलाई पनि म विश्वास गर्दिन । जून र तीकीत; केरोला, रेड इण्डियन पुरुष; ग्रीक पुरुष र फ्रेञ्च महिला (तीकीत र अन्य व्यक्तिहरू तिनकी अतीत–जन्मका व्यक्तिहरू हुन् ।) अलग्ग अलग्ग व्यक्ति अलग्ग अलग्ग नामरूप हुन् । जून र तीकीतहरू एउटै जपमालामा गाभिएका

1. C. D. Broad, "The Mind and its place in Nature", P. 539.

download from : https://www.dhamma.digital

दुइवटा जपगेडा समान भई तिनीहरू दुबैमा रहेको स्मरण ज्ञान जपमालाको डोरीमा गाभिएको छ।"[1]

श्याम भाईको परलोक जीवनमा प्रादुर्भाव भएर आएको श्वेत भाई अन्य ब्यक्ति हो भन्नुले उच्छेदवादतिर अवतरण भएन र ? भनि सोधेमा; श्याम भाई मरिसकेपछि निरर्थक भएर; श्याम भाईको कारणले श्वेत भाई भएर आएकोले त्यो वाद उच्छेदवाद होइन। परलोक–जीवनमा अलग्ग ब्यक्ति भएको श्वेत भाईको निमित्त किन श्याम भाईले कुशलकर्म गर्नुपऱ्यो नि त ? भनौं। मानिसहरूले आफ्नो कारणले उत्पन्न भएका छोराछोरीहरूको अर्थ र हितलाई वहन गर्न कर्तब्य रहे अनुसार आफ्नो कारणले उत्पन्न भएको परलोक–जीवनका ब्यक्तिहरूको अर्थ र हितलाई वहन गर्न कर्तब्य र अभिभार रहेको तथ्य स्पष्ट छ।

यो तथ्यसितको सम्बन्धमा Mrs. Rhys Davids को निम्न कथनहरू मननीय छन्। ती कथनहरू अनात्मवादलाई बुद्धवादको रूपमा समर्थन गरिरहेको बेलामा Mrs. Rhys Davids ले लेखेकी पुस्तकबाट उद्धृत कथनहरू भएको तथ्यप्रति ख्याल राख्नु योग्य छ।

"बुद्धवादको मतानुसार एक सत्त्व प्राणी र उसका क्रियाकलापहरू बच्चा र आमा बाबुहरू बीचको सम्बन्ध जस्तै सम्बद्ध रहेका छन्। बच्चाको जीवन स्थिति आमाबाबुहरू-माथि आधारित रहे जस्तै मनुष्य प्राणीको जीवनस्थिति

1. Joan Grant, "Time out of Mind", P. 247.

download from : https://www.dhamma.digital

उसको अतीत कर्ममाथि निर्भर रहेको छ। आमाबाबुहरूले बालबच्चालाई मरम्मत र निर्माण गरे जस्तै मानिसहरूले आ–आफ्ना भविष्यका भाग्यकर्मलाई मरम्मत र निर्माण गर्दछ। आमाले आफ्नो स्यानो छोरोको सुखलाई उपेक्षा गर्न नसकिने जस्तै बुद्धवादीले पनि आफ्नो मनोभावना चरित्रलाई नित्य निर्माण गरिरहेको आफ्ना क्रियाकलापहरूले अन्य एक व्यक्तिको निमित्त सुख दुःख निर्माण गरिदिनुलाई उपेक्षा गरिरहन सक्ने छैन।[१]

वर्तमान जीवनको व्यक्ति र परलोक जीवनको व्यक्तिको सम्बन्ध आमाबाबु र बालबच्चाको सम्बन्ध जस्तै कारण कार्य जस्तो सम्बन्धमात्र भएको छ भन्ने सिद्धान्त आजकाल धेरैजसो बुद्धवादीहरूले स्वीकार्न सकिने सिद्धान्त होइन।[२] त्यसो भएता पनि यो सिद्धान्त श्री श्याम मरेर परलोक जीवनमा सरेर गयो; अथवा श्री श्यामले धेरै जन्म संसरण गरिरहनुपर्नेछ भन्ने विश्वाससित तुलना गरेमा आत्मालाई तिरस्कार गर्ने बुद्धवादसित बढी सामीप्य छ। परलोक भव आसक्ति उपादानलाई प्रोत्साहन नदिने सिद्धान्त हो भनेर पनि भन्न सकिने छ।

यसरी परलोक भवआसक्ति उपादान रहित हुनु

---

1. Mrs. Rhys Davids, "Buddhism", PP. 148–49.
२. यो सिद्धान्तसित सम्बन्ध राखी Dr. Rhys Davids अंग्रेज भिक्षु सीलाचारहरूको लेखाइहरूलाई र अन्य विचारणीय तथ्यहरूलाई "कर्मशक्ति र कर्मवाद" खण्डहरूमा उल्लेख गरिनेछ।

download from : https://www.dhamma.digital

बुद्धवादीहरूको निमित्त अति महत्त्वपूर्ण छ। चित्तविज्ञान विषयलाई धेरै वर्षसम्म पूरा वैज्ञानिक ढङ्गबाट अन्वेषण र परीक्षण गरिसकेको एउटा प्रज्ञाविद्ले "परलोक जन्म निस्सन्देह छ भनी मैले विश्वास गर्छु। तर परलोक वा पुनर्जन्मवादमा हाम्रो दिलचस्पी छैन। हाम्रो कार्य त वर्तमानलाई ध्यान दिनु हो। मनुष्य प्राणीहरूले अतीत र अनागतलाई गाभी विचार नगरी अहिले तुरन्त समाधान गर्नुपर्ने समस्या कठिनाईहरू थुप्रै छन्"[१] भनी भनेको छ। अवश्य हो। यो कुरा बुद्धवादसित बिल्कुल एकसमान छ। बुद्धवादले उच्छेदवादलाई पन्छाई भवसंसारवादलाई स्वीकारेता पनि अनात्म धर्मको मतानुसार परलोक जन्म प्रलोभित र आशक्त हुनु योग्य छैन। "सन्दिट्ठिको अकालिको" आदि बुद्ध-धर्म गुणलक्षण अनुरूप र उपर्युक्त बुद्धदेशनाहरूलाई आधार लिई बुद्धवादले परलोक जन्म आसक्ति उपादानलाई विरोध गरी वर्तमान दृष्टान्त दृष्टधर्म क्रियाकलापलाई प्राथमिकता दिने वाद भएको कारणप्रति ध्यान दिनु नितान्त योग्य र उचित छ।

समाप्त

1. De Witt Miller, op. cit., P. 116.

download from : https://www.dhamma.digital